न्याय, कानुन, लिङ्ग, वर्ण, बालबालिका र युद्धका सन्दर्भमा

# पूर्वीय सोच र स्रोत


**डिल्लीराम गौतम**

वैदिक सनातन कर्मकाण्ड महासंघ, केन्द्रीय सदस्य (अध्यक्ष : भक्तपुर जिल्ला समिति)
अध्यक्ष : मानव संरक्षण, शान्ति समाज, उपत्यका समन्वय मञ्च
अध्यक्षः साहित्यिक प्रतिभा समूह, भक्तपुर
सदस्य : राष्ट्रका लागि नागरिक अभियान, काठमाडौं स्कुल अफ ल



**काठमाडौं स्कुल अफ ल**
दधिकोट-९, भक्तपुर, नेपाल


**पूर्वीय सोच र स्रोत**


सर्वाधिकार© : लेखक, २०६६



प्रकाशक : **काठमाडौं स्कुल अफ ल**
पो.ब.नं. ६६१८, दधिकोट-९, भक्तपुर, नेपाल
फोन : ९७७-१-६६३४४५५, ६६३४६६३, फ्याक्स : ९७७-१-६३४८०१
E-mail : info@ksl.edu.np, website: www.ksl.edu.np

कभर : महेश्वर फुयाल

पृष्ठसज्जा : प्रकाश कार्की, विनोद शिवभक्ती
काठमाडौं स्कुल अफ ल

कम्प्युटर : सौरभ गौतम

मूल्य : रु. ४००।-

## समर्पण

श्रद्धेय हजुरबुबा–आमा

पूजनीय मातापिता

गुरुजन

प्रेरक

र

पाठकमा

# शुभकामना

यस कलेजमा पूर्वीय दर्शनका बारेमा अध्यापनमा सरिक डिल्लीराम गौतमद्वारा लिखित **पूर्वीय सोच र स्रोत** पुस्तकलाई एउटा राम्रो कृति मान्नै पर्छ। पूर्वीय समाजमा वैदिक दर्शनको अपव्याख्या भएको छ। यसको रुढिवादी अपव्याख्या गर्नमा केही ब्राह्मणहरूले अनुसरण गरेको अध्ययन पद्धतिको ठूलो भूमिका छ।

'वेद' 'विद्' शब्दको अभिव्यक्ति अपभ्रंश हो। 'विद्' को अर्थ हुन्छ 'विशिष्ट ज्ञान, वा विज्ञान'। विशिष्ट ज्ञान संग्रहित रहेको ज्ञानको भण्डारलाई वेद भनिएको हो। वेदमा 'गीताकार' रूपमा ज्ञानको विवरण दिइएको छ। किन ? यसबारेमा अध्ययन भइरहेको छैन। तर म के अनुमान गर्दछु भने, जतिबेला यो ज्ञानको संग्रह गरिएको थियो, त्यसताका व्याख्यात्मक लेखाइ सम्भव थिएन, छपाइ प्रविधि र कागजको अभावले। ताडपत्रमा लेख्दा ज्ञानलाई व्याख्यात्मक स्वरूपमा होइन संश्लेषणात्मक प्रक्षेपणमा ढाल्नुपर्ने बाध्यता थियो। तर यस्तो गर्दा पछाडि अनेकौं अनुमानजन्य व्याख्याले स्थान पाए, जसले वेदमा स्थापित सही विज्ञान आत्मापरक व्याख्याको शिकार बन्यो।

'ऋग्वेद' संसारको पहिलो ज्ञान संग्रहित दस्तावेज हो। अनुमानहरू फरकफरक छन्, यो कहिले संग्रहित भयो भनेर तर 'वेद' एकजनाबाट रचिएको कृति होइन। यो सनातन (universal) ज्ञानको संश्लेषण हो। अहिलेको नर्वेको छेउछाउमा रहेको कुनै टापुमा आर्यहरूको सभ्यता विकास हुन थाल्यो र पछि दक्षिणतिर विस्तारित हुँदै टर्कीको मलिलो माटोमा उनीहरूले कृषिसभ्यताको विकास गरे। पूर्वतिर बढ्दै, मध्य एशियाबाट इरानमा आइपुग्दा आर्यहरूले 'समृद्ध' सभ्यताको विकास गरे र संगठित राज्यको निर्माण पनि गरे। इरान आर्यनहरूको पहिलो संगठित राज्य हो।

इरानमा आर्यहरूले 'अल्कोहल' एक रासायनिक तत्त्वको आविष्कार गरे। यो औषधीको रूपमा विकास भयो। यसलाई 'होमरस' भनियो। त्यसबेलासम्म आर्यहरूसँग 'स' आवाज थिएन। पारसीहरूको ग्रन्थ गाथामा होमरस नै लेखिएको छ। इरानमा राजा जरस्ट्रीयनले 'जरष्ट्रियन' धर्मको विकास गरे। यो धर्मको विवरणमा जरष्ट्रियनले 'पहिला राजा यीमा' को



वर्णन गरेका छन्। यिनै राजा यीमा हिन्दू ग्रन्थका राजा 'यम' होलान् भनेर अनुमान गर्ने थुप्रै आधारहरूका बारेमा प्राकइतिहासकारहरूले बताएका छन्। इरानमा विकसित धर्मशास्त्रहरूले देवता 'अग्नि र वरुण' को वर्णन गरेका छन्। ऋग्वेदमा उल्लिखित 'अग्नि र वरुण' का विवरणहरू इरानमा नै लेखिएका थिए।

इरानको सभ्यतामा विस्तारै देवताको संख्या बढ्न थाल्यो। अग्नि र वरुणको पूजा गर्ने र अनेक देवताको पूजा गर्ने आर्यहरूका बीचमा संघर्ष शुरु भएपछि बहु देवता पुजकहरू इरानबाट अफगानिस्थान हुँदै सिन्धु नदीको किनारमा आई सिन्धु सभ्यता विकास गरे। इरानमा बसेका उनीहरूका दाजुभाइ दिदीबहिनीसँग 'स' आवाज थिएन त्यसैले सिन्धुमा बस्नेलाई 'सिन्ध' भन्न नसकी हिन्दू भन्न पुगे। अन्ततोगत्वा सिन्धुमा बस्ने आर्यहरू हिन्दू भए। यो तथ्य ऋग्वेद लगायत कुनै वेदमा हिन्दू शब्द नलेखिएबाट स्पष्ट छ।

तर ऋग्वेदमा 'होमरस' होइन 'सोमरस' भन्ने शब्दावली प्रयोग भएको छ। यसबाट के भन्न सकिन्छ भने ऋग्वेद 'सिन्धु सभ्यता' ताका संग्रहित गरिएको दस्तावेज हो। यसबाट के निस्कर्ष निकाल्न सकिन्छ भने 'हिन्दू धर्म' भन्ने कुनै धर्म छैन। ऋग्वेदले स्थापना गरेको दर्शनलाई 'सनातन धर्म (Universal Dharma)' भनिन्छ।

पूर्व र पश्चिमका प्राज्ञहरूले ऋग्वेदमा स्थापित 'धर्म' लाई अंग्रेजीमा 'Religion' शब्द प्रयोग गरिदिए। यो सरासर झुठ्ठो हो, अपराध हो। स्लाम धर्म, क्रिश्चियन धर्म र बुद्ध धर्म एकजना व्यक्तिले स्थापित गरेका मान्यता हुन्। तर ऋग्वेदमा रहेको 'सनातन धर्म' सामाजिक आर्थिक, राजनीतिक, मनोवैज्ञानिक एवं सदाचारका नियमहरू, सिद्धान्तहरू, मान्यताहरू एवं अवधारणाहरूको समग्रता हो। त्यसैले 'धर्म' र 'संस्कार' फरक कुरा हुन्। हिन्दू संस्कार छ, तर हिन्दू धर्म छैन, केवल वैदिक वा सनातन धर्ममात्र छ। अर्थात् पशुपतिनाथमा पूजा गर्नु 'धर्म' होइन संस्कार हो। यज्ञ गर्नु धर्म होइन संस्कार हो। वैदिक धर्म शास्वत छ त्यसैले निरन्तर यथावत् रहन्छ। तर संस्कार परिवर्तनशील छ, र समय सापेक्षित छ। त्यसैले नारदले भनेका हुन 'अड्को पडको तेलको धुप' अर्थात घिउ छैन भने तेलद्वारा बत्ती प्रज्वलित गर्नु हुन्छ तर मानवता बदलिँदैन।

धर्म जीवन र सत्य उद्घाटन गर्ने ज्ञान हो, जसलाई 'ब्रह्म' भनिएको छ। 'ब्रह्म' आत्माको पहिचान गर्ने शक्ति हो। वेदमा यसलाई

धर्म भनिएको छ। तर आजभोलि त कुखुरा र राँगा बलिदिने प्रचलनलाई पनि धर्म भनिन्छ। यो अपव्याख्या ज्ञान नबुझेका 'घोकन्ते' पण्डितले गरेको अपराध हो।

वैदिक दर्शनका ६ वटा शाखाहरू वा ६ वटा दर्शनहरू छन्। यिनै दर्शनलाई विज्ञान पनि भनिएको छ। 'न्याय दर्शन (सूत्र)' ले तर्कद्वारा सत्य स्थापित गर्ने पद्धतिको स्थापना गरेको छ। यसले तर्कका 'सत्याधार (reasoning) को बारेमा अध्ययन गर्दछ। वैशेषिका दर्शन (सूत्र) ले भौतिक पदार्थको अध्ययन गर्दछ र पदार्थको सत्यता 'अणुमा' रहेको दाबी गर्दछ। यसले अणुलाई शक्ति मान्छ र शक्ति अक्षय छ भन्ने दाबी गर्दछ। यसकै आधारमा यस दर्शनले 'आत्मा' चिरस्थायी रहेको दाबी पनि गर्छ। साङ्ख्य (सम्यक) दर्शन (सूत्र) ले पनि पदार्थको अध्ययन गर्छ र हाम्रा अवधारणाहरू वस्तुबाट निर्मित हुन्छन् भन्ने निष्कर्ष निकाल्छ। योग दर्शन (सूत्र) ले ब्रह्मत्त्व, अर्थात् परमसत्यको खोजी गर्ने पद्धतिको उल्लेख गरेको छ। त्यसै गरी मिमांसा र वेदान्तदर्शनहरू पनि विकसित भएका छन्। यी सबै दर्शनहरू क्रिस्चियन सम्वत् शुरु हुनुभन्दा ३००/४०० वर्ष पहिला नै स्थापित भएका छन्।

यी दर्शनहरूले आफ्नो अस्तित्त्व एवं आधिकारिकताको स्रोत वेदलाई मान्छन्। त्यसैले यी दर्शनहरूको समाष्टिगत रूपलाई 'पुरातनवादी दर्शन (Orthodox) भनिन्छ। पछाडि केही नयाँ दर्शनहरू जन्मिए, जसले वेदलाई मात्र आधिकारिक स्रोत नमानी नयाँ मान्यताहरूको विकास गरे। त्यस्ता दर्शनमा बुद्ध दर्शन, जैन दर्शन र चारवाका दर्शन मुख्य छन्। बुद्ध दर्शनले पुरातनवादी आत्माको दर्शनलाई मान्दैन। बरु 'म' होइन 'हामी' भन्ने अस्तित्त्व को व्याख्या गर्दै दुःखका कारण छन् र दुःखलाई उन्मूलन गर्न ज्ञान चाहिन्छ। परम ज्ञान नै मुक्ति हो भन्ने दर्शनलाई अगाडि सारेको छ। त्यसै गरी चारवाक दर्शनले जगत सत्य छ। हावा, पानी, माटो र आगो चार तत्त्व र पञ्च ज्ञानेन्द्रियले जानकारी प्राप्त गर्ने अनुभव नै सत्य हो।

वेदको व्याख्या गर्दै १०८ वटा उपनिषदहरू तयार भएका छन्। वेदको पेटवोलीमा परेका कथनहरूको व्याख्या गर्ने कार्य उपनिषदहरूले गरेका छन्। धर्मभित्र नैतिक मान्यता पालन गर्नुपर्ने व्यावसायिक नियमहरू र जीवनप्रतिको दर्शनहरू समाहित भएका हुन्छन्। त्यसैले धर्मको अर्थ 'Religion' नभएको हो। धर्मको सामान्य अर्थ 'धारण गर्न योग्य' व्यवहार वा 'रक्षा गर्नुपर्ने' व्यवहार हो।



धर्मले जातीय भेद्भाव र लैंगिक भेद्भावलाई कतै मान्यता दिएको छैन। त्यस कुरालाई पुष्टि गर्ने थुप्रै आधारहरू छन्। जस्तै ऋषिमुनिहरूका नाममात्र छन् थर कतै छैनन्। जब कसैको जात जनिने थर नै छैन, जातीय भेदभावको प्रश्न नै उठ्दैन। 'श्री गणेशाय नमः श्री सरस्वतै नमः' अर्थात् पुरुष र महिलालाई आदर गर्ने शब्द 'श्री' नै हो, श्रीमान् र श्रीमती होइन। दर्शनमा महिलालाई सनातन धर्म एवं बौद्ध धर्म दुवैले प्रकृतिको रूपमा आलंकारिक अर्थ दिएका छन्। पुरुषलाई चेतना वा प्राप्तिको अर्थ दिएका छन्। प्रकृति सास्वत तथ्य हो, तर अचेतन हुन्छ। त्यसलाई चेतनबाट क्रियाशील गरिन्छ। त्यसैले विना पदार्थ चेतना र विना चेतना प्रकृतिको अर्थ नै छैन। अतः महिला र पुरुष एकअर्काका परिपूरक हुन्, उनीहरू असमान हुनै सक्तैनन्।

चार वर्ण व्यावसायिक विभाजन हो। जातीय विभाजन होइन। 'ब्रह्म' (ज्ञान) को व्याख्या गर्ने व्यक्ति ब्राह्मण हो, त्यसैले यसले सम्पत्तिराख्न पाउँदैन। क्षत्री सेनाको नाम हो, उसले राज्यबाट जमिन तलब वापत प्राप्त गर्छ। वैश्य उद्यमशील व्यक्ति हो, त्यसैले ऊ जमिनमा खेती गर्छ र राज्यलाई कर तिर्छ। शूद्र व्यवसायी हो, सेवा गर्छ र शुल्क लिन्छ। त्यसैले वकिल, चिकित्सक, इन्जिनियर र पुरोहित पनि शूद्र हुन। वेदका ज्ञाता वा दर्शनका पारखीमात्र पण्डित, वा ब्राह्मण हुन।

तर मनुस्मृति पछाडि 'ब्राह्मणवाद' को जन्म भयो, जसलाई १६ औं शताब्दिदेखि हिन्दू धर्म भन्न थालियो। मनुस्मृति त्यस अर्थमा सनातन धर्म होइन, केवल हिन्दू संस्कारको व्याख्यानमात्र हो।

वैदिक दर्शनमा विज्ञानको आधारभूत आख्यान पाइन्छ। त्यो विज्ञान प्राकृतिक विज्ञान र सामाजिक विज्ञानमा विभाजित छ। जस्तै ऋग्वेदमा 'लामो चर्चा उषा काल'को रहेको छ। 'उषा' को अर्थ विहानी हो। किन बिहानको त्यत्रो व्याख्या आवश्यक भयो होला। ऐतिहासिक विश्लेषणले आर्यहरूको उत्पत्ति स्थानमा नियाल्न माग गर्छ। उत्तरी ध्रुव जहाँ आर्यहरूको उत्पत्ति भयो त्यहाँ ६ महिनाको रात र ६ महिनाको दिन हुन्छ। ६ महिनाको अँध्यारो पछि हुने उज्यालोको वर्णन कदापि अस्वाभाविक छैन। तर ऋग्वेदमा 'सत (सत्व)' 'रज' र 'तम' को दर्शन सबैभन्दा महत्त्वपूर्ण छ। 'तम' प्रकृति हो। त्यसैले यो आफैं गतिहीन छ। यो स्रोत हो। 'रज' कारण हो यो शक्ति हो, जसले 'तम' लाई क्रियाशीलता दिन्छ। 'सत' परिणाम वा प्राप्ति हो जो आफैँमा अस्तित्त्वमा छ, तर 'रज' बाट अभिव्यक्त हुन्छ।

दर्शनको यही सारभूत व्याख्यामा नै अन्तिम सत्यको व्याख्या रहेको छ। जस्तै, बत्तिको उदाहरण हेरौं। तेल तम हो, जे बलिरहेको छ, अर्थात् ज्वाला त्यो आगो हो र त्यसलाई रज भनिन्छ। बत्तिबाट फैलिएको उज्यालो 'सत' हो। बुद्धि 'सत' हो। ज्ञानको सूचना 'रज' हो र ज्ञानको स्रोत प्रकृति 'तम' हो।

बौद्धिक दर्शनको सार यही नै हो। महिला प्रकृति हो, त्यस अर्थमा 'तम' हो। पुरुषको 'शुक्रकीट' रज हो, जसले महिलाको निर्जीव डिम्बलाई सिंचित गर्छ। बालकको व्यक्ति 'सत' हो। त्यो सतको निर्माण महिला र पुरुषका वंशानुगत विशेषताबाट निर्माण हुन्छ। त्यसैले 'बच्चा' बाबु आमाको विशेषताको सार हो, तर न बाबु न आमाको एकलौटी गुण हो।

जब पुरोहितवादले यस अन्तिम सत्यलाई आफ्नो रजाइँमा परिणत गर्ने षड्यन्त्र गऱ्यो, तब मनुस्मृतिको जन्म भयो। तब महिला र पुरुषको सम्बन्ध संस्कृतिमा रूपान्तरण हुँदै 'उच्च र नीच' को मनोविज्ञानमा परिणत भयो। त्यसरी नै श्रमको विभाजन।

सनातन वा आर्य र वैदिक दर्शनले वैज्ञानिक व्याख्याको माग गरिरहेको छ।

डिल्लीजीले यी कतिपय विषयहरूलाई उठाउनु भएको छ। प्रामाणिक पुष्टिसहित अभिव्यक्त गर्ने प्रयास पनि गर्नुभएको छ। अर्थात् कठीन काम गर्नुभएको छ। व्याख्याको लागि आधार तयार भएको छ। वैज्ञानिक एवं वस्तुवादी विश्लेषणको आवश्यकता भने टड्कारो भएको छ। यो एउटा पुनित कार्यको थालनी गर्नुभएकोमा साधुवाद दिन चाहन्छु।

**डा. युवराज संग्रौला**
निर्देशक
काठमाडौं स्कुल अफ ल



# हार्दिक शुभकामना

डिल्लीराम गौतमद्वारा लिखित **पूर्वीय सोच र स्रोतहरू**. पुस्तकको पाण्डुलिपि हेर्ने अवसर प्राप्त भयो। सनातन संस्कृतिका मूल्यमान्यताका आधारभूत तत्त्वहरूलाई तार्किक र विवेचनात्मक ढङ्गले नेपाली भाषामा लिपिबद्ध गरी प्रकाशित गर्न लाग्नुभएकोमा म उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

संस्कृति राष्ट्रको पहिचान हो। संसारको कुनै पनि कुनामा पुगेका बखत आफ्नो संस्कृतिले नै हामीलाई जीवन्त राख्दछ। संस्कृति वा आफ्नो मौलिक विशेषता नभएको राष्ट्रको सम्मान हुँदैन। उसको गरिमा बढ्दैन। "यस्येमं हिमवन्तो महित्त्वा" भनेर सर्वप्राची ग्रन्थ वेदले नेपाली धर्तीको महिमा गाएको छ। त्यसैले नेपालीहरूले आफ्नो गौरव र गरिमाका सन्दर्भमा कहीँ कहिल्यै र कसैका सामुन्नेमा शिर निहुराउनु पर्दैन। यसै महत्त्वलाई बुझेर श्री डिल्लीराम गौतमले यो कृति तयार गर्नुभएको हो भन्ने तथ्य यसको अध्ययनबाट स्पष्ट हुन्छ।

आजको शिक्षाले नेपालीलाई आफ्नो धर्म र संस्कृतिप्रति आस्था उत्पन्न नगराई घृणा उत्पन्न गराउने वातावरण तयार गरिरहेको छ। राष्ट्रको कला, संस्कृति र परम्पराप्रति गर्व र गौरव गर्नुपर्नेमा उपेक्षा र तिरस्कार गर्ने शैक्षिक जनशक्तिको उत्पादन भइरहेको छ। यस परिप्रेक्ष्यमा आफ्नो धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्न प्रयत्न गर्नु प्रत्येक राष्ट्रप्रेमी नागरिकको कर्तव्य भएको छ। डिल्लीरामजीको यो प्रयास यसैतर्फ लक्षित रहेको मैले अनुभव गरेको छु।

वास्तवमा हाम्रो जीवनपद्धति आदर्श संस्कृतिले ओतप्रोत छ। आध्यात्मिक दर्शनको पृष्ठभूमिमा यसको विकास भएको छ। सेवा, त्याग, परोपकार, सद्भाव र समर्पणको शिक्षा यसले दिएको छ। त्यसैले "सर्वे भवन्तु सुखिन" "ईशावास्यमिदं सर्वम्" र "वसुधैव कुटुम्बकम्" हाम्रा आदर्श बनेका हुन्। अधिकारको भन्दा कर्तव्यको महत्त्वमाथि ध्यान दिन

प्रातःस्मरणीय ऋषिमुनिहरू र गौरवशाली पुर्खाहरूले हामीलाई सिकाएका हुन् । "आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः" । प्राणीमात्रमा आफू समान भावना राख्ने पवित्र सन्देश प्रबाहित गरेका छन् । जीवन र जगत्को मर्म र महत्त्व बताउँदै ईश्वरदर्शन र आत्मसाक्षात्कारका उपायहरू निर्देशित गरेका हुन् । तर आज यस्तो पश्चिमी हावा चलाइएको छ कि यी सबै मूल्य र मान्यतालाई विपरीत ढङ्गबाट प्रस्तुत गर्ने परिपाटी चलाइएको छ । यस्तो प्रवृति निश्चय नै समाज, राष्ट्र र आफ्नै वैयक्तिक जीवनका लागि पनि घातक बन्दै गएको छ । आज समाजमा देखापरेका उश्रृङ्खलता, दुराचार, वैमनस्यता, अशान्ति, हिंसा र हत्या हाल प्रचलित यस्तै गलत शिक्षाका नतिजा हुन् ।

गहिरिएर विचार गर्ने हो भने हाम्रा रीतिरिवाज र मूल्यमान्यता अत्यन्त वैज्ञानिक र जीवनोपयोगी छन् । मानवदेखि लिएर समस्त प्राणीहरू तथा वीज-वनस्पति अनि माटो ढुङ्गालाई पनि पूजा र सम्मान गर्ने हाम्रो परम्परा कति उदार र जीवन्त छ । आज दुनियाँमा पर्यावरणको प्रदूषणले सभ्यतामाथि नै खतरा पैदा गरिरहेको छ तर हामी वैदिककालदेखि नै समग्र प्रकृतिको खास गरेर जल, वायु, अग्नि, वृक्ष, शीला र स्मृतिकाको समेत संरक्षण गर्दै आएका छौं । सबैभन्दा बढी अक्सिजन हुने तुलसी र पीपलको पूजा गर्ने प्रथा कति उत्कृष्ट छ । यसको वयान गरी साध्य छैन । किन्तु युवापुस्ता यस्ता पक्षबाट धेरै टाढा पुगेको छ र यसको मर्म बुझ्न असमर्थ छ । यसैबाट अनेक विकृति र विसंगतिको सिर्जना समाजमा बढिरहेको छ, अझसम्म पनि हाम्रो ध्यान यता जान सकेको छैन । हाम्रा योजनाकार र नीतिनिर्माताहरू यस्ता जीवनमूल्यहरूलाई निरन्तर उपेक्षा गरिरहेका छन् ।

म यस कृतिका रचयिता श्री डिल्लीराम गौतमलाई भित्रैदेखि स्याबासी दिन चाहन्छु । बलिरहेको कलिकालमा शिक्षित भनिने समुदाय पश्चिमाभिमुख भएर दौडिरहेको समयमा उहाँ आफ्नो धर्म संस्कृति, परम्परा, न्याय र दर्शनको मर्म खोतल्न तत्पर हुनुभएको छ । विषेशतः धर्मशास्त्रभित्रका वेदको सही चिनारी न्याय, नारीअधिकार, वर्णविभाजन, बालअधिकार र युद्धका लागि बनाइएका नियमहरूजस्ता विषयहरूलाई यस पुस्तकमा समेटिएका छन् । यी कुराहरूले न्याय र अधिकारका विषयमा हामी कति अगाडि रहेछौं भन्ने कुरालाई स्पट्याएको छ । यसरी नै विवाह र महिला समानताका विषयमा रहस्य खोतल्ने काम भएको छ । यी सबै



विषयहरू सान्दर्भिक पनि छन् । यी विषयसँगै जीवनका विशेषतः शिक्षणका अनुभवहरूलाई उहाँले यसमा समेट्नुभएको छ । राष्ट्र, समाज र सनातन मूल्यप्रति चाख राख्नेका लागि यो कृति उपयोगी सावित हुनेछ । यिनै शब्दका साथ म यस कृतिको सफल प्रकाशनका निमित्त हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति २०६४।०३।२४

**प्रा.डा.माधव भट्टराई**
अध्यक्ष नेपाल पञ्चाङ्ग
निर्णायक समिति

# हार्दिक धन्यवाद

मानव इतिहासको प्राचीन विन्दुदेखि आजसम्मका लिखित एवं अन्य स्रोतबाट जानकारी भएर रहेका प्राप्त तथ्यहरूमाथि नयनावलोकन गर्दा पूर्वीय दर्शन सर्वसम्पन्न मानव दर्शन रहेछ भन्ने कुरा दिनको घामझैँ छर्लङ्ग छ। विश्वमानव सभ्यताको सर्वश्रेष्ठ, विश्वकल्याणकारी उत्कृष्ट मानवको आदि साहित्यको रूपमा ऋग्वेदलाई मानिन्छ। वैदिक चेतनाले मानवसमाजलाई सुसङ्गठित रूपमा सभ्य, शिष्ट, शालीन्, सौम्य एवं सर्वाधिकार सम्पन्न बनाएका प्रमाण आज ताजारूपमा हाम्रा अगाडि दिनका सूर्य र निषाका शशिझैँ स्पष्ट रहेका छन्। ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद यसका शाखा, उपशाखा, उपनिषद, आरण्यक, पुराणहरू, महाभारत, रामायण, गीता लगायतका अनन्त ज्ञान गंगाले मानव मस्तिष्कलाई सिञ्चित गर्दै आएको छ।

पूर्वीय दर्शन र पश्चिमी दर्शनको संयोगबाट प्राप्त आजको विश्वको गति सन्तुलित संयमित र सद्भाव पूर्ण हुने चर्चा परिचर्चा चलिरहेको छ। सगरमाथाको देश, सीता भृकुटी, अरनीको र शान्तिका अग्रदूत गौतम बुद्धको देश नेपाललाई विश्वसामु स्थापित गर्न र शन्तिको सन्देश संप्रेषण गर्न वैदिक साहित्य वैदिक वाङ्मयभित्रको ताजा चुरो विश्वसामु पुऱ्याउनु युगको माग हो। यो युगीन मागलाई पूरा गर्ने वैदिक साहित्यभित्र प्राच्य सम्पूर्ण ज्ञान, विज्ञान, वैज्ञानिक शिक्षा र स्वास्थ्य प्राकृतिक योग चिकित्सा, आयुर्विज्ञान सन्तुलित राजनैतिक व्यवस्था (समावेसी) समाजशास्त्र, मानवशास्त्र उन्नत अर्थनीति, ब्रह्मसंस्कार, दैविक आचरण, तन्त्र, मन्त्र, विज्ञान, मृतसञ्जीवनी विद्या, सृष्टिविज्ञान, वृष्टिविज्ञान, धर्म, दर्शन, साहित्य, देवविज्ञान, यज्ञविज्ञान पर्यावरणविज्ञान, नारीको सम्मान, नरनारी समान शिक्षा, समान अधिकार, धर्म, अर्थ, काम, मोक्ष, कृषि, वाणिज्य, उद्योग पशुपक्षीपालन, मौरीपालन, रेशमखेती, संङ्गीत, वाद्यवादन, नृत्य आदि विषयहरू मार्मिक एवं साहित्यिक ढंगबाट प्रस्तुत गरिएका छन्।

लिङ्गभेद, जातिभेद, वर्णभेद, क्षेत्रभेद, रंगभेद, धर्म, संस्कृति र मानवसभ्यताको प्रतिकूल कुरा वैदिक सभ्यतामा कतै देखिएको छैन। कालान्तरमा राज्यसञ्चालनमा वैदिक आचरणलाई विर्सदै, मिच्दै लाँदा पनि तत्कालीन् विद्वानहरूले विवधि कारणबाट वैदिक चिन्तन र आस्था बचाउन



सकेनन्। यसै कारणले समाजमा बेमेल बढ्दै गएको रहेछ भन्ने तथ्यता वैदिक साहित्यका सर्वपक्षीय अध्ययन अनुसन्धानबाट स्पष्ट हुन आएका छन्। जातीय विभेदको संकुचित जालमा समाजलाई जकडेकाले आज राष्ट्रले जातीय विभेदका पीडा भोगिरहनुपरेको छ। स्त्री र शुद्रलाई वेद (ज्ञान) पढ्नु हुँदैन भन्ने असय्य कुरालाई फैलाएर समाजलाई अज्ञानताको विशाल भूमरीमा राखेको देखिन्छ। आज राष्ट्रमा जातीयता र क्षेत्रीयताको नाराले विश्वकल्याण र शान्त मानव समाजमा नै प्रश्न चिन्ह लगाएको छ। यस अन्योलको स्थितिमा मानव समानताको पूर्वाधार समानतामुलक, सर्वकालिक, सर्वदेशीय र सर्वाधिकार सम्पन्न समाजको निर्माण गर्ने पूर्वीय दर्शनमा आधारित निष्पक्ष विचारहरू गहन अध्ययन गरी विद्वान् आचार्य श्री डिल्लीराम गौतमले कृति तयार पार्नुभएको छ। यसले नयाँ सामाजिक र सांस्कृतिक रूपान्तरणको रूपमा काम गर्न सत्प्रयाश गरेको छ। यस प्रयासलाई वैदिक सनातन कर्मकाण्ड महासंघले नेपालको २०५६ को काठमाडौँ ज्ञापनपत्र एवं वैदिक पुनर्जारणको अभियानको अभिन्न अङ्गको रूपमा ठानेको छ। २०५६ सालको समावेसी श्रीमद्भागवत ज्ञान महायज्ञ काठमाडौंले सञ्चालन गरेको कार्यमा सबै धर्मको सर्वधर्म समभाव पक्षधर तथा विद्वानहरूको अभिव्यक्तिको प्रतीकको रूपमा यो पुस्तकले समाजमा ठूलो योगदान पुऱ्याउनेछ भन्ने अपेक्षा लिएको छ।

पूर्वीय धर्मशाास्त्र र दर्शनमा रही यूगीन समाजको मागलाई सर्वोपरि ठान्दै लेखिएको यो **पूर्वीय सोच र स्रोत** कृतिले तुलनात्मक अध्ययनका लागि अपरिहार्य मानवसंस्कृति, सभ्यता साहित्य, कलाहरूको मूल एवं आर्यसंस्कृति, मानवसभ्यता, सूचना प्रविधि र विज्ञान समाजमा स्थापित गर्न वैदिक दर्शनको आधारमा समाजलाई पस्केको उपहार अनुकरणीय छ। विद्वान ग्रन्थकार आचार्य डिल्लीराम गौतम वैदिक सनातन कर्मकाण्ड महासंघ नेपालका केन्द्रीय सदस्य एवं भक्तपुर जिल्ला अध्यक्ष पनि हुनुहुन्छ। सम्बन्धित क्षेत्रको सुधारसँगै यस्तो पुनित काममा लाग्नुभएकाले अन्तर आत्मादेखि नै हार्दिक धन्यवादसहित वहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ।

| | | |
|---|---|---|
| **पूर्णप्रकाश नेपाल 'यात्री'** | **पं.चित्रप्रसाद सुवेदी** | **प्रा.रामचन्द्र भण्डारी** |
| **प्रमुख संरक्षक** | **अध्यक्ष** | **महासचिव** |

**वैदिक सनातन कर्मकाण्ड महासंघ नेपाल**

# केही लेख्नुपर्दा

**एतद्देश प्रसूतस्य सकाशादग्र जन्मनः**
**स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः ॥**

पृथ्वीमा रहेका सबै मानवहरूले यस ज्ञानभूमिमा जन्मिएका ऋषिमुनि (शिक्षक)हरूले देखाएको बाटो र सिकाएको चरित्रलाई आत्मसात गरी व्यवहारमा उतार्नुपर्छ । यो सबै मानवको कर्तव्य हो । यसैमा मानवजातिको हित छ ।

यो हजारौँ वर्ष पहिले विश्वमानवसमुदायका लागि मनुले दिएको उपदेश हो । यस उपदेशभित्र छिपेको रहस्य भनेको ऋषिमुनिहरूले लिएका चरित्र र व्यवहारहरू विज्ञानसम्मत छन् किनभने वेद उनीहरूले प्राप्त गरेको विज्ञान हो त्यसैले उनीहरूका चरित्र र व्यवहारहरू वेदले निर्दिष्ट गरेका कुराहरूबाट निर्देशित भएका हुन्छन् ।

विज्ञानको अर्थ हुन्छ तथ्य वा प्रामाणिक ज्ञान । वेदका हरेक मन्त्र वा संहिता ऋषिहरूले अनुसन्धान गरेर प्राप्त गरेका ज्ञान हुन् । अनुसन्धानबाट प्राप्त भएको कुरा विज्ञान हुन्छ त्यसैले वेद विज्ञान हो । प्रस्तुत श्लोकको आशय पनि विज्ञानसम्मत कुरा सबैले आत्मसात गर्नुपर्छ भन्ने हो । वेदले कसैले पनि गलत बाटो अपनाउनु हुँदैन भनेको छ । वेदका अनुसार हरेक मानव सही बाटोमा हिँड्ने पाथिक हुन्[1] त्यसैले सबै मानवले सत्यको बाटोबाट हिँड्नुपर्छ ।[2] सत्य त्यही हो जुन कुराले सबै प्राणीको हित गर्छ । वेद भन्छ- मानिसले गर्ने सबै कुराले मानवको हित

[1] स्वस्ति पन्थामनु चरेम(५।५१।१५ऋ)

[2] ऋतस्य पथा प्रेत (७।४५यजु)



गर्नुपर्छ ।[3] यही सत्य हो । संसार एउटा घर हो भने संसारमा रहेका सबै मानव एउटै परिवार हुन्,[4] यस कुरालाई स्मृतिमा **उदार चरितानां तु वसुधैव कुटुम्बकम्** अर्थात् उदार भावना भएको व्यक्तिका लागि संसारका सबै मानव एउटै परिवारका सदस्य हुन् भनेर उल्लेख गरिएको छ त्यसैले एकले अर्कोलाई हेर्ने दृष्टिकोण मित्रताको हुनुपर्छ[5] किनभने सबै मानव मानवताका नाताले समान छन् । सबै एक भएर हिँड्नुपर्छ । सबैको आवाज एउटै हुनुपर्छ ।[6] प्राकृतिक भूखण्डका हिसाबले हामी जहाँसुकै रहन सक्छौँ । हाम्रा भाषा, संस्कृति अनेक हुन सक्छन् । जीवनपद्धति पनि अनेक हुन सक्छन् तर ती विविधतालाई पृथिवीले समानरूपमा धारणा गरेकी छन् । हामीले पनि यही उदाहरण लिएर राम्रा काम गुर्नपर्छ किनभने हामी सबै एकै मानव हौँ ।[7]

विद्वान्हरूले आआफ्नै तरिकाले जसरी व्याख्या गरेको भए पनि शाश्वत सत्य त एउटै छ भन्ने वेदको उद्घोष छ । वेदले भनेको छ : संसारमा विद्वान्हरूले त्यही सत्यलाई अनेक नामले पुकारेको हुनाले अनेकजस्तो लागेको मात्रै हो । वास्तवमा सत्य एउटै हुन्छ ।[8] वेदले अनेकतामा एकताको भाव सम्प्रेषण गरेको छ । यो कुरा विश्व समुदायका लागि आवश्यक शिक्षा हो, त्यसैले मनुले उक्त उपदेश दिएका हुन् ।

शिक्षा आत्माको आँखो हो तसर्थ मनुले सबैले बुझून् भनेर स्पष्ट शब्दमा भनेका छन् : वेद भनेको मनुष्यहरूको सनातन आँखो हो ।[9] वेदसम्बन्धी यस व्याख्यात्मक प्रस्तुतिले स्पष्ट पार्छ कि वेद भनेको ज्ञान हो र आत्माको सही आँखा हो ।

[3] सर्वमेव शमस्तु नः (१९।९।१४अथर्व)

[4] यत्र विश्वं भवत्येकनीडम्

[5] मित्रस्य चक्षुषा समीक्षामहे (३६।१८ यजु

[6] संगच्छध्वं संबद्धध्वम् (१०।१९१।२ ऋ)

[7] जनं विभ्रती बहुधा विवाचसं नानाधर्माणं पृथिवी यथौ कसम्
सहसं धारा द्रविणस्य मे दुहां ध्रुवेव धेनुरन पस्फुरन्ती १२।१।४५ अथर्व

[8] एकं सद् विप्रा बहुधा वदन्ति (१।१६४।४६ऋ)

[9] देवपितृमनुष्याणां वेदश्चक्षुः सनातनः

आज संसारमा यिनै आँखा कमजोर भएका छन् । भौतिक आँखा बलिया बन्दै गएका छन् । भौतिक आँखाहरूको औषधी गर्ने अस्पतालहरू बनेका छन् । यिनै भौतिक आँखालाई सन्तुष्ट तुल्याउने भौतिक उन्नतिका लागि आवश्यक शिक्षा दिने प्रशस्त विद्यालय र महाविद्यालयहरू पनि विकसित भइरहेका छन् तर यस्ता कुराहरू जतिसुकै विकसित भए पनि बुद्धिका आँखा नउघ्रिएसम्म सही विकास हुन सक्तैन किनभने भौतिक विकासबाट मात्र आत्माले शान्तिको अनुभव गर्न सक्तैन । विकासले त आत्मालाई शान्ति दिनसक्नुपर्छ ।

आज संसारले शान्तिको सास फेर्न सकिरहेको छैन । वैदिक भावनालाई कदर गर्न सकेको भए संसारले यो अशान्तिको दुर्दशा भोग्नुपर्ने थिएन । जड भौतिक वस्तुको ज्ञान र आत्मिक तत्त्वको ज्ञान समानरूपले अगाडि बढ्नुपर्छ अनि मात्र संसारले शान्ति पाउन सक्छ । यी दुवै ज्ञानलाई वेदले समेटेको छ । प्रयोगका हिसाबले पूर्वका मानवहरूले ज्ञान, ध्यान र साधनालाई बढी व्याख्या र विश्लेषण गर्दै ल्याए भने पश्चिमका मानवहरूले प्रयोजनलाई बढी व्याख्या र विश्लेषण गर्दै ल्याए त्यसैले पूर्वमा अध्यात्म ज्ञानको विकास बढी भयो भने पश्चिममा भौतिक ज्ञानको विकास बढी भयो । यसको परिणाम स्वरूप पूर्वको तुलनामा पश्चिममा भौतिक विकास बढी भयो । यसको अर्थ पूर्वमा विज्ञानको प्रयोग पटक्कै भएको थिएन भन्ने होइन र पश्चिममा आत्मिक ज्ञानको साधना नभएको भन्ने पनि होइन तर यी दुईमा एकातिर एउटा विषय र अर्कोतिर अर्को विषय मात्राका हिसाबले केही बढी विकसित भएका हुन् । आखिर यी दुबै क्षेत्रका ज्ञानको मूल स्रोत भने वेद नै हो ।

वर्तमान अवस्थामा भौतिक उन्नतिको रमझमका प्रभावले क्रमिक रूपमा पूर्वमा पनि पश्चिमी शिक्षा र सभ्यताको आकर्षण बढ्दै गएको छ । सामान्य मानिसदेखि विद्वत्समुदायले समेत पश्चिमी शिक्षा र सभ्यतालाई मात्र विशेष मान्न थालिरहेका छन् । यस परिवेशबाट पूर्वीय समाज मुक्त हुनुपर्छ । यसका लागि सबैले हाम्रो मूल सभ्यता, मौलिक सिद्धान्त र परिचयलाई राम्ररी बुझ्नुपर्छ अनि मात्र हामी आत्मगौरवले शिर उठाउन सक्छौं ।

पश्चिमी शिक्षाका प्रभावले कतिपय मानिसहरू वेद, पूर्वीय धर्मशास्त्र र दर्शन भन्ने वित्तिकै अवैज्ञानिक र रुढीवादयुक्त असामाजिक ग्रन्थहरू भन्ने सम्झन्छन् र तिनीहरूको अध्ययनै नगरी उडन्ते टिकाटिप्पणी गर्छन् । धेरैले वर्णभेद र लिङ्गभेदजस्ता अमानवीय कुराहरू धर्मशास्त्रले नै जन्माएका हुन् भन्ने ठानेका छन् । यसरी कतिपय मानिसहरूका दृष्टिमा धर्मशास्त्रहरू प्रगतिका बाधक र अवैज्ञानिक ठहरिएका छन् । शास्त्रहरूका सम्बन्धमा यस्ता आक्षेपहरू लाग्नु भनेको सम्बन्धित विषयको अध्ययन गर्ने क्रम कमजोर भएर त्यस विषयभित्रको रहस्य बाहिर ल्याउन नसक्नुको परिणाम हो जस्तो मलाई लाग्दछ ।

पूर्वीय धर्मशास्त्रहरूको मर्म नबुझी यसरी दोष थुपार्नु किमार्थ राम्रो होइन । ज्ञान र विज्ञानका मूलसूत्रहरू रेहेको वेद र सम्पूर्ण धर्मशास्त्रहरूमा सामाजिक, राजनैतिक, प्रशासनिक, आर्थिक र न्यायिक विषयका आधारभूत मान्यता र सिद्धान्तहरू रहेका छन् । यिनीहरू पण्डितजीका दक्षिणा भित्र्याउने साधनमात्र अवश्य होइनन् ।

संसारका सम्पूर्ण धर्मको मूल भनेकै वेद हो । त्यसैले वेदोऽखिलो धर्ममूलम् भनिएको छ । जाति, भाषा, धर्म र लिङ्गका आधारमा कसैलाई होच्याउनुहुन्न । सबैले सबैको अधिकार सुनिश्चित गर्नुपर्छ भन्ने धर्मशास्त्रहरू विश्वकै मूल सम्पदा हुन् । अरूले गरेको जुन व्यवहार आफूलाई मन पर्दैन त्यस्तो व्यवहार अरूलाई पनि गर्नुहुँदैन[१०] भन्ने कुरा स्मृतिमा स्पष्ट उल्लेख गरिएको छ । यो विचार नै आजको लोकतान्त्रिक समयको मूलमन्त्र हो । त्यसैले हामीले सोच्नुपर्ने कुराचाहिँ के हो भने हाम्रा पुर्खाहरूका विचार कति फराकिला रहेछन् र हामी त्यसलाई आत्मसात गर्न कति पछाडि परेका रहेछौं ? हाम्रा शास्त्रहरूमा भएका यस्ता विचारहरू कहिल्यै असामयिक थिएनन् । हाम्रो बुझाइ र बुझाउने तरिका नमिलेकाले यस्तो परिवेशको सिर्जना भएको हो । हाम्रा शास्त्रहरूले जाति, भाषा र लिङ्गका आधारमा कुनै विभेद गरेका छैनन् । जुन धर्मले अरू धर्मलाई बाधा पुऱ्याउँछ त्यो धर्म होइन कुधर्म हो ।[११] भन्ने शास्त्रहरू हामीसँगै छन् । यस्तो सबैलाई समान ठान्ने समावेसी र प्रजातान्त्रिक विचार प्रगतिबाधक हुन सक्तैनन् ।

जहाँ नारीको सम्मान हुन्छ त्यहाँ देवता पनि रमाएका हुन्छन् ।[१२] भन्ने आदर्श पूर्वीय धर्मशास्त्रहरूले मात्र बोकेको कुरा कसैबाट लुकेको छैन । हामीले यस सभ्यतालाई व्यवहारमा उतार्न सकेको भए, यो विभेदको कुरा उठ्ने नै थिएन । यी सबै हाम्रो समाजमा विकास भएका कुरीतिहरूको

---

[१०] आत्मनः प्रतिकुलानि परेषां न समाचरेत्ः-अत्रिस्मृति ।
चीनमा कंग फू जू ले पनि यही भनेका छन् ।

[११] धर्मं हो वाधते यस्मात् न स धर्म कुधर्म तत्-महाभारत

[१२] यत्र नार्यस्तु पूज्यन्तो रमन्ते तत्र देवताः मनु

दोष हो। यसलाई शास्त्रसँग जोडेर हेर्नु कदापि उचित होइन। हिजोआज आर्य र अनार्यबीच उठेका विषयहरू पनि युक्तिसङ्गत छैनन्। वेदले आर्य शब्दलाई शिष्टतासूचक शब्दका रूपमा मात्र उल्लेख गरेको छ न कि जाति विशेषलाई जनाउन। त्यसैले संसारलाई आर्यमय बनाउनुपर्छ भन्ने वेदको उद्घोष छ[१३] तर यसलाई जातिगत संज्ञा दिएर हामी आफैं झगडा गर्ने स्थितिमा पुग्दै छौं।

कतिपय मानिसहरू शास्त्रलाई प्रगतिशीलताको अभाव र विज्ञानहीन भन्ने आक्षेप लागाउन पनि पछि परेका छैनन् साथै शास्त्र शब्दप्रति नै पूर्वाग्रही दृष्टि राखेर मूल्यांकन गर्छन्। वास्तवमा शास्त्र शब्द समादेश वा नियम वा विधिलाई बुझाउन प्रयोग भएको शब्द हो। शास्त्रशब्दको यस्तो व्युत्पति हुन्छ : शिष्यतेऽनेन इति शास्त्र, जेले समाजलाई प्रशिक्षित बनाउँछ त्यही शास्त्र हो। समाजका लागि आवश्यक विधि र नियम स्थापित गरेर समाजको अग्रगामी चिन्तन दिने शास्त्र विज्ञानहीन र प्रगतिबाधक कसरी हुन सक्छन् ? वा भनौं जुन शास्त्रहरूबाट प्रशिक्षित हुँदै समाज यहाँसम्म आइपुगेको छ त्यही शास्त्र कसरी अवैज्ञानिक हुन पुगे ? यो सोचनीय विषय बन्न पुगेको छ। शास्त्रहरू समयअनुसार परिवर्तनशील हुन्छन् र यसलाई जड बनाउनु त हाम्रै कमजोरी हो।[१४]

शास्त्रहरू सत्यका पृष्ठपोषक हुन्। सत्य दुई रूपमा प्रस्तुत हुन्छः- एक शाश्वत सत्य र अर्को स्थापित सत्य। शाश्वत सत्य त अखण्ड हुन्छ तर समाजमा स्थापित भएको सत्य सामाजिक परिवेशअनुरूप फरक र समयअनुसार परिवर्तनशील हुन्छ। समाजले अभ्यास गर्दै आवश्यक ठानेका विधि र नियमहरू स्थापित गर्दछ। यिनीहरू समाजविज्ञानमा आधारित हुन्छन्। यी दुवै सत्यलाई शास्त्रहरूले बोकेर ल्याएका हुन्छन्। यसरी नै शास्त्रहरूले अध्यात्म र भौतिक दुवै खाले विज्ञानलाई समेटेका छन् त्यसैले शास्त्रहरू विज्ञानहीन कुरा होइनन्। शास्त्रभित्र रहेका सामाजिक विषयमा प्रवेश गरेर हामीले यस कुरालाई खुट्ट्याउन सक्छौं।

धर्मशास्त्रहरूमा लैङ्गिक व्यवस्था, जाति तथा वर्ण, राजनीति, न्याय, कानुन, दण्ड, दण्डहीनता र युद्धसम्बन्धी मूल्य र मान्यताहरू पनि रहेका छन्। उक्त विषहरूसँग सम्बन्धित विचारहरूलाई टिपेर त्यसका सिद्धान्त र दृष्टिकोणलाई यस ग्रन्थमा यथासम्भव चर्चा गर्न खोजिएको छ। यो ग्रन्थ तयार पार्ने सन्दर्भमा मलाई बारम्बार घच्घच्याइदिने आदरणीय व्यक्ति

[१३] कृण्वन्तो विश्वमार्यम् (ऋग्वेद)

[१४] धर्मे युगानुसारतः



हुनुहुन्छ श्री युवराज संग्रौला। वहाँ आफू स्वयं पूर्वीयदर्शनका विशेष ज्ञाता हुनुहुन्छ। त्यसैले यस ग्रन्थको तयारीका क्रममा मेरो निम्ति उहाँको सान्निध्य अत्यन्तै महत्त्वपूर्ण रह्यो। यसै गरी मेरो यस कार्यमा हौसला र प्रेरणा थपिदिने काममा पूजनीय कुलगुरुदेव पं. श्री टेकनाथ गौतम( संस्थापक साङ्गवेद विद्यालय), प्रा.डा.माधव भट्टराई, पूजनीय पितामाताप्रति म सर्वदा ऋणी छु साथै लेखनकार्यमा सदैव उचित वातावरण तयार पार्न मद्दत पुऱ्याउने धर्मपत्नी र भाइ सौरभप्रति म अभारी छु। यसैगरी यस पुस्तकलाई रूपाङ्कन गरी पुस्तककारका रूपमा तयार पार्नुहुने काठमाडौं स्कुल अफ ल का महेश्वर फुयाल, प्रकाश कार्की र विनोद शिवभक्तिप्रति आभार व्यक्त गर्दछु।

यो प्रथम भाग यहाँहरूको हातमा आइपुगेको छ। यसपछि यसकै द्वितीय भाग पूर्वीय सोच र स्रोत- *धर्म, दर्शन र मानवअधिकारका सन्दर्भमा* पुस्तक प्रकाशोन्मुख अवस्थामा छ। यो पुस्तक पनि समयका गर्भबाट जन्म लिएर पाठकहरू समक्ष आइपुग्ने कुरामा म आशावादी छु। यो पहिलो प्रयास भएकाले पाठकवर्ग, विद्वत्वर्ग तथा पूर्वीय ग्रन्थका अध्येताहरूले सोचेजस्तो हुन नसक्ला तथापि यसले पूर्वीय दर्शनसम्बन्धी जिज्ञासा राख्ने जिज्ञासुहरूका जिज्ञासालाई केही हदसम्म मेट्नेछ भन्ने विश्वास लिएको छु। शास्त्रीय कुराहरू अत्यन्त गम्भीर र रहस्यपूर्ण हुन्छन्[१५] त्यसैले सामान्यरूपमा कुरै नबुझी त्यसै केही भनिहाल्नु राम्रो हुँदैन तथापि केही लेखूँ भनेर विचार आएपछि त्यसलाई त्यसै राख्न सकिनँ र यो पुस्तक तयार हुन सक्यो। मनुको उपर्युक्त विचारलाई मनन गर्दा शास्त्रीय विषयमा लेख्ने काम त्यति सजिलो छैन त्यसैले विद्वत्वर्गबाट मेरा कमीकमजोरी औंल्याइदिएर मलाई सच्चिने मौका दिनुहुनेछ भन्ने अपेक्षा गरेको छु।

अन्त्यमा मेरो यो प्रथम प्रस्तुतिलाई छापिदिन तयार हुनुहुने काठमाडौं स्कुल अफ ल तथा उक्त कलेजका निर्देशक डा.युवराज संग्रौलाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**डिल्लीराम गौतम**
फोन : ९८४१४४२२५८, ९७७-०१-२१३२१८८,
ईमेलः dilliram.gautam@yahoo.com

[१५] धर्मस्य तत्वं निहितं गुहायां (मनु)

# विषयसूची


**१. वेद के हो ? ............................................................१**

- मन्त्रभाग ............................................................३
- ब्राह्मण भाग ............................................................ ४
- आरण्यक ............................................................५
- केही प्रसिद्ध आरण्यकहरु ............................................................६
- उपनिषद ............................................................७
- वेद पुरुषकृत रचना होइन ............................................................ ११
- देवता ............................................................१२
- ऋषि ............................................................१३
- वेद निर्माणस्थल ............................................................१८
- वेदको विभाजन ............................................................ २१
- होता............................................................ २२
- अध्वर्यु............................................................ २३
- उद्गाता, ब्रह्मा ............................................................२४
- वेदका शाखाहरू ............................................................ २५
- उपवेदहरू, वेदका अङ्गहरू............................................................ २७
- कल्प (सूत्रशास्त्र) ............................................................२८
- व्याकरण, निरुक्त, ज्योतिष ............................................................ २९
- छन्द, शिक्षा............................................................ ३०
- आगम र निगम, वेदभित्रका विषयहरू ............................................................ ३१
- औषधि विज्ञान............................................................ ३२
- धर्म, विज्ञान र प्रविधि............................................................ ३३
- ज्ञान ............................................................ ३७
- वातावरण ............................................................ ३९
- सञ्चार............................................................ ४०
- मानवता र सामाजिक सोच ............................................................ ४१
- राजा र प्रजा ............................................................ ४२
- न्याय............................................................ ४४
- वेद कुन समयको होला ............................................................४८
- सिन्धु र हिन्दू ............................................................५१

**२) नेपालको ऐतिहासिक महत्त्व............................................................ ५३**

**३) पूर्वीय धर्मशास्त्रहरूमा न्यायपद्धतिको ऐतिहासिक पृष्ठभूमि ५७**

- धर्म र कानुन ............................................................ ५७
- न्यायका सन्दर्भमा शास्त्रीय दृष्टि ............................................................ ६०
- विधि र विधान............................................................ ६४
- नियम परिवर्तनको अवस्था ............................................................ ७०
- नियमनिर्माता ............................................................ ७४
- निर्णय दिनु अघि अपनाइने वैज्ञानिक व्यवहार ............................................................७६
- न्यायका लागि मनोविज्ञान ............................................................ ७८
- न्यायका लागि प्रमाण र दण्ड............................................................ ८०
- न्याय र यसका तह............................................................ ८५
- राजा र न्याय ............................................................ ८९
- न्यायसम्पादन र न्यायाधीशले अपनाउनुपर्ने विधि ............................................................ ९५
- मुद्दा पर्ने १८ वटा कारणहरू ............................................................१०१
- न्याय दिँदा सम्बन्धित जातिको संस्कृति र परिवेश बुझ्ने ....१०२
- प्रमाणको औचित्य पुष्टि ............................................................१०३

**४) न्यायपीडितका सन्दर्भमा ............................................................१०५**

- न्याय पीडितलाई क्षतिपूर्ति ............................................................१०९

**५) पूर्वीयशास्त्र र व्यावहारिकता............................................................११३**

**६) प्रभावकारी दण्ड र दण्डहीनताका सम्बन्धमा पूर्वीय शास्त्रहरूको सिद्धान्त ............................................................११७**

- न्यायिक व्यक्ति र उसले अपनाउनु पर्ने कुरा............................................................ १३३
- प्रमाणको महत्त्व ............................................................१३८

**७) वेद, उपनिषद र धर्मशास्त्रमा वर्णविभाजन ................ १४५**
- ब्राह्मण (शिक्षा दिने) ........................................... १७८
- क्षत्री ........................................................ १८३
- वैश्य ........................................................ १८६
- शूद्र ........................................................ १८७

**८) पूर्वीयशास्त्रहरूमा बालकालिका र अधिकार ............. १९३**
- शिक्षा........................................................ १९६
- शिक्षामा परिवर्तन ............................................ १९८
- स्मृतिमा शिक्षा ............................................... २०५
- नारी शिक्षा .................................................. २०८
- शिक्षा लिने उमेर ............................................. २११
- गुरु, उपाध्याय................................................. २१३
- आचार्य ...................................................... २१४
- विद्यार्थी परीक्षण (पढ्नका लागि) ............................ २२१
- लवाइ (पोशाक) ............................................... २२१
- विद्यार्थीलाई निषेध गरिएका कुराहरू ........................ २२२
- आहार शुद्धि किन? ........................................... २२५
- कस्तो अन्न खाने ? ........................................... २२६
- त्यसबेला विद्यार्थीहरूले गर्ने काम ........................... २२७
- अनध्याय (विदा हुने दिने) .................................... २२९
- आचार्य महिला, पुरुष ......................................... २३०
- नारी वेद पढ्दथे कि पढदैनथिए त ? ......................... २३१
- बालधन ...................................................... २३५
- बालिकामा हुने दुर्व्यवहार ..................................... २३५
- पिटाइ ........................................................ २३७

**९) पूर्वीय शास्त्रहरूमा नारीअधिकार र लैङ्गिकसमानता .... २३९**
- विवाह ....................................................... २५६
- नारीधन ...................................................... २८४
- विधवा विवाह ................................................ २८५
- अविभाज्य धन................................................. २८६



- छोराछोरीको अभावमा स्त्रीधन ............................... २८९
- धेरै श्रीमती भए ............................................... २९०
- स्त्रीधनको विभाग .............................................. २९०
- आमाले लागाएका गरगहना .................................. २९१
- स्त्रीधन फिर्ता गर्नु नपर्ने अवस्था ............................. २९२
- विधवाप्रतिको कर्तव्य र धन .................................. २९३
- प्राप्त धनलाई खर्च गर्ने अधिकार ............................. २९४
- नारीधनको सुरक्षा ............................................. २९५
- रजस्वला ...................................................... २९६
- गर्भवती महिला ................................................ २९९
- गर्भवतीका लागि खानपान र अन्य वातावरण ............... ३०१
- गर्भपतन ...................................................... ३०६

**१०) स्मृतिशास्त्रमा युद्धसम्बन्धी नियमहरू ...................... ३११**
- मनुस्मृति ...................................................... ३१३
- महाभारत ..................................................... ३१५
- याज्ञवाल्क्यस्मृति ............................................... ३१७
- गौतमस्मृति ................................................... ३१८
- शङ्खस्मृति ..................................................... ३१८
- युद्ध जितेपछि ................................................. ३२०
- युद्धमा जितेका वस्तु .......................................... ३२१
- युद्धसम्बन्धी प्राच्य र अर्वाच्य पर्यालोचन...................... ३२३
- प्राचीन नियम (धर्मशास्त्रीय) ................................. ३२६
- आधुनिक मानवीय कानुनमा रहेका युद्धका नियमहरू ....... ३२८

**११) वेद आदि शास्त्रमा विविध राज्यव्यवस्था ................... ३३१**
- शास्त्रमा आठ राज्य ........................................... ३३७

**१२) चार्वाकदर्शन र यसका मूलभूत मान्यता ................ ३४३**

**१३) सन्दर्भ ग्रन्थहरू ................................................ ३५२**

# १

# वेद के हो ?

**न कश्चित् वेदकर्ता च वेदंस्मृत्या चतुर्मुखः ।**

**तथैव धर्मान् स्मरति मनुः कल्पान्तरेऽन्तरे ॥** १।२१ पाराशर

वेद कुनै व्यक्तिको रचना होइन। सर्व प्रथम ब्रह्माले स्मरण गरेरमात्र वेदलाई प्राप्त गरेका हुन्। यसरी नै प्रत्येक कल्पको समाप्ति पछि ब्रह्माले जस्तै मनुले स्मरण गर्छन्। यसरी अनेक कल्पमा स्मरणका रूपमा वेद प्राप्त हुँदै विस्तार हुन्छ।

**तामन्व विदन्नृषिषु प्रविष्टाम** १०।७१।३ ऋ

सबै मानिसले ऋषिहरूमा प्रविष्ट वेदवाँणीमात्र पाउँछन्।

शास्त्रहरूमा आएका यस्ता कुराहरूले वेद के हो भन्ने विषयमा धेरै मानिसको जिज्ञासा बढ्दै गएको छ। यस जिज्ञासालाई मेट्नका लागि प्रारम्भमा वेद शब्दको अर्थलाई नै केलाउनु उपयुक्त हुन्छ। वेद शब्दको





शाब्दिक अर्थ हो ज्ञान। ज्ञान भन्ने अर्थ दिनकै लागि ऋषिहरूले वेद शब्दको प्रयोग गरेका हुन्। यस कुरालाई वेद शब्दको व्युत्पत्तिले स्पष्ट पारेको छ।

वेद शब्दको मूल स्रोत विद् धातु हो। धातु भनेको शब्दको मूल हो त्यसैले शब्दको अर्थ धातुले नै बोकेर ल्याएको हुन्छ। वेद शब्दको उत्पत्ति विद ज्ञाने धातुबाट भएको हो। विद् धातुले ज्ञान भन्ने अर्थ दिन्छ त्यसैले वेद शब्दको अर्थ ज्ञान हो। व्याकरणअनुसार विद् धातु चार अर्थमा प्रयोग हुन्छ। १. विद् ज्ञाने २ विद् सत्तायाम् ३. विदृ लाभे ४. विद् विचरणे। पहिलो विद् धातुले ज्ञानलाई बुझाएको छ भने दोस्रोले अस्तित्व वा सत्तालाई जनाएको छ। त्यस्तै तेस्रो विदृ धातुले लाभ अर्थ दिएको छ भने चौथोले विचरण वा तर्कयुक्त बुद्धिद्वारा ज्ञानमा विचरण गर्ने भन्ने अर्थ दिएको छ। यी चारवटै धातुको अर्थलाई गहिरिएर मनन गर्दा यिनीहरूले ज्ञान, त्यस सत्ताको बोध, त्यसबाट हुने लाभ र त्यसैभित्र हुने बुद्धिको विचरणलाई क्रमपूर्वक बुझाएका छन्। वास्तविकता पनि यही हो। लौकिक भाषामा बुझ्नुपर्दा हरेक मानवलाई सर्वप्रथम ज्ञानको आवश्यकता पर्दछ। त्यसले सम्बन्धित विषयको वास्तविक सत्ताको बोध गराउँछ। वास्तविक कुराको बोध भएपछि लाभ हुन्छ। अनि यस्तै ज्ञानका विषयमा बुद्धि विचरण गरिरहन्छ। उपनिषदको भाषामा उक्त चार धातुले सत्, चित् र आनन्दको महत्त्वपूर्ण रस भावलाई बुझाएका छन्। विद् सत्तायाम् भन्ने धातुले सत्को मूल भावलाई सङ्केत गरेको छ। चित्को अर्थलाई विद ज्ञाने धातुले अर्थ्याएको छ। विदृ लाभे र विद विचरणले आनन्दको अर्थलाई प्रस्तुत गरेका छन्। सत्चित र आनन्दको अर्थ हो सत्य, तथ्य र मानसिक शान्ति। यिनै वास्तविक कुरालई बुझाउने शब्द नै वेद हो। व्याकरणिक अर्थलाई हेर्दा पनि वेद सर्वव्यापक ज्ञान हो। पूर्वीय दर्शनको भाषामा उक्त चार धातुले मानवले प्राप्त गर्ने धर्म, अर्थ, काम र मोक्षजस्ता चार पुरुषार्थलाई बुझाएको छ। यस अर्थलाई आत्मसात गर्दा वेद भनेको धर्म, अर्थ, काम र मोक्षजस्ता चार पुरुषार्थहरू रहेको ज्ञानको सागर हो भन्ने बुझिन्छ। यसै हुनाले विद्वान्हरूले वेदलाई यसरी परिभाषित गरेका छन्: विद्यन्ते, ज्ञायन्ते, लभ्यन्ते वा एभिर्धर्मादि पुरुषार्था इति वेदाः यी धर्म, अर्थ, काम र मोक्षजस्ता चार पुरुषार्थहरू जेबाट जानिन्छन्, बुझिन्छन् र पाइन्छन्, त्यही वेद हो। वेदको अर्थसँग सम्बन्धित माथि गरिएका व्याख्याहरूले वेद शब्दको अर्थ

ज्ञान नै हो भन्ने पुष्टि गरेका छन् । वेदभित्र संहिताभाग वा मन्त्रभाग, ब्राह्मणभाग, आरण्यकभाग र उपनिषदभागहरू रहेका हुन्छन् । यी चारै भाग ज्ञानका विषय हुन् त्यसैले उक्त चारै भाग सम्मिलित शब्दराशिको नाम वेद हो ।

## मन्त्रभाग

**संहिताहरू** रहेको **भागलाई मन्त्रभाग भनिएको हो । मन्त्रहरू व्यक्तिले रचना गरेका सिर्जना होइनन् । यिनीहरू** ऋषिहरूले तपस्याद्वारा प्राप्त गरेका ज्ञान हुन् । **सोझो अर्थमा** ऋषिहरूले अनुसन्धानबाट प्राप्त गरेका विज्ञान हुन् ।

मन्त्रभागहरू सूत्ररूपमा रहेका छन् । सूत्रहरू सजिलोसँग बुझिने खालका हुँदैनन् । मनन् गरेरमात्र सूत्रहरूलाई बुझ्न सकिन्छ । उक्त संहिताहरू पनि मनन् गरेरमात्र जान्न सकिने हुनाले यिनीहरूलाई मन्त्र भनिएको हो । मननात् मन्त्रः गहन रहस्य भएका यी सूत्रहरू मनन् नगरी कन बुझिँदैनन् । यी मन्त्रहरूलाई किन संहिता भनिएको हो भने हाम्रा इन्द्रियदेखि टाढा रहेको ज्ञानका विषयलाई यिनीहरूले नजिक ल्याइदिन्छन् । संहिताको अर्थ अत्यन्त समीपता भन्ने हुन्छ । **परः सन्निकर्ष संहिता**, अष्टाध्यायीमा लेखिएको छ । टाढाको कुरालाई नजिकमा ल्याउने भन्ने अर्थ दिनका लागि संहिता शब्दको प्रयोग भएको हो । रहस्यात्मक ज्ञान इन्द्रियदेखि टाढा रहेको सार कुरा हो । त्यसलाई आफ्नो मानसपटलमा ल्याइदिने काम यिनै मन्त्रहरूले गरेकाले मन्त्रहरूलाई संहिता भन्ने गरिएको हो, भनिन्छ ।

शतपथ ब्राह्मणमा भनिएको छ : ब्रह्म वै मन्त्रः ब्रह्म नै मन्त्र हो । उल्लिखित ब्रह्म शब्दको अर्थ ज्ञान हो । हरेक विषयका ज्ञान मन्त्रमै रहेका हुन्छन् । त्यसैले मन्त्र वा संहिताहरू नै सम्पूर्ण कला र विद्याका स्रोत हुन् । यही कारणले मन्त्र वा संहिताहरू सबैभन्दा महत्त्वपूर्ण छन् । यी मन्त्रहरूको व्याख्या र विश्लेषण विद्वान्का विद्वत्ताले भ्याएसम्म गर्न सकिन्छ ।

ऋग्वेदमा १०,००० मन्त्र वा संहिताहरू रहेका छन्, भनिन्छ । यसमा १०२८ सूक्त रहेका छन् । सूक्तको अर्थ हुन्छ : ज्ञान र उपदेशयुक्त उच्चस्तरको पूर्ण भनाइ । वेदमा फरकफरक विषयका पूर्ण प्रसङ्गहरू रहेका छन् । तिनीहरूलाई अलगअलग नाम दिइएको छ । अगाडि नाम दिएर





त्यसको पछाडि सूक्त जोडिएका छन् । जस्तै संज्ञानसूक्त, पृथिवीसूक्त ..........आदि ।

**यजुर्वेदमा** २,००० संहिताहरू रहेका छन् । **यजुर्वेद दुई प्रकारको छ ।** १. शुक्ल यजुर्वेद यसलाई वाजसनेयी संहिता भनिन्छ । २. कृष्ण यजुर्वेद यसलाई तैतरीय संहिता भनिन्छ ।

सामवेदमा १५४९ संहिता(मन्त्र)हरू रहेका छन् । यसमा विशेष गरेर ऋग्वेदकै मन्त्रहरू रहेका छन् । ऋग्वेदका १४७५ मन्त्रहरू र सामवेदका आफ्ना ७४वटा मन्त्रहरूसहित यस वेदमा १५४९ मन्त्रसङ्ख्या पुगेको हो ।

अथर्व संहितामा भने ६००० संहिता रहेका छन् । यसका ७३१ सूक्त छन् भनिन्छ ।

## ब्राह्मणभाग

ब्राह्मणभाग भनेको संहिता र मन्त्रलाई यज्ञ र अनुष्ठानका निम्ति विस्तारपूर्वक वर्णन गरिएको अंश हो । यस भागमा मन्त्रको व्याख्या गरी त्यसको सिद्धान्त प्रस्तुत गरिएको हुन्छ । ब्राह्मणभागमा विशेष गरेर मन्त्रको अर्थ वा निर्णय निर्धारण गर्ने काम गरिएको हुन्छ । यसभित्र यज्ञ वा कर्मकाण्डको विस्तृत विवरण दिइएको छ ।

यज्ञको अर्थ ज्ञान पनि हो । यज्ञहरू मन्त्रभित्र रहेको ज्ञान प्राप्ति कै लागि गरिएका हुन् । उपल्लो ज्ञान भनेको ब्रह्म भएकाले शास्त्रहरूले यज्ञलाई ब्रह्मको नाम दिएका छन् त्यसैले ब्रह्मको अर्थ यज्ञ पनि हो । यज्ञलाई ब्रह्मकै रूपमा स्थापित गरेर उल्लेख गरिएको सिद्धान्त भएकाले यस भागलाई ब्राह्मणभाग भनिएको हो । ब्राह्मणभाग व्यक्तिद्वारा रचना गरिएको सिर्जना हो । यसले संहिता वा मन्त्रको स्थान लिन सक्तैन । संहिता वा मन्त्रको नजीक भने रहेको हुन्छ किनभने यसले कुन संहिता वा मन्त्र कुन ठाउँमा कसरी प्रस्तुत गर्नुपर्छ भनेर सिद्धान्तसहित व्याख्या गरेको छ

ऋषिहरूले सङ्कलन गरेका पद्यमय मन्त्र वा संहितालाई कर्मकाण्ड यज्ञ अनुष्ठाननिम्ति सविस्तार वर्णन गर्ने काम विद्वान्हरूले गरे । यसका साथै यस ग्रन्थभित्र प्राचीन ऋषिहरूको वंशको कुरा पनि रहेको छ ।

हरेक संहिताका आफ्नै ब्राह्मण छन् :

ऋग्वेदीय संहिताका ब्राह्मणहरू अनेक छन् । यसमा केही प्रसिद्ध ब्राह्मणहरू रहेका छन् : १. ऐतरेय ब्राह्मण २. कौषितकी ब्राह्मण यसलाई साङ्यायन ब्राह्मण पनि भनिन्छ ।

सामसंहिताका ब्राह्मणहरू पनि अनेक छन् । यसमा केही प्रसिद्ध ब्राह्मणहरू रहेका छन् : १ ताण्ड्य पञ्चविंशब्राह्मण २. षडविंश ब्राह्मण ३. जैमिनीयब्राह्मण ४.सामविधानब्राह्मण ५.आर्षेयब्राह्मण ६.मन्त्रब्राह्मण ७ दैवतध्यायब्राह्मण ८. वंशब्राह्मण ९. संहितापनिषदब्राह्मण १०. जैमनीयोपनिषदब्राह्मणहरू रहेका छन् । शुक्लयजुर्वेदीय संहिताका ब्राह्मणहरू अनेक छन् । यसमा केही प्रसिद्ध ब्राह्मण रहेका छन् : शुक्लयजुको शतपथ ब्राह्मण र **कृष्णयजुको** तैतरीय ब्राह्मण रहेका छन् ।

यसमा शतपथ ब्राह्मणका दुई प्रकार छन् १ काव्यशाखा र २ माध्यन्दिनी शाखा, काव्यशाखामा १४ काण्ड छन् भने माध्यन्दिनीयशाखामा, १४ काण्ड रहेका छन् ।

अथर्व संहिताको पनि एक प्रसिद्ध गोपथब्राह्मण रहेको छ ।

मन्त्र वा संहिताहरू ऋषिबाट प्राप्त भएका ज्ञान सङ्ग्रह हुन् भने यी ब्राह्मणहरू विद्वान्का विश्लेषण हुन् त्यसैले ब्राह्मणहरू अपौरुषेय होइनन् । यसरी नै आरण्यकहरू पनि अपौरुषेय होइनन् । यिनीहरू पनि विद्वान्हरूकै रचना हुन् तर यिनीहरू व्यक्तिगत कृति नभएर मन्त्रहरूकै व्याख्या र विश्लेषण हुन् । यी ब्राह्मणग्रन्थहरूलाई त्यसभित्रको व्याख्यात्मक पक्षलाई हेरेर दुई भागमा विभाजन गरेर हेर्ने गरेको पनि पाइन्छ ।

१. विधिभाग, यसमा यज्ञसँग सम्बन्धित विधानको वर्णन रहेको छ । त्यस्तै यसभित्र मन्त्रहरूका शब्दहरूको निस्पत्तिको बारेमा पनि विश्लेषण गरिएको छ ।

२. अर्थभाग, यसमा यज्ञको महत्त्वसम्बन्धी व्याख्या गरिएको छ । यो ब्राह्मणग्रन्थको सूक्ष्म विभाजन हो ।

## आरण्यक

मन्त्रमा रहेका दार्शनिकपक्षलाई केलाएर विश्लेषण गरिएको भागचाहिँ आरण्यक भाग हो । अरण्य भनेको जङ्गल हो । एकान्त जङ्गलमा





गएर एक्लै बसेर रहस्यपूर्ण कुराहरूलाई चिन्तन गर्नुपर्ने दार्शनिक विषय रहेको अंशलाई आरण्यकभाग भनिएको हो । यसभित्र ब्रह्मतत्त्वको विस्तृत चिन्तन गरिएको छ । यस विषयमा तैतरीय आरण्यकले भनेको छ : **अरण्याध्ययनादेतद् आरण्यक मितीर्यते** अरण्य (जङ्गल) मा गएर अध्ययन गरिने विषय रहेको हुनाले यसलाई आरण्यक भनिएको हो । यस भित्रका विषय भनेका मन, बुद्धि र आत्मा हुन् । यस्ता अत्यन्त सूक्ष्म तत्त्वका विषयमा गहन अनुसन्धान गर्नुपर्ने हुँदा एकान्त जङ्गलमा गएर अन्वेषण गरिने कुरा उल्लेख गरिएको हुनाले यस प्रकृतिका ग्रन्थहरूको नाम आरण्यक रहेको हो । यो पनि व्यक्तिको सिर्जना हो । यसभित्र व्यक्तिका व्यक्तिगत दृष्टिकोण पनि रहेको छ । यसमा व्यक्तिका दृष्टिकोणहरू नितान्त मौलिक छैनन् । संहिता वा मन्त्रकै सेरोफरोमा दार्शनिक दृष्टिकोणहरू रहेका छन् । केही व्यक्तिगत चिन्तनमा अवतरित भएकाले ब्राह्मणभाग र मन्त्रभागको स्थानमा आरण्यक पुग्दैन ।

आरण्यकमा यज्ञ र अनुष्ठानसँग सम्बन्धित मन्त्रभित्रको रहस्य पक्षको चिन्तन पनि गरिएको छ । ऋग्संहिता, यजुसंहिता, सामसंहिताहरूका अलगअलग आरण्यकहरू रहेका छन् । ज्ञानमार्गी विचारको दार्शनिक चिन्तनको सुरुवात नै आरण्यकहरूबाट भएको मानिन्छ । यो ब्रह्मणग्रन्थकै अन्तिम भाग हो ।

## केही प्रसिद्ध आरण्यकहरू

ऋग्संहिताका दुई आरण्यकहरू रहेका छन् १. ऐतरेय आरण्यक २.कौषितकी आरण्यक ।

यजुसंहितामा शुक्लयजुको एक वृहदारण्यक र कृष्णयजुको एक तैतरेय आरण्यक गरी दुईवटा आरण्यकहरू पाइएका छन् ।

यसरी नै सामसंहिताका पनि १. छान्दोग्यारण्यक २. जैमिनीयारण्यक दुईवटा आरण्यक रहेका छन् । अर्थवसंहिताको आरण्यक भने पाइएको छैन ।

उक्त आरण्यक ग्रन्थहरूले दर्शनको बाटो खोलिदिए । यसले मन्त्र वा संहिताभित्रका रहस्यात्मक कुरालाई खोतल्न विद्वान्हरूलाई क्रियाशील गरायो त्यसैले उपनिषदहरू जुर्मुराएर उठे । आरण्यकको तुलनामा उपनिषदहरू प्रशस्त लेखिएका छन् ।

## उपनिषद

ज्ञानको नजिकमा पुऱ्याउने सिद्धान्तको नाम उपनिषद हो। आरण्यकमा चिन्तनको मुख्य विषय यज्ञको रहस्य र ब्रह्मतत्त्व थियो भने आरण्यकपछि उपनिषदमा ब्रह्म, आत्मा र जगतका सम्बन्धमा मौलिक चिन्तनहरू जन्मिन थाले। आत्मा र ब्रह्मलाई आरण्यकभित्र अनुभव गरेपछि त्यसलाई प्राप्त गराउने सिद्धान्त तयार पारिन थाले। विद्वान्हरूले स्थापित गरेका यस्ता सिद्धान्तलाई उपनिषद भन्न थालियो। यो वेदको अन्तिम सिद्धान्त वा अन्तिम भाग भएकाले यसलाई वेदान्त पनि भनिन्छ त्यसैले उपनिषदहरू वेदान्त हुन्। संहिता वा मन्त्रमा रहेका ज्ञानलाई निष्कर्षका रूपमा उपनिषदभित्र दिएको छ त्यसैले पनि ज्ञानको निचोड आउँने हुँदा यस भागलाई वेदान्त भनिएको हुन सक्छ।

कतिपय शास्त्रहरूमा ब्रह्मको समीपमा लैजाने भन्ने अर्थ दिनका लागि उपनिषद शब्दको प्रयोग भएको छ। साहित्यिक विभाजनका आधारमा यो वेदको अन्तिम भाग पनि हो। यी विविध कारणहरूले उपनिषदलाई नै वेदान्त भनिएको कुरा स्पष्ट हुन्छ। आरण्यकभागको तुलनामा उपनिषदहरू मौलिक छन्। व्यक्तिका मौलिक दृष्टिकोण रहेकाले आरण्यक, ब्राह्मण र मन्त्रभागको स्थानमा उपनिषदहरू आउन सक्तैनन्। महत्त्वका हिसाबले सबैको आफ्नै स्थान छ। उपनिषदसम्म त्यही संहिता वा मन्त्रकै व्याख्या विश्लेषण हुँदै एउटा निष्कर्षसम्म आइपुगेकाले, मन्त्रभाग, ब्राह्मणभाग, आरण्यकभाग र उपनिषदभाग सबैलाई वेद भनिएको छ। सङ्कलित चारवेदभित्र कतिपय ब्राह्मणभाग, आरण्यकभाग र उपनिषदहरू एकै ठाउँमा पाइन्छ। उदाहरणको रूपमा यजुर्वेदको अन्तिम अध्यायलाई लिन सकिन्छ। त्यो ईशोपनिषद हो।

उपनिषद ब्रह्म, जीव र जगतसम्बन्धी मानिसहरूमा रहेको जिज्ञासा पूर्ति गर्दै लेखिएको दार्शनिक ग्रन्थ हो। विद्वान्हरूले उपनिषदको यसरी व्युत्पत्ति गरेका छन् : उप + नि + सद = उपनिषद। सद् धातुमा उप र नि दुई उपसर्ग लागेर उपनिषद शब्दको निर्माण भएको छ। सद् धातुका तीनवटा अर्थ रहेका छन्। १.गति २.विनाश ३. शिथिलता। विद्वान्हरूले उक्त तीन अर्थलाई यसरी केलाएका छन्। भ्रमको विनाश गरेर अज्ञानतालाई शिथिल पारी सत्यतामा पुऱ्याउन गति दिने चिन्तन भएकाले उपनिषद भनिएको हो। अर्को अर्थमा उप भनेको समीप र निसद भनेको





बस्ने काम अर्थात् ब्रह्म(सत्य वा ज्ञान) को समीपमा पुगेर बस्ने क्षमता दिने भएकाले यसलाई उपनिषद भनिएको हो। शास्त्रले यस विषयमा भनेको छ : धर्मे रहस्यूपनिषद स्यात्।

यसरी विचार गर्दा विशेष तत्त्व चिन्तनमा लेखिएका ग्रन्थहरू नै उपनिषद हुन्। उपनिषदका विषय भएकोले यसले जीव, जगत र ब्रह्म समबन्धी रहस्य खोज्दै ब्रह्म वा सत्यप्रतिको मार्ग पहिल्याउने काम गरेको छ।

उपनिषद अध्यात्म विषयको सारभूत रहस्य हो। यसले आत्मतत्त्वबाट ब्रह्मतत्त्वतिर लैजान्छ किनभने उपनिषदको विषय ब्रह्म हो र यसको प्रयोजन तत्त्वज्ञान हो।

यिनै उपनिषदहरूले आस्तिक र नास्तिक दर्शनहरूलाई जन्माएका छन्। उपनिषदभित्र तत्त्व प्राप्त गराउने दुई प्रकारका वाक्यहरू रहेका हुन्छन्।

१. अवान्तरवाक्य २. महावाक्य,

ब्रह्मको परिचय गराउने मन्त्रवाक्यहरूलाई अवान्तरवाक्य भनिन्छ। जस्तै सत्यं ज्ञानं अनन्तं ब्रह्म:

यसरी नै जीवात्मा र परमात्माको ऐक्यता बोध गराउने वाक्यलाई महावाक्य भनिन्छ। जस्तै प्रज्ञानं ब्रह्म (ऐतरेयोपनिषद, ऋग्वेद), अहं ब्रह्मास्मि (बृहददारण्यक, यजुर्वेद), तत्वमसी (छनदोग्य, सामवेद) अयमात्मा ब्रह्म (माण्डुक्य,अथर्व)।

यी महावाक्यहरू पनि दुई प्रकारका छन्। १.उपदेशात्मक २.अनुभवात्मक। 'तत्वमसि' यो उपदेशात्मक वाक्य हो भने 'अहं ब्रह्मास्मि, यो अनुभवात्मक वाक्य हो।

उपनिषदहरू भन्दछन्: जन्मको मूल कारण जीवहरूले गरेका शुभअशुभ कर्महरू हुन्। कर्मका मूल कारणहरू राग, द्वेष, आशक्ति र वासनाहरू हुन्। वासना आदिको मूल कारण भय हो। भयको मूल कारणचाहिँ दोस्रो देख्नु हो। **द्वितीयाद्वै भयंभवति** (वृहदारण्यक) उपनिषदहरूको मूल विषय आत्मा र ब्रह्म नै हुन्। जगतका विषयमा पनि उपनिषदले चर्चा गरेको छ।


उपनिषद सम्बन्धी संक्षेपमा यी जानकारीहरू लिइसकेपछि कति उपनिषदहरू लेखिए होलान् भन्ने जिज्ञासा हुनु पनि स्वाभाविक कुरा हो । उपनिषदहरू यति नै लेखिएका थिए भनेर यकिन सङ्ख्याचाहिँ भन्न सकिएको छैन । विद्वाहरूका खोजले वैदिक कालतिर हरेक वैदिक शाखाका उपनिषदहरू लेखिएका थिए भन्ने निष्कर्ष निकाले छन् । मुक्तिकोपनिषदले केही हदसम्म उपनिषदहरूको सङ्ख्या उल्लेख गरेको छ। मुक्तिकोपनिषद अनुसार ऋग्वेदसँग सम्बन्धित दशवटा उपनिषद, शुक्लयजुर्वेदसँग सम्बन्धित उनन्तीसवटा उपनिषद, कृष्णयजुर्वेदसँग सम्बन्धित बत्तीसवटा उपनिषद, सामवेदसँग सम्बन्धित छब्बीस्वटा उपनिषद, र अथर्ववेदसँग सम्बन्धित एकतीसवटा उपनिषद गरी जम्मा एकसय उपनिषदहरू को सङ्ख्या देखाइएको छ। यसपछि पनि केही उपनिषदहरू लेखिए होलान् त्यसैले विद्वान्हरूले २७५ वटा उपनिषदको चर्चा गर्ने गरेका छन् ।

त्यतिबेला लेखोट राखिने भन्दा गुरुशिष्य परम्परामा पठनपाठनको परम्परामा हरेक कुरा जीवित रहन्थे। लेखोटको समयसम्ममा आइपुग्दा गुरुशिष्यहरूमा जति स्मृति(संभ्फना)मा थिए। तिनीहरूमात्र आज उपलब्ध छन्। यसमा ऋक्वेदसँग सम्बन्धित ऐतरेय र कौशीतकी विशेष प्रसिद्ध छन्। शुक्लयजुर्वेदसँग सम्बन्धित उपनिषदमध्ये ईशावास्योपनिषद र वृहदारण्यक उपनिषद विशेष मानिन्छन्। कृष्णयजुसँगसम्बन्धित तैतरेय, मैत्री, कठ र श्वेताश्वतर महत्त्वपूर्ण मानिन्छन्। सामवेदसँग सम्बन्धित छान्दोग्य र केन उपनिषद विशेष मानिन्छन्। अर्थवको चाहिँ प्रश्न, मुण्डक र माण्डुक्य विशेष चर्चित छन् ।

यी उपनिषदहरूको जन्म उत्तरवैदिक कालको अन्त्यतिर भएको हो भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। सजिलै उपलब्ध हुने उपनिषदहरूः- बृहदारण्यक, छान्दोग्य, कौषितकी, मैत्रायणी श्वेताश्वतर, ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, तैत्तरीय, ऐतरेय आदि रहेका छन् । उपनिषदको अन्तिम चरणदेखि वैदिक धर्मका विरोधी विचारहरू आउन थाले र उपनिषदको समयको समाप्तिसँगसँगै आस्तिक र नास्तिक दर्शनहरू लेखिए। विस्तारै न्याय, साङ्ख्य, वैशेषिक मिमांशा, योग, वेदान्तजस्ता छवटा प्रसिद्ध आस्तिक दर्शनहरू देखिए भने चारवाक, जैन र बौद्ध दर्शनहरूजस्ता नास्तिक् दर्शनहरू पनि देखा परे ।








कतिपय शास्त्रहरूले विषवस्तुका आधारमा वेदलाई दुई भागमा विभाजन गरेर राखेको पनि पाइन्छ। १. मन्त्रभाग २ ब्राह्मणभाग। यो ब्राह्मणभगमा आरण्यक र उपनिषद दुबै भागको विश्लेषण गरिएको छ। किन दुई भागमा बाँडिएको हो भने मन्त्र कुनै एक व्यक्तिले रचना गरेको होइन। ब्राह्मणदेखि उपनिषदसम्मका तीन भागचाहिँ ज्ञान सारथी विद्वान्हरूले रचना गरेका विषय हुन्। त्यसैले दुईभागमा यसलाई विभाजन गरिएको हुनुपर्छ।

ब्राह्मणभाग र आरण्यकभागलाई विशेषतया कर्मकाण्ड परक मानिन्छ भने उपनिषदहरू पूर्णतया वेदको सिद्धान्त र दर्शनसँग नजिक छन्। यिनै उपनिषदहरूले तर्कशास्त्र, तन्त्र, आत्मा र भौतिक पदार्थ सम्बन्धी ज्ञानका स्रोत खोलिदिए। ईश्वर छ र ईश्वर छैन भन्ने नितान्त मौलिक आफ्नै खाले चिन्तनहरूको विकास यहीँबाट सुरु भएको हो। हरेकले वेदलाई नै मूल आधार वा स्रोत बनाएका छन् किनभने ज्ञानको मूल स्रोत वेद नै हो। जे होस् पूर्वीयधर्म र दर्शनका सबै जसो विषयको अन्तिम प्रमाण वेदबाहेका अरू केही हुन सक्दैन। प्रमाण ज्ञानमा अवतरित हुनुपर्छ अनिमात्र प्रमाण निश्चित हुन्छ त्यसैले ज्ञान स्वतः प्रमाण हुन्छ। उक्त संहिता, ब्राह्मण, आरण्यक र उपनिषद आदि चारै अङ्ग ज्ञान हुन्। यी सबै भागमा उक्त विद् धातुले बुझाउने अस्तित्व, सत्ता, ज्ञानको विचरण र आत्मिक लाभ गराउने ज्ञान रहेका छन्।

मन्त्र वा संहिता, ब्राह्मण, आरण्यक र उपनिषदहरूको अध्ययन गर्ने क्रममा विद्वान्हरूले वैदिक काललाई दुईभागमा बाँडेर हेरेका छन् ।

पंकज दीक्षितले उल्लेख गरे अनुसार ईस्वी पूर्व १५०० देखि १००० वर्षसम्मलाई पूर्ववैदिक काल भनिन्छ। यसलाई ऋक्वेदकाल पनि भन्ने गरिएको छ। यस समयमा ऋग्वेदका संहिताहरूको निर्माण भयो। त्यसपछि

इस्वी पूर्व १००० देखि ६०० सम्मको अवधिलाई उत्तरवैदिक काल भनियो । यस समयमा वेदको विभाजन गरी यजु, साम, अथर्व संहिताका अलगअलग मन्त्र समूह बनाइए । साथसाथै त्यस समयमा मन्त्रका सिद्धान्त र रहस्यका विषयमा चर्चा गर्ने ब्राह्मण, आरण्यक र उपनिषदजस्ता महत्त्वपूर्ण ग्रन्थहरूको रचना भयो । उत्तर वैदिककालमा पनि मन्त्रहरूको आविर्भाव भइरहेको थियो । पछि जनकको पालासम्म वेदका मन्त्रहरू आविष्कार भएका छन् । बाजसनेय भनेका याज्ञवल्क्य हुन् । उनले शुक्लयजुर्वेदका थुप्रै संहिताहरू आविर्भाव गरेका छन् । यस अर्थमा पौराणिक कालमा पनि वेदका मन्त्रहरू आविष्कार भइरहेको पाइन्छ । हुनत पुराणहरू धेरैपछिका कृति होइनन् । चारवेद विभाजन गरेर अध्यापन गराउँदा सुतजीका पिता रोमहर्षणलाई व्यासले पुराण पढाएको इतिहास छ । अथर्ववेदमा रहेको एक मन्त्रमा ऋक, साम, अथर्व, पुराण र यजुका साथमा पुराण भन्ने एक प्रसङ्ग छ ।[१] त्यसैले पौराणिककालमा पनि वेद सङ्कलित भइरहेको थियो । अर्को तरिकाले भन्नुपर्दा वैदिकालमा पनि पुराण थिए भन्ने कुरा पनि बुझ्न सकिन्छ तर कति पुराणहरू वैदिकालमा थिए र कति मन्त्रहरू पछिल्ला चरणका पौराणिक कालमा आविर्भाव भएका हुन् त्यसलाई खुट्याउन भने सजिलो छैन तर वेद र पुराण एउटै विषयचाहिँ होइनन् ।

## वेद पुरुषकृत रचना होइन

जैमिनी भन्दछन् : अपौरुषेय शब्दराशीर्वेदः वेद कसैको रचना होइन । यो ऋषिका अनुसन्धानबाट प्राप्त भएको ज्ञानसूत्रहरूको समूह हो । त्यसैले वेद पुरुषकृत नभई सत्य र अमर ज्ञानको स्रोत हो । यस कुरालाई अथर्ववेदको मन्त्रबाटै अझ राम्ररी विचार गर्न सकिन्छ । हे मनुष्य ! म यो पृथ्वी र द्यूलोकको भेद गर्छु । म नै ऋतु, सात प्रकृति र विकृतिलाई एक क्रमका साथमा उत्पति गर्छु । म नै सत्य र असत्यको वास्तविक ज्ञान दिन्छु । म दैवी वाणी वा वेदवाणी प्रकट गर्छु ।[२] यो अन्तश्चेत आत्माको आवाज हो । यस मन्त्रको आशयले वेद कुनै मानिसको कृति नभएर शास्वत

१ रिचहः सामानि छन्दोसी पुराणं यजुसा सह । ११। ४। २४ अथर्व

२ अहं विवेच पृथिवीमुत द्यामहमृतूंरजनयं सप्तसाकम् ।
अहं सत्यमनृतं यद वदाम्यहं दैवीं परि वाचं विशश्च (६।६१।२अथर्व)





ब्रह्म स्वरूप छ भन्ने कुरालाई नै बुझाएको छ । यो अगोचर भएर रहिरहेको हुन्छ यसलाई ऋषिहरूले प्रकट गरेका हुन् । यो गोचर वेद ज्ञानको प्रकटीकरणमात्र हो । ऋग्वेदले यस कुरालाई आफैँ स्पष्ट पारेको छः जति व्यापक ब्रह्म छ आकास पनि त्यतिकै फराक छ । यहाँ रहेको ब्रह्म शब्दले ज्ञानलाई पनि सङ्केत गरेको छ ।[३] यसले स्पष्ट पारेको छ :– ज्ञान यो आकाश जतिकै फराकिलो विषय हो । सबैतिर व्यापक छ । सक्षम व्यक्तिले जहाँ कहीँबाट प्राप्त गर्छ र त्यसलाई प्रकट गर्छ । त्यसैले वेद ऋषिहरूको खोजमात्र हो, कृति होइन । संक्षेपमा भन्नु पर्दा ज्ञान व्यापक र अपरिमेय छ त्यसलाई सिद्धमहापुरुषहरूले प्राप्त गरेर संसारमा स्थापित गर्छन् । ज्ञानको रचना हुँदैन ज्ञान त शाश्वत सत्य हुन्छ । साधनारत अभ्यासीहरूले प्राप्त गरेर सबैलाई बाँड्दछन् त्यसैले वेदका यी मन्त्रहरूलाई अपौरुषेय भनिएको हो ।

यसरी नै वेद ऋषिहरूले प्राप्त गरेका ज्ञानहरूको सङ्कलन हो ।

## देवता

ऋषिहरूले जुन मन्त्रको अर्थलाई साक्षत्कार गर्ने उद्देश्यले जुन विषयको स्तुति गरे, त्यही विषय वा अर्थलाई देवता भनिएको छ । ऋषिहरूले अग्नी, पानी, पृथ्वी, राजा, विद्या जुन विषयको ज्ञान आर्जन गरेका छन् । ती आर्जित विषय देवता भए । अर्थात् मन्त्रमा रहेको, प्रशंसा वा स्तुति गरिएको विषयलाई देवता भनी सम्बोधन गरिएको छ । संसारमा जुन कुराले समाजलाई चाहिने आवश्यक कुरा दिए ती दिनेहरूलाई देवता भनिएको हो भन्ने विद्वान्हरूको भनाइ छ । देवको अर्थ प्रकाश पनि हो । यस्ता देवता दुई प्रकारका छन् :-आजन देवता र कर्म देवता । आजान देवता भनेका सृष्टिकै देवता हुन् सूर्य, चन्द्रमा आदि । कर्मदेवता भनेका तपस्याद्वारा बनिएका देता हुन् जस्तै इन्द्र,वरुण आदि कतिपय विद्वानहरूले 'आजानज' देवताको पनि कुरा गरेकाछन् ।[४] सर्वानुक्रमणी अनुसार

३ यावत् ब्रह्म विष्ठितं तावतिवाक् १०।११४।८ ऋ (ऋग्वेद)

४ यत्काम ऋर्षियस्यां देवतायामार्थपत्यच्छिन् स्तुतिं प्रयुङ्क्तद्दैवतः समन्त्रो भवति (निरुक्त )

जुनमन्त्रले जसको वर्णन गरेको छ त्यही त्यस मन्त्रको विषय वा देवता हुन्छ। योगदर्शनले यस कुरालाई अझ स्पष्ट्याउँने काम गरेका छ। मन्त्रको चिन्तन, मनन र स्वाध्ययनबाट कुनै दैवीशक्ति प्राप्त हुन्छ। त्यही प्राप्त दैवीशक्तिलाई सूचित गर्न देवता निश्चित गरिएको हो।[५]

कतिपय ठाउँमा देवता र ऋषि एउटै रहेका प्रसङ्गहरू पनि आउँछन्। देवता र ऋषि एउटै हुँदैनन्। यिनीहरू एउटै देखिनाको कारण हो तन्मयता। अर्थात् ऋषिले साधनाबाट देवता प्राप्त गरेर आफू त्यही देवतामा तन्मय भए। यसरी आफूलाई विर्सिएर एकात्मकता प्राप्त गरेपछि ऋषिले देवताकैरूपमा आफूले प्राप्त गरेको ज्ञान प्रस्तुत गरे। यही कारणले उही देवता र ऋषि जस्तो देखिन पुगेका हुन्। विद्वान्हरूले यसरी देवता र ऋषि एउटै देखिनुको अर्को कारण पनि उल्लेख गरेका छन् :– ऋषिले देवताको आराधना गरे। आराधनाबाट प्रसन्न भएका देवताले ऋषिकै मुखबाट उपदेश दिए त्यसैले देवता र ऋषि एउटै देखिएका हुन्। वास्तवमा ऋषि भनेका मन्त्रद्रष्टा र देवता भनेका मन्त्रको विषय वा उद्देश्य हुन्।

## ऋषि

जो कोही ऋषि बन्न सक्तैन। जसले इन्द्रियले प्राप्त गर्न नसक्ने गम्भीर विषयको ज्ञान हाँसिल गर्छ त्यही व्यक्तिमात्र ऋषि बन्न सक्छ।[६] स्वर्गका देवता पनि सहजै ऋषि बन्न सक्तैनन्। त्यसैले ज्ञानरूप मन्त्रको आविष्कार गर्ने आविष्कारकमात्र ऋषि हुन्। **ऋषति सर्वत्र गच्छति** ऋषि व्यापक चिन्तन भएको अमल चित्तको हुन्छ। ऊ भित्री आँखाबाट चारैतिरको कुरा देख्नसक्छ। ऊ भूत, भविष्य र वर्तमानको ज्ञाता हुन्छ। **व्यापकत्वेन सर्वं व्याप्नोति इति ऋषि** अर्थात् विवेकको आँखाले व्यापक भएर सबैतिर पुग्ने बौद्धिक क्षमता भएको व्यक्ति भएकैले उसलाई ऋषि भनिएको हो। ऐतरेय ब्राह्मणमा उल्लेख भएको छ : मन्त्रलाई देख्ने,

५ स्वाध्यायादिष्ट देवता सम्प्रयोग : हिन्दु संस्कृति अङ्क कल्याण

६ ऋषति जानात्यतीन्द्रिययार्थ मिति ऋषि। ऋषिरतीन्द्रियार्थ द्रष्टा, मन्त्रकृत करोती (धातु स्वदर्शनार्थः)





संसाराका वस्तुहरूको रहस्यलाई बुझ्ने र सबैलाई देखाउन सक्ने व्यक्ति नै ऋषि हुन्छन्। यी प्रसङ्गहरूले के बुझाए भने : इन्द्रियभन्दा परका यी ज्ञानहरूलाई ऋषिका माध्यमबाट हामीले प्राप्त गरेका हौँ। स्पष्टरूपमा भन्नु पर्दा वेदका ती मन्त्रहरू ऋषिहरूको माध्यमबाट प्रकट भएका ज्ञानका सूत्र हुन्। ऋग्वेदले भनेको छ : सबै मानिसले ऋषिहरूमा प्रविष्ट वेदवाँणीमात्र पाउँछन्।[७]

वेदका हरेक मन्त्र वा ऋचाहरूका आफ्नै ऋषिहरू रहेका छन्। जसले जुन् मन्त्र देखे तिनै ऋषिका नामबाट मन्त्रहरू रहेका हुन्छन्। मन्त्रले व्याख्या गरेको वा मन्त्रभित्र रहेको विषय देवता भएभने आविष्कारक ऋषि भए। यी मन्त्रहरू र ऋषिहरू यति नै थिए भन्ने कुराको किटानी गर्न सकिदैन। ऋग्वेदले भनेको छ : हजारौँ ऋषिहरूले हजारौँ मन्त्रहरू देखे, हजारौँ सूक्तहरू उत्पति भए तिनीहरूलाई पन्ध्रवटा सूक्तमा बाँडिएको छ [८]

उक्त मन्त्रमा सहस्र शब्दको प्रयोग भएको हुँदा सहस्र शब्दले दिने व्याकरणिक अर्थ हजार पनि हुन्छ र गन्न नसकिने पनि हुन्छ त्यसैले उक्त मन्त्रको अन्तिममा **यावत् ब्रह्म विष्ठितं तावती वाक्** भनिएको छ। उक्त वाक्यांशले जहाँसम्म ब्रह्म छ शब्द वा वाणी पनि त्यहीँसम्म फैलिएको छ भन्ने अर्थ दिएको छ। यस भनाइको आशय सम्पूर्ण ब्रह्माण्डमै यी ज्ञानका स्रोत मन्त्रहरू फैलिएका छन् भन्ने हो। जहाँ बसे पनि सिद्धमहाँपरुषहरूले यी ज्ञानहरू प्राप्त गर्न सक्तछन्। यही कारणले पूर्व, पश्चिम ,उत्तर, दक्षिण जुन ठाउँका भए पनि महाँपरुषहरूले दिएका उपदेश वा बोलेका महावाक्यहरू समान खालका हुन्छन्। ज्ञान र सत्य भन्ने कुरा जहाँ भए पनि एउटै हुन्छ। ती महाँपरुषहरूले दिएका उपदेश वा बोलेका महावाक्यहरू सबै ज्ञान हुन्। ज्ञानका सूत्र होइनन् त्यसैले सबै ज्ञान दाता ऋषि बन्न सकेनन् किनभने तिनीहरूले नयाँ ज्ञानका सूत्र आविष्कार गरेका होइनन्। ऋषिहरूले प्रकट गरेको ज्ञानलाई मात्र सात्कार गरेका हुन्।

ब्रह्म र ज्ञान अलग कुरा होइनन्। ज्ञानको प्राप्तिको उत्कर्ष

७ तामन्व विदन्नृषिषु प्रविष्टाम १०।७१।३ ऋ

८ सहस्रधापञ्चदशान्युक्था यावद्द्याव पृथिवी तावदितत् सहस्रधा महिमानः सहस्रंयावद् ब्रह्म विष्ठितं तावती वाक्। १०।११४।८ ऋ।

विन्दुलाई ब्रह्म भनिएको हो। यी ज्ञानका सूत्र मन्त्रहरू त्रेतासम्म आविस्कार भए त्यसपछि भने यो क्रम घटेरै गयो। हाम्रो ज्ञानको क्षितिज फराकिलो र शक्तिशाली बन्न सकेन त्यसैले हामी ऋषि बन्न सकेनौँ। मन्त्रहरू थपिने क्रम रोकिएकाले अब मन्त्रहरूको सङ्ख्या यही मुद्रित अवस्थामा रहेको किताबी शब्दराशीमात्र हो।

मन्त्र प्राप्त नगर्ने तपस्वीहरू सिद्धमहापुरुषका रूपमा त रहिरहे तर ऋषिचाहिँ बन्न सकेनन्। जसरी भौतिक विज्ञानमा साधनामा लागेको मानिस साधकचाहिँ बन्यो तर नयाँ वस्तुको आविष्कार नगरुन्जेल आविष्कारक बन्न सक्दैनन् त्यसरी नै मन्त्र प्राप्त नगरुन्जेल कोही ऋषि बन्न सक्तैन।

जो अमल आत्माका तपस्वी महापुरुषहरू थिए तिनीहरूको अन्तःकरण शुद्ध भएपछि ज्ञानको स्फुरण भयो त्यसपछि उनीहरूले त्यस ज्ञानलाई मन्त्रको रूपमा प्रकट गर्न सक्षम भए यस्ता व्यक्तिहरू ऋषि बने। अरू सिद्धमहापुरुषका रूपमा स्थापित भए।

आजभोलि ब्राह्मण भन्नाले एउटा जात विषेशलाई लिइन्छ तर त्यस बेलामा यो परम्परा थिएन। ज्ञानलाई त्यतिबेला ब्रह्म भन्ने चलन रहेकाले ब्रह्मको चिन्तन गर्नेलाई ब्राह्मण भनिन्थ्यो। ज्ञानीहरू सबै ब्राह्मणै मानिन्थे विस्तारै त्यसले जातको रूप लिइसकेपछि पनि ब्राह्मण, क्षत्री आदिले पनि मन्त्र अविष्कार गरेर ऋषि बनेका थुप्रै उदाहरणहरू छन्। त्यसैले ऋषि बन्ने कुनै एक जातका मानिसमात्र थिएनन्। विश्वामित्र समाजले क्षत्रीको दर्जा दिएका व्यक्ति हुन् तथापि उनी गायत्रीजस्तो मन्त्रको आविष्कार गरेर ब्रह्मर्षि बन्न सफल भए अर्थात् उनी पनि सर्वोच्च ऋषि भए। देवता हुँदैमा पनि ऋषि बन्न सकिन्छ भन्ने कुरा होइन। ब्रह्म चिन्तनमा लागेका ब्राह्मण हुँदैमा पनि ऋषि बन्न सकिँदैन। राजा बनेर पनि ऋषि बन्न सकिन्छ। त्यसैले ऋषि ज्ञानको आविष्कारक हो। विष्णुपुराणले[९] ऋषिका तीन प्रकृति बताएको छ : १. देवर्षि : देवता भएर ऋषि बनेका, जस्तै देवर्षि नारद। २. ब्रह्मर्षि : ब्रह्मचिन्तन गरेर ऋषि भएका, जस्तै वशिष्ठ, वाल्मिकी ३. राजर्षि, : राज्य सञ्चालन गरेर ऋषि

[९] ज्ञेया ब्रह्मर्षयः पूर्वं तेभ्यो देवर्षयःपुनः। राजर्षयः पुनश्तेभ्यो ऋषि प्रकृतयस्त्रयः। ३।६।३०विष्णुपुराण





बनेका, जस्तै जनक त्यसबेला राज्य सञ्चालन गर्नेलाई क्षत्री भनिन्छ।

खेतीकिसानी, व्यापारव्यवसाय, प्रविधि र मज्दुर गरेर जीवन यापन गर्नेहरूले ज्ञानको आविष्कार गर्न सकेनन् र उनीहरू ऋषि बन्न सकेनन्। मन्त्र अनुभव गर्ने काम सजिलो थिएन। यसका वर्षौंसम्म निरन्तर साधना गर्नुपर्थ्यो। खेतीकिसानी, व्यापार, व्यवसाय, प्रविधि र मज्दुरीजस्ता काम गर्नेका लागि यस्तो किसिमको साधनाको समय रहँदैन थियो।

वैश्य र शूद्र त्यतिखेर जात विशेषमा परिसकेका थिएनन् क्षत्री भन्ने शब्द पनि पछि आएको हो। विष्णुपुराणको उक्त श्लोकमा पनि राजा शब्दको प्रयोग भएको छ। राजा भनेको जनताको रेखदेख गर्ने र समाजलाई व्यवस्थित बनाउने प्रशासनिक व्यक्ति हो। त्यहाँ जो पनि रहन सक्दथ्यो। क्षमतावान् र विद्वान्चाहिँ हुनुपर्थ्यो।

कुनै जात वा वर्ग विशेषले मात्र वेदको ज्ञान लिनुपर्छ भन्ने होइन। यस विषयमा मनुले भनेका छन् : जो द्विज वेद नपढिकन अन्य सामान्य कुरामा अल्मलिएर परिश्रम गर्छ त्यो ब्राह्मण बन्न सक्तैन। अन्य कुनै वर्णमा पर्दछ। शूद्रत्व कर्म गऱ्यो भने ऊ शूद्र नै बन्दछ।[१०] द्विजकर्म गऱ्यो भने ऊ द्विज नै बन्दछ। उक्त भनाइबाट नै स्पष्ट हुन्छ कि तत्कालीन अवस्थामा काम अनुसारकै वर्ण रहेका थिए। द्विज भनेको दोस्रो पटक जन्मिनु हो। दोस्रो पटक जन्मिनु भनेको संस्कारले परिवर्तित हुनु हो। फेरि आमाकै गर्भबाट जन्मिने भनेको होइन। मानिस हरेक कर्मका लागि नयाँ हुन्छ। ज्ञानका क्षेत्रमा प्रवेश गर्न सजिलो छैन। यसका लागि संस्कार अनिवार्य हुन्छ। संस्कारले माझिएपछि मात्र ज्ञानका क्षेत्रमा प्रवेश गर्न सकिन्छ। त्यस समयमा व्रतबन्ध संस्कार नै ज्ञानका क्षेत्रमा प्रवेश गराउने पूर्ण संस्कार थियो।

ज्ञानका क्षेत्रमा प्रवेश गर्नु नयाँ जन्म लिनु हो भन्ने त्यस बेलाको मान्यता थियो।

त्यो अधिकार पढ्ने(ब्रह्मण), शासन गर्ने(क्षत्री), व्यापार व्यवसाय र खेतीपाती गर्ने(वैश्य) यी सबैका लागि अनिवार्य थियो। यसरी ज्ञान प्राप्त

[१०] योऽनधीत्य द्विजो वेदा नन्यत्र कुरुते श्रमम् सजीवन्नेव शुद्रत्वमाशु गच्छति सान्वयः। स्मृति

गर्न संयम हुनका लागि गरिने यो ब्रतबन्ध संस्कारले ज्ञानमा लाग्न सहज बनाउँथ्यो। मजदुर गर्ने र प्रविधिमा लागेका मानिसहरू यो संस्कारमा बाँधिएर बस्ता उनीहरूका कामहरू पूरा गर्न असम्भव थियो त्यसैले उक्त क्षेत्रमा लागेका व्यक्तिका लागि ब्रतबन्ध संस्कार अनिवार्य बनाइएन।

ऋषि शब्दले पदवीलाई बुझाएकाले यसले महिला र पुरुष दुबैलाई बुझाउँछ। साधनाबाट मन्त्र प्राप्त गर्ने महिला ऋषिहरू पनि प्रशस्त छन्। सूर्या, शची पौलोमी, अम्भृणी, असु अपाला, शाश्वती, सुरमा आदि नारीहरू मन्त्र आविष्कार गरेर नै ऋषि बनेका हुन्। हामीले सुन्ने गरेका गार्गी, कात्यायनी र मैत्रेयी विशेष वेदविद्हरूमा पर्दछन्। यस सम्बन्धमा वेदले उल्लेख गरेको छ : ब्रह्मज्ञ, वेदज्ञ यज्ञको सम्पादकत्वलाई वरण गर्ने मन्त्रका आविष्कारक वा द्रष्टा जो महिलापुरुष दुबै छन्, तिनैलाई ऋषि भनिन्छ। तिनीहरू ज्ञानमा र व्यवहारमा दक्ष हुन्छन्। तिनीहरू सधैं समग्र ब्रह्माण्डको कल्याण र हितमा समर्पित हुन्छन्। यिनीहरूले दीक्षा लिएर तपस्या गरी तपस्याबाट आत्मिक शक्ति र राष्ट्रबल प्राप्त गरेका हुन्छन्। यिनीहरू संसारका सबै मानवलाई ज्ञान दिएर सदैव उज्याले फैलाइरहन्छन्।[११]

ऋषिऋषिका भनेका सिद्ध तपस्वीहरूमा पनि स्वयं ज्ञान र विज्ञानका द्रष्टा हुन्। त्यसैले उक्त प्रसङ्गबाट यो वेदको ज्ञान प्राप्त गर्ने अधिकार महिलापुरुष दुबैलाई छ।

संसारको उत्पत्तिको रहस्य पत्ता लगाउन र सांसारिक समस्याहरूको निराकरण गर्ने उद्देश्यले नै मन्त्रहरू प्राप्त गरिएका हुन्। जब देवता, मुनि र मानवहरूका समाजहरू विकसित हुँदै गए तब ज्ञान र विज्ञानका विषयमा देवता, मुनि र मानवहरूमा जिज्ञासाहरू पनि उत्पन्न हुँदै गए। चाहे दैवी समाजमा होस्। चाहे मनुष्यसमाजमा होस्। सबैका लागि जिज्ञासाको समाधान आवश्यक हुन्छ। यिनै समस्याको समाधानका लागि प्रतिभावान् महिला वा पुरुष चिन्तन गर्न थाले। त्यसपछि तिनीहरूले

[११] तमेव ऋषिं तमु ब्राह्मण माहुर्यज्ञन्य सामगामुक्य शासम्
सशुक्रस्य तन्वो वेद तिस्रो यः प्रथमो दक्षिणया रराध १०।१०७६ ऋ
भद्रमिच्छन्त ऋषयः स्वविदस्तपो दीक्षामुप से दुरग्रे।
ततो राष्ट्र बदमोजश्य जातं तदस्मै देव उपसनमस्तु १९।४१।१ अथर्व





समाधानका लागि ज्ञानका सूत्रहरू पत्ता लगाए। जसले समाधानको रूपमा ज्ञान प्राप्त गरे वा जसले त्यस्ता मन्त्रहरू आविष्कार गरे ती ऋषि भए। वस्तु, पदार्थ, आत्मा, पृथ्वी, ब्रह्माण्ड आदि जुनसुकै विषयमा उठेका जिज्ञासालाई समाधान गर्ने ज्ञान रहेको मन्त्र जसले आविष्कार गऱ्यो त्यही ऋषि बन्यो त्यसैले हरेक मन्त्रका ऋषिहरू रहेका हुन्छन्।

त्यसैले वेद हजारौं वर्षमा थुप्रै ऋषिमहर्षिहरूले प्राप्त गरेका ज्ञानका सूत्रहरूको सङ्कलन हो। यही कारणले विद्वान्हरू वेदलाई अपौरुषेय मान्दछन्। वेदलाई अपौरुषेय मान्नुको अर्थलाई अझ व्याख्या गरिरहनु पर्दैन। माथि आएका हरेक प्रसङ्गहरूले वेद के हो भन्ने कुरालाई स्पष्ट पारेका छन्। सजिलै एक वाक्यमा भन्नुपर्दा वेद ऋषिहरूको साधनाबाट प्राप्त भएको सूत्रबद्ध ज्ञानको संङ्कलन हो।

जुन बेलामा मुद्रणको व्यवस्था थिएन त्यसबेलामा यो वेद श्रुतिपरम्परामा सन्तति वा गुरुशिष्य परम्परामा युगौंसम्म हस्तान्तरण हुँदै आयो। सुनेर नै सिक्दै जानु पर्ने गुरुशिष्यको परम्परा भएको हुनाले यो मन्त्रसंहितालाई श्रुति नामले सम्बोधन गरियो। त्यसैले वेदलाई श्रुति पनि भनिन्छ।

सम्बन्धित विषय वा देवताको स्तुति गर्दा निश्चित मात्राहरूले संहिता वा मन्त्रहरू लयबद्ध भए। ती लयलाई छन्दको नामाकरण गरियो। यसरी नै मन्त्रका शब्दहरूको उच्चारण गर्ने शैली र स्वरहरू पनि समान छैनन्। ती स्वरहरूलाई निषद, धैवत, उदात्त, अनुदात्त, स्वरित आदि नामाकरण गरिएको छ। त्यस्तै हरेक ज्ञान र मन्त्रहरू खोज गर्ने जुन प्रयोजन छ त्यही प्रयोजनका लगि मन्त्र प्राप्त भएको हुनाले त्यो प्रयोजनलाई विनियोग भनेर नामाकरण गरिएको छ। यसरी हामीले वेदमा त्यसका आविष्कारक ऋषि, देवता, त्यसको लय (छन्द), उच्चारणको सीमा (स्वर), विनियोग (प्रयोजन) आदि विषयको आफ्नै स्थान छ। हरेक मन्त्रमा उक्त पाँचवटा क्रमहरू रहेका हुन्छन्। यसबाट हरेक मन्त्रहरू निश्चित प्रयोजनका लागि निर्माण भएका हुन् भन्ने बुझिन्छ।

## वेदको निर्माणस्थल

वेदभित्र आएका प्रसङ्गहरूले केही ठाउँहरूको उल्लेख गरेका छन्।

विशेष गरेर वेदहरूमा समुद्र वा सिन्धुहरूको प्रसङ्ग उल्लेख भएको छ। सिन्धु भनेको समुद्र हो। ऋग्वेदमा चार समुद्रको कुरा आउँछ। यी चार समुद्र कहाँ थिए ? समयको अन्तरालमा कति सुके ? यो कुरा भूगर्वविद्हरूले खोजी गर्नुपर्ने विषयहरूभित्र पर्दछ।

तत्कालीन अवस्थामा संसारमा जलको मात्रा अधिक थियो त्यसैले समस्त ऐश्वर्यको स्रोत यिनै समुद्र थिए। यसै कारणले ऋषिहरूले त्यो सर्वशक्तिमान परमात्मासँग चार समुद्रको माग गरेका छन्। उनीहरूले भनेका छन् : हामीलाई हाम्रा आवश्यकता पूरा गर्ने ऐश्वर्यका खानी चार समुद्र दिनुहोस्।[१२]

यसरी चार समुद्रको विशेष उल्लेख भएकाले यिनै समुद्रको छेउछाउमा तपस्वीहरूले मन्त्रको सङ्कलन गरेका हुन् भन्न सकिन्छ। अर्को मन्त्रमा पनि जलाधिपतिलाई प्रार्थना गर्दै भनिएको छ : हामीलाई संवृद्धि दिनुहोस् किनभने तपाइँ शस्त्रअस्त्रका स्वामी हुनुहुन्छ, सामुद्रिक धनका रक्षक हुनुहुन्छ। तपाइँ नै यो संसारको हरपल सिर्जना गरिरहनुहुन्छ।[१३]

आर्यहरू यिनै समुद्रका वरिपरि कतै बसेका थिए त्यसैले होला व्यासले भविष्यपुराणमा आर्यहरू बस्ने उत्तम ठाउँ भनेकै सिन्धुस्थान हो भनेका छन्।[१४]

उल्लिखित सिन्धुस्थान कुन ठाउँलाई भनिएको हो यस विषयमा शोध हुनु आवश्यक छ।

विद्वान्हरूले शास्त्रहरूमा सिन्धु र ऐरावत नदीबीचको भूभाग भारतवर्ष हो भनेका छन्। जेहोस् सिन्धुस्थानमा आर्यहरू बस्तथे। ती आर्यहरूका स्वभाव र गुणहरूलाई महाभारतले राम्ररी विश्लेषण गरेको छ। त्यहाँ उल्लेख गरे अनुसार आर्यहरूमा शान्त, जिज्ञासु, दानी, सत्यवादी, सम्यम्, दयालु र नम्रताजस्ता गुणहरू थिए।

---

[१२] रायःसमुद्राश चतुराऽस्मभ्यं सोम विश्वतःआपवस्वः सहस्रिणः९।३३।६ ऋ

[१३] स्वायुधं स्ववसं सुनीथं चतुः समुद्रं रयीणाम चर्कृत्यं शरयं भूरिवारं मस्मभ्यं चित्र वृषणं रयिंदाः१०।४७।

[१४] सिन्धुस्थान मिति ज्ञेयं राष्ट्रमार्यस्य चोत्तमम।





**शान्त, तितिक्षु, दान्तश्च, सत्यवादी, जितेन्द्रियः।**

**दाता, दयालु नम्रश्च आर्य स्यादष्टभिर्गुणैः**

मनुले पनि आर्यहरूका यिनै गुणहरूको उल्लेख गरेका छन्।

स्थानका बारेमा शास्त्रमा पूर्वसमुद्रदेखि पश्चिमसमुद्रसम्म र विन्द्याचलदेखि हिमाञ्चलभित्रको क्षेत्रनै आर्यावर्त हो भन्ने विद्वान्हरूको मत छ।[१५]

सिन्धु शब्दले समुद्र भन्ने अर्थ पनि दिन्छ र भारतवर्षमा एउटा सिन्धु भन्ने ठाउँ पनि छ त्यसैले यस शब्दले कुन कुरातिर सङ्केत गरिरहेको छ ? त्यस कुरालाई पत्ता लगाएपछि यही हो भन्न सजिलो हन्छ। अधिकांश ठाउँमा समुद्रको कामना र वर्णन गरिएका मन्त्रहरू हुनुले कनै ठाउँ विशेषभन्दा पनि समुद्रकै सम्बन्धमा सिन्धु शब्द जोडिएर आएको छ भन्नुमा कुनै अत्युक्ति नहोला। विद्वान्हरू यस विषयमा अध्ययन गरिरहेका छन्।

जुन ठाउँलाई आर्यावर्त भनिएको छ त्यस भूमिको पूर्वमा हिमालयबाट ब्रह्मपुत्र निस्किएको छ। ब्रह्मपुत्र पनि सिन्धु नै हो। दक्षिणमा हिन्द महासागर, उत्तरमा हिमालय अन्तर्गत सिन्धु नै छ। यो स्थान पनि वेद निर्माण भएको ठाउँ होइन भन्न सकिँदैन। यस्ता अनगन्ति समुद्रहरू कहाँकहाँ कतिकति थिए ? यो क्षेत्र भारत वर्षमा पर्छ। भारतवर्ष वेदनिर्माण भएको भूमि हो भन्ने कुरा विश्वामित्रले प्राप्त गरेको मन्त्रमा विश्वामित्रले प्राप्त गरेको यस ज्ञानले भारतवर्ष र यहाँका जनताको रक्षा गरोस् भन्ने विचार रहेको छ।[१६]

भारत शब्द ऋग्वेदमै उल्लेख भएको छ तर यो भारत भनेको आजको इन्डियामात्र होइन। कतिपय विद्वानहरूका अनुसार पौराणिकालमा भारतवर्षको सीमाना सोभियत संघको भोल्गासी गंगाबाट सुरु हुन्छ। तिब्बततिरको भू-भाग सबै भारतवर्षमै पर्दछ। चीनचाँहि होइन। यही भरतवर्षभित्र नेपाल भारत गरी समष्टिमा अहिले स्वतन्त्र आठ राष्ट्र

---

[१५] आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् तयोरेवान्तरं गिर्यो रार्यावत विदुर्बुधाः। २।२२ मनु

[१६] य इमे उभे अहमिन्द्रमतुष्टवम्। विश्वमित्रस्य रक्षति ब्रह्मेदं भारतं जनम्। ३।५३।१२,ऋ

पर्दछन् । यही भू-भागलाई भरतवर्ष भनिएको हो । कतिपय विद्वानहरूले जडभरत मृग भएर जन्मनु अघि भरत राजा थिए उनले उक्त भू-भागमा राज्य गरेको हुनाले यसलाई भारतवर्ष भनिएको हो भनेका छन् । उनले राज्य गर्नुभन्दा अगाडि यो भू-भागलाई अजनाभवर्ष भनिन्थ्यो । दुस्यन्तका छोरा भरतले राज्य गरेको ठाउँ पनि यही हो ।

नेपाल पनि वेदका ऋचाहरू निर्माण भएको भूमि हो । जहाँ जनक, याज्ञवल्क्य र गार्गीहरूले मन्त्र प्राप्त गरेका थिए ।

विभिन्न विद्वान्हरूले खोज र अनुसन्धानबाट प्राप्त गरेका परिणामहरूलाई हेर्दा इरान, अफगानिस्तान, तिब्बत, पाकिस्तान आदि आर्यहरूले वेदका मन्त्रहरू आविष्कार गरेका स्थानहरूमा गनिन्छन् । आर्यहरू साउदी अरेवियाजस्ता ठाउँहरूमा पनि पुगेका थिए भन्ने कुरा मक्कामदिनामा रहेको मक्केश्वर महादेवको मन्दिरबाट नै स्पष्ट हुन्छ । आर्यहरू यिनै ठाउँ हुँदै पूर्वतिर आएका हुन्, भनिन्छ । समग्रमा वेदका संहिताहरू यही ठाउँमा निर्माण भए भन्न नसकिएपनि समुद्रहरू भएकै ठाउँमा यी मन्त्रहरू प्राप्त भएका हुन् ।

माथि नै चर्चा भइसकेको छ कि मन्त्रहरू लामो समयदेखि प्राप्त हुदै आएका हुन् त्यसैले एकै ठाउँमा यी मन्त्रहरू सङ्कलित भएका होइनन् ।

## वेदको विभाजन

सृष्टिको पूर्वार्द्धमा वेद एउटै ऋग्वेदका रूपमामात्र थियो । द्वापरयुगमा वेदव्यासले त्यसलाई चार भागमा विभाजन गरे तयसपछि चारवेद भएका हुन् । चारवेद भन्नुको तात्पर्य हो वेदका चार विषय । ऋग्वेदभित्र रहेका चार विषयलाई जुन महापुरुषले अलगअलग बनाएर छुट्याए ती महाँपुरुषलाई व्यास भनियो । व्यासको अर्थ हुन्छ फैलाउनु वा विभाग गर्नु, व्यास कुनै व्यक्तिको नाम होइन । यो उपाधि हो । हरेक युगमा फरकफरक व्यक्ति व्यासको उपाधि पाउन सफल भएका छन् त्यसैले हामीले व्यास एकैजना व्यक्तिमात्र होइनरहेछन् भन्ने बुझ्नुपर्छ । हरेक युगका हरेक व्यास कोको थिए यो धेरैको जिज्ञासको विषय हो । यसलाई विष्णुपुराणले राम्ररी उल्लेख गरेको छ । पहिलो व्यास स्वयं ब्रह्मा थिए भने, हालका व्यास कृष्णद्वैपायन हुन् । यिनलाई २८ औं व्यास मानिन्छ । अब





आउने द्वापरयुगमा अश्वत्थामा व्यास बन्दछन् भन्ने कुरा शास्त्रहरूले उल्लेख गरेका छन् । हरेक द्वापरयुगमा वेद विभाग हुनु पर्नेरहेछ ।[१७]

वेदलाई अन्तर्वस्तुका विषयका हिसाबले र यज्ञसम्पादनका विषयका हिसाबले चारभागमा विभाजन गरिएको छ । अन्तर्विषयका हिसाबले निम्न चारभाग रहेका छन् :

१. विज्ञानसँग सम्बन्धी    २ .कर्मकाण्डसँग सम्बन्धी

३. उपासनासँग सम्बन्धी    ४. ज्ञानसँग सम्बन्धी

उक्त विषयका आधारमा क्रमश : ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद नामाकरण गरिएको छ । कतिपय ठाउँमा वेद त्रयी भनेर उल्लेख गरेको पाउँछौं । कतिपय विद्वान्हरूले तीनवटा वेद भनेर उल्लेख गरेका छन् तर त्यसो नभएर यो वेदभित्रको विषय हो । हरेक वेदभित्र ज्ञान, उपासना र कर्मकाण्ड रहेका हुन्छन् । त्यसैले उक्त ज्ञान, उपासना र कर्मकाण्डका तीनवटा विषयलाई बुझाउन वेदत्रयी भनिएको हो । त्यसैले वेदत्रयी भन्नुको तात्पर्य कर्मकाण्ड ,उपासनाकाण्ड र ज्ञानकाण्ड हो । यज्ञसम्पादन सम्बन्धीका विषयलाई आधार मानेर वेदको विभाजन गर्दा पनि चार प्रकारमा गरिएको छ ।

१.होता    २.अध्वर्यु

३.उद्गाता    ४.ब्रह्मा

यज्ञ गर्दा आवश्यक पर्ने उक्त चार तत्त्व यज्ञसम्पादनका महत्वपूर्ण कुरा हुन् ।

## होता

त्यसबेला यज्ञ गर्ने बेलामा विशिष्ट देवतालाई प्रशंसा गर्दै स्तुति वा आह्वान गर्ने मन्त्रहरूको उच्चारण गर्नेलाई होता भनिन्थ्यो । स्तुतिपरक

[१७] अष्टा विंशती कृत्वो वै वेदो व्यस्तो महर्षिभिः ।
वैवश्वतऽन्तरे तस्मिनद्वापरेषु पुनः पुनः ।
वेदव्यास व्यतीता ये ह्यष्टाविंशति सत्तमा ।
चतुर्धा यौः कृतो वेदो द्वापरेषु पुनः पुन ः॥ ३।३।९।१० विष्णुपुराण ।

मन्त्रको संग्रहलाई ऋक् भनिन्छ त्यसैले स्तुतिपरक मन्त्रहरू सङ्ग्रहित भएको भागलाई ऋग्वेद नामाकरण गरियो । यसभित्र अग्नि, वरुण, पृथ्वी आदि पदार्थ तत्त्वको ज्ञानाको विषय बढी छ यही कारणले ऋग्वेदलाई विज्ञानकाण्ड भनिएको हो । ऋग्वे**दमा** पदार्थको गुण र धर्मको विश्लेषण गर्ने काम गरिएको छ । **ऋच्** स्तुतौ धातुबाट ऋक् शब्दको निर्माण भएको छ । देवता भनेको पृथ्वीदेखि परमात्मासम्मका पदार्थको तत्व वा भित्रि विषय हो । त्यसको स्तुति वा प्रशंसा गर्नु भनेकै ऋक् हो । यस कुरालाई तैतरीय आरण्यकले अझै राम्रो गरी खुलस्त पारेको छ। सबै व्यक्त वा मूर्त पदार्थलाई ऋक्‌ले बुझाउँछ ।[१८] त्यसैले ऋक्‌को सम्बन्ध पदार्थसँग रहन्छ । ऋग्वेदलाई मस्तिष्कको वेद मानिन्छ ।

## अध्वर्यु

यज्ञको कार्यसम्पादन गर्नेलाई अध्वर्यु भनिन्छ। त्यसबेला हरेक कामलाई यज्ञ शब्दले सम्बोधन गरिन्थ्यो। विस्तारै कर्मसँग सम्बन्धित विषयको सम्पादननिम्ति सङ्ग्रहित मन्त्रहरूको सँगालोलाई यजुर्वेद भनेर सम्बोधन गरियो किनभने यजु हातसँग सम्बन्धित छ। यो क्रियामय वेद हो । यजुले गतिलाई पनि बुझाउँछ। यजुर्वेदको एक मन्त्रमा भनिएको छ : म जहिल्यै राम्रा काम गर्नका लागि प्रवृत्त भइरहुँ[१९] त्यसैले यजुर्वेद अध्वर्युसँग सम्बन्धित छ ।

त्यसैले यसलाई कर्मकाण्डसँग गाँसेर हेरिन्छ। वेदका दुई काण्ड छन् । ती दुई काण्डमध्ये यजुर्वेद कर्मकाण्ड हो किनभने यो क्रियामय छ । देवपूजा, दान र सङ्गतिकरण आदि यज्ञका आधारहरू यसैभित्र रहेका छन् । यज् धातुबाट बनेको यज्ञ शब्दको अर्थ निकै फराकिलो छ। यस धर्तीमा जन्मिएका मानिसले गरेका सम्पूर्ण सर्वोत्तम कामहरू यज्ञ हुन्। **यज्ञो वै श्रेष्ठतमम् कर्म** । यो सृष्टि प्रकृयादेखि त्यसको सुरक्षा र परिवर्तनको नाम पनि यज्ञ शब्दले समेट्न सक्छ। कर्म भनेको काम र काण्ड भनेको अनुशासित र व्यवस्थित तरिका वा विधि हो ।

[१८] ऋग्भ्यो जाताँ सर्वशो मूर्तिमाहुः सर्वाःगतीः याजुसी चेव सिद्धाः

[१९] सं मा भद्रेण पृङ्तः





सृष्टि सञ्चालनका कामदेखि लिएर हाम्रा नित्य, नैमित्तिक र काम्यकर्महरूलाई नियमित, व्यवस्थित र अनुशासित बनाएर गरिएका सबै कामहरू कर्मकाण्ड हुन् । यजुर्वेदमा यस्तै हरेक कर्म गर्न चाहिने आवश्यक मन्त्रहरू रहेका छन् । यी कर्महरूले ज्ञान प्राप्त गर्न र उपासन गर्न मनलाई शुद्ध बनाउँछन् र असल र योग्य काम गर्न प्रोत्साहित गर्छन् त्यसैले यस काण्डलाई कर्मकाण्ड भनिएको हो ।

## उद्‌गाता

उच्च स्वरले लयबद्धरूपमा गाउँनेलाई उद्‌गाता भनिन्छ। यस किसिमका गाउनुपर्ने खालका मन्त्रहरूको सङ्ग्रह सामवेद हो । सामवेदलाई उद्‌गातासँग सम्बन्धित मानिन्छ। सामवेद उपासना काण्ड हो। प्रायसः यसभित्रका सबै मन्त्रहरू गायनसाथ उपासना गर्ने कुरातिर लिएर जाने खालका छन् ।

## ब्रह्मा

यज्ञको निरीक्षण गर्नेलाई ब्रह्मा भनिन्छ। ब्रह्मा चारै वेदको ज्ञाता हुनुपर्छ। यज्ञ भनेको मानिसले गर्ने सम्पूर्ण कामहरूलाई बुझाउने शब्द हो भनेर अगाडि नै उल्लेख भइसकेको छ। ज्ञान महत्त्वपूर्ण कुरा हो किनभने ज्ञानले मात्र सबैकुरा वा हरेक प्रयोजनको रहस्यलाई बुझ्न सकिन्छ। यस्ता ज्ञानका विषयहरू समेटिएको मन्त्रको सँगालोलाई विषयका हिसाबले अथर्व नामाकरण गरियो भने यज्ञ सम्पादनका हिसाबले **ब्रह्मा भनियो।** यिनै कारणहरूले **ऋग्वेदेन होता करोति यजुर्वेदेनाध्वर्युः सामवेदेनोद्‌गाता अथर्वो वै ब्रह्मा भनिएको छ।**

अथ +अर्वाङ् यी दुई शब्द मिलेर अथर्व शब्दको निर्माण भएको छ। यसले पदार्थभित्रको ईश्वरीय सत्तालाई खोज्नु भन्ने अर्थ दिन्छ। यो वेद विभाजनको कुरा वेदमै उल्लेख भइसकेको छ। यही यज्ञबाट ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदहरू जन्मिएका हुन् भनेर ऋक, यजु र अथर्वले उल्लेख गरेका छन् ।[२०] वेदले ब्रह्माण्डको मूलतत्त्वलाई नै यज्ञपुरुष मानेको

[२०] तस्मात् यज्ञात् सर्वहुत ऋचः सामानि जज्ञिरे, छन्दांसि जज्ञिरे तस्मात् यजुस्ता स्मादजायत ॥ ऋ १०।९०।९ यजु -३१-७

छ। उसले त्यही यज्ञपुरुषबाट उक्त चार वेदहरू प्रकट भएका हुन् भनेको छ।

चारवेदका विषयका सम्बन्धमा मनुले एक अलग विषय पनि प्रस्तुत गरेका छन्। मनुका अनुसार ऋग्वेदका विषयवस्तु देवता रहेकाले यस वेदमा देवताकै वर्णन रहेको हुन्छ। यसरी नै यजुर्वेदका देवता मनुष्य भएकाले विशेष गरेर यस वेदमा मनुष्यकै वर्णन बढी पाइन्छ।

सामवेदले पितृहरूलाई देवता मानेको छ त्यसैले सामवेदका देवता पितृ भएकाले त्यसमा बढी पितृहरूकै वर्णन रहेको छ। त्यसैले कतिपय विद्वान्हरू ऋग्वेद र यजुर्वेद पढिरहेका ठाउँमा सामवेद पढ्दैनन्।

चारवेद विभाजन भइसकेपछि उक्त चारवेद सर्वप्रथम कसले पढेका थिए भन्ने कुरा जान्नु पनि महत्त्वपूर्ण हुन्छ। यस वैदिक इतिहासलाई स्मृति र पुराणणहरूले उल्लेख गरेका छन्। सर्वप्रथम व्यासले पाँचजना शिष्यलाई पढाएका थिए भन्ने शास्त्रीय प्रमाण पाइन्छ। ती पाँचजनामा १. पैल २. वैशम्पायन ३. जैमिनी ४. सुमन्तु ५. रोमहर्षण थिए। यिनीहरूलाई व्यासले क्रमशः ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र पुराण पढाएका थिए। त्यसपछि गुरुशिष्य परम्परा हुँदै पढ्नेपढाउने काम अघि बढ्दै गए। हरेकले आफूले पढेको वेद अरलाई पढाउँदै जाँदा थुप्रै शाखाहरू जन्मिए। पढाइँने विषयका आधारमा पनि यी शाखाहरूको उदय भएको हो भन्ने भनाइहरू रहेका छन्।

## वेदका शाखाहरू

भनिन्छ मानिसमा ज्ञानशक्ति र स्मरणशक्ति कम हुन थालेपछि ऋषिहरूले सरल विधिबाट शिष्यहरूलाई संहिता वा मन्त्र पढाउनथाले। शिष्यहरूलाई सजिलो होस् भनेर कोही ऋषिले एउटै देवतासँग समबन्धित मन्त्रहरू एकत्रित पारी त्यसलाई पढाउँने काम गरे भने कसैले एक ऋषिले प्राप्त गरेका मन्त्रहरूलाई एकत्रित पारी पढाए। कोही ऋषिहरू एउटा विषयसँग सम्बन्धित मन्त्रहरू एकत्रित पारी पढाउँने काममा लागे। यसरी नै कसैले एउटै छन्दका सबै मन्त्रहरू एकत्रित गरी सहज बनाएर पढाए। ती पढिसकेका शिष्यहरूले पनि यस्तै सरलीकरणका विधिहरू अपनाए। यसकारणले वेदका अनेक शाखाहरू जन्मिए। समग्रमा कुन वेदका कति शाखा बने भन्ने कुरा यकिन गर्न त सकिँदैन।





कुर्मपुराणले यस विषयमा प्राप्त भएका तथ्याङ्कहरूलाई यसरी प्रस्तुत गरेको छ। जसमध्ये ऋग्वेदका २१ वटा शाखा रहेका छन्। यीमध्ये शाकलशाखा पूर्णरुपले प्राप्त छ भनिन्छ। यजुर्वेदका १०१ वटा शाखा छन्। त्यसमा शुक्लयजुमा १५ शाखा र कृष्णयजुमा८६ शाखा रहेका छन्। यसमा शुक्लयजुमा माध्यन्दिनी र काण्वशाखा प्राप्त छन्। कृष्णयजुमा तैत्तरीय, मैत्रायणी, कठ, कापिष्ठक र श्वेताश्वतर शाखा उपलब्ध छन् भनिन्छ।

सामवेदका १००० वटा शाखा थिए भनिन्छ, त्यसमा कौथुमी, जैमिनीया,राणायनीयामात्र प्राप्तछन्। अथर्ववेदका ९ वटा शाखा छन्। त्यसमा पैप्पलादी र शौनकीयशाखामात्र प्राप्त छन्, भनिन्छ। यसरी वेदका जम्मा ११४१ वटा शाखा रहेका छन्।

यी शाखा उपशाखाहरू जति भए पनि वेद आदिकालदेखि अनन्तकालसम्म हरेक क्षेत्रका ज्ञानको प्रवाह गरिरहने उत्तम संहिता हो। यसले विद्वान्हरूलाई सधैं नयाँ कुराको खोजी गर भन्ने सन्देश दिएको छ। वेद भन्दछ, हे विद्वान्हरू हो ! तिमीहरूले सधैं अध्ययनबाट नवीन विद्या र नवीन विषयको खोजीगरिरहनुपर्छ किनभने तिमीहरूले मानिसहरूलाई हरेकपल सूचना दिएरहनुपर्छ।[२१] वास्तवमा वेद अनन्तकालसम्म रहने अमर ज्ञानको सँगालो हो।

महाभारतले भनेको छः- हामीले जान्नै पर्ने परमतत्त्वको ज्ञान वेदबाहेक अरूबाट पाउन सकिन्न किनभने परमात्मा वा परमतत्त्व वेद (ज्ञान) स्वरूप छ। वेद नै उसको शरीर हो। यसबिना जीवात्माले स्वयं यस तत्त्वको ज्ञान पाउँन सक्दैन। त्यसैले यो वेद(ज्ञान) वेद्यको पनि वेद्य छ।[२२]

अर्को एक प्रसङ्गमा महाभारतले भनेको छः- वेदवेत्ता बन्न वेदको वस्तविक प्रयोजन जान्नुपर्छ अनिमात्र सही वेदवेत्ता बन्न सकिन्छ। प्रयोजनविना वेद पढ्दैमा कोही वेदवेत्ता बन्न सक्दैन।[२३]

---

[२१] १।१०५।१२ ऋग्वेद

[२२] वेदपूर्वं वेदितव्यं प्रयत्नात् ततवै वेदस्तस्य वेद शरीरं।
वेदस्तत्वं तत्समासोपलब्धौ क्लीवस्त्वात्मा तत् स वेद्यस्यवेद्यम्॥ ११५ महाभारत

[२३] विदीतार्थस्तु वेदानां परिवेद प्रयोजन।
उद्विविजेत् स तु वेदेभ्यो दावाग्नेरिव मानवः।११३। वनपर्व २००

यसरी नै महाभारतको अर्को पसङ्गमा लेखिएको छ कि देवताहरूको आयु, कर्मको शुभाशुभ फल वेदभित्र बताइएको छ। शरीर धारी सबैको प्रभाव पनि यही वेद अनुसार नै प्रत्येक युगमा फलित हुँदै जान्छ।[२४]

यस महत्त्वपूर्ण वेदका अन्य चारवट उप-वेदहरू पनि रहेका छन्।

## उप-वेदहरू

वेदका उपवेदहरू मुख्य चारवेदका अंश हुन्। यी बढी लौकिक छन्। यिनीहरू मुख्य चारवेदकै अन्तर्विषय हुन्। चारवेदका उपवेदहरू रहेका छन्:

१ स्थापत्यवेद (अथर्ववेद) २ धनुर्वेद,

३ गान्धर्ववेद, ४ आयुर्वेद

१ अथर्ववेद ऋग्वेदको उपवेद हो। यसमा अर्थशास्त्रसँग सम्बन्धित र नीतिगत कुराहरू रहेका छन्।

२ धनुर्वेद यजुर्वेदको उपवेद हो। धनुर्विद्यासँग सम्बन्धित कुराहरू रहेका छन्। शस्त्रअस्त्रहरूको निर्माणविधि र चलाउने उपाय, व्यूहरचना आदिका बारेमा यसभित्र चर्चा गरिएको छ।

३ गान्धर्ववेद सामवेदसँग सम्बन्धित उपवेद हो। यसभित्र सात स्वर (ऋषभ, षडज, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद)का बारेमा लेखिएको छ। यसका साथै उदात्त, अनुदात्त, स्वरितजस्ता उच्चारण प्रकृया ताल र गाउने विधिहरू पनि यसभित्र रहेका छन्।

४ आयुर्वेद अथर्ववेदको उपवेद हो। अथर्ववेदमा यसभित्र रोगका बारेमा र त्यसको निधान औषधि आदिका बारेमा चर्चा भएको छ। यसका अतिरिक्त मन्त्रको उपासनाविधि प्रयोग, उपसंहार, मारण, मोहन, वसिकरण आदिका तन्त्रविधिहरू पनि रहेका छन् भनिन्छ।

## वेदका अङ्गहरू

वेद एउटा सिङ्गो शरीर हो भने त्यसका अङ्गहरू पनि छन्। ती

[२४] वेदोक्त मायुर्देवानामाशिषश्चैव कर्मणाम्।
फलत्यनु युगं लोके प्रभावश्च शरीरिणाम्॥ ११६।





अङ्गहरू छवटा छन्। १. कल्प २. व्याकरण ३. निरुक्त ४. ज्योतिष ५. छन्द ६. शिक्षा।

यी छवटा अङ्गका पनि अङ्गहरू रहेका छन्। तिनीहरू हुन् : न्याय, साङ्ख्य, योग, वैशेषिक, मिमांसा र वेदान्त आदि षट् दर्शन। यिनीहरूलाई उपअङ्ग भनिन्छ। उक्त सबै कुराको स्रोत वेद हो।

## कल्प (सूत्रशास्त्र)

**कल्पो वेद विहितानां कर्मणामानुपूर्वेण कल्पना शास्त्रम्**। वेद विहित कर्महरूका सूत्रहरूलाई क्रमबद्ध राखिएको ग्रन्थलाई कल्प भनिन्छ। यो कल्पभित्र सूत्रहरूको भण्डार छ। कल्पभित्र चार प्रकारका सूत्रहरू रहेका छन्। श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, शूल्वसूत्र। यिनै चारसूत्रहरूको समष्टिगत नाम नै कल्प हो। अग्निबाट हुने ठूलाठूला यज्ञको विवेचना गरेर तयार पारिएको सूत्रलाई श्रौतसूत्र भनियो भने आफ्ना घरआँगनमा गरिने उपनयन, विवाह आदि यज्ञको विवेचन गरेर लेखिएको सूत्रचाहिँ गृह्यसूत्र भयो। त्यसरी नै गृहस्थीका चार आश्रम र तिनीहरूले निभाउने धर्म र आचरण अनि राजकर्तव्यको विवेचन गरिएको सूत्रलाई धर्मसूत्र भनिन्छ। आचार, विधि, नियम र क्रिया संस्कारहरू धर्मसूत्रका विषयवस्तु हुन्। धर्मसूत्रबाटै धर्मशास्त्रहरू परिलक्षित भए। यही धर्मशास्त्रहरूको समष्टिगत रूपबाट मनुस्मृति जन्मिएको हो। स्मृतिशास्त्रहरू विविध सूत्रहरूबाटै रचिएका हुन्।

शास्त्रहरूले उल्लेख गरेका छन् :– **श्रुतिस्तु वेदविज्ञेय धर्मशास्त्रं तु वै स्मृतिः**। वेदविभक्त हुँदाको समयमा स्मृति र धर्मशास्त्र बीचको भिन्नता र आफ्नो मूल स्वरूपमा स्पष्ट भिन्नता थियो।

सूत्रहरूको जन्म हुने क्रममा सर्वप्रथम श्रौतसूत्रहरूको जन्म भयो किनभने श्रौतसूत्रमा यज्ञ सम्बन्धी विशेष व्याख्या गरिएको छ त्यसैले वैदिकयज्ञसँग यसैको नजिक सम्बन्ध भएकाले यसैको सूत्र पहिले स्थापित भएको हो। ऋग्वेदका श्रौतसूत्रहरू:- आश्वलायन र शाङ्ख्यायन रहेकाछन्। शुक्लयजुको कात्यायन, कृष्णयजुका आपस्तम्ब, हिरण्यकेशीय, बौधायन, भारद्वाज, वैखानल, वाधुल, मानव, वराह रहेका छन्। सामवेदका

लाह्यायण, मशक, द्राह्यायण, खादिर रहेका छन् । त्यसरी नै अथर्वको वैतान रहेको छ ।

यसपछि गृह्यसूत्रहरू जन्मिए किनभने विस्तारै गृहस्थीहरू बढ्दै गए । त्यसपछि गृहस्थीले गर्नुपर्ने नित्य नैमित्तिक कर्महरूको वर्णन र कर्तव्य सम्बन्धी व्यवस्थित नियमहरू बने । संस्कारहरूको विशेष वर्णन रहेकाले यसलाई गृह्यसूत्र भनियो ।

गृह्यसूत्रको निर्माणपछि धर्मसूत्रहरू निर्माण भए । यसभित्र समाजका समाजिक जीवनका व्यवहारहरूका नियमहरू आश्रम र वर्णाश्रमधर्मका आचार र नियमहरू समेटिएका छन् । धर्मसूत्र गद्यमा लेखिएको छ । यसमा कतैकतै गद्य र पद्य पनि मिश्रित भएको पाइन्छ । यसपछिका स्मृतिहरूचाहिँ सबै पद्यमा रचिएका छन् ।

धर्मसूत्रहरूपछि शूल्वसूत्रहरू निर्माण भए । मानिसहरू यज्ञयज्ञादिमा संलग्न हुन थाले । यज्ञशाला यज्ञनिम्ति बनाइएको वेदी आदि निर्माण गर्नका लागि जुन नियमहरू बनाइए ती नियमहरूको सङ्ग्रह ग्रन्थ शूल्वसूत्र हो ।

## व्याकरण

शुद्धाशुद्धि सम्बन्धी बनाइएका नियमहरू धातु, प्रत्यय र सन्धिजस्ता कुराहरू रहेको ग्रन्थलाई व्याकरण भनियो । यसलाई वेदको मुख मानिन्छ । पाणिनीको व्याकरण आउनुभन्दा अगाडि पनि व्याकरणहरू थिए । ऐन्द्र, चान्द्र आदि नामका व्याकरणहरू अहिले पनि यदाकदा सुन्न पाइन्छन् ।

## निरुक्त

शब्दहरूको विवेचना, वेदका शब्दको ठीक अर्थ बताउने काम र वाक्यार्थ सम्बन्ध व्याख्या गरिएकोलाई निरुक्त भनिन्छ । हालमा याश्काचार्य निरुक्त पाइन्छ । विद्वान्हरूले कश्यप, शाकपूणि निरुक्तहरूको पनि चर्चा गरेका छन् । निरुक्तलाई वेदको कान मानिएको छ ।

## ज्योतिष

नक्षत्र र ग्रहहरूको स्थिति, गति, कालको बोध, सूर्य र चन्द्र आदिको बोध गराउने ग्रन्थलाई ज्योतिष भनिएको हो । यो ब्रह्माण्डको समग्र





कुरालाई देखाउने विशेष ज्ञान हो त्यसैले पनि यसको नाम ज्योतिष रहेको हो । यसलाई वेदको आँखो मानिन्छ ।

## छन्द

मात्राहरू र लयको समष्टिगत नाम छन्द हो । यो मात्राहरूको अवस्थाको नाम हो । वेदमा यस्ता थुप्रै छन्दहरू रहेका छन् । पिङ्गला छन्दसूत्रले छन्दहरूको बारेमा विशद व्याख्या गरेको छ । ऋग्वेदको १०।१३०। सूत्रमा गायत्री, त्रिष्टुप, अनुष्टुप, वृहती, विराट, जगतीजस्ता छन्दहरूको नाम पनि उल्लेख भएको छ । यसमा मगण आदि गणको भेद गायत्र्यादि छन्द, वैदिक र आर्या छन्दको वर्णन गर्ने काम भएको हुन्छ यसलाई वेदको चरण मानिएको छ ।

## शिक्षा

उच्चारण भेद र वेदमन्त्र पढ्न सिकाउने विधिलाई शिक्षा भनिन्छ । केही शिक्षा ग्रन्थहरू पाइन्छन्: पाणिनीय शिक्षा (ऋग्वेद) व्यासशिक्षा (कृष्णयजु) शुक्लयजुका चाहिँ सबैभन्दा बढी शिक्षा ग्रन्थहरू रहेका छन् । विद्वान्हरूले २५ वटा यसका शिक्षा ग्रन्थहरू छन् भनेका छन् । गौतमी, लोमषी, नारदीय शिक्षा(सामवेद) माण्डुकीशिक्षा (अथर्व) ।

यो वेदको घ्राणेन्द्रिय हो । अर्थात नाक हो । कुनै पनि वस्तुको स्वरूप जान्नलाई सहयोग पुऱ्याउने अवयवहरूलाई नै अङ्ग भनिन्छ । त्यसरी नै वेदको वास्तविक स्वरूप जान्नलाई उसका उक्त अङ्गहरूलाई पनि त्यतिकै जान्नुपर्दछ किनभने यी सबै वेदभित्रकै विषय हुन् । वेद बुझ्नलाई उक्त विषयहरू बुझ्नुपर्छ ।

**छन्दः पादौ तु वेदस्य हस्तौ कल्पोऽथ पठ्यते ।**

**ज्योतिषामयनं चक्षु निरुक्तम् श्रोत्र मुच्यते ॥**

**शिक्षा घ्राणं तु वेदस्य मुखं व्याकरणं स्मृतं ।**

**तस्मात् साङ्गमधित्यैव ब्रह्मलोके महियते ॥ (पाणिनीय शिक्षा) ।**

वास्तविक ज्ञानको मूलस्रोत वेदलाई बुझ्न उक्त छ अङ्गहरूलाई बुझेपछिमात्र सम्भवहुन्छ त्यसैले प्रस्तुत श्लोकले उक्त अङ्गसहित वेदको अध्ययन गरेर ब्रह्म तत्त्वको ज्ञान आर्जन गर भनेको छ ।

वेदको अर्थसम्बन्धी विश्लेषण गरिएको ग्रन्थलाई अनुक्रमणि भनिन्छ। वेदका विभिन्न अनुक्रमणि रहेका छन्। ऋग्वेदका अनुक्रमणीहरूः आर्यानुक्रमणि, सर्वानुक्रमणि, छन्दोनुक्रमणि, देवतानुक्रमणि, अनुवाकानुक्रमणि, ऋग्विज्ञान्, वृहद्वैवत, शाङ्ख्यायन्, परिशिष्ट ऋग्प्रातिशाख्य, आश्वलायन परिशिष्ट आदि रहेका छन्।

कृष्णयजुकाः तैत्तिरीय प्रातिशाख्य, आत्रेयानुक्रमणी, चारायणीयानुक्रमणी आदि रहेका छन्।

शूक्लयजुका कात्यायनुक्रमणी, प्रातिशाख्यसूत्र आदि रहेका छन्। वेदलाई बुझ्न प्रतिशाख्य र अनुक्रमणिलाई पनि त्यत्तिकै बुझ्नुपर्ने हुन्छ। प्रतिशाख्यले वेदका स्वरहरूको उच्चारण प्रक्रिया र पदहरूको क्रम र विच्छेदका विषयमा चर्चा गरेको छ त्यसैले विद्वान्हरू यसलाई वैदिक व्याकरण मान्दछन्।

## आगम र निगम

वेदलाई बुझाउने क्रममा निगम र आगम शब्द पनि आएका छन् यस विषयमा पनि बुझ्नु आवश्यक हुन्छ। वेददेखि स्मृति र पुराणहरूका देखिएका बेमेल परिस्थितिको व्याख्या गरिएका ग्रन्थहरूसम्मका परम्परालाई निगम भनिन्छ भने सनातन रूपमा चल्दै आएको परम्परालाई आगम भनिन्छ। आगमका दुईमत छन् एक समयमत र अर्को कौलमत, समयमतमा दक्षिणागम पर्दछ यो वेदसँग सम्बन्धित छ भने कौलमत वामागम हो। यो उपासनासँग सम्बन्धित छ।

वेदपछिको समय धर्मशास्त्रको हो। यससँगसँगै स्मृतिहरू पनि आएका छन्। यसलाई स्मृतिकै विषयमा चर्चा गरिन्छ।

## वेदभित्रका विषयहरू

यसरी सङ्कलित मन्त्रहरूमा समाजलाई आवश्यक पर्ने दर्शन, विज्ञान, शास्त्रनीति, धर्मनीति, राज्यनीति, समाजनीति, विज्ञानप्रविधि, औषधि, कर्मकाण्ड, गान्धर्वविद्या, सङ्गीत, चित्रकला, अर्थ, वाणिज्य, व्यवसाय, अर्थशास्त्र, वास्तुशास्त्र आदि आवश्यक सम्पूर्ण ज्ञानका विषयहरू समेटिएका छन्। सम्बन्धित सन्दर्भमा उक्त विषयको उल्लेख गरिनेछ।





## औषधि विज्ञान

ऋग्वेदले उल्लेख गरे अनुसार मानिसले प्रयोग गर्ने औषधिहरू मानिसहरूको उदय हुनुभन्दा तीन चतुर्युग पहिले नै उत्पन्न भएका थिए। ती औषधिका नाम, स्थान र प्रयोग स्थान एकसय सात रहेका छन्।[२५]

औषधी र विज्ञानको कुरा गर्दा त्यतिखेर नै गर्भस्थ शिशुहरूलाई रोगका अमीवाहरूबाट जोगाउन औषधी खानुपर्छ भन्ने ज्ञान वेदले दिएको छ। त्यो औषधीको प्रयोग गर्ने कुरासमेत उल्लेख भएकाले त्यो समय औषधी विज्ञानका लागि धेरै महत्त्वपूर्ण थियो भन्ने बुझिन्छ। अमीवा शब्दको प्रयोग वेदमै भएकाले आज पनि औषधी विज्ञानमा किटाणुलाई अमीवा शब्दले नै बुझाएको पाइन्छ। गभिर्णी महिलालाई सम्बोधन गर्दै एउटा मन्त्र आएको छ : दुर्णमा नाम गरेका रोगका अमीवाले गर्भस्थ शिशुलाई हानी गर्ने भएकाले त्यसबाट गर्भस्थ शिशुलाई बचाउन ब्रह्मणाग्नी नामको औषधी खानुपर्छ। यस औषधीले गर्भमा रहेको शिशुलाई बचाउँछ।[२६]

यसरी नै शरीरका लागि आवश्यक अङ्गहरू आँखा, नाक, कान, टाउको, मस्तिस्क, जिब्रो आदिका रोगलाई हटाउने औषधीहरू पनि त्यसबेला निर्माण गरिएका थिए भन्ने कुरालाई अर्को एक मन्त्रले पुष्टि गरेको छ।[२७]

वेदमा औषधीसँगसँगै साधनाको मध्यमबाट रोग निको पारी शक्ति सम्पन्न बन्ने कुरा पनि यतिकै महत्त्वपूर्ण बनेर आएका छन्। वेदमन्त्रले भनेको छ : यज्ञले आयु बढोस्, प्राण बढोस्, नेत्रको ज्योति बढोस्, सुन्ने शक्ति बढोस्, पिठ्यूँ शक्तिशाली बनोस्। यस्ता यज्ञहरूलाई विस्तार गर्दै लैजाऊँ। यसबाट हामी ईश्वरका सन्तान बन्न सक्छौँ अर्थात अमर बन्न

---

२५ या ओषधीःपूर्वा जाता देवेभ्यस्त्रियुगं पूरा।
मनै नु बभ्रूणामहं शतं धामानि सप्त च ।१०।९७।१ऋ

२६ ब्रह्मणानिः सम्वीदानो रक्षोहा वाधतामितः
अमीवा यस्ते गर्भं दुर्णामा योनिमाशये। १०।१६२।१ ऋ

२७ अक्षीभ्यां ते नासीकाभ्यं करणाभ्यां छुबुकादधि
यक्ष्मं शीर्षण्यं मस्तिष्काज्जिह्वाया वि वृहामी ते। १०।१६३।१ऋ

सकौं ।[२८]

साधनारूप यज्ञबाट हामीले अमृत तत्त्व प्राप्त गर्न सक्छौं यस मन्त्रले साधनाबाट हामी देवता बन्न सक्छौं भन्ने सङ्केत गरेको छ ।

## धर्म

वैदिक धर्म भनेको शाश्वत सनातन धर्म हो । यसले अरू धर्मको विनास गरी आफ्नोमात्र धर्म विस्तार गर्ने प्रयास गर्दैन । यस धर्मले भन्छ **सङ्गच्छध्वं, सम्बदध्वं**, अर्थात् सँगै यात्रा गरौँ । एउटै आवाजले बोलौँ । सबै काम सङ्सँगै गरौँ । सबैको विचार एकै होस् । सबैले यज्ञ (कर्म)गरौँ । यसो भन्नुको कारण पनि दिएको छ । **देवास्तानी धर्माणी प्रथमान्यासन्**(यजु) किन सबै एक भएर हिडौँ भने देवताहरूको यही पहिलो धर्म थियो ।

यहाँ कुनै सम्प्रदायको कुरा छैन । **सर्वे भवन्तु सुखिनः** यसैको उदाहरण हो । वर्तमान सन्दर्भमा सनातनधर्म भनेको मानव धर्म हो । यो समावेसी धर्म हो । कुनै जात सम्प्रदायकाले यो धर्म मान्नु हुँदैन भन्ने कहीँ लेखिएको छैन । वेदले धर्मका विषयमा यस्तै कुरा उल्लेख गरेको छ । सबै समानरूपले अगाडि बढ्नुपर्छ र सबैमा मित्रताको भावना रहनुपर्छ । यही धर्म हो भन्ने वेदको उद्घोष छ ।

## विज्ञान र प्रविधि

विज्ञान भनेको प्रमाणित ज्ञान हो । धेरै जसो व्यक्तिहरू विज्ञान भन्नासाथ त्यसलाई भौतिक वस्तुसँग मात्र दाँजेर हेर्दछन् । आत्मिक पक्षलाई विज्ञानसँग राखेर हेर्न भुसुक्कै विर्सन्छन् । विज्ञान शब्दको अर्थलाई कूर्मपुराणले निकै राम्ररी परिभाषित गरेको छ । कहिल्यै विकार नहुने सही ज्ञानको नाम नै विज्ञान हो । यो निर्विकल्प हुन्छ, सूक्ष्म हुन्छ, निर्मल हुन्छ, अव्यय हुन्छ । यस बाहेकको ज्ञानलाई नै अज्ञान भनिन्छ ।[२९]

---

२८ आयुर्यज्ञेन कल्पतां प्राणो यज्ञेन कल्पतां चक्षुर्यज्ञेन कल्पतां श्रोत्रं यज्ञेन कल्पतां पृष्ठं यज्ञेन कल्पतां यज्ञो यज्ञेन कल्पतामं प्रजापते : प्रजा अभूम स्वर्देवा अगन्मामृता अभूम । बनाउनुपर्ने

२९ विज्ञमन निर्मलं सूक्ष्मं निर्विकल्पं यदव्यम् ।
अज्ञानमितरन्सर्वम् ...............। २।२९ कूर्म पुराण ।





यो विज्ञान शब्द भौतिक पदार्थदेखि आत्मिक ज्ञानको विषयसम्म लागु हुन्छ । यही ज्ञानको तथ्यगत नाम नै विज्ञान हो भन्ने कुरा हामीले बुझ्नुपर्छ । प्रविधिचाहिँ भौतिक विकाससँग गाँसिएर आउँने कुरा हो । **विज्ञानं विज्ञप्ती, विज्ञानं आनन्दम् न विषय विज्ञान वद दुःखानु विदधम् ।** विज्ञप्ती भनेको बोध हो । बोध भनेको विज्ञान हो । यो आध्यात्मिक विज्ञान हो । यसले विज्ञानलाई आनन्द मान्छ ।

यस विज्ञानले ब्रह्मको स्वरूप चिनाउने अन्तरात्माको विषयलाई समेटेको छ । तत्त्व चिन्तनको विज्ञान उपनिषदसँग जोडिएर आएको हुन्छ । त्यसैले शंकराचार्यले वृहदारण्यकको भाष्य गर्दा **विज्ञानमानन्दम्** ३।९।२८ भनेका छन् । वैदिककालमा जति आध्यात्मिक विज्ञानको विकास भएको थियो भौतिक पक्षको विज्ञान पनि त्यति कै विकसित भएको थियो । विज्ञानको उन्नतिले प्रविधिको राम्रो विकास गर्न सकिने कुरा वेदले उल्लेख गरेको छ । तत्कालीन अवस्थामा बनाइने रथहरूका विषय र सीपसँग सम्बन्धित कुरा पनि वेदमा उल्लेख भएका छन् । एकजना शिल्पकारले रथ बनाएर क्रेतालाई त्यसको महत्त्व बुझाउने प्रसङ्गमा ऋग्वेदमा एक मन्त्र आएको छ : हे शक्तिशाली वीर ! तपाईं यो रथलाई हेर्नुहोस् । यसको धुरो, अग्रभाग र सबै चक्का स्वर्णमय छन् त्यसैले तपाइँका लागि यो योग्य हुन सक्छ ।[३०]

रथ बनाउने कुरा प्रविधिसँग जोडिएर आउने कुरा हो । प्रविधिले नै सम्पूर्ण कुरालाई सहज र विकसित बनाउँछ । त्यस समयमा रथहरू पूर्ण विकसित अवस्थामा थिए । प्रविधि बुझेका मानिसको अपेक्षामा अथर्ववेदमा अर्को मन्त्र आएको छ :– हे परमेश्वर ! राम्राराम्रा काम गर्न सक्ने जो कर्मको गति जान्ने मनिषि शिल्पकार छन् तिनीहरू सबै ठाउँमा फैलिऊन् ।[३१]

तिक्ष्णबुद्धि भएका यी प्राविधिज्ञले नै भौतिक उन्नतिको चारैतिर विकास फैलाउन सक्छन् त्यसैले उक्त मनिषिले शिल्पको कार्यमा निपूण व्यक्तिहरूको व्यापक उत्पादनमा क्रियाशीलता रहोस् भन्ने चाहना राखेका हुन् । रथ बनाउन जान्ने, शस्त्रअस्त्र बनाउन जान्ने, घर बनाउन जान्ने

---

३० हिरण्मयीं वां रभिरीषा अक्षो हिरण्यय : उभा चक्र हिरण्ययः । उभा चक्रा हिरण्ययया ८।५।२९ऋ

३१ २९ यो धीवानो रथकारः कर्माकारा यो मनिषिणः उपस्तीन् पर्ण महं त्वं सर्वान् जनान् । ३।६।६ अथर्व

कुशल कालीगडहरू जहाँ हुन्छन् त्यहाँ उन्नति हुन्छ ।

घरका सम्बन्धमा पनि विकसित चिन्तन ऋग्वेदमा पाइन्छ । घरका एउटै कोठामा सबैजना (बुबा, आमा, भाइ, बुहारी, अतिथि) रहनु हुँदैन । सुत्नलाई त्यहाँ अप्ठ्यारो हुन्छ त्यसैले सबैका लागि उपयुक्त हुने गरी अलगअलग कोठा भएको घर बनाउनुपर्छ । अनिमात्र त्यहाँको सुताइ, बसाइ व्यवस्थित हुन्छ ।[३२]

एउटा शिष्ट र विकसित समाजको परिकल्पनामा उक्त भनाइ निकै महत्त्वपूर्ण देखिन्छ । यस भनाइले वैदिक कालको विकास र समाजको सभ्यताप्रति रहेको गम्भीर सोचलाई प्रस्तुत गरेको छ । उक्त भनाइ व्यावहारिक र वैज्ञानिक देखिन्छ । यतिमात्र होइन सबै मौसम र सबै ऋतुहरूमा उचित किसिमले बस्न सक्ने गरी घर बनाउनुपर्छ भन्ने वेदको सन्देश छ :–बनाइने घरमा प्रशस्त भ्यालहरू हुन् जहाँबाट आफूले बाहिर देख्न सकियोस् तर बाहिरकाले भित्र बसेका आफूलाई चाहिँ कसैले देख्न नसकून् ।[३३]

बस्नका लागि आराम दायी भएन भने त्यो घरको कुनै अर्थ हुँदैन । यस्तो प्रकारको घर विज्ञान र प्रविधिलाई आत्मासाथ नगरी बनाउन सकिँदैन । त्यहाँ भित्रकाले बाहिरकालाई देख्ने तर बाहिरकाले भित्रकालाई नदेख्ने भ्याल ढोकाका कुराहरू आएकाले त्यसबेला सिसाहरू उत्पादन भएका थिए भन्ने कुरा पुष्टि गर्न सकिन्छ ।

विकास मानवीय स्वभाव हो । त्यतिखेरको चिन्तन र विकास उपल्लो स्तरको भइसकेको कुरा वेदका उक्त मन्त्रहरूले पुष्टि गरेका छन् । मानसिक, शारीरिक र व्यावहारिक तीनवटै तहबाट त्यसबेलाको विकास अगाडि बढेको थियो । सामान्य मानिसहरूले त्यस समयलाई जङ्गली युग होला भन्ने कल्पना गर्छन् तर त्यो फगत कल्पनामात्र हो किनभने त्यस बेला रुखका बोका बेरेर हिँड्ने मानिसहरू थिएनन् । रुखका बोका बेर्ने समय वैदिक कालभन्दा अगाडिको हुनुपर्छ किनभने यजुर्वेदको एउटा मन्त्रले

३२ ३० सस्तु माता सस्तु पिता सस्तु स्वा सस्तु विश्पति : ।
ससन्तु सर्वे ज्ञातय : सस्त्वयमभितो जनः ७।५५।५ ऋ.।

३३ य आस्त यश्च चरति यश्च पश्यति नो जनः ।
तेषां सं हन्मो अक्षाणि यथेदं हर्म्यं तथा । ७।५५।६ ऋ ।





त्यसबेला लगाउने लुगा र लुगा बुन्ने प्रविधिको चर्चा गरेको छ : ऊन आदि धागोबाट यन्त्र विशेषले बुनेर कपडा लगाउनुपर्छ । जुन कपडा शरीरका लागि फाइदाजनक होस् ।[३४] त्यो कपडा बुन्ने यन्त्रको पनि एउटा नाम यहाँ उल्लेख भएको छ । त्यो यन्त्र शिशाको थियो भन्ने स्पष्ट उल्लेख छ । त्यसैले त्यसबेलाका मानिसहरू आरामदायी कपडाहरू लगाउँथे ।

विज्ञानका क्षेत्रमा त्यसबेलाका ऋषिमुनिहरूले गरेका खोज र अनुसन्धान आजको अत्याधुनिक प्रविधियुक्त समयको भन्दापनि धेरै माथिको थियो । तिनीहरूले यो संसारिक भौतिक पदार्थहरूको जसरी अन्वेषण गरे त्यसरी नै ब्रह्माण्ड, अन्तरिक्ष, ग्रह, नक्षत्र र ताराहरूको गतिका सम्बन्धमा पनि अनुसन्धान गरेका थिए ।

पृथ्वीले सूर्यको परिक्रमा गर्छ भन्ने कुरा आजका वैज्ञानिकहरूले प्रमाणित गरेको विषय होइन । वैदिककालमै ऋषिमहर्षिहरूले यस कुरालाई तथ्यगतरूपमा प्रमाणित गरिदिएका थिए । वेदमा गौ शब्दले पृथ्वी र पृश्नी शब्दले आकाशलाई बुझाएको छ । त्यस्तै मातरम् शब्दले जल र पितरम् शब्दले सूर्यलाई बुझाएको छ । यस अर्थलाई आत्मसात गरेर हेर्दा पृथ्वीले सूर्यको परिक्रमा गर्छ भन्ने कुरा ऋषिहरूले प्रमाणित गरिसकेको थिए । उक्त प्रसङ्ग ऋग्वेदमा यसरी आएको छ : यो पृथ्वी पानीलाई आफ्नोसाथमा राखेर यो आकाशमा सूर्यका वरिपरि घुमिरहन्छ ।[३५]

भर्खरैमात्र आधुनिक वैज्ञानिकहरूले सूर्य पनि आफ्नो कक्षमा घुम्छ त्यसको पनि आफ्नो गति छ भन्ने कुरा प्रमाणित गरेका हुन् तर यो कुरा वेदले पहिले नै बताइसकेको थियो । त्यति बेलाका वैज्ञानिक भनेका ऋषिहरू नै हुन् । एक ऋषिले आविष्कार गरेको मन्त्रले यही कुरालाई पुष्टि गरेको छ : यो सूर्य आफ्नो तेजले सबै जगतलाई उज्यालो परेर आफ्नो गतिमा घुमिरहेको हुन्छ । यही सूर्यका तेजले मनुष्यहरू आफ्ना व्यवहारहरू, यज्ञ र देवकार्यहरू गर्छन् । यसैद्वारा यो संसार धारित र पोषित छ ।[३६]

३४ सीसेन तन्त्रं मनसा मनीषिणऽऊर्णासूत्रेण कवयो वयन्ति १९।८० यजुर्वेद ।

३५ आयं गौः पृश्नीरक्रमीदसदन् मातरं पुरः पितरं च प्रयन्त्स्वः १०।१८९।१ ऋ. ।

३६ विभ्राजञ्ज्योतिषा स्व रगच्छो रोचनं दिवः ।
येनेमा विश्वा भुवनान्याभृता विश्वकर्मणा विश्व देव्यवता । १०।१७०।४ऋ महर्षि दयानन्द भाष्य

## ज्ञान

ज्ञानका विषयमा त वेद धेरै अगाडि छ। यजुर्वेमा आएको छ : तत्त्व चिन्तन गर्नका लागि पर्वतीय उपत्यका, पहाड, कन्दरा र नदी किनार उपयुक्त हुन्छन्। त्यस्ता ठाउँमा बसेर विज्ञ जनले तत्त्व चिन्तनमा लाग्नुपर्दछ। त्यहाँ ज्ञानको उदय हुन्छ।[३७]

अन्तर्शक्तिको विकास आत्माज्ञानविना सम्भव हुँदैन। आत्माज्ञानका लागि साधना र तपस्याको जरुरत हुन्छ। त्यसका लागि उक्त स्थानहरू उपयुक्त हुन्छन् त्यसैले एकान्त तपोभूमिको उल्लेख भएको हो।

शास्त्रहरूले भनेका छन् : मानिसभित्र आध्यात्मिक, आदिदैविक र आदिभौतिकजस्ता तीनवटा गाँठा रहेका छन्। यी गाँठालाई फुकाउन नसकेसम्म मानिसहरू दुःखमै रहिरहन्छन्। त्यसैले उक्त तीनवटा गाँठा फुकाउन ज्ञानको आवश्यकता पर्छ। गाँठा भन्नाले समस्या भन्ने बुझिन्छ। उक्त तीन समस्याबाट मुक्ति दिने केवल ज्ञानमात्र हुन सक्छ। उक्त कुरा अथर्ववेदमा आएको छ : मानिस आध्यात्मिक, आदिदैविक र आदिभौतिक समस्याबाट मुक्त भएपछि मात्र ऊ ज्ञानको तहमा पुग्न सक्छ र ब्रह्म तत्त्वलाई बुझ्न सक्तछ।[३८]

वास्तवमा भन्नुपर्दा मानिसले तीन प्रकारका दुःखहरू झेलिरहेको हुन्छ। ती तीन प्रकारका दुःखहरू भन्नाले आध्यात्मिक, आदिदैविक र आदिभौतिक नै हुन्। यी त्रिविध तापबाट मुक्ति पाउनु नै मोक्ष हो। यसैका लागि समग्र उपनिषदहरू जन्मिए, दर्शनहरू आए त्यसैले वेदमा ज्ञानको विषय अत्यधिक रहेको छ। त्यही विद्या हो अर्थात ज्ञान हो जसले मान्छेलाई झमेलामा राख्दैन वा बन्धनबाट मुक्ति दिन्छ। कर्मको बन्धनबाट फुकाउन सक्ने तत्त्व ज्ञान नै वास्तविक ज्ञान हो। भन्ने कुरा ऋग्वेदले स्पष्ट उल्लेख गरेको छ : **तत्कर्मयन्न बन्धाय सा विद्या या विमुक्तये।**

यसरी नै वेद एउटा निष्कर्षमा पुगेको छ। त्यस निष्कर्षलाई तैतरीय

---

[३७] अपहरे गिरीणा सङगमेच नदीनाम।
धि यो विप्रोअजायत। १६।१५ यजु।

[३८] वि ते मुञ्चामि र शनां वि योक्तं वि नियोजितम्
इहैव त्वमजस्त्र एध्यग्ने। ७।७८।१ अथर्व।





उपनिषदले व्याख्या गरेको छ। यो सारा जगत र यस जगतमा रहेका जे जति जीव र पदार्थहरू छन् ती सबैको जनक भनेको ब्रह्म हो। अन्तमा विनास भएपछि यो ब्रह्माण्ड त्यसैमा गएर विलीन हुन्छन्।[३९]

जेमा लीन हुन्छ र जहाँबाट उत्पत्तिको आरम्भ हुन्छ। त्यही अन्तिम सत्यलाई वेद उपनिषदहरूले ब्रह्म भनको छ। ब्रह्म ज्ञानको निष्कर्ष हो।

आधुनिक भौतिक विज्ञानका विकासवादी सिद्धान्तको प्रतिपादनमा डार्विनले जगतलाई अन्तिम सत्य मानेझैं वेदले ब्रह्मलाई अन्तिम सत्य मान्दछ। यही वेदभित्रको ज्ञानको विषय हो। अर्थात् जेबाट यी सम्पूर्ण भौतिक पदार्थ र जीवहरू उत्पत्ति भएका हुन् अन्त्यमा त्यसैमा गएर उनीहरू विलीन हुन्छन्। त्यसको नाम ब्रह्म हो भन्ने उक्त मन्त्रको आशय हो त्यसैले ब्रह्म भन्नु ज्ञान र ज्ञान भन्नु वेदभएकाले सम्पूर्ण विषयको ज्ञानको स्रोत वेद हो भनिएको हो।

यस कारणले भौतिकतासँग बढी नजिएको पश्चिमी शिक्षा र ज्ञानको पद्धतिभन्दा पूर्वीय ज्ञानको क्षितिज फराकिलो र महत्त्वपूर्ण छ। त्यसैले ज्ञान र विज्ञानको मूल स्रोत वेदको अध्ययन प्रभावकारी हुनुपर्ने कुरा आजका लागि नितान्त आवश्यक छ। अर्कोतिर वेद कसले पढ्नु हुन्छ र कसले पढ्नु हुँदैन भन्ने कुरालाई पनि यसले खुलस्त पारिदिएको छ। वेदले सधैं उत्साहित बन सिक र पढ भन्ने उद्घोष गरेको छ। यहाँनेर के कुराचाहिँ बुझ्नुपर्छ भने वेद सूत्रात्मक भएको हुनाले अन्य भाषाको अध्ययनजस्तो यो सजिलो छैन। यसको तुलनामा धर्मसूत्र र स्मृतिहरू सामान्य भाषाको स्तरमा छन् र बुझ्न पनि सजिला छन्। त्यसैले जो सुकैले वेदको अध्यापन गराउँदा ज्ञानको प्रवाह गलत भएर आउन सक्छ। जो पढाइमा तल्लीन भएर लागेको हुन्छ ती सूत्र संहिताहरूको विश्लेषण र तत्त्वचिन्तनमा धैर्य राख्न सक्छ त्यसका लागि मात्र यसको अध्यापन सम्भव हुन्छ। यही कारणले वेद पढ्ने गम्भीर विषय भएकाले मनुले निश्चित नियमहरू बनाएका थिए। यसरी नियम बनाउनुका पछिको कारण वेदलाई सही तरिकाले अध्ययन गर्नु र गराउँनु नै हो। कसैले यसलाई गलत तरिकाले अर्थ्याउनु हुँदैन।

---

[३९] यतो वा इमानि भूतानी जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसम् विसन्ति तद्वि जिज्ञास रवा तद्व ब्रह्मेति। ३।१।१। तैतरीय उपनिषद

मनुले आफ्नो स्मृतिमा द्विजातिहरूले वेद पढ्नुपर्छ। पढाउनचाहिँ ब्राह्मणले मात्र अघि सर्नु भनेर उल्लेख गरेका छन्। यसलाई यसरी बुझ्नुपर्छ। त्यहाँ प्रयोग भएको ब्राह्मण शब्द जातिगत भन्दापनि पेशागत र विद्वत्ता वाचक शब्द हो। सम्बन्धित विषयका ज्ञाताले मात्र वेद पढाउनु भन्ने नै यसको अर्थ हो ।

अन्य विषय वा प्रविधिमा लागेका र मजदुरको काम गर्नेहरूका लागि वेद पढाउन सम्भव हुँदैन। पढाउने काममा नै संलग्न भएको छ भनेमात्र सम्भव हुन्छ। पढ्ने कुरामा पनि अन्य विषय वा प्रविधिमा लागेका व्यक्तिहरूलाई तोकिएका नियमहरू पालन गर्न कठिन हुने हुनाले तिनीहरूलाई जुन सजिलै बुझिन्थे ती स्मृति, पुराण र महाभारतहरूमात्र पढ्नु भन्ने सन्देश दिए। यसको अर्थ कोही कोहीचाहिँ ज्ञानबाट वञ्चित हुन् भन्ने होइन। ज्ञान सबैले लिनुपर्छ भनेर नै वेदका व्याख्या स्वरूप स्मृतिशास्त्रहरू लेखिएका हुन्। मनुले ज्ञान सबैले लिनुपर्छ भन्ने आह्वान गरेका छन् : सरलविधि अपनाएर सबैले ज्ञान लिनुपर्छ।[४०] यो मनुको विचार हो।

मानिसहरू जिज्ञासु र कल्पनाशील भएकाले आफ्नो योग्यता, क्षमता र औकातले भ्याउन नसक्ने कल्पनाहरू पनि गर्छन्। अरूको देखेर वा मनको बसिभूत भएर काम, क्रोध र लोभमा फसेर पनि मानिसहरू व्यर्थको कल्पनामा फस्दछन् त्यसैले यस्ता अनावश्यक कल्पना नराखी हुन सक्ने र हुने कामको लागि मानिसले कल्पना गर्नुपर्छ र गर्नुपर्ने कर्ममा लागिरहनुपर्छ भन्ने अत्यन्तै उपयोगी ज्ञान पनि वेदले दिएको छ। यसलाई बुझ्नु मानव कर्तव्य हो।

## वातावरण

वातावरण विज्ञानका क्षेत्रमा पनि वैदिक ज्ञानले निकै महत्वपूर्ण सन्देश प्रवाह गरेको छ। हावापानी शुद्ध भएन भने रोगहरू फैलन्छन् त्यसले विकराल समस्या जन्माउन सक्छ त्यसैले वातावरण शुद्ध राख्नुपर्छ किनभने शुद्ध हावाले औषधी बोकेर ल्याएको हुन्छ र त्यसलाई दुषित

[४०] अधीयीरंस्त्रयो वर्णा : स्वर्मस्था द्विजातयः।
प्रब्रूयाद्ब्राह्मणस्त्वेषांनेतराविति निश्चयः। १०।१ मनु





बनाउनासाथ वातावरण विग्रन्छ।[४१] वेदले हावा, पानी, आकाश, पृथ्वी, सौर्यमण्डल सबैलाई सुरक्षित राख्नुपर्छ भनेको छ : द्यौ शान्ति पृथिवि शान्तिः रापः शान्ति रोषधयः शान्ति वनस्पतयः शान्ति यसैको उदाहरण हो।

औषधि, वनस्पति, वायु आदि कुनै पनि कुरालाई प्रदूषण गर्नु नहुने कुरा ऋग्वेदमा स्पष्टरूपमा आएको छ। वैदिक समयदेखि नै वातावरण शुद्धताको अभियान चलाउनुपर्छ भन्ने भावना जागृत भएको थियो।

## सञ्चार

त्यस बेला सञ्चारको अवस्था ज्यादै महत्त्वपूर्ण थियो। ऋषिमहर्षिहरू दिव्य ज्ञानको प्रयोग गरेर अन्तरप्रज्ञाद्वारा जतिसुकै टाढाको समाचार पनि थाहा पाउँथे। सामान्य मानिसहरू लागि परेवाको उपयोग गर्दथे त्यसैले त्यसबेलामा परेवालाई कसैले पनि मार्न पाउँदैन थियो। मार्ने कुरामा परेवाबाहेक अरू प्राणीलाई पनि बन्देज नै थियो।[४२]

सञ्चारका सम्बन्धमा कुरा गर्दा हावा र अग्निको पनि त्यतिकै महत्त्वपूर्ण कुरा वेदले उल्लेख गरेको छ। यहाँ प्रयोग भएको हावा शब्द आजको वेभ फोनसँग सम्बन्धित छ।

अग्निको कुरा गर्दा विद्युत तरङ्गको कुरासँग सम्बन्धित हुन्छ। ऋग्वेदले यी प्रविधिलाई प्रयोगमा ल्याउन आह्वान गरेको छ : हावा, अग्निसम्बन्धीका योगविद्या सिकेको मानिसले टाढाटाढाको समाचार सजिलै लिन र पठाउन सक्दछन्। त्यसैले[४३]यस्तो शिक्षा लिनुपर्छ। उक्त प्रसङ्गले

वैदिककालीन् सञ्चार क्षेत्रको वैज्ञानिक उपयोगितालाई बुझ्न सकिन्छ। दिव्यज्ञानका द्रष्टा ऋषिमहर्षिहरूले सञ्चारका क्षेत्रमा परेवा आदिको प्रयोगभन्दा अन्य दुई प्रयोगलाई पनि महत्त्व दिएका छन्। १. विद्युत तरङ्ग र वायु तरङ्ग र २. योगविद्या। योगविद्यामा अन्तर्दृष्टिबाट समाचार सम्प्रेषण गर्ने पद्धतिको विकास हो भने हावा र अग्नि बाह्य

[४१] आ वात वाहि भेष जं - १०।१३७।३ ऋ

[४२] देवा कपोत इषितोसी यदिच्छन्दुतो निऋत्या इन्दमा जगाम।

[४३] तृषु यदन्ना तृषुंणा ववक्ष तृषु दूतं कृणुते यह्वो अग्निः।
वातष्य मेलिं सचते निजूर्वन्नासुं न वाजयते हिन्वे अर्वा। ४।७।११ ऋ।

दृष्टिका भौतिक आधारहरू हुन् । आजका मोवाइल फोन र ल्याड लाइन फोन यही ज्ञानका उपज हुनुपर्छ ।

## मानवता र समाजिक सोच

वेदले एकता र मित्रताको सामाजिक भावनालाई प्रधानता दिएको छ । समाज र राष्ट्रको निर्माण एकताबाट मात्रै सम्भव हुन्छ त्यसैले एकले अर्कोलाई आत्मीय भावनाले हेर्नुपर्दछ ।[४४] वेदमा मित्रताकै दृष्टिकोणले सहयोग र सद्भाव राख्नुपर्दछ भन्ने सोच छ ।

सबै व्यक्तिलाई आफूजस्तै सम्झिएर समान भावले मानिसले व्यवहार गर्नुपर्छ भन्ने वेदको यो चिन्तन मानवतावादी दृष्टिकोणबाट अगाडि बढेको छ । जसलाई आज मानवअधिकारको नामाकरण गरिएको छ । एकले अर्कोलाई हेर्ने दृष्टिकोण निर्मल र पवित्र हुनु नै उच्च मानवताको मर्म हो ।

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।**

**सर्वे भद्राणि पस्यन्तु मा कश्चित् दु :ख भाग्भवेत् ।**

अर्थात् एक होइन सबै सुखी हुनुपर्छ । सबै निरोगी हुनुपर्छ । सबै ठाउँमा कुशल र मङ्गल भएको देख्ने अवसर सबैमा रहनुपर्छ । एक आपसमा कोही पनि दु :खी हुनुहुँदैन भन्ने समाजिक चिन्तन मानिसमा रहनुपर्छ भन्ने सन्देश वेदमा रहेकाले एकता र समानताजस्ता उच्चतम विचारहरू आजका लागि पनि त्यतिकै महत्त्वपूर्ण रहेका छन् । कोहीप्रति भेदभाव नहोस् भन्ने वेदको आशय हो । पूर्वीय सामाजिक परम्परा यही धारबाट अघि बढ्नुपर्ने हो । बीचमा आएर उत्तर, दक्षिण र पश्चिमका सामाजिक संस्कृति र सभ्यताका परम्पराहरूले अल्झाएर हामीले बाटो बिरायौँ त्यसैले आजसम्म जातपात, उच, नीचजस्ता व्यवधान समाजले भोग्नुपरिरहेको छ ।

वेदको निर्देशन समानताको थियो । हामीले नै गलत व्याख्या गरेर गलत व्यवहार अपनायौँ । शास्त्र गलत थिएनन् । ऋग्वेदको मन्त्रलाई विचार गर्दा यही कुरा प्रमाणित हुन्छ : सबै सँगैसँगै काम गरौँ । सबै मिलेर

[४४] मित्रस्य चक्षुषा समिक्षामहे । ३६।१८ यजु





एउटै आवाज निकालौँ सबैले मन वा सोच एउटै राखौँ । कसैमा भेदभाव नगरौँ । जसरी पहिलेका महान् व्यक्तिहरूले सत्यको उपासना गरे त्यसरी नै हामी पनि सँगैसँगै सत्यताको बाटोमा हिँडौँ ।[४५]

सबैको सम्मान र कदर गर्ने परम्परा वैदिक परम्परा हो । सबैलाई आफूजस्तै ठान्ने सबैका लागि काम गर्ने उच्च मानवताको सोच राख्ने, वैदिक सभ्यता हो । आजको उच्च प्रजातान्त्रिक लोकव्यवहार भन्दा पनि उक्त वैदिक निर्देश उच्च छ तर सहीरूपामा हामीले उक्त निर्देशनलाई व्यवहारमा उतार्न सकेनौँ ।

## राजा र प्रजा

वैदिक इतिहासको चर्चा स्मृतिकारहरूले गरेका छन् किनभने वेद त स्वयंमा इतिहास होइन । यो त जीवन र जगतका ज्ञान र विज्ञानका शिक्षा दिने (नीति) संहिता हो । सत्ययुग पूर्णताको स्थिति भएकाले त्यसबेलामा न राजा थिए न दण्ड थियो न राज्य न दण्ड दिने व्यक्ति थियो । महाभारत शान्तिपर्वमा युधिष्टिरले भीष्म पितामहसँग राजाको उपाधिको उद्‌गमको बारेमा सोधेका प्रश्नको उत्तरमा यो प्रसङ्ग आएको छ ।

कालान्तरमा मानिसमा मोह उत्पन्न भएर लोभ र पाप जन्मिए । त्यसपछि वेद र धर्मको विनाश हुन थाल्यो । देवताहरूले आहुति पाउन छाडेकाले उनीहरू ब्रह्माकहाँ गए । देवताहरू पुगेपछि ब्रह्माले एक महान् ग्रन्थको रचना गरे जसभित्र धर्म, अर्थ, काम र मोक्षका कुरा थिए । त्यो ज्ञान उत्तमांश घोषित भयो । त्यसपछि देवताहरू विष्णुकहाँ गएर विष्णुलाई सर्वोत्तम मनुष्यलाई राजा बनाइदिन अनुरोध गरेपछि विष्णुले यस पृथ्वीमा राजाका लागि विरजा नामक पुत्रको उत्पन्न गरे तर विरजाले राजा बन्न स्वीकार गरेनन् । विरजाकै पाँचौ पुस्तामा वेन नामको राजा भयो । यो वेनले सनातन वैदिक धर्मको नाश गर्ने काम गरेकाले ब्राह्मण (विद्वान्‌हरू) ले उसलाई मारिदिए । अनि देशलाई अराजक हुनबाट बचाउन वेनकै दायाँ हात मथेर एक राजा उत्पन्न गरे जसको नाम पृथु रह्यो । पृथुलाई

[४५] संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते । १०।१९१।२ ऋ ।

ऋषिमुनिहरूले राज्य गर्न सबैका अगाडि शपथ गराए । यहीँबाट वैधानिक राजाको अवधारणा आयो । यसबाट हामी थाहा पाउन सक्तछौं कि देवताले जनरक्षार्थ दैवी अंशबाट राजाको उत्पन्न गरेका हुन् । गलत राजालाई त्याग गर्ने प्रमाण वेनलाई नष्ट गरेको कुराबाट थाहा पाइन्छ । राज्य गर्ने सम्पत्तिको आवश्यकता पर्ने हुँदा आफूले कमाएको षष्ठांश राजकर बुझाउने नियम महाराज मनुका पालाबाटै आएको हो र अन्याय र अत्याचार हटाएर अनुशासित राज्य र समाजको निर्माण गर्न नै राजाको उत्पत्ति भएको देखिन्छ ।

वैदिक कालमा एउटा प्रशासनको सर्वोच्च निकायलाई बुझाउन राजा शब्द आएको थियो । कालान्तरमा यो शब्दबाट व्यक्ति विशेषलाई बुझाउने अर्थ निकाल्न थालिएको हो । पछिल्लो चरणमा पनि राजा भनेको जनतालाई हरतरहले सुखसुविधा दिई खुसी बनाउने नेता हो भनेर अर्थ्याइएको छ । उसले राज्यको सम्पत्तिलाई जनताको सम्पत्ति सम्झनुपर्छ । राज्यका प्रमुख नै जनता भएकाले राज्यका महत्त्वपूर्ण अधिकारी जनतालाई सम्झिने राजामात्र योग्य हुन्छ ।[४६] भन्ने वेदको निर्देशन छ ।

उक्त विचारले राजा र जनताबीचको सम्बन्ध सहज र एकताको रहनुपर्ने कुरा बुझिन्छ । यही नीति सही राजनीति हुने भएकाले राजा र प्रजा दायित्वका हिसाबले मात्र फरक हुन्छन् । यो सोच नै आदर्श राज्यको हो ।

राजाको आफ्नो निजी सम्पत्ति हुँदैन किनभने राजा त समग्र देशको सर्वोच्च निकायको साझा नेता हो । उही देशको समग्र सम्पत्तिको सुरक्षा कर्ता हो । जनताको धन भन्नु नै राज्यको धन हो । यस्तो महत्वपूर्ण विचार वेदले दिएको छ । यहाँ राजालाई मनोमानी गर्ने छुट छैन र जनाताले पनि राजाप्रति गलत सोच राख्ने अवस्था दिएको छैन । ऋग्वेदले राज्यको महत्त्वलाई विशेषरूपमा प्रस्तुत गरेको छ : जनताका लागि राज्य आवश्यक हुन्छ त्यसैले सबै जनता मिलेर राज्यलाई विकसित पार्नुपर्छ त्यसैले हामी

४६ अस्माकमिन्द्र मृतुते सोमो बहिष्ठो अन्तमः ।
अस्मान राये महे हिनु २।४५।३० ऋ ।





सबै राज्यका लागि प्रयत्न गरौं ।[४७]

परम्परागत रूपमा पितापूर्खा जन्मिएर हुर्केको बढेको आफ्नो भूमिलाई मातृभूमि भनेर त्यस भूमिलाई ज्यादै महत्त्वपूर्ण मानेको छ । हरेकले आफ्नो मातृभूमिको सेवा गर्नुपर्छ । यो जनताको धर्म हो । मातृभूमि श्रद्धाको पात्र हुन्छ त्यसैले ऋग्वेदले मातृभूमिको सेवा गरौं भनेको छ ।[४८] जनतालाई देशप्रतिको कर्तव्य र राज्यका लागि गर्नुपर्ने जिम्मेवारीलाई पनि बोध गराएको छ त्यसैले देश, जनता र राजाका विषयमा ऋग्वेदले दिएका सन्देशहरू आजका लागि पनि त्यतिकै महत्वपूर्ण मानिन्छन् ।

राज्य सञ्चालन गर्ने राज्यको अर्को शक्ति सेना र प्रहरीहरू हुन् । यी सेना र प्रहरीहरू देशका महत्त्वपूर्ण काम गर्ने भएकाले तिनीहरू बलिया भएका हुनुपर्छ । दुःखी भएको हुनु हुँदैन त्यसैले राज्यले तिनीहरूको खानपानको व्यवस्था पनि राम्रो बनाएको हुनुपर्छ भन्ने ऋग्वेदको विचार छः सेनाहरूले दूध फलफूल आदि खाएर बलियो र शीक्तशाली बन्नुपर्छ । जसरी गोरु बलियो हुन्छ त्यसरी नै सेनाहरू पनि बलियो बनेको हुनुपर्छ ।[४९]

## न्याय

वेदका व्याख्याता र विश्लेषक स्मृतिकारहरू भन्दछन् : सत्ययुग वैदिक आचरण भएका व्यक्तिहरूको समय थियो त्यसैले त्यतिबेला कानुन र न्यायको त्यति धेरै आवश्यक थिएन । कालान्तरमा जब लोभ र मोहका कारण धर्म र नीति कमजोर हुन थाले त्यसपछि पाप र अनैतिकताले समाज विग्रिन थाल्यो अनि विद्वान् र राजाहरूले न्यायका लागिनियम र कानुन बनाए ।

जहाँ सत्य र असत्यको राम्ररी निरूपण भएको हुन्छ त्यहाँ न्यायको अस्तित्व बचेको हुन्छ । शासनको अभिभारा लिएको राजाले न्यायिक व्यवहार फैलाएर सत्य र असत्यलाई ठीकसँग छुट्याउनुपर्छ अनिमात्र राजा

४७ यते महि स्वराज्ये ५।६६।६ ऋ ।

४८ उप सर्प मातरं भूमिम् । १०।१८।१० । ऋ

४९ वृषयमाणोऽवृणित सोमं त्रिकद्रुकेष्वपिबत्सुतस्य
आ सायकं मघवादत्त वज्रमहन्नेनं प्रथमजामहीनाम् १।३२।३ऋ

योग्य हुन्छ। राजा निरक्षिर विवेकी हुनुपर्छ। यस सँगसँगै शत्रुलाई दण्ड दिने, असल र योग्य व्यक्तिलाई स्वीकार गरी सुरक्षा गर्ने काम राजाको हो। यही न्याय हो।[५०] भनेर वेदले न्यायलाई परिभाषित गरेको छ।

देश वा राज्य व्यवस्थित गतिले विकसित हुनलाई त्यस देशको नीति र न्यायिक व्यवस्था सुदृढ हुनुपर्छ। वास्तविक राज्य नै सही न्यायमा अडेको हुन्छ। महर्षि दयानन्दको भाष्यले पनि यही कुरा पुष्टि गरेको छ।

हरेक क्षेत्रका लागि न्याय र निर्णय महत्त्वपूर्ण कुरा हुन्  त्यसैले तथ्य कुराको पूर्ण निश्चय गरी सत्यपक्षको मतबाट न्याय स्थापित हुन्छ। उचित कुरा वा नियाँनिसाप नै न्याय हो। न्याय र निर्णयको परम्परागत थालनी कहिलेबाट कसरी प्रारम्भ भयो ? यसको खोजीगर्नु त्यति सजिलो काम होइन तथापि यसका लागि वैदिक कालीन इतिहास नै यसको प्रमुख स्रोत हो।

त्यस बेलाको न्याय दिने प्रमुख व्यक्ति राजा नै देखिन्छ। निष्पक्ष न्याय गर्ने र अपराधिलाई दण्ड दिने काम नै राजाको हो। निरापराधीलाई दण्ड दिएर अपराधिलाई दण्ड नदिई त्यसै छाडिदिएमा त्यो राजा नरक गामी बन्दछ। भन्ने शास्त्रको निचोड छ।[५१] यो कुरा वेदमा आएको छ। यी स्मृतिदेखि महाभारतसम्मको विचारलाई बुझ्दा ऋग्वेदका ऋचाहरूमा रहेको दण्ड र न्यायको भावलाई सहजसँग बुझ्न सकिन्छ।

जसरी वेदमा स्पष्ट सँग भनिएको छ : सूर्यले अन्तरिक्षबाट मेघको जल पृथ्वीमा वर्षाएर प्राणीको रक्षा गर्छ त्यसरी नै राजाले वा सेनापतिले विधर्मीलाई दण्ड दिएर धार्मिक जनको रक्षा गर्नुपर्छ। यस भनाइले तत्कालीन न्यायको अवस्था खुलस्त हुन्छ। अधर्मको बाटो लाग्ने विधर्मी हुन्, विधर्मीले समाजमा अनैतिक काम गर्छन् त्यस्तालाई दण्ड दिनु न्याय सङ्गत कुरा हो।

न्याय स्थापित गर्नका लागि दण्ड प्रक्रियामा वेदले तत्कालीन् अवस्थामा नै आजको जस्तो कारगारको व्यवस्था मिलाउन राजालाई निर्देशन दिने क्रममा : दुष्ट अधर्मी अर्कालाई दुःख दिने लुटेराहरूलाई

---

५० कुवित्सस्य प्र हि व्रजं गोमन्तं दस्युहा गमत्
शचीभिरप नो वरत् - ६।४५।२४ ऋ।

५१ आवः शमम् वृषभं ........वेदनाक ऋ. १।३४।१५





एकान्तघरमा लगेर राख्नु[५२] भन्ने उल्लेख भएको छ।

यसबाट के स्पष्ट हुन्छ भने विधर्मी अन्यायीहरूलाई बन्दि बनाउनु र जेल हालिदिनु। एकान्तघरमा थुनेर राख्नु भन्नु नै आजको जेल हो। दयानन्द भाष्यमा यही कुरा उल्लेख छ।

राजा वा सेनाध्यक्षले दुष्टलाई अङ्ग छिन्नभिन्न हुने गरी दण्ड दिएर रातदिन धर्मात्मा सोझा र स्वकर्तव्यमा लागेका जनताको रक्षा गर्नुपर्छ।[५३] जुनकारणबाट फेरि शत्रुहरूले कसैलाई दुःख नदिऊन्।

यो पनि न्यायिक राजाको दण्ड नियम नै हो भनेर बुझ्न सकिन्छ। कडा अनुशासन र दण्ड परिपाटीले दुष्टहरू नाशिन्छन्। यसैबाट न्याय फैलिन्छ र सुन्दर समाजको निर्माण हुन्छ।

राजा न्यायधीश हुने हुँदा ऊ सदसद् विवेकी हुनुपर्छ त्यसैले विद्वान्हरूले राजालाई राजनीति, अर्थनीति, सामाजिक ज्ञान दिएर ज्ञानी बनाउनुपर्छ र सेनापतिलाई जितेन्द्रय बनाउनुपर्छ[५४] भनेका हुन्। जनताले राजा र सेनापतिको मनोभावनालाई उत्साहित तुल्याउनुपर्छ किनभने जित जनताकै हो। न्यायिक राजा र उचित न्याय भएको राज्यमा धोकेवाज हुँदैनन्, लुटेरा हुँदैनन्। पिशाचहरू पनि हुँदैनन् त्यही राष्ट्र उत्तम हो।[५५]

यतिमात्र होइन न्यायिक व्यक्तिहरू वा राजा र मन्त्रीहरूले पनि हलो जोत्नेजस्ता कामहरू गरेर जनतालाई कामगर्न उत्साहित पार्नुपर्छ।[५६]

यस्तो राज्यमा काम ठूलो र सानो भन्ने भेदभाव रहँदैन। काम क्षमता अनुसारको हुन्छ भन्ने सन्देश जान्छ र न्याय पनि प्रभाकारी हुन्छ।

न्यायिक राजाले कसैलाई भेदभाव गर्नु हुँदैन। उसका लागि सबै

---

५२ अग्निना तुर्वशं यदुं परावत उग्रादेवं हवामहे।
अग्निर्यन्नवास्त्वं बृहद्रथं तुर्वीति दस्यवे सहः। ऋ. १।३६।१८

५३ घनेव विष्वग्वि जह्याराव्णस्तपुर्जम्भ यो अस्मध्रुक
यो मर्त्यः शिशीते अत्युक्तभीर्मा नः स रिपुरीशत १।३६।१६ ऋ

५४ यजु ९।११

५५ यजुर्वेद ९।१६

५६ दशस्यन्ता मनवे पूर्व्यम् दिवि यवं वृकेण कर्षयः।
ता वमद्य सुमतिभिः शुभपती अश्विना प्र स्तुवीमही ८।२२।६ ऋ

जनता बराबर हुन् ।[५७] ऋग्वेदको यही विचार आजको लोकतन्त्र हो । लोकतन्त्रको उत्पत्ति भागवतमा भइसकेको छ । निर्मिता लोकतन्त्रोऽयं लोकेषु परिवर्तते १२।१२।२९

यथार्थवक्ता विद्वान्हरूले राज्यको रक्षा गर्ने, सत्य प्राप्त गर्ने दुष्टलाई चेताउने, चित्त स्थिर हुने शक्तिशाली ज्ञान दिएर राजालाई एक न्यायिक राजा बनाउने काम गर्नुपर्छ । जसले गर्दा राजाले जनसेवा गर्न सकून् ।[५८]

त्यस्तो राजा स्तुतियोग्य हुन्छ जो मोह र दोषरहित भएर सबैका कुरा सुनी सत्य असत्य छुट्याई ठीक कुरा दिन सक्ने न्यायाधीश बन्दछ ।[५९]

वेदका यस्तै कुराहरूका प्रभावले कुल्लुक भन्दछन् : जो व्यक्ति प्रजारक्षकको काम गर्छ, त्यो राजा हो । राजा क्षत्रीयमात्र बनेको इतिहास छैन । कण्व ब्राह्मण आदिले पनि राज्य गरेको कुरा छ । मनु भन्छन् : (१२।१००) वेदज्ञ ब्राह्मण राजा, सेनापति र दण्डाधिपति पनि बन्न सक्तछ । पाल वंशका संस्थापक गोपाल शूद्र थिए । राजा बन्नु जात होइन, क्षमता र गुणको आवश्यक पर्छ । जसले नीतियुक्त राज्य गरोस् र न्यायलाई व्यवस्थित बनाओस् । प्राचीनकालमा न्यायलाई धर्मासन (शंखं) धर्मस्थान ( नारद)१।३४ मनु ८।२३ शुक्र ४।५।४६ (धर्माधिकरण) आदि भनिन्थ्यो त्यसैले न्याय भनेको धर्मकै रूप हो ।

त्यसैले धर्मप्राण धर्ममूल देखिएकाले न्यायलाई पूर्वीय शास्त्रहरूले धर्म भन्दछन् । त्यसबेला न्यायसम्पादनको मुख्यकार्य राजाकै अधीन थियो । राजा नै प्रारम्भिक एवं अन्तिम न्यायालय थिए । राजा स्वयंले निर्णय सुनाउनु पर्दथ्यो । त्यसबेला राजाले न्यायाधीश नियुक्त गरेको भए पनि न्याधीशको सम्मतिबाट राजाले नै निर्णय सुनाउने उत्तरदायित्व लिनुपर्दथ्यो । प्रमुखरूपमा न्याय खुट्याउनेचाहिँ विद्वान् ब्राह्मणहरू नै हुन्थे । मनु र याज्ञवल्क्यले त्यस्तो ब्राह्मण नभेटेपछि न्यायाधीश बनाउन

[५७] समानं वां सजात्यं समानो बन्धु रस्विना
अन्ति षदभूतु वामवः ८।७३।१२

[५८] आवो राजानमध्वरस्य रुद्र होतारम् सत्ययज्ञं रोदस्यो अग्निपूरा तनयित्नो र चिन्ता द्विरण्य रुपमवसे कृणृध्वम् ॠ

[५९] आशण्वन्ते अहपिताय ..................४।३।३ ॠ





धर्मशास्त्र जान्ने क्षत्रीय र वैश्यलाई पनि नियुक्त गर्न सकिने कुरा उल्लेख गरेका छन् ।

पौराणिककालमा आइपुग्दा राजाले नियुक्त गरेको न्यायाधीशले न्याय सुनाउन थालेका पाइन्छ । त्यस्ता न्याय सुनाउनेहरूले घुस खाएको चाल पाए त्यस्ता व्यक्तिको सम्पूर्ण सम्पत्ति जफत गर्नुपर्छ । विवादित निर्णय दिएको भए त्यस न्यायाधीशलाई दण्ड दिन पनि सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा वेदमा यावत् विषयहरू रहेका छन् । वेदभित्र भूगोल, इतिहास, गणित, विज्ञान (ज्योतिष) मानव समाज, पशुपछी, वनस्पति, वातावरण आदिको विषयमा समग्र वर्णन रहेको छ । वेदमा वर्णन भएका उक्त विषयहरु नित्य कुरा हुन् । यी सबै कुरा हरेक सृष्टिम एवं रितले घुम्दछन् । वेदमा वर्णित सबै कुरा भविष्यको आँकलन, भूतको स्थिति वर्तमानको स्वरुप तथ्यरूपले रहन्छन् त्यसैले यी सूत्र हुन् । वैदिक वाङ्मयमा सृष्टि, जगत र जीवन सम्बन्धी ज्ञान र ब्रह्माण्ड र प्रविधि सम्बन्धी वैज्ञानिक चिन्तनहरू आएका छन् । तर यो कुरा अध्ययनका लागि अलिक कठिन विषय छ किनभने वेदपछि मात्र व्याकरणहरू जन्मिएका हुन् त्यसैले सरल व्याकरणले वेदलाई अर्थ्याउन सकिन्न । यी सूत्रहरूलाई गम्भीर चिन्तन गर्न सक्नुपर्छ । यो सृष्टि र जगतका बारेमा अझ बढी ज्ञान हामीले लिन सक्छौं । यसको ऐतिहासिक पृष्टभूमिलाई खोज्न पनि निकै गाह्रो परेको कुरा हामीले माथि नै चर्चा गरिसक्यौं । खोज र अनुसन्धानमा लागेका व्यक्तिहरूले यस विषयमा खोजिगरिरहेकै छन् । केही हदसम्मत अनुसन्धाताहरूले निश्चित सीमाङ्कन गरिसकेका छन् ।

## वेद कुन समयको होला ?

यस विषयमा संक्षिप्त कुरा त उपनिषद प्रसङ्गमा गरिसकिएको छ । वेद कहिले निर्माण भयो होला भन्ने जिज्ञासा सबै जिज्ञासुका मनमा रहेको छ । यस विषयमा पूर्व र पश्चिमका प्रायश सबै विद्वान्हरूले स्वीकारेको कुरा हो, यो वेद संसारमा प्राप्त साहित्यहरूमा सबैभन्दा पुरानो साहित्य हो । यही भाषाबाट विश्वका भाषाहरू जन्मिएका हुन् तर अहिलेसम्म पनि यकिनसाथ कसैले वेदको समयका सम्बन्धमा ठोस् प्रमाण दिन सकेका छैनन् । इसाइ धर्मको इतिहास अनुसार सृष्टि भएको सातहजार वर्षमात्र भयो । उसले यसै समयको परिवेशलाई आधार मानेर वेदको समय

निकालेको छ । यसले निकालेको कालखण्डले वेदनिर्माण भएको समय सही रूपमा निक्लिन सक्तैन । उनीहरूका अनुसार क्राइस्टपूर्व २०००वर्ष पहिले वेदको निर्माण भएको हो ।

पदार्थ विज्ञानका ज्ञाताहरू यो संसारको सृष्टि आजभन्दा ४० लाख वर्ष पहिलेबाट भएको हो भन्दछन् । यसरी नै भूगर्भवेत्ताले यो सृष्टिलाई दशकरोड वर्ष पहिलेको मानेका छन् । सृष्टिकै सम्बन्धमा पनि यति धेरै अन्तर छ भने वेदनिर्माणका सम्बन्धमा पनि एक मत आउन सक्ने कुरा भएन । भूगर्भशास्त्रिका अनुसार उत्तरी ध्रुवदेशमा प्रत्येक दसहजार वर्षमा पृथ्वीको केन्द्रच्यूति हुन्छ । त्यहाँ हिमपात हुन्छ । वेदमा प्रथम हिमपातको वर्णन छ । विद्वान् लोकमान्य तिलक अनुसार ऋग्वेदका देवता ,ऋषि, र सूक्तहरू प्रथम हिमपातभन्दा पहिलाका हुन् ।[६०]

वास्तवमा वेद कहिलेको हो त विभिन्न विद्वानहरूका आआफ्नै तर्कहरू छन् : मैक्समुलरका अनुसार वेद ई.सापूर्व ६००० वर्ष पहिलेको हो । कीथ र बेबरजस्ता विद्वान्हरूले पनि वेदको समयलाई ६००० देखि ८००० वर्षभित्र मानेका छन् ।

यस कुरालाई सही नठानेर कतिपय विद्वान्हरूले गणितीय हिसाबले वेदको समय २२००० वर्षभन्दा पनि पहिलेको मानेका छन् । गणितीय हिसाबको एक आधारका रूपमा ऋग्वेदको निम्न मन्त्रलाई लिएका छन् ।

**सुषुप्वांस ऋभवस्तदपृच्छतागोह्य कइदंनो अबूबुधत् ।**

**श्वानं वस्तो बोधयितारमब्रवीत् सम्वत्सर इदमद्याव्यख्यत ॥**

ऋतुहरूले सूर्यलाई सोधे : तपाईंलाई कसले जगाएको हो ? सूर्यले मलाई जगाउने श्वान हो किनभने यो संवसरको अन्त्य हो भनेका छन्

ऋतुहरू १२ दिन अगोह्य सूर्यकहाँ सुत्छन् र त्यस बेलामा चन्द्रवर्ष र सूर्यवर्षको मेल हुन्छ । यसपछि श्वानले जगाउँछ । श्वान मृगशिराको समीपमा रहन्छ ।

यही कुराले स्पष्ट पार्छ कि मृगशिरामा वसंत सम्पात हुन्छ । गणितीय हिसाबमा सम्पातपछि पूर्ण प्रदक्षिणामा २६,००० वर्ष लाग्छ । यस

[६०] कल्याण हिन्दु संस्कृति अङ्क पृष्ट २६९





स्थितिबाट हेर्दा ईसापूर्व २२,००० वर्षको लेखो निकाल्न सकिन्छ ।[६१]

यथार्थमा वेद कहिलेबाट सङ्कलन हुन थालेको हो भन्नेकुरा अनुसन्धाताहरूले फर्स्याउन सकेका छैनन् ।

पंकज दीक्षितले वैदिक समय भनी ईस्वी पूर्व १५०० देखि ६०० सम्म उल्लेख गरेका छन् भने धेरै जसो अनुसन्धाताहरूले क्रायिष्ट पूर्व ५००० वर्ष यता ३००० सम्मको समयलाई वैदिक काल भनेका छन् तर मन्त्रका प्रकृतिलाई हेर्दा त्योभन्दा धेरै पहिलेदेखि नै यी मन्त्रहरू आविष्कार भएका हुन् । पछिल्लो समयमा राजर्षि जनकको पालासम्म मन्त्रहरू अविष्कार भइरहेका थिए । याज्ञवल्क्य र गार्गी यसका उदाहरण हुन् । यजुर्वेदका थुप्रै मन्त्रहरू याज्ञवल्क्यले आविष्कार गरेका छन् ।

यो विषय अत्यन्तै गम्भीर छ । अध्ययनको क्रम चलिरहेकै छ । मन्त्रहरूको स्वरूपलाई हेर्दा पनि अत्यन्तै फरक पाउन सकिन्छ । कतिपय ऋग्वेदका केही मन्त्रहरू अत्यन्तै जटिल छन् । यसै कारणले कतिपय विद्वान्हरूले वि.सं पूर्व १०.००० अगाडिबाट वेदका मन्त्रहरू आविष्कार भएका हुन् भन्ने मत पनि राखेका छन् तर यो अनुमानको विषय भएकाले विज्ञानसम्मत मानिँदैन । भोलि प्रमाणित भएर आयो भने हुन सक्ला । पूर्वीय र पाश्चात्य विद्वान्हरू यसको खोजीमा निरन्तर लागिरहेकै छन् । सङ्कलित वेदका ऋचाहरूमध्ये पहिलो मन्त्र **अग्निमीले पुरोहितं**...हो । यो मन्त्र प्राप्त गर्ने ऋषि मधुच्छन्दा हुन् । उनले प्रशंसा गरिएका वा स्तुति गरिएका देवता अग्नि भएकाले आगोको आविष्कार भएपछि वेदका ऋचाहरू सृजित भएका हुन् कि भन्न सकिन्छ ।

हुन त सूर्य नै अग्नि हुन् । आधुनकि विज्ञानले पनि सूर्यकै टुक्रा पृथ्वी हो भन्ने कुरा प्रमाणित गरेका छन् । संसारको उत्पति यही अग्नि तत्त्वबाटै सुरु भएको हो । यहाँ स्पष्ट पार्न खोजिएको विषयचाहिँ अग्निको सभ्यता आइसकेपछि मन्त्रहरू आविष्कार हुन थालेका हुन् कि भन्ने एउटा सामान्य अनुमान गर्नमात्र खोजिएको हो । अन्तिम समय पनि यही हो भन्न सकिने अवस्था छैन । किनभने महाभारतकालीन अवस्थामा पनि ऋषिहरूले मन्त्र अविरभाव गरिरहेका थिए ।

[६१] हिन्दू मान्यताका वैज्ञानिक आधार पेज १५४ डा.भोजरज द्विवेदी

अनुसन्धाताहरूले हडप्पा र मोहेन्जोदाडोको सभ्यतालाई ई.पू २३०० देखि ई.पू १५०० तिरको हो भन्ने मानेका छन्। आर्यहरू यहाँ आउनुभन्दा अगाडि नै सङ्ग्रहित मन्त्रसंहिताहरूको अध्ययन र अध्यापन गर्ने गर्दथे।

यस विषयमा अनुसान्धनका ठोस प्रमाणहरू आउन बाँकि नै छ।

हिजोआज कतिपय आफूलाई आधुनिक ठान्ने विकासवादी र प्रगतिशील सम्भिने मानिसहरू यस्तो वेदको वास्तविक रहस्यलाई बुझ्दै नबुझी वेद शब्द सुन्ने वित्तिकै ओठ लेप्र्याउँछन् र यसलाई ब्राह्मणहरूको मागी खाने एउटा भाँडो सम्झन्छन्। अनि आफूले सही कुरै नबुझी संस्कृत र वेदको विरोध गर्छन्। यस विषयमा ठूलाठूला गफ र भाषणहरू छाँट्दछन्। कतिपय मानिस त कसैले वेदको कुरा ठीक होइन भनिदिएकै भरमा विरोधी स्वरहरू उराल्छन्। कुनै विज्ञ जनले यस विषयमा किन विरोध गरिएको हो भनेर सोधे भने निरुत्तरित हुन्छन्।

विज्ञ जनले बुझेर कुरा गर्छन्। आजको यही हावादारी उडन्ते गफीहरूलाई वेदको मर्म र वास्तविकताको परिचय गराउने जिम्मा विद्वत समुदायको हो। हामीले आधुनिक विज्ञानको मूल स्रोत यही वेद हो भनेर चिनाउन सक्नुपर्छ। त्यसैले मिमांसा दर्शनका जनक दार्शनिक जैमुनीले विना अर्थ वेद नपढ्नु भनेका छन्। अर्थहीन वेद पढाइ निरर्थक हुन्छ भन्ने उनको आशय छ। यति हुँदाहुँदै पनि अहिले पनि हामी विद्यालय र विश्वविद्यालयमा अर्थहीन वेद पढाइरहेका छौँ। अन्धाधुन्दा पढ्नुपर्छ भन्ने परम्परालाई मात्र बोकेर हिँडेका छौँ। यो हाम्रो ठूलो गल्ती हो। अब पनि यस गल्तीलाई दोहोर्‍याइरहनु भनेको पूर्वीय ज्ञानविज्ञान र सभ्यतालाई लोप गराउनु हो। हाम्रा आदिकालका सभ्यता र संस्कृतिहरू संसारकै पुराना र श्रेष्ठ थिए भन्ने कुराको परिचय गुमाउनु हो। मोहेन्दोजाडो र हरप्पा आदि ठाउँहरूको उत्खननले हाम्रा सभ्यताहरूको प्रस्तुतिमा थप उर्जा दिएकाछन्। त्यसैले अब विद्वान्हरूले चुप लागेर बस्नु हुँदैन।

## सिन्धु र हिन्दू

अहिले वेद हिन्दूहरूको मात्र हो भनेर कसैकसैले भन्ने गरेको पनि पाइन्छ। वास्तवमा यो सोच गलत छ। वेद संसारका सबै मानवको





सम्पदा हो। यसरी शङ्कुचित बनाउने विषयमा एउटा ठाउँ विशेषको कुरा पनि रहेको छ।

अब अन्तिमतिर सिन्धु र हिन्दू शब्दको पनि केही चर्चा गरौँ। सिन्धु र हिन्दू शब्द स्थानान्तरका कारणले फरक भएका हुन्। वास्तवमा यी दुबै शब्दले दिने अर्थचाहिँ एउटै हो भन्ने विद्वान्हरूको मत छ। उनीहरूका विचारमा इरानी भाषामा सको उच्चारण हका रूपमा भएको पाइन्छ। त्यहाँ मासलाई माह र केसरीलाई केहरी भनिनुले यस भनाइलाई पुष्टि गरेका छन्। प्राचीन नेपाली भाषामा पनि सको उच्चारण 'ह' नै हुन्थ्यो।

इरानको पारसी सम्प्रदायको एक ग्रन्थ, शानीरमा उल्लेख भए अनुसार भारतलाई हिन्द भनिएकाले त्यहाँका वासिन्दालाई हिन्दी भनिएको हो। सिन्धु र हिन्दूमा कसरी सिन्ध र हिन्द आए होला भन्ने जिज्ञासा आउनु स्वाभाविक छ। सिन्धु शब्दलाई कुनै प्रान्तमा सिन्ध भनिन्थ्यो पारसी वा आवेस्तनमा हिन्द भनिएको हो। आवेस्तनभाषा प्राचीन इरानको भाषा हो त्यसैले उच्चारणगत भेद मात्र हो र हिन्दू धर्म नभइ एउटा सभ्यतामात्र हो। यस सभ्यतामा वेदलाई आदर्श गुरु मानिन्छ। यस सभ्यतामा रहेका मानिसहरूले वैदिक सनातन धर्म र संस्कारलाई अपनाएका हुन् तर वेद हाम्रो निजी हो भन्ने कुरा आउँदैन यो पृथ्वीका सम्पूर्ण मानव समुदायको साझा ज्ञान भण्डार हो।

# २

# नेपालको ऐतिहासिक महत्त्व

पूर्वीय धर्मशास्त्रहरूका निर्देशनलाई व्यवहारमा उतार्दै आएका देशहरूमा नेपाल पनि एक प्रमुख देश हो। कालखण्डमा मध्यकालतिर शास्त्रीय विधिविधान केही खण्डित भए। कतिपय कुराहरूमा मनोमानी प्रवृत्तिको विकास भयो। त्यसले शास्त्रको मर्यादामा आँच पुऱ्यायो। वर्णभेद र लिङ्गभेदजस्ता अमानवीय कुराहरू विकसित भए। यस कुराले नेपाललाई नराम्ररी प्रभाव पाऱ्यो। अहिलेसम्म पनि त्यसको प्रभाव छँदै छ।

नेपालको ऐतिहासिक महत्त्व ज्यादै गरिमामय छ। सत्ययुगदेखि नै संसारमा आफ्नो नाम अलग विशेषताका रूपमा राख्दै आएको यस देशका युग अनुसार अलगअलग नाम रहेका थिए भन्ने कुरा शास्त्रले उल्लेख गरेका छन्।

समयको परिवर्तन सँगै इतिहासमा थुप्रै देशहरूको नाम परिवर्तन भएका छन्। यसरी नै नेपालका पनि विभिन्न समयमा अलगअलग नामहरू





थिए। नाम जसरी परिवर्तन भए पनि यस देशको बर्चस्व भने सत्ययुगदेखि नै थियो। स्कन्दपुराणमा उल्लेख भए अनुसार सत्ययुगमा नेपाललाई सत्यवती भनिन्थ्यो। त्यसबेला यो सत्यवतीक्षेत्र सत्यताको आधारमा विशेषरूपले चिनिन्थ्यो। यस क्षेत्रमा वेद र स्मृतिको नियमलाई नै व्यवहारमा उतारिन्थ्यो।

विस्तारै यो सत्यवतीक्षेत्र एक पूर्ण तपोभूमिका रूपमा विकसित भयो। यसै कारणले त्रेतायुगमा तपस्याका लागि यो क्षेत्र अत्यन्तै उन्नत भएकाले यस क्षेत्रलाई तपोवनी भन्ने नामाकरण गरिएको थियो। यस समयमा पनि परम्परागतरूपमा तिनै स्मृतिहरूका नियमहरू यहाँ लागु हुन्थे।

विस्तारै तप र साधनाले प्रशंसा पाउन थालेको यस देशलाई मुक्तिको सोपानका रूपमा हेर्न थालियो किनभने मुक्तिकामीहरूका लागि यो देश ज्यादै अनुकूल बनेको थियो। युधिष्ठिरादिले सशरीर स्वर्ग प्रस्थान गरेको स्वर्गद्वार यही क्षेत्रमा थियो। यस कारणले यस देशलाई द्वापरमा मुक्तिसोपान भन्न थालियो। विस्तारै कलियुगमा यस देशको नाम नेपाल रहँन पुग्यो।[१] नेपाल नाम दिनुका कारणहरू वा प्रसङ्गहरू पनि थुप्रै छन्। इतिहासमा गोपाल वंशी राजाहरूको पालामा यस देशलाई नेपाल भनिन्थ्यो भन्ने पनि उल्लेख छ। ने मुनिले पालन गरेकाले पनि यस देसको नाम नेपाल रहेको कुरा पनि स्कन्दपुराणमै उल्लेख छ।

शास्त्रहरूले पूर्वका केही महत्त्वपूर्ण स्थानहरूको उल्लेख गरेका छन्। ती स्थानहरूमा ऋषिमहर्षि बसेका थिए। त्यसैले उनीहरूका व्यवहार र विचारहरू संसारकै आदर्श बनेका छन्। मनुले यस किसिमका थुप्रै देशहरूको नाम उल्लेख गरेका छन्। ब्रह्मावर्त, (सरस्वती र दृषद्वती देवनदीको देवनिर्मित क्षेत्र) कुरुक्षेत्र, मुख्य, पाञ्चाल, (पंजाव) शुरसेन आदि देशहरू[२] ब्रह्मर्षिहरू बस्ने देशहरू हुन्।

---

१ कृते सत्यपुरी ज्ञेया त्रेतायां च तपोवनी।
द्वापरे मुक्तिका नाम कलौ नेपालिका पुरी॥ १६२हि ख

२ कुरुं च मत्स्याश्च पञ्चालाःशूरसेनकाः।
एष ब्रंह्मर्षिदेशो वै ब्रह्मावर्तादनन्तरः। २।१९

उक्त देशहरू ब्रह्मावर्तका नजिकका भएकाले यिनीहरूको पनि विशेष महत्त्व रहेको छ त्यसैले मनुले ब्रह्मावर्तको विशेष व्याख्या गरेका छन् ।[३]

उक्त ठाउँमा रहेका ज्ञानाग्रज विद्वान्हरूले जुन आचरण अपनाएका छन् ती आचरणहरू शिष्ट र सभ्य भएकाले पृथ्वीमा रहेका सबै मानवले तिनै आचरणलाई अपनाउनु उपयुक्त हुन्छ ।[४] भन्ने मनुको सन्देश छ ।

आचरण र व्यवहार अग्रजहरूबाटै सिक्नुपर्छ । उक्त देशमा रहेका विद्वान्हरू ज्ञानाग्रज भएकाले मनुले तिनीहरूबाट संसारमा रहेका सबै मानवले राम्रा व्यवहार र आचरण लिनुपर्छ भनेका हुन् ।

हिमवान् र विन्ध्याचलको मध्यभाग र कुरुक्षेत्रदेखि पूर्व प्रयागबाट पश्चिमको भागलाई मध्यदेश भनिन्छ । पूर्व समुन्द्रदेखि मध्य समुद्र अनि हिमाञ्चलदेखि विन्ध्याचलपर्वत बीचको क्षेत्र आर्यावर्त हो ।

यी देशहरू तत्कालीन अवस्थामा शिक्षा र सदाचारका लागि अत्यन्तै सम्वृद्ध थिए त्यसैले सदाचारी विद्वान्हरूले यिनै देशमा बसेर अध्ययन, अध्यापनका कार्य गरेका थिए । त्यहाँ बसेर जीविका चलाउनका लागि कठिन हुने भयो भने काम गरेर जीवन चलाउने मानिसहरू जुनसुकै देशमा पनि जान सक्तछन् भन्ने कुरा मनुस्मृतिमा छ तर यज्ञयज्ञादि चाहिँ उक्त देशमा मात्र सम्भव छन् । यस अतिरिक्त अन्य देशहरूमा वर्णाश्रम धर्महीन म्लेच्छ जातिहरू रहेका छन् । म्लेच्छ भनेको वर्णाश्रम धर्म र वैदिक नियम वा धर्म नमान्ने हो त्यसैले उक्त क्षेत्र बाहेकका अन्य जातजातिका मानिसहरू रहेका ठाउँमा वैदिक नियम र धर्म सम्भव छैन भन्ने मनुका निष्कर्ष छ ।

ब्रह्मावर्त, आर्यावर्त, कुरुक्षेत्रादिका आचारहरू वैदिक परम्पराबाट चल्दै आएकाले यिनीहरूलाई सदाचार भनिएको हो । यो सदाचार विश्वकै लागि अनुकरणीय छ भन्ने सन्देश मनुले दिएका छन् । षोड्श संस्कार र

३ क्षेत्रसरस्वतीर्दषद्वत्योर्देवनद्योर्यदन्तरम् ।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते ।२।१७ मनु

४ एतद्देशप्रसुतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः २।२० मनु





वर्णाश्रम धर्म यिनै देशका सामाजिक व्यवहार हुन् । शास्त्रहरूले यिनै पुण्यभूमिका आचरण र व्यवहारलाई बोकेर ल्याएका हुन् । यिनै ठाउँहरूबाट वेदको प्रचार भएको मानिन्छ र स्मृतिहरूको उद्भव पनि यिनै ठाउँहरूबाट भएको हुनुपर्छ । यी ठाउँहरू नियम र सदाचारका लागि अत्यन्तै उन्नत देखिन्छन् । मनुस्मृतिका शासनव्यवस्था र आचार व्यवस्था यहीँबाट सुरु भएको हुनुपर्छ ।

नेपाल यिनै क्षेत्रका समीपमा रहेको देश हो । यो भारत वर्षमा नेपालको ऐतिहासिक महत्त्व रहेको छ । नेपालको यस ऐतिहासिक महत्त्वलाई पुराणहरूले प्रस्तुत गरेका छन् ।

समग्रमा मनुले धर्मशास्त्रहरूको उद्व भएका देशहरूका नाम लिएकै स्थानभित्र नेपाल पनि थियो त्यसैले नेपाल पनि यिनै स्मृतिहरूका नियम र मर्यादा कायम गर्दै आएको देश हो । नीति र नियमका लागि नेपाल पनि एक ऐतिहासिक देश हो । नेपाल पूर्वीय दर्शन र धर्मशास्त्रहरूलाई आफ्नो उद्देश्य बनाएर अगाडि बढ्ने देशहरूमध्येको एक हो । यहाँ ऐतिहासिक समयदेखिनै नियम र कानुनको निश्चित र व्यवस्थित विधिशास्त्र बनेको थियो र एउटा सुनिश्चित पद्धतिको विकास भइसकेको थियो ।

यद्यपि यहाँ भेदभावका केही कुराहरू देखिएका छन् तर यी शास्त्रीय कुरा थिएनन् । तथापि धेरैले शास्त्रलाई नै दोषी ठानेका छन् । मध्यकालको सुरुआतसँगै भेदभावको विकृति सिर्जना गर्ने व्यक्तिका रूपमा मनुलाई दोष दिने क्रम बढ्यो किनभने सारा नीति र नियमको सङ्ग्रह मनुस्मृतिलाई नै लिएको थियो तर उक्त स्मृतिकै भरमा चलेको समाजलाई अर्को पद्धतिमा ल्याउन कतिपय सत्तासीन वा बाठाहरूले उक्त स्मृतिमा छेपकको रूपमा कतिपय कुराहरू थपेका छन् । उक्त कुराहरूले स्मृतिशास्त्रहरू विवादित बन्न पुगे । संसारकै लागि उपयुक्त सन्देश दिने शास्त्रहरू सङ्कीर्ण देखिए । वास्तवमा मनुस्मृतिले समय अनुसार नियमहरू परिवर्त गर्दै लानु भनेको थियो तर नेपाली समाजले शास्त्रमा रहेका असहज कुरालाई हटाएर अनुकूल मार्ग अपनाउन ढिला गर्‍यो ।

# ३

# पूर्वीय धर्मशास्त्रहरूमा न्यायपद्धतिको ऐतिहासिक पृष्ठभूमि

## धर्म र कानुन

"कानुन" अरबी शब्द हो। यसले राज्यलाई व्यवस्थित रूप दिन तयार पारिएको नियम र ऐनहरूको समूहलाई बुझाउँछ। कानुनले व्यवस्थित रूपले न्यायिक व्यवस्थालाई कायम राख्ने काम गर्छ। कानुन शब्द धर्म, दर्शन, पुराण र स्मृतिहरूमा पाइँदैन। अरबी भाषामा कानुन शब्दले जे कुरालाई बुझाउँछ। पूर्वी मान्यतामा त्यसलाई धर्म शब्दले बुझाउँछ। कानुन र धर्म एउटै विशेषता बोकेका शब्दहरू भने होइनन्। कानुनीराज्यमा न्यायलाई व्यवस्थित रूप दिएर राष्ट्रलाई व्यवस्थित बनाउन व्यवस्थापिकाले तयार पारेको नियमहरूले ऐनहरूको रूप लिएको अवस्था





कानुन हो त्यसैले यो राष्ट्रको सोच र देशको परिवर्तनसंगसँगै परिवर्तन भइरहन्छ। प्राकृतिक वा शास्वत नियम(कानुन)अपरिवर्तनीय हुन्छ भने स्थापित कानुन कानुन भने ठाउँ विशेषले पनि फरक हुनसक्छ। वर्तमान सन्दर्भमा भने कानुन दण्डका लागि राज्यले स्थापित गरेको एउटा उपायजस्तो मात्र देखिन थालेको छ। वास्तवमा कानुन यो कुरा भन्दा फराकिलो विषय हो। यो उपाय नभएर एउटा मूल्य हो तथापि यो शास्त्रले भनेको मूल धर्मचाहिँ होइन। धर्म स्वतः निर्मित शाश्वत सत्य हो। यो अकाट्य र अपरिवर्तनीय हुन्छ। यो संस्कृतिमा उनिएपछि परम्परामा रूढ बनेर परिवर्तनको रूपमा आउन सक्छ तर त्यो धर्मको परिवर्तन होइन। लौकिकरूपमा धर्म कर्तव्य र नियमसँग गाँसिएर आउँछ। वैदिक र स्मृतिकालमा कसैले धर्मलाई आघात पुऱ्याउँछ कि त्यसलाई हेर्नका लागि राज्यलाई जिम्मा दिइन्थ्यो। यो राज्यको कर्तव्य हुन्थ्यो। यसलाई राज्यको धर्म पनि भनिन्थ्यो। न्यायिक, सामाजिक, प्रशाासनिक, आर्थिक नियमहरू बनेपछि त्यसलाई सम्बन्धित विषयका धर्म भनिदै लगियो। सम्बन्धित क्षेत्रमा काम गर्नेहरूले निर्बाह गर्ने कतव्यलाई पनि धर्म शब्दले नै सम्बोधन गरियो। यी सबै शाश्वत धर्मकै अंशका रूपमा फैलिँदै गए किनभने उक्त सबै नियमहरू शाश्वत धर्म वा सत्यलाई पहिचान गराउनकै लागि आएका हुन् र धर्मकै सुरक्षाका लागि निर्माण गरिएका हुन्।

संस्कार, संस्कृति, परम्परा, व्यक्तिगत, सामाजिक राष्ट्रिय र अन्तर्राष्ट्रिय नियमहरू परिवर्तनशील हुन्छन् तर सबैको क्रियाशक्ति धर्म, सत्य र नित्यतासँग शाश्वत भएर रहिरहन्छ। तर हामी यस धर्मलाई व्यक्तिगत आनीबानी, खानपान, आचारविचार, व्यवहार सम्प्रदाय र वस्तुनिष्ठ स्वभावसँग गाँसेर हेर्दछौं र तिनै कुराहरूलाई धर्मको नाम दिन्छौं। संस्कारहरू परिचयमात्र हुन्। त्यसैलाई धर्म भन्नु ठीक हुँदैन। वस्तुतः ती धर्मका अंशहरूमात्र हुन्। धर्मको रूप, रङ्ग, सम्प्रदाय, बानी व्यवहार केही पनि हुँदैन। यो अविभाज्य र विश्वव्यापी हुन्छ। धर्म सृष्टिका यावत संरचनाको मूल अङ्ग हो। शास्त्रले पनि यही कुरालाई मानेको छ।

स्मृतिले धर्मका सम्बन्धमा राम्ररी व्याख्या गरेका छन्। धर्म नै भगवान हो त्यसैले यो धर्म अत्यन्तै सूक्ष्म हुन्छ। उसलाई आँखाले देख्न सक्तैन त्यसैले यो प्रत्यक्ष होइन परोक्ष हो। यो व्यवहारमा मात्र देखिन्छ

त्यसैले नियम युक्त भएर नै व्यवहार अपनाउनु उपयुक्त हुन्छ ।[१]

यसबाट स्वतः प्रमाणित हुन्छ कि धर्म सम्पूर्ण कुराको अन्तरशक्ति हो । स्वाभाविक र सामाजिक सबैको अनुकूलतामा धर्मको अर्थ रहेको हुन्छ त्यसैले यावत नियम, विनियम, ऐन र आदेशलाई पनि धर्मकै नाम दिएको हो । धर्म विरुद्ध हुनु भनेको प्रतिकूल अवस्था सिर्जना गर्नु हो । त्यो सत्यताको अनुकूल हुँदैन । यावत सामाजिक आचरण व्यवहार सत्यकै अनुशीलनका लागि आएका हुन् । हरेकका आफ्ना सीमा र मर्यादा हुन्छन् । ती व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय मर्यादाभित्र रही गर्नुपर्ने कर्तव्यलाई यही धर्म शब्दले सम्बोधन गरेको हुन्छ । प्राकृतिक र लोकजन्य नियमहरू कसैले मिच्नु हुँदैन किनभने नियम, मर्यादा र सीमाहरू मिच्नेको कहिल्यै उन्नति हुँदैन । उसको विनास हुन्छ । यस कुरालाई मनुस्मृतिले यसरी उल्लेख गरेको छः–धर्मको रक्षा गरियो भने त्यसले आफूलाई रक्षा गर्छ र त्यसको विनास गरियो भने त्यसैले आफ्नो पनि विनास गर्छ ।[२]

यसबाट के बुझिन्छ भने राज्यले बनाएका नियमहरू (कानुन) र समाजले निर्माण गरेका सामाजिक आचरण सदाचारका रेखा तोड्ने व्यक्ति कर्तव्य विमुख व्यक्ति हो । कर्तव्यच्यूत भएपछि पतन स्वाभाविक छ । राज्यले निर्धारण गरेको नियम (कानुन) तोड्नेलाई दण्ड र सजाय हुन्छ भने सामाजिक नियम तोड्नेका लागि प्रायश्चितको व्यवस्था बनाइएको छ । यी दण्ड व्यवस्था र प्रायश्चितको उद्देश्य सत्यको स्थापना गर्नु हो । त्यसैले मानिसले गर्नुपर्ने कर्तव्य नै उसको धर्म हो । कर्तव्य (सामाजिक मर्यादा र राज्यको मूल सीमा) बाट बाहिर जानेलाई ठीक बाटोमा ल्याउन सकिएन भने संसारकै अस्तित्व नासिन्छ किनभने त्यहाँ अनुशासन र मर्यादा सिद्धिन्छन् र राग, द्वेष, इर्ष्या, मात्सर्यजस्ता गलत प्रकृतिहरू बढ्छन् र कमजोरहरूमाथि बलियाहरूले थिचोमिचो गर्न थाल्छन् । यस्तै कुरा नहुन् भनेर कानुन बनाइएको हो । कानुन सबैका लागि समान हुन्छ त्यसैले कानुनका दृष्टिमा सबै बराबर भन्ने नीति आएको हो ।

स्मृतिशास्त्रहरूले शास्त्रीयनीति (धर्म) यसै निम्ति बनाएका हुन् र

१ सूक्ष्मो हि भगवान धर्मः परोक्षो दुर्विचारणः ।
अतः प्रत्यक्षमार्गेण व्यवहारगतिं नयेत् । १। ४१ नारदस्मृति

२ धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षतः ।८।१५ मनुस्मृति





गलत बाटो लाग्नेलाई दण्ड र निर्धोमाथि न्याय दिन धर्म (सत्य) बचाउन दण्डधरको अवधारणा ल्याएका हुन् ।

सीमा नाघेर धर्म (नीति र नियम) नास्नेहरूलाई सहीबाटोमा ल्याउन धर्मको विनास गर्नेको व्यवहारको सत्यतालाई परीक्षण गर्ने वा दोषको खोजी गर्ने वा अन्याय परेकालाई वस्तुस्थिति केलाएर सही निर्णय दिने खोजकर्ता र व्यवहारको स्थिति बसाउनेलाई दण्डधर भनिन्छ । राजाले यही काम गर्नुपर्ने भएकाले राजालाई दण्डधर भनिएको हो अर्थात अपराध गर्नेलाई दण्ड दिने भएकाले नै राजालाई दण्डधर भनिएको हो त्यसैले नियम विगार्नेलाई सजाय दिएर उसले धर्मको रक्षा गर्नुपर्छ ।[३]

नियम र कर्तव्यलाई नै धर्मको नाम दिएको हो भन्ने कुरा उक्त प्रसङ्गबाट पनि स्पष्ट हुन्छ । सबैले नियम पालन (धर्मको पालन वा सुरक्षा) गरे भने अन्याय वा असत्यजस्ता गलत कुरा हट्छन् ।

यी विविध प्रसङ्गले प्राकृतिक गुणदेखि सदाचारका नियम र व्यवहार (न्याय) व्यवस्थाका लागि राज्यले बनाएका सबै नियमहरू धर्म हुन् भन्ने बुझाएका छन् । व्यवहारसँग सम्बन्धित नियमहरूको दुरूपयोग वा पालन नगर्नेलाई मात्र दण्ड दिइन्छ । सदाचारका लागि प्रायश्चितको व्यवस्था गरिएको छ । यसले मन शुद्ध बनाउँछ । यी दुवैको लागि स्मृतिशास्त्रहरूले निश्चित नियमहरू बनाएका छन् । स्मृतिशास्त्रहरूभन्दा अगाडिका धर्मसूत्रहरूले आचरणसँग सम्बन्धित नियमहरू बनाए । स्मृतिशास्त्रहरूले आचरण र व्यावहारिक दुबै खाले नियमहरू बनाएर व्यावहारिक नियमलाई विशेष जोड दिए र गलत व्यवहार अपनाउनेलाई सोही अनुरूपको दण्ड व्यवस्थाको पनि निर्धारण गरे । विस्तारै धर्मसूत्रहरूले व्याख्या गरेका प्रायश्चितका नियमहरू पनि सुव्यवस्थित बनाउँदै स्मृतिहरूले आफ्नै किसिमले स्थापित गरेका छन् ।

## न्यायका सन्दर्भमा शास्त्रीय दृष्टि

पूर्वीय धर्मशास्त्रहरूले सत्य, धर्म र न्यायलाई एउटै मूल का शाखाका रूपमा परिभाषित गरका छन् । सत्य सर्ब व्यापक पूर्णताको नाम

३ नष्टेधर्मे मनुस्याणां व्यवहारः प्रवर्तते ।
द्रष्टा च व्यवहाराणां राजा दण्ड धरः स्मृतः १।२। नारद

हो भने त्यस पूर्णतालाई अखण्ड राख्ने विधिको नाम धर्म हो। त्यसैले शास्त्रीय दृष्टिमा नियमको बाटोबाट सत्यको साक्षात्कार गराउनु भने कै न्याय हो। यी सत्य, धर्म र न्याय सृष्टिका त्रिशक्ति हुन्। एकको अभावमा अरू दुबैको अस्तित्व रहँदैन। न्यायलाई व्यावहारिक रूपमा स्पष्ट पार्नु पर्दा : कुनै पनि कुराको निर्क्योलमा पुगी त्यसको यथार्थलाई पुष्टि गर्न सक्नु नै न्याय हो। दण्ड र सुरक्षा यसका व्यवहार हुन्।

शास्त्र अनुसार न्याय सत्यसँग सम्बन्धित हुन्छ। पूर्वीय धर्मशास्त्रहरूले यसलाई धर्म शब्दले सम्बोधन गरेका छन्। **आरम्भो न्याययुक्तो यः स धर्म इति निश्चयः** महाभारतको यो श्लोकले यही कुरालाई प्रमाणित गरेको छ। सुरुबाटै न्यायसम्मत कुराहरू जे छन् तिनै धर्म हुन् त्यसैले पूर्वीय दर्शनशास्त्रहरूले सत्य, धर्म र न्यायलाई एउटै सीमाभित्र राखेर हेरेका छन्। सत्यको सम्बन्ध सर्वव्यापक पूर्णतासँग गाँसिएको छ भने त्यसको बाह्य स्वरूपको व्यावहारिक विविध चरित्रलाई नियमित गराउने सूत्रसँग धर्मको सम्बन्ध रहेको हुन्छ त्यसैले हामीले सत्यको व्यावहारिक नाम नै धर्म हो भन्ने बुझ्नुपर्छ। यसले त्यो सत्यताको सर्वव्यापि पूर्णतालाई बाँधेको हुन्छ। यो सत्यताको नियम र चरित्रको बन्धन तोडियो भने त्यस सत्यलाई ठीक ठाउँमा ल्याई यही हो भनी पहिचान गराउनलाई न्याय आवश्यक परेको हो।

न्यायले सत्यताको चिनारी दिएर त्यसलाई पुष्टि गर्नुपर्छ। प्रस्तुत न्याय शब्द दर्शनसँग सम्बन्धित न्याय दर्शनको न्याय होइन। यो न्याय शब्दले बोकेको अर्थ भनेको व्यावहारिक जीवनका सही र गलत व्यवहार छुट्याएर प्रमाणित गरिदिनु हो। यद्यपि यसको सम्बन्ध सत्यसँगै गाँसिएको हुन्छ। ध्रुवसत्य कुरा कहिल्यै विचलित हुँदैन। व्यावहारिक सत्य भने समय र ठाउँ विशेषले फरक देखिन सक्छ। सत्य, धर्म र न्याय यी तीनै तत्त्व दुई प्रकारका छन्।

१. शाश्वत र २. व्यावहारिक

शाश्वत सधैँ एउटै हुन्छ भने व्यावहारिकचाहिँ ठाउँ परिवेश र परिस्थिति अनुसार फरकफरक हुन्छन्। व्यावहारिक सत्य भनेको समाजले स्थापित गर्ने हो। व्यावहारिक धर्म र न्याय पनि समाजकै उपज हुन्। यिनीहरू लामो समयसम्म समाजले अभ्यास गरेपछि स्थापित हुन पुग्छन्। समाजमा यिनीहरूको महत्त्व बढी हुन्छ।





उपनिषदहरूले सत्य, ज्ञान र ब्रह्मलाई समानभावले हेरेका छन्। वेदान्तोपनिषदमा उल्लेख भएको छ : **सत्यं, ज्ञानं, अनन्तं ब्रह्मः।** यसरी नै शास्त्रहरूमा न्यायको परिभाषा गर्दै भनिएको छ : **नियमेन नियते इति न्याय** (विधिपूर्वक ठीक बाटोमा ल्याएनु नै न्याय हो) जे होस् सत्यतालाई चिनाउने काम नै न्याय हो त्यसैले शास्त्रहरूले वास्तविकतालाई केलाएर सत्यको नजिक पुग्नुलाई न्याय भने। शास्वतरूपमा रहेका नियम र समाजका लागि बनाइएका यावत नियमहरूभित्र ल्याएर मानिसलाई सत्यताको बाटोमा उभ्याउने काम न्यायले गरेको हुन्छ। वास्तविक सत्यतालाई चिनाउनु नै न्याय दिनु हो। वास्तविकतालाई चिनाएर गल्ती गर्नेलाई दिएको दण्ड र सही काम गर्नेहरूलाई दिइएको प्रशंसा सत्यकै स्वरूप हुन्। यही कुरा चिनाउनु न्याय हो।

पूर्वीय न्यायपरम्परा आधुनिक मानव इतिहास सुरु हुनुभन्दा धेरै पहिलेबाट सुरु भएको हो किनभने न्याय दिने सुरुवात वैदिककालबाटै भएको छ त्यसैले न्यायको इतिहास खोज्नुपर्दा वेदसम्म पुग्नुपर्ने हुन्छ।

तत्कालीन अवस्थामा न्यायलाई ऋत वा धर्मका नामले पुकारिन्थ्यो। वेदलाई संसारको सबैभन्दा पुरानो ग्रन्थ मानिन्छ। आदिमकालको समाज यही वेद निर्देशित नियमबाट चलेको थियो। पछि गएर यिनै वेद निर्देशित नियम सङ्गत गरिने कामलाई नै धर्मको नामले सम्बोधन गर्न थालियो। धर्म शब्दको उदय हुनुभन्दा पहिले यसलाई वेदले ऋत वा सत्य भनेको छ। ऋत भनेको सत्य हो। सत्य भनेकै धर्म हो। वरुण देवताको साम्राज्यमा यावत नीतिनियम, न्याय जेजति थिए ती सबै ऋतमा आधारित थिए भनिन्छ। वेदले भनेको छ : सबैभन्दा पहिले ऋत थियो त्यसपछि सत्य जन्मियो अनिमात्र तप जन्मिएको हो।[४]

त्यसपछि मात्र धर्म शब्दको उदय भएको हो।। विस्तारै इन्द्रको साम्राज्यदेखि धर्म शब्दले बृहद् अर्थ ग्रहण गर्दै गयो। विस्तारै धर्म शब्दको विश्लेषण र व्याख्या हुँदै गए। अन्ततः यावत संसारका संरचनालाई जेले ग्रहण गरेको छ वा जे कुरा ग्रहणीय छ त्यसैलाई धर्म भन्न थालियो। सोझो अर्थमा धारण गर्न योग्य सबै कुरा धर्म हुन् भनियो। कालान्तरमा

[४] ऋतं च सत्यं च भिद्यातपसोध्यजायतः

धर्म शब्दको विस्तृत व्याख्या हुँदै गयो । क्रमिकरूपमा न्याय, दण्ड र शासन यी शब्दले पनि धर्मकै नाम ग्रहण गर्न पुगे । धर्मको आत्मा भनेको कर्तव्य हो । हरेकले आफ्ना कर्तव्य पूरा गर्नु न्याय हो ।

राजाले राम्ररी जनताको सुरक्षा गर्नु कर्तव्य हो । यो उसको धर्म हो । उचित शान्तिसुरक्षा नै राजाले दिने न्याय हुन् । मनुस्मृतिमा न्याय पूर्वक संसारको रक्षा गर्नु राजाको कर्तव्य हो[५] भन्ने कुरा उल्लेख भएको छ । राजाले (प्रशासकले) विधि र नियमलाई सम्पूर्णरूपले लागु गरेर प्रजाको सुरक्षा गर्नुपर्छ । न्याय दिनु उसको धर्म हो । धर्म वा न्यायलाई यथोचित ढङ्गले व्यवहारमा ल्याउन दण्डको विशेष भूमिका हुनेहुँदा दण्डलाई पनि शास्त्रहरूले धर्मकै नामले पुकारेका छन् । मनुस्मृतिमा दण्डलाई ईश्वरको सन्तान ब्रह्मतेजरूप धर्म भनेर सम्बोधन गरिएको छ । मनु भनदछन् : यो दण्डलाई ब्रह्मको शक्तिका रूपमा पहिले नै ईश्वरले सृष्टि गरेका थिए ।[६]

यसरी नै शास्त्रले दण्डलाई यावत सामाजिक, राष्ट्रिय र व्यवहारका नियम वा धर्महरूको साक्षी मानेको छ ।

समाजको उत्पत्तिसँगै त्यस समाजलाई अव्यवस्थित हुन नदिन व्यवस्थितताको कडीका रूपमा शक्ति सम्पन्न दण्डलाई पहिले नै सिर्जना गरिएको थियो । यस्तो दण्डव्यवस्थाका लागि शास्त्र अनुरूप नियम बनाइएका थिए । उक्त नियमहरूले सबैलाई बाँधेको छ । राजा वा प्रशासकले यस दण्डलाई मनपरि ढङ्गले चलाउनु हुँदैन भन्ने शास्त्रीय आदेश छ ।

देशको शासन व्यवस्था समुचित दण्ड व्यवस्थामा निर्भर रहन्छ । त्यसैले धर्मशास्त्रहरू दण्डलाई नै शासक ठान्दछन् यही कारणले मनुले स्वयं दण्ड नै राजा हो, भनेका छन् । मनुस्मृतिमा व्यक्तिले होइन सबैको सुरक्षा यही दण्डले गर्छ त्यसैले दण्ड नै पुरुष हो भनेर दण्डको व्याख्या गरिएको छ ।

राज्यव्यवस्था सबल वा कमजोर छ, त्यो कुरा त्यस देशमा रहेको दण्ड व्यवस्थामा निर्भर हुन्छ । विधि र नियम पूर्वक दिइने दण्ड सबल,

---

५ सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम् । ७।२मनु

६ ब्रह्मतेजोमयं दण्डमसृजत्पूर्वमीश्वरं ॥ ७।१४मनु





व्यवस्थित र सर्वशक्तिमान् हुन्छ त्यसैले शास्त्रहरूल भनेका छन् : आफ्नो हातमा छ भनेर व्यक्तिले मनोमानी तरिकाले दण्डलाई चलाउनु हुँदैन ।

पहिले नै हाम्रा धर्मशास्त्रहरूले शासन "व्यक्तिःको होइन विधिको हुनुपर्छ" भन्ने कुरालाई उद्‌घोष गरिसकेका थिए ।

कानुनीराज्यमा कानुनले राज्य गर्छ । शासन दण्ड व्यवस्थाबाट हुन्छ र दण्डव्यवस्था व्यवस्थित गरिएका नियमहरूबाट निर्देशित हुन्छ । त्यसैले **यस विषयमा मनुले लेखेका छन्** : दण्डले नै प्रजालाई शासन गर्छ र सबैको सुरक्षा पनि दण्डबाटै भएको हुन्छ । मानिस सुते पनि दण्ड जागा रहन्छ यो दण्डको धर्म हो ।[७]

त्यसैले विद्वान्हरूले दण्डलाई धर्म भनेका हुन् । शासन शब्दले दण्डलाई नै बुझाउँछ । शासन भनेको विधि वा नियम तोड्नेलाई व्यवस्थित तरिकाले ठीकमा ल्याएर नियम पालन गराउनु हो । यसले असल काम गर्नेहरूलाई सुरक्षा दिएर राज्य र समाजलाई व्यवस्थित बनाउनुपर्छ । समाजमा बसेको स्थिति र मर्यादा मिचेर गलत काम गर्नेहरूलाई दण्ड वा सजाय दिन सक्नुपर्छ । नियम पालन गराउने मूल शक्ति भनेको दण्ड नै हो । यस शक्तिलाई न्याय सङ्गतरूपमा व्यवहारमा ल्याउनुपर्छ । व्यवहार शासनमा निर्भर हुन्छन् । यी सबै सुनिश्चित विधिविधान र वैधानिकताका विधि र व्यवस्थितताासँग सम्बन्धित भएर आएका हुन्छन् ।

## विधि र विधान

सामान्य अर्थमा विधि भनेको तरिका हो । यस शब्दले ढङ्ग र शैलीसँग पनि सम्बन्ध राख्दछ । त्यसैले हरेक काम गर्ने तरिकालाई विधि नै भनिन्छ । विधिलाई योजनापूर्वक काममा ल्याउने प्रक्रियालाई विधान भनिन्छ । यो निश्चित गरिएको पद्धति वा प्रक्रिया हो । पूर्व योजनासँग विधान शब्दको सम्बन्ध रहेकाले योजनापूर्वक काममा ल्याउनका लागि आवश्यकता अनुसार बनाइएका सामाजिक र राष्ट्रिय नियमहरूको सङ्ग्रहलाई पनि विधान कै नाम दिइन्छ । कानुनहरू नियमहरूको सङ्ग्रह

---

७ दण्ड शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति ।
दण्ड सुप्तेषु जागर्ति दण्ड धर्म विदुर्बुधा ॥ ७।१८

भएकाले आजको सन्दर्भमा कानुन यही विधानकै ठाउँमा प्रयोग छन्। विधिको विश्लेषण गर्ने क्रममा शास्त्रकारहरूले यसलाई तीन प्रकारले विभाजन गरेका छन् :

१. अपूर्ण विधि

२. नियम विधि

३. परिसङ्ख्या विधि

यिनीहरूका थुप्रै उपविधिहरू पनि रहेका छन्। विद्वान्हरूले यिनीहरूका बारेमा यसरी चर्चा गरेका छन् :

**१. अपूर्णविधि**

कुनै पनि वस्तुलाई प्राप्त गर्न वा सफलता पाउन नै विधिको आवश्यकता हुन्छ। जुन कुराको प्राप्ति प्रत्यक्ष र अनुमान प्रमाणहरूबाट प्राप्त गर्न सकिँदैन। त्यस्ता कुराको प्राप्तिका लागि मिमांसा आदिमा तर्कद्वारा स्थापित गरेको विधिलाई अपूर्णविधि भनिएको छ।

**२. नियमविधि**

शास्त्रमा प्राप्त विधिबाट (नियम) वा प्रत्यक्ष र अनुमान प्रमाणबाट जुन कुराको प्राप्ति गर्न सकिन्छ त्यस विधिलाई नियमविधि भनिएको छ।

**३. परिसंख्याविधि**

**अन्ययोग व्याकृत्तिमात्र फलको विधि परिसंख्या विधि** भनेर शास्त्रमा परिसंख्या विधिको परिभाषा गरिएको छ। उक्त परिभाषामा कुनै कुराको प्राप्तिको लागि पहिलो पटक विधान गरिएको विधिलाई परिसंख्या विधि भनिएको देखिन्छ।

यसरी पूर्वीयधर्मशास्त्रहरूले प्राचीनसमयदेखि नै सुनिश्चित विधिका प्रक्रियाहरू निर्माण गर्दै ल्याएका छन्। त्यही अनुसारले सम्बन्धित विषयका नीतिनियमहरू बनाउँदै आएका छन्। उनीहरूले राज्य र समाजका लागि एउटा सुनिश्चित वैधानिक र प्रामाणिक पद्धति र प्रणाली अपनाएर समाज र राज्यलाई व्यवस्थित बनाउँदै आएको देखिन्छ।

शास्त्रहरूले व्याख्या गर्दै जाँदा विधि शब्दलाई धर्मको नामले पुकारेका छन्। विधान शब्दको ऐतिहासिकता केलाउँदा सबैभन्दा पुरानो





वैदिक संविधान मनुस्मृति हो त्यसैले प्राचीन कालको न्यायपद्धति खोज्न मनुस्मृतिसम्म पुग्नुपर्ने हुन्छ।

मनुस्मृतिमा **कृत्वा विधान मूले तु** काम गर्दा सुरुमा नै विधान बनाएर गर्नु भन्ने उल्लेख भएको श्लोक छ। यस्तै त्यस स्मृतिमा थुप्रै ठाउँमा विधान शब्दको प्रयोग भएको पाइन्छ। **तदानेन विधानेन याया दरिपुरशन** उक्त प्रसङ्गहरूले विधान शब्दले दिने अर्थ पनि पूर्वयोजनासहितको नियम सङ्ग्रह नै हो भन्ने बुझिन्छ।

हरेक क्षेत्रमा काम गर्नु पूर्व सुनिश्चित विधान तयार गर्नुपर्छ अनिमात्र काम गर्नुपर्छ भन्ने विचार धर्मशास्त्रको हो। न्यायप्रक्रियाको पनि निश्चित नियम हुनुपर्दछ भनेर सर्वप्रथम न्यायका लागि आवश्यक नियम मनुले बनाए। तर उनले उक्त नियम आफूखुसी बनएका होइनन्। तत्कालीन समाजका अभ्यास र भविष्यको परिणाम हेरेर वेदबाट निर्देशित नियमलाई सापेक्ष बनाएर राखेका हुन्। यसको मूल स्रोत त वेदै हो। त्यसैले पूर्वीयशास्त्रहरूको न्यायिक पद्धतिको पृष्टभूमिको खोज र अनुसन्धान गर्दै जाँदा वेदसम्म पुग्नुपर्ने हुन्छ। वेदमा उल्लेख भएको निर्देशनलाई हेर्दा समाज अनुकूल दण्ड, शासन र न्यायका क्षेत्रमा व्यवस्थित विधान वैदिक कालदेखि नै बनाइएका थिए भन्ने बुझिन्छ।

वेदभित्र बाटै मनुले नियमहरूका आवश्यक आधारहरू ल्याएका हुन्। तर व्यवहारमा लागु गर्दा उक्त नियमहरू केही अनुकूल किसिमबाट पनि परिवर्तिन भएका छन् तथापि नियमका आधारभूत स्रोत भने वेदकै सूत्र हुन्। त्यसलाई परिवेश अनुरूप समाजमा ढाल्ने काममात्र मनुबाट भएको हो। मनुस्मृतिलाई हेर्दा त्यस बेला साक्षीका सम्बन्धमा समेत व्यवस्थित नियम र विधानहरू बनाइएका थिए।

विवादको समाधानका लागि साक्षीलाई प्रश्न सोध्न पनि निश्चित विधानको आवश्यकता हुन्छ भन्ने कुरा मनुले उल्लेख गरेका छन्। न्याय प्रमाणबाट सिद्ध हने कुरा हो। प्रमाणमा एउटा महत्त्वपूर्ण प्रमाण साक्षी हो त्यसैले उक्त स्मृतिमा आएको छः साक्षीलाई प्रश्न सोध्न पनि नियमपूर्वक सोध्नुपर्छ,।[८]

[८] साक्षीप्रश्नविधानं च १।११३ मनु

प्रस्तुत विधि र विधान शब्दसँग सम्बन्धित भएर नै विधायन, (नीतिनिर्माण गर्ने काम) विधायक, (नीति र नियमको निर्माण गर्ने) र विधायिका (जनताले शासन सञ्चालनका लागि चुनेका प्रतिनिधिहरूको सभा) जस्ता शब्दहरू आएका हुन् । धर्मशास्त्रहरूलाई हेर्दा प्रथम विधायक वा नियमविनियम निर्माण गर्ने व्यक्ति ब्रह्मा थिए भने त्यसलाई व्यवस्थित रूपले विधायन गर्ने वा बनाउने मनु थिए । स्वयं मनुले बताएका छन् : यो शास्त्र बनाएर स्वयं ब्रह्माले नै पहिलो पटक मलाई पढाएका हुन् ।[९]

यस कुराले नै प्रमाणित गर्छ कि मनुस्मृति मनुका पनि अग्रजहरू (ऋषिमुनि) का नीतिहरूबाट निर्देशित छ । मनुले केवल त्यसलाई व्यवस्थित गर्ने काम गरेका हुन् । केही विषयमा भने परिस्थिति अनुकूलका नियम भने उनले निर्माण गरे किनभने समाज सधैं एकै नासले चलेको हुँदैन । समाज परिवर्तनशील हुन्छ । तथापि मनुले थपेका नियमहरूको आधार भूमिचाहिँ वेद नै थियो ।

मूलतः उनी ब्रह्माबाट सुशिक्षित भई ती आफूले पाएका नियमहरू व्यवहारका लागि लागु गराउन उभिएका हुन् । उनी विज्ञ र विशारद भएकाले उनले आफू उभिएको समाजको स्थितिलाई बुझी ब्रह्मा प्रदत्त ज्ञानलाई समयानुकूल परिवेशमा ढालेका छन् । यसबाट स्पष्ट हुन्छ कि पूर्वमा सैद्धान्तिक नियमहरू तीनचारहजार वर्ष पहिलेबाटै निर्मित थिए ।

त्यस बेला बनाइएका यी विधि वा नियमहरूको सङ्गहलाई ऋत, सत्य र धर्म शब्दले क्रमशः अगाडि सार्दै ल्यायो । धर्मबाट कसरी नियमहरू अगाडि बढ्दै आए भन्ने कुरा व्यावहारिक धर्मको स्रोत खुलाएपछि स्पष्ट हुन्छ । धर्मका स्रोत हुन् : १. वेद, २. स्मृति, ३. सदाचार र ४. आफ्नो मनले उचित ठानेका कुरा । मनुले यिनै मूल चार आधारहरू धर्मका स्रोत हुन् भनेका छन् ।[१०] यिनै आधारहरूबाट शास्त्रका नियमहरू बनेका हुन् । उक्त धर्मकै आधारहरूबाट शास्त्रका नियमहरू बनेकाले सबै नियमहरू धर्म नै हुन गए ।

---

९ इदं शास्त्रं तुं कृत्वासौ मामेव स्वयमादितः १।५८

१० वेदः स्मृति सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुःसाक्षाद्धर्मस्य लक्षणम् २।१२ मनु





मनु यसलाई अझ स्पष्ट पारेका छन् :– सम्पूर्ण वेद, वेदविद्हरूका स्मृति, सदाचारी व्यक्तिहरूको आचरण, आफ्नो मन प्रसन्न हुने कुरा धर्मका मूल स्रोत हुन् ।[११]

यस कुराबाट समस्त नियमहरू मनु स्वयंले एकल मस्तिष्कबाट निकालेका होइनन् भन्ने कुराको पुष्टि हुन्छ । उनले वेदमा रहेका सूत्रविधि वा नियमहरूलाई स्मृतिमा आफ्नो ढङ्गले ल्याएका मात्र हुन् ।

त्यसपछि सदाचारी ऋषिहरूले अपनाएका कतिपय व्यवहारहरू र समाजको परिस्थिति हेरेर आफ्नो राज्यलाई अनुकूल बनाउने केही नियमहरू उनी आफैंले निर्माण गरे ।

मनु संसारकै प्रथम राजा हुनुपर्छ र उनी विद्वान् थिए । त्यस बेलाका विद्वान्हरूमा उनी अग्रणी व्यक्ति मानिन्छन् । स्वयं ब्रह्माले शास्त्र र वेद उनलाई पढाएका थिए त्यसैले उनले बनाएका नियमहरू पनि सर्वव्यापी थिए । उनले बनाएका नियमहरू कुनै एक क्षेत्र, सम्प्रदाय र जाति विशेषसँग मात्र आधारित थिएनन् । मनुस्मृति हेरेपछि यो कुरा स्पष्ट हुन्छ ।

यो कुरा वेदबाट पनि प्रमाणित भएको छ । विद्वान्ले बनाएका व्यवस्थित नियम र उपदेशहरूको पालना गरेर काम गर्ने मानिस बलशाली र संवृद्ध बन्दछ[१२] भन्ने वेदको भनाइबाट नै विधि र नियम महत्त्वपूर्ण हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ । राज्य र समाजका लागि व्यवस्थित नियमको आवश्यकतालाई वेदले नै निर्देशित गरिसकेको छ । वेद त सूत्र हो । यसको व्यवस्थित व्याख्या गर्दै सत्यका आधारमा अन्य नियम बनाउने जिम्मा विद्वान्लाई दिएको छ ।

समाजका लागि बनाइएका नियमहरूलाई अज्ञानवस मिचियो भने त्यसबाट आफू कलिङ्कत भइन्छ त्यसैले त्यस्तो बेलामा न्यायपूर्वक क्षमा दिन वरुणलाई प्रजाले आव्हान गरेको प्रसङ्ग पनि वेदमा पाइन्छ । बनाइएका नियम कानुन मिच्नु आफैँमा अपराध भएकाले गल्तीको महसुस गरी

---

११ वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्
आचारश्चैव साधुनामात्मनतुष्टिरेव च । २।६मनु

१२ अर्वन्तो न श्रवसो भिक्षमाणा इन्द्रवायू सुष्टुतिभिर्वसिष्ठाः ।
वाजयंतःस्ववसे हुवेम यूयं पात स्वस्तिभिःसदा नः॥ ७।९०।७ऋ

पश्चातापमा उत्रिएका मानिसलाई क्षमाको व्यवस्था हुनुपर्छ र जानीजानी गरेकालाई दण्डको व्यवस्था गरी सजाय दिनुपर्छ भन्ने सन्देश वेदको हो ।

वेदमा आएको छ : मनुष्य समुदायमा वैरभाव र द्वेषको भावना आउँछ तर अज्ञानमा गरेको र जानीजानी गरेको एउटै हुँदैन । त्यसलाई विचार गरी क्षमा र दण्डको व्यवस्था हुनुपर्छ ।[१३]

जानीजानी गल्ती गर्नेलाई त्यसै सफाइ दिँदा त्यहाँ अन्याय हुन्छ त्यसैले यस्तो हुनुहुँदैन भन्ने कुरा वेदको हो । समाजमा जसलाई जे मनपर्छ त्यही आचरण गर्नु हुँदैन भन्ने कुरा वैदिक कालमा नै थियो । त्यस बेलादेखि नै समाज रहने हरेक मानिसले नियमभित्र रही व्यवस्थितरूपले काम गनुपर्छ भनेर निश्चित पद्धति र व्यवस्था बनेको थियो त्यसैले वेदहरूको अनुशीलनबाट पूर्वमा इ.सं. पूर्व ५००० वर्षभन्दा अगाडिदेखि नै न्याय प्रणालीको परिष्कृत व्यवस्था भइसकेको थियो भन्ने कुरा प्रमाणित हुन्छ ।

वेदपछि मनुस्मृति सङ्गठित र व्यवस्थित योजना लिएर देखापरेको छ त्यसैले दुईतीन हजारवर्ष पहिलेतिर त हामीकहाँ निकै व्यवस्थित नियमावली बनिसकेका थिए ।

श्रुति र स्मृति बराबर होइनन् । यिनीहरूको आफ्नै महत्त्व छ । स्मृतिहरू धेरै पछिका हुन् । यिनीहरूले परिवेश हेरेर समयसापेक्ष भई अग्रजका व्यवहारबाट नियमहरू थपेका छन् । हरेक समयको सूचक राजा हो ।[१४] भन्ने विचार महाभारतमा आएको छ । राजाले देशलाई जति विकास गर्दै लान्छ त्यति नै समाज विकास हुँदै जान्छ । समाजमा त्यही अनुसारका नियमहरू थपिँदै जान्छन् । यही उक्त विचारको आशय हो ।

यही कारणले धर्मशास्त्रहरूले नियम परिवर्तनको संवाहक राजालाई मानेका छन् किनभने समाजमा परिवर्तन ल्याएर नयाँ स्थिति बसाउने काम राजाको हो त्यसैले राजालाई परिवर्तनको संवाहक मानेको हो तर नीतिनियमहरू राजाले होइन विद्वान्हरूले बनाउनुपर्छ भन्ने धर्मशास्त्रहरूको निर्देशन छ ।

---

१३ द्यत्किं चेदं वरुण दैव्ये जनेऽभिद्रोहं मनुष्या श्चरामसि ७।८९।५ऋ

१४ राजा कालस्य कारणम् १३२।१६ उद्यो.म.





## नियम परिवर्तनको अवस्था

जुनसुकै व्याहारिक नियमहरू पनि निश्चित समयपछि परिवर्तन हुन्छन् । परिवर्तनका आफ्नै महत्त्व हुन्छन् । समयको माग र परिस्थितिले ल्याएको मोडलाई साक्षात्कार गर्नु नै परिवर्तन भएकाले शासनभार हातमा लिएको व्यक्तिले समय र परिस्थितिलाई बुझ्केर परिवर्तनलाई अँगाल्नुपर्ने हुन्छ त्यसैले स्मृतिहरूले कालपरिवर्तकका रूपमा राजालाई लिएका हुन् । परिवर्तकका रूपमा राजालाई किन मानिएको हो भने उनीहरूले नीतिनियमलाई कार्यान्वयन गर्दथे । त्यस समयमा विद्वान्हरूले समयानुकूल नियम विधिविधानहरू तयार पार्दथे । ती नियमहरूलाई कार्यरूपमा राज्यमा कार्यान्वयन गराउने जिम्मा राजाको हुन्थ्यो त्यसैले राजालाई समयबोधी वा कालपरिस्थितिको सूचक मानिएको हो । महाभारतको प्रस्तुत सूक्ति मनुस्मृतिको **राजा हि युगमुच्यते** भन्ने सूक्तिको विवेचन हो । युगानुरूप वा समयसापेक्ष नियम र दण्डको व्यवस्था हुनुपर्छ । परिस्थिति र जनताको भावना बुझ्केर अनुकूल र मर्यादित विधि र नियम बनाउनुपर्छ भन्ने धर्मशास्त्रहरूको सोच हो । मनुले लेखेका छन् : समय र परिस्थितिलाई कुझ्केर परिवेश अनुरूप कामलाई हेरेर नियम र दण्डको व्यवस्था मिलाउनुपर्छ ।[१५]

समायानुकूल दण्ड व्यवस्थाको निर्माण गरी राजाले शासन व्यवस्था चलाउनुपर्छ । शासन व्यवस्थाले देशको भविष्य निर्धारण गरेको हुन्छ । सत्य, त्रेता, द्वापर र कलि भन्नु समय र शासकसँगै गाँसिएर आएका विषय हुन् । सत्यताको अधिकता छ भने त्यो सत्ययुग हो । अर्को अर्थमा न्यायको बलियो अवस्था भएको समय नै सत्ययुग हो । सच्चाइको एकमात्रा घटेपछि त्रेता हुन्छ अर्थात् सत्यता वा न्यायको एक अंश घटेको समय नै त्रेता हो । सत्यता वा न्याय आधा कम भएपछिको समयलाई द्वापर भनिएको हो । यस समयमा छलकपटको मात्रा बढेको हुन्छ । इमान्दारिता र कर्तव्य सुतेको अवस्था नै कलि हो । जालझ्केल र षड्यन्त्रको आधिक्यतालाई कलि भनिन्छ ।[१६]

---

१५ कालमासाद्य कार्यं च राजा दण्डं प्रकल्पयेत ९।२९३ मनु

१६ कलिप्रसुप्तो भवति ३०२।१७

क्रमशः युग अनुसार दण्डव्यवस्थाहरू (अहिले न्यायव्यवस्था भनिएको) पनि कमजोर बन्दै जान्छन् । शासक जति उदार र व्यवस्थित बन्दै जान्छ जनतामा त्यति नै बलिया सम्भावना र अमनचयन रहन्छन् त्यसैले शासनको बागडोर हातमा लिएको राजालाई पनि युग भनिन्छ । त्यस बेलाको परिवेशमा नेता वा राजाका आचरणमै राज्यव्यवस्थाको सम्भावना देखिएकाले राजालाई युग भनेको हो । आजभोलि कलियुग भन्नुको तात्पर्य यही दण्ड व्यवस्थाको कमजोरी र शीर्षस्थ व्यक्तिका कमजोर चारित्रिक कुराहरूले गर्दा हो । राज्यका अग्रणी व्यक्तिहरू नियमभित्र रहे र आचरणमा बसे भने जनताका नैतिकचरित्र सुध्रिन्छन् । अग्रणी व्यक्तिहरू नियमबाहिर वा गलत बाटोतिर गए सबै कुरा बिग्रन्छन् ।

व्यवस्थितताका लागि बनाएका नियम आफैं तोड्ने नेताकै कारण समाजमा कलिको प्रवेश हुन्छ । नियम र व्यवस्थाको परिवर्तन समयसापेक्ष भएर परिवर्तन हुनुपर्दछ । दण्ड, शासन अनि न्यायव्यवस्था पनि युगानुसार बनाइनुपर्छ । शास्त्रहरूले स्पष्टरूपमा भनेका छन् : राजा (राज्यका प्रमुख व्यक्ति)का आचरण र व्यवहारकै कारणले सत्य, त्रेता, द्वापर र कलियुगहरू सिर्जना भएका हुन् त्यसैले राजालाई युग भनिएको हो ।[१७]

सामाजिक दायित्व नलिने नेता वा राजा नै कलि हुन् । उनीहरूका व्यवहारबाटै समाजमा अन्याय, दुराचार र भ्रष्टाचार बढेका हुन्छन् किनभने उनीहरूको आफ्नो कमजोरीका कारण दण्डव्यवस्था फितलो बनेको हुन्छ । त्यसपछि छलकपटबाट व्यवहार चल्न थाल्छन् । छलकपटजस्ता व्यवहारहरू हुनथालेपछि नियम बनाउने व्यक्तिहरू पनि आफ्नो अनुकूलका नियमहरू बनाउन थाल्छन् । यस्ता कुराहरूले देशमा झन् अराजकता निम्त्याउँछ । त्यसैले धर्मशास्त्रहरू कुनै आधारबिना आफू खुसी नियम बनाउनु हुँदैन भन्दछन् ।

स्मृतिहरूले उनीहरूले नियम बनाउँदा अपनाउने स्रोतहरू पनि स्पष्ट उल्लेख गरिदिएका छन् । हाम्रा नियमका आधारभूमि पूर्वीय धर्मशास्त्रहरू नै हुन् त्यसैले नियमहरू बनाउँदा १८ वेद, धर्मशास्त्र र सामाजिक अग्रजहरूका व्यवहारहरूलाई आधार मान्नुपर्दछ भन्ने

---

१७ कृतं त्रेता युगं चैव द्वापरं कालिरेव च ।
राज्ञो वृत्तानि सर्वाणि राजा हि युगमुच्यते ॥९।३०१ मनु





शास्त्रहरूको मत छ ।[१८]

नियम बनाउँदा आफ्नो अनुकूल हुने खालको मात्र बनाइँनु हुँदैन । त्यो व्यावहारिक र सामाजिक परिवेशले खाजेको हुनुपर्छ । त्यसका लागि केही न केही आधार स्रोत पनि चाहिन्छ नै ।

नियम र विनियमहरूको पहिलो प्रमाण वेद नै हो । यो सत्य भएकाले सत्यतालाई पहिलो कोटीमा राख्नु न्यायिक कुरा हो । यसलाई समयानुकूल बनाएर नियम बनाइएका ग्रन्थ स्मृतिहरू हुन् त्यसैले दोस्रो प्रमाण स्मृतिहरू हुन आउँछन् । स्मृतिहरूले निर्माण गरेका नियमहरू समयसापेक्ष हुने हुँदा समय अनुसार नियमहरू परिवर्तन हुँदै जान्छन् त्यसैले निर्णय गर्दा परिवर्तित अवस्थालाई बुझेर निर्णय दिँदा अन्तिम प्रमाणका रूपमा व्यवहार वा लोकसङ्ग्रहलाई अपनाइनुपर्छ ।

स्मृतिहरूले अन्धाधुन्दा लादिएको नियम र निर्णय ठीक हुँदैन भन्ने सङ्केत गरेका छन् । यिनै विशेषताहरूले हाम्रा पूर्वीयधर्मशास्त्रहरू बढी व्यावहारिक र मानवतावादी देखिएका छन् । खुला र उदारतामै यिनीहरूको विशेषता झल्किन्छ । सबै स्मृतिहरूका विधि वा नियमहरू एकै खालका हुँदैनन् । तिनीहरूमा मतभिन्नता आउँछ । यसरी नियम बाझिएको अवस्थामा स्मृतिहरूले एउटा राम्रो निकास दिएका छन् । स्मृतिका नियमहरू बाझिए लोकसङ्ग्रह वा व्यवहार अर्थात् विज्ञ न्यायाधीशहरूले कस्तो निर्णय दिएका छन् त्यसलाई आधार मान्नुपर्छ । त्यसपछि शास्त्रहरूमै तुलना गर्नुपर्‍यो भने योग्यताको दृष्टिमा अर्थशास्त्रभन्दा धर्मशास्त्रलाई शक्तिशाली मान्नुपर्छ[१९] भन्ने शास्त्रहरूको मत रहेको छ ।

यिनै उदाहरणले तत्कालीन न्यायप्रणालीको एउटा स्वस्थ र स्पष्टरूप देख्न सकिन्छ । **धर्मे युगानुसारतः** व्यावहारिकधर्म युग अनुरूपको हुन्छ । हरेकयुग(समय)मा आफ्नै प्रकारका समयसापेक्ष आचरण, नियम वा विनियमहरू बनेका हुन्छन् त्यसैले हरेक स्मृतिहरूमा फरकफरक आचरण र

---

१८ धर्म जिज्ञास मानानां प्रमाणं परमंश्रुति ।
द्वितीयं धर्मशास्त्रणि तृतीयं लोकसंग्रहः ॥ पाराशरस्मृति

१९ स्मृत्यो विरोधे न्याय्यस्तु बलवान व्यवहारतः ।
अर्थशास्त्रत्तु बलवद्धर्मशास्त्रमिति स्थितिः व्या।२१। या

नियमहरू देखिएका हुन् । ती सबैको सत्यको आधारभूमिचाहिँ एउटै छ तर त्यो सत्यलाई प्राप्त गर्ने नियम र मार्गचाहिँ अलगअलग देखिन्छन् । यसैले कलिमा मनुस्मृति होइन पाराशर स्मृतिलाई ऋषिमुनिले आधार मानेका छन् । **कलौ पाराशरस्मृतिः** (आदित्य पुराण) उदाहरणका रूपमा मनुस्मृतिमा नरहेको दोस्रो विवाहको अधिकार पाराशरस्मृतिमा दिइएको छ। पाँच परिस्थितिमा नारीले दोस्रो विवाह गर्न सक्ने विचार यस स्मृतिमा छ । यस कुरालाई मनुले आफ्नो समयमा ठीक ठानेका थिएनन् तर पछि आएर यो कुरा समयको आवश्यकता बन्न पुग्यो ।

स्मृतिहरूले समयलाई बुझेर न्यायप्रणाली र दण्ड व्यवस्थाहरू धेरै अगाडि वा वैदिक कालदेखि नै व्यवस्थित थिए र विश्वकै गुरु भएर रहेका थिए भन्ने कुरा प्रमाणित गरेका छन् ।

धर्मशास्त्रहरूको मूल उद्देश्य सुख र आनन्दपूर्वक बस्न सकिने समाजको निर्माण गर्नु हो । समाजलाई सुखी र संवृद्ध भएको हेर्ने हो त्यसैले उनीहरूले राज्यका नियमहरू र आचरणलाई व्यवस्थित बनाउनुपर्छ भन्ने कुरातिर विशेष ध्यान दिएका हुन् किनभने राज्यका नियमहरू व्यवस्थित बनाउन सकिएन भने समाज व्यवस्थित बन्न सक्दैन ।

दक्षस्मृतिले स्पष्ट उल्लेख गरेको छ : समाजमा सबै वर्गका मानिसहरू हुन्छन् । ती सबैले आ-आफ्ना क्षेत्रका सम्बन्धित नियमहरूलाई यत्नपूर्वक पालन गर्नुपर्छ । वर्णाश्रमधर्म पनि सुखकै उद्देश्यले आएको हो । संसारमा सुख नचाहने कोही मानिस हुँदैनन्, त्यसैले तिनीहरूकै सुखका लागि धर्म जन्मिएको हो ।[२०]

यस कुरालाई सबैले मनन गर्नुपर्छ र सबैले आफूले पालन गर्नुपर्ने नियम (धर्म) नमिची काम गर्नुपर्छ । प्रयुक्त धर्म र नियम शब्द आजको कानुन शब्दसँग सम्बन्धित छन् । प्रस्तुत श्लोकको आशय सुख चाहनेले कानुनसम्मत व्यवहार गर्नुपर्छ भन्ने हो । कानुन गलत छ भने के गर्ने भन्ने प्रश्न पनि उठ्नसक्छ तर यस विषयमा स्मृति र वेदहरू अत्यन्तै सचेत छन् त्यसैले अमिल्दा नियमहरू कसैले कोच्याएर लागु गराउनु हुँदैन । त्यहाँ

२० सुखं वाञ्छन्ति सर्वैहि तच्च धर्म समुन्दवम् ।
तस्माद्धर्मः सदाकार्यः सर्ववर्णे प्रयत्नतः ३।२४





नमिल्दा कुराको तत्काल सुधार गरिहाल्नुपर्छ भन्ने उनीहरूको विचार छ । यसर्थ समाजका लागि बनाएका नियमहरू नमिल्ने अवस्थामा पुग्नासाथ उक्त नियमहरूका सट्टामा नयाँ नियमहरू समाजको परिवेश अनुसार स्थापित गर्नुपर्छ ।

## नियमनिर्माता

पूर्वीयशास्त्रहरूको कथन अनुसार नियमहरू भनेका धर्मकै पाटा हुन् त्यसैले नियमहरूलाई धर्म नै भनिन्छ । यस्ता नियमहरू जो सुकै व्यक्तिले बनाउनु हुँदैन । यस विषयमा शास्त्रहरू भन्दछन् : वेदविद् तीन वा चारजनाले निष्कर्ष निकालेर जे भन्दछन् त्यही धर्म हुन्छ । वेद नबुझ्ने हजारजना व्यक्तिले बनाए पनि त्यसलाई धर्म मानिदैन । वेदपारङ्गत स्मृतिविद् चार वा तीनजना विद्वान्ले निश्चित गरी जे भन्दछन् त्यही धर्म हुन्छ वा वास्तविक नियम त्यही हो ।[२१]

यहाँ प्रस्तुत भएको चारजना भन्नाले ऋग्, यजु, ,साम र अथर्ववेदका ज्ञाता विद्वान्हरूको समूह भन्ने बझिन्छ । ऋग्वेद विज्ञानसँग सबन्धित छ र यसमा समाजशास्त्रीय ज्ञान पनि प्रशस्त छ । राजा, राज्य र समाजलाई चाहिने सामाजिक नियमहरू यसैमा रहेका छन् त्यसैले राज्य र समाजका लागि नियमहरू बनाउँदा त्यसबेला ऋग्वेदका ज्ञाता हुनु अनिवार्य हुन्छ । यसरी नै सनातनधर्म र कर्मकाण्डका कुराहरू यजुर्वेदमा रहेकाले वैदिककालदेखि चल्दै आएका धार्मिक सँस्कार र संस्कृतिका लागि बनाइँने नीतिनियमभित्र समेट्नुपर्ने हुन्छ त्यसैले नियम निर्माण गर्नेहरूमा यजुर्वेदका ज्ञाता रहनुपर्ने कुरा शास्त्रहरूले उल्लेख गरेका हुन् । नीतिनियमको निर्माणमा सामवेदको अन्यवेदको तुलनामा त्यति जरुरी हँदैन तथापि यसभित्र उपासना अर्थात् योग र साधनाको प्रचुर ज्ञान रहेको हुन्छ । समाजलाई सही बाटोमा लैजान यसको पनि त्यतिकै आवश्यकता रहन्छ किनभने पूर्वीय समाजमा उपासनाको धेरै ठूलो हात रहेको छ त्यसैले नियम

२१ चत्वारोऽपि त्रयो वापि यद् ब्रूयु वेदपारगाः ।
स धर्म इति विज्ञेय नेतरेषां सहस्रशः ॥
अव्रतानाममात्राणां जाति मात्रोपजीविनाम् ।
सहस्रशः समेतानां पर्षत्वं नैव विद्यते ॥३ अध्याय १ वशिष्ठ

निर्माताहरूमा सामवेदको ज्ञाता पनि हुनु आवश्यक छ ।

अथर्ववेद ज्ञानसँग सम्बन्धित छ । यो दर्शनको मूल आधार स्रोत हो । सामाजिक नियमहरूमा दर्शनको त्यतिकै आवश्यकता हुन्छ । ज्ञानको आवश्यकता केमा पर्दैन र ! दार्शनिक भावभूमि हरेक नियमभित्र हुनुपर्छ त्यसैले नीतिनिर्माताहरूमा अथर्ववेदका ज्ञाता पनि रहनुपर्ने हुन्छ । त्यसैले नियमनिर्माणमा बस्ता ऋग्, यजु र सामवेदका ज्ञाता हुनैपर्छ भनेको हो । स्मृतिहरूले यस तीन वा चारजनाको समूहलाई परिषद वा ब्रह्मसभा भनेका छन् । स्मृतिकारहरूको भनाइछ, उक्त वेदविद् विद्वान्हरूका अभावमा हजारजना मिलेर नियमहरू बनाए पनि त्यो धर्म वा नियम मान्य हुँदैन । यसबाट पूर्वीय दर्शनमा कानुनको निर्माण राज्यको काम नभई विद्वानहरूको काम हो भन्ने प्रष्ट छ । पश्चिमी दर्शनले कानुनलाई राज्यको अधीनमा राखेको छ ।

उक्त वेदविद्हरूलाई ब्राह्मण शब्दले चिनाइन्छ । स्मृतिहरूले ब्राह्मणको अर्थ विज्ञ र ब्रह्म चिन्तनका ज्ञानी भनेका छन् । जातिमात्रका ब्राह्मणलाई विधायक बनाउन निषेद छ । आचरण र जातिमात्रका ब्राह्मण हजारजना बसे पनि त्यो ब्राह्मण सभा (विधायक समूह) वा परिषद हुन सक्तैन । परिषद बन्न त वेदविद्हरूको समूह हुनुपर्छ

यसरी विधायक बनेका व्यक्तिहरूले विचार विमर्शपछि जुन नियम बनाउँछन् । त्यसलाई लागु गराउने राजा हुन् त्यसैले स्मृतिले स्पष्ट शब्दमा उल्लेख गरेका छन : सबै क्षेत्रका लागि उक्त विद्वान्ले बनाएका नियमहरूलाई व्यवस्थित रूपले राज्यले लागु गराउनुपर्छ । शासक, जनता वा कृषि र व्यापारसँग सम्बन्धित र प्राविधिक सबैले आफ्ना क्षेत्रका नियमलाई मान्नुपर्छ । तीन वर्णहरू ब्राह्मणहरूले बनाएका नियमभित्र रहेका हुन्छन् । राजा पनि तिनै ब्राह्मणहरूले बनाएका नियमभित्र बस्नुपर्छ त्यसैले ब्राह्मणको विशेष महत्व हुन्छ । नाममात्रका ब्राह्मणको कुनै महत्त्व हुदैन ।[२२]

उक्त ब्राह्मण शब्दले विद्वत्तालाई बुझाएको छ । प्रस्तुत ब्राह्मण

[२२] त्रयोवर्णा ब्राम्हणस्य वशेवर्तेरनु तेषां ब्राम्हणो धर्म य ब्रूयात्तं राजा चानुतिष्ठेत ॥ १ वसिष्ठ स्मृति





शब्दलाई वशिष्ठले यसरी विश्लेषण गरेका छन्: सत्य र असत्यको भेद बुझ्न सक्ने र सदाचार र दुराचारलाई चिनाउन सक्ने सही ज्ञान भएको ब्रह्म ज्ञानी नै ब्राह्मण हो ।[२३]

विद्वान् भएपछि मात्र ब्राह्मण बन्न सक्ने भएकाले ती विद्वान्ले मात्र सही नियम र सदाचार दिन सक्दछन् । अनभिज्ञ र त्यत्तिकै ठूलो ठानिएका मानिसबाट नियम बनाइनुहुँदैन । नियमहरू त्यसै निर्माण भएका हुँदैनन् । त्यसका पनि सीमा र स्रोत हुन्छन् । त्यसलाई बुझ्न सक्नेमात्र धर्मका निर्णय कर्ता र नियम निर्माता हुन् सक्छन् । आदिकालमा श्रुति र स्मृति बुझेकालाई मात्र राजाले नियम निर्माणका लागि आग्रह गर्दथे । त्यसबेला शासकहरू आफू खुसी नियम बनाउँदैनथे ।

## निर्णय दिनु अघि अपनाइने वैज्ञानिक व्यवहार

न्याय दिन बस्नेका लागि शास्त्रले न्यायिक पद्धतिको निर्धारण गरेको छ । पूर्वीय धर्मशास्त्रहरूमा प्राचीनकालदेखि नै न्यायिक पद्धतिको विकास भइसकेको थियो । वादी र प्रतिवादी दुवैका कुराहरूलाई व्यावहारिक ढङ्गले हेरी निर्णयमा पुग्नु अघि चारवटा विधि अपनाएर मुद्दा छिन्नुपर्छ भनेर याज्ञवल्क्यले प्रस्तुत गरेका छन् ।

१. भाषापाद (प्रतिज्ञा)
२. उत्तरपाद (प्रत्युत्तर)
३. क्रियापाद ( साक्षी प्रमाणको उपस्थिति)
४. साध्यसिद्धि - निर्णय

विशेष प्रक्रिया पुऱ्याएरमात्र निर्णय दिनुपर्ने प्रसङ्गलाई याज्ञवल्क्यले उल्लेख गरेका छन् ।

सबै सभासदले पूर्वपक्ष र उत्तरपक्षका विषयमा सबुत प्रमाणहरूको

[२३] यन्नसंतं नचासंतं नासतं नषहुश्रुतम् ।
नसुकृतं नदुर्वृत्तं वेद कश्चित्स ब्राम्हण इति॥ ४ वशिष्ठ

विश्लेषण गरी विचार पुऱ्याएरमात्र न्याय दिनुपर्छ ।[२४]

यस कुरालाई कात्यायनले पनि वर्णन गरेका छन् : पूर्वपक्ष, उत्तरपक्ष, प्रत्याकालीन र क्रिया भनेर उक्त स्मृतिले उल्लेख गरेको छ । यहाँ प्रयोग भएको पूर्वपक्ष भनेको वादी उत्तरपक्ष भनेको प्रतिवादी हो ।

वर्तमान अवस्थामा व्यवहारसँग सम्बन्धित नियमहरू र नियम विपरीत जानेलाई दण्ड वा विवाद परेका विषयमा सत्यको परीक्षण गरी दोषीलाई दोषको अनुपातमा दण्ड र निर्दोषलाई न्याय दिने नियम विनियमहरू बढी क्रियाशील बन्दै गएका छन् । न्याय दिने यावत प्रक्रियाहरू पुरा गर्दागर्दै पनि दोषी र निर्दोष छुट्याउन नसकिने अवस्था सिर्जना हुन पनि सक्छ । त्यसैले मुद्दा हेर्दा अत्यन्तै गम्भीर भएर प्रामाणिकताको पहिचान गर्न तल्लीन हुनुपर्छ । दोष र निर्दोष केलाउने हरेक न्यायिक व्यक्तिले सावधानी भएर काम गर्नुपर्ने हुन्छ । यस कुरालाई स्पष्टपार्न नारद स्मृतिमा लेखिएको छ :

गम्भीर भएर वादी र प्रतिवादीका कुराहरूलाई केलाइएन भने चोर साधु र साधु चोर बन्दछ ।[२५]

यस भनाइको आशय हो प्रमाणहरू जुटाएर राम्ररी विवेचनापूर्वक गरेको निर्णयमा पनि कहिले कहीँ दोष भेटिन सक्छ,त्यसैले न्यायिक व्यक्तिले गुणदोष केलाउँदा सम्बन्धित विषयमा संवेदनशील भएर हेर्नुपर्छ । व्यवहारमा साधु चोर र चोर साधु बनेका दृष्टान्तहरू पनि छन् । माण्डव्य ऋषिलाई पनि चोरको दोष लागेको थियो तर तपशक्तिले उनी आफैँ निर्दोष सावित भए । सबैमा यस्तो तपशक्ति हुँदैन । यस दृष्टान्तलाई उभ्याएर धर्मशास्त्रहरू निर्णयदातालाई अझै सचेत भएर विवेचनपूर्वक निर्णय दिन सन्देश दिन्छन् । यसबाट के बुझ्नुपर्छ भने तथ्य प्रमाणहरूलाई पनि सावधानीपूर्वक विवेचन गर्न सक्नुपर्छ अनिमात्र वास्तविकतामा पुग्न सकिन्छ ।

२४ आवेदन समये कार्यमात्रं लिखितं प्रत्यथिनोऽग्रतः ।
सभासादि विशिष्ठ लिख्यते इति विशेषत।
भाषा, प्रतिज्ञा, पक्ष इति नाथोन्तरम् -२।६ याज्ञ मिताक्षरा

२५ यात्यचौरोऽपि चौरत्वं चौरश्चायात्यचौरताम् ।
अचौरश्चौरतां प्राप्तो माण्डव्यो व्यवहारतः ॥ १।४२ नारद





पूर्वीयधर्मशास्त्र (विधिशास्त्र) हरू आँखा चिम्लिएर आत्माले जे हो जस्तो ठान्छ त्यही सत्य हो भनेर निर्णय दिने कुराको विपक्षमा छन् । हृदयले जे देख्छ त्यो ब्रह्मा न्याय हो कुनै निर्क्योलमा पुग्न सकिएन भने यस्तै ब्रह्म न्याय गर्नु भन्ने शिक्षा कसैले दिन्छ भने त्यो गलत न्याय हो ।

ब्रह्म भनेको ज्ञान हो त्यसैले प्रमाणित तथ्य वा सत्यसँग यसको सम्बन्ध रहेको हुन्छ त्यसैले प्रमाणद्वारा प्रमाणित नभई कसरी ब्रह्म न्याय हुन्छ ? न्यायकर्ताले अन्तर्मनदेखि नै सूक्ष्मरूपले विवेचना गरेर सही कुरा पत्ता लगाएरमात्र न्याय दिनु भनेको नै ब्रह्मन्याय हो ।

पूर्वीयशास्त्रहरूले न्यायलाई सम्पूर्ण सामाजिक व्यवहारहरूलाई व्यवस्थितरूपमा स्थापना गर्ने शक्तिका रूपमा लिएका छन् त्यसैले माथि धर्मको रूपलाई सूक्ष्म अंशका रूपमा चिनाइएको छ । यसबाट पनि सूक्ष्म अवलोकनको सङ्केत पाइन्छ । धर्मशास्त्रहरूले हरेक विवादलाई गहन र गम्भीर ठानेका छन् र विवादको निर्णय गहन अवलोकनबाट मात्र गर्नुपर्छ भनेका छन् । शास्त्रहरू भन्दछन्: कामहरू अधिक हुन्छन् । मनुष्यको स्मरणशक्तिचाहिँ कम हुन्छ र समय पनि छोटो हुन्छ त्यसैले ऋण आदानप्रदानका विवादहरू तत्काल टुङ्ग्याई हाल्नुपर्छ । जति लामो समय लगायो उतिनै जटिलता थपिँदै जान्छ र सही प्रमाण जुटाएर निदान निकाल्न कठीन हुन्छ । ।[२६]

कुनै एक विषयमा विवादमा परेपछि विवाद सुल्झाउन लागेका व्यक्तिहरूले त्यसलाई टुङ्गो नलगाई अन्यत्र दिमाग लगाउनुहुँदैन । यसो गरियो भने ठीक न्याय दिन सकिँदैन । राजा वा न्यायकर्तालाई न्याय दिने अधिकार छ तर गलत न्याय दिने छुट भने उनीहरूलाई छैन भन्ने तथ्य कुरा स्मृतिहरूमा उल्लेख भएको छ ।

## न्यायका लागि मनोविज्ञान

शास्त्रहरू स्पष्ट छन् । उनीहरू आपराधिक मनोवृत्तिले गरेको अपराध र अनायास भएको अपराधलाई न्यायकर्ताले बुझ्नुपर्छ अनिमात्र

२६ गहनत्वाद विवादानामसामर्थ्यात् स्मृतेरपि ।
ऋणादिषु हरेत्कालं कामं तत्वबुभुत्सया । १।४४ नारद

न्यायअन्याय छुट्याउन सजिलो हुन्छ भन्दछन्। राजाले (न्यायाधीश) स्वधर्मको पालन गर्न अपराधी वा दोषीको मनोवृत्ति वा अपराध वा गलत काम गरेको परिवेश र परिस्थितिलाई राम्ररी परीक्षण गर्नु, यसबाट अपराध गर्ने मनोवृत्तिबाट भएको काम हो वा अञ्जानमा भएको हो वा बाध्यतावश हुन पुगेको हो त्यो राम्ररी बुझिन्छ। अपराध गर्ने व्यक्ति साधु वा दुष्ट हो त्यसलाई राम्ररी बुझेरमात्र दण्ड र न्याय दिनाले धर्मको (न्यायको) अस्तित्व बाँच्छ।[२७]

यसबाट पनि सूक्ष्म अवलोकन र निरीक्षणविना दिएको न्याय वा दिएको दण्ड अनुचित हुन्छ भन्ने दर्शाएका छन्। मानिसको मनोवृत्ति एकै खालको हुँदैन भन्ने शास्त्रको मत हो।

लोभ र इर्ष्याले गरेका कामहरू सही हुँदैनन्। यस्ता मानिसहरू नक्कलि प्रमाण र साक्षी राखेर गलत कामलाई सत्य बनाउन सक्छन् त्यसैले प्रमाण र साक्षीका भनाइको पनि प्रमाणिकरण गर्नुपर्छ भन्ने शास्त्रहरूको भनाइ छ : कतिपय मानिसहरू लोभका कारण गलत र झुटा नक्कली प्रमाणहरू ल्याउँछन् र कतिपय मानिसहरू झुटो साक्षी पनि बन्दछन् त्यसैले न्यायाधीश वा राजाले लिखित प्रमाण र दिएका साक्षीका वयानहरूको पनि सत्यताको जाँच वा परीक्षण गरेरमात्र निर्णय दिनुपर्छ। यतिमात्र होइन साक्षीको व्यवहारलाई पनि न्यायकर्ताले विश्लेषण गर्नुपर्छ।[२८]

यहाँ साक्षी र लिखित प्रमाण ल्याउनेका आचरण र व्यवहारलाई पनि निरीक्षण गर्नुपर्ने प्रसङ्ग पनि उल्लेख गरिएको छ। न्याय दिने कुरामा धर्मशास्त्रहरू ज्यादै संवेदनशील देखिन्छन्। विना निष्कर्ष हचुवाका भरमा दिने निर्णयले राज्यलाई नै पतनतिर लैजान्छ भन्ने उनीहरूको मत छ।

उक्त प्रसङ्गहरूले न्याय दिने कुरामा आइपर्ने महत्वपूर्ण समस्यालाई

---

२७ कि तु राज्ञा विशेषेण स्वधर्ममनुरक्षता।
मनुष्य चित्तवैचित्र्यात् परीक्ष्या साध्वसाधुता १।६८ नारद

२८ पुरुषाः सन्ति ये लोभात् प्रबुयुः साक्ष्यमन्यया।
सन्ति चान्ये दुरात्मानः कुट लेख्याकृतो जनः १।६९ नारद
अतः परीक्ष्यमुभयमेतद्राज्ञा विशेषतः।
लेख्याचारेण लिखितं साक्ष्याचारेण साक्षिणाः १।७०





औँल्याएर देखाएको छ। कतिपय अवस्थामा निर्दोष मानिस पनि दोषी देखिन सक्छन्। यस्ता विषयमा शास्त्रहरू निकै सचेत देखिएका छन्। उनीहरूले मानिसका राम्रा र नराम्रा व्यवहारहरूका बारेमा स्पष्टरूपमा उल्लेख गरेका छन्। उनीहरू भन्दछन् : ज्यादै सोझो मानिस बोल्न डराएर सही कुरा भन्न नसक्दा दोषी देखिन्छन् किनभने यस्ता मानिसमा दृढता पनि हुँदैन सामान्य कुराले पनि यिनीहरू लकपकाउने हुन्छन्। तिनीहरूलाई ती चलाख न्यायकर्ताले आफ्नो सरल बोलीबाट आफ्नो अनुकूलको कुरा वा अर्थ निकालिरहेका छन् भन्ने थाहा हुँदैन। एकातिर चलाखहरू आफ्ना दोषहरू लुकाएर निर्दोष बनिरहेका हुन्छन्। बोलीमा निपूर्ण भएर निर्दोष देखिन्छन् त्यसैले सबुतप्रमाण र व्यक्तिहरूको आचरण र चरित्रसमेत राम्ररी परीक्षण गरेरमात्र न्याय दिनुपर्छ।[२९]

सत्य, असत्य र दोषी, निर्दोष देखिन सक्छन् भन्ने कुराको उदाहरण स्मृतिमा बडो सुन्दर तरिकाले दिएको छ। टाढाबाट हेर्दा पृथ्वी र आकास जोडिएजस्ता देखिन्छन् र जुनकिरीको पुच्छर आगोजस्तो देखिन्छ तर यी दुवै सही होइनन् त्यसैले प्रत्यक्ष देखिएका कुरालाई पनि परीक्षण गर्नुपर्छ। गहिरिएर प्रमाणहरू, साक्षीहरूका कुरा र दोष लगाउनेका कुराहरूको अध्ययन र परीक्षण गरेर निर्क्यौलमा पुग्ने राजा वा न्यायाधीशले मात्र धर्मको रक्षा गर्न सक्छ। यहाँ प्रयोग भएको धर्मको रक्षा शब्दले परिपक्व न्यायलाई सङ्केत गरेको छ।

गलत काम गर्नेहरूलाई दण्ड दिने व्यवस्था यदि धर्मशास्त्रहरूमा लेखिएको भेटिएन वा यस विषयमा दण्डको व्यवस्था नै छैन भनेर कोही मानिस उद्दण्ड भएर गलत काममा लाग्छ भने राज्यले त्यस्तो मानिसलाई दण्डित गर्ने नियम बनाउनुपर्छ भन्ने शास्त्रहरूको सन्देश छ।

## न्यायका लागि प्रमाण र दण्ड

न्यायको मुख्य अङ्ग दण्ड हो। दण्ड व्यवस्था प्रभावकारी रहेमात्र समाजिक र राष्ट्रिय व्यवस्थाहरू व्यवस्थित हुन्छन् त्यसैले धर्मशास्त्रहरूले

---

२९ असत्याः सत्यसङ्काशाः सत्याश्चासत्यसन्निभाः।
दृश्यन्ते विविधा भावास्तस्माद्युक्तं परीक्षणम् १।७१ नारद

दण्डलाई ब्रह्मकै अंश मानेका छन् । स्मृतिले वर्ण, आश्रम र राज्य आदि सम्पूर्णको रक्षक दण्डलाई मानेका छन् । मनुस्मृतिले त दण्डको महत्त्व बुझाउँदै भनेको छ :–वास्तवमा व्यक्ति राजा होइन, राजा भन्नु नै दण्ड हो, पुरुष भनेको दण्ड नै हो । नेता भन्नु पनि दण्ड हो, चार आश्रम भन्नु पनि दण्ड हो सम्पूर्ण धर्मको साक्षी दण्ड नै हो ।[३०]

त्यसैले दण्डलाई राम्ररी प्रयोग गर्नुपर्छ भनेर उक्त प्रसङ्गले दण्डको श्रेष्ठतालाई बुझाएको छ ।

समाजमा अनुशासन तोड्ने र अव्यवस्थित बन्ने व्यक्तिलाई व्यवस्थित बनाउन दण्डको व्यवस्था गरिएको हो । कसैलाई दण्ड दिनु पर्ने हो भने दण्डित हुनुपर्ने कारणहरू त्यसलाई प्रमाणित गर्ने आधारहरू पनि दिनुपर्ने हुन्छ । त्यसका लागि आवश्यक नियमहरू बनाउनुपर्छ किनभने नियमको अभावमा समाज अव्यवस्थित बन्दछ त्यसैले धर्मशास्त्रहरूमा कुनै विषयमा कतै आवश्यक परेको नियम देखिएन भने राज्यले त्यसका लागि नियम बनाउनपर्छ भन्ने शास्त्रहरूको मत छ । दण्डको प्रभावकारिताबाटै राज्य वा सामाजिक कामहरू सुचारु हुन्छन् । गर्नुपर्ने कामहरू र कर्तव्यहरू पनि नियमित बन्दै जान्छन् ।

शास्त्रहरूले उल्लेख गरेका यी कुराहरूबाट के बुझ्न सकिन्छ भने समाज वा राज्यलाई व्यवस्थित बनाउन सामाजिक परिवेशलाई हरेर नयाँनयाँ नियम कानुनहरू बनाउन राज्यले पहल गरिरहनुपर्छ । समाज वा राज्यमा फरकफरक किसिमका समस्याहरू जन्मिरहन्छन् । तिनीहरूलाई समाधान गर्न सक्ने आधारहरू तयार गर्न राज्यले प्रयत्न गर्नुपर्छ । जसरी समाजमा परिवर्तन भइरहन्छ त्यसरी नै नियम र कानुन पनि परिवर्तन भइरहन्छन् त्यसैले परिवेश अनुरूप नियम बनाउनुपर्छ । देशकाल, पक्षप्रतिपक्ष दुबैको शक्ति अनि नियम र शास्त्रहरूको राम्रो अध्ययन गरेरमात्र दण्डो विधान लागु गर्नुपर्छ ।[३१]

विचारपूर्वक दिएको दण्डले मात्र जनतामा विश्वास जन्माउँछ ।

[३०] स राजा पुरुषो दण्डः स नेता शासिता च सः ।
चतुर्णामाश्रमाणांच धर्मस्य प्रतिभूः स्मृतः । ७ ।१७

[३१] तं देशकालौ शक्तिं च विद्यां चावेक्ष्य तत्वतः ।
यथार्हतः संप्रणयेन्नरेष्वन्यायवर्तिषु ॥७।१६मनु





शान्ति र सुरक्षा दण्डको कार्यान्वयन पक्षसँग सम्बधित हुन्छन् त्यसैले जुनसुकै पनि परिस्थितिको साक्षी दण्ड हुन्छ भन्ने तर्क स्मृतिहरूको छ । यही शास्त्रीय मतका कारणले **शासन व्यक्तिको होइन विधिको हुनुपर्छ** भन्ने विचार जन्मिएको हो । स्मृति भन्दछ : शासन व्यक्तिले होइन दण्डले गरेको हुन्छ । राज्यका सबै कुराको सुरक्षा पनि दण्डले नै गरेको हुन्छ । स्मृतिमा उल्लेख गरिएको छ : दण्ड कहिल्यै विश्राम गर्दैन अरू सबै सुतेका बेलामा पनि दण्ड जागेको हुन्छ त्यसैले विद्वान्हरू दण्डलाई धर्म भन्दछन् ।[३२]

किनभने धर्म व्यापक र सत्यतासँग गाँसिएको विषय हो र दण्डले पनि सत्यतासँग सम्बन्ध राख्दछ । दण्डको सार्वभौम महत्त्व प्रकाश पार्ने क्रममा मनुले दण्डहीनताले सबैको अकल्याण हुने विचार उल्लेख गरेका छन् । समाजका सामान्यपक्षदेखि राज्यका उपल्लो पक्षसम्मका सबैपक्षमा दण्डको प्रभाव समान हिसाबले रहेमात्र दण्डको प्रभावकारिता रहनेहुँदा दण्ड प्रदान गर्दा सम्बन्धित पक्षले ज्यादै संवेदनशील हुनुपर्छ भन्ने भाव स्मृतिमा आएको हो । विचारपूर्वक दिएको दण्डले सबैलाई सन्तोष र सुखी बनाउँछ भने लापर्वाही किसिमले दिएको दण्डले सबैको विनास गर्छ ।[३३]

यतिमात्र होइन कि दण्ड दिनुपर्ने व्यक्तिलाई मोह, रबाफ, धाक र पैसाका कारणले उचित दण्ड दिइएन भने त्यहाँ अराजकता फैलिन्छ र बलियाले निर्धालाई दुःख दिन्छन् अनि दुर्बल जनताहरू झिरमा उनेका माछाजस्ता हुन्छन्[३४] भन्ने मनुको तर्क छ ।

उक्त मनुको भनाइ ज्यादै सान्दर्भिक देखिन्छ त्यसैले शास्त्रहरू बनाइसकेको नियम राम्ररी लागु गर्नुपर्छ भन्ने सन्देश दिन्छन् । दण्डको महत्व स्पष्ट्याउने क्रममा स्मृतिमा लेखिएको छ :

इमान्दारपूर्वक लागु गरेको दण्डकै कारणले मानिसहरूले नियम

[३२] दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति ।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः।७।१८।मनु

[३३] समीक्ष्य स धृतः सम्यकसर्वा रञ्जयति प्रजा :।
असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः॥ ७।१९मनु चौखम्बा संस्कृत प्रतिष्ठान दिल्ली पं रामेश्वरभट्ट टीका द्वितीय संस्करण २००१ ई

[३४] यदि नप्रणयेद्राजा दण्डं दण्ड्येष्वतन्द्रितः ।
शूले मत्स्यासनवापक्ष्यन्दुर्बलान्बलवत्तराः ।७।२०

तोड्दैनन् । यही दण्डकै भयले चराचर प्राणीले आफूले निर्बाह गर्नुपर्ने कर्तव्य छोड्दैनन् र आफ्नोआफ्नो भोग भोग्दछन् ।[३५]

दण्डविधान प्रभावकारी नहुन्जेल मानिस डराउँने मुख्य ठाउँ नै हुँदैन त्यसैले दण्ड व्यवस्थासँग सबै मानिस डराउनुपर्छ । जहाँ प्रभावकारी दण्ड हुन्छ त्यहाँ नियम विपरीत काम गर्न जो कोही डराउँछन् । हरेक क्षेत्रमा रहेका सबै मानिसहरू यही दण्ड व्यवस्थाकै कारणले आफूले गर्ने काम राम्ररी गर्छन् । दण्ड व्यवस्था कमजोर हुनासाथ सबै क्षेत्रमा कमजोरी आउँछ ।

यस कुरालाई मनुस्मृतिले अझ राम्ररी स्पष्ट पारेको छ : स्वाभाविकरूपमा निर्दोष (कर्तव्य निष्ठ) मानिसहरू कम छन् त्यसैले सजिलै मानिसहरू न्यायपथमा जाँदैनन् त्यसैले त्यस्ता मानिसमा दण्डको भय हुनैपर्छ ।[३६]

त्यसैले जो प्रशासकले प्रभावकारी दण्ड विधान गर्छ त्यसको धर्म, अर्थ र कामको वृद्धि हुन्छ । जसले गर्दैन उसलाई त्यसैले मार्दछ भन्ने मनुले सन्देश दिएका छन् । यसले गर्दा पूर्वीयशास्त्रहरूले दण्डलाई शक्तिशाली पार्न दण्ड व्यवस्था बलियो बनाउँन निर्देशन दिन्छन् ।

मुद्दा परिसकेपछि सम्बन्धितपक्षका दोष र निर्दोष केलाउन प्रमाणको आवश्यक हुन्छ । कुनैपनि कुराको निर्णय दिनु अघि राजा वा न्यायाधीशले प्रमाण जुटाउने काम गर्नुपर्छ । शास्त्रहरूले प्रमाणलाई न्यायको मेरुदण्ड मानेको छ । यदि प्रमाणहरू प्राप्त भएन वा प्रमाण भेटिएन भनेर त्यतिकै दण्ड दिइहाल्नु हुँदैन । हरतरहले प्रमाण उपलब्ध गराउन प्रयत्न गर्नुपर्छ । प्रमाण भएन भनेर जथाभावि गरियो भने अव्यवस्था हुन्छ ।[३७] प्रमाणको भार पुऱ्याउनु पर्ने आधुनिक सिद्धान्तलाई यस सिद्धान्तले पुष्टि गरेको छ ।

---

३५ तस्य सर्वाणि भूतानि स्थावराणि च ।
भयाद्भोगाय कल्पन्ते स्वधर्मान्न चलन्ति च ॥७१५मनु

३६ सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः ।
दण्डस्य हि भयात्सर्वं जगद्भोगाय कल्पते ।७२२मनु

३७ प्रमाणानि प्रमाणस्यै परिकल्प्यानि यत्नतः ।
सौदन्ति हि प्रमेयाणि प्रमाणैरव्यवस्थितैः ४।६८ नारद





कुनै पनि विवाद टुङ्ग्याउन प्रथमपक्ष र द्वितीयपक्ष (वादी प्रतिवादी) ले राखेका आफ्ना कुराको सत्यतालाई केलाउन प्रमाण आवश्यक हुन्छ ।

(१) लिखितप्रमाण (२) साक्षीप्रमाण (३) भोगप्रमाण

यी प्रमाणबाट मात्र सत्यताको निर्क्योल गर्न सकिन्छ । प्रमाणका विषयमा वशिष्ठ, नारद, विष्णु, याज्ञवल्वय र मनुका आ-आफ्नै विचारहरू छन् । लिखितप्रमाण, साक्षीप्रमाण र भोगप्रमाण गरी प्रमाण तीन प्रकारका हुन्छन् भन्ने वशिष्ठको विचार छ ।[३८]

यसरी नै लखित र साक्षीप्रमाणजस्ता विशेष प्रमाणद्वारा सत्यको नजिक पुग्न सकिन्छन् भन्ने नारदको विचार छ ।[३९]

यस्तै लिखित साक्षी र व्यवहारप्रमाण गरी (भोग) प्रमाण तीन प्रकारका हुन्छन् भन्ने विष्णुको दृष्टिकोण छ ।[४०]

प्रमाणका विषयमा कुरा गर्दा याज्ञवल्क्यले प्रमाणित गर्ने बलिया आधारहरू तीनवटा छन् भनेका छन् : (१) लिखितप्रमाण (२) साक्षी प्रमाण (३) भोगप्रमाण ।[४१]

सबै स्मृतिहरू उक्त प्रमाणसँग सहमत छन् । समाजमा उत्तरदायी भएर निर्णय दिने न्यायाधीशले प्रमाणित हुनसक्ने न्यायिक काम गर्नुपर्ने हुन्छ त्यसैले न्यायिक प्रक्रियामा प्रमाणको महत्त्वपूर्ण स्थान हुन्छ । शास्त्रहरूले तोकेका उक्त प्रमाणहरूलाई प्रमाणित गर्न सकियो भनेमात्र सत्यको नजिक पुग्न सकिन्छ ।

अहिले विगतभन्दा समय जटिल बन्दै गएको छ । मानिसहरूबाट इमान्दारिताको अभाव खट्खिएको छ त्यसैले पक्षप्रतिपक्ष दुवैबाट आफूलाई अनुकूल हुने किसिमका प्रमाणहरू ल्याउने भएकाले आएका प्रमाणहरू झुटा पनि हुन सक्छन् त्यसैले प्रमाणित गर्ने व्यक्तिले सत्य र झुटलाई राम्ररी केलाएर यथार्थ खुट्याउन सक्नुपर्छ । उक्त प्रमाणहरू सबै ठाउँमा लागु हुन्छ भन्ने पनि छैन कतिपय अवस्थामा अनुमानको भर पर्नुपर्ने स्थिति पनि

---

३८ लिखितं साक्षिणो भुक्तिः प्रमाणं त्रिविधं स्मृतम । वशिष्ठ

३९ लिखितं साक्षिणश्चैव द्वौ विधि परिकीर्तितौ । नारद

४० तस्य च भाववातिस्रो भवन्ति लिखितं, साक्षिणः समयक्रिया च । विष्णु

४१ प्रमाणं लिखितं भुविनः साक्षिणश्चेति कीर्तितम् । याज्ञवल्क्य

आएको हुन्छ । अनुमानभन्दा पनि महत्वपूर्ण आस्था र विश्वास हुन् त्यसैले धार्मिक विश्वासको आधारमा उक्त तीन प्रमाणबाहेक शास्त्रहरूले दिव्यप्रमाणको पनि व्यवस्था गरेका छन् । उनीहरूले अग्नि, जल र हिरण्य (सुन) आदिलाई दिव्यप्रमाण मानेका छन् । शास्त्रहरूले अग्नि र जललाई प्रत्यक्ष देवता र हिरण्य(सुन)लाई ब्रह्माको प्रतीक मानेका छन् त्यसैले न्यायसम्पादन गर्दा कुनैनकुनै प्रमाण त अवश्य लागु गर्नैपर्छ ।

## न्याय र यसका तह

प्रमाणहरूद्वारा प्रमाणित गर्न सक्नु नै न्याय हो । वात्स्यायन नामका प्राचीन विद्वान्ले न्यायको परिभाषा गर्नेक्रममा वस्तुहरूको परीक्षण गर्ने काम नै न्याय हो भनेर न्यायको परिभाषा गरेका छन् ।[४२] त्यसैले न्याय आत्मपरक हुँदैन ।

नियमेन नियते इति न्याय : नियमपूर्वक प्रमाणद्वारा सिद्ध गरिएको निष्कर्ष नै न्याय हो त्यसैले न्याय दिने काम त्यति सजिलो हुँदैन । जोसुकैले न्यायसम्पादन गर्न सक्ने कुरा पनि होइन । न्याय दिने काम न्यायिक क्षेत्रका व्यक्तिले मात्र गर्नुपर्छ। शास्त्रहरूमा न्यायदाताका श्रेणी पनि तोकिएका छन् । जस्तै सामान्य वा कनिष्ठ न्यायाधीश, वरिष्ठ वा विशिष्ठ न्यायाधीश मण्डल न्यायाधीश आदि यी न्यायदाताहरूका श्रेणी हुन् । यी न्यायाधीशका अभावमा जोसुकैले न्याय दिने अधिकार छैन। यस्ता कुराहरूलाई स्मृतिहरूले प्राथमिककालदेखि नै व्यवस्थित गर्दै ल्याएको पाइन्छ ।

शास्त्रहरूले न्याय दिने निश्चित चारतहहरू तोकेका छन् । उक्त श्रेणीहरूले न्याय दिने काम गर्नुपर्छ। न्याय प्रदान गर्न सक्ने कुल, श्रेणी, पुग र राजा वा राजनियुक्ति व्यक्ति क्रमशः चार महत्त्वपूर्ण तहहरू रहेका छन् । त्यसमा राजा वा राजनियुक्त व्यक्ति न्यायको सर्वोच्च निकाय वा सबैभन्दा महत्त्वपूर्ण ठाउँ हो ।

विवादहरूको छिनोफानो गर्ने वा टुङ्गो लगाउने उक्त न्याय दिने मुख्य चारतहहरू याज्ञवल्क्य स्मृतिमा उल्लेख भएका छन् ।[४३]

[४२] प्रमाणै र्वस्तुपरीक्षणं न्यायः वात्स्यायन १।१।१

[४३] नृपेणाधिकृताः पुगाः श्रेणायोऽथ कुलानिच ।
पूर्वपूर्व गुरु ज्ञेयं व्यवहार विधौ नृणाम । याज्ञ । २ । ३०





कुल भनेको आफन्तजनको समूह हो । श्रेणी भनेको (अनेक जाति वा एक जातिका समूह हो) । पुग भनेको राजाद्वारा नियुक्त गरिएका मानिसको समूह हो र राजअधिकृत भनेका राजाले व्यवहार हेर्न नियुक्त गरिएको मुख्य व्यक्ति हुन् । यी चारतहमा राजा वा राजनियुक्त व्यक्ति मुख्य हुन्छ । आजको सर्वोच्च न्यायालय भनेझैं तत्कालीन राजा वा राजनियुक्त व्यक्ति हुन् । नारदस्मृतिले न्याय क्रमका पाँचतह देखाएको छ । कुल, श्रेणी, गण, राजअधिकृत (मनोनित) र राजा वा राजकुमार यी पाँचतह हुन् ।[४४]

शास्त्रले उल्लेख गरे अनुसार कुल परिवारजनको मुख्य व्यक्ति हो । श्रेणी विभिन्न स्थानमा समान काम गर्ने व्यक्तिहरूको समूह प्रमुख हो, गण एक जातिको वा सम्प्रदायको प्रतिनिधित्व गर्ने व्यक्तिहरूको समूह हो । राजाद्वारा नियुक्त व्यक्ति वा न्यायाधीश, राजा न्याय दिनेहरूमध्ये सर्वोच्च व्यक्ति हो । यी पाँचमा क्रमशः वरिष्ठ र वरिष्ठतर हुँदै जान्छन् । हरेक तहका न्यायकर्ताले न्यायसम्पादन गर्दा विचार पुऱ्याएर गर्नुपर्छ भन्ने कुरा सबै स्मृतिहरूले बताएका छन् ।

स्मृतिचन्द्रिका र पराशरमाधवीयमा अलिक फरक ढङ्गले न्यायसम्पादनको प्रक्रिया बताइएको छ। पहिला गाउँमा निर्णय गर्नु, त्यसपछिको निर्णय नगरमा गर्नु, अन्तिम निर्णय भनेको राजाकहाँ हुन्छ ।[४५]

त्यतिबेला गाउँलेले गरेको निर्णय नगरमा लगिन्थ्यो । नगरले गरेको निर्णय राजाकहाँ लगिन्थ्यो । जे भएपनि जस्तो भए पनि यो निर्णय अन्तिम निर्णय हुन्थ्यो ।

वृहस्पतिले न्यायका लागि याज्ञवल्क्यझैं चारतह बताएका छन् । उनले साहस न्यायचाहिं राजाले मात्र दिनसक्तछन् भनेका छन् । अन्य निर्णयका लागि कुल, श्रेणी र गणहरूले अधिकार पाएका छन् । वृहस्पतिका अनुसार अरू विषयमा कुल, श्रेणी र गणहरूले न्याय दिन सक्तछन् । साहस न्यायचाहिँ उनीहरूको जिम्मामा नदिएको हुनाले साहस न्याय दिनचाहिँ

[४४] कुलानि श्रेणयश्चैव गणाश्चाधिकृतो नृपः ।
प्रतिष्ठा व्यवहाराणां गर्वेभ्यस्तुत्तरोत्तरम् । १।७ ना

[४५] ग्रामे दृष्टः पुरं यायात्परेदृष्टस्तु राजनि ।
राज्ञा दृष्टः कुदृष्टो वा नास्ति तस्य पुनर्भव ।।
स्मृतिचन्द्रिका २, पृ १९ पराशरमाधवीय ३ पृ ४२

राजाकहाँ नै पुऱ्याउनुपर्दछ।[४६]

यसरी हेर्दा अति प्राचीनकालमा स्मृतिशास्त्रहरूले न्यायसम्पादनका लागि ज्यादै महत्त्वपूर्ण पद्धतिको विकास गरेको देखिन्छ। वैदिककालदेखि नै न्यायप्रणालीका गुरु पूर्वीयस्मृतिहरू व्यवस्थित देखिन्छन्। प्रथम त कुलबाट न्यायसम्पादन गर्नुपर्छ। यदि त्यहाँ न्याय सम्पन्न हुन नसके समान काम गर्ने पेशागत समूहमा समस्या समाधान गर्न लैजानुपर्छ। त्यहाँ पनि न्यायसम्पादन सफल भएन वा चित्त नबुझे गणमा जाने र एकैजातिको समूह वा आफ्नै सम्प्रदायमा गएर न्याय सम्पन्न गराउने। त्यहाँ गएपछि पनि उपयुक्त न्याय पाउन सकिएन भने राजाले नियुक्त गरिएको व्यक्तिकहाँ जाने त्यहाँ उचित न्याय हुन नसके अन्तिम स्थान राजासमक्ष प्रस्तुत हुने। यो व्यवस्थित प्रणालीले न्याय दिने परम्परा अत्यन्तै व्यवस्थित देखिन्छ।

क्रमिकरूपले हरेकतहमा न्यायसम्पादन गर्ने पद्धति रहँदा एकैचाटी सबै मुद्दा राजाले नै छिन्नु पर्दैन। धेरै कुराको समाधान कुलमै भएका हुन्छन्। बाँकी रहेका कुरा श्रेणीमा छिनिन्छन्। त्यसमा बाँकी रहेका कुरा गणमा समाधान हुन्छन्। थोरै समस्याहरू राजनियुक्त व्यक्तिमा पुग्दछन्। यसभन्दा पनि थोरै जटिल विवादमात्र राजाकहाँ पुग्ने भएकाले समस्याको विवेचना साथ टुङ्गोमा पुग्न सजिलो हुन्छ। यसले तत्कालीन श्रेणीबद्ध न्यायप्रणालीले विकसित न्यायव्यवस्थालाई दर्शाउँछ।

पूर्वमा मनुस्मृतिको समयदेखि नै व्यवस्थित न्यायप्रणाली विकसित भइसकेको थियो। पूर्वीय न्यायव्यवस्था संसारकै पुरानो न्यायपद्धति हुन सक्छ। सबै धर्मशास्त्रहरूले व्यवहार (मुद्दा) छिनोफानो गर्दा व्यक्तिलाई हेरेर दोषी र निर्दोष छुट्याउने होइन भनेका छन्। उनीहरूले प्राप्त प्रमाण र साक्षीको सत्यताको पहिचान गर्ने काम न्यायकर्ताको हो भनेका छन्। सबुत प्रमाण ल्याउँदैमा कोही व्यक्तिले न्याय पाउने पनि होइन। न्यायकर्ताले ती प्रमाणलाई जाँच गरेपछिमात्र उसले ल्याएका प्रमाणहरूको सत्यता पत्ता लाग्छ भन्ने शास्त्रहरूको मत् छ। न्यायसम्पादनमा पूर्वीय धर्मशास्त्रहरू ज्यादै गम्भीर छन्।

कथित विषयहरूले न्याय र दण्ड त्यति सजिला विषय होइनन् भन्ने कुरा प्रस्तुत गरेका छन्।

[४६] राज्ञा ये विदिता सम्मक कुलश्रेणि गणादयः।
साहस न्याय वर्ज्यानि कुर्यः कार्याणि ते नृणाम॥ वृहस्पति





जसले पायो त्यसैले न्यायलाई हातमा लिनुहुँदैन। राज्यका सबै व्यवस्था सम्बन्धितक्षेत्रका लागि बनाइएका नियमहरूले चल्नुपर्छ। त्यसमा कुनै व्यक्ति विशेषको मनोमानी हुनुहुँदैन। दण्ड भनेको शासन हो। दण्डव्यवस्थाको आफ्नै नियम र पद्धति हुन्छ। शासन व्यक्तिको होइन पद्धतिको हुन्छ वा विधिको हुन्छ तर सम्बन्धित व्यक्तिले शासन व्यवस्थालाई व्यवस्थितरूपमा लागु गर्न सक्नुपर्छ। नियम मिचेर कसैले शासनलाई मनोमानी हिसाबले हात लियो भने त्यसले उसको आफ्नै सर्वनास गर्छ भन्ने सन्देश स्मृतिहरूले दिएका छन्। राजाले पनि विद्वान्हरूले बनाएका नियमभित्र रहनुपर्छ भने अन्य शासकहरूको के कुरा ?

वैदिक कालमा पहिलो राजा वेनले नियम मिचेर दण्ड र शासन आफ्नै हातमा लिएर व्यवस्था बिगारेकाले ऋषिमुनिले सम्झाउँदा केही नलागेपछि प्राणदण्ड दिएका थिए। हुन त वेनका विषयमा अन्य धेरै कुराहरू उठेका छन् तथापि अधिकांश शास्त्रहरूले प्रचलित वा चलिरहेको व्यवस्थित नीतिनियमलाई मिचेर आफूलाई नै सर्वशक्तिमान घोषणा गरेकाले वेनलाई दण्ड गर्नु परेको कुरा उल्लेख भएको छ। त्यसैले पूर्वीय धर्मशास्त्रहरूले कोही पनि सामाजिक नियम (कानुन) भन्दा माथि हुँदैन भनेका छन्। न्याय र दण्ड सबैका लागि समान छन् भन्ने दृष्टान्त यिनै उदाहरणबाट स्पष्ट हुन्छ। धर्मशास्त्रहरूले न्याय र शासन दुवै पद्धतिको व्यवस्थित पद्धति र प्रणालीको विकास गरेका थिए।

देशको शासनव्यवस्थाको मेरुदण्ड नै न्याय हो भन्ने सिद्धान्त लिएका शास्त्रहरू देशलाई न्याययुक्त बनाउनुपर्छ भन्दछन्। महाभारतले स्पष्ट उल्लेख गरेको छ : न्याय भनेको दुष्टलाई नियम सङ्गत दण्ड र राम्रो गर्नेलाई कष्ट आउन नदिने काम हो। जुन राज्यमा यस्तो न्याय हुँदैन त्यहाँ बुद्धिमानले बस्नु हुँदैन किनभने त्यहाँ कसैको सुरक्षा हुँदैन।[४७]

न्यायव्यवस्था कमजोर भएको राज्यको अस्तित्व शङ्कट पर्ने र मानिसको सुरक्षाको प्रत्याभूति पनि नहुने सन्देश प्रस्तुत श्लोकमा रहेको छ त्यसैले राज्यमा न्यायपद्धतिको विशेष महत्त्व रहने कुरालाई यहाँ प्रस्तुत गरिएको छ।

[४७] न्यायतो दुष्कृते घातः सुकृतेन कथंचन।
नेहयत्तुः स्थिरं स्थातुं जवेनैवा व्रजेत्बधः॥८२।४४ शान्तिपर्व

शास्त्रहरूमा लेखिएको छः खराब आचरण भएका समाजविरोधी काम गर्नेहरू दुष्ट हुन्। त्यस्ता दुष्टलाई दण्ड दिने र समाजमा कसैलाई हानी नपुऱ्याउने, सज्जनलाई पुरस्कार दिएर पूजा गर्ने, राम्रो काम वा न्यायपूर्वक राजकोश बढाउने, पक्षपात नगर्ने र राष्ट्रको सुरक्षामा लाग्ने पाँच काम राजाका महायज्ञ हुन्।[४८]

यज्ञ भनेको गर्नैपर्ने पवित्र कर्म हो। राजाका लागि उक्त पाँच अनिवार्य महत्त्वपूर्ण यज्ञ हुन्। विशेषतः नगरिनहुने भएकाले उक्त पाँच कर्मलाई अत्रिले महायज्ञको नाम दिए। प्रस्तुत श्लोकले राज्यका व्यवस्थित कर्मका लागि राजाको भूमिकाका सम्बन्धमा किटानीसाथ उल्लेख गरेको छ। यसबाट स्मृतिकालभन्दा अगाडिदेखि नै राजा र राज्यको उदय भइसकेको कुराको पनि पुष्टि हुन्छ।

स्मृतिहरूमा पहिलो स्मृति मनुस्मृति हो। सत्युगमा राज्यसञ्चालनका लागि यही संविधान लागु गरिएको थियो। त्यसबेला आचार र व्यवहार दुवै अनिवार्य महत्त्वका विषय भएकाले दुवैका लागि दण्ड व्यवस्था सिर्जना गरिएका थिए। आचार व्यवहारकै मुख्य कुरा भएकाले अनुशासन, नैतिकचरित्र, मर्यादा, धर्म र कर्तव्य पहिलो श्रेणीमा राखेर व्यवहारतिर दृष्टि दिइन्थ्यो। व्यवहार भन्नाले सामाजिक र राज्यले अपनाएका नीति नियमभित्रका क्रियाकलाप हुन्। नैतिक आचरण व्यक्तिको सदाचारसँग सम्बन्धित कुरा हो।

त्यसबेला यी सबै आचरण र व्यवहारलाई व्यवस्थित गराएर समाजलाई सभ्य र शिष्टरूपले अगाडि बढाउन राजा र शासनव्यवस्था अपनाउनु परेको देखिन्छ।

## राजा र न्याय

वैदिक कालको सुरुआतभन्दा अगााडि राजा र प्रजा भन्ने कुरा त्यत्ति प्रचलि थिएनन्। वैदिककालको सुरुमै पनि यो समस्या त्यति बढेको थिएन। विस्तारै परिस्थिति अनुसार कतै राजा नियुक्त गर्ने काम भयो भने कतै वैराज्य नै थिए। कतै जनराज्य पनि स्थापित भए। स्वाराज्य, साम्राज्य

---

४८ दुष्टस्य दण्डः सुजनस्य पूजा न्यायेन कोशस्य च संप्रबृद्धि अपक्षपातोर्थिषु राष्ट्ररक्षा पञ्चैव यज्ञाः कथिता नृपाणाम् -॥ २८ अत्रिस्मृति





आदि थुप्रै खाले राज्यहरू स्थापित भएको कुरा वेदमा उल्लेख भएको छ : स्वस्ति साम्राज्यं भौज्यं स्वाराज्यं वैराज्यं आदि। राजाका उत्पत्तिका सम्बन्धमा मनुले महत्वपूर्ण तर्क राखेका छन् : जब यो समाजमा सबैतिरबाट भय, त्रास र कठिनाइजस्ता समस्याहरू आउन थाले तब समाजमा अराजकता फैलिन थाल्यो। समाजमा जसलाई जे मन लाग्यो त्यस्तै कामहरू हुन थाले अनि त्यसलाई सम्यमित र व्यवस्थित तुल्याएर सुरक्षा दिनका लागि राजाको सृष्टि गरिएको हो।[४९]

यस भनाइबाट स्पष्ट हुन्छ कि समाज बढ्दै गएपछि त्यहाँ खराब र सज्जनहरूबीच असहज स्थितिको सिर्जना हुन थाल्यो। शान्ति सुरक्षामा व्यवधान देखियो अनि त्यसैका लागि राजा भन्ने एउटा संस्था उत्पत्ति गर्नुपऱ्यो। त्यसका लागि सक्षम व्यक्ति र उसले निभाउने भूमिकाका लागि आवश्यक नियम पनि बने। समाजले राजाको कर्तव्य राज्यको सुरक्षा गर्नु हो भनेर उक्त कामको जिम्मा दिइयो। स्मृतिहरूले पनि यही कुरा लेखेका छन्। राजाले राम्ररी सुशिक्षित र परिष्कृत भएर न्यायपूर्वक (विधि विधानपूर्वक) समाज र सामाजिक मूल्यहरूको सुरक्षा गर्नुपर्छ यही राजाको कर्तव्य हो।[५०]

राज्यमा नामको होइन कामको राजा हुनुपर्छ भन्ने मनुको धारणा छ शिक्षित र न्यायिक राजाले मात्र राज्य गर्न सक्छ। यस कुरालाई मनन गर्दा मनुको समय अगाडि नै राजाको उत्पत्ति भइसकेको हुनुपर्छ। यस अगाडिको इतिहास त वेदबाहेक अरू केनै हुन सक्छ र ! अथर्ववेदमा एउटा विचार आएको छ :–अरूलाई नदिई एक्लै खाने फटाहाहरू र डाकुहरू आफन्तजस्तै भएर छल गर्दै मीठो बोल्दै वरिपरि घुमिरहन्छन् अनि शक्ति भएका मानिससँग मिलेर अझ खराब कामहरू गर्छन्। त्यसैले विद्वान् राजाले यस्ता व्यक्तिलाई दण्ड दिनु र यिनीहरूलाई राज्यैबाट निकालिदिनू।[५१] यस भनाइबाट ने स्पष्ट हुनछ कि वैदिककालमै समाजमा

---

४९ अराजके हि लोके ऽस्मिन सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्व राजानमसृजत् प्रभु - ११७३ मनु

५० ब्राह्म प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि।
सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम् - ७२ मनु

५१ ये दस्यवः पितृषु प्रविष्टा ज्ञातिमुखा आहुताश्चरन्ति।
परापुरोनिपुरो ये भरन्त्यग्निष्टानस्मात् प्रधमाति यज्ञात्॥ १८।२।२८ अथर्ववेद

नराम्रा विचार भएका मानिसहरू पनि भएको हुनुपर्छ त्यसैले राजाको उत्पत्ति र उसले निवाह गर्ने कर्तव्य पनि निर्धारण भएको हो । राजा भन्ने शब्द पनि त्यसै आएको होइन यसले प्रशासकको चारित्रिक विशेषतालाई बुझाउँछ । **लोकान रञ्जयतिति राजा** जसले सबै जनतालाई खुसी राख्न सक्छ त्यही राजाको संस्थाधिकारी हो भन्ने शास्त्रहरूको विचार छ । पहिले राजन शब्द थियो त्यसपछिमात्र क्षत्रीय शब्द उत्पत्ति भएको हो । **ब्राह्मणोऽस्य मुखमासित बाहुराजन्य,** यस विराट पुरुषको मुख भनेका ब्राह्मण हुन् भने बाहु भनेका राजा हुन् । शक्तिशाली समाज रक्षक व्यक्तिलाई राजन्य शब्दले बुझाए हो ।

ऋग्वेदले राजालाई अग्नि, वरुण, इन्द्र, वायुजस्तै शक्तिशाली विवेकशील विद्वान् हुनुपर्छ भनेको छ र वेदले अयोग्य व्यक्तिलाई राजा नबनाउनु भनेको छ ।

ऋग्वेदमा उल्लेख भएको छ : सामान्य मानिसहरू आफ्नै सुखसयलमा लाग्दछन् त्यसैले विशिष्ट क्षमता र प्रतिभाशाली व्यक्तिलाई राजा बनाउनू ।[५२] राजा वंशानुगत होइन भन्ने यसले देखाउँछ ।

उक्त भनाइरहेको मन्त्रकै नजिक रहेको २५ औं मन्त्रमा पनि यसै कुरालाई जोड दिइएको छ, राजा हुने व्यक्तिको विचारशक्ति र कर्मशक्ति तिव्र हुनुपर्दछ र आत्मा प्रशंसाको आशा नगर्ने हुनुपर्छ ।

यजुर्वेदमा त राजाका लागि शिक्षाको क्षेत्र नै तोकिदिएको छ । राजामा राजनीति, अर्थनीति, सामाजिक ज्ञान हुनैपर्छ त्यसैले विद्वान्हरूले राजालाई यस्तै आवश्यक ज्ञान दिनुपर्छ । सुरुक्षाको कर्म गर्ने सेनापति जितेन्द्रिय बन्नुपर्छ । अजितेन्द्रिय सेना र सेनापतिले सुरक्षालाई व्यावहारिक बनाउन सक्तैनन् । राजाले सबै कुरामा ध्यान दिनुपर्छ । जनताले पनि शिक्षित राजा र जितेन्द्रिय सही कर्ममा लागेका सेनापतिलाई सधैँ उत्साही बनाउनुपर्छ ।[५३]

जनतालाई वेदले निकै सुसुचित गरेको छ । राजा छान्ने काम प्रजाको हो त्यसैले प्रजाले राजा यस्तो चुन्नु कि उसको दण्ड र रक्षा

---

[५२] त्वेसु पुत्र शवसोऽवृत्रन् कामकातयः ।
नत्वामिन्द्रति रिच्यते ।८।९२।१४ ऋ

[५३] ९।११ यजु





नीतिबाट पाप गर्ने मानिस कुनै पनि तरिकाले पाप गर्ने दुस्प्रयास नगरोस् ।[५४]

राजाको उत्पत्ति समाजमा शाक्ति सुरक्षाको आवश्यकताबाट नै भएको हो भन्ने कुरा वेदका उक्त ऋचाहरूबाट प्रमाणित हुन्छ । राजाले ठीक काम गर्न नसके वा शान्ति सुरक्षा कायम गर्न नसके उसको आवश्यकता हुँदैन त्यसैले अर्को योग्य राजा छान्ने परम्परा (प्रजातान्त्रिक परम्परा) ऋग्वेदादि चारै वेदमा देखिन्छ ।

राजाहरू अनेक थिए भन्ने कुरा पनि वेदबाटै स्पष्ट हुन्छ । वरुण, इन्द्र, यम आदि यसकै उदाहरण हुन् । अनेक लोक थिए र ती लोकका राजा पनि थिए । वरुणलोक, यमलोक, स्वर्ग, आदि सप्तलोकका राजाहरू कुनै एक केन्द्रबाट निर्देशित थिए । मानव वा देवता जोसुकैले पनि राजा बन्न सक्ने काम गरेर गए त्यो राजपद प्राप्त गर्दथे ।

मनुले राजालाई दैवी शक्ति सम्पन्न मानेका छन् । दैवी शक्ति सम्पन्न भए पनि राजाले मनोमानी गर्न पाउँदैन भनेर राजाको सीमारेखा कोरिदिएका छन् । राजालाई संवैधानिक बनाएका छन् । राज्यका लागि बनाइएका नियमहरू कसैले पनि मिच्नु हुँदैन राजा त दण्डधर भएकाले उसले अझ बढी नियमभित्र रहनुपर्छ । यही राजाको धर्म हो । धर्मको बन्दन राजाले तोड्न पाउँदैन । राजा दण्डधरमात्र हो, दण्डको निर्माता होइन । मनुका अनुसार ब्रह्मले दण्डको निर्माण गरेका हुन र राजा केवल त्यसको प्रयोगकर्तामात्र हो ।

न्यायको मूल स्रोत सत्य र धर्म भएकाले दण्डलाई धर्मरूप मानिएको छ । यही सत्य वा धर्मको सुरक्षामा समाजले न्यायलाई प्रभावकारी बनाउनुपर्छ । न्यायलाई प्रभावशाली बनाएर प्रजा रक्षा गर्न ब्रह्माले ब्रह्मशक्तिस्वरूप दण्ड उत्पन्न गरी राजालाई दिएका हुन् ।[५५]

ब्रह्म भनेको ज्ञान हो । ज्ञानको सिर्जना गर्नेलाई ब्रह्मा भन्नु स्वाभाविक छ । यहाँनेर बुझ्नु पर्ने कुरा के हो भने राजा भनेको व्यक्ति

---

[५४] १।३६।९ ऋ.

[५५] तस्यार्थे सर्वभूतानां गोप्तारं धर्ममात्मजम् ।
ब्रह्मतेजोमयं दण्डमसृजत् पूर्वमीश्वरः - ७।१४मनु

होइन। त्यो उपाधि हो। त्यतिबेला समाजमा जनतालाई व्यवस्थितरूपमा निश्चित नियमभित्र राखेर सबैको समान सुरक्षा र अवसरको प्रत्याभूति दिन नेतृत्व दिनसक्नेलाई त्यस उपाधिमा राखियो र उसलाई त्यही उपाधिले सम्बोधन गर्न थालियो। विस्तारै यो उपाधि व्यक्तिको रूपमा रूपान्तरित भयो। त्यतिबेला गुण र क्षमताले योग्य भएको जो पनि राजा बन्न सक्तथ्यो।

वैदिककालपछि स्मृतिको समयदेखि वंशपरम्परामा राजा बन्ने संस्कार बस्तै गयो तथापि राजामा हुनुपर्ने गुणहरूचाहिँ अवश्य हुनै पर्दथे। गुणहरू वंशका जो व्यक्तिसँग हुन्थे त्यसैलाई राजा बनाइँन्थ्यो। क्षमता र गुणहीन व्यक्तिलाई कसै गरे पनि राजा बनाइदैनथ्यो किनभने त्यस्ता व्यक्तिबाट दण्डको सही उपयोग हुँदैनथ्यो। राजा हुनुको अर्थ न्यायिक प्रशासन दिनु हो। राज्यको सबैभन्दा ठूलो शक्ति भनेकै दण्ड हो त्यसैले स्मृतिहरूले यसलाई ब्रह्मशक्ति मानेका छन्। यसै कारणले दण्डको दुरूपयोग किमार्थ राम्रो मानिदैन। यो दण्डको सही ढङ्गले प्रयोग भयो भने राज्यको उन्नति र प्रजाको हित हुन्छ भन्ने मनुको भनाइ छ। दण्डको प्रयोग गलत ढङ्गले गरे राज्य र जनता सबैको विनास हुन्छ, हिन्दू त्यसैले राजा वा प्रशासक कसैले पनि मनोमानी तरिकाले दण्डको प्रयोग गर्नुहुँदैन।

स्मृतिहरूले मनोमानी तरिकाले दण्डको प्रयोग गर्न चाहने राजाहरू सबै नासिएको उदाहरण दिएका छन् : विनय नभएका राजाहरू धेरै नष्ट भए भने विनयशील राजा जङ्गल वास भएको भए पनि फर्किएर राज्यमा आउन सक्ने परिस्थितिको वातावरण सिर्जना भएको उदाहरण छ।[५६]

राज्याभिषेक गरी वैधानिकरूपले राजा बनाइएको प्रथम राजा वेनले देखाएको अविनयी चरित्र र मनोमानी दण्ड प्रयोगले ऊ पदच्यूतमात्र भएन उसले मृत्युको सजाय नै पाएको प्रसङ्ग स्मृति र पुराणहरूमा पाइन्छ। विनयी र न्यायिक राजाहरूले सुरुमा दुःख पाएपनि अन्ततः सुखी र योग्य राजा भएका उदाहरणहरू छन्।

आचरणहीन भई पतन भएका राजाहरूको नामावली स्मृतिहरूले यसरी दिएका छन् : वेन, नहुष, सुदास, पैजवन, सुमुख र निमि आदि,

---

[५६] बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदा।
वनस्था अपि राज्यानि विनयात्प्रतिपेदिरे - ७४० मनु





विद्वान्, शक्तिशाली र ऐश्वर्यशाली भएर पनि राजाहरूले दण्ड आफ्नो हातमा भएकाले सत्ता उन्मादमा अविनयी र अहङ्कारी भई मनोमानी तरिकाले दण्ड र सत्ता दुरूपयोग गरे त्यसैले उनीहरू नष्ट भए।[५७]

यिनीहरू क्षमताहीन भएर राज्यबाट च्यूत भएका होइनन्। राजधर्म विरुद्ध आचरण गरी प्रजाको हित विपरीत गएकैले पतन भएका हुन्। मनुले दण्ड र विनयशीलताको महत्त्व दर्शाउन यो उदाहरण दिएका हुन्। उचित तरिकाले न्याय र दण्डको प्रयोग गराउन तत्कालीन अवस्थामा राजालाई अनिवार्यरूपमा तीनवटै वेदका रहस्य, सनातन व्यवहार, दण्डनीति, तर्कशास्त्र, आत्मविद्या, वाणिज्य र कृषि आदिका बारेमा विद्वान्हरूद्वारा ज्ञान दिइन्थ्यो।[५८]

दण्डदाता विनयी, सम्बन्धित विषयमा शिक्षित र निजी सुखशयल र मनोरञ्जनमा कहिल्यै नलाग्ने स्वभावको हुनुपर्छ भन्ने शास्त्रहरूको निचोड हो। शास्त्रहरूले भनेका छन् : इन्द्रियसुख र शारीरिक सुखले मानिसलाई गर्नुपर्ने कर्तव्यबाट वराल्छन् र स्वार्थी बनाउँछन् त्यसैले समग्र जनता र देशको काम गर्ने राजाले कुनै पनि त्यस्तो सुखको व्यसनमा लाग्नु हुँदैन। यस भनाइको आशय के हो भने जनसेवाका लागि चुनिएको व्यक्तिले सधैं जनतमको हितकै योजना र काम गर्न लाग्नुपर्छ। यसको अर्थ उनीहरूचाहिँ सधैं दुःखमात्र झेलिइरहनु भन्ने होइन। स्वार्थी भएर निजी सुखमा मात्र नलाग्नु भन्ने हो। राज्य र प्रजाका लागि मात्र सोचमग्न हुन सक्ने न्यायिक राजा नै योग्य राजा हुन्छ र उसको राज्य पनि सुरक्षित रहन्छ त्यसैले शास्त्रहरूले उक्त कुराहरू उठाएका हुन्।

राज्यको उन्नति र प्रजाको हित दण्ड व्यवस्थासँगै गाँसिएर आउने भएकाले राजा एक्लैले राज्यका सम्पूर्ण कुराहरू हेर्न सक्तैन त्यसैले राजाले आफ्ना सहयोगका लागि सचिव र मन्त्रीहरूको नियुक्ति गर्नुपर्छ। स्मृतिहरूले यसरी राज्यको काम गर्न नियुक्त गरिने व्यक्तिहरू मा हुनुपर्ने गुणहरूका बारेमा पनि उल्लेख गरेका छन् :–राज्यको महत्त्वपूर्ण काम गर्न

---

[५७] वेनो विनष्टोऽविनयन्न हुषश्चैव पार्थिवः।
सुदाः पैजवनश्चैव सुमुखो निमिरेव च - ७४१ मनु

[५८] त्रैविद्येभ्यस्त्रयीं विद्यां दण्डनीतिं च श्वाश्वतीम्।
आन्वीक्षिकीं चात्मविद्यां वार्तारम्भांश्च लोकतः ॥७४३मनु

नियुक्ति गर्दा नियुक्ति दिइने व्यक्तिहरूका योग्यता, क्षमता र प्रतिभालाई हेर्नुपर्छ। त्यसरी नै वंशपरम्परागत योग्य आचरण भएको शास्त्रविवेकी, पराक्रमी, कुलीन र परीक्षामा खरो उत्रिएको व्यक्तिलाई छान्नुपर्छ। यिनीहरू कुनै पनि व्यसनमा नलागेका र राज्य र प्रजाका कामलाई मूल धर्म मान्ने हुनुपर्छ। यस्तै आफूलाई उपयुक्त हुने गरी उक्त योग्यता भएका सात वा आठ सचिव वा मन्त्रीहरू सहयोगीका रूपमा राजाले लिनुपर्छ जसले गर्दा राज्यका उचित सुरक्षा र प्रजाको लागि विकासका आधारहरू बनाउन सकिन्छ।[५९]

मनुस्मृतिले दिएका सन्देशहरू वेदसम्मत कुरा हुन ऋग्, यजु र अथर्व आदि वेदमा योग्य र सक्षम व्यक्तिले मात्र राजा बन्न सक्ने आधारहरू आएका छन्। ऋग्वेदले प्रजाले योग्य व्यक्तिलाई मात्र राजा चुन्नु भन्ने सन्देश दिएको छ। राजा र न्याय अत्यन्तै निकटका कुरा भएकाले यस विषयमा शास्त्रहरू गम्भीर भएका हुन्। वेदको यो भनाइ आजका लागि पनि निकै सान्दर्भिक छ। राजा जनताको समर्थनमा बन्ने परिपाटी आजको उत्तम प्रजातन्त्र भएका ठाउँमा पनि देखिँदैन।

## न्यायसम्पादन र न्यायाधीशले अपनाउनुपर्ने विधि

मनुस्मृतिले न्यायलाई सत्य र धर्मका रूपमा लिएको छ त्यसैले न्याय दिन सक्नु न्यायाधीशको धर्म हो। न्यायलाई धर्मकै रूपमा हेरेकाले न्याय दिनका लागि बसिने आसनलाई मनुले धर्मासनको नाम दिएका छन्। यसरी नै धर्मको ज्यादै ठूलो महत्त्व देखाउँदै मनुले मानवको सबैभन्दा नजिकको मित्र धर्म नै हो भनेका छन् : संसारका सबै कुरा मृत्युपछि शरीरसँगै नास हुन्छन्। धर्ममात्र मृत्युपछिको मित्र बन्दछ।[६०]

मृत्युपछि पनि धर्म आफ्नो आत्मासँगै जाने भएकाले उनले यसलाई कसैले छोड्नु नहुने कुरो गरेका छन्। मृत्युपछि पनि सँगै जाने भएकाले

५९ मौलाञ्छास्त्रविदः शुराँल्लब्धलक्षान्कुलोद्भवान्।
सचिवान्सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान्॥ ७।५४मनु

६० एक एवं सुहृदधर्मो निधनेऽप्यनुयाति यः।
शरीरेण समं नाशं सर्वमन्यद्धि गच्छति॥ ८।१७मनु





धर्म व्यक्तिको सबैभन्दा नजिकको मित्र हो। अरू कुरा त शरीरसँगै यही संसारमै रहन्छन्। यसैले मनुले न्यायसम्पादनलाई राज्यको सबैभन्दा महत्त्वपूर्ण अङ्ग मानेका हुन् किनभने न्याय पनि धर्म नै हो। न्यायसम्पादन गर्ने काममा कमजोरी भयो भने सत्यता वा धर्मको मर्म पनि विग्रन्छ। न्यायप्रक्रिया विग्रँदा धर्ममा पनि विकार आउँछ त्यसैले गलत न्याय गर्न मद्दत पुऱ्याउने सबै दोषका भागी हुन्छन् भनी मनुले उल्लेख गरेका छन्। अन्याय गरिएको त्यो अधर्मको चतुर्थांश अधर्म गर्नेलाई जान्छ, एक चतुर्थांश साक्षीलाई जान्छ भने एक चतुर्थांश सभासदलाई जान्छ र एक चतुर्थांश राजा(सरकार)लाई जान्छ।[६१]

त्यसैले कहीँ कतैबाट गलत निर्णय गर्न दिनु हुँदैन। त्यसैले न्यायसम्पादन गर्ने व्यक्तिको नियुक्ति गर्दा प्रशासकले ज्यादै बुद्धि पुऱ्याउनुपर्छ किनभने आफूले नियुक्त गरिएको व्यक्तिबाट भएको गल्तीको भागिदार आफू पनि हुनुपर्छ। जुन सभामा अधर्मले धर्मलाई नासेको हुन्छ वा झुटो कुराले सत्यलाई नास गरेएको हुन्छ त्यहाँ हेर्न बसेका बाहेक पुरै सभासद आफूले गरेको अधर्मद्वारा आफैं नासिन्छन्।[६२]

यस भनाइको आशय के हो भने न्यायाधीशले ठीकसँग दोषीको दोष नकेलाई निर्दोषलाई दोषी सावित गरेको छ भने त्यो न्यायसम्पादनमा जुटेको अन्यायी सभासद त्यही अन्यायले सिद्धिन्छन् त्यसैले कहिल्यै अन्याय गर्नु हुँदैन। ठीकसँग केलाएर प्रमाण पुगेपछिमात्र दण्ड वा पुरस्कार दिनुपर्छ।

स्मृतिमा उल्लेखित कुराले न्यायसम्पादनमा कमजोरी हुने वित्तिकै राज्य कमजोर बन्दछ र यसले राजा र राज्यकै विनाश हुन्छ भन्ने बताएको छ त्यसबाट हुने हानीलाई शास्त्रले यसरी गरेको छ :

न्यायदिन धर्मासनमा बसिसकेपछि धर्मपूर्वक युक्तियुक्त न्याय दिन सकिएन भने त्यहाँ न्यायिक धर्मको नास हुन्छ। यसरी आफूले नास गरेको

६१ पादोऽधर्मस्य कर्तारं पादः साक्षिणमृच्छति।
पादः सभासदः सर्वान्पादो राजानमृच्छति॥ ८।१८मनु

६२ यत्र धर्मो ह्मधर्मेण सत्यं यत्रानृतेन च।
हन्यते प्रेक्षमाणीनां हतास्तत्र सभासदाः ८।१४मनु

धर्मले आफैँलाई मार्दछ र रक्षा गरेको धर्मले आफू र आफ्नो समाजको सुरक्षा गर्छ त्यसैले कसैले धर्मको विनाश गर्नु हुँदैन ।[६३]

त्यसमा पनि धर्मको (न्याय) सम्पादन गर्नेले त कुनै पनि अवस्थामा सत्य नष्ट गर्नु हुँदैन ।

राज्यको मेरु दण्ड नै न्याय भएकाले यसको सुरक्षा र सबलिकरणमा मात्र राज्य बलियो हुने कुरा कम महत्त्वको छैन त्यसैले न्यायसम्पादनमा वस्ता न्यायाधीशहरूले अपनाउनुपर्ने नियमका बारेमा पनि शास्त्रमा स्मृतिकारहरूले उल्लेख गरेका छन्। निर्णय दिने समयमा राजा (न्यायाधीश) ले छुट्टै किसिमका कपडाहरू पहिरिएर निकै सावधानी अपनाई विनम्रपूर्वक लोकपाल र विद्वज्जनलाई प्रणाम गरी धर्मासन (न्यायसन)मा बस्नुपर्छ अनि परेका निवेदनहरू क्रमपूर्वक हेर्न थाल्नुपर्छ ।[६४]

न्यायाधीश बनेर ब्रह्मसभा वा परिषद्मा व्यवहार (मुद्दा) हेर्ने क्रममा गुण र दोष केलाउन जाँदा निश्चित पोशाक लगाउनु पर्ने कुरा मनुकै समयबाट सुरु भएको हो । यस प्रक्रियाले आफूले गर्नुपर्ने कर्तव्यको बोध गराउँदछ र काम गर्न सचेत पनि तुल्याउँछ। पक्षप्रतिपक्ष दुवैपक्षका आफ्ना कुराहरू र प्रमाणहरू हुन्छन्। ती कुराहरूलाई सुनेर बुझ्ने काम गरी प्राप्त प्रमाणहरूलाई पनि मूल्याङ्कन गर्नुपर्छ। असावधानी कृयाकलापले सही मूल्याङ्कन हुन सक्तैन त्यसैले सावधानी भएर धर्मलाई साक्षी राखी लोकपाल र विज्ञव्यक्तिलाई आदर गरेरमात्र विषयप्रवेश गर्नुपर्छ भन्ने मनुको कथनले मर्यादा र सतर्कताप्रति सङ्केत गरेको छ। यस विषयमा मनुको यस्तो भनाइ छ :

विद्वान्ले अनुकूल परिवेश मिलेको छैन भने कित सभामा नै नजानु तर गइसकेपछि गलत न्यायचाहिँ नदिनु, आफूले भेटेको सत्यकुरा नलुकाई भन्नु ।[६५] राजा वा न्यायाधीशलाई सहयोग पुऱ्याउने विद्वान्ले नभएको

[६३] धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षतः ।
तस्माद्धर्मो नहन्तव्यो मानो धर्मो हतो ऽवधीत । ८।१५मनु

[६४] धर्मासनमधिष्ठाय संवीताङ्गः समाहितः ।
प्रणम्य लोकपालेभ्यः कार्यदर्शनमारभेत् । ८।२३मनु

[६५] सभां वा न प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम् ।
अब्रवन्विब्रुवन्वापि नरो भवति किल्विषी । ८।१३मनु





कुरालाई हो पार्न बढाएर भनेको छ भने त्यो पापको पूर्ण भागी हुन्छ अर्थात् सजायको भागी हुन्छ। विद्वान्को धर्म भनेकै सही कुरा बुझाउनु र भन्नु हो। यदि सही र सत्य कुरा लुकाउँछ भने त्यो विद्वान् भएको के अर्थ हुन्छ र !

सत्य र न्याय विद्वान्का गहना हुन् यी दुई कुरा विद्वान्ले छोड्छ भने विद्वत्ताको केही अर्थ पनि रहँदैन। पढ्नु सत्य र धर्मलाई यथोचित राख्न न्यायको स्थापना गर्नलाई हो। शिक्षा जुनकुनै भए पनि त्यसले आफ्नै धारबाट सत्यको खोजी गर्नुपर्छ। त्यसमा पनि न्यायाधीश र उसका सहयोगीहरूले त सत्यको धार छोड्नै हुँदैन त्यसैले न्यायसम्पादनमा संलग्न विद्वान्हरूले न्यायसम्पादनको मण्डल वा सभामा बसिसकेपछि गलत न्याय दिनैहुँदैन भन्ने मनुको तर्क छ।

जुन सभामा अधर्मव्याप्त भएको झुटो धर्म (अन्यायले भरिएको न्याय) रहेको हुन्छ त्यस सभासदले धर्मको पीडा (अधर्मले धर्ममा पुऱ्याएको नोक्सानी) लाई हटाउन सक्तैन ।[६६]

यस भनाइको आशय हो : सही निर्णय दिन सक्ने सभासद बनाउन सकिएन भने सही न्याय आउन सक्तैन। गलत मनसाय लिएर बसेको सभाले सही निर्णय त दिन सक्तैन नै। त्यसमा पनि गलत र अन्यायलाई वकालत गरिदिने सभासदले कसरी न्यायको मर्म बुझ्न सक्छ ? त्यसैले सभासद निर्माण गर्दा विवेकशील भएर यस कुरालाई मनन गर्नैपर्छ। शास्त्रहरूको यो विचार मार्मिक र अत्यन्तै व्यावहारिक देखिन्छ।

सही र गलत छुट्याएर सही न्याय दिन दोषीलाई दण्ड र निर्दोषलाई न्याय दिन सक्नुपर्छ। यही कुराका लागि मनुले निकै महत्वपूर्ण कुराहरू अघि सारे।

मनुस्मृतिको समय निकै पुरानो हो। वि.सं. पू. १०००-२००० वर्ष पहिले यति महत्त्वपूर्ण न्यायिक संरचना रहनु सामान्य कुरा होइन। भर्खरै सामाजिकीकरण भएको अवस्थामा आज देखिएका न्यायिक प्रणालीकै हाराहारिमा आउनसक्ने यो न्यायिक प्रक्रिया अतुलनीय नै छ। आजको

[६६] धर्मो विरुद्धस्त्वधर्मेण सभां यत्रोपतिष्ठते ।
शल्यं चास्य न कृन्तन्ति विद्वास्तत्र सभासदः ८।१२मनु

सन्दर्भमा समेत यी कुराहरू त्यतिकै युक्तिसङ्गत छन् । त्यसबेलामा प्रमुख न्यायाधीश राजा हुन्थे तर राजाले एकल मस्तिष्कले मनलागी न्याय दिँदैन थे । धर्मसभा हुन्थ्यो, धर्मसभामा निश्चित व्यक्तिहरूको नियुक्ति गरिएको हुन्थ्यो । तिनीहरू निस्वार्थी र इमान्दार विद्वान् ब्राह्मणहरू हुन्थे । उनीहरूले गरेको रायपरामर्शबाट निस्केको परिणामलाई राजाले न्यायका रूपमा सुनाउँथे । कतैकतै यस्तो धर्मसभालाई ब्रह्मसभाको नाम पनि दिएको छ ।

त्यसबेला तीनजना वेदका ज्ञाता ब्राह्मण त्यसमा राजा र एक जना गुरु थपिएपछि त्यसलाई ब्रह्मसभाको नाम दिइन्थ्यो ।[६७]

त्यसबेला धर्म, संस्कृति र ज्ञानका ज्ञाता तीन ब्राह्मणका साथमा राजनीतिवेत्ता राजगुरु मिलेर सबैपक्षको निर्क्यौलमा पुगेपछिमात्र निर्णय निस्कन्थ्यो र त्यसलाई राजा वा राजाद्वारा नियुक्त गरिएको व्यक्तिले निर्णय सुनाउँथे ।

एक्लै गरेको निर्णय ठीक नहुन पनि सक्छ त्यसैले आवश्यक विषयमा ज्ञान भएका वयक्तिहरूबाट लिएको रायपरामर्श र छलफलले मात्र सही निर्णय निकाल्न सकिन्छ भन्ने त्यस बेलाका विद्वान्हरूको मत थियो । यो उनीहरूको विचार र उनीहरूले अपनाएका उक्त विधि र नियमहरू आजका लागि पनि अत्यन्त प्रभावकारी देखिन्छन् ।

प्रस्तुत न्यायपरामर्शको समूह नै आजको न्यायालय हो । सुरुसुरुमा जनसंख्या र क्षेत्र निश्चित थिए । त्यसबेलासम्म त राजाले नै निर्णय दिन भ्याउँथे विस्तारै क्षेत्र र जनसंख्याको वृद्धि भयो र समस्याहरू अधिकाधिक बढ्न थाले । त्यसपछि सबै ठाउँमा राजाको उपस्थिति हुन नसक्ने स्थिति उत्पन्न भयो । त्यसपछि राजाले योग्य निस्वार्थी विद्वान् ब्राह्मणलाई उक्त कामका लागि नियुक्त गर्न थाले । यस कुरालाई मनुले उल्लेख गरेका छन् : यदि राजा आफू स्वयं व्यवहार (मुद्दा) हेर्न उपस्थित हुन सकिँदैन भने त्यस कामका लागि योग्य ब्राह्मण (विद्वान्) लाई नियुक्त गर्नु ।[६८]

---

६७ यस्मिन्देशे निषीदन्ति विप्रा वेदविदस्त्रयः ।
राजश्चाधिकृतो विद्वान्ब्रहाणस्तां सभां विदुः ८।११मनु

६८ यदास्वयं न कुर्यात्तु नृपतिः कार्यदर्शनम् ।
तदा नियुज्याद्विद्वांसं ब्राह्मणं कार्यदर्शने ॥ ८।९मनु





हिजोआजको परिवेशमा सरकारले नियुक्त गरेको न्यायाधीश नै त्यसबेलाका ब्राह्मण हुन् । त्यसबेला यसरी नियुक्त गरिएका व्यक्तिले न्यायपरिषदमा जाँदा पनि नियम बद्ध भएर जानुपर्दथ्यो । तोकिएको पोशाक लगाएर : तीन जना वेदवित् ब्राह्मणहरू र रहस्यका कुरा बुझ्नसक्ने मन्त्रीहरू सहयोगीहरू लिएर अत्यन्तै विनम्र साथ (सभासदसँग धर्मसभा (न्यायालय) मा प्रवेश गर्नुपर्दथ्यो ।[६९]

न्यायाधीश बनाइएको व्यक्तिले आफूलाई शक्तिसम्पन्न ठानेर आफू खुसी निर्णयमा जान पाउने अवस्था थिएन । उसले पनि ब्राह्मणसँग सम्यमपूर्वक बसेर वा उठेर नै सभासदहरूको रायपरामर्शबाट आइपरेका उजुरीहरूको आवश्यक जाँचबुझ गर्न थाल्नुपर्दथ्यो ।[७०]

परेका निवेदनहरूको दुवैपक्षका कुरा सुनी प्राप्त प्रमाणहरूको प्रमाणीकरण गरेपछिमात्र निष्कर्षमा पुग्न सकिने कुरा आज पनि त्यत्तिकै शाश्वत छ । उक्त विविद प्रसङ्गहरूले न्याय दिने काम सजिलो छैन ।

व्यवहार, समाज र राष्ट्रकै लागि न्याय अत्यन्त आवश्यक भएकाले न्यायमा बाधा पुग्नासाथ ती सबै कुराको सङ्गति विग्रन्छ । त्यसपछि न्यायप्रति मानिसहरूका अविश्वास र अनास्थाहरू बढ्न थाल्छन् र पतनको सुरुवात हुन्छ त्यसैले सत्यताको पहिचान गर्न न्यायाधीशले अलिकति पनि कसुर राख्नुहुँदैन ताकि कसैले औँला उठाओस् किनभने सत्यको पहिचान गराउनु नै न्याय हो ।

कसको दोष छ ? को निर्दोषी छ त्यसकुरालाई केलाएर सप्रमाण पुष्टि गर्नसक्नु नै सत्यताको नजिक पुग्नु हो । सत्यताको पहिचान गराउने भएकाले न्यायलाई सत्यसँग दाँजेर हेरिएको हो ।

राज्य र समाजमा आफ्नै खाले समस्या हुन्छन् । तिनीहरूका विषयमा आवश्यक नियम र दण्डका विधिविधान रहेका छन् । अधिकांश

---

६९ ।८।१ मनु

७० सोऽस्यकार्याणि संपश्येत्सभ्यैरेव त्रिभिवृतः।
सभामेव प्रविश्याग्र्यामासीनः स्थित एव वा ॥ ८।१मनु

आइपर्ने सामाजिक समस्याका निश्चित कारणहरू मनुस्मृतिले उल्लेख गरेको छ । आजको सन्दर्भमा उक्त स्मृतिले उल्लेख गरेका मुद्दाका विषय कम होलान् तर तत्कालीन अवस्थाका लागि यी पर्याप्त विषय थिए । उक्त स्मृतिले उल्लेख गरेका विवादका विषयहरू अठार प्रकारका छन् ।

## मुद्दा पर्ने विवादका १८ कारणहरू

(१) ऋण लिने र दिने, (२) धरौटी राख्ने, (३) अर्काको वस्तु बेचिदिने, (४) समूह मिलेर गरेको साझेदारी काममा समस्या वा विवाद हुने, (५) दान दिएको कुरा फिर्ता लिने, (६) नोकरलाई तलब नदिने, (७) सन्धिसम्झौता बिगार्ने, (८) किनबेचमा झगडा उब्जने, (९) मालिक र नोकरका बीच झगडा हुने, (१०) सीमाको विषयमा विवाद आइपर्ने, (११) कठोर दण्ड दिने, (१२) नमीठो वा गाली गर्ने, (१३) चोरी गर्ने, (१४) साहस गर्ने, (१५) स्त्री संसर्ग गर्ने, (१६) स्त्रीपुरुषमा वैरता पर्ने, (१७) धनको विभागमा कलह पर्ने, र (१८) जुवा खेल्ने । उक्त अठारवटा सामाजिक समस्याहरूको टिपोट गरी समाजका विवादका विषयहरू पहिल्याएर समाधानमा एकरूपताको परिस्थिति सिर्जना गर्नुपर्छ भन्ने मनुको चिन्तन हो । ती विवादित विषयहरूको व्यवस्थित निर्क्यौलमा लाग्नु नै न्यायसम्पादनमा सफलता हासिल गर्नु हो । यसैबाट समाज व्यवस्थित बनाउन सकिन्छ ।

उचित न्यायका लागि प्रमाण महत्त्वपूर्ण कुरा हो । प्रमाणहरू यथेष्ट सङ्कलन गरिसकेपछि पनि प्रमाणहरूको सत्यता, आर्थिक अवस्था, स्वआत्माको विवेक, उपस्थिति साक्षी, देश (ठाउँको परिवेश) समयलाई राम्ररी बुझेरमात्र न्यायाधीशले न्याय दिनुपर्छ ।[७१]

दिएका न्याय नै राज्यको सुरक्षा कवच बन्ने हुँदा न्यायाधीशले न्याय दिनु अघि समयको प्रवाह र ठाउँको परिवेश राम्ररी बुझ्नुपर्छ । कुनै ठाउँमा

[७१] सत्यमर्थं च संपश्येदात्मानमथ साक्षिणः ।
देशं रुपं च काले च व्यवहार विधौ स्थितः ॥ ८।४५मनु





राम्रो ठानिएको कुरा अर्को ठाउँमा नराम्रो ठानिएको पनि हुन सक्छ त्यसैले ठाउँ विशेषको परिस्थिति पनि न्यायसम्पादनका लागि प्रमुख कुरा हुन् । सामाजिक स्वरूप अनुसार गुण र दोष केलाउनु यथार्थपरक कुरा पनि हो । राष्ट्रले बनाएका साझा नियमका विषयमा भने यो नियम लागु हुँदैन ।

## न्याय दिँदा सम्बन्धित जातिको संस्कृति र परिवेश बुझ्ने

न्यायप्रणालीमा जातजातिका नियम आचरण फरकफरक हुन्छन् । ती सबै कुरालाई समान रूपले लिएर व्यवहार गर्नुपर्ने कुरा मनुले उल्लेख गरेका छन् ।

जुन देशमा जुन जातिको जुन आचरण व्यवहार छ त्यसैलाई आधार मानेर नै न्याय सम्पादन गर्नुपर्ने हुन्छ ।[७२]

त्यसैले नियममा जे लेखिएको छ त्यही हुनुपर्छ भन्ने मान्यता राख्नुको हुँदैन । न्याय सबैका लागि हो त्यसैले राजाप्रजा जातवर्ग न्यायका लागि बराबर छन् । यसै कारणले न्याय ठीकसँग हुनुपर्छ । शास्त्रहरूले यस विषयमा न्यायपालिका सदैव सजग हुनुपर्छ भन्ने सङ्केत दिएका छन् । यसै कारणले राजनैतिक व्यक्ति सामाजिक गतिधिका ज्ञाता पनि न्यायपरिषदमा राख्नुपर्छ भनेको हो ।

न्यायसम्पादनमा धर्मशास्त्रले तोकिदिएको व्यवस्थाभन्दा पनि कुलपरम्परा, जातिपरम्परा, उनीहरूले मानेको धर्मलाई विचार गरेर विशेषरूपले धर्मसम्पादन गर्नुपर्छ । न्याय दिँदा यी सबै कुरा हेर्नुपर्ने हुन्छ । सोही अनुरूप विचारपूर्वक गरेको न्यायसम्पादन बढी प्रभावकारी हुने कुरा मनुको छ ।[७३]

इत्यादि कुराहरूले गर्दा न्यायसम्पादनमा नियुक्त गरिने व्यक्ति अत्यन्तै योग्य हुनुपर्छ त्यसैले प्रथम शास्त्रीय विधिनिर्माता मनुले पढेर ज्ञान

[७२] सद्भिराचरितं यस्यादार्भिकैश्च द्विजातिभिः ।
तद्देश कुलजातीनामविरुद्धं प्रकल्पयेत । ४६

[७३] जातिजानपदान्धर्मांञ्श्रेणीधर्मांश्च धर्मवित् ।
समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत् । ८।४१मनु

आर्जन गरे पनि उसमा आचरण छैन भने त्यस्ता विद्वान्हरूलाई न्यायपरिषदमा नराख्नु भन्ने सन्देश दिएका छन् । उनले धनको प्रलोभन र कसैको धम्कीमा नफस्ने व्यक्तिहरूलाई मात्र न्यायसम्पादनमा नियुक्ति दिनुपर्छ भनेका छन् । न्यायाधीश नियुक्त गर्दा विचार पुऱ्याउनुपर्ने यो विचार आजका सन्दर्भमा पनि जीवन्त देखिन्छ र पढेरमात्र न्यायाधीश बन्न नसक्ने कुरा पनि उचित छ । शास्त्रहरूले साक्षीका विषयमा पनि महत्त्वपूर्ण चर्चा गरेका गरेका छन् ।

न्यायसम्पादनको एक मुख्य तत्त्व साक्षी भएकाले न्यायकर्ताले साक्षीको भनाइ उसको हाउभाउलाई राम्ररी अध्ययन गर्नुपर्छ । न्यायकर्ताले साक्षीको मनोविज्ञानलाई पनि अध्ययन गर्नुपर्छ भन्ने महत्वपूर्ण शिक्षा दिएका छन् ।

## प्रमाणको औचित्य पुष्टि

यस विषयमा सामान्य चर्चा त माथि नै गरिसकिएको छ । तथापि यहाँ पनि केही कुरा चर्चा गरौं । मनुले प्रमाणलाई दुईवर्गमा बाँडेका छन् ।

(१) मानुषप्रमाण र (२) दिव्यप्रमाण ।

मानुषप्रमाणमा लिखित, भोग र साक्षी गरी तीन प्रकारका प्रमाणहरू रहेका छन् । यिनीहरूमा लिखितप्रमाण सबैभन्दा बलियो हुन्छ । त्यसपछि भोगप्रमाण हुन्छ तर साक्षीप्रमाणचाहिँ ती दुई प्रमाणमा अलि जटिल प्रमाण हो । यसमा साक्षीको स्वभाव र व्यवहार बुझेरमात्र उसको भनाइ प्रमाणका रूपमा राख्न सकिन्छ त्यसैले दुवै पक्षका साक्षीहरूले दिएका प्रमाणहरूलाई कसको प्रमाणमा बढी सत्यता र प्रामाणिक रहन्छ त्यसैलाई संवेदनशील भएर न्याय दिन सक्नुपर्छ । यी मानुषप्रमाणहरूले प्रमाणित गर्न नसकेपछिमात्र दिव्यप्रमाणको सहारा लिनुपर्छ । दिव्यप्रमाणलाई दैवीशक्तिको रूपमा लिएको छ । कतिपय अवस्थामा प्रमाण दिन नसक्ने समस्याहरू पनि देखिन आउँछन् । त्यसबेलामा देवतालाई छोएर बोल्न लगाइन्थ्यो । झुट बोले विनास हुने र सही बोले राम्रो हुने कुराको बोध गराइन्थ्यो । अहिले पनि गीताको पुस्तक साक्षी राख्ने चलन छँदैछ ।





साहस, चोरी र स्त्रीप्रसङ्ग, कठोर बोली र कडा दण्डका समस्याहरूमा साक्षीहरूको परीक्षण गरिरहनुपर्दैन । मनुका अनुसार यी प्रसङ्गहरू नै अप्रत्यासित अवस्थामा हुन्छन् । यसो हुँदैमा बिना सुझबुझ दण्ड दिनु भनेको होइन । सामाजिक र राज्यका नीतिहरू मिच्ने दुष्ट, चोर, डाँका, जाली र भ्रष्टहरूका लागि धर्मसभा न्यायालयले दण्डको व्यवस्था गर्छ भने हाम्रा व्यावहारिक जीवनमा ती नियमहरूले प्रभाव पार्न नसक्ने थुप्रै विषयहरू रहेका हुन्छन् । ती विषयहरू व्यावहारिक जीवनमा निकै महत्वपूर्ण छन् ।

सदाचार, नैतिकता, धर्म र कुलपरम्परा विगारे राज्यले दण्ड दिन कुनै नियम बनाउँदैन । समाजिकरूपमा भने त्यस्ता व्यक्तिहरूलाई प्रायश्चितको व्यवस्था हुन्छ । मनुस्मृतिले प्रायश्चितको व्यवस्थालाई नियमित गरेको छ । यस लोकका भौतिकका लागि न्याय र दण्ड उपयोगी देखिन्छन् भने परोक्ष र परलोकका लागि प्रायश्चित महत्त्वपूर्ण छ । आध्यात्मिक र आत्मिक विकासतर्फ प्रायश्चित बढेको छ भने शारीरिक र भौतिक विकासमा कानुनको दण्ड बढेको छ । दण्डको निर्क्यौल न्यायले दिएको हुन्छ त्यसैले मनुस्मृतिमा न्यायको लागि ज्यादै महत्त्वपूर्ण आधारहरू आएका हुन् । साक्षी र प्रमाणहरूका विषयमा थुप्रै लामा प्रसङ्गहरू छन् ।

# ४

# न्यायपीडितका सन्दर्भमा

पूर्वीय विधिशास्त्र इशापूर्व एक हजार वर्षभन्दा पनि पहिलेदेखि नै अत्यन्तै परिपक्व र संवेदनशील भएर न्यायका क्षेत्रमा देखापरेका छन्। समाजलाई व्यवस्थित बनाएर अगाडि बढाउन समाजिक नियमहरू अत्यन्त आवश्यक हुन्छन् र ती नियमहरूलाई व्यवस्थित तरिकाले कार्यान्वयन गराउने सम्बन्धित निकाय पनि त्यत्तिकै संवेदनशील रहनुपर्छ भन्ने कुराप्रति पनि पूर्वीयशास्त्रहरू सचेत छन्। त्यसैले उक्त शास्त्रहरूले राजा र हरेक न्यायिकक्षेत्रसँग सम्बन्धित भएका व्यक्तिहरूलाई लोभ, लालच र अहङ्कारमा नलागी सही न्यायसम्पादन गर्न उचित सुझाव दिएका छन्।

लोभ लालच, अहङ्कार, वैमनस्यता र शत्रुताजस्ता कुराहरू न्यायिक व्यक्तिमा आए भने त्यस्तो व्यक्तिले कहिल्यै सही न्याय दिन सक्तैन। सही न्याय नदिएपछि समाज र राज्यमा सामाजिक अस्थिरता र अशान्ति बढन् थाल्छ। दुष्टहरूको शक्ति पनि वृद्धि हुन्छ। यसले मानवीय व्यवहारमा





कमजोरी ल्याइदिन्छ र राष्ट्र पनि कमजोर बन्न पुग्छ। न्याय भनेको राष्ट्रको मेरुदण्ड हो। त्यही कमजोर भएपछि राज्य राम्ररी चल्न सक्तैन।

राज्यका सबै जनतालाई समान व्यवहार गर्नु राज्यको दायित्व हो। समान व्यवहारको मूल कसी भनेकै न्यायिक व्यवहार भएकाले राज्यको मूल चासो न्यायको सुधारमा जानुपर्छ।

निरक्षिर विवेकी न्यायाधीशबिना सम्यकन्याय सम्पादन हुन सक्तैन त्यसैले न्यायाधीशको चयनगर्दा निस्वार्थी, विद्वान् र निर्भीक व्यक्तिलाई नियुक्त गर्नुपर्छ। यसमा राजनैतिक पूर्वाग्रह, आफन्त र अन्य सम्बन्धको कुनै नातासँग सम्बन्ध राख्नुहुँदैन।

उल्लिखित सबै कुरा शास्त्रीय विचारहरू हुन्। पूर्वीय शास्त्रमा न्यायपद्धति भन्ने शीर्षकमा सबै कुरा आइसकेका छन्।

यस लेखनको सम्बन्ध पीडित विधिशास्त्रसँग छ। यस विषयलाई पूर्वीयविधिशास्त्रमा निकै राम्ररी नियालिएको छ।

नारदस्मृतिले यस विषयमा गहन चिन्तन प्रस्तुत गरेको छ। उक्त स्मृतिमा आएको विचार तर्क र विवेकसम्मत देखिन्छ। न्यायप्रक्रिया सधैँ ठीक नहुन पनि सक्छ किनभने न्यायसम्पादनमा प्रमाण महत्त्वपूर्ण हुन्छ। कहिलेकहीँ चलाख व्यक्तिहरूले पीडितका सत्य प्रमाणहरू मेटेर आफूले जाली प्रमाणहरू जुटाएका हुन्छन्। न्यायाधीशले रहस्य खोतल्न नसकेर असत्यलाई सत्य र सत्यलाई असत्य ठान्न पुगेका पनि हुन सक्छन्। त्यस्तो बेलामा निर्दोष दोषी र दोषी निर्दोष ठहरिन पुग्छ। यसरी नै कहिलेकाहीँ लोभ लालचामा फसेर न्यायधीशले सोझा व्यक्तिका मुखबाट अञ्जानमा धेरै कुराहरू निकाल्छन्। यसबाट पनि सही निर्णय आउँदैन अनि समाजमा न्यायप्रति मानिसको विश्वास घट्छ।[१]

व्यक्तिको निजी स्वार्थले न्यायिक पक्रिया बिगार्न थालेपछि सिङ्गो राष्ट्र नै दिशाहीन बन्न पुग्छ। त्यसैले असल वकिलले कुनै पनि मुद्दाको राम्ररी परीक्षण नगरिकन न्याय(निर्णय) दिने काम गर्नुहुँदैन। राज्यको सबैभन्दा संवेदनशील पक्ष भनेकै न्याय भएकाले न्यायप्रक्रिया बिगार्ने

---

१ असत्याः सत्य सङ्काशाः सत्याश्चासत्यसन्तिभाः।
दृश्यन्ते विविधा भावास्तस्माद्युक्तं परीक्षणम्॥ १।७१ नारदस्मृति

न्यायाधीशलाई राजा (सरकार)ले दण्ड दिनुपर्छ ।

वकिलले कहिलेकाहीँ प्रमाद गर्छन् र कहिलेकाहीँ नाता र सम्बन्धका कारणले पक्षपात गरी गलत निर्णय पनि दिन्छन् । कानुनलाई व्यवहारमा ल्याउने सम्बन्धित निकायले यस कुरालाई राम्ररी निरीक्षण गर्नुपर्छ त्यसैले यस्तो गल्ती भेटिनासाथ त्यस्ता न्यायकर्तालाई उचित दण्ड दिइहाल्नुपर्छ अनिमात्र अरू न्यायकर्ताले गल्ती गर्दैनन् । यसो भएन भने मानिसको न्यायप्रतिको विश्वास घटेर जान्छ र समाजका गलत व्यक्तिहरू उठ्न थाल्छन् । त्यस कारण सरकार यसप्रति सधैँ सचेत हुनुपर्छ ।[२]

यतिमात्र होइन राज्यले दिएको आदेशलाई घटबढ गरेर चोर व्यवभिचारी आदिलाई बचाउने काममा न्यायकर्ता पनि लाग्न सक्तछन् । त्यस्ता न्यायकर्तालाई उत्तम साहस(दण्ड) दिएर राज्यले त्यस्ता व्यक्तिलाई दण्ड गर्नुपर्छ अनि मात्र सही दण्ड गर्न न्यायकर्तालाई उत्प्रेरणा मिल्छ ।[३]

न्यायिक प्रक्रिया अत्यन्त गूढ रहस्यपूर्ण हुन्छ त्यसैले वादी र प्रतिवादी दुईपक्षका विचार र प्रमाणका भित्रि रहस्यसम्म पुगेर निर्णय गर्नु त्यति सजिलो छैन । राम्ररी न्याय दिएजस्तो लाग्दालाग्दै पनि सही निर्णय नहुन सक्तछ । पीडितले फेरि मुद्दा हेरिदिन सम्बन्धित निकायमा अपिल गर्न सक्तछ । त्यस्तो समयमा पीडितमात्र होइन पीडकपनि हार स्वीकार नगरी फेरी मुद्दा दर्ता गराउँछ त्यसलाई न्यायाधीशले सचेत गराउनुपर्छ । न्यायाधीशले उक्त व्यक्तिलाई यदि पहिलेकै निर्णय ठीक रहेछ भने तिमीले अहिले दिएको भन्दा दुई गुणा बढी दण्ड पाउँछौ । यदि सही निर्णय नपाएको पीडित हो भने उसले नडराई फेरि मुद्दा दर्ता गराउँछ होइन भने छलकपट गर्ने खालको पीडक नै रहेछ भने मुद्दा दर्ता गराउँदैन ।[४]

यस विचारको आशय हो पीडितले न्यायाधीशबाट सही निर्णय पाएको छैन भने जानाजान आफू पीडित भएर बस्नु हुँदैन त्यसले राजामा

---

२ दुरदृष्टेव्यवहारे तु सभ्यास्तं दण्डमाप्नुयुः ।
नहि जातु बिना दण्ड काश्चिन्मार्गोऽवस्तिष्ठते ॥ १।६६ नारद

३ ऊनं वाऽप्यधिकं वा˜पि लिखेद्यो राज्यशासनम् ।
पारदारिक चौरं वा मुञ्चतो दण्ड उत्तमः-व्य.अ.२९५ या.

४ राजप्रत्यक्ष दृष्टानि सुहृद्सम्बन्धि बान्धवैः।
प्राप्त द्विगुण दण्डानि कार्याणि पुनरुद्धरेत् ॥ १।५० नारद





फेरि निवेदन गर्नुपर्छ तर यो पक्रिया सजिलो भयो भने जो सुकै पुन मुद्दा दर्ता गराउन पुग्छन् । त्यो नहोस् भनेर पहिलेकै निर्णय ठीक रहेछ भने दुई गुणा बढी दण्ड भोग्नुपर्छ भन्ने शर्त राख्नुपर्छ भन्ने शास्त्रको सोच हो ।

न्यायमा पीडित भएका व्यक्तिलाई राजा (सरकार)ले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ भन्ने याज्ञवल्क्यस्मृतिमा नियम बनेको छ ।

राज्यले तोकेका न्यायाधीश वा कानुनी व्यक्तिहरूबाट पीडित व्यक्तिले सही न्याय पाएन भने उसले त्यसभन्दा माथिल्लो न्यायिक निकायमा पुनर्मूल्याङ्कनका लागि आवेदन दिने अधिकार पूर्वीयशास्त्रहरूले दिएका छन् । न्यायबाट नै पीडित हुने व्यक्तिले न्यायको ढोका फेरि ढक्ढक्याउन पाउँछ किनभने न्याय पाउनु सबैको नैसर्गिक अधिकार हो । पूर्वीयशास्त्रहरूले न्यायबाट पीडित हुने दुईवटा कारणहरू दिएका छन् ।

१. पीडित् व्यक्ति कमजोर, ज्यादै सोझो र प्रमाण जुटाउन नजान्ने भएर,
२. प्रतिपक्षी ज्यादै चलाख, धूर्त भएर र न्यायकर्ता लोभ लालचमा फँसेर ।

प्रथम कारणमा न्यायकर्ता प्राप्त प्रमाणहरूलाई गम्भीर अध्ययन र अनुसन्धान गर्न असक्षम भएर वा चलाखीपूर्ण सोझा व्यक्तिका मुखबाट र असत्यलाई पनि सत्य बनाएर बोल्न बाध्य पार्ने अवस्था सिर्जना गरेर न्यायपीडित बन्नुपर्ने अवस्था देखाइएको छ भने दोस्रो कारणमा त मनसायबाट नै गलत विचारले न्यायधर्मको विरोधि व्यक्तिहरू देखिन्छन् । यिनीहरू न्यायअपराधी भएकाले यस्ता व्यक्तिलाई सरकारले नियमले तोकेको भन्दा दुईगुणा बढी दण्ड दिनुपर्छ । यी सबैभन्दा ठूला अपराधि हुन् किनभने यस्तो काम गर्नेहरूबाट न्यायप्रक्रिया विग्रिन्छ । न्यायप्रक्रिया विग्रिएपछि देशमा शान्ति र सुव्यवस्था पनि नासिन्छन् । मानिसमा न्यायप्रति विश्वास घट्छ । यतिमात्र होइन न्यायको सर्वोच्च निकायबाट पनि यस्तो किसिमको गल्ती भएको छ भने त्यसले स्वयं प्रायश्चित गर्नुपर्छ । त्यसका लागि शास्त्रहरूले पनि नियम बनाएका छन् ।

## न्यायपीडितलाई क्षतिपूर्ति

शास्त्रमा न्यायपीडितले क्षतिपूर्ति पाउनुपर्ने नियमको व्यवस्थासमेत गरेका छन् । आजभोलिको जस्तो जटिल नभएपनि त्यो प्राचीनसमयदेखि नै न्यायपीडितलाई राज्यले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ भन्ने नियम पनि उल्लेख गरेका छन् । यो आधुनिक कानुनी व्यवस्थाको आदर्श मार्ग हो । राजाले होइन राजनियुक्त वकिलले गलत निर्णय दिएर व्यक्तिलाई पीडित बनाएको रहेछ भने राजा (सरकार) ले त्यस मुद्दासँग सम्बन्धित सभासदलाई पीडितले पाएको दण्डको दुई गुणा बढी धन दण्डको रूपमा लिनुपर्छ । स्वयं राजाबाट नै यस्तो गलत निर्णय भएको रहेछ भने जति दण्ड गरिएको छ त्यसको तीन गुणा बढी धन वरुणका नाममा छुट्याएर पढ्नेहरूका लागि खर्च गर्नुपर्छ र जति दण्ड गरेको छ त्यति नै दण्डित व्यक्तिलाई फिर्ता गर्नुपर्छ । गलत न्याय दिने कोही पनि दण्डित हुनुपर्छ[५] अनिमात्र न्यायप्रक्रिया व्यवस्थित बन्दछ भन्ने शास्त्रीय नियम हो ।

पूर्वीयशास्त्रहरू समानताको दृष्टिकोणबाट विकसित भएका छन् । कसैको अधिकार हनन हुनुहुँदैन भन्ने उनीहरूको सोच हो त्यसैले न्यायले अन्याय गरी कसैलाई पीडा दिनुहुन्न किनभने न्याय भनेको सत्य हो । सत्य खलबलिए धर्मको नास हुन्छ र धर्म नासिएपछि सबै कुरा नासिन्छन् । नासिएको धर्मले सबैलाई नास गर्छ भन्ने मनुको उद्घोष छ ।

यसकारण नै विधिमुताविक दण्ड दिनु राजा (सरकार) वा न्यायाधीशको कर्तव्य हो । विधिमुताविक तोकिएको दण्डले मानव, देवता त के असुरसमाजमा पनि आनन्द प्रदान गर्छ । तर नियम सङ्गत न्याय दिइएन भने समाजमा आक्रोशबाहेक केही हुँदैन ।[६]

---

५ दुर्दृष्टांतु पुनर्दृष्ट्वा व्यवहारान्नृपेण तु ।
सभ्याः सजयिनो दण्ड्या विवादाद्विगुणं दमम् ॥
राज्ञाऽन्यायेन यो दण्डो गृहीतो वरुणाय तम् ।
निवेद्य दद्याद्विप्रेभ्योः स्वयं त्रिशद्गुणी कृतम् ॥ व्य.अ.३०५-३०७ या.

६ यथाशास्त्रं प्रयुक्तं सन् सदेवासुरमानवम् ।
जगदानन्दयेद् सर्वमन्येथा तत्प्रकोपयेत् ॥ आ ३५४ या.





याज्ञवल्क्यले भनेका छन् : दुराचारीलाई दण्ड र सदाचारीलाई रक्षा गर्न कै लागि यो दण्ड ब्रह्माले निर्माण गरेका हुन् किनभने यो दण्ड धर्मकै अर्को रूप हो । यसै कारणले दण्डको ज्यादै ठूलो महत्त्व छ । दण्ड समाजलाई व्यवस्थित बनाउने उपाय मात्र होइन मानवीय मूल्य हो त्यसैले शास्त्रहरू भन्दछन् : दण्ड सत्य र धर्म भएकाले यसको प्रयोग निरर्थक हुनु हुँदैन त्यसरी नै न्याय वास्तविक कुराको प्रस्तुति भएको हुनाले न्यायबाट कसैले पीडित पनि हुँदैन त्यसैले प्राचीन धर्मशास्त्रहरू दण्ड र न्यायका विषयमा ज्यादै संवेदनशील देखिन्छन् ।

कर्तव्य र मानवीय गुणसँग आएको न्याय शब्द व्यावहारिक सत्यतासँग गाँसिएर विधि र नियमसँग बाँधिएको छ । यस कारणले भावनात्मक कुरामा भन्दा व्यवहारका कुरासँग न्यायको सम्बन्ध छ । स्थापित नियमका विषयमा तर्कशास्त्रले पुष्टि गरेपछि निस्किएको तथ्य कुरा नै सही न्याय हो । त्यसैले पुरस्कार र दण्ड यसका अङ्ग हुन् । पुरस्कार पाउनेले दण्ड पायो र दण्ड पाउनेले पुरस्कार पायो भने त्यो न्याय हुन सक्तैन ।

न्यायबाट पीडित हुनु भनेको सबैभन्दा नराम्रो कुरा हो त्यसैले न्यायकर्ता न्यायदिने विषयमा अत्यन्तै सम्यमित बन्नुपर्छ । गलत न्याय दिनेलाई दण्ड दिनुपर्छ यो पनि न्याय नै हो भन्ने कुरा पूर्वीय धर्मशास्त्रहरूले गरेका छन् ।

पुरातन इतिहासमा यस्तै घटना भएको थियो । माण्डव्य ऋषिले बाल्यकालमा एउटा निर्दोष कीरालाई अत्यन्तै निमर्मपूर्वक मारेकाले यमराजले कुनै एक राजामार्फत मृत्युदण्ड दिए तर तपशक्तिका कारणले माण्डव्य मरेनन् त्यसपछि राजालाई दोष नदिई उनी यमराज कहाँ गएर सोधे : मैले के पाप गरेको थिएँ र यो शूलीमा चढ्नु परेको हो ? यमराजले आफ्नो सूचना पुस्तिका पल्टाएर जवाफ दिए :“तपाईले बाल्यकालमा निर्दोष कीरोलाई मार्नुभएको थियो । यो त्यसैको सजाय हो ।” यमराजले भनेको कुरा सुनेर माण्डव्य दुःखी भए । उनले यमराजलाई भने कि सानो बालकले सही र गलत छुट्याउन सक्तैन र उसका लागि पाप र धर्मका विषयमा ज्ञान पनि हुँदैन त्यसैले अज्ञानी बालकले गरेका पापलाई पनि ठूलो

व्यक्तिले गरेको पापझैँ दण्ड दिनु न्यायको कुरा होइन। यमराजजस्तो व्यक्तिले यति कुरा पनि विचार नगर्नु अत्यन्तै नराम्रो कुरा हो। अब तपाईँलाई न्यायिक देवता भन्न सुहाउँदैन त्यसैले तपाईं पृथिवीको मानव बन्नु भन्ने श्राप (दण्ड) दिए। त्यसदिनदेखि उनले बाह्र वर्षसम्मको बालकले गरेको पाप दण्डनीय हुँदैन भन्ने नियम बनाए। (बाल अधिकारका विषयमा यो विषय चर्चा गरिएको छ।)

न्याय गरो भन्दाभन्दै अन्याय पनि भइरहेको हुन्छ। त्यसो हुनुहुँदैन आफुलाई न्याय नभएको जस्तो लागे त्यस विषयमा न्यायकर्तासँग पुनः प्रश्न गर्न सकिने कुरा यस प्रसङ्गले दिएको छ।

स्कन्द पुराणको रेखाखण्डमा एउटा यस्तै प्रसङ्ग छ : ज्वाई ससुरा मिलेर समुद्र नजिकको रत्नसारपुरमा आफ्नो व्यापार चलाउन भनेर गए। त्यहाँबाट नजिकमा चन्द्रकेतु राजाको नगरी थियो। यी दुवै व्यापारी उक्त नगर नजीकमै पुगे र व्यापार गर्न थाले। एकदिन चन्द्रकेतु राजाको धन चोरी भयो। सेना चोर समात्न छोडिए। चोरहरू आफु समातिने भइयो भनेर बच्ने उपाय खोज्न थाले। अन्तमा चोरहरूले आफूले चोरेको धन उक्त व्यापारीहरू रहेकै ठाउँमा लगेर छोडिदिए। सेनाहरूले व्यापारीहरूका अगाडि राजधन देखेपछि व्यापारीहरू नै चोरहरू हुन् भन्ठानेर उनीहरूको सम्पूर्ण धन जफत गरी उनीहरूलाई पनि बन्दी बनाए।[७]

यी वणिकहरूका विषय राम्ररी बुझिसकेपछि दैवीशक्तिका प्रभावले यिनीहरू चोर होइनन् भन्ने थाहा पाएपछि चन्द्रकेतु राजाले उनीहरूलाई जेलमुक्त गराए। त्यसपछि उनीहरूबाट जफत गरिएको धन फिर्तामात्र गरेनन्। उनीहरूले भोगेको घाटाको पूर्ति स्वरूप उनीहरूलाई वस्त्रालङ्कारले भूषत गरेर दुई गुणा बढी धन दिएर आदरपूर्वक विदा गरे।[८]

---

७ वाणिज्यार्थगतः शीघ्र जामात्रा सहितो वणिक् ॥
रत्नासारपुरे रभ्ये गत्वा सिन्धुसमीपतः ॥

८ वस्तालङ्कारकं दत्वा परितोस्य नृपश्चतौ।
पुरस्कृत्य वणिक पुत्रौ वचसा तोषयद मृशम्।





यस इतिहासले दण्ड दिँदा अन्याय भएको छ भने त्यसलाई न्यायदाता वा दण्डकर्ताले भएको नोक्सानी पूर्ति गर्नुपर्छ र त्यसबाट भएको हानी पनि पुरताल गरिदिनुपर्छ भन्ने सन्देश दिएको छ।

---

पुरा नीतं तु यद् द्रव्यं द्विगुणीकृत्य दत्रवाने।

# ५

# पूर्वीयशास्त्र र व्यावहारिकता

वर्तमान परिप्रेक्ष्यमा हरेक विषयको ऐतिहासिक पक्षको खोजी गर्दा पूर्वीय धर्मशास्त्रहरूको पनि अन्वेषण गर्ने एउटा राम्रो परम्पराको सुरुआत भएको छ । यसले हाम्रा पुर्खाले आफ्नो समाज, देश र राष्ट्रका लागि केकस्ता कामहरू गरेका थिए भन्ने कुराको यथार्थ ज्ञान त दिन्छ नै त्योभन्दा पनि विशेष त कुनकुन विषयमा हामी समृद्ध रहेछौँ भन्ने कुरा पनि थाहा पाउन सक्छौँ । जातपात छुवाछूत लिङ्गभेदजस्ता विषयहरूसँग पूर्वीयधर्मशास्त्रहरू बढी जोडिएर आइरहेका छन् । साँच्चै उठेका यी प्रसङ्गहरू शास्त्रमा लेखिएका कुराहरूसँग मेल खाएका छन् वा आफ्ना कुरा माथि उठाउन मन लागि भनिदै आएका हुन् । यस विषयमा यथार्थ कुरा खोजी हुनुपर्छ अथवा आफ्ना कुरा आफैँले राम्ररी हेर्न र खोज्न नसकेर अरूले सुनाएका कुरालाई विश्वास गर्दै उसैका पछि लाग्दै हिँडेका हौँ अथवा शैक्षिक सचेतता नभएका धर्मका अन्ध अनुयायीहरूले समाजमा गरेका व्यवहारहरूलाई देखेर त्यसैलाई शास्त्रीय कुरा ठानी शास्त्रहरूलाई अनावश्यकरूपमा गाली पो गरिरहेका छौँ कि ? यी तमाम कुराहरूको





जानकारी लिनु सचेतवर्गको कर्तव्य हो । सचेतवर्गले आफ्ना मूल्यहरू पहिल्याउनुपर्छ किनभने सही सभ्यता यिनै मूल्यसँग गाँसिएर आएका हुन्छन् ।

पूर्वीय दर्शनशास्त्रहरू सामूहिक सोच लिएर अगाडि बढेका छन् । यिनीहरूले व्यक्ति नै सब थोक हुन् भन्दैनन् । व्यक्तिभन्दा समूह ठूलो हुन्छ त्यसभन्दा राष्ट्र ठूलो हुन्छ भन्ने पूर्वीयशास्त्रहरूको मान्यता छ त्यसैले पूर्वका हरेक दर्शनहरू **सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दःख भाग्भवेत् ।** (कोही पनि दुःखी नहून् सबै सुखी होऊन् ,कोही पनि रोगी नहून् सबै रोग मुक्त होऊन्, कतै पनि कसैले पनि अशान्त र नराम्रो भन्नेकुरा देख्नु नपरोस्, सबैतिर शान्ति र राम्रो मात्र देख्न पाइयोस् । एकजना पनि दुःखमा नपरोस् ।) भन्ने सामूहिक आवाज लिएर अगाडि बढेका छन् ।

समाजमा बस्ता पनि जाति, भाषा र अन्य सम्प्रदायलाई आधार मानेर कसैले कसैमाथि थिचोमिचो गर्नुहुँदैन । पृथ्वी सबैको साझा घर हो । मानिसका स्वभाव र परिचयहरू फरकफरक हुनसक्तछन् तर सबैले टेकेको भूमि एउटै हो भन्ने कुरालाई मानिसले बूझनुपर्छ भन्ने अथर्ववेदको तर्क छ ।[१] वेद अनुसार जाति अनेक छन् धर्म अनेक छन् र भाषा पनि अनेक छन् । यति धेरै भेद हुँदाहुँदै पनि पृथिवीले एउटै परिवार बनाएर धारण गरेकी छन् । यस कुरालाई गुरु थापेर सबै एउटै परिवार बनी बस्नुपर्छ । इ.सं.पूर्व दुईहजार वर्ष अगाडि नै पूर्वमा यो समाबेसी उदार विचार जन्मिसकेको थियो । हाम्रो यस मूल्यलाई आत्मसात गरेर हिँड्नुपर्ने त हामी मानवजातिको कर्तव्य थियो । यसरी नै यो मर्यादालाई बचाउन देशको विधान बनाएर कार्यान्वयन गराउनु राजा वा सरकारको दायित्व हो ।

हिजोआज यही वैदिक विचारझैँ सबैजाति र भाषाभाषीको एकताकै नारा लिएर उठ्नु परेको छ । यही समानताको आवाज उठाइरहेका छौँ । हाम्रो समाजले त त्यही प्राक् विचारलाई विकास गर्दै लानुपर्थ्यो तर हामीले त विनास पो गरेछौँ । अहिले पश्चिमी दर्शन र विचारबाट आयातीत गर्दै छौँ । त्यो कुरा पहिले हामीसँगै थियो तर अहिले त्यही कुराको गरिब भएछौँ ।

---

१ जनं विभ्रमती बहुधा विवाचसं नानाधर्मणां पृथिवी यथौकसं १२।१।४५

हामी मानवजाति राम्रा कुराहरूको दरिद्र बन्दै गए पनि यी कुराका लागि हाम्रा शास्त्रहरू विश्वकै सम्मृद्ध थिए। हामी त भण्डार खोलेर आफ्नै सामान झिक्न नसक्नाले गरिब भएका हौँ। यसो हुनुमा दुई प्रमुख कारणहरू स्पष्ट देखिन्छन्। १ पहिलो कारण यो होः- एकथरीलाई सत्तालिप्सा बढ्दै गयो र उनीहरूलाई सत्तामा बसेर शासन गर्दा सुखभोग गर्न पाइँने अनुभूति बढ्दै गयो र हरतरहले सत्तामा बस्ने रणनीति बनाउन थाले। उनीहरूले राज्यका नीतिनियम बनाउनमा विद्वान्को अपेक्षा नै गर्न छाडे। उनीहरू आफ्नो अनुकूलका नियमहरू बनाउन थाले। यस प्रक्रियाले शास्त्रीय सोचहरू मरे। शासकहरू उच्च व्यक्तिहरू बन्दै गए। शासकहरूको यही रणनीति थियो। हामीले यसैलाई शास्त्रको मान्यता संझियौँ। शास्त्रको मूल विचार यस्तो होइन शासकभन्दा विद्वान्माथि हुनुपर्छ भन्ने शास्त्रको सोच हो। विद्वान्हरू शासकका भाट हुनुहुन्न। उनीहरू त ज्ञानका पारखी र समाजका मार्गनिर्देशक हुन् त्यसैले राजाले विद्वान्हरूसँग रायमरामर्श लिनुपर्छ र विद्वान्हरूले बनाएका नियमहरूलाई कार्यान्वयनमात्र गराउनुपर्छ। नियम बनाउने उसको अधिकार होइन। वैदिक मन्त्रले यही कुरा गरेको छ।[२] नीतिवान् राजाले विद्वान्हरूको राय लिएर समाजका खराब कुरा हटाउनुपर्छ र सही कुरा लागु गर्नुपर्छ। यो वैदिक विचार ज्यादै महत्वपूर्ण छ। यो शाश्वत कुरा बीचमा शासकहरूले टुक्र्याएकाले नै आजको यो विभेदको परिवेश सिर्जना भएको हो।

२ दोस्रो कारण होः- विद्वान्हरू शासकका पूजारी बन्दै गए भने अज्ञानीहरू अन्धाधुन्ध परम्परालाई धर्म र कर्तव्य ठान्दै आए। यिनीहरूले शास्त्रीय मान्यता बुझ्नै सकेनन्। त्यसैले यो आजको कमजोर स्थिति आएको हो। थोरै विद्वान्हरू सत्य खोतल्दै रहे तर सुनुवाइ कम भयो। जसको नतिजा आज हामी हाम्रै शास्त्रभित्र रहेका मानवता, मानवअधिकार, मानवीय कानुन र न्यायका आधारभूत सिद्धान्त बिर्सेर अन्यत्रैबाट खोजेर ल्याउनसम्म पुग्नुपर्‍यो। तत्कालीन परिवेशका लागि यी ज्यादै महत्त्वपूर्ण र विश्वकै आदर्श गुरु थिए। नीति र नियमहरू त समयअनुसारका हुन्छन्। आजको परिवेशसँग मेल खाएनन् भनेर बेठीक थिए भन्नु ठीक होइन। कतिपय ठाउँमा वेदले उल्लेख गरेको छ कि आफ्नो राज्यशक्तिको

[२] ८।३।२१ अथर्व





दुरूपयोग गर्ने राजा (शासक)को पतन अवश्य छ त्यसैले राजा वा सरकारले शक्तिको दुरूपयोग गर्नु हुदैन।[३] वेदले भनेको छ :- जो राजाले आफ्नो राज्यशक्ति प्रजापालन र शत्रुबाट आफ्ना प्रजालाई बचाउने कुरामा लगाउँछ त्यो राजा वा सरकार सबेको प्रिय हुन्छ। वास्तवमा कानुन(दण्ड)को उत्पत्ति पनि यही कुराको लागि भएको हो।

दण्डका विषयमा चर्चा गर्दा आधुनिक दण्डका कुराहरू प्रायशः आयातीत कै रूपमा पाइन्छन्। त्यसका ऐतिहासिक पृष्ठभूमि पनि त्यत्ति पुराना देखिँदैनन्। अहिले हामीले पढिरहेका वा आयातीत गरिएका दण्ड र त्यसका प्रभावका कुराहरू हामी कहाँ ऋग्वैदिक कालदेखि नै थिए भन्न सकिने आधारहरू छन्। ती आजका जस्तै थिए भन्नु त गलत हुन्छ किनभने सामाजिक नियमहरू परिवर्तित हुन्छन्। तिनीहरू सामाजिक रुचि र समयको मागसँगै विकसित भएका हुन्छन् त्यसैले ती नियमलाई अहिलेका नियमसँग तुलना गरेर यस्तै हुनुपर्छ भन्ने हुँदेन त्यसैले स्मृतिहरूले भनेका छन्:- **धर्मे युगानुसारतः** अर्थात् धर्म (नियम)हरूसमय अनुसारका हुन्छन्।

[३] ८।३।२५ अथर्व

# ६

# प्रभावकारी दण्ड र दण्डहीनताका सम्बन्धमा पूर्वीय शास्त्रहरूको सिद्धान्त

पूर्वीय धर्मशास्त्रहरूमा दण्डको उत्पत्ति र त्यसको महत्त्वका विषयमा खोजी गर्दा वा विद्वान्हरूले त्यस विषयको ऐतिहासिकताका सम्बन्धमा चर्चा गर्दा जोसुकै पनि ऋग्वेदसम्म पुग्नुपर्ने हुन्छ । यावत् ज्ञान र विज्ञानका कुरा ऋग्वेदबाटै शुरु भएका हुन् भन्ने विद्वान्हरूको निष्कर्ष छ त्यसैले ज्ञान, विज्ञान, दर्शन, राजनीति, समाजशास्त्र, धर्म(कानुन) आदि ऋग्वेदकै उपज हुन्। ऋग्वेद संसारको सबैभन्दा पूरानो ग्रन्थ हो। ऋग्वेदमा सूत्रात्मकरूपमा दण्डको उत्पत्तिका विषयमा उल्लेख भएको पाइन्छ त्यसैले यस विषयमा गम्भीर भएर चिन्तन गर्दा पश्चिममा भन्दा पूर्वमा धेरै पहिलेदेखि नै दण्ड वा कानुनविषयमा नीतिनियमका कुरा उठेका थिए ।

पूरातत्त्वविद्ले पनि वेद संसारकै सबैभन्दा पुरानो ग्रन्थ वा शास्त्र हो भनेको छ । यस कारणले पनि पूर्वमा धेरै प्राचीनसमयदेखि दण्डको महत्त्व रहेको थियो भन्न सकिन्छ । वेदमा वर्णित मन्त्रहरूको आशयलाई बुझ्दा





यही कुरा स्पष्ट हुन्छ कि समाज वा राज्यलाई व्यवस्थित बनाउनका लागि दण्डको आवश्यकता रहेको हुनाले त्यही कुरा पूरा गर्न दण्डको उत्पत्ति भएको हो ।

दण्ड र न्याय समाज र राज्यका लागि स्थापित भएका महत्वपूर्ण मूल्यहरू हुन् । यी दुई तत्त्व प्रभावशाली हुनसके भनेमात्र समाज र राष्ट्रको उन्नति सम्भव हुन्छ । दण्ड र न्याय एउटा देशका लागिमात्र आवश्यक भएका कुरा होइनन् । यी त विश्वकै लागि महत्त्वपूर्ण शक्ति हुन् । जुन शक्तिका अगाडि जतिसुकै शक्तिशाली शासकसमेत निहुरिनुपर्छ ।

समाज, देश हुँदै विश्वपरिवेशमा आवश्यक र महत्त्वपूर्ण बनेको दण्डका बारेमा ऋग्वेदले यसरी उल्लेख गरेको छ : ढुङ्गालाई घनले फुटाउँछ । त्यसरी नै फलामलाई पनि घनले ठोकेर नै सोझो वा आफ्नो आकारमा ल्याएर प्रयोग योग्य बनाउँछ । त्यसरी नै ढुङ्गाजस्ता अव्यावहारिक र आफैं आफ्ना उपयोगी आकार (कर्तव्य) मा आउन नसक्ने फलामजस्ता मानिसहरूलाई दण्डरूपी घनले ठीकमा ल्याउनुपर्छ । यही दण्डका कारणले दुष्ट शत्रु वा दुस्कर्मीबाट धर्मात्मा, सोझा र कर्तव्यनिष्ठ जनहरूलाई सुरक्षा दिन सकिन्छ ।[१] त्यो दिएको दण्ड देखेर फेरि शत्रु वा खराब मानिसहरूले अरूलाई दुःख नदिऊन् ।

यो प्रसङ्ग राष्ट्राध्यक्ष वा सेनाध्यक्षलाई सन्देश दिने प्रसङ्गमा आएको हो । वेदको यस कुराले समाज वा देशमा राम्रामात्र मानिस हुँदैनन् खराब मानिस पनि हुन्छन् । ती खराब दुष्ट आचरण भएका अविवेकी मानिसहरूले सोझा र कर्तव्यनिष्ठ मानिसलाई दुःखी बनाउँछन् । त्यहाँ सोझा, भलाद्मी र कर्तव्यनिष्ठ मानिसहरूको सुरक्षा पनि हुँदैन । यसपछि समाज र देश नै अस्तव्यस्त हुन्छ र अराजकता फैलिन्छ त्यसैले ती खराब र दुष्ट आचरण भएका व्यक्तिलाई समाजमा ठीक बाटोमा ल्याएर योग्य व्यक्ति बनाउन समाजले दण्डको आविष्कार गरेका हुन् भन्ने कुरा बुझ्न सकिन्छ ।

वेदमा आएका अन्य प्रसङ्गहरूले गाली गर्ने, संझाउने, फकाउने, हिर्काउने आदि दण्डका उपायहरू प्रयोगमा ल्याएर पनि तिनीहरू काम नलाग्ने भएपछि गल्ती गर्ने व्यक्तिलाई आफूले गरेको नराम्रो कामको

---

१ घनेव विष्वग्वि जह्याव्णस्तपुर्जम्भ यो अस्म ध्रुक् ।
यो मर्त्यः शिशीते अत्यक्तुभिर्मा नः स रिपुरीशत ॥ १।३६।१६-ऋ

सजाय (दण्ड) भोगाउन एकान्तमा घर बनाएर राख्नुपर्छ जुन कारणले अरूले नराम्रो कर्म गर्ने दुस्साहस नगरून् र स्वयं व्यक्ति पनि सुध्रियोस् भन्ने जस्ता उपायहरू उल्लेख गरेका छन् । यही विचारलाई आत्मसात गरेर आजको जेल बनाइएको हो ।

सामाजिक सम्पर्कबाट अलग्याएर अस्वतन्त्र रूपमा बस्नुपर्ने कठीन दण्ड कारागारमा बस्नु पनि हो त्यसैले एकान्तघरमा लगेर राख्ने दण्ड वैदिककालमा थियो भन्ने कुरा वेदका मन्त्रहरूबाट स्पष्ट हुन्छ । वेदको एक प्रसङ्गमा यसरी उल्लेख भएको छः- लुटेरा, दुष्ट र गलतमार्ग अपनाउनेहरूलाई राजा वा सेनापतिले दण्डित गर्दै आफ्नो नियन्त्रणमा राख्नुपर्छ । यसका लागि एकान्त स्थलमा बनाएको घरमा उसलाई राखिदिनु ।[२] संसारमा देखिएका सबै जेलहरू वेदले उल्लेख गरेका एकान्तघरकै विकसित रूप हुन् ।

वेदले स्पष्टसँग राज्य सञ्चालन गर्ने राज्य प्रमुख वा सेनाध्यक्षलाई सन्देश दिएको छ ।

राजा वा सेनाध्यक्षको प्रमुख कर्तव्य भनेको जनसुरक्षा हो । जनताको सुरक्षा गर्नका लागि चोर, डाका, लुटेरा र विधर्मीहरूलाई प्रभावकारी दण्ड दिनैपर्छ । यस्तो दण्ड सबैका लागि समान हुनुपर्छ । व्यक्ति हेरी दण्ड दिनु राम्रो होइन भन्ने व्यावहारिक सत्यलाई स्पष्ट पार्दै वेदमा एक मन्त्र आएको छ : जसरी सूर्यले पृथ्वीको पानी सोसेर संसारमा सबैका लागि वर्षाएको हुन्छ त्यसरी नै सेनापति वा राजाले सबैलाई समान दण्डको व्यवहार अपनाउनुपर्छ । विधर्मीलाई दण्ड दिनुपर्छ । सज्जनको रक्षा गर्नुपर्छ ।[३] जनताका लागि यही न्याय हो । राजाको कर्तव्य भनेकै यही हो । वैदिककाल न्याय र दण्डका लागि सुनिश्चित र व्यवस्थित नियम बनिसकेको समय थियो भन्ने कुरालाई वेदमा आएका उक्त विविध मन्त्रहरूले पुष्टि गरेका छन् ।

प्रभावकारी राज्य चलाउन दण्ड शक्तिशाली हुनुपर्छ दण्डशक्ति

२ अग्निना तुर्वशं यदुं परावत उग्रादेवं हवामहे ।
अग्निनर्यन्नवास्त्वं बृहद्रथं तुर्वीतिं दस्यवे सहः १।३६।१८ ऋ

३ आवः शमम् .............वेदनाक १।३३।१५ ऋ (त्यसबेला स्वयं राजा नै न्यायाधीश बन्ने परम्परा थियो ।)





बलियो हुनका लागि दण्ड दिने व्यक्ति प्रभावकारी दण्ड दिने कुरामा निर्दोष हुन सक्नुपर्छ त्यसैले दाण्डिक बौद्धिक र विचारशक्ति तिव्र भएको व्यक्ति हुनुपर्छ । यसका लागि दाण्डिक मोहमा फसेको भए वा आफ्नै कारणले दोषयुक्त छ भने उसले कसरी सहीरूपमा दण्ड दिनसक्छ ? प्रभावकारीरूपमा दण्डका लागि दण्ड दिनु अघि दुबैपक्षको गुणदोष केलाएर सत्यतथ्य पत्ता लगाउनुपर्छ । यसरी तथ्य पहिल्याएर गरेको निर्णयमात्र पक्का न्याय हुन्छ र त्यसपछि गलत गर्ने वा दोषीलाई दिएको दण्ड पनि प्रभावकारी बन्न सक्तछ त्यसैले कस्तो व्यक्ति असल न्यायाधीश बन्न सक्तछ त भन्ने विषयमा वेदले स्पष्टसँग भनेको छ :- जो राजा वा न्यायाधीश मोह र दोषबाट मुक्त छ । यस्ता कुराबाट मुक्त भएर असत्य र सत्य पहिल्याइँ ठीक निर्णय दिन सक्तछ । त्यही सही न्यायाधीश वा सच्चा राजा[४] बन्न सक्तछ[५]

यथार्थतः नियमका अगाडि सबै मानिस बराबर हुन्छन् त्यसैले दाण्डिकले सबै जनतामा समान व्यवहार गुर्नपर्छ । यो समान व्यवहारले मात्र दण्डशक्तिशाली बनेको हुन्छ । सरकार वा राजा वा राज्यप्रमुख उसले राज्यव्यवस्था बलियो र व्यवस्थित बनाउन सबै जनतामा समान व्यवहार अपनाउनुपर्ने सन्देश वेदमा रहेको छ : देशमा रहेका सबै जातजातिहरू भाइ बन्धुसमान बराबर हुन्छन् त्यसैले राज्यका दृष्टिमा सबै एकै हुन् । त्यसकारण दाण्डिकले समान व्यवहार गर्नुपर्छ ।[६] यस्तो व्यवहारले राज्यप्रति सबै झुक्तछन् र विश्वास पनि गर्छन् ।

यी सबै कुरा दण्ड प्रभाव कारिताका लागि आएका हुन् जहाँ दण्डको प्रभाव राम्रो भएको हुन्छ त्यहाँ परिवार, समाज र राष्ट्र नै शान्त र व्यवस्थित हुन्छन् । यस विषयमा यजुर्वेदमा एक ठाउँमा महत्त्वपूर्ण कुरा उल्लेख भएको छ : जुन देशको राजा (आजको सन्दर्भमा न्यायाधीश) न्यायिक हुन्छन् त्यो देशमा लुटेरा, चोर, छलकपट गर्ने व्यक्तिहरू हुँदैनन् र त्यहाँ जनता मनदेखि नै शान्तिका साथ बस्न सक्तछन् ।[७]

४ (त्यसबेला स्वयं राजा नै न्यायाधीश बन्ने परम्परा थियो ।)

५ आशृण्वन्ते अदृताय ...........४।३।३ ऋ

६ समानं वां सजात्यं समानो बन्धुरस्विना
अन्ति षदभूतु वामव : । ८।७३।१२

७ ..................९।१६ यजु

यस्तो राज्य नै सबैभन्दा उत्तम राज्य हो । यसका लागि न्याय दिने व्यक्ति दोषमुक्त हुनुपर्छ । वेदभित्र रहेका प्रस्तुत विचारहरूले दण्डलाई राज्यको सबैभन्दा शक्तिशाली तत्त्वका रूपमा स्थापित गरेका छन् । राज्यलाई सञ्चालन गर्ने मेरु दण्ड नै प्रभावकारी दण्ड हुने भएकाले वेदले कहीँ कतै पनि दण्डहीनतालाई प्रश्रय दिएको छैन । खराब र आचरणहीन पतीत व्यक्तिहरूलाई दण्ड दिइएन भने समाज वा राज्य नै अव्यवस्थित बन्दछ त्यसैले दण्ड दिनुपर्छ भन्ने कुरा वेदले उठाएको छ । वेदभित्रको यस मर्मलाई आत्मसात गर्न सकेको भए हाम्रो जस्तो देशमा आजको जस्तो यो भयावह स्थिति नै सिर्जना हुने थिएन ।

वर्तमान परिस्थिति यति दुःखद हुनु भनेको जतिसुकै गल्ती गरे पनि पहुँच र शक्ति छ भने उसले दण्ड पाएन र पाइहाले पनि अत्यन्तै कममात्रै पायो । यस कुराले सोझा र निर्धा मानिस निराश भए भने जनताको न्यायालय र सरकारप्रति अविश्वास पैदा भयो । एकातिर दण्डहीनताले खराब मनोवृत्ति भएका व्यक्तिहरूको अझ चलखेल बढ्न थाल्यो दण्डहीनता नै विकसित भयो । देशका प्रायशः सबै भागमा अशान्ति र अव्यवस्थितता फैलियो । कसैलाई कसैप्रति डर भन्ने रहेन । स्वतन्त्रताको नाममा मनपरि व्यवहारहरू बढ्न थाले । यस्तै कुरा आउन सक्छन् भनेर दण्डहीनता होइन राज्यले दण्डप्रभावकारितालाई जोड दिनुपर्छ भन्ने वैदिक सोच आएको थियो ।

माथि प्रस्तुत भएका वैदिक ऋचाहरूले दण्डहीनताले अराजकता बढ्छ भन्ने सङ्केत गरेका छन् र दण्ड प्रभावकारी हुन तथ्यपरक र व्यावहारिक सत्यता पहिल्याएर दण्ड दिनुपर्छ भन्ने मान्यता स्थापित गरेका छन् । दुष्टलाई तह लगाउनकै लागि दण्ड र जेल बनाइएका हुन् । तिनीहरूलाई प्रभावकारी बनाउन नसक्नु दण्डहीनता हो । यसले राज्य कमजोर बन्छ भन्ने कुरा स्पष्ट पारिएको छ ।

वेदपछिको समय भनेको धर्मशास्त्रको हो । धर्मशास्त्रहरू वेद वर्णित सत्य र समाजद्वारा स्थापित भएका सत्यलाई सामाजिक सोच र विचार अनुरूप लेखिँदै आए । त्यसैले स्मृतिशास्त्रहरू समय अनुरूप परिवर्तन हुँदै आए । परिवर्तनकै कारणले कतिपय मनुस्मृतिका कुराहरू त्यसपछिका स्मृतिहरूमा हुबहु आएका छैनन् । शाश्वत मूल्यबाहेक व्यावहारिक मूल्यहरू त समयानुसारी हुन्छन् ।





संभवतः संसारकै सबैभन्दा पहिलो संविधान मनुस्मृति नै हो । यसले आदर्श आचरणका विषयमा र व्यवहार (सामाजिक नीतिनियम)का विषयमा अलगअलग नीति र नियमहरू उल्लेख गरेको छ । यस स्मृतिले आचरण ( चरित्र वा नैतिकता) का विषयमा - प्रायश्चित र व्यवहार (राज्यले बनाएका नीति नियम) का विषयमा दण्डको व्यवस्था निर्धारण गरेको छ ।

स्मृतिहरूले दण्ड समाज वा राज्यको सबैभन्दा शक्तिशाली मूल्य हो भनेका छन् । प्रायश्चित पनि कम महत्त्वको विषय होइन । भौतिक जगतका लागि दण्डको महत्त्वपूर्ण भूमिका रहन्छ भने आत्मिक सन्दर्भमा आचरण शुद्धिका लागि प्रायश्चितको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका रहेको छ तर विस्तारै मानिसहरू बढी औपचारिक बन्दै गए र देखावटी क्रियाकलापमा देखिन थाले । यसकारणले दण्ड (सरकार वा समाजले दिने) बढी सक्रिय बनाईंदै लगिएको हो ।

पूर्वमा समाजको महत्त्वपूर्ण एउटा मूल्यका रूपमा स्थापित भएको दण्ड पाश्चात्यमा झैं एउटा सामाजिक व्यवस्थाको उपायजस्तो भएर विकसित हुन थाल्यो त्यसैले मानवका व्यवहारहरू औपचारिकमात्र बन्दै गए । त्यसपछि दण्ड अझ आवश्यक बन्न पुग्यो ।

समाजका सबै व्यक्तिहरूको आफ्नै कर्तव्य हुन्छ र त्यस कर्तव्यलाई यथावत् सञ्चालन गर्न त्यसलाई व्यवस्थित तरिकाले रेखदेख गर्ने एउटा सर्वमान्य संस्था र त्यसको सञ्चालकको आवश्यकता खड्कियो । यही आवश्यकता पूरा गर्नका लागि आवश्यक विषय राम्ररी पढेको, ठीक समयमा ठीक कुरा प्रस्तुत गर्न सक्ने, सबैलाई यथोचित व्यवहार प्रस्तुत गर्न सक्ने व्यक्तिलाई तत्कालीन समाजले समाज वा राज्य प्रमुखका रूपमा स्थापित गरे । त्यही व्यक्तिलाई राजाको पद दिइयो ।

राज्यले बनाएका नियम र शाश्वत सत्यलाई विगार्ने कर्तव्यच्यूत व्यक्तिमाथि दण्ड प्रहार गरी ठीक ठाउँमा उक्त व्यक्तिलाई ल्याउने काम राजाको मूल कर्तव्य (धर्म)का रूपमा स्थापित भयो त्यसैले मनुले राजा बनाउनुपर्नाको कारण स्मृतिमा यसरी उल्लेख गरे : समाजमा अराजकता फैलिन थाल्यो । दुष्ट र फटाहाहरूले सोझा र सज्जनहरूमाथि आक्रमण गर्नथाले ।

उक्त समस्याबाट मुक्त गराएर जनताको उचित हेरचाह गर्न

ईश्वरले राजाको उत्पत्ति गरेका हुन् ।[८]

राजा एउटा संस्था हो र त्यस संस्थामा स्थापित गरेको व्यक्ति तदनुरूपकै शक्तिशाली बन्नुपर्छ । ऊ त्यसै शक्तिशाली बन्न सक्तैन । उसको मूख्य शक्ति भनेको दण्ड हो । त्यही दण्डशक्तिकै कारणले समाजमा रहेका सबै मानिसहरू आफ्नो-आफ्नो कर्म गर्छन् । सामाजिक नीतिभित्र समेट्न स्थापित गरेका नियम (धर्म) लाई कसैले उल्लङ्घन गर्नुहुँदैन । राज्यको प्रमुखले यस कुरालाई मनन गर्नुपर्छ कि कर्तव्यनिष्ठ व्यक्तिहरूले इष्ट (इच्छा लागेको) कर्म निर्भयपूर्वक गर्न सकून् भनेर तिनीहरूलाई धर्ममा स्थापित गर्न र गलत गर्ने दुष्टहरूलाई अधर्म (गलत वा पाप) मा राख्ने काम राजाले गर्छन् :[९] यसरी राजाले त्यसबेला राज्यका सबै काम गर्दथे । यतिसम्म कि निर्णय दिने काम पनि राजाकै हुन्थ्यो । राज्यका लागि स्थापित गरेका नियमहरूलाई कसैले उल्लङ्घन गर्नु हुँदैन ।

यदि राज्यले बनाएका नियम (कानुन) कसैले मिच्छ भने प्रशासकले त्यसलाई दण्ड दिनुपर्छ अनिमात्र राज्य व्यवस्थित हुन सक्छ ।

त्यसै कारणले राज्यको मुख्यशक्ति दण्डको सिर्जना भएको हो ।

सज्जन (नियमभित्र रहेर कर्तव्य पूरा गर्ने व्यक्तिहरू) को रक्षा गर्न र दुष्टको लागि दण्ड दिएर तिनीहरूलाई कर्तव्य बुझाएर ठीक बाटोमा ल्याउन दण्ड आएको हो ।[१०] उक्त स्मृतिले दण्डलाई ब्रह्मतेजको रूपमा व्याख्या गरेको छ । ब्रह्मको अर्थ हो ज्ञान । सही वा यथार्थ ज्ञान प्राप्त भएपछि मात्र दण्ड दिनुपर्छ भन्ने शास्त्रको मान्यता हो । तेज भनेको शक्ति हो । सत्यतथ्य बुझेर दिइने दण्ड साँच्चिकै शक्तिशाली हुने भएकाले दण्डलाई उक्त रूपमा दिइएको हो ।

शास्त्रहरू स्पष्टसँग भन्दछन् कि तथ्य बुझेर दिएको दण्ड

८ अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत प्रभु : ॥ ७३मनु

९ तस्माद्धर्मं यमिष्टेषु स व्यवसेन्तराधिप :।
अनिष्टं चाप्यनिष्टेषु तं धर्मं विचालयेत् ॥ ७१३ मनु

१० तस्यार्थे सर्वभूतानां गोप्तारं धर्ममात्मजम्
ब्रह्मतेजोमयं दण्डमसृजत्पूर्वमीश्वरः ॥ ७१४ मनु





शक्तिशाली बन्छ । यस्तो शक्तिशाली दण्डको कसैले दुरूपयोग गर्नु हुँदैन किनभने प्रभावकारी दण्डका भयले सारा प्राणीहरूले बाटो विराउँदैनन् र आ-आफ्ना कर्तव्य पनि पूरा गर्छन् । त्यतिमात्र होइन गरेको कर्मको फल पनि राम्ररी उपभोग गर्न सक्तछन् । दण्डका भयले आफ्नो धर्म कसैले पनि छोड्दैनन् ।[११] त्यही राजा (राज्यगर्ने शासक) शक्तिशाली बन्दछ जसले दण्डलाई प्रभावकारीरूपमा व्यवहारमा उतार्न सक्तछ किनभने उसलाई बलियो बनाउने शक्ति भनेको नियमसङ्गत दिइने दण्ड हो । त्यसैले दण्ड दिने काम राजाको हो । (सरकारको हो) जो सुकैलाई त्यो अधिकार छैन त्यसैले स्मृतिले राजा (सरकार) लाई दण्डधर भनेर सम्बोधन गरेको छ । नारदले यसलाई स्पष्ट पारेका छन् । सामाजिक नीति राज्यका नियम तोडिँदै छन् भने त्यसलाई राज्य गर्न बसेको प्रमुख व्यक्तिले टुलुटुलु हेरेर बस्नुहुँदैन । त्यस्तो कुरा देखिसकेपछि प्रमुख व्यक्तिले नियम अनुसार ती मिचाहाहरूलाई ठीक बाटोमा ल्याउन प्रयत्न गर्नुपर्छ । यसको हातमा दण्ड भएकाले उचित दण्डको व्यवस्था गरेर सही व्यवहारमा ल्याउनुपर्छ । त्यसैले त उसलाई दण्डधर भनिएको हो ।[१२]

अरूको के कुरा यो संसार नै दण्डको अधीनमा छ त्यसैले ठीक समयमा ठीकसँग दण्डलाई परिचालन गर्न सकिएन भने राज्यमा अराजकता बढ्दछ । समाजलाई व्यवस्थित बनाउन विद्वान्हरूले निर्माण गरेका नियमका तन्तुहरू चुँडिन्छन् राज्यलाई बाँधेर वा धारण गरेर राख्ने धर्मको सूत्र छिन्छ र कर्महरू दूषित बन्दछन् । चारैतिर लडाँई, झगडा र विद्रोह फैलिन्छ ।[१३] यसै कारणले राज्यमा दण्ड प्रभावकारिता बढ्नुपर्छ र दण्डहीनता हट्नुपर्छ । कर्तव्यको बोध मनबाट हटेपछि मानिस व्यभिचारी पनि बन्न पुग्दछ । त्यस्तो मानिस केवल दण्डबाट मात्र डराउँछ ।

मानिससँग राग (स्नेह) छ । उससँग लोभ पनि साथमै छ ।

११ तस्य सर्वाणि भूतानि स्थावराणि चराणि च
भयाद्भोगाय कल्पन्ते स्वधर्मान्न चलन्ति च ॥ ७१५

१२ नष्टे धर्मे मनुष्याणां व्यवहारः प्रवर्तते ।
द्रष्टा च व्यवहाराणां राजा दण्डधरः स्मृतः १।२ नारद

१३ दुस्येयुः सर्ववर्णाश्च भिद्येरन्सर्वसेतवः
सर्वलोक प्रकोपश्च भवेद्दण्डष्य विभ्रमात् ॥ ७२४

त्यतिमात्र होइन कसैले डर देखायो भने कानुनभन्दा मानसिले देखाएको डर ठूलो मानेर झुटो बोल्ने काम पनि मानिसले गर्छ। यी विभिन्न कारणहरूबाट मानिसले नियम मिच्यो भने त्यस्ता कुरालाई निरुत्साही बनाएर दण्डको भयलाई प्रभावकारी बनाउन राज्यले द्विगुणा दण्ड दिएर भए पनि दण्डशक्ति दरिलो बनाउनुपर्छ।[१४]

दण्ड प्रभावकारी छैन भने संदिग्ध मानिस निर्भय पूर्वक घुम्न थाल्छ र संदिग्ध कुराहरू (धनआदि) आफ्नो हातमा पार्न थाल्छ। प्रभावकारी दण्ड नभएपछि मुद्दामा पराजित भएर पनि लेनदेनमा तिर्नु पर्ने कुरा पनि तिर्दैन र न्यायालयमा बोलाउँदा पनि अनुपस्थित हुन्छ।[१५] यस्ता व्यक्तिहरू दण्डनीय हुन् त्यसैले दण्ड गर्न सक्नुपर्छ अनिमात्र दण्डको प्रभाव बढ्छ र राज्य वा समाज राम्ररी विकसित हुन सक्छ। अन्यथा राज्य कमजोर बन्दछ र मनपरि तन्त्रको उदय हुन्छ भन्ने याज्ञवल्क्यको विचार हो।

मनु, याज्ञवल्क्य र नादर यी तीन ऋषिहरूले शाश्वत र स्थापित नियम विरुद्ध जानेलाई कडा कार्यवाही गर्नुपर्छ। तोकेको दण्ड सजाय भोगाउनुपर्छ अनिमात्र खराब आचरणमा लागेका मानिसहरूले सही बाटो दिन्छन् र भालाद्मी सुरक्षित हुन्छन् भनेका छन्। उनीहरूले दण्डहीनतालाई स्वीकारेका छैनन्। दण्डहीनताले राज्य कमजोर बन्छ र सरकार निरीह बन्छ अनि देश वा समाज शङ्टैशङ्टको भूमरीमा पर्दछ भन्ने सन्देश दिन्छन्।

उनीहरूले प्रभावकारी दण्डका लागि दण्डधरलाई (जसको दण्ड दिने अधिकार छ) विविध कुरामा सचेत रहन निर्देशन दिएका छन्।

स्नेह र लोभमा परेर दण्ड पाउनेलाई दण्ड नदिई चुप लागेर कहिल्यै बस्नु हुँदैन। दण्डधरका लागि शत्रुहोस् वा आफ्नै छोरो होस् समान हन्छन्। दण्डका लागि दैब समान हुन्। त्यही अनुसार समान दण्ड दिनुपर्छ। यसरी दिएको निष्पक्ष दण्डले मात्र राजा, प्रजा, (सरकार जनता) र देशको रक्षा

१४ रागाल्लोभात् भयाद्वाऽपि स्मृत्यपतोदिकारणः।
सभ्याः पृथक्पृथक्दण्ड्या विवाद्विगुणं दमम्॥ व्य.४या

१५ संदिग्धार्थं स्वतन्त्रो यः साधयेद्यश्च निश्पतेत्।
न चाहूतो वदेत्किंचिद्धीनो दण्ड्यश्च स स्मृत : १६या.





हुनसक्छ र राम्ररी दण्ड दिने दाण्डिकको यो लोक र परालोक दुवै सुधिन्छन्।[१६]

कौटिल्यको यो सन्देश राज्यमा शासन गर्ने व्यक्तिका लागि अत्यन्तै महत्त्वपूर्ण कुरा हो।

शास्त्रहरूले लिखित नियमलाई मात्र हेरेर दण्ड दिनुपर्छ भन्ने मान्यता राखेका छैनन्। मनुस्मृतिदेखि कौटिल्यसम्मका स्मृतिशास्त्रका निर्माताहरूले दण्डको प्रभावकारीतालाई बलियो बनाउन समय परिवेश र अपराध, अपराधको कारण, अपराध गर्ने व्यक्तिको हैसियत अनि दिइएको दण्डले तत्काल पुऱ्याउने असर र भविष्यलाई पार्ने प्रभावलाई हेरेरमात्र प्राड्विवाक (न्यायाधीश) ले उचित दण्डको निर्णय सुनाउनुपर्छ र दण्डधर (सरकार) ले दण्ड दिनुपर्छ।[१७]

यसरी दिइएको दण्ड प्रभावकारी र लोकमान्य बन्दछ। लोकमान्य दण्डले दण्ड शक्तिशाली बन्दछ। यही दण्डलाई शक्तिशाली बनाउनका लागि नै शास्त्रहरूले उक्त विधिहरू निर्माण गरेका छन्।

मनुले भनेका छन् : कानुनीराज्यमा शासक चाहिँदैन दण्ड आफैँ क्रियाशील हुन्छ। त्यसैले मनुस्मृतिले योग्य दण्ड नै राजा हो। पुरुष, नेता र शासक भनेको पनि दण्ड नै हो। वर्णाश्रम धर्म र सामाजिक नियम सम्पादन गराउने शक्ति पनि दण्ड नै हो।[१८] मनुको स्पष्ट नीति के रहेको छ भने समाज वा राज्यमा दण्ड प्रभावकारी बनेको छ भने त्यही दण्डका कारणले राज्यका सम्पूर्ण व्यवहारहरू आफ्नाआफ्ना क्षेत्रमा नियमित भएर व्यवस्थित बन्दछन्।

यस विचारले स्पष्ट निर्देशन दिएको छ कि दण्ड समाजमा सबैलाई व्यवस्थित बनाउने शक्ति भएकाले यसलाई राज्यले शक्तिशाली बनाउनु

१६ दण्डो हि केवलो लोकं परं चेमं च रक्षति
राज्ञा पुत्रे च शत्रौ च यथा दोषं समं धृतिः। ५६।५७ अ १-५ कौटिल्य

१७ पुरुषं चापराधं च कारणं गुरुलाघवम्।
अनुबन्धं तदात्वं च देशकालौ समीक्ष्य च
उत्तमावरमध्यत्वं प्रदेष्टा दण्डकर्मणि
राज्ञश्च प्रकृतीनां च कल्पयेदन्तरा स्थितः। प्र८५। १०अ। ४ कौ

१८ स राजा पुरुषो दण्डः स नेता शासित च सः।
चतुर्वर्णमाश्रमाणां च धर्मस्य प्रतिभूःस्मृतः ७।१७मनु

पर्छ । त्यसले अपराध गर्ने दुष्ट विधर्मीहरूलाई उनीहरूले गल्ती वा अपराध अनुसारको फल भोगाउँछ र ठीक बाटोमा ल्याउँछ । दण्डको लक्ष्य भनेकै गलत सोच भएका मानिसलाई सही बाटोमा ल्याएर तिनीहरूलाई सुधार्नु हो ।

दण्डको उत्पत्ति चोर, डाका, फटाहा र दुस्कर्मीहरूलाई दण्ड दिएर सत्यताको बाटोमा ल्याउन भएको हो त्यसैले दण्ड दिनेले रिसिवी साधन गरी अमानवीयरूपले अप्राकृति दण्ड दिनु हुँदैन । यसरी गलत तरिकाले दण्ड दिने व्यक्तिलाई विद्वान्हरूले राम्ररी अनुसन्धान गरी दण्ड दिनुपर्छ । शास्त्रहरूमा नियमनिर्माता भनेका विद्वान्मात्र हुनसक्ने कुरा निश्चित गरिएको छ । राजा वा दाण्डिकभन्दा पनि माथि विद्वान्हरू रहेका हुन्छन् । तिनै विद्वान्हरूले राज्यका लागि नीतिनियमहरू बनाएका हुन्छन् । यो पूर्वीय धर्मशास्त्रहरूको विशेषता हो । हिजोआजको जस्तो सांसद वा मन्त्री बन्दैमा नीतिनियम बनाउने अधिकार त्यसबेला थिएन ।

दाण्डिकहरूलाई नियन्त्रण गर्ने पक्ष भएन भने राजा, प्रजा राज्यका कामगर्ने व्यक्ति र खराब आचरण भएका जो कोही मानोमानी काम गर्न तयार हुन सक्तछन् । तिनीहरू सबैलाई दण्डको डर हुनै पर्छ । दण्डका लागि राजाप्रजा सबै समान छन् । क्षेत्र वा कर्तव्य मिच्ने काम कसैले पनि गुर्न हुँदैन ।

यही कारणले इ.पू.१००० भन्दा अगाडि नै यस्ता नियमहरू मनुले स्पष्ट उल्लेख गरेका छन् । राज्यको शासन भनेकै दण्ड हो । त्यस दण्डले नै जनतालाई शासन गरेको हुन्छ । देशका महत्त्वपूर्ण कुरा र सज्जनहरू दण्डकै कारण सुरक्षित भएका हुन्छन् । मानसि सुतेको बेलामा पनि यही दण्ड जागेको हुन्छ । दिनरात जुनकुनै समयमा सबैको रक्षक भएर दण्ड समाजमा जागेको हुन्छ ।[१९]

दण्डको प्रभावकारीताका विषयमा स्मृतिहरू एकमत छन् । सरकार निरीह भएर अपराधीलाई दण्ड दिन सक्तैन भने त्यो दण्डहीनता हो । यस्तो दण्ड हीनताले जनता त दुःखी हुन्छन् नै राज्य पनि अत्यन्तै कमजोर बन्दछ ।

---

१९ दण्डःशास्ति प्रजाः सर्वाः दण्ड एवाभिरक्षति ।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बूधाः ॥७१८





दण्डहीन राज्यमा जनताको हालत कस्तो हुन्छ । यस कुरालाई मनुले राम्रो दृष्टान्त दिएका छन् : राज्यकमजोर भएर दाण्डिक निकम्मा बनी अपराधीलाई दण्ड दिन सक्तैन भने वा अपराध अनुसारको दण्ड दिइदैन् भने त्यहाँ बलियाले निर्धालाई दबाउँछ र जनताले बल्छीमा परेको माछाले पाएको जस्तो दुःख पाउँछन् । त्यसैले दण्डलाई प्रभावकारीता बनाउनु पर्छ ।

दण्डहीनता मानवहितका लागि होइन । दण्डहीनता कुनै पुरुषार्थ पनि होइन । त्यसैले शास्त्रहरू राज्य बलियो बनाउन र सरकार शक्तिशाली बनाउन दण्डहीनतालाई प्रभावहीन बनाउन सन्देश दिन्छन् । यसको अर्थ समय र परिस्थितिको वास्तै नगरी दण्ड दिइरहनु भनेको होइन । समय र परिवेश अनुसार कतिपय अपराधहरू दण्ड दिन नसकिने खालका पनि हुन्छन् । त्यसलाई वर्तमान र भविष्यको असरलाई ख्याल गरेरमात्र दण्ड प्रणयन गर्नुपर्छ । विचार नपुऱ्याइकन दिएको दण्डले विनास गर्छ भन्ने मनुको मत हो ।

समय र परिस्थिति अनुसार दण्डका प्रक्रियाहरूलाई सरकारले अघि बढाउनुपर्छ । दण्डलाई प्रभावकारी बनाएर कार्यान्वन गर्न सकिएन भने त्यसको कुनै अर्थ हुँदैन र दण्डहीनतालाई पनि प्रोत्साहन गुर्न हुँदैन ।

राज्यमा सबै ठाउँमा अहोरात्र दण्ड जागेको वा सक्रिय रहेको महसुस गराउन सुनियोजितरूपमा वा अज्ञानवस गरेका अपराध फरक हुने भएकाले अपराध अनुसारको दण्ड दिनुपर्छ तर अज्ञानवस् गरेका अपराध अनुसारका दण्ड अत्यन्त सामान्य हुनुपर्छ । जानीजानी कानुनभन्दा आफूलाई बलियो ठानेर अपराध गरेको भए कडा र तोकिएकै दण्ड दिनसक्नुपर्छ । यसरी प्रयोग भएको दण्ड स्वतः शक्तिशाली बन्दछ ।

महाभारतमा उपयुक्त न्याय नहुने ठाउँमा बुद्धिमान मानिसले बस्नुहुँदैन भनेको छ । उपयुक्त न्याय नहुने ठाउँ छिट्टै विनास पनि हुन्छ त्यसैले त्यहाँ सुधार गरिहहाल्नुपर्छ ।

निस्पक्ष दण्ड नै राज्यको मुख्य शक्ति भएकाले प्रस्तुत सोच जन्मिएको हुनुपर्छ । त्यहाँ उल्लेख भएको छः-न्यायपूर्वक (नियमपूर्वक) दुष्टलाई दण्ड दिनुपर्छ । अनियन्त्रित दण्डले दुःख दिन्छ । यदि अनियन्त्रित दण्ड दिइने ठाउँछ भने त्यो बुद्धिमानको लागि त्याज्य ठाउँ हो ।[२०]

---

२० न्यायतो दुष्कृत घातः सुकृतेन कथञ्चन ।
नेहयत्तु, स्थिरं स्थातुं जानेनैव ब्रजेतबध : ॥ ८२।४४ शान्ति

दण्ड दिँदा विचार पूर्वक दिनुपर्छ। जो न्यायसम्मत होस्। निर्दोष दोषी र दोषी निर्दोष भयो भने त्यहाँ दिइएको दण्डको कुनै महत्त्व रहँदैन। असल व्यक्तिलाई दण्ड दिनु भनेको दशौँ जना अपराधीलाई छोड्नु बराबर हो र खराबलाई दण्ड नदिनु भनेको राज्य प्रमुख वा राज्यलाई नै विगार्नु हो त्यसैले दण्डहीनता पनि ठीक होइन र जथाभावी दण्ड दिनु पनि ठीक होइन।

यसै कारणले अत्रिले राजाका (सरकारका) पाँच प्रमुख कर्तव्य औंल्याएका छन्: खराब वा दुष्टलाई दण्ड दिने, योग्य वा स्वधर्ममा लागेकालाई पूजा (प्रशांसा) वा रक्षा गर्ने, नियमसम्मत कोषको वृद्धि गर्ने, पक्षपात नगरी जनताको रक्षागर्ने र राष्ट्रको रक्षागर्ने काम सरकारका पाँच महायज्ञ हुन्।[२१] प्रस्तुत यज्ञ शब्दको अर्थ हो राम्रो काम वा गर्नै पर्ने कर्तव्य।

राज्य सञ्चालनमा अनियन्त्रित हुने राजाहरू वा दण्डहीनता रहेका राज्यका प्रमुखहरू नासिएका उदाहरणहरू र नियन्त्रित वा नियम सम्मत चल्ने राजाहरूको उदय भएको उदाहरण छ त्यसैले नियमसम्मत चल्नुपर्छ भन्ने सन्देश मनुले दिएका छन् :[२२]

नियमसम्मत दण्ड नगर्दा र दण्डहीनताले गर्दा राज्य र राज्यप्रमुख दुवै नाश हुन्छन् भन्ने कुरा शास्त्रले उल्लेख गरे। त्यसरी नै हातमा दण्ड भएका दण्डाधिकारीहरू आफूलाई नियमभन्दा माथि सम्झिएर अनियमित काम गर्दा दण्डित भएका उदाहरणहरू पनि प्रशस्तै छन्। वैदिक तथा पौराणिक कालका उदाहरण दिँदै मनुले लेखेका छन् :[२३]

राज्यमा विद्वान्ले बनाएका नियमहरू तोड्ने राजाहरू पतन भएका छन् : तिनीहरूमा वेन, नहुस, पैजवन(सुधा), सुमुख, निमि प्रत्यक्ष उदाहरण

२१ दुष्टस्य दण्डः सुजनस्य पूजा न्यायेन कोशस्य च संप्रवृद्धि
अपक्षपातोर्थिषु राष्ट्ररक्षा पञ्चैव यज्ञा कथिता नृपाणम्। २८ अत्रि

२२ बहवोऽविनयान्नष्टा राजानः सपरिच्वदा।
वनस्था अपि राज्यानि विनयान्प्रतिपेदिरे ७४० मनु

२३ वेनो विनष्टोऽविनयन्नहुषश्चैव पार्थिव :।
सुदा पैजवनश्चैव सुमुखो निमिरेव च॥ ७४१ मनु





छन्। त्यसैले शासक पनि नियमभित्रै रहनुपर्छ।

विनाकारण कसैलाई बन्धी बनाउने वा बन्धी बनाउन लगाउने, दोषी बनेर कारगारमा थुनेपछि त्यत्तिकै छोडिदिने र नाबालगलाई बाँध्ने र बँधाउने गरेको छ भने त्यस्तालाई दण्ड दिनुपर्छ। राज्यप्रमुखले राम्ररी विचार गरेर अपराध अनुसारको दण्ड दिनुपर्छ।[२४]

किनभने यस्तै कार्यबाट ढण्डहीनता वृद्धि हुन्छ र समाजमा खराब चरित्र बढ्दछन्।

यही दण्डहीनता बढ्छ भनेर स्मृतिकालदेखि नै आचार भ्रष्ट, पथभ्रष्ट र पद दुरूपयोग गर्ने व्यक्तिहरूलाई दण्ड दिनुपर्छ भन्ने मत रहेको छ। घुस दिनेलाई पनि दण्ड गर्ने विधान छ नारद भन्दछन् : खराब काम गर्ने व्यक्तिहरू राजाका आफन्त हुन वा ठूलो मानिसका आफन्त हुन् तिनीहरूले प्रशस्त घुस दिन खोज्छन्। यस्तालाई सरकारले कुनै परिस्थितिमा पनि छोड्न हुँदैन। यसरी घुस लिएर पक्षपात गरी दिएको दण्डले आफैंलाई पतन गराउँछ।[२५]

उल्लिखित विविध शास्त्रीय विधिहरूले दण्डहीनतालाई दुरुत्साह गरी दण्ड प्रभावकारीतालाई उत्साह दिएका छन्। देशलाई दण्डले नै राम्ररी नियमित गराउन सक्तछ। यसै कारणले स्मृतिकालमा राज्यका खुट्टाका रूपमा चारवटा तत्त्व प्रमुखरूपमा उल्लेख गरिएका छन्।

१) धर्म २) व्यवहार (ऐन,कानुन र दण्ड) ३) नैतिक ४) राजाज्ञा,

प्रयुक्त धर्म शब्दले मन्दिर जाने, भक्ति गर्ने कुराभन्दा पनि सत्यता, वैज्ञानिकता र तथ्य परक कुरासँगै सम्बन्ध राखेको छ। बनाइएका नीतिनियम सबैले मान्नुपर्छ। मान्नु धर्म हो र त्यसलाई प्रभावकारीरूपमा सबैलाई मान्न लगाउनु प्रमुख व्यक्तिहरूको धर्म हो। व्यवहार भनेको समाजले निर्वाह गर्ने गरेका सबै कृयाकलाप हुन्। यी क्रियाकलापहरूलाई धर्म (नियम) ले बाँधेको हुन्छ। सबै व्यक्तिहरूले गर्ने व्यवहारहरू नियमसम्मत हुनपर्छ। नैतिक भनेको आचरणसँग सम्बन्धित कुरा हो।

२४ पुरुषापराध विशेषेण दण्ड विशेष कार्य :७४।७४।२।३कौटिल्य

२५ नमित्रकारणद्राज्ञा विपुलाद्वा धनागमत्।
उत्सृष्टव्यः साहसिकस्त्यक्तात्मा मनुरब्रवीत्। परिशिष्ट ३९ नारदस्मृति।

सदाचार जहाँ रहन्छ, त्यहाँ व्यवहार पनि राम्रै हुन्छ । धर्मले व्यवहारलाई र व्यवहारले नैतिकतालाई राम्ररी बाँधेको छ भने समाज वा देश व्यवस्थित बनेको हुन्छ । यो शासन नैतिक चरित्रले प्रभावित भएको र व्यावहारिकताले भिजेको अनि धर्म (नियम) ले युक्त भएको हुनुपर्छ यसबाट राज्य अगाडि बढ्छ । यी चार खुट्टामा एउटा मात्र कमजोर भयो भने पनि राज्य लङ्गडो बन्छ ।

कौटिल्यले यस कुरालाई प्रस्तुत गरेका छन् : सत्यतामा धर्म, साक्षीमा व्यवहार (मुद्दा) सामाजिक व्यवहारमा नैतिकता राजाज्ञामा राजशासन रहेका छन् ।[२६]

नारदस्मृतिमा नारदले वादी र प्रतिवादीको कुरा सुनेर निर्णय सुनाउने विषयलाई यी चार कुरा समेटेर व्याख्या गरेका छन् । त्यसमा सबैभन्दा महत्वपूर्ण भनेर राजाज्ञा(सरकारको नीति) लाई मानेका छन् ।

उनको व्याख्यामा आरोप स्वीकर गर्नु वा म दण्ड भोग्न तयार छु भन्नु धर्म हो । वादी वा प्रतिवादी पक्षकाले मेरै ठीक, मै ठीक भन्दै आफ्ना कुरा सिद्ध गर्न साक्षी ल्याउनु, लिखित कुराद्वारा पुष्टि गर्नु व्यवहार हो । यसका लागि लिखित प्रमाणहरू खोज्नु चरित्र(नैतिक) हो भने निर्णय सुनाउनु राजाज्ञा हो ।[२७]

राजाज्ञा सबैभन्दा प्रभावशाली रहनु भनेको नै दण्ड व्यवस्था व्यवस्थित हुनु हो । यदि दण्ड व्यवस्था कमजोर बन्यो भने धर्म, व्यवहार र नैतिक चरित्र सबै स्वतः कमजोर बनिहाल्छन्, त्यसैले दण्ड व्यवस्था राज्यको मेरु दण्ड हो ।

यी सम्पूर्ण धर्मशास्त्रहरू ऋषिमुनिहरूले निर्माण गरेका धरोहर हुन् त्यसैले पूर्वीय कानुन व्यवस्था ऋषिमुनिहरूको ज्ञानको उपज हो । त्यसैले हाम्रा सम्पूर्ण शास्त्रहरूले दण्डलाई राज्यव्यवस्थालाई बलियो बनाउने उपायका रूपमा होइन, धर्मका रूपमा स्थापित गर । यी हाम्रा मूल्य हुन् । हाम्रो व्यवहारमा उतार्ने धर्म हुन् ।

---

[२६] अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु ।
चरित्रं सङ्ग्रहे पुंसां राज्ञामाज्ञा तु शासनम् ॥ ५७५७१।३कौटिल्य

[२७] ।१।११ नारद





शासन गर्ने व्यक्तिहरू विद्वान्हरूभन्दा उचा हुँदैनन् त्यसैले तिनीहरूको काम विद्वान्हरूले बनाएका नियमहरूलाई व्यवहारमा उतार्ने काममात्र हो । आफैं नियम बनाउने अधिकार यिनीहरूलाई छैन भन्ने कुरा माथि नै आइसकेको छ ।

पश्चिमी जगतमा शासकहरूले आफैंले नीति निर्माण गर्ने काम गरे त्यसैले दण्ड धर्मका रूपमा नभई राज्यलाई बचाउने एउटा उपायका रूपमा विकास हुँदै गयो तर हामी कहाँ उपायमात्र होइन दण्ड भनेको हरेक व्यवहारसँग गाासिएर आएको व्यावहारिक मूल्य हो । त्यसैले दण्ड धर्मकै नामले पूर्वमा स्थापित भएको छ ।

जसले गर्दा दण्डप्रयोगमा पूर्व र पश्चिममा केही फरकपनहरू रहेका छन् । जस्तै प्रायश्चित वा गल्तीको महसुस गरी पूर्वमा आफैं दण्ड भोग्न तयार भएर आएका व्यक्तिलाई तोकिएको पूरै दण्ड दिइरहनु पर्दैन भन्ने शास्त्रीय मत छ र सुध्रन चाहनेलाई दण्डको आवश्यकता छैन भन्दछ ।[२८]

सुध्रिने कामना भएका व्यक्तिलाई त्यो अवसर प्रदान गर्नुपर्छ भन्ने शास्त्रीय सोच हो । त्यो आफैं पापको कबोल गरेर कानुनको शरण आउनु भनेकै प्रायश्चित हो । प्रायश्चितले नै मानिसलाई सुधार्छ वा आत्मालाई निर्मल बनाउँछ ।

पूर्वमा दण्डप्रयोगमा सबैभन्दा बढी विवेकको प्रयोग गर्नुपर्ने भएकाले विद्वान्हरूले निकालेको निष्कर्षमात्र राजाले निर्णयका रूपमा सुनाउने परम्परा थियो । यति हुँदाहुँदै पनि निर्दण्ड र दण्डहीनतालाई चाहिँ शास्त्रहरूले कहिल्यै मान्यता दिएका छैनन् । राजा वा न्यायाधीशले नै गल्ती गरे पनि दण्डचाहिँ दिनैपर्छ अनिमात्र सबैले दण्डको डरले आफ्नाआफ्ना काम राम्ररी गर्छन् । दण्ड दिने कुरामा विवेकको कुराचाहिँ अगाडि राख्नैपर्छ किनभने अपराध बोध गर्ने र नगर्नेलाई समान दण्ड दिनु न्याय सङ्गत हुँदैन ।

कसैले गल्ती गरेको छ र त्यो गल्ती वा अपराध मैले गर्नु हुने थिएन भनेर प्रायश्चित गर्छ भने त्यस्तो अपराध बोध गर्ने व्यक्तिलाई तोके

---

[२८] परिशिष्ठ ४८।४९ - नारद ।

अनुसारकै दण्ड दिनुपर्छ भन्ने छैन त्यस्तो व्यक्तिलाई एक भाग हटाएर अथवा अपराध हेरेर आधा भागसम्म घटाएर दण्ड दिनुपर्छ भन्ने शास्त्रीय विधान छ । दण्डको अवधारणा नै सुधार्नका लागि भएकोले गल्ती बोध गर्दा त्यो सुधारमा आएको मानिन्छ तर यो दण्डहीनता होइन ।

कानुनी प्रक्रिया पुऱ्याएर अपराध सावित गरेको व्यक्तिले पूरा दण्ड भोग्नुपर्छ तर यस्ता व्यक्तिलाई दण्ड दिन सकिएन वा उचित दण्ड भएन र कममात्र दण्ड दिइयो भने पनि त्यसलाई चाहिँ दण्डहीनता मान्नुपर्छ ।

## न्यायिक व्यक्ति र उसले अपनाउनु पर्ने कुरा

नारदले राजा वा न्यायाधीशलाई ज्यादै महत्त्वपूर्ण निर्देशन दिएका छन्: जब न्यायाधीश धर्मासनमा (बहस गर्ने ठाउँ वा न्यायासन) बस्छ वा जब राजा सिंहासनमा बस्तछ उसले हृदयमा धर्म (कर्तव्यलाई मनमा) राख्नुपर्छ ।

सबैभन्दा पहिले उसले जुनकुनै पनि किसिमको रागद्वेष र ईर्ष्यालाई त्याग्नुपर्छ । उसका लागि सबै जनता बराबर हुन् त्यसैले उसले सबै जनतालाई समानदृष्टिले हेर्नुपर्छ । न्यायाधीश वा राजाले आफूभित्र यमराजले (प्राचीन कालका न्यायाधीश) झैँ व्यक्तिले गरेका सही र गलत काम छुट्याउन सक्ने खुबीको विकास गर्नुपर्छ अनिमात्र असल राजा वा न्यायाधीश बन्न सकिन्छ ।[२९]

तत्कालीन समयमा राजा वा न्यायाधीश राज्यका सर्वोच्च शक्ति थिए तर यिनीहरू पनि कानुनभन्दा माथि थिएनन् । उनीहरू नियम सङ्गत भएभने र उनीहरूको निर्णय व्यावहारिक र तथ्यपरक भएभनेमात्र समाज र राज्य व्यवस्थित हुन्छ भन्ने मान्यताको राम्रो विकास भएको थियो । त्यतिबेला नै यति धेरै उत्कृष्ट विचार थियो भने आजसम्ममा त मानिसले अझै धेरै राम्रा गुणहरूको विकास गरिसक्नुपर्दथ्यो । मध्यकालका धेरै उदाहरणहरूलाई हेर्दा यी गुणहरू बढ्नुको सट्टा घटेका भेटिन्छन् । वेद र स्मृतिलाई हेर्दा त्यसबेलाका जस्ता कुरा अहिले पनि देख्न सकिएको छ

२९ तस्माद्धर्मासनं प्राप्य राजा विगतमत्सरः।
समः स्यात् सर्वभूतेषु विभ्रद्वैवस्वतं व्रतम् ॥ १।३४





जस्तो लाग्दैन । यसको अर्थ अहिले अझ नराम्रो छ भन्ने होइन तर समयको गति अनुसार धेरै विकास हुनुपर्ने हो त्योचाहिँ हुनसकेको देखिँदैन मात्र भनेको हो । जनताको रुचि र भावनालाई बुझेर तदनुरूपको राज्यशासन चलाउने काम राजाले गर्नुपर्छ र न्यायाधीशले पनि जनताका व्यवहार अनुरूपका दण्ड सजाय तोक्न सक्नुपर्छ भन्ने शास्त्रीय सोच वर्तमान समयको भन्दा कम छैन ।

यस विषयमा पूर्वीयशास्त्रहरू व्यवस्थित थिए भन्ने आधारहरूमा यो कुरा पनि उदाहरण हुनसक्छ :- कसैको मुद्दालाई हेर्दा न्यायिक व्यक्तिहरूले तीनवटा कुरामा विशेष ध्यान दिनुपर्छ । त्यसमा पहिलो दृष्टि धर्मशास्त्रमा लागाउनुपर्छ । (यो आजको राज्यले बनाएको नियम हो, भन्ने बुझ्नुपर्छ ।) त्यसपछि सरकारी कानुनी व्यक्तिहरूले बोलेका (वकिलहरू) पूर्वोक्त विधिसम्मत कुराहरू विशेष ध्यान दिनुपर्छ । यी दुई व्यवहारपछि वादी र प्रतिवादीलाई आफूले सोधेका प्रश्नका उत्तरहरूको तथ्य तालाई बुझ्नुपर्छ अनिमात्र न्यायाधीशले न्याय दिनुपर्छ वा निर्णय सुनाउनुपर्छ ।

यसरी नियम बुझेका व्यक्तिले नियमसम्मत रूपमा सम्बन्धित पक्षको दोष र निर्दोष पक्ष केलाएर सुनाएको निर्णयमात्र सही निर्णय (न्याय) हुनसक्छ ।[३०] यस विषयमा नारदको दृष्टिकोण यस्तो छ :

मुद्दा हेर्दा आगम, व्यवहारपद, चिकित्सा र निर्णय[३१] चारवटा प्रक्रिया पूरा गर्नुपर्छ । आगम भनेको मुद्दाको विषय हो । यसले कुन खाले मुद्दा हो भन्ने कुरालाई बुझाउँछ । प्रथम निवेदनले यही आगमनलाई स्पष्ट पार्छ । व्यवहार भन्नाले दावा अथवा लिखितरूपमा आएको जवाफ वा उत्तर भन्ने बुझिन्छ । यसभित्र पीडितका आवश्यक प्रमाणहरू रहेका हुन्छन् ।

चिकित्सालाई त्यसबेला उत्तरप्रत्युत्तर भनिन्थ्यो । आजभोलि बहस भनेर बुझिन्छ । प्राप्त प्रमाणहरूलाई तिनीहरूको सत्यता वा असत्यताका विषयमा निर्क्योल गर्नेकाम चिकित्साभित्र राखिन्छ । बिरामीको रोग पत्ता लगाएझैँ मुद्दामा आएका प्रमाणहरूको तथ्य ता पत्ता लगाउनुपर्छ भन्ने

३० धर्मशास्त्रं पुरस्कृत्य प्राड्विवाकमते स्थितः ।
समाहितमतिः पश्येद् व्यवहाराननुक्रमात् ॥ १।३५

३१ आगमः प्रथमं कार्यो व्यवहारपदं ततः ।
चिकित्सा निर्णयश्चैव दर्शनं स्याच्चतुर्विधम् ॥ १।३६

शास्त्रीय सोच हो ।

सुरुमा आवेदनका विषयमा दिएको विषय वा परेको मद्दामा लिखित वा साक्षीद्वारा आएको उत्तरलाई वकिलले बहस(चिकित्सा) गरिसकेपछि दिईने निष्कर्ष नै निर्णय हो । यी चारप्रक्रियालाई दर्शन भनेर चिनिन्छ ।

अहिले पनि यही प्रक्रिया अँगाल्नुपर्छ भन्ने होइन । प्राचीनकालमा मुद्दा फर्स्योटमा अपनाउने विधान कति व्यावहारिक थियो भन्ने तथ्य खोज्नु हो । विकासले त त्यही विधानलाई टेकेर परिमार्जितरूप ग्रहण गर्नुपर्छ । अहिले हामी कति विकसित भयौं भन्ने कुरा ती प्राचीन प्रणालीलाई हेरेर आजको प्रक्रियासँग तुलना गरेर हेर्नुपर्छ ।

त्यसबेला शास्त्रीय विधान नै सर्वस्व हुन्थे कि वकिलले पनि आफ्नो विवेकको पनि प्रयोग गर्नुपर्थ्यो त यस विषयमा पनि जान्नु आवश्यक छ ।

याज्ञवल्क्य र नारदले यस विषयमा के भनेका छन् :[३२]

धर्मशास्त्रहरूमा यदि विरोधाभास आयो भने तर्कसङ्गत विवेकी विचार महत्त्वपूर्ण हुन्छ। शास्त्रभन्दा लोकव्यवहार धेरै महत्त्वपूर्ण हुन्छ त्यसैले व्यावहारिक सत्यलाई धर्म भनिएको हो । त्यसमा योग्य व्यक्तिका निर्णयहरू आदर्श बनेका हुन्छन् किनकि त्यहाँ औचित्य हुन्छ। औचित्यले नै लोकव्यवहारहरू शास्त्रभन्दा बलिया हुन पुगेका हुन् ।

यसर्थ न्यायसम्पादन गर्ने व्यक्तिहरू अत्यन्तै विद्वान्, विवेकशील र तर्कशक्तिभएका निपूण हुनुपर्छ भन्ने शास्त्रीय मत रहेको छ। नीतिले विद्वान्का विषयमा यस्तो विचार राखेका छन्:- **आत्मवत् सर्वभूतेषु य पश्यति स पण्डितः** अर्थात् पूर्वमा शास्त्रहरूले उनीहरूका विचारमा विद्वान्हरू तिनै हुन् जसले सम्पूर्ण प्राणीहरूलाई आफूजस्तै देख्तछ । पढ्दैमा कोही विद्वान् हादैन । विद्वान् हुनका लागि पढेका कुराहरूलाई व्यवहारमा चरितार्थ गराउन सक्नुपर्छ ।

त्यसैले नारदले न्यायसम्पादन गर्ने व्यक्ति नियुक्त गर्दा नियुक्त हुने व्यक्तिहरू निम्न लिखित गुण भएका हुनपर्छ भनेका छन् :

[३२] धर्मशास्त्रविरोधे तु युक्तियुक्तो विधिः स्मृतः ।
व्यवहारो हि बलवान् धर्मस्तेनावहीयते :॥ १।४० नारद





१) धर्मशास्त्रमा दक्षता रहेका २) कुलीन परिवारका(यसले धनी व्यक्ति भनेको होइन, चरित्रका हिसाबले योग्य भनेको हो ।) ३) झुट नबोल्ने ४) शत्रु र मित्रका समान दृष्टि राख्ने

यसर्थ न्यायसम्पादन गर्ने व्यक्तिहरू अत्यन्तै विद्वान् र विवेकशील र तर्कशक्ति भएका निपूण हुनुपर्छ भन्ने शास्त्रीय मत रहेको छ ।[३३] यति हुँदाहुँदै पनि जति सुकै । विद्वत्ता र निपूणता भएका व्यक्ति भए पनि राज्यले मुद्दा छिन्ने काममा नियुक्त गरेको छैन भने उसलाई मुद्दाको विषयमा छिनोफानो गर्ने अधिकार हुँदैन त्यसैले नियुक्त नभएका व्यक्तिलाई मुद्दा छिनिदिनु पऱ्यो भनेर आग्रह पनि नगर्नु [३४]: तर यस्ता व्यक्तिहरू(विद्वान्हरू) ले अन्याय भएको देखे भने चुप लागेरचाहिँ बस्नुहुँदैन किनभने विद्वान्ले धर्मको रक्षा गर्नुपर्छ त्यसैले वकिलले गरेको निर्णय यति कारणले ठीक छैन भनेर विद्वान्हरूले कारणहरू देखाइदिनुपर्छ। विद्वत्ताको धर्म यही हो। विद्वान्ले कहिल्यै अन्याय गर्दैन र सहँदैन पनि ।[३५]

यसरी देखेको वा सुनेको कुरामा यही हो भनेर बोलिने सत्यसम्मत भाषालाई दैवीभाषा भनिएको छ। शास्त्रले आधिकारिकबाहेक अरूले म विद्वान् छु भनेर सीमा बाहिर गई न्यायिक प्रक्रियामा आफ्नो निर्णय दिन थाल्नुहुँदैन भन्ने निर्देशन दिएका छ। शास्त्रानुसार यस्ता विद्वान्हरूले आधिकारिक व्यक्तिहरूलाई सुझाव दिनुपर्छ ।

धर्मशास्त्रहरू न्यायलाई सत्यसँग दाँजेर हेर्दछन् र यो न्याय दिने व्यक्ति शास्त्रज्ञानले पूर्ण भएको विवेकशील हुनुपर्छ भन्दछन्। राजाले गल्तीले शास्त्रीय ज्ञान नभएका व्यक्तिलाई न्यायसम्पादन गर्ने काममा नियुक्त गरे भने त्योभन्दा भयानक समस्या अरू केहीबाट आउँदैन

[३३] धर्मशास्त्रार्थ कुशलाः कुलीनाः सत्यवादिनः
समा शत्रौ च मित्रे च नृपतोः स्युः सभासदः॥ ३।५ नारद

[३४] नानियुक्तेन वक्तव्यं व्यवहारे कथञ्चनो ।
नियुक्तेन तु वक्तव्यमपक्षपतितं वचः ।

[३९] अनियुक्तो नियुक्ता वा शास्त्रज्ञो वर्क्तभर्हति ।
दैवीं च वाचं वदति य :शास्त्रभनु जीवति ॥ ३।२ नारद

[४०] अन्धो भत्स्यानिवाश्नाति निरपेक्षः सकण्टकान् ।
परोक्षमर्थवैकल्याद् भाषते य सभां गत :॥ ३।१४ नारद

भन्दछन्:- यस विषयमा नारदले सटिक तर्क दिएका छन् :[३६]

जसरी अन्धाले माछा खाँदा त्यो माछाको काँढा पनि खान पुग्छ, त्यसबेला त्यस माछाको काँढाले उसको घाँटी घोचेर उसलाई मृत्युको नजीक पनि पुऱ्याउँछ त्यसरी नै शास्त्रज्ञान (आजको भाषामा ऐन कानुनको ज्ञान) नभएको मानिसले दिएको न्याय पनि मनोमानी हुन्छ र त्यसले निन्दा, हाँसो र अपमानजस्ता पीडादायी सामाजिक समस्या भोगाउँछ त्यसैले सोचविचार पूर्वक विवेकी विद्वान् व्यक्तिलाई न्यायाधीश बनाउनुपर्छ ।

पढेको छ र उसमा तर्कशक्ति पनि छ तर न्यायिक कुर्सीमा बसेर सही र गलत नछुट्याई केवल हेरेरमात्र बस्छ भने त्यस्तो न्यायाधीश कर्तव्यच्यूत हुन्छ त्यस्तो व्यक्ति पनि न्यायिक कुर्सीमा बस्नु ठीक होइन । न्यायाधीशका साथमा बसेका अन्य सदस्यहरू पनि आवश्यक तथ्य कुरा बोल्दैनन् भने तिनीहरू अपराधीसरह मानिन्छन् भन्ने तर्क नारदले दिएका छन् ।[३७]: त्यसैले शास्त्रहरू भन्दछन् :

न्याय प्रक्रियामा अन्याय भयो भने दोषी निर्दोष र निर्दोष दोषी हुन्छ र त्यस व्यवहारले न्यायाधीश धेरै धृणित हुन्छ त्यसैले सही कुरा निडर भएर व्यक्त गर्न सक्तैन भने त्यस्तो व्यक्ति न्यायिक सभामा नै नजानू गएर पनि सही कुरा बोल्दैन भने त्यो पापी हो त्यसैले न्यायिक व्यक्तिले विवेकले भेटेको सही कुरा बोल्नुपर्छ । यही उसको धर्म हो ।[३८]

न्याय गर्ने व्यक्तिले सही निर्णय दिन सक्यो भने गल्ती गर्ने व्यक्तिले पनि उचित दण्ड पाउँछ। यसले न्यायाधिकारी साक्षी र राजालाई पनि प्रशंसनीय बनाउँछ। तर गलत न्याय दिएको छ भने न्यायधीशको गल्तिका कारण साक्षी न्यायाधिकारी र राजालाई पनि दण्डका भोग जान्छ। यी तिनैतिर पाप बाँडिन्छ भन्ने शास्त्रीय सोच हो।[३९] त्यसैले योग्य पढेका र बुझेका मानिसलाई न्यायिक सभामा राख्नुपर्छ। यस विषयमा नारद वृद्ध

[३७] ये तु सभ्याः सभां प्राप्त तूष्णी ध्यायन्त आसते ।
यथा प्राप्तं न ब्रुवते सर्वे तेऽनृतवादिनः ॥ ३।११ नारद

[३८] सभायां न प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम् ।
अब्रुवन् विब्रुवन् वापि नरो भवति किल्बषी ॥ ३।१०नारद

[३९] पादोऽधर्मस्य कर्तारं पादः साक्षिणमृच्छति ।
पादः सभासदःसवान् पादो राजानमृच्छति ॥ ३।१२ नारद





नभएको सभा सभा कहलाउँदैन भन्दछन् । वृद्धका विषयमा उनको महत्त्वपूर्ण तर्क छ । वृद्ध भनेको सत्यको यथार्थ ज्ञान भएको व्यक्ति हो । उनका विचार दाँत झर्दैमा र कपाल झर्दैमा कोही वृद्ध हुँदैन। धर्म सत्यतामा प्रतिबिम्बित हुन्छ। त्यो स्वतः स्पष्ट हुन्छ। छल र कपटले छोएको छ भने त्यो सत्य हुन सक्तैन। निश्छलता नै सत्यता हो। विवेकशील मानिसले उक्त कुराहरू बुझ्नुपर्छ। यी कुराहरूलाई आत्मसात गरी व्यवहारमा लागेको मानिस कहिल्यै असफल हुँदैन । [४०]

प्रायशः कपाल फुलेर छाला चाउरिन थालेपछिमात्र मानिस बूढो हुन्छ भन्ने लाग्छ । नारद परिपक्वज्ञान भएको मानिसलाई वृद्ध भन्दछन् ।

यी विविध प्रसङ्गहरूले न्यायिक प्रक्रियालाई व्यवस्थित बनाएको कुरा स्पष्ट हुन्छ ।

## प्रमाणको महत्त्व

यसरी नै नारदले मुद्दाको फर्स्यौट गर्नका लागि प्रमाण आवश्यक रहने कुरा गरेका छन् । कुनै पनि कुरा प्रमाणित गर्न सम्बन्धित कुरालाई प्रमाणित गर्ने प्रमाणहरूको आवश्यकता छ। प्रमाणित गर्न सकिएन भने हचुवाका भरमा निर्णय दिनु हुँदैन। विना प्रमाण गरेको निर्णय हानी कारक हुन्छ। व्यवहार (मुद्दा) हेर्दा दुईवटा प्रक्रिया हुन्छन्। एउटा मानुषी क्रिया जसमा लिखित्, भोग र साक्षी प्रमाणहरू पर्दछन् भने अर्को दैवी क्रिया ( घट,तुला, आगो, पानी आदि ) यसलाई दिव्य प्रमाण पनि मानिन्छ। जहाँ प्रत्यक्षरूपमा प्रमाणित गर्न सक्ने प्रमाणहरू फेला पर्दैनन् त्यस ठाउँमा मात्र यो दिव्यप्रमाण व्यवहारमा ल्याउनुपर्छ ।[४१]

राज्यव्यवस्था र सामाजिक सुरक्षाको सबैभन्दा महत्त्वपूर्ण कुरा न्याय वा दण्ड नै हो त्यसैले न्यायसम्पादनमा (जज) न्यायाधीशहरूले ज्यादै सतर्क

[४०] न सा सभा यत्र न सन्ति वृद्धाः
वृद्धाः न ते ये न बदन्ति धर्मभू
नासौ धर्मो यत्र न सत्यमस्ति
न तत्सत्यं यच्छलेनानु विद्धम् ॥ ३।१२ नारद

[४१] क्रियापि द्विविधा प्रोक्ता मानुषी दैविकी तथा ।
मानुषी लेख्य साक्षीभ्यां घटादि दैविकी स्मृता : ॥ ३।२७

रहनुपर्छ । यही सतर्कताका लागि नारद दण्डाधिकारीलाई भन्दछन्:- वादी र प्रतिवादीका कुरा सुनेर कुनै पक्षको साक्षी र प्रमाण कमजोर वा पराजित हुनासाथ कसैलाई दण्ड दिइहाल्नु हुँदैन । विवेकसम्मत निर्णय भइसकेपछिमात्र दण्ड दिनुपर्छ । निर्णयका लागि प्रस्तुति र तर्क पनि महत्त्वपूर्ण कुरा हुन् :[४२]

अन्तिम विवेकसम्मत निर्विवाद निर्णय नआउन्जेल यसैको जीत भन्न नसकिने कुरा उठाएर नारदले न्यायाधीशको पूर्ण सतर्कताबाट आएको निर्णय राम्ररी सुनिसकेपछिमात्र दण्डाधिकारीको काम आउँछ भनेका छन् ।

शास्त्रहरू निर्णय र न्यायका लागि साँच्चिकै संवेदनशील थिए । आजभोलि जति व्यवस्थित न्यायप्रक्रिया अपनाइँदै छ । त्यतिबेला पनि (शास्त्र वा स्मृतिकाल) मा न्यायिक व्यवहारका व्यवस्था कमजोर देखिँदैनन् । जसरी न्यायलाई शुद्ध र उपयुक्त हुनुपर्छ भनेर विद्वान्हरूले आधुनिक समयमा चर्चा गरेका छन् त्यसरी नै शास्त्रहरूले पनि चर्चा गरेका छन् :- वादी वा प्रतिवादीलाई प्रमाणहरूको प्रमाणीकरण गरेको ठाउँमा आउन दिनुहुँदैन । जसका कारण कुनै अन्य किसिमका भाव त्यहाँ नआऊन् ।[४३]

विशुद्ध र वास्तविक कुरातिरमात्र न्यायाधीश लाग्नुपर्छ यही न्यायिक व्यक्तिको धर्म हो । उसको धर्ममा कतिपनि समस्या आउनुहुँदैन र उसले आफ्नो धर्म पनि छोड्नु हुँदैन । यसैमा सबैको भलाइ हुन्छ ।

धर्मलाई नारदले भगवान् (सर्वोच्च शक्ति) भनेर सम्बोधन गरेका छन् । यो धर्म अत्यन्तै सूक्ष्म हुन्छ । यसलाई सजिलै देख्न सकिँदैन किनभने यो प्रत्यक्ष नभई परोक्ष हुन्छ । यसलाई आँखाले देखिँदैन । व्यवहार त प्रत्यक्ष हुन्छ । यही प्रत्यक्षको बाटोबाट व्यवहारको गतिमा जानुपर्छ ।[४४]

धर्म, न्याय र दण्डका विषयमा न्यायपद्धति शीर्षकमा अधिक कुरा चर्चा

[४२] स्वयमभ्यु पपन्नोऽपि स्वचर्या वसितोऽपि सन् ।
क्रियावसन्नोऽप्यर्हेत परं सम्भावधारणम् ॥ २।४ ना

[४३] पक्षानुत्सार्य तु सभ्यैः कार्यो विनिश्चयः सदा
अनुत्सारीतनिर्णिते विरोधः प्रेत्य चेह च २।४२ नारद

[४४] सूक्ष्मो हि भगवान् धर्मः परोक्षे दुर्विचरणः ।
अतः प्रत्यक्षमार्गे व्यवहार गतिं नयेत ॥ १।४१ ना





गरिसकिएको छ । हामीले न्याय भन्नु, दण्ड भन्नु नियम भन्नु पूर्वमा धर्मकै व्यावहारिक रूप हुन् भन्ने कुरा बुझ्नुपर्छ । शाश्वत धर्म त अभिभाज्य र अपरिभाषेय हुन्छ तर व्यवहारमा स्थापित धर्मलाई भने परिभाषाको सीमामा राख्नलाई कोशिस् भएको पाइन्छ । धर्म स्वाभाविक र नैसर्गिक कुरा हो त्यसैले यसलाई परिभाषाको सीमामा राख्न सकिँदैन । यसरी अपरिभाषेय हुँदाहँदै पनि व्यवहारमा अरूलाई बुझाउन विद्वान्हरूले आफ्ना ग्रन्थहरूमा धर्मको परिभाषा गरेका छन् । प्रकृति, धर्म र सत्य यी तीन कुरा मानवज्ञानका विषय हुन् । यिनीहरू मानवज्ञानभन्दा ज्यादै विशाल छन् तर सामाजिक व्यवहारलाई व्यवस्थित बनाउन स्थापित गरेको सामाजिक नियमहरू शाश्वत होइनन् तापनि समाज अनुरूप स्थापित भएका यी न्याय, दण्ड र नियम धर्मकै अंशचाँहि हुन किनभने मूलस्रोत त त्यही शाश्वत धर्म नै हो त्यसैले यिनीहरूलाई पनि धर्म नै भनिएको हो ।

न्याय पनि धर्म हो त्यसैले न्यायमा प्रश्नलाई प्रत्यक्ष व्यवहारको बाटोमा ल्याइन्छ तर यो ज्यादै सूक्ष्म र गहन छ । यसर्थ विद्वान्हरूले मात्र यसलाई प्राप्तगर्न सक्छन् त्यसैले सम्बन्धित विषयका दक्ष व्यक्तिलाई नियुक्त गरेर निर्णय पत्ता लगाउनुपर्छ र राजाले निर्णय सुनाउनुपर्छ भन्ने शास्त्रहरूको विचार रहेको छ ।

धर्मको सम्बन्ध सत्यसँग हुन्छ । सत्य शाश्वत हुन्छ । व्यावहारिक जीवनमा सत्य स्थापित भए पनि त्यसको सम्बन्ध शाश्वत पक्षसँग हुन्छ । यस भनाइको आशय हो । सत्य दुई प्रकारका हुन्छन् ।

१ शाश्वत सत्य र २ स्थापित सत्य ।

शाश्वत सत्यः अखण्ड र अपरिवर्तनीय हुन्छ भने स्थापित सत्य परिवर्तनीय हुन्छ किनभने व्यवहारिक जीवनपद्धतिसँगै यो चलेको हुन्छ । यथार्थमा समाजले जे कुरा आवश्यक ठान्छ त्यो स्थापित हुन्छ र त्यसलाई सत्यकैरूपमा लिनपर्छ । न्याय पनि यस्तै हुन्छ यसै कारणले गर्दा ।

प्राकृतिक नियम जतिकै बलियो हुनुपर्छ व्यावहारिक न्याय, त्यसैले यसलाई शुद्ध बनाउन विद्वान्हरू लाग्नुपर्छ । निर्णय(सत्यता)मा पुग्नकै लागि प्रमाणहरू आवश्यक भएका हुन् त्यसैले सम्बन्धित पक्षले उचित समयमा प्रमाणहरू प्रस्तुत गर्नुपर्छ । तर उपयुक्त प्रभावहरू भएर पनि ठीक समयमा प्रस्तुत गरेको छैन भने त्यसको कुनै अर्थ हुँदैन । त्यसरी निर्णय पछि

आएका प्रमाणहरू पनि कुनै कामका हुँदैनन् त्यसैले प्रमाणहरू सही समयमा प्रस्तुत गर्नुपर्छ।[४५]

प्रमाणहरू न्यायका लागि सबैभन्दा बढी महत्वपूर्ण हुन्छन्। यी सत्यमा पुऱ्याउने शक्ति हुन् त्यसैले प्रमाणहरूद्वारा प्रमाणित नभइकन राजाले निर्णय सुनाउनुहुँदैन। प्रमाणहरू जुटाएर तथ्य निकालेपछिमात्र निर्णय सुनाउनुपर्छ।[४६] यस विषयमा शास्त्रहरू भन्दछन् :- प्रमाणहरू ठीक छन् कि छैनन् भन्ने कुरा आत्मसात गरी प्राप्त प्रमाणहरूले सत्यताप्रति पनि गहन विचार गर्नुपर्छ।

त्यसैले न्यायप्रक्रियामा प्रमाणको सबैभन्दा बढी महत्त्व हुन्छ। प्रमाणहरू छैनन् भनेर प्रमाण बेगर न्यायाधीशले निर्णय दिनुहुँदैन। कुनै न कुनै प्रक्रियाबाट प्रमाणको व्यवस्था गर्नुपर्छ। प्रमाणहरू जुटाउने प्रक्रियामा लाग्नुपर्छ। प्रमाणबिना सुनाएको निर्णयले न्यायप्रक्रियामा अव्यवस्थितता निम्त्याउँछ भन्ने शास्त्रीय तर्क छ।[४७]

कतिपय बुज्रुक व्यक्तिहरू धर्मशास्त्र विज्ञानसम्मत थिएनन् त्यसैले त्यसभित्र कानुनी व्यवस्थाका व्यावहारिक नियमहरू थिएनन्। आधुनिक समयबाट मात्र वैज्ञानिक पद्धतिहरू अँगालिन थालेका हुन् भन्दछन्। प्रस्तुत न्यायप्रक्रियाका मुख्य विचारहरूलाई हेर्दा त आजको युग सुहाउँदा नियमहरू त धर्मशास्त्रका समयमै बनिसकेका थिए, बरु समाजले त्यसलाई समय अनुसार परिवर्तन गर्दै यो समयसम्म ल्याउन सक्नुपर्थ्यो। त्यस्तो किसिमको सचेतता देख्न सकिएन, बरु शास्त्रहरूमा तत्कालीन परिवेश अनुसार न्यायिकप्रक्रियाहरू बढीभन्दा बढी वैज्ञानिक पक्षसँग गाँसिएर आएका थिए। यसलाई प्रमाणित गर्न शास्त्रीय विचारलाई हेर्न सकिन्छ।

नारदले भनेका छन् : राजाले दण्डदिने कुरामा कहिल्यै मनोमानी गर्नुहुँदैन। उसले दण्ड त दिनुपर्छ किनभने यो उसको धर्म पनि हो तर दण्ड दिनुभन्दा पहिले जसका विषयमा छलफल भइरहेको हो उसले जानी

---

[४५] १।६१-६२ नारद

[४६] १।७० नारद

[४७] प्रमाणानि प्रमाणस्थैः परिकल्प्याति यत्नतः।
सौदन्ति हि प्रमेयाणि प्रमाणैरव्यवस्थितैः। ३।६८ ना





जानी गरेको हो वा अञ्जानमा अपराध भएको हो त्यसलाई निर्क्योल गर्नुपर्छ।[४८]

खराब मानसिकताको मानिस भए उसले भित्रै बाट सोचेर नै अपराध गरेका पनि हुनसक्छ र असल मानसिकताको मानिस भए अञ्जानमा भएको अपराध पनि हुन सक्छ। न्यायिक व्यक्तिले यस कुरालाई विवेकपूर्वक नियाल्नुपर्छ। विवेकपूर्वक अपराधीको मनोवृत्ति र चरित्रलाई हेरेरमात्र निर्णय गुर्नपर्छ भन्ने शास्त्रीय सन्देश हो किनभने यसरी गरेको निर्णयले राजा(न्यायाधीश) र राज्य सुरक्षित र व्यवस्थित हुन्छ।

यस विषयमा नारद अझ विशेष निर्देशन दिन्छन्। प्राप्त भएका कुराहरूमा असत्यता देखिन थाले भने उसलाई प्रश्नहरू सोधेर वा अन्य प्रमाणहरू जुटाएर सत्यता निकाल्नुपर्छ। सही के हो त्यसलाई पत्ता लगाउनुपर्छ।[४९]

यस विचारलाई यसर्थ पनि मनन गर्नुपर्छ कि कसैले कसैमाथि झुट्टो अभियोग पनि लगाउन सक्तछ त्यसैले पनि प्राप्त प्रमाणहरूलाई राम्ररी प्रमाणित गर्न प्रयास गर्नुपर्छ। साक्षीहरूले पनि झुटो बोलेका हुनसक्छन्। प्रमाणहरू पनि बनावटी हुनसक्छन्। यसर्थ शास्त्रले उल्लेख गरेका छन् : अभियोग लगाउनेलाई राम्ररी सम्झाउनु कि जसले झुटो अभियोग लगाएको वा फसाउन खोजेको छ। त्यो रहस्य खुल्लासाथ अपराधीले पाउने दण्ड झुटो बोल्नेले पाउँछ। त्यसैले झुटो कसैले बोल्नु हुँदैन।[५०] यी न्यायप्रक्रियाका आधारभूत मान्यता हुन्।

पूर्वीय धर्मशास्त्रहरूले दण्डलाई समाज वा राज्यको सुरक्षा गर्ने उपायभन्दा पनि एउटा मानवीय मूल्यका रूपमा व्याख्या गरेका छन्।

---

[४८] किं तु राजा विशैषेण स्वधर्ममनुरक्षता।
मनुष्य चित्तवैचित्र्यात् परीक्षा साध्व साधुता ॥ १।६८ नारद

[४९] अभूतमप्यभिहितं प्राप्तकाल परीक्षयेत्।
यत्तु प्रमदान्नोच्येत तद्भूतमपि हीयते ॥ १। ६४

[४९] न त मिथ्याभियुञ्जीत दोषो मिथ्याभियोगिन :
यस्तत्र विनयः प्रोक्तः सोऽभियोक्तारमाव्रजेत् ॥ १।५७ नारद

त्यसैले दण्डलाई धर्मभन्दा अलग राखेका छैनन् । जसरी धर्म सबैमा व्याप्त एउटा अनिवार्य तत्त्व हो त्यसरी नै दण्ड पनि मानवले गर्ने परिवारिक सामाजिक कामहरू सबैमा व्याप्त छ। सामाजिक, सांस्कृतिक र राज्यका प्रमुख नियम तोड्नेलाई दिइने दण्ड जतिकै अनिवार्य राज्यले तोकेको नियमभन्दा बाहिर रहेका व्यवहारिक नियम तोड्दा पनि उसले शारीरिक र मानसिक रूपमा स्वतः दण्ड पाइरहेकै हुन्छ। स्वाभाविक शाश्वत प्राकृतिक नियम तोड्दा प्रकृति स्वयंले उसलाई दण्ड दिन्छ। तर प्रकृतिले दिने दण्ड नियम तोड्नेसँगै अरूलाई पनि पर्न जाने भएकाले यसभन्दा बढी राज्यले पनि उसलाई दण्ड सजाय दिन्छ। दण्डको यस्तो स्वाभाविक र व्यापक अनिवार्य महत्त्व रहेकाले यसलाई धर्म भनिएको हो ।

दण्डको यस किसिमको शाश्वत मूल्यले पनि दण्ड समाज र राज्यका लागि दुष्टलाई दण्ड दिन र योग्य व्यक्ति अनि धन आदिको सुरक्षा गर्ने एउटा साधनमात्र होइन यो एउटा मानवीय जीवनको शाश्वत मूल्य नै हो भन्ने कुरा प्रमाणित हुन्छ ।

दण्डको यस्तो अपरिहार्य र अनिवार्य अस्तित्व रहेकाले पूर्वीयदर्शन र शास्त्रहरू दण्डहीनतालाई पटक्कै रुचाउँदैनन् । गरेको कामको फल जो कोहीले भोग्नैपर्छ। यही न्याय हो। यसकै लागि दण्ड साधन बनेको हो। न्यायिक साधन हो भन्न चाहिँ सकिन्छ तर दण्ड एउटा सामाजिक उपाय हो भन्न चाहिँ सकिन्न। धर्मो विश्वस्य जगत प्रतिष्ठा। धर्म यस विश्वको एउटा जगतप्रतिष्ठा भएकाले दण्ड पनि यस्तै एउटा विश्वको जगतप्रतिष्ठा हो त्यसैले यसको कार्यान्वयन पक्ष बलियो हुनुपर्छ। यी सबै कुराहरूले एउटा सार्थक निष्कर्ष दिएका छन् । दण्डहीनता राम्रो कुरा होइन ।

# ७

# वेद, उपनिषद् र धर्मशास्त्रमा वर्णविभाजन

जातिले न ब्रह्मण हुन्छ न क्षत्री हुन्छ न वैश्य हुन्छ न शूद्र हुन्छ । यी त कर्मका विभाग हुन् । शुक्रनीति

पहिला एउटै ब्रह्म (सत्य) थियो । उसले विभुतियुक्त कर्म गर्न क्षत्रीयको सिर्जना गऱ्यो । जसमा इन्द्र वरुण, सोम, रुद्र, मेघ, यम, मृत्यु र इशान थिए । यस अघि अग्निको सिर्जना गरेकाले अग्निलाई ब्राह्मणको स्वरुपरूप भनेको हो त्यसबेला त्यही ब्रह्ममा क्षत्रीय निहित थियो ।[1] त्यसरी नै त्यही ब्रह्मले कर्म गर्न धनोपार्जनका लागि त्यस निमित्त वैश्यको उत्पति गऱ्यो । यिनीहरू देवजाति थिए । देवजाति गणेश अर्थात एकएक गण भए ।

[1] ब्रह्म वा इदमग्र आसीदेकमेव तदेकं सन्न व्यभवत् । तच्छ्रेयो रुपमत्य सृजत क्षत्रं यान्येतानि देवत्रा सत्राणीन्द्रो वरुणः सोमो रुद्रः पर्यन्यो यमो मृत्यु रिशान इति १/४/११ बृ.





वैश्य गणप्राय वा समूहमा हुन्छन् । समूह भएर धनोपार्जनमा सार्थक हुन्छन् वसु, रुद्र, आदित्य, विश्वदेव र मरुत् । वसु आठका संख्यामा छन् । रुद्र एघारका संख्यामा छन् । आदित्य बाह्र छन् । विश्वदेवाः तेह्र छन् । मरुदगण उनन्चास छन् । *बृहदारण्यक*

**वर्णो वृणोतेरिति निरूक्त प्रामाण्यादवरणीया वरीतुमर्हा : ।**
**गुर्ण कर्माणि च दृष्ट्वा यथायोग्यं व्रियन्ते ये ते वर्णाः ॥**

गुण र कर्मलाई हेरेर यथायोग्य अधिकार जसलाई दिइयो त्यही वर्ण हो ।

शास्त्रमा रहेका उक्त कुराहरू र आजका हाम्रा व्यवहारहरू त्यति मेल खाँदैनन् । पूर्वीय धर्मशास्त्रहरूले चार वर्ण र चार आश्रम सिर्जना गरी समाजलाई व्यवस्थित तरिकाले विकसित गर्दै लैजान विशेष अभ्यास गरेका थिए । अहिले आएर उक्त अभ्यास वर्गीय विभेदका रूपमा देखिन पुग्यो । अहिले देखिएको परिस्थितिलाई उदाहरण बनाएर तत्कालीन सोचलाई दोष दिनु व्यावहारिक हुँदैन । उत्पत्तिको रहस्य खोज्नु राम्रो हुन्छ ।

पूर्वीय आदिसभ्यता र संस्कृतिको आधारस्रोत भनेको वेद नै हो । वेददेखि स्मृति, पुराण र महाभारतसम्मका धर्मशास्त्रहरूको अध्ययन र परिशीलन नगरी हाम्रो पूर्वीय समाजको सामाजिक संरचनाको आधार वा पृष्ठभूमि थाहा पाउन सकिँदैन किनभने हाम्रो समाजको आधारशीला संसारकै सबैभन्दा पुरानो आर्यसभ्यतासँग जोडिएको छ । वृहत् आर्यसभ्यताभित्र पनि जातीय संस्कृति, धर्म र सभ्यताहरू युगको प्रवाहसँग विकसित हुँदै गए । परिवर्तित अभ्यासहरूले देशको परिवेशसँग नयाँ रूप लिँदै समाज अगाडि बढ्दै आएको छ त्यसैले हाम्रो समाजमा स्पष्टरूपमा देखा परेको जातीय वर्णव्यवस्थाको कारक तत्त्व निकाल्न त्यति सजिलो छैन ।

समाज, संस्कृति र सभ्यता स्थिर तत्त्व होइनन् । यिनीहरू निरन्तर परिवर्तन भइरहन्छन् । यिनै परिवर्तनहरूले पूर्वीय हिन्दू सभ्यतामा जातीय व्यवस्थाका नयाँनयाँ स्वरूपहरू देखापर्दै आए । ती स्वरूप कस्ता थिए भनेर खोज्न कठिन भएको छ । यी जातीय व्यवस्थाहरूले वर्णव्यवस्थाको जुन रूप लिए त्यसबेलादेखिको वर्णभेदको खोजी गर्दा ऋग्वैदिक कालसम्म नपुगी धर पाउन सकिँदैन र यो सहज कार्य पनि होइन । यस विषयमा अनेकौं विद्वान् र विदुषीहरूले खोज र अनुसन्धान गर्दै आएका छन् । यसरी

खोज गरिएका उपलब्धीहरू पनि अनेक छन् । थोरै व्यक्तिहरूको विचारमा मात्र एकरूपता छ । सबैमा ऐक्यता हुन सकेको छैन । यसरी पूर्णरूपले एकमत हुन नसक्नुको कारक तत्त्व यथार्थ तत्त्व प्राप्त नहुनु नै हो ।

आदिमयुग कस्तो थियो त भन्ने कुरा तथ्य प्रमाणभन्दा मिथक र अनुमानमै सीमित रहनु पर्ने अवस्था छ तथापि खोज र अनुसन्धान भइरहेकै छन् । कुनै दिन त अवश्य तथ्यहरू फेला पर्न सक्दछन् ।

वेद नै प्रमाण हो तथापि त्यहाँ प्रयुक्त शब्दहरू अत्यन्तै यौगिक भएकाले विद्वान्हरूले आफ्-आफ्नै क्षमताले भ्याएसम्मको व्याख्या र विश्लेषण गरेका छन् । उनीहरूको क्षमतामा निर्भर भएर आएका विश्लेषणहरूमा एकरूपता हुन सक्दैन नै । वेदको आविर्भाव हुनुभन्दा पनि अगाडि नै समाज त अवश्य थियो । त्यो समाजमा आइपरेका समस्याका समाधानमा ऋषि र ऋषिकाहरूले ध्यान र साधना गर्न थाले । त्यसैको प्रतिफल स्वरूप वेद आविर्भाव भएको हो । हदैसम्म प्राचीन इतिहास खोज्दा त्यही वेदको समयसम्म पुगिने हो । त्यो पनि कतिसम्म त्यसको हद तोक्न कठिन हुन्छ किनभने वेदको सिर्जना एकैचोटी भएको होइन ।

हजारौँ वर्षको प्रयत्न, अभ्यास र साधनाबाट ऋषिऋषिकाहरूले अविर्भाव गरेको ज्ञानको उपलब्धी नै वेद हो । त्यही वैदिक समयमा पनि कति-कति सामाजिक परिवर्तनहरू आए । त्यसकै लेखा-जोखा गर्नपनि विद्वान्हरूलाई गाह्रो पर्दछ । तथापि वेदको समष्टि भागलाई हेर्दा अन्त्यमा एउटै सत्यमा पुग्न सकिन्छ । आखिर यथार्थ पनि यही हो । त्यस्तै **आब्रह्मस्तम्भ पर्यन्तं सर्वं ब्रह्म मिदं जगत्** - ब्रह्मादेखि जड अणुसम्ममा त्यही ब्रह्म व्याप्त छ त्यसैले यो सबै जगत ब्रह्ममय छ भनिन्छ । यहाँ प्रयोग भएको ब्रह्म शब्दले परम सत्य वा ब्रह्माण्ड सिर्जनाको मूल तत्त्वलाई बुझाएको छ । यही शक्तिबाट यो ब्रह्माण्डको सिर्जना भएको हो र यही कारणले सम्पूर्ण कुरामा त्यही सत्य व्यापकरूपमा रहेको छ । सबैमा त्यही सत्य व्याप्त छ । यस कुरालाई वेदले पुष्टि गर्दै भनेको छ : एकं सद्विप्रा बहुधा वदन्ति : सत्य एउटै छ । तर विद्वान्हरूले अनेक भन्ने गरेका छन् । यथार्थमा सत्य अनेक पनि हुँदैन । स्वरूप आकृति ठाउँ विशेषले फरक हुन्छ तर मूल चिनारी मानव एउटै हो भन्ने कुरा बुझाउने त्यही वेदको अर्को मन्त्रले भनेको छ :-हे मनुष्य ! तिमीहरूको सङ्कल्प एकै होस् । तिमीहरूको हृदय परस्परमा मिलेर एकै होस् । सबैको मन मिलोस् र





समान होस् । जसद्वारा तिमीहरू सबै मिलेर बस ।[२]

यो कुरा ऋग्वेदको अन्तिम मन्त्रमा रहेको छ । यसबेलासम्ममा अनेक भावनाहरू जन्मिइसकेका थिए त्यसैले यो चराचर जगतको उत्पत्तिको कारक वा सबैमा व्याप्त भएको वास्तविक सत्य एउटै भएकाले सबैलाई समानताको चेतना सम्प्रेषण गर्न उक्त मन्त्र आएको हो । ऋग्वेदका अनेकौं मन्त्रहरूले सत्य एउटै छ तर प्रकृतिले यसलाई अनेकरूपमा प्रकट गरेको छ त्यसैले विद्वान्हरू सत्य एउटै छ तर अनेक रूपमा देखिएकाले अनेक मानिएको हो भन्दछन् भन्ने कुरा पुष्टि गरेका छन् ।[३] यस कुरालाई राम्ररी विचार गर्दा समाजका मानिसहरू कोही उच र कोही नीच छैनन् । वैदिककालमा कोही ऋषिमुनि उचनीच जात र वर्गको कल्पनामा देखिँदैनन् भन्नु अत्युक्ति हुँदैन ।

अब हामी प्रचलित “वर्ण” शब्दका विषयमा विचार गरौँ । “**वर्ण**” शब्द **वृ** धातुबाट निर्माण हुन्छ । वृ धातुको अर्थ हुन्छ वरण गर्नु । यसलाई व्यावहारिक अर्थमा ल्याएर अर्थ्याउँदा कुन वर्गमा आफू बस्ने हो त्यही आचरण र व्यवहार र गुण अपनाएर रहनु भन्ने हुन्छ । यही कुरालाई श्रीमद्भागवतमा पुष्टि गरिएको छ :[४]

आदिमयुग सत्ययुगको थियो । यस बेला सबैमा समान सत्य रहेकाले सबै कृतकृत्य थिए । सबै कृतकृत्य भएकाले त्यो समयलाई कृतयुग भनियो । यसबेलामा एउटै मात्र “वर्ण” थियो । त्यो वर्ण “हंस” थियो । यसले त्यसबेला जतिसुकै जात भए पनि तिनीहरू एउटै वर्णका थिए भन्ने कुरा बुझाएको छ ।

हुन त ऋग्वेदकै अन्त्यतिर क्षत्रीय शब्द आएको छ तर त्यसले जातीयताको सङ्केत भने गरेको छैन । “राष्ट्र जोगाउने कार्यमा लागेको व्यक्तितिर यसको सङ्केत छ । यसै सूक्तको पाँचौ मन्त्रमा ब्राह्मण शब्दले

---

२ समानी वा आकूतिः समाना हृदयानी वः ।
समानमस्तु वो मनो यथा वः सुसहासति १०।१९१।४ ऋग्वेद

३ एकं सद्विप्रा बहुधा वदन्ति १।१६४।४६ ऋग्वेद

४ आदौ कृतयुगे वर्णो नृणां हंस इति स्मृतः
कृतकृत्याप्रजाजात्या तस्मात् कृतयुगं विदुः ११/७/१०

वृहस्पतिलाई सङ्केत गरेकोले ज्ञान प्रदान गर्नेतिर ब्राह्मण शब्दको आशय प्रकट भएको देखिन्छ ।

तैतरीय ब्राह्मणमा उक्त कुरा राम्ररी उल्लेख भएको छ । जसले ब्रह्म(ज्ञान)लाई बुझेको छ त्यो ब्रह्मण हो भने जसले प्रशासन वा समाजको सुरक्षा गर्ने काम गरेको छ त्यो क्षत्री हुन्छ ।[५] यहाँ प्रयोग भएको क्षत्र शब्दले सामर्थ्य वा शक्तिलाई बुझाएको छ । उपनिषदकालसम्ममा ब्राह्मण, क्षत्री र वैश्य र शूद्रका कुराहरू उठिसकेका छन् । सत्य वा ब्रह्म (ज्ञान) का विषयमा लागेको वा त्यसलाई बुझ्ने ब्राह्मण र राजकाज चलाउनेलाई क्षत्री भनिएको हो । यथार्थमा आत्मतत्त्वको खोज गर्ने ब्राह्मण हुन् भने बुद्धि तत्त्वसम्म पुग्नेहरू क्षत्रीय हुन भन्ने दर्शनहरूको निस्कर्ष हो । उक्त भनाइले ऋग्वेदको उक्त भनाइप्रति नै संङ्केत गरेको हुनुपर्छ । यस भनाइलाई विचार गर्दा वर्ण शब्द हामीले अहिले बुझेजस्तो जातलाई बुझाउने वर्णका रूपमा आएको छैन । यसले जातप्रति कुनै सङ्केत गरेको छैन ।

ऋग्वेदभित्र प्रयुक्त वर्णशब्दलाई राम्ररी नियाल्दा त्यहाँ प्रयोग भएको वर्ण शब्दले जातीयतालाई बुझाउँदैन । त्यहाँ प्रयुक्त वर्ण शब्दले रङ्गलाई बुझाएको छ । वेदको एक ठाउँमा कालो रङ्ग र रातो रङ्ग भन्ने अर्थ भेटिएको छ ।[६] यस्तो अर्थ आउँदा वेदमा रहेको वर्ण शब्द आजको जस्तो जातिवाचक भएर प्रयोग भएको छैन भन्न सकिन्छ । उक्त प्रसङ्गको मन्त्रले रातो, कालो आदि रङ्गलाई बुझाउन वेदमा 'वर्ण' शब्द आएको छ । ऋग्वेदका कतिपय ठाउँमा 'वर्ण' शब्दले नारीका रङ्ग र रूपलाई पनि बुझाएको छ २।३।५ ऋग्वेद ।[७] अर्को एक मन्त्रले पनि रङ्ग र रूपसँगै सम्बन्ध राखेको छ । त्यहाँ दासवर्ण भनेर कालो रङ्गलाई बुझाएको छ ।

वेदमा कुनै एक प्रसङ्गमा उग्र ऋषि अगस्त्यले दुई रङ्गको कामना गरे भन्ने कुरा छ ।[८] उक्त प्रसङ्गमा उभौ वर्णौ शब्द प्रयोग भएको छ । यसले

५ ब्रह्मो वै ब्राह्मणः क्षत्र राजन्य ३।९।१४

६ कृष्णं च वर्णमरुणं च सं धुः ऋ १।७३।७

७ यो दासवर्ण मधरं गुहा कः २।१२।४। ऋ

८ उभौ वर्णावृषिरुग्रः पुपोष ऋ १।१७९।६





दुई वर्ण (रङ्ग)लाई बुझाएको छ । यसलाई कसैले उभौ वर्णौको अर्थमा दुई वर्णमा नारी र पुरुषको कामना गरे भन्ने अर्थ पनि गरेका छन् । जे होस् प्रयुक्त वर्ण शब्दले वर्णविभाजनको जातीय विभाजनतिरचाँहि सङ्केत गरेको देखिँदैन ।

यसै कुरालाई पुष्टि गर्दै तैतरीय ब्राह्मणमा आएको छ । दैव्य वर्ण अर्थात् गोरो र राम्रो वर्ण ब्राह्मण र कालो वर्णको शूद्र भनी उल्लेख भएको छ ।[९] तर यो ऋग्वेदको समयभन्दा धेरै पछिको कुरा हो । यसरी वेदमा प्रयुक्त वर्णशब्दलाई केलाएर हेर्दा वर्ण शब्द जातको रूपमा भने देखिएको छैन ।

त्यसो भए आज देखिएको वर्ण विभेदको जातीयता कहाँबाट आएको मान्ने त ? यो विषय अत्यन्त जटिल छ किनभने आज जातपात र वर्णका विषयले धेरै ठूलो समस्या ल्याइदिएको छ । यसलाई खोज गर्दा वेदसम्म त पुग्नै पर्छ । यसो विचार गरेर हेर्दा ऋग्वेदमा आर्य भनेको राम्रो काम गर्नु हो । गलत काम गर्ने दस्यु हुन्छन् त्यसैले सबैले राम्रो कर्म गर्नुपर्छ भनेको छ ।[१०]

सुरुसुरुकै अवस्थादेखि आर्य र दस्युका दुई स्वभावगत भिन्नताको कुराचाहिँ उल्लेख छ । प्रस्तुत आर्य र दस्यु यी दुई शब्दले आचरणसँग सम्बन्ध राखेका छन् ।

मध्यवैदिक कालमा आर्य र दुस्युबीच युद्ध भएका थुप्रै घटनाहरू जनश्रुति र वैदिक संहितामा पाइन्छन् । त्यहाँ वेदविहित आचरणमा रहनेलाई आर्य र विपरीत आचरण गर्नेलाई दस्यु भनिएको छ भन्ने कुरा स्पष्ट भइसकेको छ । उक्त भाव रहेको मन्त्रलाई अझ व्याख्या गर्दा जसले उत्तम विद्या आर्जन गर्छ र विद्याको प्रचार गर्दै खराब आचरणको नासतर्फ लाग्छ त्यही आर्य हो र दुष्ट स्वभाव राखी खराब कर्म गर्दै जाने दस्यु हुन् भन्ने कुरा पाइन्छ । सँगसँगै वेदमा यस्ता खराब काम गर्नेहरू(दस्यु)लाई नियन्त्रण गर्नुपर्छ किनभने यिनीहरूले खराबी बढाउँदै लैजान्छन् भन्दै वेदले

९ दैव्यो वै वर्णो ब्राह्मणः असूर्य शूद्रः १।२।६

१० वि जानीह्यायार्यान्ये दस्यवो बर्हिष्मते रन्धया शासदव्रतान् ।
शाकी भव यजमानस्य चोदिता विश्वेता ते सधमादेषु चाकन १।५१।८ ऋग्वेद

हामीलाई सबैले खराब आचरण त्यागी राम्रो कर्म गर अर्थात् आर्य बन भन्ने सन्देश पनि दिएको छ । इतिहासलाई केलाउनेहरूले उल्लेख गरेका छन् : ऋग्वेदको मध्यतिर इण्डो आर्यनहरू भारत वर्षमा प्रवेश गरे । उनीहरू आउनुभन्दा पहिले नै त्यहाँ थुप्रै प्रजातिहरू थिए त्यसैले आर्यहरूसँग तिनीहरूको युद्ध भयो । पछि एकता पनि भयो । तिनीहरूले हारेकाहरूलाई अलग्ग राखे । हो यहीँबाट जातिको प्रथा सुरु भयो ।[११] सायद उक्त वैदिक मन्त्रकै भावको अन्वेषण गरेकाले यो कुराको निष्कर्ष निष्किएको हुनुपर्छ ।

वैदिकभावको मूल प्रज्ञा उपनिषदमा **एकोऽहं बहुस्याम**बाट आएको हो । एक ब्रह्मले अनेक हुने सोच गरेपछि समाज बनेको हो भन्ने भाव दिनेले जातीय वर्णभेदको घृणा दिनै सक्दैन । वेदले सबैलाई ईश्वरको सृष्टिमा समानताको भाव प्रेषण गर्छ तर समयले मानिसमा अहङ्कार जगाएपछि मपाईँत्व प्रदर्शन हुन्छ । यही मपाईँत्वको उग्ररूप जातीय रूप बनेर देखा परेको हुनुपर्छ । ब्राह्मण भन्ने ठाउँमा हामीहरू द्विज पनि भन्दछौं । यो द्विज शब्द वेदमा आएको छ । गुरु वा आचार्यबाट ज्ञान प्राप्त गर्दा त्यो अर्को जन्म भएकोले ती पठित द्विज हुन्छन् भन्ने भाव वेदमा छ ।[१२]

द्विजको अर्थ हुन्छ दोस्रो पटक जन्मनु । विद्वत्ता प्राप्त गरेपछि जीवन परिवर्तन हुन्छ । यो नै दोस्रो जन्म हो । ब्राह्मण शब्दले दिने अर्थ पनि यही हो । तिनै आर्यद्वारा पराजित दस्युहरूचाँहि कालान्तरमा शूद्र कहलाइएको हुनुपर्छ । धर्मशास्त्रहरूको अध्ययनबाट के कुरा खुलेको छ भने जसले अवैदिक र खराब आचरण अपनाउँछ र असामाजिक र अमर्यादित काम गर्छ त्यसैलाई शूद्र भनिएको छ । यिनीहरूलाई त्यही समाजको एक अङ्गका रूपमा स्वीकारिएको छ र तिनीहरूलाई आर्य वा उच्च बन्न आग्रह पनि गरिएको छ ।

ऋग्वेदमा विश शब्दको प्रयोग पनि भएको छ । त्यहाँ प्रयोग भएको विश शब्दले जन समूहलाई बुझाएको छ । त्यहाँ विश शब्द यसरी

---

[११] हिन्दू सामाजिक संगठनको प्रारुप-पृ(६३)

[१२] १।१४९।५। ऋग्वेद





आएको छः

हे इन्द्र ! तिमी देवता र हामी मनुस्य (जनता) समूहका नेता हौ ।[१३]

यहाँ प्रयोग भएको विशां शब्दले समूहलाई बुझाएको छ । यसको अर्थ जनसमूह वा जनता हो । उक्त भावलाई बुझ्दा विशां शब्दले जनसमूहलाई बुझाएको छ । खेती, किसानी र व्यवसाय गर्नेहरूलाई विशशब्दले चिनाउँछ । यही विश शब्द नै कालान्तरमा वैश्यमा परिणत भएको हो भन्न सकिन्छ ।

उक्त मन्त्रका वरिपरि रहेका मन्त्रहरूले कुनै वर्ग विभाजन गरेको पाइँदैन । यस विषयमा तैतरीय संहितामा हे इश्वर ! हाम्रा ब्राह्मणलाई क्षत्रियलाई वैश्य र शूद्र सबैलाई प्रकाश छर्नुहोस् ।[१४] भन्ने कुरा उल्लेख भएको छ ।

यस भनाइबाट सबैमा समानताकै भाव रहेको देखिन्छ किनभने हामी सबै मानवताका हिसाबले समान भएकाले सबैलाई समान उज्यालो दिनुहोस् भन्नुको अर्थ यही नै हो । हुन त तैतरीय संहिता ऋग्वेदभन्दा धेरै पछिको हो । धेरै विद्वान्हरू जातीय वर्णभेद ऋग्वेदकै समयबाट आएको भन्दछन् र त्यसको आधारमा पुरुष सूक्तको १२, १३ मन्त्रहरूलाई देखाउँछन् ।

यो मन्त्र पुरुष परमात्माको वर्णनका प्रसङ्गमा आएको हो । यसलाई आधार मानेर विराट स्वरूप ब्रह्माको मुखबाट ब्राह्मण, बाहुबाट राजन्य, उरुबाट वैश्य र पाउबाट शूद्र जन्मिएका हुन् भन्ने व्याख्या गरेर यसरी चारवर्णको उदय भएको भन्ने स्पष्ट कारण दिन्छन् ।[१५] *तर* यस मन्त्रको मूलभाव र मर्म बुझ्नका लागि यसभन्दा अघिल्लो मन्त्रलाई पनि बुझ्नु आवश्यक हुन्छ ।

---

[१३] यत पाञ्चजन्यया विशेन्द्र घोषा अस्तजतः
इन्द्रक्षतिनामसि मानुषिणां विशां दैविनामुत पूर्वया

[१४] रुचं नो धेहि ब्राह्मणेषु रुचं राजषु नमस्कृधि
रुचं विश्येषु शुद्रेषु मयी धेहि रुचारुचम् ।

[१५] ब्राह्मणो ऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
उरु तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत" ॥ १०/९०/१२ ऋ

त्यहाँ दिव्यशक्तिसम्पन्न सामाजिक पुरुषको कल्पना गरिएको छ। यसरी कल्पना गर्दा उसको स्वरूपलाई कसरी कल्पना गर्न सकिन्छ ? यस सामाजिक पुरुषको मुख समान के हुन्छ ? बाहु समान के हुन्छ ? उरु समान के हुनसक्छ र पाउ समान के हुन्छ ?[१६] भनेर सिङ्गो सामाजिक पुरुषलाई सामाजिक अङ्गका रूपमा चार भागमा वर्गीकरण गर्ने आधारहरूको खोजिगरिएको छ।

उक्त मन्त्रमा व्यक्त भाव र विचारलाई विवेचना गर्दा सिङ्गो समाजलाई विराटपुरुषको शरीरको कल्पना गरिएको छ र त्यस समाजरूप विराटपुरुषको मुख, बाहु, उरु र पाउ गरी चार भागमा समाजलाई विभक्त गरिएको छ। प्रस्तुत मन्त्रको भावलाई बुझेपछि त ब्राह्मणोऽस्य मुखमासित मन्त्रको व्याख्या गर्न कुनै कठिन पर्दैन।

ब्राह्मण वा विद्वत्जन त्यस समाजरूप विराटपुरुषका मुख समान हुन्छन्। यहाँ प्रयुक्त ब्राह्मण शब्दले विद्वान्लाई सङ्केत गरेको छ अर्थात् आत्मा र परमात्मा जस्ता ज्ञान तत्त्वको खोज गर्ने पठित समुहतिर यसको अर्थ लक्षित छ। राजन्यलाई बाहुको कल्पना गरिएको छ, अर्थात् शक्ति र सामर्थ्यले समाजको सुरक्षामा जुट्नेलाई राजन्य भनिएको हो। पछि यही राजन्य क्षत्री भएको हो। तिनीहरू समाजका हात नै हुन्। उरु बलियो भएन भने न त मुख बलियो हुन्छ न हात, शरीरको मेरु दण्डझैँ समाजलाई आपूर्ति गर्ने जनतालाई सामाजिक पुरुषको उरुको कल्पना गरिएको छ। त्यसपछि पूर्ण शरीरलाई नै निश्चित गति दिने पाउको कल्पना गरिएको छ। सबैलाई सेवा दिने कार्यमा लाग्ने जनहरू समाजस्वरूप विराट पुरुषका पाउ हुन्। यिनीहरू समाजमा ब्राह्मण, राजन्य र वैश्य आदि कर्ममा तल्लीन भएकाहरूको आवश्यकता पूर्ति गरिदिने विभिन्न प्रविधि र निर्माणका कामहरू गर्ने भएकोले यिनीहरूले समाजै अड्याउने काम गर्ने भएकोले यिनीहरूलाई विराटपुरुष समाजको खुट्टा भनिएको हो। पछि ती पहिलेका दस्युहरू पनि प्रविधिका काममा संलग्न गराइए त्यसैले तिनीहरू शूद्रकै रूपमा रहेका देखिन्छन्।

उक्त मन्त्रमा प्रयुक्त कृत शब्दको अर्थ पनि यही समाजलाई चार

[१६] यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन्।
मुखं किमस्य कौ बाहू का ऊरु पादा उच्येते १०/९०/११ ऋ





भागमा विभक्त गरियो भन्ने नै हो।

यसबाटै स्पष्ट हुन्छ कि वैदिककालमा समाजमा गरिने कामलाई हेरेर गुण र कामका आधारमा समाजमा रहेका मानिसलाई चार भागमा विभक्त गर्ने काम भएको हो।

आजसम्म यसैलाई आधार मानेर चारजातको व्याख्या गरिँदै छ। यथार्थतः उचनीचको भाव दिन यो मन्त्र आएको होइन। यो कामको बाँडफाँडमात्र हो। विस्तारै समाजले बलियो र निश्चित गतिलिन थालिसकेको थियो त्यसैले समाजलाई व्यवस्थित र गतिशील तुल्याउन यसरी समाजका मानिसलाई सामाजिक उन्नतिका काम गर्न सजिलो बनाउन सम्बन्धित क्षेत्रका मानिसहरू र सन्तानहरू सम्बन्धित काम गर्न दक्ष र योग्य बन्दै जानुपर्छ भन्ने व्यवस्था गर्न आवश्यक ठानियो।

एउटै व्यक्ति हरेक क्षेत्रमा काम गर्न सक्तैन त्यसैले क्षेत्र, अधिकार र काम तोक्नु पर्ने अवस्था आएकाले यो अवधारणा ती ऋषिमुनिहरूले लिएको हुनुपर्छ। ऋषिमुनिहरूले समाजलाई व्यवस्थित गर्न गुण र क्षमतालाई हेरी मानवसमुदायलाई चारभागमा विभक्त गरी एउटा सामाजिक अभ्यास गरेका थिए। आज आएर ठूलो जात र सानो जात भन्ने विभेद विचार जन्मिएकाले यो अभ्यास कमजोर बनेको छ।

जोसुकै शासक बन्ने होड चलेको भए व्यवस्थित राज्य व्यवस्था पनि हुन सक्ने थिएन। विखण्डनको मूल कारण पनि शक्ति र शासन बन्दछन् त्यसैले सामर्थ्य र शक्ति हरेर काम विभाजन गर्ने त्यसबेलाको नीति बन्यो। आज देखिएको चारवर्ण निश्चित काम बाडँफाँडको प्रतिफल नै हुनुपर्छ[१७] वेदमा रथनिर्माता वैद्य, लोहार, चर्मशोधनकार भनेर अन्य काम गर्ने कर्मव्यवसाय पनि उल्लेख भएका छन्। तैतरीय संहितामा पुग्दा चम्मर डोलाउन द्वारपाल, सङ्गहिता र कोषाध्यक्षको काम पनि देखिन्छ। यसरी नै काम र कामपछि जीवनवृत्तिको सहजयात्रा निरन्तर चल्दै गयो। पिता पूर्खाले अपनाएका जीवनवृत्तिका कामहरू सहज र सरल बन्दै गए अनि विभक्त समाजले जीवनवृत्ति आफ्नै कर्मानुसार अपनायो। ज्ञान बाँड्नु, यज्ञ गर्नु, दान लिनु, ब्राह्मण (विद्वान्) का जीवनवृत्ति भएको कुरा स्मृतिहरूले

[१७] ऋ.वे. १।६१।४ र ७।३२।२०

किटानी गरिदिए। युद्ध, सुरक्षा र समाजलाई ठीकसँग समन्वय गर्न स्थिरताको जग खोज्नु क्षत्रियको कर्म र जीवनवृत्ति बन्यो त्यसैले शासन व्यवस्थामा क्षत्रीहरूकै बाहुल्यता रह्यो र ब्राह्मणहरू विद्यामा अग्रणी बने। ब्राह्मणले निर्देशित गरेका नीतिभित्र रही क्षत्रीहरूले राज्य संचालन र सुरक्षा र दण्डका विधिहरू लिएर काम गर्न थाले।

कृषि व्यवसाय र पशुपालन र व्यापारमा वैश्य निपूण बन्दै गए। त्यो जीवनवृत्ति कर्मले ल्याएको हो।

ऋग्वेदको अन्त्यतिर एउटा मन्त्रमा विद्वान्तिर लक्षित गर्दै भनिएको छः हे विद्वान् हो ! तिमीहरू विमान आदि यान बनाउने वा निर्माण गर्नेहरूका नजिक जाओ र सीप पनि सिक भनेको छ। यस प्रसङ्गले विविध प्रविधि र अन्य सेवामा संलग्न व्यक्तिहरूको कर्मवृत्ति तिरपनि सङ्केत गरेको छ त्यसैले कतिपयहरूको जीवनवृत्ति वाण, धनुष, घर, रथ, यान आदि निर्माणको व्यवसायबाट चल्दथ्यो।

यिनै कर्मवृत्ति र जीवन व्यवसायमा कालान्तरमा रूढिगत कार्य भए। काम गर्दै ल्याइएका कर्मवृत्तिहरू जन्मजात अधिकारका विषयमा रूपान्तरित हुँदै क्रमशः विकसित भए यसैबाट जातीय व्यवस्था सुढ़्ढ हुन थालेको हुनुपर्छ।

व्यवहार र आचरण बढी संवेदनशील बन्दै गए त्यसपछि सम्बन्धित क्षेत्रका विषयमा नियमविनियमहरू बन्न थाले। यसै कारणले पूर्वमा जातिको विभाजन भयो। पाश्चात्यमा वर्गको विभाजन पनि यसरी नै भएको छ :

यसरी हेर्दा पेशा र व्यवसाय नै जातीय विभाजनका कारक तत्त्व बनेका हुन् भन्न सकिन्छ। कूर्मपूराणको एक भनाइलाई हेर्दा यस कुरामा हामी अझ स्पष्ट हुन्छौं। त्यहाँ के लेखिएको छ भने :

यही भारत-वर्षमा मात्र समाजको आफ्नै पहिचान स्वरूप नारी र पुरुषका पृथक धर्म र मानिसका कर्म अनुरूप वर्णहरू प्रचलित भए। त्यस्तै अनेक देवताहरूको पूजा गर्ने पद्धति पनि विकसित भयो।[१८]

---

१८ भारतेषु स्त्रियः पुंसो नानावर्णाः प्रकीर्तिताः।
नाना देवार्चने युक्ता नानाकर्माणि कुर्वते





यसरी वर्ण व्यवस्था र देवताहरूको पूजापद्धति सम्बन्धी मौलिक परिचय छ। यो पूर्वीय सामाजिक संरचनाको अलग पहिचान हो। यो व्यवस्था जुन सोचमा परिकल्पना भयो त्यसलाई चाहिँ हामीले कार्यान्वयन गर्न सकेनौं।

समाजका कार्यक्षेत्रलाई मूलरूपमा चार भागमा राखी उक्त क्षेत्रको विकास गर्ने तत्कालीन ऋषिहरूको समाजिक अभ्यासलाई अहिले गलत रूपमा अपनाई कामलाई नै ठूलो र सानोको संज्ञा दिएर कामकै अधारमा मानिसलाई समेत ठूलो र सानो भन्न थाल्यौं। विस्तारै गलत प्रवृत्ति भएका मानिसहरूबाट व्यावहारिकतामा संकुचितता ल्याएर सामाजिक व्यवहारहरूलाई पनि थिचोमिचोमा रूपान्तरण गऱ्यौं त्यसैको परिणाममा आज धेरै कठिनाइ र दुःख समाजमा आइपरेका छन्। धेरै पछि पञ्चम वर्णको कुरा पनि आएको छ। जङ्गलमा जीवन निर्वाह गर्ने निषाद आदिलाई पञ्चम वर्ण भनिएको हो। यिनीहरूको कुनै संस्कार हुँदैन थिए। अतिशूद्रलाई पनि यसैमा राखिएको छ। सेवा कार्य छोडी चोरी र व्यभिचारी कर्म गर्नेहरू अतिशूद्र थिए। वर्णाश्रम धर्म त्याग्ने वा समाज वहिस्कृतहरू पनि यसै समूहमा थिए।

चारवर्णको विभाजन कुन ठाउँमा आर्यहरूले गरे होलान् भन्ने विषयमा धेरै विद्वान्हरूले खोजिगरेका छन् : कोही विद्वान्का भनाइ अनुसार भारतवर्षमा परम्परामा चारवर्ण विभाजनका आधारहरू आएका हुन्। भारतवर्ष कहाँ हो भन्ने विषयका सम्बन्धमा वेद निर्माण भएको ठाउँको चर्चा गर्नेक्रममा आइसकेको छ।

हामीले प्राचीनकालको अर्थात् पौराणिकालको भारतवर्षलाई सम्झिएर अध्ययन गर्नुपर्दछ। स्त्री र वर्णको विभाजन जुन देखाइयो त्यो त्यही परिवेशको थियो। धेरै विद्वान्हरूले यस कुरालाई अगाडि सारेका छन्।

यस्तो विभाजनको अवधारणा वैदिक कालमा छँदै थिएन।

उपनिषद् र धर्मसूत्रको परिशीलनमा ब्रह्माले आफू एक्लै भएकाले विभूतियुक्त काम गर्न नसकेपछि पहिला ब्राह्मण सृष्टि गरे भन्ने उल्लेख छ।

ब्रह्म भनेको शब्द हो। शब्द ज्ञान हो। शब्द वा ज्ञानको अनुशीलन

गर्ने व्यक्ति ब्राह्मण कहलाइएको हो । अनुशीलनबाट प्राप्त ज्ञान समाजमा व्यवहार चलाउँन चाहिन्छ त्यसैले त्यस्तो सामाजिक व्यवहार ब्राह्मणबाट चलेन र क्षत्रीको सृष्टि गरे । सुरक्षाका लागि शक्तिको परिकल्पना गरिएको हो तर सुरक्षामात्रले पनि व्यवहार नचलेपछि व्यवसाय कल्पना भयो र कृषि, पशु र विविध आपूर्तिका लागि वैश्यको कल्पना भयो । राम्ररी काम गर्ने जनतालाई वैश्यको नामाकरण गरियो । यतिले मात्र पुगेन सबैलाई अन्य आवश्यक सामाग्री र प्रविधिका कुरा चाहिए । लगाउने लुगादेखि प्रयोगमा ल्याउने साधन र निर्माण र प्रविधिका लागि जनताको सिर्जना भयो यिनै शूद्र भए । यसरी नै एउटा सिङ्गो समाज बन्यो र त्यसपछि त्यस समाजलाई अग्रता दिन बलिया नियमहरू पनि बने । वेदको ब्राह्मणोऽस्य मुखामासित भन्ने मन्त्रको सङ्केत पनि यही हो । यस प्रसङ्गबाट त्यो संहिता वा मन्त्रबन्नुभन्दा पहिले नै समाजको अभ्यास भइसकेको थियो भन्ने भाव खुल्दछ ।

यसरी विभक्त समाजको सङ्गठित क्षेत्रको विकासनिम्ति कालान्तरमा आफ्नो क्षेत्र नछोड्न धर्मसूत्र र स्मृतिकालमा कडा नीति निर्माण भए । त्यसैले धर्म, परम्परा र आचरण पनि फरकफरक भए तर पूर्ववैदिक कालमा ती फरक सामाजिक अङ्गमा ठूला र सानाको भेदभाव थिएन । उत्तर र उत्तरोत्तर अवस्थामा भने श्रेणीका आधारमा ज्ञान दिने, सुरक्षा दिने र पालनपोषण गर्ने अनिमात्र तिनीहरूका लागि आवश्यक सामाग्री तयार पारेर सेवा दिने भन्ने विभाजक सोच जन्मियो । यो व्यवहारको प्रदुषित सोच थियो । यहीँबाट झिनोरूपमा विद्रोहले जन्म पनि लिइसकेको थियो तर यतिखेर मानिसहरूले धेरै लामो समय काटिसकेका थिए । समाजले धरै बढी गति लिइसकेको थियो । जन्मले नै जात निर्धारण भइसकेको थियो सुरुको अवस्थामा कर्मका लागि समाजको विभाजन गरेको देखियो भने पछि त्यो कुरा परम्परामा आधारित भयो र जन्मजात ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र हुन थाले । तिनीहरूका व्यवहारहरू जन्मजात संस्कारका रूपमा स्थापित भए ।

जन्मको सिद्धान्तले गर्दा महाभारतकालीन द्रोणाचार्य ब्राह्मण कुलमा जन्मिएकाले ब्राह्मणै भए । उनको कर्म युद्ध थियो । युद्धको शिक्षा दिन्थे । अश्वत्थामाले मध्यरातमा पाण्डवहरूको शिविरमा पसेर द्रौपदीका पाँच पुत्रको वध गर्दा पनि ब्रह्मणपुत्र भनेर अर्जुनले उनलाई मारेनन् ।





युधिष्ठिरको स्वभाव ब्राह्मणको झैँ धीर भए पनि जन्मले उनी क्षत्री नै भए ।

यसभन्दा अगाडि वैदिक समयमा कर्मसिद्धान्तले विश्वामित्र राजर्षिबाट ब्रह्मर्षि बनेको उदाहरण पाइन्छ ।[१९]

यसबाट हेर्दा सुरुमा वर्ण कर्म प्रधानताका आधारमा आएको देखिन्छ र पछि विस्तारै त्यही जातमा परिवर्तित हुँदै गएको देखिन्छ ।

उत्तरोत्तर निरन्तर बगेको समाजको गतिमा उक्त कर्म विभाजनमा बनेको वर्ण जातमा परिवर्तन भएपछि अथवा जन्मजात जाति बनिसकेपछि क्षत्रीयले ब्रह्म ज्ञान प्राप्त गरेका प्रसङ्गहरू शतपथ ब्राह्मणमा आएका छन् तर उनीहरू वर्णमा क्षत्रीय नै भए पनि कर्मले ब्राह्मण बनेका छन् ।

त्यस बेलामा ब्रह्मविद् क्षत्रियबाट पनि ब्राह्मणहरूले शिक्षा लिन्थे भन्ने कुरा शास्त्रहरूज्ञले बताएका छन् । शतपथ ब्राह्मणमा कतिपय कुराको शिक्षा याज्ञवल्क्यले जनकसँग लिएको प्रसङ्ग ११।६।५ पाइन्छ ।

कर्मका नामका रूपमा स्थापित भएका ब्राह्मण, क्षत्री, वैश्य र शूद्र वर्ण जातका रूपमासथापित भइसकेपछि हारितले भनेका छन्: ब्राह्मण ब्राह्मणबाटै उत्पन्न हुनुपर्छ अनिमात्र त्यो ब्राह्मण हुन्छ :[२०] अत्रिले ब्राह्मणका विषयमा उल्लेख गर्दै अत्रिसंहितामा भनेका छन् : ब्राह्मणकुलमा जन्मिनुमात्र ब्राह्मण होइन । संस्कार पनि आवश्यक हुन्छ । ब्राह्मणले द्विज बन्नुपर्छ । संस्कारले मात्र द्विज बनाउँछ ।

ब्राह्मणकुलमा जन्मिएर मात्र हुन्न द्विज बन्नका लागि संस्कार हुनुपर्छ ।[२१]

ब्रह्मण भन्नुको एक अर्थ संस्कार पनि भएकाले संस्कारविना जन्मकै कारणले कोही पनि द्विज बन्न सक्तैन त्यसैले कुल अनुरूपको संस्कार सबैले अपनाउनुपर्छ । उनले ब्रह्मणका लागि संस्कारको ठूलो महत्त्व रहेको कुरा

---

१९ क्षत्रीयेभ्यश्च ये जाता ब्राह्मणस्ते च ते श्रुता :।
विश्वमित्रप्रभृतय : प्राप्ता ब्रह्मत्वमव्ययम् च ते - सम्भवपर्व १३६।१४ महाभारत

२० ब्राह्मण्यां ब्राह्मणे नैवमुत्पन्नो ब्राह्मण स्मृत :१।१५

२१ जन्मना ब्राम्हणो ज्ञेयः संस्काराद द्विज उच्यते : १।४०

बताए ।

जातिगत वर्ण व्यवस्थाको जन्मसँगै कर्मवाद वा भाग्यवाद सिर्जना भएर आएका छन् । तैतरीयसंहिता र छान्दोग्योपनिषदमा ७।१।१ र ५।१०।७ मा व्यक्तिले जस्तो कर्म गर्छ त्यही कर्म अनुरूप उसको जन्म हुन्छ । उसले गरेको कर्मले नै ब्राह्मण आदि जातमा जन्मिन पुग्छ भन्ने रहस्य प्रस्तुत गरे । पूर्वीय धर्मशास्त्रहरूले पूर्वजन्मलाई स्वीकार गरेका छन् । चार्वाक दर्शनबाहेक प्रायजसो सबै दर्शनहरूले आत्मा नित्व हो । यो फेरी जन्मन्छ तर उसले पाउने शरीरचाहिँ उसले गरेको पूर्वजन्मको कर्म अनुसारको हुन्छ । जति राम्रा कर्म गरिन्छ र जति तत्त्व ज्ञानको नजीक पुगिन्छ त्यति नै राम्रो शरीर पाउँदै जान्छ ।

धर्मशास्त्रले तीन प्रकारका कर्म बताएको छ १. प्रारब्धकर्म २. सञ्चितकर्म ३. क्रियमाणकर्म । क्रियमाणकर्म भनेको जोकोहीले गरिरहेको कर्म हो, जसले भोलिको भविष्य निर्माण गर्छ । सञ्चितकर्म भनेको पहिले गरेको तर त्यसको फल पाउन बाँकिरहेको कर्म हो र प्रारब्ध भनेको पहिले गरेको कर्मको नभोगी नहुने वा जुन कुनै हालतमा पनि भोग्नै पर्ने कर्मको फल हो । यसैलाई भाग्य भनेको हो । विस्तारै धर्मशास्त्रहरूले बाह्मणादि वर्णमा जन्मनुको रहस्य प्रारब्ध वा भाग्यको अर्थात् पहिले गरेको कर्मकै फल हो भन्ने निश्चित आधार बनाए किनभने पूर्वीय अध्यात्मदर्शनमा आत्मा कहिल्यै मर्दैन भन्ने सिद्धान्त रहेको छ ।

गरेको कर्म अनुसार कुनै वर्णमा आत्माको प्रवेश हुने हो त्यही अनुसार फेरि जन्म हुन्छ भन्ने एउटा निश्चित सिद्धान्त बन्यो । त्यस अनुसार ब्राह्मण पतिपत्नीबाट जन्मनेमात्र ब्राह्मण हुन्छ । त्यसरी नै क्षत्री, वैश्य र शूद्रको पनि आफ्नै जातका पत्नीबाट जन्मिएका सन्तान मात्र आफ्नो वर्णका हुन्छन् ।[२२]

उक्त प्रसङ्गलाई हेर्दा मध्ययुगबाट जन्मले नै ब्राह्मण बन्दै आएको देखिन्छ । त्यस अघि भने यस्ता कुराहरू देखिएका छैनन् । ब्राह्मण ग्रन्थमा भने :

[२२] सर्ववर्णेषु तुल्यासु पत्निष्वक्षतयोनिषु ।
आनुलोम्येन संम्भूता जात्या ज्ञेयास्त एव ते ।१०।५ मनु





अग्नि र वृहस्पति ब्राह्मण देवता, इन्द्र, वरुण, यम, क्षत्री देवता, रुद्र, विश्वदेव र मरुत विश् र पुषा शुद्र देवता भनेर उल्लेख गरिएको देखिएको छ । यिनीहरूको कामलाई उक्त प्रसङ्गले बुझाएको हो । तिनीहरूमा अस्पर्श्यताको कुनै प्रसङ्ग उठाएको छैन र त्यहाँ ठूलासानाको समस्या पनि देखिँदैन । आपस्तम्ब धर्मसूत्रले: :१.ब्रह्मण २. क्षत्री ३. वैश्य र ४. शूद्र गरी चार वर्ण छन् भनेको छ ।[२३]

गौतमसूत्रमा वर्णव्यवस्थाका लागि निकै नै नियमहरू उल्लेख भएका छन् । त्यहाँ वर्णानुसार साना-साना कर्मको पनि फरक-फरक व्यवस्था वा नियम बनाइएका छन् । त्यहाँ हरेक वर्णमा प्रायश्चित, अपराध, दण्ड, भोजन आदिमै फरक देखिएको छ । कतिपय विद्वान्ले शूद्रले बनाएका भोजनलाई स्वीकारेका छन् । मनुले अस्पर्ष्यलाई महापातक र पतित कर्म गर्नेलाई पनि तोकेका छन् ।

ऋग्वेदक कालीन मध्यकालतिर व्यवस्थित समाजका लागि विभाजन गरिएको समाजको स्वरूप युजर्वेदसम्म आइपुग्दा स्पष्ट वर्णभेद का स्वरूपमा देखिने अवस्थामा पुग्यो । शतपथब्राह्मणपछि त्यो व्यवहारमै आयो र धर्मसूत्रहरूमा वर्णव्यवस्थाका आचरण, व्यवहार र कर्मसीमा तोकिए कसैले तोकिएका सीमा नाघे भने ती पतीत र अधर्मी ठहरिने भए विस्तारै स्मृति र पुराणहरूमा भिन्न व्यवसाय र जातीय कर्मका स्पष्ट व्याख्या हुँदै गए ।

वर्णव्यवस्थाको पृष्ठभूमि जीविकोपार्जनको कर्म र नैतिक आचरणसँग सम्बन्धित भयो ।

वैदिककालकै उत्तर वा अन्त्यतिर वर्णविभाजन सुरु भए पनि कर्मले बदल्न सक्ने व्यवस्था थियो त्यसैले त्यसबेलामा शूद्र बन्नुमा जन्मभन्दा पनि कर्मप्रधानता रहेको देखिन्छ ।

व्यक्तिभित्रको क्षमतालाई हेरेर कामको विभाजन गरेको राम्रो प्रसङ्ग शुक्लयुजुर्वेदमा पाइन्छ :

ब्राह्मणको कर्म ब्राह्मकर्म (यज्ञ पठनपाठनादि) क्षत्रीको सुरक्षा र नीतिको रक्षा, वैश्यको पोषणकर्म (खनजोत व्यापार आदि) सेवाकार्यमा शूद्र

[२३] चत्वारो वर्णा ब्राम्हण क्षत्रिय वैश्य शूद्राः १।४ आपस्तम्ब

उपयुक्त हुन्छन् । अन्धकार वा रातमा लुकेर चोरी गर्ने तस्कर वा चोर, नरकका लागि काम गर्ने वीरघात, पापकर्ममा लागेको लागि क्लीवत्व ( दुष्ट) आक्रय वा किनबेचका लागि काम गर्ने अयोगु, कामनाका लागि काम गर्ने व्यक्ति क्षमतावान्, व्यभिचारी काम गर्ने व्यक्ति अतिकृष्ट योग्यप्रमाण दिनका लागि काम गर्ने मागध, उपयुक्त हुन्छन् ।[२४] त्यसैले उक्त कामहरू गर्नका लागि उक्त व्यक्तिहरूलाई नियुक्त गर्नुपर्छ ।

यसरी नै वीभत्स र घृणित कार्यगर्नका लागि पौल्कसलाई नियुक्त गर्नु । त्यसरी नै राम्रो आकार दिएर वस्तुनिर्माण गर्नका लागि स्वर्णकार, तौलने काम गर्नका लागि वणिक, दोषारोपण गर्ने कामका लागि अप्रसन्न व्यक्ति, सबैका लागि काम गर्नका लागि सिध्मल (सहज र सिद्धिप्रदायक) सम्वृद्धि र विकासका लागि जागृत वा जागरुक व्यक्ति, अवनतिका लागि अल्छी, दुःख र पीडालाई हटाउन जनवादी (जनताको काम गर्ने) र लक्ष्यबेधमा कुशल व्यक्तिलाई नियुक्त गर्नु पर्दछ ।[२५]

माथिका प्रसङ्गहरूमा आएका कुराहरूले जस्ता काम छन् त्यस्तै खालका मान्छेलाई उक्त काम गर्न नियुक्त गर्नुपर्ने कुराहरू यो युजुर्वेदका ३० अध्याय भरि थुप्रै रहेका छन् । यस अध्यायमा धेरै कामहरूको चर्चा छ र ती कामका लागि कस्ता व्यक्ति रहनुपर्दछ भन्ने सबै कुरा यहाँ रहेको छ । पहिलो वाक्यलाई आ-आफ्नै ढंगले व्याख्या गरेका छन् जस्तै कसैले यसको व्याख्या गर्दा पढ्ने पढाउने र यज्ञ गराउने र गर्नेलाई ब्राह्मण भनिन्छ भने भनो कसैले यज्ञयज्ञादि गर्ने गराउने कामका लागि ब्राह्मणलाई नियुक्त गर्नु भनेको हो भनेर व्याख्या गरे । जसरी व्याख्या गरे पनि रहस्य एउटै हो । कामले नाम दिएको भए पनि नामलाई काम भएपनि त्यसका बुझाइ मात्र हो ।

यी मन्त्रहरूले एकै वर्णभित्र अनेक जातिको सङ्केत दिएका छन् । कर्म

[२४] ब्रह्मणे ब्राह्मणं क्षत्राय राजन्यं महद्भ्यः वैश्यं तपसेशूद्रं तमसे तस्करं नारकाय वीरहणं पाप्मने क्लीबं माक्रयायाऽअयोगुं कामाय पुँश्चलुमति कृष्टाय मागधम् ३०।५यजु

[२५] वीभत्सायै पौल्कसं वर्णाय हिरण्यकारं तुलायै वाणिजं पश्चादोषाय ग्लाविनं विश्वेभ्यो भुतेभ्यः सिध्मलं भूत्यै जागरणम भुत्यै स्वपनमार्त्यै जनवादिनं व्यृद्ध्याऽअपगल्भं संशराय प्रच्छिदम् ३०।१७ यजु





अनुसारका व्यावहारिक धर्म (सम्बन्धित विषयका आवश्यक नियम) यसैसँग गाँसिएर आएका चरित्र हुन् त्यसैले हिजोआज जातीय धर्म अलग देखिएका हुन् । वर्ण र जातलाई एउटै विन्दुमा राख्नु हुँदैन । एउटा वर्णभित्र अनेक जातिहरू रहन्छन् । वर्ण स्थूल विभाजन हो । हिन्दुसभ्यता अनुसार जातिका चार श्रेणीलाई यसले बुझाउँछ भने जात वर्णभित्रको कामसँग गाँसेर गरेको सूक्ष्म पृथकता हो । यसले धर्म गुण र ठाउँ विशेषसँग जोडिएर वंश परम्परालाई प्रस्तुत गरेको हुन्छ र यसले जन्मजात गुण र स्वभावलाई पनि बोकेर ल्याएको हुन्छ ।

वैदिककालमै अनेक कामहरू र काम अनुरूपका नाम आइसकेका थिए । यसबाट वर्णविभाजनको आधार कर्म नै हो भन्ने कुरा पुष्टि गर्न सकिन्छ । पढ्नेपढाउने, यज्ञ गर्ने गराउँनेलाई ब्राह्मण, सुरक्षा गर्नेलाई क्षत्रिय, किसानवृत्ति अपनाउनेलाई वैश्य र सबैको सेवानिम्ति लाग्नेलाई शूद्र भनिएको हो । यस्ता सेवाका काम त अनेक थिए । ती अनेक कामका नाम पनि अनेक थिए । यसैबाट अनेक जातिका नाम रहे । त्यस्तै ब्राह्मण, क्षत्री र वैश्यका पनि अनेक काम थिए । कामका आधारमा ठूलोसानो राम्रो नराम्रो भन्दै घृणा र प्रशंसा अपनाउनु बेकारको कुरा हो । ती आफ्नो काममा लाग्नेहरूले काम अनुरूपको नीति र आचरण नअप्नाए मानिसहरू पतित र घृणित बन्दथे । ती चारैवर्णमा यही नियम लागु भएको छ ।

वर्ण वा श्रेणी परिवर्तनका कुराहरू धर्मशास्त्रमा नभएका होइनन् । राजर्षिबाट ब्रह्मर्षि बनेका विश्वामित्र एक उदाहरणका रूपमा छन् भने त्यस्तै अरणीका गर्भबाट जन्मिएका कठमुनि पनि तपस्याका कारणले ब्राह्मण बनेका थिए त्यसैले जात आफैँमा आज देखिएको विभेदको कारकतत्त्व होइन ।[२६]

किनभने विश्वामित्र र कठ जन्मले क्षत्री हुन् । यिनीहरू विस्तारै कर्मले ब्राह्मण बनेका हुन् त्यसैले यिनीहरू अकारण ब्राह्मण बनेका होइनन्, कर्म र साधनाले त्यो ब्राह्मणको श्रेणीमा पुगेका हुन् । तपस्या र साधना कुनै पनि कर्मप्राप्तिका साधन हुन् । तपस्या त लक्ष्यप्राप्तिका लागि सोच विचारपूर्वक गरिने चिन्तनको अभ्यास हो र साधना भनेका एकचित्त

[२६] अरणी गर्भ सम्भूतः कठोनाम महामुनि
तपसा ब्राह्मणो जातस्तस्माज्जाति र कारणम्

भएर लाग्ने काम वा प्रयत्न हो। यसमा लाग्न सक्ने व्यक्तिका लागि असम्भव भन्ने कुरा केही हुँदैन। यसरी त्यागपूर्ण कठोर तपस्या गर्नै नसक्नेहरूको एकै जन्ममा जाति परिवर्तन हुँदैन किनभने जाति शारीरिक रक्तको नाता हो, जो पूर्वजहरूबाट सर्दै आएको गुण हो त्यसैले तत्काल जात वा वर्ण परिवर्तन हुन सक्तैन। द्वितीय जन्ममा पूर्वको शरीर र रक्त रहँदैन। त्यहाँ जाति परिवर्तन हुन सक्तछ तर पूर्वीय मान्यतामा आत्माले पूर्व जन्ममा गरेका कामहरूको संस्कारचाँहि बोकेर ल्याएको हुन्छ। कर्मले शरीर प्राप्त हुने हुँदा राम्रो कर्मको फलस्वरूप योग्य जातिको शरीर ग्रहण हुने कुरा उल्लेख छ। मनुस्मृतिमा जन्मले जाति निर्धारण भए पनि कर्मले क्रमशः संस्करित हुँदै जाने कुरा निर्देशित छ।

कर्म र संस्कारले शूद्र ब्राह्मण बन्न सक्तछ र ब्राह्मण शूद्र पनि बन्न सक्तछ। त्यसरी नै अन्य वर्णहरू पनि कर्मानुसार क्षत्री, वैश्य, शूद्र र ब्राह्मण बन्न सक्तछन्।[२७]

विस्तारै स्मृतिकालमा आइपुग्दा खराब कर्म गर्नेहरूलाई शूद्रभन्न थालिसकिएको छ। यसपछि शूद्र शब्दको अर्थमा भिन्नता आइसकेको छ। याज्ञवल्क्य स्मृतिमा :

अरूको धनसम्पत्ति लुट्ने, धुत्ने षड्यन्त्र गर्नेजस्ता कामहरूको चाँजोपाँजो मिलाउने कुरा सोचेर बसिरहने, मार्ने विगार्ने, अनैतिक र अनिष्ट काममात्र गर्न लालयित हुने र यस्तै काम गर्न सोचमग्न भइरहने, असत्यवस्तुको सङ्कल्प गरिरहने व्यक्ति यसै जन्ममा शूद्र हो, त्यो अर्को जन्ममा त चाण्डालै भएर जन्मन्छ[२८] भनेर लेखिएको छ। शूद्र जन्ममा आएपनि राम्रो कर्म गरे ब्राह्मण बन्न सक्छ तर शरीरले अर्को जन्ममा मात्र माथि चढ्छ। राम्रो कर्म गर्दै जाँदा समयले आफैँ शूद्रलाई शुद्ध बनाउँछ भन्ने कुरा जनमानसमा आइसकेको परिवेशमा उक्त कुरा आएको हो।

औशनस धर्मशास्त्रले भनेको छ : **ब्राह्मणेन क्षत्रीयायां जातो ब्राह्मण**

[२७] शूद्रा ब्राम्हणतामेति ब्राम्हणश्चैति शूद्रतामा।
क्षत्रीयाज्जातभेवं तु विद्याद्वैश्यात्तथैवच १०।६५मनु

[२८] परद्रव्याण्यभि ध्याय. स्तथा निष्ठानि चिन्तयन्
वितथाभिनिवेशी च जायतेऽन्त्यासु योनिषु १३४। प्रा
शूद्रो व धिकार हिनोऽपि कालेनानेन शूद्धयति ३।२६ याज्ञ





**एव सः** ब्राह्मण कुलमा जन्मिएर क्षत्रीयधर्म निभाउँछ भने त्यो जातको मात्र ब्राह्मण हो, कर्मले होइन। मानिस सबै एकै हुन्। ती कर्मले योग्य र अयोग्य बन्दछन्। जन्मले जुनसुकै जात र वर्णमा आए पनि सबैलाई समानभावले हेर्नुपर्छ। खराब कर्म गर्ने जातले माथिकै भए पनि त्यो तुच्छ हुन्छ भन्ने कुरा बुझ्नै पर्छ।

जन्मले ब्राह्मण जातिमा आए अनि संस्कार राम्रो नभए द्विज हुन सक्तैन। राम्रो कर्म र संस्कार नै योग्य जाति र वर्णका पहिचान हुन्।

त्यसैले अत्रिले लेखे[२९] .जन्मले ब्राह्मण कुलमा जन्मिएको भए पनि त्यो द्विज हुँदैन। द्विज हुनका लागि त संस्कार पूरा गर्नुपर्छ। बुद्धले पनि यही कुरा भनेका छन्। उनका भनाइमा कोही जातले ब्राह्मण हुँदैन। जातले चाण्डाल पनि हुँदैन। कर्मले ब्राह्मण हुन्छ कर्मले चाण्डाल हुन्छ।[३०]

अझ सूक्ष्मरूपले पनि यसलाई हेर्न सक्तछौं। उपनिषदले भनेझैँ सबैको आत्मा त एकै हो तर कर्म, शरीर, मन, बुद्धि, स्वभाव र संस्कार अलग-अलग हुन्छन्। यही कारणले सबैको आचरण एउटै हुन सकेन त्यसैले अलगअलग कर्तव्यपथ देखा परे। अधिकार साथमै आयो जो कर्तव्य सो अधिकार निर्धारण गरियो

जहाँ विविधता र वैशम्यता रहन्छन् त्यहाँ भेद त अवश्य देखिन्छन् नै। राजा-रङ्क, गुरु-शिष्य, पति-पत्नीदेखि यावत् सामाजिक अङ्गका अनेक विभाग छन्। यी सबैका कर्तव्य र अधिकार एकै हुन सक्तैनन्। एकै बनाउन खोज्यो भने त्यहाँ विकृति जन्मन पुग्छ। पृथक व्यवहारका पृथक विधान हुनै पर्छ। वर्णविभाजन यसैमा आधारित हुन सक्तछ। सोचको गति फराक बनाउन सक्नुपर्छ। जातलाई हेरेर ठूलो र सानो भन्ने भेदभावचाँहि गलत परम्परा नै हो। यसका लागि सचेत विचारको आवश्यकता छ।

पुराणहरूमै पटकपटक वर्ण विभाजनका कुरा आएका छन्। हरिवंशपुराणमा लेखिएको छ :- एकै अङ्गिरस बाबुका छोरा कोही ब्राह्मण,

[२९] जन्मना ब्राह्मणो ज्ञेय संस्काराद्विज उच्यते अत्रि संहिता १।४०

[३०] नजच्चा होति ब्राह्मणोः न जच्च होति वसलो।
कम्मुना होति ब्राह्मणो, कम्मुना होति क्षसलो

कोही क्षत्री, कोही वैश्य र कोही शूद्रका रूपमा देखिएका छन् ।[३१]

एकै बाबुका अनेक वर्णका सन्तान भए भन्नाले कामकै कुरालाई बुझ्नुपर्छ । त्यस्तै हरिवंशमा दत्तात्रेय ऋषि भन्दछन्: मैले वेद संकीर्णरहित चारवर्ण स्थापना गरेको छु ।[३२] दत्तात्रेयको समयमा पनि चारवर्णको व्यवस्था गरिएको छ ।

यो वर्ण व्यवस्था पछि हिन्दूयुगमा प्रवेश भएपछि निकै जटिल बन्यो । विस्तारै जातीय परम्परा सुरु भयो । यो परम्परा अपरिवर्तनीय भयो । चारैवर्णका स्वकर्म र जन्मजात वर्णधर्म नै महान् धर्म भए ।

कसैले धर्म तोड्नै खोजेनन् तर बौद्धकालदेखि नै बुद्धले यो परम्परालाई स्वीकार गरेनन् । स्वीकार नगरे पनि वर्णव्यवस्था जटिल भइसकेकाले रहिनै रह्यो । विद्रोहको स्वर पनि उर्लिन छाडेन । यसैले वर्णव्यवस्था अझ जटिल बन्दै गयो ।

प्रत्येक जातले कर्मको आफ्नो भूमिका निर्बाह नगरेर र परम्परा विपरीत कर्म गरे पतित भएर घृणित बन्ने तगारो लाग्यो ।

यसले वर्णव्यवस्थाको परम्पराले वर्णको अस्तित्वको सुरक्षा पनि गर्दै ल्यायो । आफ्नाआफ्ना व्यवसायले आफ्ना कुल परम्परा पनि जोगिँदै आए । यसलाई नराम्रै भन्नु पनि हुँदैन तर परिवेशलाई हेर्दा हरेक व्यक्ति जुनसुकै कर्म र व्यवसाय गर्न सक्ने अवस्थामा आइपुग्दा पनि कर्मलाई हेरेर अछूतको व्यवहार गर्नुचाँहि नराम्रो हो । मानवीयगुण र मानवधर्मले सबै एकै हुन् भन्ने भावना विर्सनुचाँहि अतिवाद हो । यो समाजको अवरोधक तत्व हो ।

अब जटिल समस्यातर्फ केन्द्रित हुनुहुँदैन । निरुक्तले ऋ.वेदको मन्त्रको व्याख्यागर्दै भनेको छ: कुरुवंशका ऋष्टिषेणका दुई छोरा थिए, देवापि र शन्तनु । जेठा देवापिले राज्य गर्न नरुचाहेपछि सन्तनुलाई राज्याभिषेक गरियो । शन्तनु राजा भएपछि राज्यमा अकर्मण्य भएर पानी

[३१] एते त्वङ्गिरस पुत्रा जातो वंशेथ भार्गवे ब्राह्मणण, क्षत्रिया, वैश्या, शूद्राश्च भरतर्षम ३२/४०

[३२] चातुर्वण्यमसंकीर्ण कृतं तेन महात्मना ४१/१०७





परेन । ऋषिहरूले शन्तनुलाई दाजुले पाउने राज्य भाइले लिएकोले यो अधर्म भएको हो भनेपछि शन्तनु देवापिकहाँ गएर राज्य गर्न अनुरोध गरे । देवापिले राज्य नगर्ने तर पौरोहित्यचाँहि गरिदिने र यज्ञ गराउने भनेका थिए ।[३३] यसबाट एकै बाबुका छोरा कर्मले क्षत्री र कर्मले ब्राह्मण भएको देखिन्छ किनभने पूजा यज्ञ र स्तुति गर्ने ब्राह्मण भन्ने बुझिन्छ ।

ऋग्वेदमा रहेको एक मन्त्रको अर्थलाई हेर्दा पनि यो कुरा प्रमाणित हुन्छ । त्यहाँ हे अग्नि ! तिमी आफ्ना ज्वालाले हाम्रो ब्रह्म र यज्ञलाई बढाउ भनेको छ[३४] यहाँ रहेको ब्रह्म शब्दले स्तुति र ज्ञानलाई बुझाएको छ । त्यसरी नै यस भारतलाई र जनतालाई विश्वामित्रका स्तुतिले वा ज्ञानले रक्षा गरोस् **विश्वामित्रस्यरक्षति ब्रह्मेदं भारत जनम्** ऋ । भन्ने अर्को मन्त्र पनि छ । यी सबै कुराहरू चिन्तन गर्दा उपनिषदको **शब्दं ज्ञानं अनन्तम् ब्रह्म** भन्ने महावाक्य उक्त मन्त्र कै भाव बुझाउन आएको भन्ने बुझिन्छ र स्तुति, यज्ञ र ज्ञान प्राप्तिका निम्ति कार्य गर्ने ब्राह्मण भए भन्ने लख काट्न पनि सकिन्छ । ज्ञानले समृद्ध व्यक्ति समाजमा अग्रणी हुन्छ नै ।

त्यसपछि दोस्रो दर्जामा राज्यसञ्चालनका काममा लाग्ने राजनीतिज्ञहरू पर्नु स्वभाविक हो । व्यापारव्यवसाय र किसानी कर्म गर्नेहरू समाजका तेस्रो अङ्ग देखिनु नराम्रो होइन । उक्त तिनै तहलाई यथोचित सेवामा कार्य गर्ने चौथा अङ्ग देखिए ।

यी चार श्रेणी मानिसको प्रतिभा र क्षमतालाई हेरेर काम निर्धारण गरिएका नाममात्र हुन् । यस कुरालाई तल्लो र माथ्लो मानेर ठूलोसानो मान्नु ठीक होइन । एकआपसका परिपूरक उक्त अङ्गहरूलाई ठूलोसानो सोच्लान् कि भनेर व्यासले भनेका छन् :

यो संसारका यावत कुरा सबै ब्रह्म हुन् । ब्रह्मभन्दा बाहिर केही छैन ।[३५]

[३३] आर्ष्टिणो होत्र मृषिनिषी दन्देपि देव सुमति चिकित्वान् स उत्तर स्मानदधरं समुद्रभयो दिव्या अस्तु जद्रर्ष्या अभि

[३४] ३०त्वन्नो अग्ने अग्निभि ब्रंम्हा यज्ञं च वर्धय" १०।१४१।५ ऋ

[३५] न विशोदस्ति वर्णानाम सर्व ब्रह्ममिदं जगत् ब्रह्मणा पूर्व सृष्टं हि कर्मभि वर्णताम् गतम्

यसले एकआपसमा भेदभाव गर्नु राम्रो होइन भन्ने नै बुझाएको छ । यस कुराले पनि वर्ण वर्गको विभाजक होइन भन्ने कुरा नै व्यक्त गरेको छ । यसमा कर्मको महत्त्व भने विशेष रूपमा आएको छ । *जन्मना जायते शूद्र कर्मणा द्विज उच्यते* जन्मदा त सबै शुद्रकै रूपमा जन्मिएका हुन्छन् अर्थात् ब्राह्मणत्व र क्षत्रियत्वका प्रतिभा र व्यवहार लिएर कोही आउँदैन विस्तारै उसले निर्बाह गर्ने आचरण व्यवहार र कर्मले यस कुरालाई निर्धारण गर्छ ।

विस्तारै उत्तरवैदिक कालपछि यो व्यवस्था परम्परामा रूढ भयो । वंशानुगत पेशा र व्यवसायलाई अँगाली अगाडि बढ्नु नै धर्म हो भन्ने भाव देखापऱ्यो । जन्मगत पेशा र व्यवसायहरू देखा परे जातिगत कर्म र वर्णगत धर्म जन्मगत हुँदै आए । स्ववर्णगत धर्मले कर्मलाई निर्धारण गरेपछि व्यवस्थित कर्म निर्धारण भयो । सबैले सत्ता र शासन व्यवस्थाप्रति जाने जोड गरेनन् । धर्मलाई आधार मानेर अगाडि बढ्नाले पाश्चात्यभन्दा पूर्वीय राज्यव्यवस्था र सामाजिक व्यवस्था व्यवस्थित बन्दै आए । यति भए पनि चारै वर्णका लागि मूलधर्म चाहिँ एउटै बन्यो ।[३६]

हिंसा नगर्नु, हरेक कुरामा सत्यता रहनु, चोरी नगर्नु ,शुद्ध हुनु, इन्द्रिय दमन गर्नु, दान गर्नु, दया गर्नु, क्षमा दिनु यथार्थमा सही धर्म यिनै हुन् । यी सबै कुरा मानवलाई चाहिने मानवीय धर्म हुन् । व्यवहार अनेक भए पनि सबैको एउटै धर्म थियो । यही मानवधर्म हो । यसै व्यवहारलाई मानवता भनिन्छ ।

आधुनिक सोच र विचारले हेर्दा पनि सबै मानव समान हुन् तर तिनीहरूको बुद्धि, प्रतिभा, गुण र कर्मले तिनीहरू फरक हुन्छन् । उत्तर वैदिककालमा वर्णविभाग पनि यिनै क्षमता, गुण र कर्मबाट आएको हुनुपर्छ । जतिसुकै समानताका कुरा आए पनि प्रकारान्तरबाट क्षमताका आधारतह त विभिन्न नै देखिन्छन् ।

हिन्दूपरम्परामा आइपुग्दा जन्मबाट ब्राह्मण, क्षत्री, वैश्य र शूद्र जनिन्छन् भन्ने कुरा आएको हो । आदि वैदिककालमा आफ्नो क्षमताले जुन कर्म गर्न भ्याउँथ्यो त्यही वर्णमा मानिस बस्न सक्दथ्यो भने, अब जुन

३६ अहिंसा सत्यमस्तेय शौचामिन्द्रिय निग्रह ।
दानं दया दम शान्ति सर्वेषां धर्म साधनम्





वर्णको घरमा जन्मियोस् त्यो त्यही वर्णको हुन्छ, तर उसले ब्राह्मण, क्षत्री, वैश्य र शूद्रकर्म जुनसुकै गर्न सक्छ । यसमा बन्देज छैन ।

यसैले नजानिदो गरी बेमेल र होडबाजीले समाज वा राज्यका काममा प्राचीनकालको जस्तो परिपूर्णता र अनुशासन भने रहेन त्यो घट्तै गयो तर धेरैले यसका लागि हिन्दूशास्त्र दोषी छ, धर्म नै खण्डित छ पनि भनेका छन् । यो एकदमै गलत धारणा हो । त्यहाँभित्र निकै राम्रा कुरा थिए । त्यस कुरालाई चटक्क छोड्न मिल्दैन । त्यहाँभित्र नराम्रा कुरै थिएनन् भन्ने कुरा पनि होइन । नराम्रा कुरालाई त हामीले नै हटाउने हो । एउटा परिवेशमा बनाएको नियम अर्को परिवेशमा मिल्नै पर्छ भन्ने पनि हुँदैन । तत्कालीन परिवेशका लागि उक्त विधि ठीकै थिए होलान् तर पछिका दिनमा हामीले त्यसमा परिमार्जन र सुधार भने ल्याउन सकेनौँ । परिवेश र समय अनुसार सुधार गर्नु हाम्रो दायित्व हो । हामीले गलत कुरालाई व्यवहारबाटै हटाउन सक्नुपर्दथ्यो । वेदको प्रज्ञा सबैको लागि समान छ । वेदले यस वर्णले वेद नपढ्नु भनेको छैन । बरु वेदको उद्घोष छ । **सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै तेजस्विना वधितमस्तु** : अर्थात् हामी सबैको समान आवाज होस् । हामी सबैको समान स्वर होस् । हामी सबैको समान कर्म होस् । कहीँ बाधा नआओस् । वेदको यो विचार कति प्रगतिशील छ । फेरि तत्कालीन मानवको उदार भावना यस्तो थियो किः **सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया : सर्वे भद्राणी पश्यन्तु मा कश्चित दुःख भग्जन** सबै प्राणी सुखी होऊन् । सबै निरोगी होऊन् । सबैतिर राम्रै देख्न र सुन्न पाइयोस् । कसैले दुःख भोग्नु नपरोस् । यसरी एकआपसमा घृणा र द्वेष उन्पन्न गराउने भाव वेदले कहिल्यै दिएन बरु **संगच्छध्वं संवदध्वंको** भावना दिएको छ । गुण र कर्मको मात्र भेद हो । वर्णमा देखिएको भेद वैदिक साहित्यको अन्त्यतिर जन्म केन्द्रित भएर आयो । शुक्रनीतिले पनि यसै कुरालाई उठाएको छ ।

जातिले न ब्रह्मण हुन्छ न क्षत्री हुन्छ न वैश्य हुन्छ न शूद्र हुन्छ । यी त कर्मका विभाग हुन् ।[३७]

त्यसैले कर्म र गुणले नै ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र आदि बन्ने हो ।

३७ नजात्या ब्राह्मणाश्चात्र क्षतियों वैश्य एव न ।
न शुद्रो न च वैम्लेच्छो भेदिता गुण कर्ममि : शु.नी १/३८

एक वर्णका अनेक कामहरू आउन थालेपछि एउटै वर्णका अनेक जातिहरू उत्पन्न भएका हुन्। प्रथम त कामसँगै तिनीहरू पनि सम्बन्धित थिए परन्तु पछि रूढ र परम्परामा आएर जन्मगत बन्न पुगे।

ऋग्वेदको अन्त्यतिर एक मन्त्रमा भनिएको छ : हे परमात्मा ! तपाइँ धर्म त्याग्ने पापी अमित्रलाई मार्ने दैवी गुणवान्लाई काम पूर्ण गरिदिनुहुन्छ। तपाइँ न्यायिक दृष्टिले हेर्नेहुनुहुन्छ त्यसो भएकोले हाम्रा व्यवहारलाई शुद्ध गरिदिनुहोस्।[३८] कर्मको शुद्धतामा व्यवहार पनि शुद्धि हुन्छ।

अमित्रलाई भने तपाइँ पराजित गरिरदनुहोस्। अमित्र र मित्रका प्रसङ्गले वेदमा आएको आर्य र दस्युप्रति सङ्केत गरेको छ। यसबाट स्पष्ट हुन्छ कि वैदिक कालको सुरुमा दुई जात वा वर्णमात्र थिए।

१- देवगुणयुक्त भएका आर्य

२- त्यसको विपरीत अनार्य (दस्यु)

यसका अतिरिक्त देवताको पनि उल्लेख भएको छ। देवता को हुन त ? दीव्यतीति देवः सद्सद्विवेकी बुद्धि युक्त ज्ञानी पुरुष नै देवता हुन्। यी देवता र ऋषिमुनिलाई आर्य भनिएको हो। असुषु रमते -इत्यसुर - धर्म छोडेर प्राण सुखमा रमाउने असुर हुन् - यिनैलाई अनार्य वा दस्यु भनियो। यो वेदको अमित्र हा भनेका यिनै असुर हुनुपर्छ। विस्तारै यिनै आर्य समाजमा व्यवस्थित समाजको विकासमा क्षत्रिय र वैश्यमा परिवर्तनका हुन्।

वैदिकसाहित्यको अन्तिमयुगमा चारवर्ण ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र रहेका छन् भनेर आपस्तम्बले उल्लेख गरेको छ। **चत्वारो वर्णा ब्राह्मण क्षत्रिय वैश्य शुद्रा** : (१/४ आपस्तम्ब) सबै स्मृतिहरूले यही कुरा नै उल्लेख गरेका छन्।

विस्तारै पतित कर्ममा लागेका वा असामाजिक काम गर्नेहरू जुनसुकै वर्णका भए पनि तिनीहरू शूद्रहरू भए किनभने यतिखेरसम्ममा आचरणहीनलाई पनि शूद्र भन्न थालिएको छ। विस्तारै दस्युहरू पनि शुद्रमै

[३८] अमित्रहा विचर्षणि पवस्य सोम शं गवे।
देवीभ्यो अनुमकामकृत ९/११७-ऋ





दरिए। खराब ब्राह्मण, आफ्नो कर्म भुल्ने क्षत्रिय र वैश्य पनि शूद्र भए। वैदिककालमा युद्धमा पराजित दस्युहरू दासमा परिणत नहुँदै शूद्र भनिएका हुनुपर्छ।

यति भए पनि वेदमा कतै पनि छुवाछूतको प्रसङ्ग आउँदैन। त्यहाँ दस्युहरूको व्यवहारप्रतिको निन्दामात्र छ। पछि स्मृतिहरूमा केही विद्वानहरूले केही कुराहरू भने पक्कै थपेकै हुन्।

ऋग्वेददेखि खोज्दै आउँदा वर्ण शब्दले बोकेको अर्थ पृथकपृथक छ। ऋग्वेदले धेरै ठाउँमा रङ्गलाई बुझाउन वर्णशब्द प्रयोग गरेको छ। धेरैपछि पुराणहरूको शुक्ल, रक्त, पीत र कृष्ण भनेर ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्रलाई बुझाएका छन् तर यसभित्रको रहस्य बुझ्दा, गुण र स्वभावलाई उक्त रङ्गहरूले बुझाएका छन्।

उपनयन संस्कार हुने भएकोले ब्राह्मण, क्षत्री र वैश्य द्विजाति हुन्। उनीहरूको जस्तो संस्कार नमान्ने एउटै वर्ण शूद्र छ। यसबाहेक अर्को पाँचौंवर्ण छैन।[३९]

पवित्रता शुद्धता र संस्कारमा नआउने जाति मनुको पालादेखि नै शूद्र ठहरिएका थिए। विस्तारै अरू वर्णमाझैं शूद्रवर्णमा पनि कामका आधारमा थुप्रै शाखा आए। उनीहरूमा पनि भेद देखा पऱ्यो। छान्दोग्योपनिषद ५/१०/७ मा भएको चर्चा अनुरूप वर्णहरूको तुलनामा चाण्डाल निम्न जातमा देखाइएको छ। छान्दोग्यकै भनाइलाई हेर्दा शूद्रका पनि भेद देखिएका छन्। त्यहाँ उल्लेख भएको विचार अनुसार चाण्डाल शूद्र जातिकै निम्न शाखामा पर्न गयो। यस अघि नै वाजसनेयी संहितामा चाण्डाल र पौल्कसको नाम आइसकेको छ।

ऋग्वेद मै चर्मम्न : भन्ने शब्द आएको छ तर यसमा अछूतको सङ्केत भने पाइँदैन।

उक्त पौल्कसको वसा उठा भने घृणित थियो भन्ने कुरा आएको छ। चाण्डालचाहिँ खुल्ला मैदानका श्मशानघाटमा बस्तथे। (वाजसनेयी. सहिता३०/१७) चाण्डालहरूको बसाइखुवाइ सुँगुर र कुकुरको झैं अत्यन्तै

[३९] ब्राह्मण क्षत्रियो वैश्यस्त्रयो वर्णा द्विजातय :।
चतुर्थ एक जातिस्तु शुद्रो नास्ति तु पञ्चमाः १०/४ मनु

फोहरी थियो भन्ने कुरा शतपथब्राह्मणमा रहेको छ।[४०]

यिनीहरू अपवित्र थिए त्यसैले कसैले चण्डाल, पौल्कस र निषाद जातिलाई पाँचौ वर्ण पनि भनेका छन् तर मनुले भने चारवर्णको मात्र उल्लेख गरेका छन्। यसका अतिरिक्त मनुले सबै प्रतिलोम सन्तानलाई शूद्र मानेका छन्।

अन्य तीन वर्णले आफूले गर्नुपर्ने काम नगरी विपरीत कर्म गरे भने र गलत कम गरे वा पतित, आचरणहीन काम गरे भने त्यस्तालाई शूद्रमा राखिएको छ। यस विषयमा पराशरले भनेका छन् : गायत्री जप्नु ब्राह्मणको अनिवार्य कर्तव्य हो। यो पूरा नगरे त्यो ब्राह्मण शूद्रभन्दा पनि तल झर्छ।[४१]

पराशरसम्म आइपुग्दा ब्राह्मणकुलमा जन्मिएर तदनुरूप आचरण र व्यवहार गर्दैन भने त्यो शूद्र समान हुन्छ भन्ने सोच जन्मिइसकेको छ।

ब्राह्मण कर्मले हुन्छ भन्ने कुरा माथिका थुप्रै प्रसङ्गहरूले बुझाइसकेका छन् तर ब्राह्मण निकै सजग र सतर्कचाहिँ हुनैपर्छ। उपयुक्त प्रज्ञा र तदनुरूपको आचरणमा रहन नसके ब्राह्मण हुन सक्तैन किनभने ब्राह्मण सदाचारमा कमजोर भयो भने अरूमा पनि कमजोरी आइहाल्छ किनभने ब्राह्मणको प्रज्ञाद्वारा सबैको मार्ग निर्देशित हुन्छ। यस कुरालाई महाभारतले पुष्टि गरेको छ : महाभारत वनपर्वको अजगर पर्वमा सर्पले युधिष्ठिलाई सोधेका छन् : ब्राह्मण के हो ? यस विषयमा युधिष्ठिरले यसरी उत्तर दिएका छन् : जसमा सत्य, दान, क्षमा, सुशीलता, क्रुरताको अभाव, तपस्या र दयाजस्ता गुणहरू हुन्छन्[४२] त्यसैलाई ब्राह्मण भनिन्छ। यही कुरालाई पुष्टि गर्न युधिष्ठर भन्दछन् :- यदि शूद्रमा सत्य, दान आदि लक्षण छन् भने त्यो शूद्र होइन र उक्त गुण ब्राह्मणमाचाहिं छैनन् भने र त्यो ब्राह्मण पनि ब्राह्मण होइन। हे सर्प ! सत्य दानादि गुण हुनेलाई त ब्रह्मणै

[४०] १२/४/१/४ शतपथब्राह्मण

[४१] गायत्री रहितो विप्र शुद्रादप्य सुचिर्भवते।
गायत्री ब्रह्म तत्वज्ञाः सम्पूज्यन्तै जनै द्विजः ८/२२ पराशर

[४२] सत्यं दानं क्षमा शीलमानृंशस्य तपो घृणा। १८०।२१म





भनिन्छ। यी गुण नहुनेलाई शूद्र नै मानिन्छ।[४३]

ब्राह्मणहरूले ब्राह्मणत्वबाट विचलित भए ब्राह्मणत्व नष्ट गरे भने सारा पृथिवी नै नष्ट हुन्छ र पृथिवी नै नष्ट भएपछि कसरी स्वर्ग रहन्छ।[४४]

यहाँ ब्राह्मण शब्दले ज्ञानी भन्ने अर्थ दिन्छ। ब्राह्मण आदि चतुर्वर्ण त पूर्वमामात्र रहेको छ तर ब्राह्मण नष्ट हुँदा सिङ्गै पृथिवी नासिन्छ भन्ने अर्थ यहाँ छ त्यसैले विद्वान् भनेकै ब्राह्मण हुन् भन्न सकिन्छ। विद्वान् खराब भए भने केनै रहन्छ र !

राजा र गुरु क्षमता र ज्ञानले नै हुन्छन् भन्ने कुराको एक प्रमाण : प्राचीन समयमा धर्मध्वज जनक राजाका दुई पुत्रथिए एक अमितध्वज र अर्का कृतध्वज। कृतध्वजका छोरा केशीध्वज थिए र अमितध्वजका छोरा खाण्डिक्य थिए। खाण्डिक्य कर्ममार्गमा अत्यन्त कुशल व्यक्तित्व थिए। केशिध्वज अध्यात्मविद्याका निपूर्ण व्यक्ति थिए। यी दुवैमा विद्वेषको भावना थियो। यी दुबै एकले अर्कोलाई पराजित गर्ने कोशिस गर्दथे। केही समयपछि केशिध्वजले खाण्डिक्यलाई सत्ताच्यूत गरे। खाण्डिक्य पुरोहित र मन्त्रीसहित केही सामग्री लिएर दुर्गम वनमा गए। यता केशिध्वज भने अनेक यज्ञ अनुष्ठान गर्न लागे। यज्ञानुष्ठानमा बसेको बेला राजाको गाई बाघले खायो। पाप हटाउन प्रायश्चितका लागि अनेक गुरुहरूलाई सोद्धा पनि सही कुरा थाहा नहुँदा राजा केशिध्वज सबैको सल्लाह लिएर खाण्डिक्यकैमा गए। खाण्डिक्यले परलोक सुधार्न शत्रु केशीध्वजलाई नमारी सही शिक्षा दिए। प्रायश्चितका कुरा बनाए। त्यही अनुसार केशीध्वजले काम गरे र गुरुदक्षिणा खाण्डिक्यलाई दिन गए। खाण्डिक्यले गुरुदक्षिणामा राज्य नमागी केशीध्वजबाट ज्ञान मागे। यस प्रङ्गले एकै व्यक्ति गुरु र

[४३] शूद्रते यद् भवेल्लक्ष्म द्विजे तच्च न विद्यते
न वै शूद्रो भवेच्छूद्रे ब्राह्मणो न च ब्राह्मण :
"यत्रै तल्लक्ष्यते सर्पवृत्तं स ब्राह्मण :स्मृत :"
यत्रैतन्न भवेत सर्प तं शुद्रमिति निर्दिशेत्॥ २५।२६
दृश्यन्ते यत्र नागेन्द्र स ब्राह्मण इति स्मृत :

[४४] क्षिणेषुच ब्राह्मणजु पृथिवी क्षयमेष्यतिक्
ततः पृथिव्यां क्षीणयाँ त्रिदिवं क्षयमेष्यति १०२।४

राजा बनेको कुरा स्पष्ट भएको छ। त्यसबेला सामर्थ्यको कुरा नै महत्वपूर्ण थियो।

यसरी हेर्दा ब्राह्मण, क्षत्री ,वैश्य र शूद्र कर्म, आचरण र स्वभावका रूपमा विकसित हुँदै गएका कुरा हुन्। कसैले छोएको अन्न खाने, कसैले छोएको अन्न नखाने कुराहरू पनि समाजमा देखिएका छन्। यस सम्बन्धमा शुद्रान्न वर्जित गरेका थुप्रै प्रसङ्गहरू पनि छन्। यस विषयमा कलिको वैधानिक स्मृति पाराशरस्मृतिमा उल्लेख छ :

दास, नापित, गोपाल, आफ्नो कुलको मित्र अर्ध्द सिरि (आधा ब्राह्मण) ब्राह्मण र वैश्य कन्याबाट उत्पन्न भएको सन्तान र यज्ञोपवित संस्कार भएको व्यक्तिआदिले बनाएको अन्न भोजन गर्नु। यस्तै म योग्य काम गर्छु भनेर आत्मसमर्पण गर्ने शूद्रहरूको अन्नभोजन गर्दा दोष हुँदैन।[४५]

उक्त, दास, नापित, गोपाल जातको परिभाषा शास्त्रहरूमा निम्नानुसार रूपमा रहेको छ।

१. ब्राह्मण र शूद्र कन्याबाट जन्मिएपछि यज्ञोपवित संस्कार गऱ्यो भने "नापित"हुन्छ र संस्कार गरिदिएन भने त्यो दास हुन्छ।[४६]

यस्तै क्षेत्रीय र शूद्रकन्याबाट उत्पन्न बालक गोपाल हुन्छ।[४७]

त्यस्तै ब्राह्मण र वैश्य कन्याबाट उत्पन्न बालक अर्द्धिक (अर्द्धसिरी=आधाब्राह्मण ) हुन्छ।[४८]

यी सबैको अन्न सबैका लागि चल्दछ। अन्न सेवन गर्ने र नगर्ने कुरा जातसँग सम्बन्धित भएर आएको होइन। यो संस्कारसँग सम्बन्धित भएको कुरा हो। बुद्धि, विचार, मन अन्नसँग गाँसिएकाले भोज्य र अभोज्य

[४५] दास नापित गोपाल कुलमित्रऽर्ध सीरिण :।
एते शूद्रेषु भोज्यान्ना यश्चात्मानं निवेदयेत् ११।२२

[४६] शुद्र कन्यासमुत्पन्नो ब्राह्मणेन तु संस्कृत :।
असंस्काराद्भवेद्दासः संस्कारादेव नापितः॥ ११।२३

[४७] क्षत्रिंयात् शूद्रकन्यायां समुत्पन्नस्तु यः सुत :।
स गोपाल इति ख्यातो भोज्य विप्रै न संशय : ॥ ११।२४ ।

[४८] वैश्यकन्या समुदद्भूतो ब्राह्मणेन तु संस्कृतः
सो ह्यार्दिक इति ज्ञेयो भोज्यो विप्रै र्न संशयः ११।२५





वस्तु अनि आचरण भएका र नभएका व्यक्तिसँग गाँसिएर आएका हुन्। शुद्धता र पवित्रताकै कारणले उक्त प्रसङ्ग उठेको हो। कतिपय शास्त्रहरूले भनेका छन्। नदीतटमा शूद्रले घिउमा, तेलमा, दूधमा, पकाएको चीजबीज ब्राह्मणले खानुहुन्छ।[४९]

शूद्रको घर परिवेशले स्वच्छ नहुने भएकाले नदीतट शुद्ध वातावरणमा हुन्छ। त्यही नदीतटमा ब्राह्मणले उक्तप्रकारका भोज खान सक्तछ। व्याख्या गर्दै लैजाने क्रममा सिङ्गो वर्ग र समुदायमा यो परम्परा बस्दै गयो। (वेदले बताएको शूद्र र स्मृतिले बताएका शूद्रमा फरक विचार छन्। स्मृतिले व्यभिचारी संस्कार हीन व्यक्तिलाई पनि शूद्रको संज्ञा दिएको छ भने वेदले समाजिक काममा प्राविधिक काम गर्नेहरूलाई शूद्र भनेको छ। त्यो कामको नाम हो। त्यसैले वेदमा विभेदको भाव छैन तर स्मृतिहरूमा आइसकेपछि सामाजिक कामहरूमा र दण्ड प्रक्रियामा समेत भिन्नता देखिन्छ। यद्यपि यिनीहरूमा संस्कार र आचरणका विषयले भेद गरिएको स्पष्ट हुन्छ।

**आत्मै वेदमग्र आसीत्पुरुषविधः सोऽनुवीक्ष्य नान्यदत्मनाऽपश्यत्सो हमस्मीत्यग्रे**

सवैभन्दा पहिले पुरुषरूप आत्मा नै थियो। त्यस आत्माले सोचेर आफूभिन्न कोही नदेखेपछि उसले अहमस्मि भन्यो त्यसैले ऊ अहम् नामवाला भयो।

बृहादरण्यको उपनिषदभित्रको यस भनाइलाई हेर्दा सृष्टिको आदिकालमा न वर्ण थियो, न कुनै भेद केवल त्यहाँ एउटै पुरुषविधि आत्मामात्र थियो। यो आत्मा प्रजापति स्वरूप हो अनि कसरी सुरुमा अनेक वर्ण र जातिको कल्पना गर्न सकिन्छ ? हामी नामलाई छोडेर आफूलाई म भन्दछौं। सबैको म त एउटै हो। एउटै कुमालेले माटोबाट कुनै वस्तु बनाउन खोज्यो तर त्यसबाट बनाउँदा बनाउँदै गाग्रो, लोहोटा र थाल बनायो भने एउटै माटोबाट बनेका ती वस्तुहरू उच र नीच हुन सक्दैनन्। काम रूप रङ्ग र आकार अलगअलग हुन्छन् तर सबैको माटो एउटै हो। तिनीहरूको भेद माटोबाट होइन आकृति र कामबाट भयो।

[४९] घृतं तैल तथा क्षीरं स्नेहेन पाचितं तदा।
गत्वा नदी तटे विप्रो भुञ्जिया च्छूद्रभोजनम्

त्यस्तै त्यही एक आत्मा अनेक विभूतिमा गएको हो त्यसैले हामी सबैले आफूलाई म भन्दछौं त्यसपछिमात्र हाम्रो नाम आउँछ। ती भाँडाहरू पहिला माटो अनिमात्र काम अनुसारका नामभएजस्तै हामीले गरेका काम अनुसार हाम्रो पनि नाम रहेको हो। यही कुराको पुष्टि गर्दै श्वे.उ. मा लेखिएको छः त्यही एक ईश्वर (आत्मा) धेरैमा प्रवेश भएकाले धेरै देखिएको हो। यथार्थमा सबै प्राणीको आत्मा एउटै हो। अर्थात हामी सबै एउटै हौं।[५०]

यस अनुसार त्यही एक ईश्वर नै सबै प्रणीको अन्तरात्मा हो।

यसरी नै वृहदारण्यकोपनिषदमा लेखिएको छ :

पहिला एउटै ब्रह्म (सत्य) थियो उसले विभुत्तियुक्त कर्म गर्न क्षत्रीयको सिर्जना गर्‍यो। जसमा इन्द्र वरुण, सोम, रुद्र, मेघ, यम, मृत्यु र इशान थिए। यस अघि अग्निको सिर्जना गरेकाले अग्निलाई ब्राह्मणको स्वरूप भनेको हो त्यसबेला त्यही ब्रह्ममा क्षत्रीय निहित थियो।[५१]

त्यसैले त्यो विभूतियुक्त भिन्नतालाई असमानतामा राखिएको थिएन। केवल पालनकर्ताको अभावपूर्ति गर्न क्षत्रीय सिर्जना भएको थियो। त्यसरी नै त्यही कर्म गर्न धनोपार्जनका लागि त्यस निमित्त वैश्यको उत्पति गरे। यिनीहरू देवजाति थिए। देवजाति गणेश अर्थात एकएक गण भए। वैश्य गणप्राय वा समूहमा हुन्छन्। समूह भएर धनोपार्जनमा सार्थक हुन्छन् वसु, रुद्र, आदित्य, विश्वदेव र मरुत्। वसु आठका संख्यामा छन्। रुद्र एघारका संख्यामा छन्। आदित्य बाह्र छन्। विश्वदेवाः तेह्र छन्। मरुदगण उनन्चास छन्।[५२] यसरी गणका रूपमा सिर्जना भएकाहरूलाई वैश्य भनियो।

---

[५०] एकोदेव बुहधा सन्निविष्ट एक सन् बहुधा विचचार त्वमेकोऽसि बहुननुप्रविष्टःएको देवः सर्व भूतेषु गूढ सर्वव्यापी सर्वभूतान्तरात्मा ६/११,

[५१] ब्रह्म वा इदमग्र आसीदेकमेव तदेकं सन्न व्यभवत्। तच्छ्रेयो रुपमत्य सृजत क्षत्रं यान्येतानि देवत्रा सत्राणीन्द्रो वरुणः सोमो रुद्रः पर्यन्यो यमो मृत्यु रिशान इति १/४/११ वृ.

[५२] स नैव व्यभवत्स विशमरुजत यान्येतानि देवजाति गणश अख्यायन्ते वसवो रुद्रा आदित्या विश्वेदेवा मरुत इति १/४/१२





यति भइसकेपछि सेवकको आवश्यक ठानियो त्यसैले सबैको सहयोगी भएर काम गर्ने सेवकको भावले फेरी त्यस ब्रह्माले शूद्रवर्णको रचना गरे।[५३] यी शूद्र को थिए त ? शास्त्रले उल्लेख गरे अनुसार **पुष्यतीति पुषा** जसले पोषण गर्छन् तिनै पुषा हुन्। यिनै पुषा शूद्र थिए। पुषा भनेको को हो ? **इयं पृथिवी पुषा**। पृथ्वी नै पुषा हुन् किनभने यिनैले सबैको पोषण गर्दछिन्।

यसरी किन चारवर्ण सिर्जना गरिएको हो यस विषयमा यसै उपनिषदले भनेको छ :- **ब्रह्मणा सृष्टा वर्णाः कर्मार्थम् तच्चतुर्वर्णाः** ब्रह्माले चारवर्ण कर्मकै लागि सिर्जना गरेका हुन्। सृष्टिको मूल कारण कर्म नै हो भन्ने कुरा यस भनाइले पनि पुष्टि गर्छ।

त्यस्तै तैतरीयोपनिषदले पनि यस विषयमा महत्त्वपूर्ण विचार प्रस्तुत गरेको छः–**सो ऽकामयतः बहुस्यां प्रजायेयेति स तपो ऽतप्यत**।

त्यो ब्रह्मले विचार गर्‍यो कि एकबाट धेरै होउँ त्यसैले अनेक हुन उसले तपस्या गर्‍यो र सङ्कल्प गर्‍यो। त्यस सङ्कल्पलाई सार्थक पार्दै लाँदा अनेक सृष्टि भए। के ब्राह्मण, के क्षत्री, के वैश्य र के शूद्र ती सबै त्यही ब्रह्मको स्वरूप हो भने कसरी उचनीच को कुरा हुन्छ र ?

ईशावास्योपनिषदका प्रथम मन्त्रले **ईशा वास्यमिदं सर्वं** भन्दछ। सम्पूर्ण प्राणी र जगत ईश्वरकै अंश हुन्। यस उपनिषदले पनि ठूलो र सानाको भाव देखाउँदैन।

वेद वा कुनै पनि उपनिषदले वर्णमा भेद भावको काम गरेको छैन।

बरु त्यही ब्रह्मको अनेक विभूतिका गुण र स्वभावमा फरकफरक भए त्यसै अनरूप मानिसको उत्पति भयो र त्यही गुणकर्मका आधारमा तत्कालीन समाजका मानिसको विभाजन भएको हो।

शिक्षा र चेतनाको प्रवाह, शान्ति, सुरक्षा र खाद्य आपूर्ति अनि सबैमा सेवाको काम गर्ने समाजका चार अङ्गको कल्पनाबाटै चारवर्ण सृष्टि भएका देखिन्छन्। यसैलाई आधार मानेर गीताले मानिसका गुण र कर्मलाई हेरेर मैले चारवर्णको सृष्टि गरेको हुँ भन्ने कृष्णको भनाइ उदृत गरेका हो।

---

[५३] सनैव व्यभवत्स शौद्रं वर्णैमसृजत पुषणामियं वै पुषेय हीद सर्वपुण्यति यदिदं किञ्च १/४/१३ बृहदारण्यक

**चातुर्वर्ण मया सृष्टं गुणकर्म विभागशः**। उक्त चार वर्णमा ब्राह्मणवर्गमा पर्नु उस व्यक्तिमा रहेका गुण, स्वभाव र कर्म नै हुन्। त्यो विशिष्ट व्यक्ति बन्नका लागि पूर्व जन्मको उसको कर्म पनि कारक तत्व बनेको हो त्यसैले पनि गुण**कर्म विभागशः** भएर आयो। उक्त चारैवर्णका निर्धारित कर्मका धर्म कोरिए र सीमा बद्ध भए। यो त्यस परिवेशको सामाजिक व्यवस्थापन हो। जस्तै एक अधिकृतले गर्नेकाम र धर्म(कर्तव्य) अनि पिउनले गर्ने कर्म र धर्म(कर्तव्य)का प्रकृति फरक हुन्छन्। त्यो अधिकृत र पिउनका पृथकता उनीहरूको योग्यतामै निर्भर रहन्छन् तर यो वर्णव्यवस्था कर्मलिप्त हुँदै जाँदा परम्परामा परिणत भई जन्मजात ब्राह्मण क्षत्री, वैश्य र शूद्रमा परिणत भए। समाजका उक्त चार कर्म त कहिल्यै परिवर्तन हुँदैनन् नि। त्यसरी नै वर्ण पनि रूढ भयो। कर्म जुनसुकै गर्न पनि व्यक्तिले सक्छ तर अब वर्ण परिवर्तन हुँदैन। वैदिककालमा प्रतिभा र योग्यता जस्तो छ त्यही वर्णमा परिणत हुन्थ्यो। स्मृतिकालमा कामका व्यवस्थितिका लागि वर्णव्यवस्थाको कडा नीति र नियम निर्धारण गर्ने काम भयो।

यसरी पृथक भएको चारवर्ण सबलै स्वीकारे पनि व्यवहारमा एक रूपता वा समानता नहुनुका पछि हाम्रो दृष्टिकोणमा पृथकता रहनु नै हो भन्न सकिन्छ।

पछिल्लो समयदेखि जाति जन्मबाटै निर्धारण भएको छ तर यसमा उनीहरूले गरेका कर्मले उनीहरूमा पृथकता भने रहेको हुन्छ भन्ने स्मृतिहरूको विचार छ त्यसैले ब्राह्मण जातिमा पनि कर्मले पृथकता रहेका उदाहरण देखिएका छन्। देवब्राह्म, मुनिब्राह्मण, द्विजब्राह्मण, क्षात्रब्राह्मण र वैश्यब्राह्मण आदि ब्रह्मणका भेद छन्। यी विद्वान्‌का कामका आधारमा दिएका नाम हुन्। स्नान ध्यान, अतिथिपूजन वलिवैश्यदेव गर्ने ब्राह्मण देवब्राह्मण भए भने वनमा बसेर तपस्यारत ब्राह्मण मुनि ब्राह्मण भए। यसरी नै वेदाध्ययन, सांख्यादि योगको चिन्तनयुक्त ब्राह्मण द्विजब्राह्मण भए। यही क्रममा शस्त्रास्त्र धारण गरी धर्म निभाउने ब्राह्मण (पर्शुरामजस्ता) क्षात्रब्राह्मण भए। कृषि, गाईपालनादि व्यवसायमा लागेका जातिका ब्राह्मण वैश्य ब्राह्मणआदिका रूपमा चिनिए।

यसरी नै हरेकवर्णमा यी तहहरू पाइन्छन्। वर्णहरू अपरिवर्तनीय भए पनि कर्म परिवर्तन गर्न सकिन्छ तर मानिसले जुनसुकै कर्म जेसुकैका लागि भनेर आफ्नो क्षमताभन्दा बाहिरचाँहि जानु हुँदैन। यसप्रति सचेत





गराउँदै यजर्वेद भन्दछः– **ऋतस्य पथा प्रेतः ७४५** सत्यको बाटोमा हिँड। यसले मात्र गतिदिन सक्छ। त्यसरी नै ठूलोसानो नभनी समानतामा रहन उक्तवेदले उद्घोष गरेको छः–**मित्रस्य चक्षुषा समीक्षा महे ३६।१८** एकले अर्कालाई मित्रताको दृष्टिले हेर्नुपर्छ। सबैलाई सम्मान गर्न सक्नुपर्छ। यजर्वेदको यो समावेशी भावना आज हराउँदै जानाले परिस्थिति प्रतिकूल भएको हो। यो समावेशी भावना कसरी विकसित हुन्छ ? त्यो कुरा पनि अथर्ववेदमा आएको छः–**मा जीवेभ्यः प्रमदः ।१।६** प्राणीहरूमा प्रमाद कहिल्यै गर्नु हुँदैन अनिमात्र एकता रहन्छ। त्यस्तै **वयं सर्वेषु यशसः स्याम** हामी सबैमा सबै यशस्वी बनौं ६।५।२ भन्ने अथर्ववेदको भावना पनि ज्यादै महत्त्वपूर्ण छ। यहाँसम्म हामीले प्रामाणिक शास्त्रहरूलाई अघि सारेर वर्ण विभाजन र शास्त्रीय सोचका सम्बन्धमा चर्चा गर्‍यौं।

## निष्कर्षमा चारवर्णलाई शास्त्रीय धारबाट हेर्नुपर्दा

### **ब्राह्मण** (**शिक्षा दिने** )

**तत्त्व** चिन्तनका आधारमा ब्राह्मण भनेको आत्मतत्त्वको चिन्तनमा निपूर्ण भएको व्यक्ति हो। यो तत्त्व चिन्तनमा आउने परमतत्त्वभन्दा अगाडि आउने तत्त्व हो। शास्त्रीय हिसाबले 'ब्राह्मण' ऋग्वेदको १०.९० मा समाजलाई विभक्त गर्ने क्रममा आएको एक विभाजक नाम हो। यस शब्दले जातिको अर्थ बोक्न थालेपछि सदैव स्थिर भएर चारवर्ण जातिगत स्वरूपमा आएको कुरा माथिकै प्रसङ्गबाट स्पष्ट भइसकेको छ।

शास्त्रकै शब्दमा ब्राह्मण शब्दले वेदपाठक वा परमात्माको ज्ञाता भन्ने अर्थ दिएको छ। ब्राह्मणका दुई आँखा वेद र धर्मशास्त्र हुन्। यी दुईमा एक नहुँदा त्यो ब्राह्मण कानो हुन्छ र दुवै नहुँदा अन्धो नै हुन्छ त्यसैले ब्राह्मणत्त्वका लागि वेद र धर्मशास्त्र जान्नैपर्छ।[५४]

[५४] श्रुतिः स्मृतिश्च विप्राणां नयनेद्वे प्रकीर्तिताः।
काणस्यादेक हिनोपि द्वाभ्यामन्धः प्रकीर्तित ॥
तस्माद्वेदेन शास्त्रेणा ब्राह्मण्यं ब्राह्मणस्य तु।
न चैके नैव वेदेन भगवानत्रिरब्रवित् ॥ अत्रिस्मृति ३४९-५१

यस कुराले स्पष्ट पारेको छ कि ब्राह्मण जातले मात्र हुन सकिँदैन । विद्वत्ता र संस्कारले मात्र ब्राह्मण बन्न सकिन्छ । यस विषयलाई हिन्दूधर्म कोशले बताए अनुसार ऋग्वेदलाई छाडेर अन्य संहिताहरूले विस्तारै ब्राह्मण शब्दको अर्थ पुरोहिततिर साधारणिकृत गर्दै लगेको हो भन्ने बुझिन्छ ।

पुरोहित शब्दले राजाले प्रतिनिधित्व गर्ने शक्तिलाई बुझाउँथ्यो । त्यसबेला धर्मकार्यको सञ्चालक र राजाको परामर्श दाताका रूपमा पुरोहितलाई राखेको पाइन्छ । राजाको मन्त्री परिषदका सदस्यमा पुरोहित पनि रहन्थे । ब्राह्मण ज्ञानका विषयमा आबद्ध छन् त्यसैले स्मृतिले परिषद, सभा र धर्मगोष्टिहरूमा ब्राह्मणको आवश्यकतालाई उदृत गरेका छन् ।

स्मृतिकालमा परिषद हुन्थ्यो, त्यस बेला अधर्म र धर्म(न्याय र अन्याय) को निश्चय गर्ने जिम्मा परिषदको हुन्थ्यो र यसले गरेको निर्णयलाई सबैले मान्थे । स्मृति अनुसार वेदज्ञाता र अग्निहोत्री तीन वा चारजना ब्राह्मणहरूको समूहलाई परिषद भनिन्छ ।[५५]

कार्य हेर्नका लागि सभासदमा धर्म बुझेका ब्राह्मणलाई नियुक्त गर्नु पर्ने त्यसबेलाको महत्वपूर्ण नियम थियो । यसै विषयमा याज्ञवल्क्यले पनि उल्लेख गरेका छन् । उनका अनुसार मुद्दा हेर्नका लागि राजाले सम्पूर्ण धर्मका ज्ञाता ब्रह्मणलाई नियुक्त गर्नुपर्छ ।[५६]

यी प्रसङ्गहरूले केही हदसम्म ब्राह्मणको अर्थलाई पुष्टि गरेको छ ।

ऋग्वेदमा उल्लेख भए अनुसार विश्वामित्र र वशिष्ठ त्रित्सु कुलका राजा सुदासका पुरोहित थिए । दानवका पुरोहित शुक्राचार्य थिए । स्मृतिकालमा पनि न्यायसम्पादन गर्न राज्यमा पुरोहितको ठूलै हात हुनुपर्दथ्यो । हिन्दूधर्म कोशले अर्थ्याएको यस कुराले के स्पष्ट पार्छ भने नपढी कोही ब्राह्मण हुन सक्तैन । वेदज्ञाता भएपछि मात्र ब्राह्मण हुन सक्तछ तर उक्त शब्दले वैदिक काल पछि कुनै एउटावर्गको स्वरूप

५५ चत्वारो वा त्रयोवाऽपि वेदवन्तोऽग्निहोत्रिणाः ।
ब्राह्मणानां समर्था ये परिषत साऽभिधियते ॥ ८।१९ पाराशर -

५६ अपश्यता कार्यवशाद्व्यवहारान्नृपेण तु ।
सभ्यैः सह नियोक्तव्यो ब्राह्मणः सर्व धर्मवित् । व्य. ३





लिइसकेपछिचाहिँ जन्मले नै ब्राह्मण बनेका हुन् भन्ने कुरातिर पनि सङ्केत गरेको छ । कालान्तरमा जातिमा उत्कर्षता ब्राह्मणले प्राप्त गरेपछि ब्राह्मणीका कोखबाट जन्मनासाथ म ठूलो जातिको हुँ भन्ने भाव आउन थाल्यो तर कुनै पनि धर्मशास्त्रले ब्राह्मणमा हुनुपर्ने गुण नभई ब्राह्मण स्वीकारेको छैन । विद्वता नै ब्राह्मणको पहिलो गुण हो । समयानुसार फरक हुँदै जानु स्वाभाविक कुरा हो । यसलाई पाराशरस्मृतिले स्पष्ट पारेको छ ।

प्रत्येक युगका जुन धर्म छन् र जुन युगका जुन ब्राह्मण द्विज छन् । अहिलको समयलाई हरेर तिनीहरूको निन्दा गर्नुहुँदैन । ती युगानुसारिणी हुन्छन् ।[५७] गायत्री परम सत्यको चिन्तन हो ।

तर स्वाभाविक रूपमा हुनै पर्ने गुणचाहिँ देखिएनन् भने त्यो राम्रो होइन । यस कुरालाई पाराशर स्मृतिमा यसरी उल्लेख गरिएको छ : गायत्री जप नगर्ने ब्राह्मण शूद्रभन्दा पनि तल झर्दछ ।[५८]

ब्राह्मण बन्न रहस्यका कुरा बुझ्नै पर्छ । जसले गायत्रीको तत्त्व बुझ्दछ त्यसले ब्रह्मणत्त्वलाई बुझ्दछ । त्यही ब्राह्मण उच्च ब्राह्मण हुन्छ ।

बिहानबेलुका अर्थ न बर्थ गायत्री जपेर छलकपटका काम गर्दै हिँड्ने व्यवहार आजभोलि देखिएकाले गायत्री जप्नु रूढिवाद अँगाल्नु र निस्क्रियतालाई प्रधानता दिनु होजस्तो लाग्छ तर नबुझ्ञ्जेलमात्र यो सोचाइ आउँछ । गायत्री भनेको मन्त्र हो । जुन मन्त्रको अर्थ परमतत्त्वको रहस्य खोलिदिनु हुन्छ । एकाग्रताले त्यो शक्तिको परमरहस्य खोज्नु ब्राह्मणत्त्व अर्थात् पूर्ण ज्ञान हासिल गर्नु हो । यही ज्ञान हासिल गरेर राजर्षि विश्वामित्र ब्रह्मर्षि बनेका हुन् । गायत्री मन्त्रका आविस्कारक नै विश्वामित्र हुन् । ब्राह्मणले ज्ञानको सार रहस्य खोज्दैन भने त्यो ब्राह्मण बन्दैन भन्ने उक्त श्लोकको आशय हो । यसबाट पनि स्पष्ट हुन्छ कि ब्राह्मण बन्नलाई नपढी हुँदैन ।

५७ युगेयुगे च ये धर्मास्तत्र तत्र च ये द्विजाः ।
तेषां निन्दा न कर्तव्या युगरुपा हि ते द्विजाः

५८ गायत्री रहितो विप्रः शूद्रादम्यशुचिर्भवेत् ।
गायत्रीब्रह्मतत्वज्ञाः सम्पूज्यन्ते जनैर्द्विजाः ॥ ८।३२ पाराशर

ब्राह्मणको रथ धर्मशास्त्र हो र उसको हतियार वेद हो। यही हतियारले उसले अज्ञानको नाश गरी समाज र राज्यलाई शिक्षा प्रदान गर्छ।[५९]

यसले पनि वेदज्ञातामात्र ब्राह्मण बन्न सक्ने कुरा स्पष्ट पारेको छ।

अत्रिसंहिताले पनि यसै कुरालाई खुलस्त गरेको छ। उसले भनेको छः ब्राह्मणीको गर्भबाट जन्मिदा जातले मात्र ऊ ब्राह्मण बन्दछ संस्कारबिना ऊ द्विज बन्न सक्तैन।[६०]

श्रमविभाजनका लागि कल्पना गरिएको चारवर्णले समाजमा व्यवस्थित जातको स्वरूप धारण गरिसकेपछि यो श्लोक जन्मिएको हो। यस श्लोकले पनि ब्राह्मणका घरमा जन्मिदैमा ब्राह्मण बन्दछ भन्ने कुरा स्वीकार्दैन। जातले ब्राह्मण भएपनि संस्कारविना त्यो द्विज वा वास्तविक ब्राह्मण हुन सक्तैन भन्ने उक्त श्लोकको आशय हो। ब्राह्मणका सम्बन्धमा एउटा उपनिषद नै बनेको छ। त्यो सामवेदसँग सम्बन्धित उपनिषद हो। यसमा ब्राह्मण के हो ? भन्ने प्रश्न छ। यसभित्र अन्य थुप्रै प्रश्नहरू पनि छन्। त्यस उपनिषदमा ब्राह्मण भनेको जीव (प्राणी) हो कि, जात हो कि, देह हो कि, ज्ञान हो कि, कर्म हो कि, धर्म हो भन्ने प्रश्नहरू उठेका छन् र उक्त प्रश्नहरूका उत्तर पनि राम्ररी आएको छ।

क्रमशः उक्त प्रश्नहरूका उत्तरहरू निम्नानुसार छन् :वितिसकेका र आइरहेका जीव एकै रूपका भएकाले र एउटाकै कर्मले अनेक देह धारण गर्ने भएकाले पनि जीव ब्राह्मण होइन। जातलाई ब्राह्मण मान्ने हो भने अनेक जातबाट ऋषिमहर्षिहरू जन्मिएका छन् जस्तै ऋश्यश्रृङ्ग मृगका छोरा हुन्। व्यास माझीका छोरा हुन्। अगस्त्य कलशबाट जन्मिएका हुन्। यसरी हेर्दा जात ब्राह्मण होइन। शरीर (देह) लाई ब्राह्मण मान्ने हो भने चाण्डाल कर्म गर्ने सम्मका सबै मानिसको देह एकै ढङ्गको हुन्छ त्यसैले देहका आधारमा ब्राह्मण हुँदैन। ज्ञानचाहिँ ब्राह्मण हो भने वैश्य, क्षत्रिय आदिले पनि परमार्थ र ज्ञान प्राप्त गरेका छन् त्यसैले ज्ञानले मात्र पनि कोही ब्राह्मण हुन सक्तैन। कर्म नै ब्राह्मण हो भने सञ्चित कर्म त सबैले

---

५९ धर्मशास्त्ररथा ऽऽ रुढा वेद खड्गधरा द्विजाः ८।३४। पाराशर.

६० जन्मना ब्राम्हणोज्ञेयः संस्काराद्विज उच्यते ॥ १।४०।८ अत्रि





भोग्नै पर्छ। सबै प्राणी र देहले कर्म भोग्नै पर्ने भएकाले कर्म ब्राह्मण हुनसक्तैन। धर्मचाहिँ ब्राह्मण हो भन्ने हो भने वैश्य र क्षत्रियादिले धन र सुन भूमि आदि दान दिएर धर्म कमाएका हुन्छन् त्यसैले धर्मले ब्राह्मण हुने होइन। त्यसो भए ब्राह्मण के हो त ? यस उपनिषदले उक्त विषयमा एउटा निष्कर्ष निकालेको छ। अन्त्यमा निष्किएको निष्कर्ष अनुसार ब्राह्मण भनेको ब्रह्मत्तत्वको ज्ञाता, त्याग र समर्पणको भावना भएको अहङ्कार, काम, क्रोध, लोभ र मोह नभएको निर्लेप अद्वैत भावना भएको आत्मा हो। अर्थात् उक्त कुराहरू जसमा छन् त्यही ब्राह्मण बन्न सक्तछ। यो **बज्रसूचिकोपनिषद हो** यस उपनिषदले समग्रमा गुणलाई ब्राह्मणका रूपमा स्वीकारेको छ। उक्त गुणहरू छैनन् भने ब्राह्मण जातकै कोखबाट जन्मिए पनि ब्राह्मण हुन नसक्ने कुरा स्पष्ट हुन्छ।

वेदमा चार किसिमका सामाजिक विभाजन भएपछि ऐतरेय ब्राह्मणले उक्त चारै वर्णका काम र कर्तव्यलाई स्पष्ट उल्लेख गरेको छ। शतपथ ब्राह्मणले पनि ब्राह्मणको कर्तव्यलाई अझ विशद व्याख्या गऱ्यो। त्यहाँ उल्लेख भए अनुसार १ अर्चना(पूजा)२ दान ३ अजेयता, ४ अवध्यता यी ब्राह्मणका कर्तव्य हुन् र त्यस्तै ५ ब्राह्मण (वंशलाई पवित्र राख्ने काम) ६ प्रतिरूप चर्या (कर्तव्यपालन) र ७ लोकपक्ति (संसारलाई बुद्धि दिने) कामहरू भए।

ब्राह्मणहरू आचार्य हुन्थे र थुप्रै शिष्यहरूलाई ज्ञान दिनु यिनीहरूको कर्तव्य क्षेत्र थियो। पौराणिकसमयसम्म समाजको सबैभन्दा महत्वपूर्ण कर्म यज्ञ थियो। यज्ञसम्पादनमा ब्राह्मणहरूकै प्रमुख हात रहन्थ्यो। समाजमा अग्रणी नेतृत्वदायी काम यी ब्राह्मणहरूबाटै हुन्थे। राजकाजमा र न्यायव्यवस्थामा पनि यिनीहरूको प्रमुख हात रहन्थ्यो। क्षत्रिय र ब्राह्मणको सह अस्तित्वबाट मात्र राज्यको उन्नति हुन्थ्यो। विद्वान्‌विना समाज अगाडि बढ्ने कुरा पनि हुँदैन। त्यसैले समाजका अग्रणी विद्वान् (ब्राह्मण)को निर्देशन हरेक क्षेत्रमा आवश्यक रहन्छ नै। सत्ताप्रमादले ब्राह्मण( विद्वान्)को तिरस्कार गर्ने राजाहरू पतन भएका उदाहरण प्रशस्त छन्। ब्राह्मणहरूको परामर्शबाट राज्य चलाउने पद्धति भएकैले राजगुरुहरूको नियुक्ति गरिन्थ्यो। देवगुरु बृहस्पति, वशिष्ठ, शुक्राचार्य, विश्वामित्र यस्तै गुरुहरू हुन्।

त्यस समयमा राजा, मन्त्री र गुरुको निजी धन हुनु हुँदैन थियो। राज्यको सम्पत्ति नै उनीहरूको सम्पत्ति थियो तर निजी होइन त्यसैले

पढाउँदा पाएको गुरु दक्षिणा, भेटी, यज्ञसम्पादन पछिको दानले उनीहरू जीविका चलाउँथे। यिनीहरूलाई अपुग केही थिएन। लोभ र हिंसा ब्राह्मणले गर्नु नहुने काम हुन्।

स्मृतिग्रन्थहरूमा आइपुग्दा ब्राह्मणका षट कर्तव्य निर्धारण गरिए।

पठनपाठन, यज्ञ गर्नु, यज्ञ गराउनु, , दान दिनु ,दान लिनु यी छ ब्राह्मणका कर्मक्षेत्र हुन्।[६१]

धर्मसूत्र हुँदै स्मृतिसम्म आइपुग्दा चार जात पक्का व्यवस्थित भएका थिए। त्यसपछि उनीहरूको कर्तव्य निर्धारण गरियो।

चारै वर्णका कर्तव्यहरू आ-आफ्नै थिए। आपत समयमा ब्राह्मणले उक्त छ कर्मबाहेक व्यवसाय गर्न पनि सक्तथे। ब्राह्मणले मात्र होइन अन्य तीन वर्णले पनि आपत्कालमा आफ्नो क्षेत्रभन्दा बाहिरका कामहरू गर्न सक्तथे। सहज परिस्थितिमा भने हरेकले आफ्नै कर्म क्षेत्रमा रहनु पर्दथ्यो। यसो हुँदा सबैले आफ्नो कर्तव्य पालन गर्दथे। आज यो परिवेश छैन। क्षमता अनुसारका थुप्रै कामहरू थपिएका छन्। क्षमता अनुसार सबैवर्ण अनेक विभागमा विभक्त छन् तर आफ्नो विभागको काम गर्न कर्तव्य त सबैको एउटै छ।

उक्त सबै कुरालाई बुझिसकेपछि ब्राह्मण के हो भन्ने कुरा स्पष्ट हुन्छ। स्वयं संस्कृत भएर सबैलाई संस्कार गर्ने ज्ञानको उपल्लो आदर्श नै ब्राह्मण हो भन्नुमा कुनै अत्युक्ति हुँदैन त्यसैले ब्राह्मणलाई पृथ्वीका देवता मानिएको हो। लोभ, ,स्वार्थ, मोह, क्रोध, छलकपट भए पढेकै भए पनि ब्राह्मण बन्न नसक्ने कुरा स्पष्ट भएको छ किनभने यी विद्वान्का गुण होइनन्। निष्कर्षमा विद्वत्ता र संस्कार भएको व्यक्ति नै ब्राह्मण हो।

## क्षत्री

तत्त्व चिन्तनका आधारमा आत्मा तत्त्वभन्दा अगाडिको बुद्धि तत्त्वको चिन्तसम्म पुग्ने व्यक्तिहरू क्षत्री हुन्। क्षत्री शब्दभन्दा पहिले यसलाई

[६१] अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहं चैव ब्राम्हणा नाम कल्पयत्॥ १।८८ मनु





बुझाउन राजन शब्दको प्रयोग भएको छ। त्यही राजन शब्दका ठाउँमा विस्तारै क्षत्री शब्द आएको हो। क्षतात् त्रायते इति क्षत्रः आघात पूर्वक दुष्टलाई प्रहार गरेर सबैको रक्षा गर्ने भएकैले क्षत्र भनिएको हो।

क्षत्र शब्दले ऋग्वेदमा राष्ट्रशक्ति र सार्वभौम पक्षको रक्षालाई बुझाउँछ त्यसैले विस्तारै क्षत्र शब्दले प्रचलित राजा शब्दले बुझाउने अर्थको स्थान लिएको भन्ने बुझिन्छ। हुन त राजा शब्द क्षत्रभन्दा धेरै अगाडि आएको शब्द हो। क्षत्र भनेको आघात हो, आघातपूर्वक त्राण दिने वा रक्षा गर्ने भएकाले नै क्षत्र भनिएको हो। ब्राह्मण ग्रन्थमा क्षत्री शब्द प्रयुक्त छ। त्यहाँ यस क्षत्री शब्दले राजसेवकमा एक सदस्य भन्ने कुरा बुझाउँछ। यसरी नै अन्य ग्रन्थहरूमा क्षत्री शब्दको अर्थ केलाउँदा हिन्दूधर्मकोश अनुसार वाजसनेयी संहितामा यसले द्वारपाल भन्ने बुझाएको छ भने सायण भाष्यमा अन्तपुरायक्षको अर्थ दिएको छ। शतप्रथ ब्राह्मणमा क्षत्री शब्दले रथबाहक भन्ने अर्थ दिएको छ।

संहिता र ब्राह्मणग्रन्थहरूमा क्षत्रीलाई समाजको विशेष अङ्ग मानिन्छ। वेदमा समाजलाई कार्य विभाग गर्दा चार भागमा विभाजन गरिँदा दोस्रो अङ्गका रूपमा यसलाई लिएको छ। यो समाजको हात हो। वेदले **बाहु राजन्य** भन्दछ। बाहु भनेको हात भएकाले समाजको हात नै राजन्य हो भन्ने अर्थ निस्कन्छ। राजन्य शब्द क्षत्रीय शब्द उत्पन्न हुनु अगाडि प्रयोग भएको थियो। यही राजन्य पछि क्षत्रीय भएको हो भन्ने कुरा पहिले नै बुझिसकिएको छ।

ब्राह्मण र क्षत्रीय शब्द ज्यादै समीपवर्तीरूपमा राखिएका छन्। यी दुईको अन्योन्याश्रित सम्बन्धबाट मात्र राज्यको उन्नति हुन सक्तछ। समाजको सुरक्षामा लाग्नेलाई नै क्षत्रीय भनिएको छ त्यसैल यिनीहरूले ब्राह्मणहरूले बनाएका सामाजिक नियमहरूलाई कार्यान्वयन गराउँथे। हिन्दूधर्मकोशले बताए अनुसार वैदिककालमा स-साना राज्यहरूमा आइपर्ने आपतविपतका लागि युद्ध गर्न तयार रहनु यिनीहरूको कर्तव्य थियो। सदैव सबैको पहरा दिएर व्यवस्थित समाज निर्माण गर्नुमा यिनीहरूले लाग्नु पर्दथ्यो। यी क्षत्रीयका पनि तीन वर्ग थिए। १ राजकुल २ प्रशासकवर्ग ३ सैनिकवर्ग, यिनीहरू पनि ब्राह्मणझैँ पठित थिए। राजर्षिजनक ब्राह्मवेत्ता नै थिए। जैवली, अश्वपति, अजातशत्रु आदि विद्वान् राजा थिए, तर यिनीहरूको धर्म र कर्तव्य ब्राह्मणको भन्दा भिन्न

बनाइएको थियो। त्यही फरक कामले त यिनीहरू क्षत्रीय भए। शासन सुरक्षा र युद्ध नै यिनीहरूका मुख्य कर्मक्षेत्र थिए। यसलाई जातीयताका रूपमा धर्मसूत्र र स्मृतिहरूले मात्र व्यवस्थित गरेका हुन्। त्यहाँभन्दा अगाडि त काममात्र फरक थिए। क्षत्रकर्म किटान गर्दै मनुले यसरी उल्लेख गरेका छन् :

प्रजाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु र सुरक्षाका विषयमा मन लगाउनु क्षत्रीय कर्म हुन्।[६२]

सुरक्षा गर्नेले पढ्नु त पर्छ तर पढाउने जिम्मा अर्कैको भएकाले उसले त्यस पढाइको शक्तिले राज्यको सुरक्षा गर्नुपर्छ भन्ने ध्येय यसमा छ। यस कुरालाई गीतामा अझ स्पष्ट पारिएको छ।

शौर्य, तेज, धृति, दक्षता, युद्धमा नभाग्ने, दान र ऐश्वर्य (ईश्वरमा भावना) राख्नु नै क्षत्रकर्म हुन्।[६३]

यसरी चारवर्णको सृष्टि गर्नुमा यही लोक कल्याणको भाव थियो। क्षेत्र छुट्याइदिएपछि सबैले आ-आफ्ना कर्तव्य पूरा गर्नुपर्दथ्यो। यसै कुरालाई मनुले उल्लेख गरेका हुन्।

यस लोकको सम्वृद्धिका लागि नै विराट पुरुषको मुख, बाहु, उरु र पाउको कल्पनामा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सिर्जना गरिएका हुन्।[६४]

यो क्षत्रीय पनि ब्राह्मणजस्तै जात नभएर गुण नै हो। उपयुक्त क्षात्र गुण जसमा रहन्छ त्यही क्षत्री हो। सामर्थ्य भएको, शासन गर्न सक्ने, साहसी वीर र पठित व्यक्ति नै क्षत्री हुन् भन्ने कुरा देखिन्छ। वर्ण व्यवस्थित भए पनि उक्त गुणहरू क्षत्रीयमा नभए त्यो क्षत्री हुन सक्तैन। आजको परिवेशमा सैनिकमा क्षेत्री जातिमात्र हुँदैनन् अन्य जातका पनि हुन्छन् तर शास्त्र अनुसार सैन्य काम गर्न गइसकेपछि तिनीहरू क्षत्री नै हुन्

[६२] प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च।
विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः॥ १।८९ मनु

[६३] शौर्य तेजो धृति दाक्ष्यं युद्धे चाप्य पलायनम्
दानमीश्वरभावश्च क्षत्रं कर्म स्वभावजम्॥ ८।४३ गीता

[६४] लोकानां तु विवृद्ध्यर्थं मुखबाहुरुपादतः।
ब्राह्मणं क्षत्रियं वैश्यं शूद्रञ्च निरवर्तयात्॥ १।३२ मनु।





किनभने यही कर्म क्षत्री कर्म हुन्। यसरी शास्त्रहरूको मन्थन गर्दै जाँदा व्यक्ति विषेशको कर्मबाटै राजन्य हुँदै क्षत्री शब्दको उदय भएको भेटिन्छ। यी कुराहरूबाट विषेशतः क्षत्री भनेका प्रशासनिक क्षमता भएका व्यक्ति हुन् भन्ने बुझिन्छ। क्षत्रीको निश्चित कर्तव्य हुँदाहुँदै पनि आपत्कालमा वैश्वयवृत्ति उसले अपनाउन पाउँछ भन्ने शास्त्रीय विचार छ।

## वैश्य

तत्त्व चिन्तका हिसाबले मन तत्त्वसम्म पुगेका र मनका चाहना पूर्तिका लागि तत्पर रहने व्यक्तिलाई वैश्य भनिन्छ। यो समाजको तेस्रो महत्त्वपूर्ण अङ्ग हो वैश्य। ऋग्वेदमा विश शब्दले जनता वा प्रजा भन्ने बुझाउँछ। ऋग्वेदको १०.९० मा समाजरूपी विराट पुरुषको उरू नै वैश्य हो भनेको छ। यसबाटै स्पष्ट हुन्छ कि समाजको बलियो स्तम्भ नै वैश्य हो भन्ने कुरा। ऐतरेय ब्राह्मणमा अन्यस्य बलिकृत र अन्यस्याद्य उल्लेख छ यसको अर्थ अरूलाई बलि दिने(खाने कुरा दिने) र अरूलाई बचाउने भन्ने हुन्छ। तैत्तरीय संहितानुसार ग्रामीण बन्नु नै वैश्यत्त्व हो। समाजलाई शिक्षित तुल्याउने वा **शिक्षकवर्ग** ब्राह्मण र सुरक्षागर्ने वा **प्रशासन र सैन्यवर्ग** क्षत्रीहरूलाई खान अन्नबाली र दुध पर्याप्त हुने गरी उब्जाउने काम वैश्यको हो। वैश्यहरूले पनि ब्राह्मण र क्षत्रीयझैं पढ्ने, यज्ञ गर्ने, दान दिने कर्तव्य छ र त्योभन्दा विशेष महत्वचाँहि कृषि, गोरक्षा, वाणिज्य समाल्नमा रहन्थ्यो। मनुस्मृतिले वैश्य वा किसानको कर्तव्य र धर्मसीमा यसरी तोकिदिएको थियो।

दान दिनु, अध्ययन गर्नु, व्यापार गर्नु, व्याजको लेनदेन र खेती वैश्य(किसान)का कर्म हुन्।[६५]

यहाँ ब्राह्मणले झैं पढन पाउने अधिकार वैश्यको पनि छ। क्षत्रीय र ब्राह्मणले झैं दान र यज्ञ गर्ने अधिकार पनि वैश्यलाई दिएको छ तर खेती गर्नु र पशुको सुरक्षा गर्नुचाँहि उसका विशिष्ट कर्म हुन् किनभने किसानी गर्न लागेकाले अरू कर्मतिर लाग्दा आफ्नो क्षेत्र विग्रन्छ। पछि गएर पशु हेर्नेहरू शूद्र र वणिक कर्म गर्नेहरूमात्र वैश्यमा दरिएका पाइन्छन्।

[६५] पशूनां रक्षणं दानमिज्याध्ययमेव च।
वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च १।९० मनु।

ब्राह्मण, क्षत्री र वैश्य सबैलाई द्विज नै भनिन्छ त्यसैले ब्राह्मण, क्षेत्री र वैश्यमा त्यति अन्तर देखिँदैन। तिनीहरूका कर्मक्षेत्रमात्र भिन्न हुन्। कलिमा दुईमात्र जाति ब्राह्मण र शूद्र छन् भन्नै किंवदन्ति पनि छ। वैश्य पनि सुरुमा जात होइन किसानी गर्ने जनता भएकाले र उसले गरेको कामहरूले वैश्य भनिँदै स्मृतिमा आइपुग्दा समाजको एक जाति विशेषका रूपमा परिभाषित भएको हो। उक्त कर्तव्यहरू निर्बाह नगर्ने व्यक्ति वैश्य हुँदैन।

विस्तारै ऋग्वेदमा प्रयुक्त विश् शब्द नै वैश्यका रूपमा विकसित भएको हो। खेती, किसानी, पशुपालन, व्यापार, व्यवसाय गर्ने जनताहरू नै ऋग्वेदले उल्लेख गरेको विश् हो। अहिले आएर वणिककर्ममा लागेका मात्र वैश्य ठानिन पुगे। यो ब्राह्मण ग्रन्थपछि स्मृतिसम्म आइपुग्दा जातिको रूपमा विकसित भयो। स्वभावले ब्राह्मण, क्षत्री हुनसक्ला तर जातले वैश्य नै रहनुपर्ने अवस्था सिर्जना भयो।

## शूद्र

तत्त्व चिन्तनका हिसाबले शरीर तत्त्वसम्म मात्र पुग्न सक्ने र शरीरका लागि मरिमेट्ने व्यक्तिलाई शुद्र भनिन्छ। शास्त्रीय हिसाबले शूद्र समाजको चौथो महत्वपूर्ण अङ्ग हो। ऋग्वेदले यसलाई समाजरूपी विराट पुरुषको पाउ मानेको छ। हात, उरु र टाउको यही खुट्टाले थाम्दछ। पैताला समान चलायमान भएर काम गर्ने भएकैले यस समूहलाई पाउ मानिएको हो। ब्राह्मण,क्षेत्री र वैश्यहरूको सेवामा नै यसको जीविका टिकेको देखिन्छ। यसको कर्तव्य मनुस्मृतिमा यसरी दिएको छ।

प्रभुले शूद्रलाई विशेष एउटै कर्तव्य बताएको छ। त्यो कर्तव्य सबै वर्णलाई निष्कपट भएर सेवा गर्नु हो। सेवा नै शूद्रको मुख्य धर्म हो।[६६] स्वभाव र क्षमताले पढाउने, शासन गर्ने क्षमता नदेखिएकोले अह्राएको र दिएको काममात्र गर्नसक्ने भएकाले सेवा नै मुख्य धर्म बन्यो। त्यसरी नै क्षमताकै कारणले तत्त्व चित्रको मूल ग्रन्थ वेद बुझ्न नसक्ने भएकाले

---

[६६] एकमेव तु शुद्रस्य प्रभुः कर्म समादिशत्।
मेतेषामेव वर्णानां शुश्रषा मनसूयया ॥१।९१मनु





स्मृतिहरूले शूद्रलाई वेदबाहेक अन्य कुराहरू पढ्ने अधिकार दिएको छ। मन्त्रविनाका यज्ञसम्पादनको अवसर पनि दिएको छ। यस अतिरिक्त यस वर्गले दान पनि गर्न पाउँछ। सायद श्रमिकका रूपमा काम गर्ने भएकाले वेदको रहस्य लिन नसक्ने अवस्था देखियो त्यसैले यो वेद पढ्ने अधिकार स्मृतिहरूले दिइएनन्। हिजोआजको जस्तो क्षमता भए पनि जन्मका कारण ति शूद्र भनिएको होइन।

स्वधर्मः आफ्नो स्वभाव र गुण, वर्णाश्रम धर्म, ,स्वधर्म सम्बन्धी नृसिंहपुराण भन्दछः कर्म अनुसार धर्म छन्। तिनै नियम र धर्म अनुसारका जातहरू भए त्यसैले स्वधर्मको पालन निसङ्कोच सबै द्विजले पालन गर्नुपर्छ। यसरी नै चार आश्रम पनि निर्माण गरिए। यो लोक र परलो सुधार्न सबैले वर्णाश्रम धर्म अपनाउनुपर्छ।

**यो यस्य विहितो धर्मः स तज्जातिःप्रकीर्तितः**
**तस्मात् स्वधर्म कुर्वीत द्विजो नित्यमनापदि ॥**
**चत्वारो वर्णा राजेन्द्र चरेयुश्चापि आश्रमाः**
**ऋते स्वधर्म विप्रत्वं न ते यान्ति परां गतिम्**
**स्वधर्मेण यथा नृणां नरसिंह प्रत्युस्यति**
**नतुष्युति तथा न्येन वेद वाक्यं न कर्मणा**

यसैका सम्बन्धमा ब्रह्मवैवर्त पुराणमा उल्लेख भएको छः आफ्नो स्वधर्म छोड्नेहरू पतित हुन्छन्। त्यसैले सबैले आफ्नो वर्णाश्रमधर्म अपनाउनुपर्छ।[६७] अर्थात गुण र क्षमता अनुसार नै काम गर्नुपर्छ।

समाजमा सबै मानिस उत्तिकै मस्तिष्क भएका हुँदैनन्। क्षमता पनि फरकफरक नै हुन्छन् त्यसैले क्षमतानुसार वर्ण छुट्याइएको हो। शूद्रहरू दास होइनन् तर श्रमिकचाँहि हुन्। त्यसैले शूद्र यही हुनुपर्छ भन्ने छैन। शूद्र जुनकुनै जातको पनि बन्न सक्ने भयो। शूद्रले छोएको खानु हुँदैन भन्ने कुरा वेदमा थिएन र पछि आएर यी कुराहरू आए किनभने पछिपछि पतीत मानिसहरू शूद्रमा परिण हुनथाले। कतिपय विद्वान्ले त त्यतिबेला नै लेखिहाले। **कन्दुपधिवानि तैलेन पायसं दधिसक्तवः द्विजैरेतानि भोज्यानि शूद्र गेह कृतान्यपि।**

---

[६७] स्वधर्म हन्ति यो विप्रः सन्ध्यात्रय विवर्जित :
अतर्पणाञ्च यस्नान विष्णु नैवेद्य वञ्चित : ॥ ५१।४५-४७ ब्रह्मवैवर्त प्रकृति खण्ड

पाकेको फल, तेलमा बनेको चीज, खीर, दही, सातु शूद्रको घरको पनि खान हुन्छ। यस कुरालई हेर्दा यो छूतअछूतको कुरा धेरै पछिमात्र आएको देखिन्छ।

विष्णुस्मृतिमा शूद्रका सम्बन्धमा अलिफरक दृष्टिकोण आएको देखिन्छ।

शूद्र पनि दुई प्रकारका हुन्छन्। एक श्राद्ध गर्ने अधिकार पाएका र एक श्राद्धको अधिकार नपाएका। यसमा श्राद्धाधिकारी शूद्रले दिएको अन्नपानी चल्दछ वा खान हुन्छ भने अनाधिकारी शूद्रान्न खानु हुँदैन। यसमा अझ स्पष्टिकरण दिएको छ। जो शूद्रले आफू, आफ्नो धन र आफ्नी स्त्रीलाई ब्राह्मणसेवामा लगाएको छ त्यसता शूद्रको अन्नपानी चल्दछ।[६८] यो संस्कार र संस्कृतिको कुरा हो। संस्कार र गुण राम्रो भएपछि त्यो उच्च परिवेशमा आउँछ।

यस भनाइको आशयलाई मनन गर्दा पनि छोएको खानु र नखानुमा व्यक्तिको व्यावहारिक चरित्र, संस्कार र शुद्धतामा निर्भर छ। ब्राह्मण भन्नाले आजभोलिको जस्तो जन्मले ब्राह्मण भएको भन्ने बुझ्नु हुँदैन। परम ज्ञान प्राप्त गरेको व्यक्तिलाई त्यस बेलामा ब्राह्मण भनिन्थ्यो र जसले शिक्षकको भूमिका र तपस्याले ज्ञान प्राप्त गर्ने विषय अँगालेको हुन्छ। त्यस बेला ब्राह्मणको निजी धन भन्ने पनि हुँदैनथ्यो। यस्ता ज्ञानीको सेवा गर्नु भनेको संस्कार र विद्वत्ता लिनु पनि हो। संस्करित भएर आफ्नो कर्तव्यमा लागेको शूद्रले छोएको खान हुन्छ भन्ने कुरा नै नियमित र संस्करित व्यक्ति अछूत हुँदैनन् भन्ने हो। अछूतता गलत र पतित कामले हुन्छ भन्ने पनि यहाँ बुझ्न सकिन्छ। पूर्वीयदर्शनमा अन्न गुनको बुद्धि हुन्छ भन्ने मान्यता छ। त्यसैले शुद्ध र पसिना पोखेर कमाएको अन्नमात्र खानु भनेको हो।

शुद्रान्न किन वर्जित गरे त भन्ने कुरालाई विचार गर्दा पतित कर्म गर्ने संस्कारमा नबसेको चोर ढाँट र कर्ममा लागेका व्यक्तिहरू पनि शूद्र बन्ने हुनाले उनीहरूको अन्न खाँदा बुद्धि त्यस्तै बन्छ भनेर नखानु भनेको हो तर स्वधर्मपूर्वक कमाएको अन्न त वर्जित छैन। आपस्तम्बस्मृतिलाई

[६८] शूद्रोऽपि द्विविधो ज्ञेयः श्राद्धी चैवेतरस्तथा।
श्राद्धी भोज्यस्तयोरुक्तो ह्यभोज्य स्त्वितरोमतः॥
प्राणानर्यास्तथा दारान् ब्राह्मणार्य निवेदयेत्।
स शूद्र जातिर्भोज्यः स्यादभोज्यः शेष उच्यते॥विष्णुस्मृति ५।१०-१०





हेर्दा यो कुरा स्पष्ट हुन्छ।

शूद्रको अन्न खाएर आफ्नी स्त्रीसँग मैथुन गरी पुत्र उत्पन्न गर्छ भने त्यो पुत्र शूद्र समान हुन्छ किनभने अन्नबाटै वीर्य बन्दछ भने अशुद्ध अन्नले कस्तो पुत्र जन्मन्छ।[६९]

प्रायसः सबै स्मृतिहरूले शुद्ध खानामा जोड दिएका छन्। यसैको परिणमस्वरूप **अन्न गुन बुद्धि** भन्ने उखान आएको हो। वैदिककालीन शूद्र र त्यसपछिको समयका शूद्रमा अर्थ भिन्नता आएकै हो। स्मृतिसमयसम्ममा अनाचार र अनुशासन हीन भएर पतित कर्म गर्नेहरूमात्र शूद्र भनिन थालेका छन् तर अहिले यो समयसम्म आइपुग्दा त्यो विचार पनि शून्य भएर कुनै वर्ग विषेशलाई शूद्र र अछूत भन्न थालियो। यो सरासर गलत छ। त्यसबेलाको परिवेशलाई हेरेर अहिले गाली गर्नु किमार्थ राम्रो होइन। त्यसबेला नुवाईधुवाई, न्यास, ध्यान, सभ्यता र आचरणवालालाई वहिष्कार गरिन्नथ्यो। पछि आएर संस्करित शूद्रहरू पनि अपहेलित हुन पुगे तर यो शास्त्रको दोष होइन। शास्त्र नबुझी यस्तो व्यवहार गर्ने सामाजिक परिपाटीको दोष हो। महाभारतका विदुर दासीका छोरा हुन् तर उनीको कति उच्च सम्मान छ। त्यो उदाहरण हेर्नुपर्दथ्यो। यस्तै यस विषयमा अत्रिले उल्लेख गरेका छन् :

जो ब्राह्मण जातिमा जन्मिएर पनि लाहा, नून, फूल, दूध, ध्यू ,मह, मासु वेच्छ त्यो ब्राह्मण नभई शूद्र हो।

**लाक्षालवण समिकां कुसुम्भक्षीर सर्पिषाम्।**

**विक्रेता मधुमांसानां स विप्रः शूद्र उच्यते। ३७७अत्रि।**

त्यसबेला यसता कुराको किनबेच ब्रह्मणले गर्दैन थिए। यी ब्राह्मणाधिकारभन्दा बाहिरका कुरा भएकाले यस्ता कुराहरूको व्यापार गर्ने ब्राह्मणलाई शूद्र भनिएको हो। ज्ञान बाँढ्ने कर्म गर्ने व्यक्ति त्यो कर्म छोडेर मासु आदि बेच्छ भने त्यो कर्मले गिर्‍यो किनभने मासु बेच्ने काम ब्राह्मण(शिक्षक)को होइन।

[६९] शुद्रान्नेनतु भुक्तेन मैथुनं योधिगच्छति।
यस्यान्नं तस्य ते पुत्रा अन्नच्छुक्रस्य सम्भवः।
शुद्रान्ने नोदरस्येन यः काचिन्म्रियते द्विज। आपस्तम्बस्मृति ८।९-१०

ब्राह्मण भएर क्रियाहीन भएर, मूर्ख बन्ने, धर्म रहित रहने, प्राणीमा दया नराख्ने यस्ता कर्म गर्नेहरू चण्डाल हुन्छन्। उक्तकर्महरू शूद्र र चण्डालका हुन्। विद्या र ज्ञानले नै मानिस उच्च बन्दछ त्यसैले शूद्रले पनि पढ्नु पर्दछ।

विद्या, कर्म, अवस्था, सम्बन्ध र धनले युक्त मनुष्य क्रमपूर्वक मान्न लायक बन्ददछ। अधिक विद्याको कारण शूद्र(श्रमिक) पनि वृद्धावस्थामा मान्ने योग्य हुन्छ।[७०]

शिक्षाले नै व्यक्तिलाई उच्चता दिने कुरा यहाँ आएको छ।

आजभोलि छूतअछूतको कुरा उठ्दा मनुस्मृतिलाई बढी दोषी देखाइन्छ तर मनुस्मृतिमा उठाएका कुराहरूलाई राम्ररी हेरिएको छैन।

त्यहाँ उल्लेख भएको छ : छिमेकी, कुलकै मित्र बनेर रहेको, गाईपालक, दास, कपाल काट्ने नापित, आत्मालाई समर्पण गर्ने शूद्रको अन्न खानुपर्छ।[७१]

मनुस्मृतिमा बहिस्कार गरिएका शूद्रमा मदिरा खाने, मासुले जीवकोपार्जन गर्ने, नीचकर्म गर्नेहरूमात्र बहिष्कार गरिएका छन्। ११।१५

लघ्वाश्वलायनस्मृतिमा रहेको वर्णधर्म प्रकरणमा पनि शूद्रको कर्म सेवा नै हो भनेर उल्लेख भएको छ अझ यसले त किटानी साथ कृषिकर्म गर्न शूद्रलाई आदेश दिएको छ अर्थात् सेवामा लागेका व्यक्ति र कृषक शूद्र हुन्छन् भन्ने उक्त स्मृतिको आशय हो।

**शूद्रः कुर्याद्विजस्यैव सेवामेव कृषि तथा।**

**सुखं तेन लभेन्नुनं प्रवदन्ति महर्षयः ॥५॥**

द्विजहरूको सेवा र कृषिकार्य शूद्रहरूले गर्नुपर्छ। यही कर्मले उनीहरू सुखी हुन्छन्। व्याससमृतिमा शूद्रका विषयमा **अनियता वृत्ति** २४भनेर उल्लेख गरिएको छ अनियता शब्दले निश्चित नभएको भन्ने अर्थ

[७०] विद्या कर्म वयो बन्धुवित्तैभान्या यथाक्रमम्।
रातै प्रभूतैःशूद्रोऽपि बार्द्धके मानमर्हति ॥ - १।११६ याज्ञ

[७१] आर्धिकः कुलमित्रं च गोपालो दास नापितौ।
रोत शूद्रेषु भोज्यान्ना यश्चात्मानं निवेदयेत् ॥ ४।२५३





दिन्छ। अर्थात शूद्रको वृत्ति निश्चित छैन त्यस्तै अनियता केशवेशा, केश बनाउने कुरा पनि नियत छैन त्यसैले सेवाकार्यमा लागेका वा वेदले गरेको घोषणाका आधारमा वर्गीकरण गरिएको शूद्रलाई अमान्य भन्ने कुरा शास्त्रको होइन।

मनुले अवस्थाले शूद्र पनि मान्य हुन्छ भनेका छन् उनका विचारमा ९० वर्षभन्दा बढी पाको भएपछि शूद्र पनि आदरणीय हुन्छ। **शूद्रोऽपि दशमी गतः २।१३७** यसले बुझाउन खोजेको कुरा हो ज्ञान प्राप्त भएपछि समाजमा मानिस अग्रणी हुन्छ। बृहदारण्यक उपनिषदमा याज्ञवल्क्य र मैत्रेयी बीचमा एक सम्वाद छ : त्यहाँ याज्ञ वल्क्यले भनेका छन् : हे मेत्रेयी : यो ब्राह्मण, यो क्षत्री, यो लोक, यो देवता यो अमुक जे जे भन्छौं त्यो उही आत्मा हो।[७२]

वैदिक कालपछिका स्मृतिहरूले जात र वर्णहरूलाई व्यवस्थित बनाउँदै लगे। कालान्तरमा समाजका केही आफूलाई माथिल्लो वर्गको ठान्नेहरूले सामान्य काम गर्ने र शिक्षामा पछि परेकाहरूलाई तल्लोतहको ठान्दै गए। विस्तारै समाजले यही कुरा लागु गऱ्यो। यसमा शास्त्रहरूभन्दा पनि समाजको अगुवाइ गर्ने व्यक्तिहरूको बढी दोष छ। कतिपय स्मृतिशास्त्रहरूमा केही थपिएका कुराहरू पनि छन्। सीमित स्वार्थका लागि थपिएका उक्त कुराहरू राम्ररी छान्नसक्नु पर्छ। धर्मको नाममा गलत कुरा अपनाउनु अन्याय हो। विद्वान्ले न्याय स्थापित गरेर मानवतालाई उचाल्नु पर्छ। वास्तवमा यही मानव धर्म हो। सामाजिक रूपान्तरणका लागि छुवाछुत र भेदभाव सामाजिक पर्खाल हुन्। पर्खाललाई भत्काउनु शैक्षिक र सचेत व्यक्तिहरूको कर्तव्य हो। यसका लागि शास्त्रीय मूल सोच दिएर सामाजिक चेतना जगाउनुपर्छ।

[७२] इदं ब्रह्मेदं क्षत्रमिमे लोका इमे देवा इमानि
भुतानीदँ सर्वं यदयमात्मा -(बृहदारण्यक २।४।६)

# ८

# पूर्वीय धर्मशास्त्रहरूमा बालबालिका र अधिकार

बालबालिका र बालअधिकार वर्तमान सन्दर्भका अत्यन्तै चासोका विषय हुन् । हामी सबैले भन्ने गरेका छौँ कि बालबालिका विश्वका जग र भविष्यका आधार हुन् । यिनीहरूको वर्तमान नै भविष्यको आधार हो । त्यो भविष्य अहिले अभिभावक, समाज र राज्यको हातमा हुन्छ । विश्वले आफ्नो भविष्य कस्तो बनाउने हो । त्यो आजका बालबालिकाको शिक्षादीक्षा र परिवेशले निर्धारण गर्छ । यस्तो संवेदनशील विषयमा व्यावहारिक क्रियाकलाप विश्व, राज्य र समाजबाट यथोचितरूपमा हुन सकेको छैन ।

विश्वले परिवर्तनका काँचुली फेर्दै गयो । यसले दिनानुदिन सभ्यताका नयाँ धारहरू विकसित गर्दै लग्यो तथापि बालबालिकाका भौतिक र आत्मिक उन्नतिका विषयमा प्राप्त हुनुपर्ने हक र अधिकारका कुरामा भने विश्वले सोचेजस्तो प्रगति गर्न सकेको छैन । सबैले स्वीकारेको कुरा हो कि विश्वका आधारस्तम्भ भनेकै बालबालिका हुन् ।





आजका बालबालिका भोलिका विश्व हुन् भन्ने कुरा साँचो हो । भविष्यको सारा निर्माण र विकास यिनै बालबालिकाका सोच, विचार र चिन्तनबाट निर्धारण हुन्छन् । २१ औं शताब्दीले यसै कुरालाई विश्वव्यापी मान्यताका रूपमा लिएको छ । बालक सप्रिए विश्व सुध्रिन्छ, बालक बिग्रिए संसार सिद्धिन्छ त्यसैले जगतका प्राण आजका बालबालिकालाई पुर्ख्यौली मूलधारमा उभ्याएर समयसापेक्ष शिक्षा दिई योग्य बनाउनुपर्छ । यो हामी सबैको कर्तव्य हो ।

यस कुरालाई सबैले राम्ररी बुझेका पनि छन् तर विडम्बना यसलाई राम्ररी बुझेका विकसित देशहरूमा पनि विश्वले निर्माण गरेका बालअधिकारका सिद्धान्त अनुसार व्यवहारहरू लागु भएका छैनन् । अविकसित र विकासोन्मुख देशहरूमा त बालबालिकाहरूको अवस्था निकै नाजुक रहेको देखिएको छ । त्यसमा अनेक बाहनामा चल्दै आएका युद्धहरूले बालअधिकारको क्षेत्र निकै भयावह र दयनीय बनेको छ । कतिपय देशभित्र हुने गरेका गृहयुद्ध र छापामार युद्धले दिनदिन बालबालिकाको स्थिति कमाजोर बन्दै गएको छ ।

यस्ता युद्धहरूबाट विश्वका धेरै देशहरू प्रभावित भएका छन् । नेपालले पनि युद्धको पीडालाई कठिनतम रूपमा सहनुपर्‍यो । साँढेको जुधाइ बाछाको मिचाइ भन्ने उखानको भाव हाम्रै देशले भोगिसकेको छ । युद्धका प्रहारहरूले ज्यादै दुःखेको क्षेत्र नै बालसरोकार हो भन्ने कुरा कसैबाट छिपेको छैन ।

यति हुँदाहुँदै पनि बालअधिकारका आवाजहरू तिव्र रूपमा घन्किएका छन् । बालअधिकार सम्बन्धी उठेका आवाज र सम्बन्धित विषयका सिद्धान्तहरू अहिले पश्चिमी देशहरूबाट बढ्दै आएका छन् । सन् १९२० को दशकदेखि विश्वभर बालअधिकार सम्बन्धी थुप्रै क्रियकलापहरू भए । ठोसरूपमा पछिका प्रयासहरूले बालबालिकाहरू पनि बयस्कसरह मानव हुन् भन्ने तथ्यलाई स्थापित गर्‍यो ।

बालबालिकाहरू वयस्कहरूको चाहना र आवश्यकता अनुरूपनै जन्मिएका हुन् त्यसैले अभिभावकहरूले उनीहरूको भावनाको कदर गर्दै आफ्ना कर्तव्य र दायित्व पूरा गर्नुपर्छ भन्ने विचार स्थापित भयो । सँगसँगै बालबालिका अधिकारसम्पन्न मानव समुदाय हुन् भन्ने स्पष्ट धारणाले र उनीहरूको अधिकारलाई सुरक्षित राख्न सम्बन्धित पक्षलाई सचेत गरायो ।

यसरी बालअधिकार सम्बन्धी आवाजहरू उठ्नुपर्ने बाध्यात्मक कारणचाहिँ प्रथम विश्वयुद्ध नै हो। सन् १९२० देखि सुरु भएको यस प्रयासलाई एगलेनटाइनले मूर्तरूप दिइन्। उनले नै "सेव द चिल्ड्रने"को स्थापना गरिन् र सन् १९२३ मा बालअधिकार सम्बन्धी पाँच आधारभूत बुँदाहरू पनि तयार पारिन्। यो नै बालअधिकार सम्बन्धी तयार पारिएको पहिलो घोषणा थियो। सन् १९२४ मा संयुक्त राष्ट्रसंघको "लिग अफ नेसन्स"ले उक्त घोषणामा केही थपघट गरी मान्यता प्रदान गऱ्यो। यसलाई पनि विस्तृत गर्दै राष्ट्रसंघले सन् १९५९ मा दोस्रो घोषणापत्र तयार पाऱ्यो। यसलाई व्यावहारिक बनाउँदै संयुक्तराष्ट्र संघको आह्वानमा सन् १९७१ लाई बालवर्षका रूपमा मनाइयो। यसै वर्ष पोल्याण्ड सरकारको प्रस्तावमा संयुक्तराष्ट्रसंघले बालअधिकार महासन्धिको मस्यौदा तयार पाऱ्यो। यसलाई दशबर्ष लामो विश्लेषण र परीक्षण गरेपछि संयुक्तराष्ट्र संघ महासभाले सन् १९८९ नोभेम्बर २० मा बालअधिकार महासन्धि पारित गऱ्यो। यसपछि यो महासन्धिमा विभिन्न देशहरूबाट हस्ताक्षर गर्ने क्रम सुरु भयो। नेपालले यस महासन्धिमा सन् १९९० मा हस्ताक्षर गरेको थियो र यसलाई राज्यले अनुमोदन गरी सन् १९९० सेप्टेम्बर १४ बाट यो महासन्धि लागु गऱ्यो।

स्मरणीय कुरा के हो भने उक्त महासन्धिमा जम्मा ४० वटा बुँदाहरू रहेका छन्। उक्त बुँदाहरूमा बालहक र अधिकारलाई सुरक्षित राख्ने आधारभूत कुराहरू किटान गरिएका छन् र परिवार, समाज र राज्यले आत्मसात गर्नुपर्ने दायित्व र कर्तव्यका कुराहरू लेखिएका छन्। यसरी विश्वव्यापी रूपमा बालअधिकारका विषयमा कुरा उठ्नु र सर्वव्यापी सिद्धान्त बन्नु ज्यादै महत्वपूर्ण कुरा हो तर के बालअधिकार सम्बन्धी आधारभूत नियमहरू संयुक्तराष्ट्र संघ जन्मिनु अगाडि थिएनन् ? के सबै अधिकारका आधारभूत सिद्धान्तहरू पश्चिमी देशहरूबाट मात्र सुरु भए ? कि पूर्वमा पनि थिए ? थिएभने कहिलेबाट ? यस विषयमा कसैको पनि चासो पुगेको देखिँदैन।

पूर्वीय दर्शनशास्त्रहरू पश्चिमी दर्शनहरूको तुलनामा निकै पूराना मानिन्छन्। वेद, स्मृति, पुराण, उपनिषद आदि धर्मशास्त्रहरूमा बालअधिकार सम्बन्धी प्रशस्त विचारहरू र नीतिहरू आइसकेका थिए। बालकको महत्त्वको प्रायसः पुराणहरूले प्रशस्ति गान गरेका छन्। यस विषयलाई हरेक कोणबाट हेर्न सकिन्छ।





## शिक्षा

वैदिक र स्मृतिकालीन शिक्षा हिजोआजको तुलनामा भिन्न हुनु स्वाभाविक हो। शिक्षा समयानुसारको हुन्छ। शिक्षाका विषयमा कुरा गर्दा त्यस समयमा अधिकांश बालकहरू पढ्ने हकबाट बञ्चित थिएनन् किनभने त्यसबेला आजको जस्तो तिर्नुपर्ने शुल्कको आवश्यकता थिएन र त्यसबेला सबै बालबालिकालाई अनिवार्य संस्कारकै रूपमा पढाइन्थ्यो। स्मृतिको समयसम्म पढाइमा आत्मिक(आध्यात्मिक) विषयलाई बढी जोड दिइन्थ्यो तर परिवेशले विस्तारै आत्मिक विषयसंगसँगै भौतिक विषयको शिक्षा आवश्यकता बन्दै गयो। विस्तारै भौतिक शिक्षाको प्रभाव तिव्ररूपले बढ्यो। यसरी भौतिक शिक्षाको विकाससंगसँगै नैतिकचरित्र र व्यवहारमा अनुशासन सिकाउने नैतिक शिक्षा धरासायी हुदैं गए। हुँदाहुँदा वर्तमान समयमा भौतिक उन्नतिको लागि चाहिने शिक्षामात्र दिने र लिने परम्परा बस्न थालेको छ। विस्तारै धर्म र संस्कृति र चरित्र कथन र प्रचारका विषयमात्र बन्दै जान लागेका छन्। हरतरहले पठनीय विषयमा नितान्त भौतिक र आय आर्जनका शिक्षामात्र रहन गए। पढ्नु तह पार गर्ने माध्यममात्र बन्न पुग्यो। आज निश्चित तह पार नगरे समाजले त्यो व्यक्तिभित्रको ज्ञान मापन गर्न नसक्ने अवस्था सृजना भएको छ त्यसैले मार्कसिटका लागि मात्र पढ्नु पर्ने समस्या देखा परेको छ। जसले गर्दा आत्मिकशिक्षाको मूल ज्वरो नै कमजोर बन्न पुगेको छ। शिक्षाको मूल ज्वरो भनेको वास्तविक ज्ञानको सार रहस्य हो। त्यो आत्मिक विषयसँग सम्बन्धित छ तर यो आज कमजोर बनेको छ। बाह्य विज्ञान र प्रविधिका क्षेत्रहरूमात्र फस्टाएर गएका छन्।

वैदिक र स्मृतिकालको शिक्षा यसभन्दा फरक थियो। त्यस बेला डिग्रीभन्दा ज्ञान र चरित्रले व्यक्ति भलाद्मी र उचो बन्दथ्यो। त्यसबेला डिग्रीभन्दा ज्ञान महत्वपूर्ण मानिन्थ्यो। त्यसबेला विद्वान्हरूसँग शास्त्रार्थ गरेर विद्वत्ताको परिचय दिइन्थ्यो। त्यही ज्ञानका कारणले प्राचीनकालमा साधना र तपस्या तिव्ररूपमा अगाडि बढेका थिए। पहिले आफूलाई चिन र आफ्नो कर्तव्यको पहिचान गर भन्ने कुरा तत्कालीन शिक्षाको उद्घोष थियो। यसै परम्परामा तत्कालीन बालकहरूको पठनीय शिक्षा समाविष्ट भएर आएको थियो त्यसैले त्यसबेलामा पढ्नु, पढाउनु र ज्ञानको तह खोज्नु जीवनका सबैभन्दा ठूला र

महत्त्वपूर्ण कर्म थिए । यसै कारणले हुनसक्छ, तत्कालीन परिवेशमा आजको जस्तो बालबालिकाका लागि हक, हित र अधिकारका समस्याहरू त्यति देखा परेनन् । छिटफुट सामान्य समस्याहरू अपवादका रूपमा मात्र आएका छन् । जहाँ समस्या हुन्छ र भेदभाव देखा पर्छ त्यहीँ कानुन र अधिकारका आवाजहरू उठ्दछन् । वेद र स्मृतिका समयमा पढ्न नपाउने समस्याहरू अत्यन्तै कम थिए । जन्मदेखि मृत्युसम्म अत्यन्तै महत्वपूर्ण रूपले गरिने संस्कार संगसँगै पठनपाठनका अभियानहरू पनि अनिवार्य संस्कारकै रूपमा विकसित हुँदै गए । त्यसबेला पढ्नु संस्कारकै रूपमा विकसित भएकाले कोही बालकले पढ्न नपाउने कुनै कारण देखा परेन ।

त्यस बेला अनैतिक र व्यभिचारतर्फ लागेको बालकले मात्र पढाइबाट बन्चित हुनुपर्दथ्यो । बन्चित गरिनु अगाडि एक वर्षसम्म गुरुकुलमा विद्यार्थीको राम्रो परीक्षण हुन्थ्यो । परीक्षण पछाडिमात्र पढाइबाट बन्चित गरिने परम्परा थियो । त्यसबेला कडा नियम र अनुशासन थिए तापनि ती नियम र अनुशासनभित्रका स्वतन्त्रताले बालप्रतिभालाई सहज रूपले फक्रिने अवसर दिएको थियो । त्यतिबेला सातवर्षसम्म घर परिवारले उसको पोषण र रेखदेख गरेर घरमै उसलाई सामान्य अक्षरारम्भ गराइन्थ्यो ।

निश्चित समयसम्म आमा बुवाको हेरचाहमा रहने त्यो बालकको आमाबुवाबाट बाल हेरचाहको लागि पाउनुपर्ने हक त्यसबेला सुरक्षित थियो । आजभोलिको जस्तो तीनवर्षको उमेर पुग्न नपाउँदै स्कुलमा पढाइहाल्ने खालको परिवेश त्यसबेला थिएन । त्यो अबोधपनको बालहक राम्ररी सुरक्षित थियो । विधिवतरूपमा संस्कारझैं सुरु गरिने बालकहरूको पढ्ने क्रियाकलापले बालक आठवर्षसम्ममा एक योग्य र परिपक्व मस्तिष्कको हुनपुग्थ्यो । त्यसपछि यज्ञोपवित संस्कार गरेर वेदाङ्ग र वेदको पढाइ सुरु गरिन्थ्यो । यसपछि गुरुकै आश्रममा गुरु र गुरुआमाको रेखदेखमा २५ वर्षसम्म विद्यार्थीले अनवरत अध्ययन गर्ने परिपाटी थियो । निश्चित पढाइ पूरा गरेर २५ वर्ष अगाडिनै पनि विद्यार्थी घर फर्कन सक्ने वातावरण थियो । तत्कालीन परिवेशको उक्त प्रकरणलाई बुझ्दा त्यसबेला पढाइका लागि बालबालिकाको नैसर्गिक हक राम्ररी प्रदान गरिएको थियो भन्न सकिन्छ । त्यसबेला पढ्नु समाजको पहिलो आवश्यकता र सामाजिक संस्कार थियो ।





## शिक्षामा परिवर्तन

वैदिक र स्मृतिकालपछि शिक्षा आत्मिक (आध्यात्मिक) वा अन्तरमुखीबाट भौतिक(वस्तुगत)वा बहिरमुखी हुँदै गयो । यसपछिका दिनहरूमा शिक्षालाई चार प्रकारले हेर्न थालियो ।

**१) शारीरिक शिक्षा २) मानसिक शिक्षा ३) व्यावहारिक शिक्षा र ४) नैतिक शिक्षा**

यसमा धनुर्विद्या, गधा युद्ध, मल्ल युद्ध आदि **शारीरिक शिक्षा**का रूपमा विकसित भए भने वेद, वेदाङ्ग, पुराण, दर्शन विभिन्न विधाका शास्त्रहरू र ललितकलाजस्ता शिक्षाहरू **मानसिक शिक्षा**का रूपमा विकसित भए । व्यापारवाणिज्य, कलाकौशल, आर्युवेद आदि **व्यावहारिक शिक्षा**का रूपमा विकसित भए । हरतरहले सदाचार र नैतिकतासँग सम्बन्धित भएर आएका शास्त्रहरू **नैतिक शिक्षा**का रूपमा देखिए ।

क्रमशः शिक्षाले आधुनिकता ग्रहण गर्दै जाँदा मूलतः शिक्षा दुई धारमा बाँडिएर विकसित हुँदै गएको पाइन्छ ।

**१ ज्ञान दायक २ विज्ञान वर्द्धक**

क्रमशः हरेक क्षेत्रमा ब्रह्मतत्त्वको खोजी र उपदेशात्मक शिक्षा ज्ञानदायक भए भने व्यवहारका समग्र शिक्षा र वस्तुगत शिक्षा विज्ञानवर्द्धक भए । ज्ञानदायक र विज्ञानवर्द्धक दुई धार भएर शिक्षा अविरलरूपमा बग्दै आयो । त्यस बेला सबैको शिक्षातिर मात्र गहनसोच देखियो । कहीँ कतैपनि बालकलाई शोषण गर्ने आजभोलिको जस्तो घटना पाइँदैन ।

त्रेत्तायुगपछि वर्णव्यवस्थाले आफ्नो दह्रो जग हालेपछि जातीय शिक्षा र स्वकर्म शिक्षाका आधारहरू देखा परेका छन् । यसका विरुद्धमा कतिपय विद्वान्हरूले विद्रोहका आवाजहरू छिटफुट ल्याउने थाले । आवश्यक र सबै वर्णका लागि चाहिने शिक्षा त्यस बेला पनि थियो । सबै एकै ठाउँमा बसेर सबै प्रकारका शिक्षाहरू लिन सक्दथे । त्यसपछि उसले आर्जन गरेको शिक्षा र क्षमताले भ्याएको क्षेत्रमा जो कोही जान सक्दथ्यो । त्यहाँ वर्ण व्यवस्थाले किटान गरेका वर्णसँग सम्बन्धित शिक्षामात्र निश्चित वर्णका व्यक्तिहरूले लिएका हुन् । वर्णव्यवस्था त्यसबेला यो समाजलाई दह्रो र मजबुद बनाउनका लागि बनाइएका आधार हुन् तर विस्तारै समाजले यसलाई जातिका रूपमा प्रयोग गरेको हुँदा पछिका दिनमा यसका विरुद्धमा आवाज

उठेका हुन् । यसका विभिन्न उदाहरणहरू छन् ।

पौराणिककालमा फ्याँकिएको ठाउँबाट जरासन्द नामको एक व्यक्तिलाई जरा नामकी राक्षसीले उठाएर लगेर पालनपोषण गरी हुर्काएकी थिई । पछि ती जरासन्ध एक ठूला राजा बन्न सफल भए । कर्ण पनि माझीबाट हुर्काइए, पछि त्यति ठूलो वीर पराक्रमी भएर देखापरे । वनमा लगिएर त्यागिएकी सीताबाट जन्मिएका लव र कुशले विना परिचय ऋषिका आश्रममा आश्रय लिई शिक्षादीक्षा प्राप्त गर्न सफल भए । विश्वामित्र र अप्सरा मेनकाबाट जन्मिएकी शकुन्तला वनमा एक्लै आश्रयहीन देखिएको बेला महर्षि कन्वले आश्रममा ल्याएर सुरक्षासाथ शिक्षा दिए, । उनैका छोरा भरत तत्कालीन अवस्थाका सम्राट बनेका थिए त्यसैले त्यस बेला बालबालिकालाई आजजस्तो वेसहारा र असाहाय रूपमा कसैले पनि रहन दिदैंन थिए । बालशोषणका कुराहरू त छँदै थिएनन् भने पनि हुन्छ । त्यस बेला आफ्नो औरस छोरोको अभावमा हुर्काउन बढाउन नसक्नेहरूबाट बालक ल्याई कृतपुत्र बनाउने परम्पराले बालबालिकालाई धेरै ठूलो सम्मान र आदर गरेको पाइन्छ । त्यस बेला कसैले बालअधिकार हनन गर्ने प्रयासै गरेनन् भन्ने होइन ।

पौराणिक इतिहासलाई हेर्दा राजा हरिश्चन्द्रलाई जलोदर रोगले पीडित बनाउँदा वरुणलाई आफ्नो छोरो बलि चढाउनु पर्ने अवस्था आयो, त्यसैले उनले आफ्नो छोरो रोहितलाई बलि नचढाई अजगर्तका छोरा किनेर ल्याएका थिए । ल्याएर बलि दिनका लागि खाँबोमा बाँधेपछि त्यसबेलामा म निर्दोष बालकलाई यसरी खाँबोमा बाँधेर असहाय बनाई किन बलि दिन चाहन्छौ ? मेरो आफ्नो अस्तित्व मसँगै हुनुपर्दथ्यो, यो अन्याय हो भन्ने कुरा स्वयं बालकले बलि लिने वरुणलाई अनुरोध गरेर भनेका थिए:

हे वरुण ! मलाई यो पाशाबाट मुक्ति दिनुहोस् । विद्वान्हरूका बीचमा यस्तो अपराध नगर्नुहोस् ।[1] बालकको यस भनाइबाट प्रभावित भई विश्वामित्रले त्यो परिस्थितिलाई बौद्धिक तर्क गरी पराजित गर्छन् र ती बालकलाई वरुणबाट छुटाई आफ्नो छोरो बनाउँन लगे । आज तिनै बालक सुनशेफ ऋषिका नामले प्रसिद्ध छन् । विश्वामित्रले त्यो बालकको बाँच्न

१ राजा बरुणं साम्राज्याद्विद्वाँयलब्धो वःमुमोक्त पाशानः १।२४।१३ ऋ





पाउने नैसर्गिक अधिकारमात्र दिलाएनन् उनले बालकलाई त्यहाँबाट लगेपछि शिक्षादीक्षा दिई विद्वान् बनाएर उसको पढ्ने संस्कार पनि पूरा गरिदिए । यहाँ हनन् हुन लागेको उक्त बालकको बाँच्न र शिक्षित हुन पाउँने अधिकार विश्वामित्रबाट सुरक्षित बनाइको छ त्यसैले यस बेलामा शिक्षादीक्षाबाट कसैलाई पनि बन्चित गरिँदैन थियो भन्ने कुरालाई प्रस्तुत प्रसङ्गबाट थाहा हुन्छ ।

बालअधिकारका विषयमा कुरा गर्दा अर्को पनि एउटा महत्त्वपूर्ण प्रसङ्ग छ । त्यस प्रसङ्गमा सुधारक माण्डव्य ऋषिलाई अग्रपङ्क्तिमा राखेर हेर्नुपर्ने हुन्छ । यो घटना वैदिककालको हुनुपर्छ । उनलाई तत्कालीन समयमा निर्दोष हुँदाहुँदै राजाले मृत्युदण्ड सजाय दिए । त्यस बेला माण्डव्यले व्यक्तिका गुण र दोष केलाउँने यमराजलाई मैले के अपराध गरेकाले यस्तो सजाय भोग्नु परेको हो ? मलाई यसको वास्तविक कुराबुझाइदिनुहोस् भनेर सोधे । माण्डव्यका यी कुराले न्यायअन्यायलाई छुट्याउने धर्मराजले उत्तर दिए : बालककालमा तपाईंले गरेको पापको कारण यो दण्ड पाउनु भएको हो । यमराजले यति भनेपछि माण्डव्यले अन्जान बालकले गरेको पापमाथि यति ठूलो सजाय दिने धर्मराजको विवेक कमजोर भएको निष्कर्ष निकाली यमराजलाई मनुष्य बन्ने श्राप दिए र बालकका लागि एउटा व्यवस्थित नयाँ नियम स्थापना गरे । उनले स्थापित गरेको नियम निम्नानुसारको रहेको छ:

ठीकै छ १२ वर्षसम्म बालकले जुनसुकै काम गरेपनि त्यो अपराध हुँदैन किनभने त्यसभित्र ज्ञान र विवेकको जन्म भएको हुँदैन त्यसैले बालकलाई गल्ती ग-यो भनेर दण्ड सजाय दिनु हुँदैन ।[2]

माण्डव्यको यस नियमपछि मनु, दक्ष, आदिले विस्तारै समाजमा बालकहरूलाई दण्ड, सजाय दिन हुने र नहुने अवस्थाहरूका बारेमा नियमहरू बनाउँदै ल्याए । यस विषयमा दक्षले आफ्नो स्मृतिमा उल्लेख दक्ष गरेका छन् :

बालः षोडश वार्षिकः जन्मदेखि १६ वर्षभित्रको व्यक्तिको अवधिलाई

२ बालो हि द्वादशाद वर्षाज्जन्मतोयत्करिस्यति ।
नभविस्यत्यधर्मोत्र न प्रज्ञास्यन्ति वै दिशः ॥१०८।१४ महाभारत सम्भव पर्व

बालककालकै रूपमा लिइन्छ। सोह्र वर्षभित्र पनि सूक्ष्मरूपले निश्चित अवधि र बालक्रियाकलापका स्वतन्त्रता र नियमहरू राखिएका छन्। ती निश्चित अवधिका बालकका लागि बनाइएका नियमहरूलाई दक्ष स्मृतिका उक्त श्लोकमा केही सीमासम्म उल्लेख गरिएको छ।

उपनयन संस्कार आठवर्ष वा त्यसपछि मात्र गरिन्छ। त्यो यज्ञोपवित संस्कार गर्नुपूर्वको जन्मदेखि आठ वर्षसम्मको बालकलाई शिशु भनिन्छ। शिशु अवस्थालाई गर्भको बालक समान नै मानिन्छ। जन्मिएको हुनाले रूप र शरीरका रूपमा व्यक्तिको आकृतिमात्र देखिएको हो। उक्त अवधिभित्रका बालकहरूमा भक्ष्य-अभक्ष्य, पेय-अपेय, सत्य-असत्य बोली आदिको कुनै दोष लाग्दैन। जब यज्ञोपवित संस्कार हुन्छ वा आठवर्षको हुन्छ तब उसलाई भक्ष्य-अभक्ष्य, पेय-अपेय, सत्य-असत्य आदिको दोष लाग्दछ। त्यसपछि तुच्छ र गर्न नहुने कामहरू गर्नु हुँदैन किनभने ठीकबेठीक छुट्याउन सक्ने क्षमता भएकोले ब्रतबन्ध गरिएको हो।[३]

उक्त भावलाई विचार गर्दा आठ वर्षसम्मको शिशु ज्यादै अपरिपक्व र निर्दोष रहन्छ किनभने उसको दिमागमा गर्न हुने र नहुने कुनै पनि कुराको बोध हुँदैन त्यसले यस अवस्थालाई दक्षले उमेरले आठको नजिक पुगेपनि त्यो जन्मदै गरेको शिशु समान हो भने। आठवर्ष पछिको बालमस्तिष्क ज्यादै तिव्र गतिमा व्यावहारिक ज्ञान बटुल्ने खालको हुने भएकाले त्यस बेलादेखि एउटा निश्चित संस्कार (व्रतबन्ध) गरेर उक्त बालकलाई अब मैले नियमित र व्यवस्थित बन्नुपर्छ भन्ने ज्ञान दिलाउनु पर्छ। यस प्रक्रियाले उसलाई पढ्ने लेख्नेदेखि सम्पूर्ण व्यावहारिक कुरामा व्यवस्थित बनाउँछ। खाने समयमा हात गोडा धुने, बाहिर घुमेर आएका कपडा फेर्ने स्वच्छ र शुद्ध आहार गर्ने निश्चित समयमा सुत्ने र निश्चित समयमा उठ्ने, आफूले मान्नु पर्ने व्यक्तिलाई उचित आदर गर्नेजस्ता व्यक्तिगत संस्कार सुधार्ने व्यवहारहरू यहाँबाट सुरु गरिन्थे। त्यस बेला

---

[३] जातमात्रः शिशुस्तावद्यावदष्टौ समावयः।
सहि गर्भ समो ज्ञेयो व्यक्तिमात्र प्रदर्शितः॥
भक्ष्याभक्ष्ये तथापेयो वाच्यावाच्ये ऋतानृते।
अस्मिनबाले नदोषस्यात्स याबन्नोपनीयते॥
उपनीतेतु दोषोऽस्ति क्रियमाणै र्विगर्हितैः।
अप्राम व्यवहारो ऽसौ बालः षोडश वार्षिकः॥(१।४।५।६





पढ्न पनि एउटा संस्कारकै रूपमा विकसित गर्ने एउटा निश्चित पद्धतिको विकास गरेका थिए। त्यसैले आठवर्षदेखि नै बालकहरूलाई गर्न हुने र नहुने कामको बोध विस्तारै गराउनु पर्ने कुरा दक्षस्मृतिले स्पष्ट पारेको हो। यहाँ अलिकति व्रतबन्धको अर्थ बुझौं व्रत भनेको नियममा रहनु हो त्यसैले शास्त्रले उल्लेख गरेका उक्त नियमभित्र नरहनेले जनै नलगाए पनि हुन्छ। उसका लागि व्रतबन्ध गर्नुको पनि कुनै अर्थ रहँदैन। यो त नियमभित्र रहेर राम्रा काम गर्न गरिएको एउटा सङ्कल्प हो। अन्य व्यवहारहरूमा सोह्रवर्षसम्म ऊ बालकै रहन्छ। त्यसपछिमात्र ऊ बालिग बन्दछ। बालक सोह्र वर्षपछि व्यवहारका लागि योग्य बन्छ। यस परिवेशलाई खुलस्त गर्दै यस विषयमा अर्का विद्वान् माण्डव्यले अगाडि नै निश्चित नियमहरू प्रस्तुत गरिसकेका थिए। उनले पनि बालक अवस्था र उसले त्यो बालापनमा गरेका कामहरूका आधारमा दोष लाग्ने वा नलाग्ने आदि विषयहरूमा स्थिति बताएका छन्। सम्भवतः यो बालकहरूका लागि बनाइएको प्रचीनकालको प्रथम नियम हुनुपर्छ। उनले उल्लेख गरेका छन् :

बाह्रवर्षसम्मको व्यक्ति बालकै हुन्छ त्यस समयमा जानी नजानी बालकले जे गर्छ त्यो अधर्म हुँदैन किनभने त्यस अवस्थामा बालकमा परिपक्व बुद्धि आएको हुँदैन त्यसैले म अब यस्तो अवस्थाका बालकहरूका लागि अलग एउटा नियम बसाउँछु। बालकले गरेको चौधवर्षसम्मको काममा उसलाई पातकादि दोष लाग्दैन। १४ वर्षपछि गरेका नराम्रा काममा भने दोष लाग्दछ।[४]

माण्डव्यले यो स्थिति बसाउनु अघि बालकले अञ्जानमा गरेको गल्तीको सजाय पनि भोग्नु पर्दथ्यो। यसको भोगाइमा स्वयं माण्डण्य नै परेका थिए। त्यसैले उक्त प्रचीनकालमा त्यही परिवेशमा माण्डव्यले उक्त नीति निर्माण गरेका हुन्। यसकारणले बालकका लागि निश्चित आधार बनाएर स्थिति बाध्ने प्रथम व्यक्ति माण्डव्य नै देखिन्छन्। त्यसपछि अन्य

---

[४] बोलो हि द्वादशाद वर्षाज्जन्मतोयत्करिस्यति।
नभविस्यत्यधर्मोत्र न प्रज्ञास्यन्ति वै दिशः॥
मर्यादास्थापयाम्याद्य लोक धर्म फलोदयाम।
आचतुर्दशकाद्वर्षान्नभविष्यति पातकम्।
परतः कुर्वतामेव दोष एवं भविष्यति॥(१०८।१४,१६,१७ महाभारतको नीलकण्ठीय पाठ)

विद्वान्हरूले चौधदेखि सोह्रवर्षसम्मकालाई निश्चित सीमा बनाएर बालक अवस्थाको संज्ञा दिएका छन् ।

कुनै शास्त्रविद् विद्वान् यसै कुरालाई पुष्टि गर्छनः

**आषोडशाद् भवेद् बालस्तरुण स्तत उच्यते ।**

सोह्रवर्षसम्मको नहुन्जेल बालक हुन्छ र त्यसपछि तरुण हुन्छ । यस कुरालाई पुष्टि गर्दै प्राचीन विद्वान् अङ्गिरले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन् ।

**अशीतिर्यस्यवर्षाणि बालो वा प्युनषोडशः ।**

**प्रायश्चिताद्य मर्हन्ति स्त्रियोरोगिण एव वा ॥**

असी वर्षको वृद्ध, सोह्रवर्ष मुनिको बालक, नारी र रोगीलाई प्रायश्चित वा दण्ड गराउँदा आधामात्र गराउँनु । उनले यो प्रस्तुति कानुनका रूपमा निर्माण गरेको हुन् । यी धर्मशास्त्रहरू आफैं एक संविधान हुन् तर सबै धर्मशास्त्रका किताबहरूमा एकै खालको सोचचाहिँ पाउन सकिन्न तथापि बालकका सन्दर्भमा सबै विद्वान्हरूले निश्चित अवधिमा दण्ड दिनु नहुने र निश्चित अवधिमा केही प्रतिशतमात्र दण्ड दिनुपर्ने कुराहरूका नियमहरू बनाएका छन । समय र परिवेश सधैं एक नासको रहँदैन त्यसैले विद्वान्हरूले वातावरण समय र परिवेशलाई हेरेर परिस्थिति सुहाउँदा नियमहरू बनाउँदै गए । यसै प्रसङ्गमा विष्णुस्मृतिले आफ्नो समयका लागि आफ्नै खाले नियम निर्माण गरेको छ ।

पाँचवर्षपछि एघार वर्षसम्मको बालकले कुनै गल्ती गऱ्यो भने त्यो गल्तीको प्रायश्चित दाजु, पिता वा आफन्तजनले गरिदिनुपर्छ ।[५]

स्वयं बालकलाई त्यो प्रायश्चित गराउनु हुँदेन । आफन्तजनले प्रायश्चित गरेको देखेपछि मनोवैज्ञानिक रूपमा बालकभित्र गलत काम गर्न हुदैन भन्ने ज्ञान उत्पन्न होस् भन्ने सोचले यस्तो व्यवस्था अपनाइएको हुनुपर्छ ।

---

[५] उनैकादश वर्षस्य पञ्चवर्षात् परस्य च ।
प्रायश्चितम् चरेद्भ्राता पितावान्य सुहृद्ज्जनः ॥ (विष्णु स्मृति)॥





बालक पाँचवर्षसम्म त शिशु अवस्थामै रहन्छ । त्यो गर्भस्थ शिशुसमान नै हुन्छ । यस विषयमा सबैको एकमत छ । त्यो बालक भगवदंश हो । त्यसपछिको अवस्थामा भने केही न केही अंशमा आ-आफ्नो चिन्तन र दृष्टिकोण पूर्वीय विद्वान्हरूले प्रस्तुत गरेका छन्

व्यवहारमा कहिले काहीं बालकहरूले गल्ती गरे भनेपनि अरूको बालक होस् या आफ्नै बालक होस् तत्काल दण्ड दिइहाल्नु हुँदैन भन्ने आदेश मनुले दिएका छन् । मनुले बालमनोविज्ञानलाई सकारात्मक किसिमले विस्तारै सुधार गर्दै राम्रा काममा ल्याउन निर्देशन दिएका छन् । उमेर बढ्दै गएपछि उसले गल्ती पनि गर्न सक्छ तर उसले गल्ती गऱ्यो भनेर ठूला मानिसलाई झैं दण्ड सजाय दिइहाल्नु हुँदैन । बरु उसले गरेको गल्तीको सजाय आफूले निर्बाह गरेर उसलाई गल्ती गऱ्यो भने दुःख हुँदोरहेछ भन्ने ज्ञान दिनुपर्छ । त्यसैले स्मृतिकामा विद्वान्हरूले भने :-

**अदनादनन ज्ञातान्नगृह्णीयात्तत्तु स्वामिताम् ।**

**स्वशिशु शिक्षयेत् अन्य शिशु नाप्य पराधिनम् ॥**

जानेर होस् वा अन्जानमा होस् आफ्नो वा अर्काको बालकले गल्ती गऱ्यो भने तत्काल दण्ड दिइहाल्नु हुँदैन ।

अरूको के कुरा राजाले पनि बालकहरूलाई विचार नगरी दण्ड दिन मिल्दैन भन्ने शास्त्रको तर्क छ ।

**अतो बालतरस्यास्य नापराधो न पातकम ।**

**राजदण्डो न तस्यास्ति प्रायश्चितं न विद्यते ॥**

साना बालकहरूका लागि न प्रायश्चित हुन्छ न दण्ड रहन्छ किनभने त्यस्ता बालकका लागि न अपराको दोष छ न पातक आदिको दोष रहन्छ ।

धर्मशास्त्रमा भनिएको छ, बालकले गरेका काममा न अपराध हुन्छ न पातक त्यसैले उसले गरेका कामको आधार लिएर दण्ड वा सजायको माग गर्दै कोही आयो भने राजाले दण्ड नदिनु र समाजका ठूला मानिसले उसलाई प्रायश्चित पनि नगराउनु । यहाँ प्रयोग भएको बालतर शब्दले ब्रतवन्धभन्दा अगाडिको समयलाई हेर्नुपर्छ । अभिभावकको अभावमा बालकले आफ्नो घर आदिको रेखदेख र सुरक्षा गर्न नसक्ने हुँदा मनुले नै यस विषयमा निश्चित नियम बनाइसकेका थिए । मनुले बनाएको नियममा

उल्लेख छ : तत्कालीन अवस्थामा शिक्षा महत्वपूर्ण आवश्यकता थियो किनभने शास्त्रले निर्धारण गरेका मानिसका चार पुरुषर्थ (धर्म,अर्थ,काम र मोक्ष) शिक्षाविना सम्भव थिएनन् । अर्कातिर प्रत्यक्ष र परोक्ष सबै विषयमा शिक्षाको सबैभन्दा ठूलो महत्व थियो । सामाजिक र व्यावहारिक दृष्टिले पनि शिक्षालाई सर्वोच्च स्थानमा राखिएको थियो । ऋग्वेदको समय देखि संसारको सबैभन्दा ठूलो प्राप्तिमा शिक्षालाई नै लिइएको छ । यही परिवेशले वेद स्मृति, पुराण र आधुनिक ग्रन्थहरूले शिक्षालाई सबैभन्दा महत्वपूर्ण मान्दै गए । बीचका विद्वान्हरूले शिक्षाका सम्बन्धमा धेरै महत्वपूर्ण प्रशस्ति गाएका छन् ।

## स्मृतिमा शिक्षा

**विद्यानाम नरस्य रूपमधिकं प्रच्छन्न गुप्तं धनम् ।**

**विद्याभोगकरीयशः सुखकरी विद्यागुरुणां गुरु ॥**

**विद्याबन्धु जनो विदेशगमने विद्या परा देवता ।**

**विद्याराजसु पुज्यते न हि धनं विद्याविहीनः पशुः ।** (नीतिशतक १६)

उपरोक्त श्लोकले विद्याको महत्त्व देखाई विशेष प्रशंसा पनि गरेको छ । जतिसुकै कुरूप भएपनि विद्या छ भने त्यो व्यक्ति सुन्दर र आकर्षक नै देखिन्छ । सबैभन्दा गोप्य धन विद्या नै हो । विद्यायुक्त व्यक्तिले सबै संसारिक सुख भोग भोग्न पाउँछ । सुखदायी यश यही विद्याले नै दिन्छ । यो विद्या गुरुको पनि गुरु हो । राज्यमा पनि विद्याको पूजा हुन्छ किनभने धनभन्दा विद्या राज्यका लागि ठूलो कुरा हो, त्यसैले धनको तुलनामा विद्याको अधिक महत्व रहेको छ । यस्तो सर्व गुणसम्पन्न शिक्षा वा विद्या नभएको मानिस पशुसमान हुन्छ । विद्याविना मानिस अज्ञानतामा हुन्छ । यसरी नै विद्याको महत्व दर्शाउदै मनुले भनेका छन् : धन, बन्धु, आयु, कर्म र विद्या यी पाँच कुरामा विद्या सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसपछि काम, त्यसपछि आयु त्यसपछि आफन्त त्यसपछि मात्र धनको स्थान आउँछ ।[६]

[६] वितं वन्धुर्वयः कर्म विद्याभवति पञ्चमी ।
एतानी मान्यस्थानानि गरियो यद्यदुत्तरम् ॥ २।१३६ मनु





नैतिक दृष्टान्तसहित विद्याको महत्त्व प्रस्तुत गर्नुको उद्देश्य सबैले शिक्षा आर्जन गर्नुपर्छ भन्ने सन्देश दिनु हो । संसारमा मानिस भएर बाँच्नलाई अनिवार्य रूपमा मानिसले शिक्षा ग्रहण गर्नुपर्छ । शिक्षा प्राप्त नहुँदासम्म पशुसमान हुने मानिस शिक्षा प्राप्त गरेपछिमात्र मान्छे बन्न सक्छ भन्ने उदाहरण दिनुले मान्छेको अनिवार्य गुणभित्र शिक्षालाई पारिएको हो त्यसैले प्राचीनकालमा सबैका लागि शिक्षालाई अनिवार्य लिनैपर्ने सामाजिक आवश्यकताको रूपमा राखिएको थियो । यसभन्दा अगाडिको समय भनेको स्मृतिको हो । स्मृतिहरूमा पहिलो स्मृति मनुस्मृतिलाई लिइन्छ त्यसैले मनुको स्मृतिलाई हेर्दा नै त्यस समयमा विद्या (शिक्षा) को कस्तो अवस्था थियो भन्ने स्पष्ट हुन्छ ।

पूर्वीय धर्मशास्त्रहरूले धनलाई त्यति ठूलो महत्त्व दिएका छैनन् । आवश्यकीय वस्तुमा धनलाई लिएको छ तर महत्त्वका दृष्टिमा विद्यासमान धन छैन । मानवलाई सुख दिने पाँच स्रोत रहेका छन् भन्ने कुरा मनुले उदृत गरे त्यसमा उनले सर्वोत्तम सुखको साधन विद्यालाई नै तोके । मानिसमा सर्वोत्तम सुखको स्रोत शिक्षा नै हो भन्ने बुझाएपछि मानिसले **धन, बन्धु, आयु कर्म र विद्या**मा विद्यालाई सर्वोपरि मान्ने भए । उनले व्याख्या गर्दै धन आर्जित भए पनि त्यो स्थिर नहुने तर यसलाई मानिसका लागि नभइ नहुने वस्तुका रूपमा चिनाए भने आफन्त जति आफू योग्य भयो त्यति नै आत्मीय बन्दै जाने र अयोग्य भए टाडिँदै जाने विषय हुन् त्यसैले योग्य बन्न शिक्षा आर्जन गर्नुपर्छ भन्ने सन्देश दिए । यही शिक्षाले आर्जित गर्ने विषयमा धनलाई राखे । त्यसरी नै आयुलाई लम्याउने वा आफू मरेर गए पनि संसारमा अमर बनाउने स्रोत शिक्षा रहेकाले आयुलाई भन्दा शिक्षालाई महत्व दिए । यस्तै कर्ममा सही र गलत ठम्याउने बोध वा ज्ञानको स्रोत विद्या नै भएकाले शिक्षाबाट यी सबै कुरा लक्षित हुन्छन् त्यसैले मानसिका लागि ज्यादै संवेदनशील पाँचवटा उक्त विषयमध्ये विद्या नै सर्वोपरि रहेको कुरा मनुले दर्शाए । मनु त्यसबेलाका राजा भएकाले उनले आफ्नो राज्यमा शिक्षालाई विशेष महत्व दिएर लागु गरे भन्नुमा अत्युक्ति हुँदैन । अन्य स्मृतिहरूमा पनि यही सोच विकसित हुँदै गएको छ । आजभोलि मुख्य धन र गौण शिक्षा हुन पुगेका छन् । जसले बालकको पढाइ आत्मिक उन्नतिभन्दा पनि पास गरेर पैसा कमाउने धुनमा अगाडि सरेको छ ।

यसभन्दा अगाडिको समय भनेको वेदको हो जसलाई वैदिककाल भनेर बुझ्दछौँ । वेदहरूमा ऋग्वेद सबैभन्दा पुरानो मानिन्छ । त्यसभित्र पनि विद्यालाई सर्वश्रेष्ठ र देवता, मानव र दानव सबैका लागि अत्यन्त आवश्यक तत्वका रूपमा लिइएको छ । एकातिर ऋग्वेदले अनिवार्य रूपमा सबैले पढ्नु र शिक्षा ग्रहण गर्नु भनेको छ भने अर्कोतर्फ छोराछोरीलाई पढाउनु अभिभावकको दायित्त्व हो भन्ने दायित्त्व बोध पनि गराएको छ । उसले पनि मानव जीवनको सुखको प्रमुखस्रोत शिक्षा नै हो भनेको छ :– सबै मातापिताले सन्तानलाई शिक्षा दिनुपर्छ । जसरी सूर्यको प्रकाशले सबैलाई आनन्द दिन्छ । त्यसरी नै विद्या पाएका पुत्र र पुत्रीले सुख प्राप्त गर्छन् ।[७]

ऋग्वेदभित्र रहेको यस आशयले स्पष्ट पार्न खोजेको कुरा के हो भने "संसारमा प्राप्त भएका सबै विषयमध्ये विद्या सबैभन्दा महत्वपूर्ण कुरा हो र मानिसको चाहनामा सुख नै रहने हुँदा सुखको सर्वोत्तम स्रोत पनि शिक्षा नै हो त्यसैले सबैले आफ्ना सन्तानलाई सुखी राख्न चाहनेले छोराछोरीलाई पढाउनुपर्छ । उक्त मन्त्रमा जातपातको भिन्नता छोडी समानताको भाव पनि स्पष्ट्याइएको छ । जसरी सूर्यका किरणहरू सबै ठाउँमा समानरूपले वितरण हुन्छन् । विद्याको प्रकाश पनि त्यसरी नै सबैमा वितरण गर्नुपर्छ । यो अभिभावक वा राज्यको कर्तव्य हो भन्ने कुरा स्पष्ट रूपमा देखिएको छ । यहाँ जातपातको कुरा पनि छैन र छोरा र छोरीमा भेदभावको गन्ध पनि छैन । यस कुरालाई वेदको अर्को मन्त्रले अझ स्पष्ट पारिदिएको छ । राजाले राम्रो संस्कार दिएर सबैमा न्याय दिनुपर्छ र आफ्नो राज्यका युवायुवती सबैलाई उचित शिक्षा दिनुपर्छ ।[८]

असल विद्यामा रमाउने युवायुवतीले पुर्खाले दिएका महान् वाणीलाई सेवन गर्नु । यस शिक्षाले सदाचार दिन्छ । ब्रह्मचर्य महत्व पूर्ण हुने हुनाले यही नियमबाट शिक्षार्जन हुनुपर्छ । कोही पनि व्यक्ति अशिक्षित नहोस् भन्दै

७ महे यत्पित्र ई रसं दिवे करव त्सरत्पृशन्यञ्चिकित्वान्
सृजदस्ता धृषता दिद्युमस्मै स्वायां देवो दुहितरि त्विषि धात् ।(१।७१।५ ऋ. महर्षि दयानन्दको भाष्य)

८ युवं धेनुं शयवे नाधितायापिन्वतमश्विना पूर्व्याय ।
अमुञ्चन्तं वर्तिकामंहसो निः प्रति जङ्घां विश्पलाया अधत्तम् ॥(१।११८।८ ऋ)





यो उपदेश राज्याधिकारीलाई दिइएको हो ।

ऋग्वेदभित्रका यी कुराहरूबाट समाजमा शिक्षाको महत्व अनिवार्य र आवश्यक रहेको कुरा स्पष्ट भएको छ । यसबाट वैदिकशिक्षा प्रणालीमा कुनै वर्ग विशेष र नारी र पुरुषका बीचमा शिक्षा लिन विभेद गरेको कुरा देखिँदैन । शिक्षामा समानताको उत्कृष्ट भाव झल्किन्छ । शिक्षा सबैको अधिकारमात्र थिएन । सामाजिक दायित्व पनि थियो ।

रूप वा चिन्ह (लिङ्ग) ले भिन्न देखिए पनि महत्वको दृष्टिले बालबालिका समान थिए । त्यसबेला यिनीहरूमा अलिकति पनि भेदभाव थिएन । त्यसमा पनि शिक्षाको विषयमा त ऋग्वेदले किटेर उल्लेख गरेको छ कि शिक्षा सबैको अधिकार हो ।

## नारी शिक्षा

१।७१।४ ऋग्वेदको मन्त्रमा विद्याप्राप्त नगरेकी नारीले सुख प्राप्त गर्न सक्तिनन् । नारी र पुरुष पतिपत्नी हुँदा समान शिक्षा लिएका हुनुपर्छ किनभने नपढेको पुरुषले शिक्षित नारीसँग विवाह गऱ्यो भने त्यसले पत्नीलाई दुःख दिन्छ । त्यस्तै अशिक्षित नारी शिक्षित पुरुषले विवाह गऱ्यो भने पुरुषले पनि दुःख पाउँछ । पढ्नु त दुबैले पर्दछ तर विवाहमा पुरुष वा नारीलाई बढी पढेको सित विवाह गर्ने लोभ जाग्दछ । यसले राम्रो नतिजा आउँदैन किनभने स्तर नमिलेपछि विचार मिल्न गाह्रो हुन्छ त्यसैले समान स्तरको विवाह भए दुबैलाई राम्रो हुन्छ । शिक्षाको महत्वसँग वैवाहिक व्यावहारिक जीवनको शिक्षासमेत उक्त मन्त्रमा आयो । यस प्रसङ्गले ऋग्वैदिककालीन शिक्षादीक्षाका परिवेशलाई खुलस्त पार्दछ । त्यतिमात्र होइन बालिका वा नारीहरूको पढ्ने अधिकार पनि समान थियो भन्ने कुरा पनि खुलस्त हुन्छ । यो मन्त्रले समानशिक्षा भएका पुरुष र नारीबीच विवाह भएमात्र राम्रो हुने कुरालाई देखाएको छ त्यसैले वैदिककालीन शिक्षामा छोरा र छोरीमा भेदभाव गर्नुहुँदैन भन्ने सोच रहेको पाइन्छ । पुत्रपुत्री दुबै समान हुन् भन्ने कुरालाई वसिष्ठले आफ्नो स्मृतिमा पनि उल्लेख गरेका छन् :

दाजुभाइ नरहेका अवस्थामा छोरी नै छोरा हुन् त्यसैले दाजुभाइले

पाउने सबै कुरा उनै छोरीको हुन्छ ।[९]

ऋग्वेदले यही कुरा उठाएको थियो । छोरा जन्मिएन भनेर कसैले पनि दुःखी हुनु हुँदैन किनभने भाइ जन्मिएको छैन भने छोरी स्वतः छोरो बराबार बन्दछे ।[१०]

यसरी नै अथर्वले पनि यस कुरालाई उल्लेख गरेको छ ।

पहिले-पहिले नारीहरूको शिक्षामा कुनै हक थिएन । पराधीन भएर ज्यूँनु पर्दथ्यो भन्ने कल्पित भ्रम बोकेका आधुनिक सोच राख्नेहरूलाई उक्त मन्त्रहरूले पनि यथेष्ट उत्तर दिएका छन् । उपनिषदमा पनि छोराछोरीबीच भेदभावको सङ्केत पाइँदैन । छोराछोरीको समान अस्तित्व थियो भन्ने कुरालाई उपनिषद र पुराणहरूका प्रसङ्गहरले पुष्टि गरेका छन् । उपनिषदको एक प्रसङ्गमा कन्याको इच्छा गरिएको कुरा उल्लेख छः–[११]

यहाँ दुहिता इच्छे भनिएको छ । जसरी मानिसले पुत्रको इच्छा गर्दथे त्यसरी नै पुत्रीको पनि इच्छा गर्दथे भन्ने कुरा उक्त उपनिषदीय प्रसङ्गले स्पष्ट पारेको छ । बालिकाको इच्छा गरिएको उक्त वाक्यमा कन्याप्रति गरिएको सम्मान र आदर देखिन्छ ।

मानव सृष्टिको सुरुसुरुमै राज्य गर्ने प्रथम राज्यकर्ता मनुकी पत्नीले पुत्री कामनाको यज्ञ गराएको छ । स्वयं मनुकी पत्नी पनि छोरीको कामना गरी यज्ञमा ऋत्विकहरूलाई यस प्रकारको मन्त्रोच्चारण गर्न गरेको अनुरोध ज्यादै महत्वपूर्ण छ : हे होता ! तपाइँहरूले छोरी प्राप्त हुने मन्त्र पढिदिनुहोस् ।[१२]

उक्त भावमा यज्ञ सम्पादन गरिरहेका होताहरूलाई मनुपत्नी श्रद्धाले पुत्री प्राप्त गर्ने मन्त्र पढिदिन आग्रह गरेकी छिन ।

---

९ विज्ञायते अभ्रातृका पुंसः पितृनभ्येति प्रतीचीनं. गच्छति पुत्तवम् ॥ वशिष्ठ स्मृति १७।१६

१० अभ्रातेव पुस एति २।१। ८ ऋ.

११ अथ य इच्छे दुहितामे पण्डिता जायेत सर्व मायु रियात (६।४।१७वृहदा उपनिषद)

१२ तत्रश्रद्धा मनोपत्नी होतारं समयाचत्त ।
दुहित्र्यर्थभुपागम्य प्रणिपत्य पर्यावृता ।१।१।१४ भागवत





पुत्रीको कुनै महत्व थिएन भने उक्त उपनिषद र भागवतमा यस्ता कुरा आउने थिएनन् । छोरा र छोरी समान थिए भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । **यथा पुत्र तथा हि सा** “महाभारत अनुशासनपर्व ४७ छोरोजस्तो हो छोरी पनि त्यस्तै हो । त्यस्तै **सा हि पुत्र समा राजन्** ! छोरी छोरोसमान हुन्छिन् । महाभारतले पनि उक्त कुराको पुष्टि गरेको छ ।

कन्याको चाहना र शिक्षाको समानता प्राचीनकालका विशेषता नै हुन् । ऋग्वेदका अर्को प्रसङ्ग यस विषयमा त्यत्तिकै महत्वपूर्ण छः शिक्षित भएका नारीहरूले सबै कन्याहरूलाई राम्ररी पढाउनु । शिक्षा प्राप्त गरेका नारीहरू योग्य हुन्छन् त्यसैले शिक्षित नारीबाट भएका कार्यको कहिल्यै नाश हुँदैन ।[१३]

समाजमा भएका सबै काम नारी र पुरुषले उत्तिकै समान रूपले गर्नुपर्दथ्यो त्यसैले दुवै शिक्षित हुनु त्यतिकै महत्वपूर्ण कुरा थियो । शिक्षितले गरेका कामहरू सफल हुन्छन् । कार्य सफलताका लागि शिक्षित हुनु अनिवार्य कुरा थियो ।

उपनिषद्कालमा पनि नारी र पुरुषमा भेदभाव थिएन । वेद र स्मृतिका बीचको उपनिषदकाल पनि शिक्षादीक्षाका लागि खुल्ला र महत्वपूर्ण थियो । किनभने **उत्तिष्ठतः जाग्रतः प्राव्यवरान् निबोधत** : भन्ने उपनिषदहरूको उद्घोष थियो । सबै उठ । सबै व्यूँझ र विद्वान्हरूको नजिक जाओ । यस भावले के बुझाउँछ भने सबैले सिक्नुपर्छ । सबैले जान्नुपर्छ र सबै चेतनशील हुनुपर्छ । यस बेला कुनै जातजाति र वर्ग विशेषले मात्र शिक्षा लिनुपर्छ भन्ने थिएन । शिक्षा सबैको अधिकारको विषय थियो । लिङ्गभेदले पनि कुनै ठाउँ पाएको थिएन । लिङ्गका सम्बन्धमा ज्यादै महत्वपूर्ण विचार उपनिषदमा आएका छन् : नारी र पुरुष शरीरले भिन्न छन् । आत्म न पुरुष हुन्छ न नारी न नपुंसक त्यसैले शरीरका कारणले भेदभाव गर्नु मूर्खता मात्र हो ।[१४]

---

१३ नूनं सा ते प्रतिवरं जरित्रे दुहीयदिन्द्र दक्षिणा मघोनि ।
शिक्षा स्तोतृभ्यो माति धग्भगो नोबृहद्वदेम विदथे सुवीराः ।२।१७९ ऋ ।

१४ नैवस्त्री न पुमान एष न चैवायं नपुंसक
यदयच्छरीरमादत्ते तेनतेन स लक्ष्यते । श्वेताश्वतर उपनिषद

यी सम्पूर्ण कुराहरूलाई विचार गर्दा पढ्ने बालबालिकाको नैसर्गिक अधिकार हो । यसै नैसर्गिक अधिकारलाई अभिभावक समाज र राज्यले स्वतन्त्ररूपले उनीहरूलाई सुरक्षित गरिदिनुपर्छ यो उनीहरूको कर्तव्य हो । वेद, उपनिषद , स्मृति र पुराणहरूले यही कर्तव्यलाई सुनिश्चित गरेका हुन् । संसारमा जन्मिएका सबैले पढ्न र सिक्न पाउनुपर्छ । यस विषयमा कतैबाट बाधा व्यवधान आउनुहुँदैन । धर्मशास्त्रहरूले यही कुरालाई सुनिश्चित गरेका छन् । उक्तशास्त्रहरूले बालकहरूको पढ्ने उमेरको बारेमा पनि उल्लेख गरेका छन् । उपनिषदको उक्त भावलाई केलएर हेर्दा शरीरका अङ्गहरूले पृथक आकार र क्रिया दिने हुँदा काम अनुसारका नाम दिएका मात्र हुन । यसले शरीरका नाम (लिङ्ग) का आधारमा भेदभाव गर्नुहुन्न भन्ने दह्रो विचार प्रकट गरेको छ ।

## शिक्षा लिने उमेर

धर्मशास्त्रहरू सबैले एकै स्वरमा पाँचवर्षको उमेरबाट मात्र बालकलाई आक्षरारम्भ गराउनु भनेको छन् ।

**अक्षरं स्विकृतं कुर्यात् प्राप्त पञ्चम हायने ।** धर्मसिन्धु ।

जब बालक पाँचवर्षको हुन्छ तब अक्षरारम्भ गर्नु । धर्मसिन्धुको यो भनाइ आजको बालमनोवैज्ञानिकहरूसँग मिल्दो छ । पाँचवर्षसम्म बालकको मस्तिष्क निरन्तर विकसित हुने र दरिलो बन्दै जाने हुन्छ । पाँच वर्ष पुगेपछि त्यो मस्तिष्कमा एक खाले स्थिरता आउँछ । त्यसपछि पढाउन सुरु गर्दा राम्रो हुन्छ । यसभन्दा अगाडिको बालबालिकाको समय स्वाभाविक रूपमा आमाको काखमा रमाउने समय हो । वास्तवमा त्यस समयमा आमाको काखबाट उसले सिकिरहेको हुन्छ । त्यही पाठशाला बालकको पहिलो पाठशाला हो । त्यसमा कुनै नियम हुँदैन र विषय पनि तोकिएको हुँदैन ।

आमाको काख नै प्रथम पाठशाला हो । जहाँबाट खाने, पिउने, चिन्ने, बोल्ने, हाँस्ने, खेल्ने र स्नेह गर्नेजस्ता कुराको शिक्षा शिशुले लिन्छ । जीवनको प्रथम प्रहर भनेको शिशु अवस्था हो,जुन संसारकै लागि महत्वपूर्ण अंश हो । त्यस अंशदेखि शिक्षाको सुरुवात गराउने आमा गुरुहरूको पनि गुरु हुन् भन्ने कुरा शास्त्रहरूले भनेका छन । **माता गुरुणां गुरुः** आमा





गुरुहरूकी पनि गुरु हुन् । स्मृति अनुसार :

दश उपाध्याय बराबर एक आचार्य हुन्छन् । सय आचार्य बराबर एक पिता हुन्छन् भने हजार पिता बराबर माता हुन्छिन् । गौरवपूर्वक यो कुरा भन्न सकिन्छ ।[१५]

छोराछोरीका लागि आमाको त्याग जति हुन्छ, त्यति संसारमा कसैले पनि गर्न सक्तैन । खाना, निन्द्रा थकाइ, रोग आदि कुनै कुराको वास्ता नगरी सन्तानको सुखमा रम्ने भएकैले आमा भनिएको हो भन्ने कुरा भागवतमा आउँछ । **साक्षात् माताक्षिते तनु ।**

आमाको शरीर पृथ्वीसमान हुन्छ । बालक जन्मनासाथ आफ्नो रुचिका भोग्य विषय चटक्क छाडेर बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, चरित्र, पालनपोषण र प्राथमिक कुराहरू गर्न आमा थालिहान्छिन् । यो काम न पिताबाट हुन्छ न उपाध्याय र आचार्यबाट हुन्छ । पोषणको सहस्र धारा दुध जुन प्रकृतिका कुनै अन्य चिजबाट प्राप्त हुँदैन त्यो आमाबाट हुन्छ त्यसैले उक्त श्लोकको भनाइ पुष्टि हुन्छ ।

आजभोलि धनाढ्य परिवारमा धाइआमाको विशेष प्रचलन छ । त्रेता र द्वापरमा पनि यस्ता कुरा देखिन्छन् । जे भएपनि मातृवात्सल्यको आत्मिक सम्बन्ध र पोष्य दुध जन्मदिने आमाभन्दा अरूबाट हुन सक्तैन ।

जुन शिक्षा अचेतन अवस्थाको बालकलाई आमाले दिन्छिन् त्यो कसैबाट पनि दिन नसकिने हुँदा आमालाई गुरुणां गुरु भनिएको हो । **नास्ति मातु परो गुरु ३।१४८ अत्रिस्मृति** यसै कुरालाई पुष्टि गर्छ । यी प्रसङ्गहरूले शास्त्रहरूमा बालबालिकाको विना झन्झट हुर्किन पाउने अधिकारलाई सुनिश्चित गरेको ज्ञान हुन्छ । यसरी नै आमाको काखपछि पढाउने गुरुहरूको श्रेणी पनि शास्त्रहरूले तोकेको छन् ।

माता र पिताबाहेक अन्य तीन प्रकारका गुरु महत्वपूर्ण रूपमा देखाइएका छन् । १. गुरु, २. उपाध्याय र ३. आचार्य । उक्त तीन श्रेणी गुरुकै हुन् तर उनीहरूको स्तर फरक छ । विद्यार्थीहरूलाई स्तर अनुरूप नै पढाउनु पर्ने भएकाले बालबालिकाहरूको उमेर अनुसार सम्बन्धित स्तरका

---

[१५] पाध्यायानदशाचार्य आचार्याणां शतं पिता ।
सहस्रं तु पितृन्माता गौरवेणातिरिच्यते ॥२।१४५ मनु ।

गुरुहरूले बालबालिकालाई शिक्षा दिनुपर्छ। यसले पढाइ व्यवस्थित र व्यावहारिक हुन्छ। यही कारणले शास्त्रहरूले उक्त विधि उल्लेख गरेकाहुन्।

## गुरु

गुरुले आफ्नो शिष्यलाई असल र योग्यपात्र बनाउनुपर्छ। योग्यपात्रले लिएको शिक्षामात्र फलदायी हुन्छ त्यसैले गुरुबाट संस्कार दिइनुपर्छ। हिजोआजको परिवेशमा यो प्राइमरी कक्षाको परिवेश हो। तर आजजस्तो कक्षाबाट मात्र यो क्रम सुरु हुँदैन थियो। शास्त्रले गुरुलाई यसरी अर्थ्याएका छन् :

गर्भाधानदेखिका संस्कारहरूलाई विधिपूर्वक गराएर योग्य बनाउने काम गर्ने विप्रलाई गुरु भनिन्छ। व्यक्तिलाई सुसंस्कृत बनाएर विद्याप्राप्तिमा योग्यपात्र बनाउने व्यक्ति नै गुरु हुन्।[१६]

## उपाध्याय

त्यसबेला बालबालिका आठवर्षको हुञ्जेलसम्म वेदका अङ्गहरू पढाइन्थे। ती अङ्गहरू पढाउनेलाई उपाध्याय भनिन्थ्यो। बालबालिकाले पाँचवर्षदेखि आठ वर्षको हुञ्जेलसम्म निश्चित कोर्ष पूरा गर्नु पर्थ्यो। त्यसलाई पूरा गराउने वा पढाउने काम उपाध्यायबाट हुन्थ्यो। आमाबाट सो काम गर्न अलि गाह्रो हुने भएकाले वृत्ति दिएर उपाध्यायको जिम्मा लगाउने परम्परा थियो त्यसैले शास्त्रमा उपाध्यायका विषयमा यसरी लेखियो :

जीवनवृत्ति लिएर अङ्गसहित वेद वा वेदका अङ्गहरूलाई जसले पढाउँछ त्यसलाई उपाध्याय भनिन्छ।[१७]

---

[१६] निषेकादिनी कर्माणि यः करोति यथाविधि।
सम्भावयति चान्येन स विप्रो गुरुरुच्यते। २।१४२ मनु।

[१७] एक देशं तु वेदस्य वेदांगान्यपि वा पुनः।
यो ऽध्यापयति कृत्यर्थमुपाध्यायः स उच्चेत॥ १।१४१ मनु।





## आचार्य

त्यसबेला बालक आठवर्षको भएपछि उसको व्रतबन्ध संस्कार गरिन्थ्यो। त्यसमा आचरण र नियमभित्र रहनका लागि यज्ञोपवित संस्कार गराइन्थ्यो। उपनयन संस्कार सबैभन्दा महत्त्वपूर्ण संस्कार हो। त्यसैले व्रतबन्धपछि कल्प, व्याकरण, उपनिषद र वेद अध्ययन गर्न गुरुकुलमा भर्ना गराइन्थ्यो। त्यहाँ पढाउने आचार्य हुन्थे। आजको परिवेशमा आचार्य भनेका प्रोफेसर (प्राध्यापक) हुन्। आचार्यका विषयमा शास्त्रमा लेखिएको छः

यज्ञोपवित संस्कार गराएर कल्प र उपनिषदसहित वेद अध्ययापन गराउने गुरुलाई आचार्य भनिन्छ।[१८]

उक्त तिनै प्रकारका गुरुहरूले बालकहरूलाई जीवनोयोगी शिक्षा दिने काम गर्छन्। गुरुको काम गर्भावस्थादेखि मृत्युपर्यन्त रहिरहन्छ। षोडश संस्कारका साथमा अन्य कर्महरूमा गुरुकै विशेष भूमिका रहन्छ। पाँचवर्षको अवधिपछि उपाध्यायले बालकलाई शिक्षित तुल्याउने काम गर्छन् भने व्रतवन्धपछिको रहस्यात्मक ज्ञानसहित पढाउन आचार्यको भूमिका रहन्छ।

प्राचीन समयमा संस्कार ज्यादै महत्वपूर्ण कुरा थियो त्यसैले बालबालिका अभिभावक र गुरुहरूका अगाडि ज्यादै विनयी र शिष्ट थिए। आज कक्षा थपिँदै गए पनि विनयशीलता, सभ्यता र शिष्टता हराउँदै गएका छन्। शिक्षाको उद्देश्य यो होइन। शिक्षाले त सधैँ सभ्य शिष्ट र अनुशानसित बनाउनुपर्छ। यो शिक्षाको उद्देश्य हो। यी कुराहरूलाई गुरु प्रकरणमा चर्चा गरिन्छ। यो शिक्षाको अवस्थाको प्रकरण हो। माथि दिएका प्रसङ्गलाई हेरेर धेरै मानिसहरू पूर्वीय मान्यतामा बालकलाई पिंजराको सुगा बनाई कडा दण्डसाथ रटाउने र पढाउने काम गरिन्थ्यो भन्दछन्।

यो अल्पज्ञहरूको भनाइ हो। यो पूर्वीय शैक्षिक दृष्टिकोणमा बालकलाई कठोर दण्ड र अनुचित सीमामा राखेर शिक्षा दिइने चलन थिएन। बरु सभ्य र सुसंस्कार चरित्र निर्माण गरेर नैतिकवान् बनाउँदै स्वतन्त्र र अनुशासित बनाउने कामचाहिँ गरिन्थ्यो। यसका लागि निश्चित

---

[१८] उपनिय तु यः शिष्यं वेदमध्यापयेद्विजः।
सकल्पं सरहस्यं च तमाचार्यं प्रचक्षते॥ २।१४० मनु।

अनुशासनमा विद्यार्थीले बस्नुपर्दथ्यो। पाँचवर्षदेखि नै पढ्नका लागि यति व्यवस्थित बनाउँदै लगिन्थ्यो। उनीहरूलाई खेल्ने स्वतन्त्रताचाहिँ थिएन कि भन्ने प्रश्न उठ्न सक्छ तर वेदको समयदेखि नै बालकलाई मनोरञ्जन र खेदकुदमा अग्रसर गराउने चलन थियो। घरका हजुरबा र आमाले पनि बालकहरूलाई खेलाउनुपर्छ। यसले बूढापाकाका दिन पनि दिक्क लागेर वित्तैनन् र बालकले पनि आफूलाई बलियो र फूर्तिलो बनाउने सक्तछ भन्ने वेदको उद्घोष छ : हजुरबुबा र हजुरआमाहरूले नातिनातिनाहरूसँग राम्ररी खेलेर मनोरञ्जन लिनु।[१९]

यो वेदको भनाइबाट स्पष्ट थाहा हुन्छ कि बालबालिकालाई खेल्ने अवसर पनि दिनुपर्छ। तयतिबेला आजको जस्तो खेलका थुप्रै प्रकारहरू भने थिएनन्। दिनभर हजुरबा र आमासँग खेल्दथे र बालबालिकाले मनोरञ्जन पनि लिन्थे।

गुरुकुलमा पढाउनु अगाडि बालकहरूले राम्ररी खेल्नुपर्दथ्यो। हजुरबुबा र आमालाई त्यो अवस्थाका बालकहरूसँग खेल्न आदेश दिइएको छ। त्यो समय बहुल परिवारको थियो। त्यतिबेला आजभोलिजस्तो छुट्टिएर एक्लै बसी निरस जीवन बिताउन प्रोत्साहन दिइँदैन थियो। परिवारका अग्रजहरू वा हजुरबुबा र हजुरआमा दिन कटाउन नातिनातिनासँग खेल्दै बस्दथे। रमाइलोसाथ नातिनातिनासँग खेल्दै उनीहरूको हेरविचार ती वृद्ध व्यक्तिबाट हुन्थ्यो। यहीँबाट आफ्ना पुराना संस्कारहरू पनि बालकहरूले लिन पाउँथे। छुट्टिएर एक्लै बसेका आजका परिवारमा सदाचार र पूर्वज परम्परा नै बालबालिकाले लिन सक्दैनन् अनि कसरी आफ्नोपन दिन सकिन्छ। त्यही भएर आधुनिक टेलिभिजनका कार्यक्रममा देखिने अन्य संस्कृतिको प्रभाव बढी छोराछोरीहरूमा देखिएका हुन्।

गुरुकुलमा गएपछि पनि कुश र समिधा खोज्न वन जङ्गल जाने, सहपाठीहरूसँग खेल्नेजस्ता कामहरू गराइन्थे। यिनै कुराहरूलाई समाजले बालचेतना र व्यवहारलाई अध्ययन गऱ्यो र विस्तारै सूक्तिहरू निर्माण पनि गर्न थाल्यो। नारदले भनेका छन्: पाँचवर्षसम्म असाध्यै माया गर्नु, पाँच वर्षपछि गाली पनि गर्नु। सोह्रवर्ष पुगेपछि पिताले पनि छोराछोरीसँग मित्रको जस्तो व्यवहार गर्नु किनभने त्यसपछि स्वतन्त्रपूर्वक व्यवहार गर्न

[१९] क्रीडन्तो पुत्रैनप्तृभिर्भोदमानौ स्वेगृहे। १०।८५।४२





सक्तछन्। त्यसपछि वृद्धकालमा उनीहरूका अधीनमा आमाबाबु रहनुपर्छ।[२०]

बालकको दिमाग निर्माण हुनलाई र परिपक्व बन्नलाई पाँचवर्षसम्म लाग्दछ त्यसैले त्यतिञ्जेल उसको दिमागलाई दुःख हुने कुनै पनि कामहरू गर्नु हुँदैन। देखेर वा सुनेर सिक्ने यो अवस्थामा विस्तारै बालकको मास्तिष्क वृद्धि भइरहेको हुन्छ। यसै कारणले लालयेत पञ्च वर्षाणि भनिएको हो। पाँच वर्षसम्म बालकलाई यति स्वतन्त्र छोडिदिनु पर्छ कि कुनै कुराले पनि उसलाई मानसिकतामा गम्भीर नबनाओस्। खानपिनमा राम्रो विचार गरेर उठबसका लागि उचित वातावरण दिनुपर्छ। पालन र पोषणको गम्भीर अवस्था यसै उमेरलाई मानेर पनि उक्त सूक्ति आएको हुन सक्छ। यो पाँच वर्षको अवस्था बालकमा अलिकति पनि चेतना नभएको अवस्था होइन ज्ञानको कमी भएको अवस्थामात्र हो। पाँचवर्ष पूरा गरे पछि ६ वर्षको नलागुञ्जेल नियन्त्रणमा राखी पढाउँछु भन्ने सोच राख्नु किमार्थ राम्रो होइन।

**दशवर्षणि ताडयेत्** यो सूक्तिको भावलाई झट्ट पढ्दा निरंकुश व्यवहारलाई चरितार्थ गरेको देखिन्छ तर यहाँ प्रयोग भएको ताडयेत् शब्दको अर्थ कुट्नु नभएर गाली गर्नु हो। गाली भन्नाले फेरि गल्ती गर्नु हुँदैन भन्ने चेतना दिनु हो। पाँचदेखि दशवर्षको उमरभित्र बालकले घरपरिवार र गाउँका अन्य व्यक्तिहरूबाट थुप्रै कुराहरू यसै समयमा सिक्दछ। यस बेलामा सिकेका यावत् कुराहरू अमेट भएर रहन्छन् त्यसैले गर्नु नहुने कुराहरू गर्न नदिन उसभित्र डर पैदा गराउनुपर्दछ। त्यो डरले उसले नहुने कुनै काम गर्दै नगरोस्। यस सूक्तिले डण्डा लगाएर बालकलाई तह लगाउनुपर्छ भन्न खोजेको होइन। गलत काम गर्नबाट रोक्न सतर्क भएर हिँड्न बोल्न र व्यवहार गर्न सिकाउन यो सूक्ति आएको हो। राम्रो गुण र असल चरित्र निर्माण गराउँन मैले गल्ती गर्नु हुँदैन। गल्ती भयो भने नराम्रो हुन्छ भन्ने भयको वातावरण सिर्जना गर्नुपर्छ। यो

[२०] लालयेत् पञ्चवर्षाणि दशवर्षाणि ताडयेत्
प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत्।
परतो व्यवहारज्ञः स्वतन्त्र पितरौ बिना।
जीवतोरस्वतन्त्रः स्याज्जरयापि समन्वित : ४।१।३६ नारदस्मृति

समयमा स्वविवेक आर्जन भइसकेको हुँदैन त्यसैले डर प्रेरणाका लागि आवश्यक देखिन्छ । यही अवधिभित्रमा उसलाई व्रतबन्धादि संस्कार गरेर पठनपाठनको लागि नियम र अनुशासनका सीमाभित्र राखेर वेदाध्ययनको अवस्था सिर्जना गर्नुपर्ने हुन्छ । सातवर्षसम्ममा त अक्षर शब्द र वाक्यादिका यथेष्ट ज्ञान दिइसक्नुपर्नेहुन्छ । त्यसपछि त बालक गुरुकुलमा गएर ज्ञान लिन तयार हुनसक्ने बनाउन प्रयत्न गर्नुपर्छ । १६ वर्षपछि बालकलाई व्यवहार कुशल ठान्नुपर्छ । तब उनीहरू मातापिताको अनुमतिविना स्वतन्त्र पूर्वक काम गर्न सक्छन् । त्यसपछि गुरु कुलमा गएर २५ वर्षसम्म बसेर पढ्नुपर्ने हुन्छ ।

गुरुको आश्रम जङ्गलमा हुन्थ्यो, एकान्त जङ्गलमा हुने आश्रम विद्यार्थीहरूका लागि पढ्नका लागि निकै उपयुक्त हुन्थ्यो । शिक्षा निशुल्क थियो । प्रचीनकालमा वेदव्यास, भरद्वाज, वशिष्ट, भृगु, याज्ञवल्क्य, अङ्गिर आदिहरूका आश्रममा हजारौंहजार विद्यार्थीहरू रहन्थे । पूर्णतः अनुशासन र नैतिकताको सीमाभित्र रहेर विद्यार्थीहरूले एकै ठाउँबाट चौध विद्या आर्जन गर्दथे, साथमा चौसट्ठी कला र सीप पनि आर्जन गर्दथे, यो एउटा त्यसबेलाको अनूपम अवस्था थियो । एकै गुरुबाट यतिधेरै सीप र शिक्षा आर्जन गर्नु आजभोलि त असम्भव नै छ । चौध विद्यालाई शास्त्रहरूले यसरी उल्लेख गरेका छन् १ पुराण, २ न्याय, ३ मीमांसा, ४ धर्मशास्त्र, ५ वेदका ६अङ्ग (कल्प, व्याकरण, छन्द, निरुक्त, ज्योतिष आदि) ६ चारवेद यी चौधविद्या पुरुषार्थ साधनका कारण हुन् ।[२१]

सातवर्षसम्म बालकलाई घरमै परिवारको रेखदेख र पोषण गर्दै सामान्य शिक्षा दिइन्थ्यो भने आठवर्षदेखि सोह्रसम्म गुरु र उपाध्यायबाट सामान्य वेद र वेदका अङ्गहरू सिकाइन्थे । त्यसपछि आचार्यबाट यावत शिक्षाका अङ्गहरू र रहस्यहरू पढाइन्थे । यो क्रम विकसित हुँदै गएपछि विद्यालय र विश्वविद्यालयको सोच आयो । विस्तारै बौद्धकालीन अवस्थामा आठदेखि सोह्रसम्म विद्यालय र त्यसपछि विश्व विद्यालयमा पढ्नुपर्ने व्यवस्था मिलाइएको थियो । बौद्धविहारले यस्ता विश्वविद्यालयहरू स्थापना गरेका कुराहरू प्रशस्त पाइन्छन् । तेस्रो शताब्दीतिर अशोकले मनुष्य र पशु

[२१] पूराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चर्तुदशः ॥३आचार अध्याय याज्ञवल्क्य





दुवैका लागि अस्पताल खोलेको कुरा इतिहास प्रसिद्ध छन् । शिक्षा निरन्तर प्रक्रिया हो । प्राचीनकालीन शिक्षा बढी बौद्धिक र अन्तरमुखी बनेर आए भने आधुनिक शिक्षा बढी भौतिक हुँदै गए त्यसैले यसको प्रभाव बहिर मुखी बन्न पुग्यो । बाह्य वस्तु र आकर्षणमा बाल मस्तिष्क खिचियो किनभने विस्तारै मानवीय स्वभाव सुख, सुविधा र आरामदायी वस्तुमा ढल्कियो ।

प्राचीनकालमा गुरुकुलमा बसेर पढ्दा ब्रह्मचारी भेष र तप उसभित्र जगाइन्थे । ब्रह्मचर्यत्व नै उसको तपस्या हो । यो अवस्था निकै लामो रहन्छ । सोह्रबर्ष नपुगुन्जेल यसरी नै व्यवहार गर्दै पढ्नमा मन लगाउने अनेकौं प्रयत्नहरू गर्नुपर्छ त्यसपछि भने ऊ बालिग बन्दछ त्यसैले सोह्र बर्षपछि पिताले पनि मित्रभौं व्यवहार गर्नुपर्छ ।

**प्राप्ते तु षोडशे वर्षे पिता मित्रवदाचरेत ।**

यसरी व्यवहार शुद्ध गर्दै निश्चित समयमा पठनपाठन गराउँदै जानुपर्छ । पूर्वीय मान्यतामा कुनै पनि मानिस अयोग्य हुँदैन । अयोग्य वातावरण र उपयुक्त रेखदेख गर्ने मानिसको अभावमा मानिस अयोग्य र खराब बन्दछ । यस विषयमा शास्त्रले उल्लेख गरेको छः

**अयोग्य पुरुषो नास्ति योजक स्तत्र दुर्लभः ।**

जन्मदा सबै मानिस शुद्ध र योग्य भएर जन्मिएका हुन्छन् तर त्यो बालकलाई ठीकसँग बाटो लगाउने मानिसको चाहिँ अभाव हुन सक्छ । यिनै कारणहरूले विभिन्न विद्वान् र धर्मशास्त्रले अभिभावकहरूलाई सजग बनाएका छन् । आमाबुबाले आफ्ना छोराछोरीलाई यथेष्ट पढाउनु त छँदैछ । त्यससँगै उसलाई समाजमा स्वतन्त्र पूर्वक केही गरेर खान सक्ने पनि बनाउनुपर्छ । अनावश्यक ऋण गरेर छोराछोरीलाई ऋणको भागीदार बनाउने कुनै पनि काम गर्नु हुँदैन । उनीहरूले छोराछोरीको सुनिश्चित भविष्यको तय गरिदिनुपर्छ । यस्तो परिवेश सिर्जना गर्नुपर्छ कि पढाइ सिद्धयाएपछि आफ्नो क्षेत्रको काम आफैं रोजेर स्वतन्त्रपूर्वक आफ्नो काम आफैं गर्न सकोस् ।[२२]

पिताले राम्ररी छोराछोरीलाई पढाउनुपर्छ र जीवन निर्बाहको उपयुक्त

[२२] विद्यागमार्थं पुत्रस्य वृत्यर्थं यतते च यः ।
पुत्र सदा साधु शास्ति प्रीति कृत सपिता नृणी ॥३।२५५ शु. नीति

प्रयत्न गरिदिनुपर्छ। ऋण बोकाउनु हुँदैन। जो पिताले यी कामहरू गर्छ त्यही पिता छोराछोरीलाई असल माया गर्ने हुन्छ।

उपयुक्त नीति पितामाताले छोराछोरीलाई योग्य बनाउन पहल गर्नुपर्छ भनेर सचेत तुल्याउन आएको हो र यसरी नै पितामाताको वास्तविक कर्तव्यलाई चिनाउन पनि खोजेको हो। बालबालिकाको सुनिश्चित भविष्य भनेकै उसले आर्जन गरेको शिक्षा र सामाजिक व्यवहार हो त्यसैले कोही पनि अभिभावकले छोराछोरीहरूलाई पढाउन कञ्जुस्याइँ गर्नुहुँदैन। यदि हेलचेक्र्याइँ गरेर छोराछोरीलाई पढाइएन भने ती नपढाउने मातापिता छोराछोरीका लागि शत्रु बराबरै हुन् भन्ने तर्क चाणक्यले दिएका छन् त्यसैले बाल्यकालदेखि नै पढाइ गर्नुपर्ने वास्तविकतालाई देखाउँदै पितामातालाई कडा निर्देशन चाणक्यले दिएका छनः छोराछोरी नपढाउने आमा छोराछारीका लागि शत्रु हुन्छिन् र नपढाउने पिता वैरी हुन्छन्। किनभने अपढित व्यक्ति सभाको शोभा हुँदैन। हाँसको माझमा बकुल्लो झैं एक्लो बन्छ।[२३]

समुदायमा अमिल्दो देखिनुले आत्माहीन भावना जागृत गराउँछ। अरूबाट तिरस्कृत भएको महसुस गराउँछ। यस्तो अवस्था बनाएर छोराछोरीलाई आत्महीन बनाउनु अविभावकको कर्तव्य होइन।

त्यस समयमा छोराछोरीलाई पढाउनै पर्ने अनिवार्यता र सामाजिक परम्परा थियो र राज्यले पनि प्रजालाई छोराछोरी पढाउन प्रोत्साहित गर्नुपर्दथ्यो। नपढेको सन्तानले समाजमा निकै हीनतापूर्वक जिउनु पर्दथ्यो। त्यसैले वैदिककालमा मण्डुकी जेठी श्रीमती इतराले छोरालाई पढाउन पठाएर एक योग्य सन्तान बनाएको प्रसङ्ग वैदिककालको इतिहासमा छ। मण्डुकी जेठी श्रीमती इतराबाट जन्मिएका ऐतरेय लठेप्रा थिए। यो देखेर मण्डुले दोस्रो विवाह गरे। पीङ्ग नामकी कान्छी श्रीमतीबाट उनका चार सन्तान भए। इतराको छोरो लठेप्रो भएकोले हेपिएको महसुस गरिन् र पढाउने जमर्को गरी छोरोलाई गुरुकुल पुऱ्याइन्। गुरुकुलबाट निकै राम्रो शिक्षा ग्रहण गरी ऐतरेय महान् विद्वान् भए।

---

२३ माताशत्रु पितावैरी येनवाला नपाठिता।
नशोभन्ते सभामध्ये हंसमध्ये वकोयथा॥ २।११ चाणक्य





त्यस बेला सामान्य मानिस हैन राजखानदानका छोराछोरीलाई पनि गुरुकुलमा पढन पठाउँथे। प्रह्लादलाई हिरण्यकशिपुले पाँच वर्षकै उमेरमा गुरुहरूको जिम्मा लगाए। त्यस बेला जात विशेषले पढ्न नपाउने भन्ने केही थिएन र खानदान विशेषले पढाइमा बाधा तुल्याउँदैन थियो। कृष्ण र सुदामाले एकै सान्दिपिनी गुरुबाट शिक्षा ग्रहण गरेका छन्।

राजाहरूका निश्चित राजगुरु नभएका त होइनन् तर उक्त गुरुहरूले राजपुत्रबाहेक अरूलाई पढाउदिन भन्ने सोचचाहिँ राख्दैन थिए। युवराज आदिलाई भने विशेष राजनीति र शस्त्रअस्त्र विद्यामा जोड दिइन्थ्यो। अन्य विषयको पनि त्यतिकै राम्रो अध्ययन गराइन्थ्यो।

त्यो समय गुरुको निकै महत्व गरिने समय थियो त्यसैले विद्यार्थीहरू जन्मले एक वशंका हुन्थे भने विद्याले अर्को वंशका हुन्थे त्यसैले कतिपय शास्त्रहरूले उल्लेख गरे :**वंशा द्विधा विद्यया जन्मना च**

यसरी दुई वंशपरम्परा प्राचीन धर्मशास्त्रमा भेटिन्छन्। आजभोलि हामीसँग भएका थरगोत्रहरू जन्मवंश र गुरुबाट चल्दै आएका हुन्।

आजभोलिको जस्तै धेरै पैसा तिर्ने ठाउँमा राम्रो पढाइ र प्राविधिक शिक्षा दिइने अनि थोरै पैसा तिर्ने ठाउँमा काम चलाउशिक्षा दिने परिपाटी त्यतिबेला थिएन। सबैलाई समान शिक्षा दिइन्थ्यो। पछि स्मृति समयमा आइपुग्दा धर्मसूत्र आदिले व्यवस्थित तुल्याउँदै ल्याएको वर्ण यवस्था अनुरूपको विशेष शिक्षा दिने चलन पनि थपिँदै आयो तर पूरै एक वर्णले अर्को वर्णको शिक्षा नलिने भन्ने होइन। क्षेत्र र कर्मको किटान गरिएकाले ब्रह्मविद्या क्षत्रविद्या, वैश्यविद्या र शिल्पविद्या सबैले लिनै पर्दथ्यो त्यसमा थपरूपमा वर्णव्यवस्थाले तोकेको शिक्षाचाहिँ थप लिनु पर्दथ्यो। गुरु त एउटै हुन्थे। एउटै गुरुबाट यति धेरै शिक्षा लिन पाइने शिक्षाको संस्थागत विकास गुरुकुलबाट भएको थियो।

द्रोणाचार्य र परशुराम ब्राह्मण हुन् तर शस्त्रशिक्षा दिनमा उनीहरू नै सिपालु थिए। यति बेलासम्ममा वर्णव्यवस्था व्यवस्थित भइसकेकोथियो।

त्यसबेलामा विद्यार्थी परीक्षण गर्ने एउटा विशेष चलन पनि थियो। त्यति बेला पनि हिजोआजजस्तो प्रवेश परीक्षा लिने चलन थियो तर त्यसबेला आजको जस्तो लेखेर पास गर्ने चलन थिएन। आश्रममा पुगेपछि गुरुले दिएका सीमाभित्र रही नियमितरूपमा नैतिकता पूर्वक वर्षदिनसम्म

अध्ययन गर्नुपर्दथ्यो । त्यसपछि त्यही वर्षदिनको उसको क्रियाकलापले उसको भविष्यको पढाइलाई निर्धारण गर्दथ्यो । गुरुले स्वस्थ मूल्याङ्कन गर्थे । त्यसमा पास भएपछि बल्ल ऊ पढ्न सक्तथ्यो । यसमा उसका बानीबेहोरा, पढाइ र सुधारको ग्रहणलाई मापनका आधार बनाइन्थे ।

## विद्यार्थी परीक्षण (पढ्नका लागि)

एकवर्षसम्म गुरुले राम्ररी सदाचार र हरेक विषयका ज्ञान दिनुपर्छ त्यति बेलासम्ममा विद्यार्थी सदाचार र मनस्वी बनेर रहन सक्ने देखियो भने त्यस्तो विद्यार्थीलाई गुरुले राम्ररी पढाउन लाग्नु पर्दछ। आचरण र व्यवहारमा कुनै पनि सुधार देखिएन भने त्यसलाई नपढाइ विदा गर्नुपर्दछ ।[२४]

परीक्षणमा आचरणलाई विशेष महत्त्व दिइन्थ्यो । विद्यार्थीको आहार र विहारले उसको पढाइ र व्यवहार निर्धारण हुन्छन् भन्ने शास्त्रको निर्णय छ त्यसैले ब्रह्मचारीका लक्षणहरू तोकिएका थिए। गुरुकुलमा पढ्न गएपछि त्यहाँका आफ्नै नीति र मर्यादा थिए । त्यहाँ खानपान र लवाइलाई विशेष ध्यान दिइन्थ्यो । शास्त्रहरूले खानपान र लवाइले उसका पढाइमा असर पार्छन् भन्ने मनोवैज्ञानिक तर्क दिएका छन् । हिजोआज विद्यार्थीहरूले टाइ, सर्ट र पेन्ट अङ्ग्रेजी विद्यालयले पोशाक तोकेझैँ त्यसबेला ब्रह्मचारीले आश्रमभित्र रहुञ्जेल निश्चित नियम अपनाउनै पर्दथ्यो ।

## लवाइ (पोशाक)

हरेक कामका आफ्नै खाले पोशाकहरू रहेका छन् । ब्रह्मचारी (विद्यार्थी) गृहस्थी, वानप्रस्थी र सन्यासका आआफ्नै भेषभूषा रहेका छन् । ब्रह्मचारीको भेषभूषामा मेखला, मृगको छाला र दण्डको धारण हुन्थे ।

२४ एवमाचार सम्पन्न मात्मरम्भ सदाहितम् ।
वेदधर्मपुराणंच तथा तत्वानि नित्यशः ॥
संवत्सरोषिते शिष्ये गुरुर्ज्ञान विनिर्दिशेत ।
हरते दुस्कृतं तस्य शिष्यस्य वत्सरे गुरु ॥
३।२२,३४, ३५ उशनस्मृति





यसैबाट ब्रह्मचारी हो भनेर चिनिन्थ्यो ।[२५]

अन्य कपडामा धोती, भोटो आदि सामान्य कपडाहरू लगाइन्थे । रङ्गीविरङ्गी कपडा र कपाललाई छाँरकाट पारेर काट्ने कामको निषेध थियो । त्यो ब्रह्मचारी अवस्था भनेको अत्यन्तै सम्यम् गर्नुपर्ने अवस्था हो त्यसैले पराशरले विद्यार्थीका लागि दिन हुने र नहुने कुराहरूका बारेमा लेखेका थिए । पोशाक जिम्मेवारीप्रतिको दायित्त्वबोध हो ।

सन्यास लिएकालाई पैसा, ब्रह्मचारी भएको अवस्थामा ब्रह्मचारीलाई ताम्बुलपान आदि र चोरलाई अभयदान दिने व्यक्ति स्वयं नरक जान्छ ।[२६]

पराशरका अनुसार यस्ता कुराबाट उनीहरूले ठीक बाटो लिँदैनन् । जिब्रोको स्वादका लागि खाने कुराले र आरामका विलासी खाने कुराले पढाइलाई प्रभावित पार्दछन् । पौष्टिक खाना उपयुक्त हुन्छ तर विलासिताका लागि खाने पदार्थले स्मरणशक्ति र ज्ञानमा नै कमी हुने कुरा उनले उल्लेख गरेका छन् । सांसारिक मोहबाट विरक्तिएर आत्मिक लाभका लागि तप गर्ने सन्यासीलाई पैसा दिनु भनेको उसको साधना भङ्ग गर्नु हो। त्यसरी नै नियमित पढाइमा तल्लीन भएको विद्यार्थीहरूलाई पानसुपारी दिनु भनेको ऐयासी बनाउनु हो । त्यसरी नै चोरलाई दण्ड नदिई त्यसै छोडिदिनु भनेको फेरि चोर्न जा भन्नु हो ।त्यसले उक्त व्यक्तिहरूलाई उक्त कुराहरू दिएर अल्मल्याउने काम कसैले पनि गर्नुहुँदैन। यस्तै अन्य कुराहरू पनि विद्यार्थीहरूलाई निषेध गरिएका थिए ।

## विद्यार्थीलाई निषेध गरिएका कुराहरू

विद्यार्थीलाई निषेध गरिएका कुराहरूमा मधु, मासु, सुगन्धित वस्तुको धारण, माला आदि अलङ्कारको धारण, स्त्रीप्रसङ्ग, अमिलो, पीरो, प्राणीको

२५ मेखला जिन दण्डैश्च ब्रह्मचारीतिलक्ष्यते ।१।१३४ दक्षस्मृति

२६ यतये काञ्चनं दत्वा ताम्बुलं ब्रह्मचारिणे ।
चौरेभ्योऽप्यभयं दत्वा दातापि नरकं व्रजेत ।१।६० पाराशरस्मृति

हिंसा,नुवाउँदाबाहेक तेल धस्ने काम र नुहाउँदाबाहेक गाजल लगाउने काम, क्रोध, लोभ, र नृत्यको पढाइ बाहेक मनोरञ्जनका लागि नृत्य। झुटो बोल्ने, वासनात्मक दृष्टिले नारीलाई हेर्ने, अङ्कमाल गर्ने, अरूको कुभलो सोच्ने कामहरू विद्यार्थीले कहिल्यै गर्नुहुँदैन। मनुस्मृतिमा झैँ याज्ञवल्क्य स्मृतिमा पनि उक्त कुराहरू विद्यार्थीलाई निषेध गरिएका थिए।[२७]

उक्त व्यवहारहरूले शिक्षार्जनमा अवरोध पुऱ्याउँछन्। मन एकत्रित हुन सक्तैन। मन एकत्रित हुन नसकेपछि विषयको मर्म समाउन सकिँदैन। खाने कुराहरूमा तीन तत्व रहेका हुन्छन् त्यसमा सत्वगुण युक्त खानाले दिगो र धीर बन्न प्रोत्साहित गर्छन् भने रजोगुणयुक्त खानाले अहङ्कारी र क्रोधी बनाउँछ। त्यस्तै तामसी खानाले कामी, अभिमानी, निर्दयी र अल्छी बनाउने हुँदा तामसीगुणको मात्रा अधिक रहने खानेकुरा विद्यार्थीहरूले खानु हुँदैन भनिएको हो। उक्त तीन गुण सबै खाने पदार्थहरूमा रहेका हुन्छन् तर मात्रा भने फरकफरकरूपले रहेका हुन्छन्। यसलाई आहार शुद्धाताका विषयमा चर्चा गरिन्छ।

यी विभिन्न कारणहरूले त्यसबेला जथाभावी खानमा नियन्त्रण गरिन्थ्यो त्यसैले ब्रह्मचारीलाई धर्म, कर्म, कर्तव्य जे भने पनि पढनु नै मेरो उद्देश्य हो भन्ने भावना जागृत गराउनु आवश्यक थियो। यस्तै राम्ररी सोचविचार गरी विद्यार्थीहरूलाई विभिन्न उदाहरणसाथ र शिक्षा दिइन्थ्यो।

विद्यार्थीहरूलाई पढपढ भन्दै सधैँ कचकच गरिरहनु पनि राम्रो होइन। उसलाई त मैले पढ्नुपर्छ भन्ने भावना भित्रबाटै जागृत गराउनु पर्छ। यसका लागि पढ्नुको महत्व बुझाएर पढ्नका लागि हानी पुऱ्याउने विषयको ज्ञान पनि दिनुपर्छ। अनिमात्र मनलाई बराल्ने विषयतिर विद्यार्थी लाग्दैन त्यसैले नीति र स्मृतिहरूले विद्याको महिमा गाउँदै विद्यार्थीलई प्रभाव पार्दथे।

कामधेनुले जसरी इच्छित वस्तु दिन्छिन् विद्यामा पनि त्यस्तै गुण हुन्छन्। जुनसकैु समयमा पनि निस्फल नभई व्यक्तिका लागि सधैँ

[२७] २।१७७...७९ मनुस्मृति
मधुमांसाञ्जनोच्छिष्टशुक्तस्त्रीप्राणिहिंसनम्
भास्करालोकनाश्लीलपरिवादादि वर्जयेत् ।१।३३ याज्ञवल्क्य





फलदायी हुने विद्यामात्र हुन्छ। विदेशमा आमाजस्तै सहयोगी हुने विद्या गोप्य र महत्वपूर्ण धन हो।[२८]

त्यसैले मन लगाएर विद्यार्थीले पढ्नुपर्छ। यस्तो विद्या प्राप्त गर्न विद्यार्थीले ६ वटा शत्रुलाई जित्नु पर्छ। ती हुनः काम, क्रोध, मद, मोह, लोभ, मात्सर्य यी छवटा शत्रुलाई जित्ने मानिस सफल बन्दछ।[२९]

यसैका लागि खानमा विशेष विचार पुऱ्याइएको हो। विनयशीलता विद्याको गुण हो। त्यसबेला विद्यार्थीलाई हरव्यवहारबाट विनयी बनाउन कोशिस गरिन्थ्यो। नीतिशास्त्रहरूले विद्वार्थीहरूलाई बारम्बार सिक्ने र राम्रो बन्ने प्रेरणा लिन आग्रह गर्दथे।[३०]

उनीहरू भन्दथेः–मान्यजनलाई अभिवादन गर्ने बानी र वृद्धहरूलाई सेवा गर्ने गुण भएको मानिसको आयु, विद्या यश र बल बढ्दछन्। यसभित्र निकै ठूलो मनोवैज्ञानिक रहस्य लुकेको छ। नम्रता मानवीय गुणमध्येको प्रथम गुण हो। त्यस्तै वृद्ध अनुभव र परिपक्व ज्ञानका स्रोत हुन्। तिनीहरूको नजिक रहनु अधिक ज्ञान लिनु हो। विद्याको महत्व दर्शाउन अन्य थुप्रै यस्ता उदाहरणहरू छन्। **नास्ति विद्या समम् चक्षुः** (बृहन्नारदीयपुराण) ६०।४३

भौतिक जगतलाई देख्ने आँखा बाहिर छनभने भित्री आँखा भनेको शिक्षा हो। यसको सबैभन्दा बढी महत्व रहेको हुन्छ। यसरी नै विद्याको महत्व दर्शाउँदै विद्वानहरूले अनेक सूक्तिहरू दिएका छन्। ती भनाइहरू सार्भभौम छन् जस्तैःयो विद्यालाई न चोरले चोर्छ न राजाले हरण गर्नसक्छ। न यो भाइ अंश लाग्छ। न यो बोक्न नसक्ने भार बन्दछ। यो जति बाँड्यो त्यति नै बढ्दै जान्छ त्यसैले संसारका सबै धनभन्दा विद्या धन ठूलो छ।

[२८] कामधेनुगुणाविद्या ह्यकाले फलदायिनी।
प्रवासे मातृसदृशी विद्या गुप्त धनस्मृतमर ॥४।५ चाणक्य

[२९] कामं क्रोधं मदं मोहं लोभ मात्सर्य मेवंच।
मन षड्वैरिणो जित्वा सर्वत्र विजयी भवते ॥ स्कन्दपुराण

[३०] अभिवादन शीलस्य नित्य वृद्धोपसेविनः।
चत्वारो तस्य वर्धन्ते आयु र्विद्या यशो बलम् ॥

**नचौर हार्यं न च राजहार्यं नभ्रातृभाज्यं न च भारकारी ।**

**व्ययेकृते वर्द्धत एव नित्यं विद्या धनं सर्वधनः प्रधानम् ॥**

यस्ता विविध उदाहरणहरू प्रस्तुत गरेर मानिसमा विद्याको महत्व दर्शाइन्थ्यो र स्वयं पढ्ने विद्यार्थीले पनि मेरो सबैभन्दा ठूलो उद्देश्य र लक्ष्य भनेको पढ्नु हो । मैले अन्य सबै कुरा विर्सिएर पढ्नुपर्छ । मेरो जीवनको प्राप्ति यस पढाइमा रहेको हुनाले यसैमा म खुसी हुनुपर्छ भन्ने ज्ञान गराएपछि विद्यार्थी तन्, मन्, वचन र कर्मले पढ्नमा रुचि राख्दथे ।

खानपानमा शुद्धता खोज्नुको वैज्ञानिक कारण के हो भने हाम्रो मनलाई स्वस्थ र स्वच्छ राख्न सकेमात्र हामी राम्ररी सिक्न सक्तछौं । मन, बुद्धि र चित्तलाई सफा राख्न शुद्ध आहारको (सात्विक भोजन) आवश्यकता रहन्छ । दानव, मानव र देवता खानपानबाट प्राप्त हुने विचार र बुद्धि नै हुन् । स्वभावलाई उक्त खानपानले नियन्त्रण गर्छ त्यसैले शास्त्रहरूले आहार शुद्धिलाई विशेष महत्व दिएका छन् । यस विषयमा छान्दोग्योपनिषदले विशेष चर्चा गरेको छ ।

## आहार शुद्धि किन ?

शुद्ध खानाले अन्तस्करण पवित्र बन्दछ । अन्तः कारण शुद्धि भएपछि स्मृति स्थिर हुन्छ । स्मृति शुद्धिले हृदयका अज्ञानताका ग्रन्थिहरू फुक्दछन् अथवा रहस्य बुझिन्छ । यही खानामा नियन्त्रण गरेर सनत्कुमारादिले आफ्नो दोष हटाए र नारदलाई असल बाटो देखाए त्यसैले सनत्कुमारादिलाई स्कन्द पनि भनिन्छ ।[३१]

अर्थात् ऋषिमहर्षिहरू यही आहार शुद्धिले अमल चित्त भएका हुन् । मन र बुद्धिमा रहेको फोहर र प्रदूषणलाई सात्विक आहारले मात्र सफा गर्न सक्तछन् र ज्ञान र चेतना फुर्दछन् ।

---

३१ आहार शुद्धौ सत्वशुद्धि सत्वशुद्धौ ध्रुवाः स्मृतिलम्भे सर्व ग्रान्थिनां विप्रमोक्षस्तस्मै मृदित कषायाय तमसस्पारं दर्शयति भागवान् सनत्कुमारस्तस्कन्दइत्याचक्षते- । ७।२६।२ छान्दोग्य





## कस्तो अन्न खाने ?

माथि नै हामीले अन्नमा सत्व, रज र तमजस्ता तीन गुण रहेका हुन्छन् भन्ने कुरा गरिसकेका छौं । यस कुरालाई छान्दोग्योपनिषदले व्यापक रूपमा विश्लेषण गरेको छ । जुन कुरा आजको विज्ञानले पनि प्रमाणित गरिसकेको छ ।[३२]

हामी जुन अन्न खान्छौं । हामीले खाइसकेपछि त्यो तीन भागमा विभक्त हुन्छ । तीन भागमा धेरै ठूलो भाग मल बन्दछ र बाहिर जान्छ त्यस्तै मध्यमभाग रस बन्दछ । त्यो रक्तमा प्रबाहित हुन्छ यसले रगतमा प्रभाव पार्दछ । यसरी नै सूक्ष्म भागले मनलाई प्रभावित पार्छ । यसैले हामीले हरेक पटक खाएको अन्नले हामीलाई प्रभाव पार्ने हँदा खाने कुरा ज्यादै सोचेरमात्र खानुपर्दछ ।

यसरी नै पानी पनि हामीले खाइसकेपछि त्यसले हामीलाई प्रभाव पार्दछ त्यसैले जाँड र रक्सिजस्ता झोल पदार्थबाट हामीलाई नोक्सान पुऱ्याइन्छ । त्यस्तै पिइसकेपछि पानी पनि तीन भागै बन्दछ ।[३३]

पिएको पानीको स्थूल भाग मूत्र बन्दछ त्यसको मध्यभाग रगत र अर्को सूक्ष्मभागले प्राण योग्य बन्दछ । खाएका घ्यू ,तेलहरू पनि यसरी नै तीन भाग भएर काम गर्छन् । तैजस कुराका स्थूल भागबाट हड्डी, मध्यभागबाट बोसो र हाड जोर्ने पदार्थ (मासी) बन्दछ भन्ने अर्को सूक्ष्म पदार्थबाट वाणी बन्दछ । अन्नबाट मन, जलबाट प्राण र धृतादि पदार्थबाट वाणी निर्माणहुने हुँदा हामीले खाने हरेक पदार्थ ज्यादै योग्य हुनुपर्छ । हामीलाई चञ्चल, उत्ताउलो, व्यभिचारी बन्न र सोझो भलाद्मी, धैर्य बन्न यिनै खाने पदार्थले काम गरेको हुन्छ त्यसैले शास्त्रहरूले खानेकुरामा विशेष जोड दिएका हुन् । पछिका चरणहरूमा यी खाने कुराहरूलाई धर्मको नाम जोडेर भक्ष्य र अभक्ष्य गरी दुई भागमा विभक्त गरिए ।

---

३२ अन्नमसित त्रेधा विधियते तस्य यः ।
स्थाविष्ठो धातुस्तत्पुरीषं भवति यो मध्यम स्तरमांस योऽणिष्ठन्मन ॥
छन्दोग्योप

३३ आप पीता स्त्रेधाः विधियन्ते तासा यःस्थविष्णे धातु स्तमुत्र भवति यो मध्यमस्तल्लोहित योऽणिष्ठः सः प्राणः

यिनै विविध कारणहरूले विद्यार्थीहरूलाई खानपानमा विशेष जोड दिएर पथपरेजमा राखिएको हो । फलफूल दुध, घ्यू, साग आदि शुद्ध आहार मानिन्छन् । यस्ता खानाले विचार शुद्ध भई शान्त स्वभावमा मानिस रहन्छ । उत्ताउलोपन देखिँदैन ।

## त्यसबेला विद्यार्थीहरूले गर्ने काम

गुरुकुल वा आश्रममा गएपछि बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म विद्यार्थीहरूले पढिरहनु पर्दथ्यो वा उनीहरूले अन्य काम पनि गर्नुपर्दथ्यो । यस विषयमा जानकारी लिनु पनि निकै महत्वपूर्ण छ ।

बिहान सूर्योदयको साथसाथ शुद्ध हावा ग्रहण गर्न विद्यार्थी जङ्गल जान्थे । जङ्गल टाढा हुँदैन थियो । त्यही आश्रम वरिपरि जान्थे । त्यहाँबाट हवन गर्ने समिधा (दाउरा) पूजा गर्ने कुश, पुष्प, भुइँ लिप्ने माटो, गोठबाट गोबर ल्याउनु पर्दथ्यो । सायंकाल नजिकिएपछि पनि यसरी नै उक्त कामहरू सबै विद्यार्थीहरूले गर्नुपर्दथ्यो । स्नान र घडामा पानी ल्याउनेजस्ता नित्य कर्महरूले विद्यार्थीहरूलाई नियमित बनाउने काम गर्दथे । यसपछि बिहानका नित्यकर्महरू पूरा गरेपछि स्वाध्यायन र पठनपाठन सुरु हुन्थ्यो । त्यसपछि मध्यान्हमा छुट्टि हुन्थ्यो जसलाई मध्याह्न बार्ने भन्ने चलन थियो । त्यसपछि भिक्षाटन हुन्थ्यो । यसकुरालाई मनुस्मृतिमै उल्लेख गरिएको छ । स्मृति अनुसार :–अलि टाढा गएर विद्यार्थीले समिधा ल्याउनुपर्छ । त्यो समिधालाई खुला ठाउँमा राख्नुपर्छ । त्यसपछि त्यस समिधालाई बिहानबेलुका हवनका लागि प्रयोग गर्नुपर्छ ।[३४]

त्यस समयमा आश्रम जङ्गलमै हुन्थ्यो तर नजिकै रुख काट्नु हुँदैन थियो त्यसैले टाढाबाट समिधा खोजेर ल्याउने र राख्ने काम हुन्थ्यो । अल्छी नभै बिहानबेलुका ती समिधाको प्रयोग गरी अग्निमा हवन गर्ने गर्नुपर्छ । यसरी समिधा ल्याउने कामहरू विद्यार्थीका नित्यकर्म हुन् ।

यसरी नै आश्रममा विद्यार्थीले गर्ने अन्य कामहरूमा पनि छन् । ती

[३४] दूरादाहृत्य समिधः सन्निदध्याद्वियायसि ।
सायंप्रातश्च जुहुयात्ताभिरग्नियतन्द्रितः ॥ २1१८६ मनु





कामहरूमा हरेक दिन घडामा पानी ल्याउने, आवश्यकतानुसार पुष्प, गोबर, माटो, कुश आदि आश्रमलाई चाहिने सामाग्री ल्याउने र भिक्षा मागेर ल्याउने काम गर्नुपर्दथ्यो । मागेर ल्याएको भिक्षा नै विद्यार्थीको भोजन बनाउने खाद्य सामाग्री हुन्थ्यो ।[३५]

यी काम दिनको निश्चित समयमा गरिन्थे । भिक्षाबाट ल्याएका सबै चीज गुरुका समीपमा बुझाउनुपर्दथ्यो । भिक्षा माग्ने ठाउँपनि निश्चित हुन्थे ।

पढ्नका लागि पनि निश्चित तरिका र बसाईको अवस्था मिलाउनु पर्थ्यो । आश्रममा सामान्य ओछ्याउने र लगाउने कपडा राख्नुपर्दथ्यो । विद्यार्थीहरूलाई आश्रममा वस्ता कतै टाढा गएर बसेको जस्तो मानसिक त्रास दिइँदैनथ्यो । आचार्य भनेका आमाबुबा समान हुन् भन्ने आभाष गराइन्थ्यो कतिपय आश्रममा गुरुमाता पनि हुनेहँदा विद्यार्थीहरूले आमाको ममता गुरुमाताबाट पाउँथे । गुरुहरूले विद्यार्थीहरूलाई राम्ररी पढाउँदै लैजाँदा आचार्य ,मातापिताका विषयमा महत्वपूर्ण गहन चेतना भरिदिएका हुन्छन् र बालबालिकाहरूमा तिनीहरूको सेवा र शुश्रुषा गर्दा फल प्राप्त हुने कुरा पनि शिक्षा दिएका हुन्छन् ।

त्यस बेला गुरुहरूले विद्यार्थीका मनमा गहन रूपमा आचार्य पिता, माता र भाइबन्धुको छाप छोडेको हुन्थ्यो । स्वाभाविकरूपमा विद्यार्थीले आचार्य(गुरु),माता र पितालाई श्रद्धा गर्ने परिवेश थियो ।[३६]

उनीहरूले यस्तो बुझ्दथे : आचार्य ब्रह्मकै मूर्ति हुन् । पिता शिवका मूर्ति हुन् । आमा पृथ्वीकै मूर्ति हुन् भने भाइ र दाजु आफ्नै मूर्ति हुन् । यस परिवेशले आफूलाई भिन्न सोच्न दिँदैन थियो । आफन्त र आफूले मान्नुपर्ने व्यक्तिप्रति त्यही अनुरूप व्यवहार गर्न मद्दत् पुऱ्याएको हुन्छ । स्मृतिले उक्त तीनै समूहको सम्मान गर्नु तप हो भनेको छ ।[३७]

[३५] उदकुम्भं सुमनसो गोशकृन्मृतिकाकुशान् ।
आहरेद्यावदर्थानि भैक्षं चाहरहश्चरेत् ॥ २1१८२ मनु

[३६] आचार्या ब्रह्मणो मूर्तिः पितामूर्तिः प्रजापतेः ।
माता पृथिव्या मूर्तिस्तु भ्राता स्वो मूर्तिरात्मनः ॥ २।२२६ मनु

[३७] तेषां त्रयाणां शुश्रुषा परमं तप उच्यते । २।२२८

माता,पिता, गुरु र बन्धुहरूको सेवा गर्नु धर्म हो त्यसैले उनीहरूलाई कहिल्यै दुःख दिनु हुँदैन ।

यसरी नै तत्कालीन समयमा विभिन्न परिवेशमा अनध्याय(विदा) दिने प्रचलन थिए । त्यसबेला एकोहोरो पढाइमात्र हुँदैन थियो विदा पनि हुन्थ्यो । विदा हुने निश्चित दिन हुन्थे ।

## अनध्याय (विदा हुने दिन)

ब्राह्मणभाग वा वेद पढेर पूरा गरेको दिन, औसी, पूर्णिमा, प्रतिपदा, चतुर्दशी, अष्टमी, ग्रहण, ऋतुसन्धी, श्राद्धको भोजन गरेका दिन, श्राद्धमा केही दान लिएको दिन विदा हुन्थ्यो । यसरी नै गुरु, शिष्य, ऋत्विक, बन्धु आफ्नै शाखाका वेदपाठीको मृत्यु हुँदा, उपकर्म, उत्सर्गमा ३ दिन, सन्ध्याको समय, मेघ गर्जनभएको बेला, भूकम्प आएको दिन, उल्कापात भएको दिन, गुरुले पढाइरहेको बेला न्याउरी मुसो, कुकुर सर्प गुरु र शिष्यका बीचबाट हिँड्यो भने त्यसलाई अपशकून मानेर त्यसदिन अनध्याय बार्नुपर्दथ्यो । यी अनाध्यायहरू उपवेद र वेदका अङ्गहरू पढ्दा वार्नु पर्दैन थियो ।

वेद पढन निकै सम्यम् र विशेष गम्भीर बन्नु पर्ने हुँदा वेद पढनका लागि निश्चित नियम तोकिएको हुन्छ । तोकिएको नियम पूरा नगर्नेलाई वेद पढन दिइँदैन थियो ।

**उपनयार्थ विद्यार्थ श्रुतितः संस्कार** (**आपस्तम्ब**) वेद पढ्नका लागि यज्ञोपवित संस्कार गर्नैपर्ने हुन्थ्यो । यज्ञोपवित कर्मलाई व्रतबन्ध पनि भनिन्छ । व्रत र तपस्याको लागि योग्य बनाउन व्रतबन्ध संस्कार गराइने हो ।। यज्ञ भनेको पवित्र र महत्त्वपूर्ण कर्म हो । उपवितको अर्थ लगाउँनु भन्ने हुन्छ । समग्रमा यसको अर्थ हुन्छ व्यवस्थित भएर अनुशासितरूपमा राम्रा काम गर्न अधिकार पायौ भनेर लगाइदिने एउटा चिन्ह नै यज्ञोपवित( जनै) हो । त्यसैले जनै बनाउदा चार अँगुलमा छयानब्बे पटक घुमाइन्छ । यसले वेदका कर्मकाण्डसँग सम्बन्धित असी हजार मन्त्र र उपासनासँग सम्बन्धित सोह्रहजार गरी छयानब्बे हजार मन्त्र पढ्न तयार हुनु भन्ने सङ्केत गरेको छ । त्यसपछि चार अङ्गुलमा बेरिएका छयानब्बे डोरालाई तीन भा लगाएर बेरिन्छ । यसले तीन आश्रममामात्र यो आवश्यक छ भन्ने कुराको





सङ्केत गरेको छ । त्यसलाई पनि तीन भाग लगााएर उक्त धागोलाई बेरिन्छ । यसले तीन ऋणलाई बुझाउँछ । अन्ततः तीन डोरालाई एउटै शिखामा गाँठो पारिन्छ । यसले एउटै परम सत्तालाई बुझाउँछ । जनै लगाएपछि यी सबै कुरालाई आत्मसात गर्नुपर्छ भन्ने कुरा बालकमा जगाउँनुपर्छ । यस विषयमा मनुले निश्चित नियम बनाएका थिए ।

व्रतबन्ध गरेपछि जसले संकल्पपूर्वक रहस्यसहित वेद पढाउने काम गरेको हुन्छ ती ब्राह्मणलाई आचार्य भनिन्छ ।[३८]

उक्त भावलाई बुझ्दा वेद यज्ञोपवित संस्कारपछिमात्र पढाउने गरिन्छ भन्ने बुझ्न सकिन्छ ।

वेद पढ्दा दायाँबायाँ कतै नहेरी पलोटी मारेर मेरुदण्ड ठीकसँग सिधा राखी पूर्वाभिमुख भएर बस्नुपर्ने, आचमन गर्नुपर्ने, उच्चारण अवस्था सार, स्वर, तान, घन,जटा आदि मिलाएर सबै प्रक्रिया पूरा गरेर पढ्नुपर्ने हुन्थ्यो ।

वेदको भाषा त अर्षभाष हो । चञ्चल मनले यो बुझ्न पनि सकिँदैन । यो पढ्दा चिन्तनसाथ पढनै पर्दछ ।

यस कुरालाई तर्ककौमुदीमा पुष्टि गरिएको छ :– **वाक्यं द्विविधं वैदिकं लौकिकं च ।**

वैदिक वाक्य सूत्रात्मक छन् । रहस्य खोल्न निकै कठीन पर्छ त्यसैले आचरण,व्यवहार र अनुशासनका सीमाभित्र रहेरमात्र पढनु परेको हो ।

वेद पढन गुरुकुल नै जानुपर्ने कारण पनि यही नै थियो । प्राचीनकालमा आचार्य बनेर पढाउने पुरुषमात्र थिए कि महिला पनि थिए त भन्ने जिज्ञासा उठ्नु स्वाभाविक हो । यस कुरालाई वेद स्वयंले खुलस्त पार्ने काम गरेको छ ।

## आचार्य महिला, पुरुष

आचार्य त डिग्री हो । यो महिला वा पुरुष जो कोहीले पनि लिन

[३८] उपनीय तु यः शिष्यं वेदमध्यापयेतद्विजः
संकल्पं सरहस्यं च तमाचार्यं प्रचक्षते । २।१४० मनु ।

सक्तथे । ऋक्वेदले स्पष्ट पारेको छ :

जसरी विद्वान् पुरुष ब्रह्मचारीलाई पढाउँछन् त्यसरी नै विदुषीले स्त्रीकुमारी ब्रह्मचारीलाई राम्ररी शिक्षा दिनु ।[३९]

यो ऋग्वेदको भनाइलाई विचार गर्दा महिला ब्रह्मचारीलाई विदुषीहरूले पढाउने परम्परा देखिन्छ । पुरुष गुरुकुलमा गएर गुरुसँग पढ्थे भने नारी गुरुकुलमै जान्थे जहाँ विदुषीहरू रहन्थे । उमेर बढ्दै जानाले स्वाभाविक रूपमा विकसित हुने ग्रन्थीहरूले केटाकेटीसँगै रहँदा मनमा उब्जने स्वाभाविक क्रियाकलापले वासनामय इन्द्रियले मन बराल्ने हुँदा उनीहरूलाई अलगअलग रूपमा पढ्ने व्यवस्था मिलाइएका थिए ।

## नारी वेद पढ्दथे कि पढदैनथिए त ?

आजभोलि वेद कसले पढ्नु हुन्छ,कसले पढ्नु हुँदैन भन्ने थुप्रै प्रश्नहरू उठेका छन् । त्यसलाई व्यावहारिक रूपमा उत्तर दिने काम यमस्मृतिले गरेको छ । यसबाट के पुष्टि हुन्छ भने त्यतिबेला नारीहरू पनि वेद पढ्दथे । हुन त वेदका थुप्रै मन्त्रहरू ऋषिकाहरूले प्राप्त गरेका छनभने उनीहरूले वेद पढ्नै नहुने भन्ने कुरा बेठीक हो । यसका लागि निश्चित विधि विधानभने रहेका थिए । कडा नियन्त्रण र साधनाभित्र वेदाध्ययन गुर्नपर्ने हुँदा केही परिस्थितिहरूले कतिपयलाई वेद पढ्नबाट रोकेको छ । यस विषयलाई नारी सम्बन्धी प्रसङ्गमा विस्तृत चर्चा गरिएको छ ।

ब्रतबन्ध नगरी वेद पढन योग्य नहुने हुँदा त्यस बेला नारीको पनि ब्रतबन्ध गर्ने परम्परा देखिन्छ । यमस्मृतिमा उल्लेख भए अनुसार प्राचीनकालमा कुमारीहरूको व्रतबन्ध गरिन्थ्यो । उनीहरूलाई वेदहरूको अध्यापन र गायत्री मन्त्र पनि सिकाइन्थ्यो । तिनीहरूलाई पिता ,काका दाजुहरूले पढाउँथे ।[४०]

---

[३९] इमा ब्रह्म सरस्वति जुषस्व वाजिनीवती
याते मन्म गृत्समदा ऋतावरि प्रिया देवेषु जुह्वति २।४१।१८ ऋ

[४०] पुराकल्पे कुमारीणां मौञ्जिबन्धनमिष्यते ।
अध्यापनं च वेदानां सावित्री वचने तथा ॥
पिता पितृव्यो भ्राता वा नैनामध्यायेपर :: ।यमस्मृति





प्राचीनकालमा कुमारीहरूको पनि ब्रतबन्ध गरिन्थ्यो र गायत्रीसहित वेद पढाइन्थ्यो । तिनीहरूलाई हजुरबा, बुवा दाजु आदिले वेद पढाउँथे । यो स्मृतिको भनाइ वेदको समयभन्दा केही पछिको हुनुपर्छ । नारी विदुषीका गुरुकुलहरू कम भएपछिको हुनुपर्छ ।

पहिलेदेखि नै **ब्रह्मवादिनी र सद्योतबाह** गरी दुई प्रकारका नारीको चर्चा गरिएको छ । ब्रह्मवादिनी अविवाहित र आवाल ब्रह्मचारी हुन् । उनीहरू सधैं पढ्ने पढाउने काम गर्छन् । सद्योतबाह निश्चित अवधिसम्म ब्रह्मचारी भएर विवाह गरी घरजम गर्नेहरू हुन् । यिनीहरूले पनि विवाह पूर्व यथेष्ट वेदाध्ययन गर्दथे । गार्गी कात्यायनी, घोषा ब्रह्मवादिनी थिए । मदालसाले आफ्नो छोराछोरीलाई फकाउँदा समेत भन्ने गर्दथिन्:

**शुद्धोऽसि बुद्धोऽस निरञ्जनोसि-संसार माया परिवर्जितोऽसि संसार स्वप्न त्यज मोह निद्रां, मदालसा वाक्य मुवाच पुत्रम् ।**

ए बालक ! तिमी शुद्धबुद्ध चैतन्य स्वरूप हौ त्यसैले यो संसारिक मायालाई तिमीले त्यागिदिनुपर्छ यो संसार सपना हो । मोह निद्रा हो त्यसैले यस निद्राबाट तिमीले बिउँझनुपर्छ । म मदालसाले भनेका यी कुरालाई तिमीले सधैं संझिरहनुपर्छ भन्दै आफ्ना छोराछोरीलाई संझाएका प्रसङ्गबाट अझ स्पष्ट हुन्छ कि नारीहरूले राम्ररी वेद पढ्दथे । वेद र उपनिषद नपढिकन यस्ता कुराहरू आउनै सक्तैनन् ।

यस्ता कुराको शिक्षा हरेक व्यवहारमा दिँदामात्र योग्य सन्तति बन्ने उनको दृष्टिकोण थियो । परम्परालाई दृष्टिगत गर्दा समान शिक्षाको अवधारणा प्राचीनकालमा प्रशस्त देखिन्छन् । यस भावमा वेदको अध्ययन नारीका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको बुझिन्छ ।

जतिसुकै तिक्ष्ण बुद्धिको बालक देखिए पनि आठवर्षमा ब्रतबन्ध गरेपछिमात्र ब्रह्मचर्य धारण गरी गुरुकुलमा पढन जानुपर्दथ्यो । ब्रह्मचर्यत्व सबैभन्दा महत्वपूर्ण तप थियो । राम र कृष्णजस्ता शक्तिशाली व्यक्तिले पनि ब्रतबन्ध संस्कारपछिमात्र गुरुकुलमा गएर शास्त्रहरू पढेका छन् ।

उपनयन संस्कार षोडश संस्कारहरूमध्येको महत्वपूर्ण संस्कार मानिन्छ । यो संस्कारपछि बालकको दोस्रो जन्म हुन्छ भनिन्छ त्यसैले व्रतबन्धपछि व्यक्तिलाई द्विज भनिन्छ । यस कर्मले संयमपूर्वक असल कर्म गर्दै ठीकसँग पढ्न मानसिकरूपमा बालक तयार हुन्छ । गर्भाधानदेखि

उपनयनसम्मका सबै संस्कारहरू शारीरिक र मानसिक विकासमा निकै महत्वपूर्ण जोड दिन्छन् । यतिञ्जेलसम्ममा मैले पढ्नुपर्छ, सिक्नुपर्छ, आफ्नो जीवन सफल तुल्याउनुपर्छ भन्ने मानसिक चिन्तनको विकास भइसकेको हुन्छ ।

नैतिक शिक्षा र चारित्रिक सुधारका कुराहरूलाई प्राथमिकता दिएर अनुशासित र आदर्शमय जीवन बनाउन पूर्वीय शिक्षाको प्रथम कोशिस् रहेको छ । त्यसपछि निरन्तर ज्ञानको खोजी गर्दै प्रगतिमा लाग्न प्रोत्साहन दिएको छ । समाजमा **बसुधैव कटुम्बकम्** भन्ने सोच लिएर काम गर्दा साँच्चिकै आदर्श परम्परा स्थापित हुन सक्छ । परम्परा मर्यादा र पूर्खाले दिएका मार्गमा निरन्तर हिँडेर गन्तव्यमा पुग्न सफल भएमात्र मानवजीवन सफल बन्नदछ भन्ने सोच बालकले प्राप्त गरेको हुन्छ । सबैलाई सन्देश दिएको हुन्छ किः

यस पृथ्वीका सबै मानवहरूले यो भारतवर्षमा जन्मिएका आर्ष पूर्खाहरूले दिएका चरित्रबाट आ-आफ्नो चरित्रहरू निर्माण गर्नुपर्छ ।[४१]

महामानव पूर्खाहरूले जुन शिक्षा र मानवीय कर्तव्यको बोध गराएका छन् । त्यसलाई राम्ररी अगाडि बढाउनु पर्दछ । आदर्शगुरुले अपनाएका शिक्षा र खोलेका मार्गहरू प्राणीजगतकै लागि महत्वपूर्ण छन् । त्यसलाई चटक्क छोडी दायाँबायाँ लाग्नु हुँदैन । पुर्खाहरूले निर्देशन गरेका कुरा भुल्ने हो भने कोही पनि विकसित हुँदैन । आजको विकास सभ्यता, शिक्षा, चरित्र यी सबैको जग तिनै पुर्खाका व्यवहार र चरित्र हुन् ।

गुरुकुलमा बस्ने अवधि पच्चीस वर्षसम्मको हो । आजीवन ब्रह्मचारीले त जति बसे पनि हुन्छ । सामाजिक रीतिमा चाहिँ २५ वर्षपछि गृहस्थी बन्ने समय आउँछ । त्यो २५ वर्षभन्दा अगावै पनि चाहेको विद्यार्जन गरी विद्यार्थी घर फर्कन सक्तथ्यो । स्नातक भइसकेपछि सबै विद्यार्थीहरूलाई घर फर्किनु अगाडि महत्वपूर्ण शिक्षा दिइन्थ्यो । यसलाई गुरु दिक्षा नै भनिन्थ्यो ।

**सत्यं ब्रुयात् प्रियं ब्रुयात न ब्रुयात् सत्यमप्रियं ।**
**सत्यं च नातृतं ब्रुयात् एष धर्म सनातनः ।**

[४१] एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः ॥ २।२० मनु ।





साँचो बोल्नु, मिठो बोल्नु, सत्य भएपनि अरूलाई नमिठो लाग्ने कुरा नबोल्नु, असत्यलाई मिठो बनाएर पनि नबोल्नु यो सनातन मानवीय धर्म हो । यस्तै :

**मातृ देवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेव भव, प्रियंधनमाहृदय, प्रजातन्तुं व्यवच्छेत्सी, सत्यान्न प्रमदितव्यम् धर्मान्न प्रमदितव्यम् आदि-** तैत्तरीयोपनिषद

आमा, बाबु, आचर्य र अतिथिलाई देवता मान । छलकपट नगरी धन आर्जन गर्नु,प्रजालाई दुःख हुने काम नगर्नु । धर्मका कुरा नबिगार्नु, सत्यतालाई नबिथोल्नुजस्ता शिक्षाहरू समावर्तनमा दिइन्थे । यो आजका सन्दर्भमा स्नातक पास गरेपछि दीक्षन्त समारोह गरे जस्तै हो ।

समावर्तनका समयमा यथाशक्य गुरुदक्षिणा दिइने व्यवस्था प्राचीनकालमा थियो । वर्तमान शिक्षा प्रणालीभन्दा भिन्न र भौतिकता भित्रबाट आध्यात्मिक स्वरूपले ज्ञान दिने शैक्षिक व्यवस्था पूर्वीय प्राच्यपरम्परामा थियो । बढी सदाचार र नैतिक चरित्रलाई प्रभावकारी बनाई समाजमा योग्य काम गर्ने कुरातिर ध्यान दिइन्थ्यो । अर्को महत्वपूर्ण कुरा एकै गुरुबाट सीप, ज्ञान र सामाजिक शिक्षाका यावत ज्ञान प्राप्त गर्न सकिन्थ्यो ।

आजभोलिभैंं अनेकौं विषय र प्रयोगमुखी शिक्षा प्राचीनकालमा थिएनन् तथापि पठनपाठन र पढेको कुराको प्रयोजन भने आजभोलिभन्दा राम्ररी भएको देखिन्छ । त्यसबेला पठनपाठनका हक र अधिकारमा पनि त्यतिकै सतर्कता र सजगता पाइन्छ ।

यसरी माथि आएका प्रसङ्गहरूलाई विश्लेषण गर्दा बालहक र अधिकारका विषयमा पूर्वीयशास्त्रहरू सदियौंदेखि सचेत छन् । आधुनिक विश्वपरिवेशले जसरी बालअधिकारका विषयमा कुरा उठाएको छ प्राचीनशास्त्रहरूको सोचाइ त्योभन्दा धेरै उचाइमा रहेको देखिन्छ । त्यति पुरानो समयमा पनि यति महत्वपूर्ण कुराहरू आउनु सामान्य कुरा होइन । पढ्नु सबैको अधिकार हो भन्ने कुरालाई उक्त प्रसङ्गहरूले प्रमाणित गरेका छन् । उसरी नै तत्कालीन परिवेशमा पढ्न गएका विद्यार्थीलाई गुरुले मन लागि पढाउन पाउँथे कि पाउँदैन थिए ? त्यस विषयमा जानकारी पाउनु ठिकै होला । यस अघि बालसरोकारका अन्य केही विषयमा खोजी गरौं ।

कहिलेकाहीँ हामीले सोच्नै नसक्ने घटनाहरू पनि हुनसक्छन् । कहिले

आमाबुवाहीन भएर बालबालिकाले रहनुपर्ने अवस्था पनि आउन सक्छ। त्यस्तो बेलाका लागि स्मृतिहरूले नियमहरू बनाएका छन्। शिक्षा, स्वास्थ्य र उसको पैतृक धन सुरक्षा गरिदिने काम राज्यको हो। बालबालिकाका उक्त अधिकार सुरक्षित गर्नु राज्यको कर्तव्य हो भन्ने स्मृतिहरूको भनाइ छ।

## बालधन

जब बालकको कोही रेखदेख गर्ने अभिभावक हुँदैन तब त्यस्ता बालकहरूको आफ्नो धन सुरक्षा गर्ने काम त्यस देशको सरकारको हो। जबसम्म बालक गुरुकुलबाट अध्ययन पूरा गरेर फर्किँदैन तबसम्म बालकको धनको सुरक्षा सरकारले गरिदिनुपर्छ।[४२]

बालधन राज्यले सुरक्षा गरिदिनुपर्छ। त्यो राज्यको दायित्व हो। त्यो धन कहिलेसम्म राज्यले सुरक्षित गरिदिनुपर्ने हो भने बालकको ब्रह्मचारी अवस्था अर्थात् पढेर घर नफर्किएको अवस्थासम्म पढेर जब घर फर्कन्छ तब उक्त धन उसको जिम्मा दिनुपर्छ। परिपक्व नहुञ्जेल बालकप्रतिको अभिभावकत्व दायित्व निर्बाह गर्ने काम राज्यकै हो भनेर किटानी गर्ने धर्मशास्त्रहरू बालबालिकाप्रति ज्यादै संवेदनशील देखिन्छन्।

अनैतिक र चरित्रहीन व्यक्तिहरूले बालिकाहरूमा बालात्कार गर्ने कुनयित गरेमा वा व्यभिचार गरेमा त्यस्ता अपाराधीलाई कडा दण्डको व्यवस्था स्मृतिमा उल्लेखित छ :

## बालिकामा हुने दुर्व्यवहार

हठी र उद्दण्ड व्यक्तिहरूबाट बालिकाहरूलाई यौन शोषणजस्ता खराब कामहरू हुने गर्छन्। त्यस्ता अपराधिका लागि मनुले ज्यादै कडा दण्ड तोकेका छन्। मनुस्मृतिमा उल्लेख भएको छः

कामना नभएकी अर्थात् सानी बालिकामा बलात्कार गर्नेलाई तत्काल

[४२] बालदायादिकं रिक्थम् तावाद्राजानुपालयेत्।
यावत्स स्यात्समावृत्तो यावच्चातीतशैशवः॥ (८।२७ मनु)





राजाले प्राण दण्ड दिनु।[४३]र कामना नभएकी अर्थात् विवाह गर्ने उमेर भएकीलाई त्यस्तो दूराचार भए मृत्युदण्डचाँहि नदिनु। त्यसलाई अन्य कडा दण्ड दिनुपर्दछ।

त्यसबेलामा हिजोआजको जस्तो जबर्जस्ती करणी र नाबालिकामाथिका यौन व्यभिचार व्यापक थिएनन्। अत्यन्तै कम दुर्व्यव्यवहार हुन्थे त्यसैले त्यसबेला यस विषयमा त्यति धेरै ऐनहरू बन्ने अवस्था थिएन। छिटफुट हुने यस्ता अपराधका विषयमा कडा कार्यबाही हुनुपर्ने नियमहरू बनेका थिए। नाबालकमाथि आएको यौन अपराधमा त्यस्ता अपराधीलाई मृत्यु दण्डसमेतको दण्ड दिने स्मृतिले नियम बनाए। त्यसरी नै बालिक भइसकेका कन्याहरूमा (किशोरीहरू) यौन दूराचार गर्ने वा बलात्कार गर्ने पुरुषलाई मृत्युदण्डबाहेक अन्य कडा सजाय दिने व्यवस्था गर्न निर्देशन गरेका छन्।

यसरी नै बालहत्याराका विषयमा पनि स्मृतिहरूले कडा नियम निर्माण गरेका छन्। बालहत्यारालाई समाजले सदैव त्यागिदिनुपर्छ। ती निर्दोष बालकको हत्या गर्ने व्यक्ति मानवस्वभावभन्दा बाहिरको चरित्र भएको व्यक्ति हुने हुँदा स्मृतिहरूले यस्तो नियम बनाएका हुन्। यस विषयमा मनुले यसरी उल्लेख गरेका छन् :

जो व्यक्ति बालहत्यारा हो। जो कृतध्न छ। जसले शरण मागेकालाई मरण दियो र जसले स्त्रीजातिको हत्या गरेको छ त्यस्ता मानिसलाई समाजले कहिल्यै आफ्नो संसर्गमा नराख्नु। यस्ता मानिसहरू प्रायश्चित गरेर पनि शुद्ध हुन सक्तैनन्।[४४]

यसरी बालहत्यालाई धेरै ठूलो अपराधको रूपमा मनुले लिएका छन्। गर्भस्थ शिशुलाई हत्या वा गर्भ पतन गर्नेलाई त कडा दण्डको व्यवस्था छ भने अरूको के कुरा। (पूर्वीयनारीको गर्भपतनमा यस सम्बन्धी लेखिएको छ।) बालबालिकाले अनावश्यक कुटाइ खाएर आफ्नो अधिकार हनन हुने अवस्था पनि हुनसक्छ। यस विषयमा पनि स्मृतिहरू सजग छन्।

[४३] योऽकामां दूषयेत्कन्यां स सद्यो वधमर्हति।
स कामां दूषयंस्तुल्यो न बधं प्राप्नुयान्नरः॥ (८।३६४ मनु)

[४४] बालध्नांश्च कृतध्नांश्च विशुद्धानपि धर्मतः।
शरणागतहन्तृंश्च स्त्रीहन्तृंश्च न संवसेत्॥ ११।१९० मनु

गुरुत्व प्रदर्शन गर्दै गुरुले अनावस्यक पिट्नु हुँदैन। पिट्नु सुधारका लागि हो। त्यसमा पनि सुधारका लागि अपानाइएका विकल्प सिद्धिएपछि मात्र पिट्नुपर्दथ्यो तर पिटेर घाउचोट लगाउन पाँइदैन थियो। कसैले त्यसरी जथाभावी पिटेको पाइएका खण्डमा राजाले त्यस्ता गुरुलाई दण्ड दिन्थे।

## पिटाइ

आजभोलि विद्यार्थीलाई पिट्नु बालअपराधकारुपमा लिइन्छ। यथार्थतः पिट्नु अपराध नै हो तर पिटाइका अवस्थाहरूलाई बुझ्नुपर्छ। पिट्नेनै मनसाय लिएर बालकलाई पिटेको हो भने त्यो अपराध नै हो तर उसलाई सपार्ने मनसाय लिएर पिटेको छ भने त्यसलाई अपराध मानिदैन। गुरु भनेका विद्यार्थीका देवता हुन् भन्ने शास्त्रीय सोच रहेको छ त्यसैले असल गुरुले अकारण कोही विद्यार्थीलाई कुट्तैनन्।

यस विषयमा नारदस्मृतिमा उल्लेख गरिएको छ :- विद्यार्थीलाई सही बाटोमा ल्याउन वा अनुशासनमा ल्याउनका लागि गुरुले डोरीले बाँध्न र बाँसको छडीले पिट्न पनि सक्तछन्।[४५]

मनुले उठाएकै प्रसङ्गलाई नारदले उल्लेख गरेका हुन्। यस विषयमा मनुको धारणा यस्तो छ :- शत्रुहरूको पिटाइमा विष रहेको हुन्छ भने गुरुहरूको पिटाइमा अमृत रहेको हुन्छ।[४६]

यति हुँदाहुँदै पनि स्वतन्त्र तरिकाले संवेदनशील ठाउँमा कोही विद्यार्थीलाई कुनै गुरुले पिट्नुहुँदैन। यदि कुनै गुरुले अनावश्यकरूपमा विद्यार्थीलाई पिटेको छ भने राजाले त्यस्ता गुरुलाई दण्ड दिनुपर्छ किनभने त्यो गुरु सही गुरु नै हुनसक्तैन।[४७]

गुरुत्व विर्सिएर संवेदनशील ठाउँमा पिट्नेलाई दण्ड दिनुपर्छ भन्ने शास्त्रको मत छ। बालहितका विपक्षमा शास्त्रहरू कहिल्यै उभिएका छैनन्।

[४५] अनुशास्यश्च गुरुणा नचेदनु विधीयते।
अविधि नाथवा बद्धवा रज्ज्वा वेणुदलेन वा ॥५।१३ नारद

[४६] सामृतै पाणिभिघ्नन्ति गुरवो न विषोक्षितैः

[४७] भृशंनताडयेदेनं नोत्तमाङ्गे नवक्षसि।
अनुशास्य विश्वाश्यःशास्यो राजान्यथा गुरु ॥ ५।१४ नारद





पिट्नु भनेको सही बाटोमा ल्याउन अपनाइने एउटा उपायमात्र हो। यसले विद्यार्थीमा मैले गल्ती गर्नुहुँदैन। गल्ती गरो भने मैले दण्ड पाउँछु भन्ने महशुस गराउँने काम गर्छ। यसरी नै गौतमले पनि उल्लेख गरेका छन्। उनी भन्छन्:-गुरुले बाँस वा डोरीले विद्यार्थीलाई आवश्यक परेको अवस्थामा पिट्न सक्दछन्। अनावश्यक रूपमा कडा दण्डको लागि पिटाइ गरे, त्यस्ता गुरुलाई राजाले दण्ड दिनुपर्छ।[४८]

पिट्नुपर्छ भन्ने शास्त्रको अवधारणा होइन। विद्यार्थीलाई गल्ती गर्नु दण्डको भागीदार बन्नु हो भन्ने महसुस गराउनु यस उपायलाई अँगालिएको हो। यसलाई माध्यम बनाएर अनावश्यकरूपमा पिट्नेलाई त राज्यले दण्ड नै दिन्छ। यसरी हेर्दा पूर्वीशास्त्रहरू बालअकिारका विषयमा ज्यादै संवेदनशील छन्।

[४८] गौतम स्मृति २।२१

৯

# पूर्वीय शास्त्रहरूमा नारीअधिकार र लैङ्गिक समानता

**जायांपतयो न विभागो दृश्यते। पाणि ग्रहणाद्धि सहत्वं कर्मसु तथा पुण्य फलेषु द्रव्य परिग्रहेषु च। आपस्तम्ब धर्मसूत्र**

पति र पत्नीमा विभागको दृष्टिले हेर्नु हुँदैन। पाणि ग्रहण भएपछि दुवै एक भएका हुन्छन् पुण्यकर्म र द्रव्य सङ्ग्रहमा दुवैको समानाधिकार रहन्छ अर्थात व्यावहारिक कामहरूमा दुबैले सहयोगी भएर गर्नुपर्छ।

**त्वं स्त्री त्वं पुमानसि त्वं। कुमार उत वा कुमारी त्वं जीर्णो दण्डेन वञ्चसि त्वं जातो भवसि विश्वतो मुखं। श्वेताश्वतर उपनिषद**

हे ईश्वर ! तिमी नै स्त्री हौ। तिमी नै पुरुष हौ। तिमी नै कुमारी हौ। तिमी नै लठ्ठी टेकेर हिँड्ने बूढो हो।

**एकमेवद्वितीयं यो ब्रह्म वद् वदन्ति वै। साकं त्वं वाप्यसौ वो किं सन्देहं विनिवर्तय॥** ३।५।४३ देवी भागवत





हे देवी ! वेदमा भनेको अद्वैत तपाइँ नै हुनुहुन्छ वा त्यो तपाइँदेखि भिन्न छ ? यो मेरो शङ्का निवारण गरिदिनुहोस्।

म र ब्रह्म फरक कुरा होइनौँ। हामीमा भेद देख्नु त भ्रममात्र हो।

यो स्त्री र पुरुष अनि नपुंसक भन्ने केही होइन। त्यो त शरीरले भिन्न बनाएको मात्र हो। यी तिनै तात्त्विक दृष्टिले एकै तत्त्व हुन्। बाह्य शरीरका कारणले विभेद गर्नु राम्रो होइन। **श्वेताश्वतर उपनिषद**

शास्त्रभित्रका उक्त विचारहरूलाई हामीले व्यावहारिक जीवनमा लागु गरेका छौँ कि छैनौँ। राम्ररी मूल्याङ्कन गर्ने बेला आएको छ। नारीअधिकार सम्बन्धी कुरा उठ्नासाथ शास्त्रहरूलाई दोष दिइहाल्ने हाम्रो संस्कार बसिसकेको छ। शास्त्रमा के लेखिएको छ ? हेर्न भने त्यति फुर्सद धेरैलाई मिलेको छजस्तो लाग्दैन। दोष केमा रहँदैन तर त्यहाँभित्रका राम्रा कुरा हेर्न पनि भुल्नु हुँदैन।

हिजोआज नारी अधिकार सम्बन्धी तिव्र आवाजहरू उठिरहेका छन्। अधिकारका विषयमा यसरी आवाजहरू उठ्नु स्वाभाविक पनि हो। कसैको अधिकार कुण्ठित हुन्छ भने उसले आफ्नो अधिकारको खोजी गर्नुपर्छ। यो उसको नैसर्गिक अधिकार हो।

परिवर्तित विश्वपरिवेशलाई बुझ्न नसक्नु पछाडि पर्नु हो। विश्वपरिवेशको परिवर्तित खुला संस्कारलाई नअँगाली समाजको विकास सम्भव छैन। कसैलाई पनि चौघेरा तोकेर त्यसभित्र मात्र थुन्नुहुदैन। समाजका सबै क्षेत्रमा पुरुषसरह नारीको पनि समान हक छ। नारीमा चुलोचौकोमात्र होइन संसार चलाउन सक्ने क्षमता छ।

हक र अधिकारका कुरा उठाएर समानता र असमानताका विषयमा थुप्रै प्रश्नहरू उठाइन्छन् र हाम्रो परिवेशमा ती कुराहरूलाई लगेर धर्मशास्त्रमा जोडिने गरिएको छ र नारीअधिकारलाई कुण्ठित गर्ने धर्मशास्त्रहरू नै हुन् भन्ने पनि गरिएको छ त्यसैले दर्शन र शास्त्रका केही अंशलाई राखेर केही विश्लेषण पनि गरेर हेरौँ। यसबाट केहीहदसम्म यथार्थ के रहेछ भनेर बुझ्न सकिन्छ।

नारी समानताको विषयलाई पूर्वीयदर्शन र धर्मशास्त्रहरूको दृष्टिबाट हेर्दा त्यहाँभित्र आएका कुराहरूले नारी अस्तित्त्व र समानता आजको भन्दा धेरै फराकिलो, सुदृढ र व्यवस्थित रहको देखिन्छ। यस विषयमा वेदलाई

आधार मानेर हाम्रो समाज अगाडि बढेको भए नेपालीसमाजमा आजको यो कठीन परिस्थितिको सिर्जना हुने थिएन। हामीले यसलाई व्यवस्थित बनाएको थियो भने नारी समानताका विषयमा आज उठिरहेभ्कैँ प्रश्नहरू उठाइरहनु पर्दैन थियो।

आधा आकाश ओघटेका महिलाका लागि आरक्षणको व्यवस्था गर्नुपर्ने अवस्था आउनु लज्जाजनक कुरा हो। हामीले आफूलाई २१ औँ शताब्दीको वातावरणमा हुर्किएको भन्न सक्ने आधार पनि गुमाएका छैँ। छातीमा हात राखेर लैङ्गिक समानताका विषयमा कुरा गर्दा हाम्रो आजको परिप्रेक्षभन्दा वैदिककाल धेरै नै सबल थियो। वैदिककालमा नारी र पुरुषका लागि कुनै क्षेत्र असमान थिएनन्। त्यसबेला ऋषिहरूसमान ऋषिकाहरूको पनि अधिकार थियो। ज्ञान, विज्ञान र सेवाका सबै क्षेत्रमा दुबैको समान भूमिका थियो। त्यस बेलाका नारीले वेदका ऋचा आविष्कार गर्नेदेखि लिएर दौत्य सम्बन्ध गाँस्ने दूतको काममा समेत विशेष भूमिका निर्बाह गरेको इतिहास पाइन्छ।

वेदमा उल्लेख भएको एक प्रसङ्ग अनुसार वैदिक कालीन एक समयमा सूर्यका किरणहरूलाई मेघहरूले आफ्नो अधीनमा राखेका थिए। त्यसलाई युद्धबिना छुटाएर ल्याउन दूतको काम गर्न सक्ने व्यक्तिको छनौट भएको थियो। त्यसमा सरमा नामकी महिला छनौटमा परेकी थिइन्। अन्तरिक्षको बाटो गरी मेघहरू रहेको ठाउँसम्म पुग्न निकै कठीन थियो। त्यहाँ पुगेर सरमाले आफ्नो जिम्मेवारीलाई सहजरूपमै बुद्धिमत्तापूर्णढङ्गले सफल गरेको प्रसङ्ग छ : हे मेघहरू हो ! म इन्द्रका तर्फबाट मित्रताको हात बढाउन आएकी दूत हुँ। तिमीहरूले सूर्यको सम्पत्ति किरणहरूलाई कब्जा गरेका छौ। त्यसलाई फिर्ता गरिदेओ। यसैमा तिम्रो हाम्रो भलाइ छ।[१]

वेदमा सरमाले मेघहरूको सामु गई उक्त भनाइ राखेको प्रसङ्ग उल्लेख छ। युद्ध हुन नदिई कुटनैतिक रूपले यस्तो समस्याको समाधान गर्ने काम बौद्धिक र चतुर व्यक्तिले मात्र गर्न सक्छ। तत्कालीन अवस्थामा नारीहरूको सामाजिक अस्तित्त्वलाई यस प्रसङ्गले खुलस्त पारेको छ। त्यस बेलाका अन्य प्रसङ्गहरूले पनि तत्कालीन नारीहरूको अवस्थालाई अझ

१ इन्द्रस्य दूतीरिषता चरमि मह इच्छन्तीं पणयो निधीन्वः।
अतिष्कदो भियसा तन्न आवत्तथा रसाया अतरं पयांसि ।१०।१०८।२ऋ





स्पष्ट पारेका छन्।

एक प्रसङ्गमा रोमसा नामकी एक ऋषिकाले भनेकी छन् - 'रानी पनि राजाभन्दा कमजोर हुदिनन्।'[२]

यसरी नै कामका क्षेत्रमा नारीहरूका अन्य थुप्रै कुराहरू वेदमा उल्लेख भएका छन्। वेदले भनेको छ :–

रानीसँगसँगै अन्य बौद्धिक नारीहरूले न्यायिक सभा बनाएर आफूमा आइपरेका समस्याहरूको निराकरण गर्नुपर्छ।[३]

यी भनाइहरूले सामाजिक र न्यायिक सबै खाले समस्याहरू निराकरणमा त्यसबेलाका नारीहरू पुरुषसमान क्रियाशील थिए। विवाहका प्रसङ्गमा पनि त्यो समय खुला र उदार रहेका देखिन्छ। यस विषयमा सूर्याले भनेकी छन् : धेरैजसो नारीहरूले पुरुषको रूप, हाउभाउ र धन देखेर त्यसमा आकर्षित भई विवाह गर्छन्। शिक्षित नारीहरूले यस्ता कुरामा ध्यान नदिई उसको शिक्षा र चरित्रलाई ध्यान दिनुपर्छ।[४]

सूर्याको यस भनाइबाट त्यसबेला आफू योग्य वर छान्ने अधिकार नारीहरूसँगै रहेको तथ्य स्पष्ट हुन्छ। उक्त विविध प्रसङ्गहरूले वैदिककाल लैङ्गिकसमानता विषयमा निकै राम्रो अवस्था थियो भन्ने कुरा बुझाएका छन्। हामी यही सनातनधर्म र दर्शनका अनुयायी हौँ भने नारीले पाउने अधिकारका विषयमा हाम्रो समाज किन हिच्किचाइरहेको छ ?


वेदको निष्कर्ष भनेका उपनिषदहरू हुन्। उपनिषदहरूले नारी समानतका विषयमा महत्त्वपूर्ण प्रसङ्गहरू उल्लेख गरेका छन्। उक्त समयमा पनि नारी र पुरुषमा कुनै असमान व्यवहारहरू देखिँदैनन्। उपनिषदहरूले यसलाई दर्शनको एउटा महत्त्वपूर्ण पाटो बनाएका छन्। उनीहरूले के सिद्ध गरेका छन् भने प्राकृतिक दृष्टिले नारी र पुरुषको शारीरिक बनावट फरक छ तर आत्मिक दृष्टिले दुबै एकै हुन्। आत्माका दृष्टिले सबै एकै हुन्। आत्मिक शक्ति सबैको एउटै हो किनभने नारी र पुरुषको उद्भव एउटै शक्तिबाट भएको हो। एउटै शक्तिको एक अंश कम र एक अंश बलशाली हुन सक्तैन। आध्यात्मिक दर्शनले त्यसको जरो

२ उपोपमे परामृश..................१।१२६।७ ऋ

३ उतग्ना व्यन्तु देवपत्नी.....................७४२।१२ ऋ

४ कियती योषा मर्यतो बधूयोःपरिप्रीता पन्यसा वार्येण १०।२७।१२ ऋ

समात्दा दुबैले[५] भन्दछन्। पुरुषले म ब्रह्मस्वरूप हुँ भन्दछ भने नारीले पनि म ब्रह्मस्वरुपिणी हुँ भन्दछे। ती दुबैको मूल सत्य अस्तित्व एकै ब्रह्म हो।




यी दुबैमा कुनै भेद छैन त्यसैले देवी उपनिषदमा देवी बोल्छिन् : म ब्रह्म स्वरुपिणी हुँ। मबाट नै यो प्रकृति र पुरुषात्मक जगत सृष्टि भएको हो।[६]

यहाँ आत्मतत्त्व बोलेको छ त्यसैले देवीले आफूलाई ब्रह्मस्वरूपमा चित्रित गरेकी हुन्। **सर्वं खल्विदं ब्रह्म** (उपनिषद) अर्थात् यो ब्रह्माण्ड ब्रह्ममय छ भन्ने अध्यात्म दर्शनको निष्कर्ष हो। यो ब्रह्माण्डको यावत्संरचना सञ्चालित हुने मूल शक्तिको नाउँ ब्रह्म हो। त्यही शक्तिबाट नर र नारी पनि उत्पत्ति भएका हुन्। हामीभित्रको शक्ति त्यही ब्रह्म नामको शक्ति नै हो भने को ठूलो को सानो यसमा केही भेद छैन तर ढुङ्गो र माटोलाई एउटै सोचेर त्यसको कडापन पनि एकै हुन् भन्नुचाहिँ हाम्रो अपरिपक्व धारणा हो।

५ म ब्रह्म हुँ अहं ब्रह्माऽस्मि (उपनिषद )

६ अहं ब्रह्मस्वरुपिणी मत्त प्रकृति पुरुषात्मकं जगत् , (उपनिषद)





संसारका सबै कुरा एक आपसमा फरक भएपनि अस्तित्वका दृष्टिले सबै समान छन् भन्ने कुराचाहिँ हामीले बिर्सनु हुँदैन। नीतिमा आत्मबोधका लागि यसको एउटा ज्यादै सुन्दर उदाहरण छ :

**एकं हि दुग्दे बहु धेनु वर्णा**

**मेकं हि मृत्पात्रमनेका रूपम्**

**एकं सुवर्णं बहु भूषणानि**

**तथा परात्मा हि शरीर भिन्न**

अनेक रङ्गका गाईहरू भएपनि सबैको दूध सेतो हुन्छ। माटो एकै भएपनि अनेक किसिमका भाँडावर्तनहरू बन्छन्। सुन एउटै भएपनि धेरै प्रकारका गहना बनिन्छन्। शरीर र स्वभाव अनेक भएपनि सबैमा एउटै चेतनस्वरूप परमात्मा रहन्छ।

प्रस्तुत विचार श्वेताश्वतरो पनिषदमा आएको विचारसँग सम्बन्धित छ। श्वेताश्वतरो उपनिषदमा उल्लेख छ : हे ईश्वर ! तिमी नै स्त्री हौ। तिमी नै पुरुष हौ। तिमी नै कुमारी हौ। तिमी नै लठ्ठी टेकेर हिँड्ने बूढो हौ।[७]

यसको भावलाई केलाउँदा प्रस्तुत वाक्यमा त्यो सर्वतोमूखी एउटै आत्मा सबैमा व्याप्त भएर रहेको छ भन्ने भाव खुलस्त हुन्छ।

उपनिषदले भित्री स्वरूप आत्मा वा चेतना शक्तिचाहिँ सबैको एउटै हो। त्यो बाह्य स्वरूपमा मात्र फरक भएर नर र नारीका लिङ्ग(चिन्ह) बनेका हुन् भन्ने कुरालाई पुष्टि गरेको छ। चिन्हकै आधारमा मात्र भेदभाव गर्ने चिन्तन ज्यादै निकृष्ट हो। यो आध्यात्मिक पुष्टि हो। पानी एउटै भए पनि गाग्राहरू समान हुन्छन् भन्नुचाहिँ हुँदैन। बनावटले पृथक भएका कुरालाई समान ठान्नु पनि गलत कुरो हो।

नारी र पुरुष शारीरिक बनावटका दृष्टिले फरक छन्। शरीरको बनोटले शारीरिक आवरण सँगसँगै प्राकृतिक गुणहरू पनि फरक भएर आएका हुन्छन्। मासिक धर्म, गर्भधारण, शरीरिक बनावट इत्यादि

७ त्वं स्त्री त्वं प्रमानसि त्वं। कुमार उत वा कुमारी त्वं जीर्णो दण्डेन वञ्चसि त्वं जातो भवसि विश्वतो मुखं।

कारणहरूले नारीहरूको शरीर पुरुषको तुलनामा कमजोर नै बनेका हुन्छन् । नारी र पुरुषलाई समानताको तुलोमा हालेर शरीरिक दृष्टिले तौलनु किमार्थ राम्रो होइन । पुरुषका तुलनामा नारीका केही अङ्गहरू अत्यन्तै सम्वेदनशील हुन्छन् । प्रकृतिले नै स्वाभाविक रूपमा नारीमा ती अङ्गहरू दिएको हो । यस्ता प्रकृति प्रदत्त कुरालाई जित्न खोज्नु आफ्नै कमजोरी हो । यसले आफैंलाई हानी पु-याउँछ त्यसैले जुन काम नारीका लागि उपयुक्त हुन्छ त्यस्तै काममा आफ्ना पुरुषार्थहरू देखाउनु उपयुक्त ठहर्छ ।

यसको अर्थ नारीहरू केही गर्न नसक्ने कमजोर हुन्छन् भन्ने होइन उनीहरूभित्र पनि अनन्त शक्तिको स्रोत छ । मानसिक शक्तिमा कुनै शङ्का गर्नु हुन्न । शारीरिक अङ्गका केही फरक बनोट र गर्भधारणजस्ता प्राकृतिक गुणहरूले शारीरिक अवस्थालाई कमजोर बनाउँछन् नै । प्राचीनकालमा देवासुर सङ्ग्राममा नारीशक्ति युद्ध मैदानमा लडेका घटनाहरू प्रशस्त छन् । मधु र कैटभजस्ता डरलाग्दा दुष्ट राक्षसहरूलाई मार्ने नारी नै थिए तर त्यो शक्तिसँग दाँजेर सबै नारीशक्तिको तुलना गर्न मिल्दैन ती शक्तिशाली देवीहरूले गर्भाधारण गरेका घटनाहरू हामीले कम सुनेका छौं । गर्भाधारण गर्न सक्ने शक्ति पनि असाधारण होइन तर यसलाई मैदानमा देखाउने शक्तिसँग दाज्नु हुँदैन ।

गर्भधारण गरेर नारीले आफ्नो उर्जा शक्तिलाई सिर्जनामा नलैजाने हो भने संसारको अर्थ पनि रहँदैन । यी विविध प्रसङ्गलाई उठाएर नारीको शरीरिक बल पुरुषको दाँजोमा कम छ भन्न खोजेको होइन । गर्भधारण गर्ने सामर्थ्य वा शक्ति पनि सामान्य होइन तर प्रकृतिले यो शक्ति नारीलाई मात्र दिएको छ । यसलाई कमजोरी ठानेर नारीको स्वतन्त्रतामा आँच पुऱ्याउनुचाहिँ गलत मानसिकता हो ।

गर्भधारण पछाडि नारी र पुरुष एकै हुन् भन्ने सोची शारीरिक शक्ति लगाउनु पर्ने सबै काममा नारीलाई लगाउनु हुँदैन । यो भेद शरीरिक अवस्थाको हो ।

लैङ्गिक विषयमा पौराणिककालमा पनि सिद्धान्ततः उपनिषदकालको झैं सोच देखिन्छ । देवीभागवत पुराणमा यही कुरा वर्णित छ । उक्त पुराणमा ब्रह्माले देवीलाई सोधेका छन् : हे देवी ! वेदमा भनेको अद्वैत तपाईं नै हुनुहुन्छ वा त्यो तपाईंदेखि भिन्न छ ?यो मेरो शङ्का निवारण





गरिदिनुहोस् ।[८]

त्यसपछि देवीले उत्तर दिइन् :

म र ब्रह्म फरक कुरा होइनौं । हामीमा भेद देख्नु त भ्रममात्र हो ।[९]

माथि नै नर र नारी ब्रह्मका समान शक्ति हुन् भन्ने पुष्टि भइसकेको छ तर हामी यी हाम्रा धर्मशास्त्रले देखाएको बाटोभन्दा फरक बाटो हिँडिरहेका छौं । नारी आफैं म एकल हुँ भन्दै एकात्मक सोचबाट आफूलाई अलग्याइरहका छन् भने पुरुष आफैं नारीभन्दा म पुरुष अलग हुँ भन्ने घमण्ड पालिरहेका छन् ।

यति कुरा बुझिसकेर पनि हामी भौतिकताका फरकपनलाई जोड्न र आत्मिक एकतालाई छुट्याउन खोजीरहेका छौं । आज हाम्रो माझमा यही कुराको विडम्बना छ । समाज एउटा रथ हो । यस रथलाई अगाडि बढाउने चक्रचाहिँ यी नरनारीहरू हुन् । एउटा चक्रमात्र कमजोर भयो भने कसरी रथ चल्न सक्छ र ? त्यसैले दुवै समान अधिकारका भागीदार छन् भन्ने कुरा भविष्यपुराणमा उल्लेख गरियो ।

जसरी एक चक्काले रथ चल्दैन । जसरी एक पटिका पखेटाले मात्र चरा उढ्न सक्दैन । त्यसरी नै पत्नीविना पुरुष एक्लैले गृहस्थ जीवन चलाउन सक्दैन ।

**एक चक्र रथोयुदवदेक पक्ष यथा खगः ।**

**उभयोऽनिनरस्तद्वदयोग्य सर्वकर्मसुः**

यो प्रस्तुतिले नारीपुरुष समानताको अस्तित्वलाई बुझाएको छ । घरपरिवार चलाउन दुवैको समान सहभागिता आवश्यक रहेको तथ्य प्रस्तुत श्लोकमा रहेको छ । यही कारणले धर्मशास्त्रहरूले समाजका सबै काम नारीको सहयोगविना सम्भव छैनन् भनेर लेखेका हुन् । स्त्रीविनाको यज्ञ र व्रतको कुनै महत्त्व हुँदैन ।

---

८ एकमेवद्वितीयं यो ब्रह्म वद् वदन्ति वै ।
साकं त्वं वाप्यसौ वो किं सन्देहं विनिवर्तय ॥ ३।५।४३

९ सदैकत्वं न भेदोकस्ति सर्व दैव ममास्यच ।
योकसौ साहमहं योकसौ भेदोकस्ति खलु विभ्रमात् ३।६।२

**नास्ती स्त्रीणां पृथग्यज्ञो नव्रतम् नाप्नुयोषितम् ।**

यसले पनि समाजमा नारीको अस्तित्वलाई प्रदर्शित गरेको छ। पुराणहरूले कतै पनि नारीपुरुषलाई अलग बनाउन खोजेको छैन। दुवैलाई हरेक काममा सँगै राखेर हेरेको छ।

देवीभागवत पुराणमा संसारका नारीको समानतालाई महत्त्वपूर्णरूपले उल्लेख गरेको छः–सम्पूर्ण विद्या र संसारका सबै नारी देवीकै अंश हुन्।

**विद्या समस्ता तव देवि भेदा स्त्रीयाः समस्ताः सकला जगत्सु ॥ देवीभागवत- चण्डी**

यी प्रसङ्गहरूले समाजमा नारीको अस्तित्त्व निकै उचाइमा रहेको देखिन्छ।

यिनीहरू पुरुषसमान निर्विभेद बुद्धि र सामर्थ्यका प्रतिनिधिपात्र हुन् भन्ने कुरा प्रस्तुत अंशमा आएको छ।

यसरी नै निर्णयामृतले भनेको छः **भार्या पत्युर्व्रतं कुर्यात् भार्यायाँश्च पतिव्रतम् ।** अर्थात् पतिले पत्नीलाई र पत्नीले पतिलाई एक आपसमा समानरूपले सेवा गर्नुपर्छ। निर्णयामृतमा आएको विचारले नारीपुरुष दुबैको समान हैसियतलाई प्रदर्शित गरेको छ। सामाजिक क्षेत्रका बौद्धिकता र सीपसँग सम्बन्धित जुन कुनै काम पनि नारी र पुरुषका लागि भन्ने छैनन्। जुन काम शारीरिक अवस्थाले योग्य ठहरिँदैनन् त्यस्ता कामहरूमा मात्र उक्त कुराहरू लागु हुन्छन्। यस्ता कुराहरूलाई हामीले विवेकको आँखाले हेर्नुपर्छ र मनन पनि गर्नुपर्छ।

अब अर्को प्रसङ्गलाई हेरौँ। गर्भैदेखि पेटमा छोरो छ कि छोरी छ भन्ने अनावश्यक चिन्ता बोक्नेहरूमा शिक्षितवर्ग नै बढी छन्। कतिपय आमाहरूलाई पनि यस कुराले पिरोलिरहन्छ। यस्तो पिरोलो बोक्नेहरूलाई, र मेरो त छोरीमात्रै छिन् भनेर अनावश्यकरूपमा अनुहार खुम्च्याउनेहरूलाई ऋग्वेद र अथर्ववेदले राम्रो सन्देश दिएको छः दाजुभाइ नभएकी छोरी छोरो नै हो।[१०]

यही कुराको पुष्टिका लागि वाशिष्ठधर्मसूत्रमा वशिष्ठले उल्लेख

[१०] अभ्रातेव पुंस एति २।१।८ऋ





गरेका छन्ः दाजुभाइ नभएकी स्त्री पुत्रिका हुन्, परिवारमा उनले पुत्रको स्थान पाउँछिन्।[११]

वैदिक कालमा छोरा र छोरीबीचको भेदभाव प्रस्तुत गर्ने कुनै विचार प्रबाहित भएको छैन। यस्तो भेदभाव त आजका मानिसमा देखिएको छ। छोरा र छोरी समान हुन् भन्दै भाषण गर्नेहरू नै भिडियो एक्सरे गराएर छोरी भए फाल्न लगाउँछन्।

सृष्टि र संसार स्वभाविक प्रकृया हुन्। सृष्टिविना संसार र संसारविना सृष्टि कल्पनाभन्दा बाहिरका कुरा हुन्।

संसार चलाउन सृष्टि नभइहुँदैन अर्थात् सृष्टि भएन भने संसार नै चल्दैन संसारको अर्थ हुन्छ लौकिक जीवन वा बाटो, बाटो भएन भने यात्रा पनि हुँदैन। यात्राविना गन्तव्य पनि हुँदैन त्यसैले यो संसार भनेको निरन्तर चलिरहने प्रकृया हो। सबैको चलायमान र कृयाशिल भई निरन्तर सञ्चालित हुने बाटो यही संसार हो। यस संसारको यात्राचाहिँ सृष्टि हो। रचना वा उत्पति हुनुको अर्थ सृष्टि हो त्यसैले हामीले रचना गरिएका वस्तुलाई हामी सृष्टि भन्दछौँ।

संसार चल्न सृष्टि हुनुपर्छ। सृष्टि हुन संसार रहनुपर्छ। बाटो र यात्रा यी दुवै पूरक हुन्। एकको अभावमा दुवैको अस्तित्व रहँदैन। सृष्टिका लागि यी आधार र आधेय तत्त्व हुन्। यी दुई तत्त्वको संयोगबाट सृष्टि चल्छ। यसलाई पूर्वीयदर्शनमा प्रकृति र पुरुषको नाम दिइएको छ। मानवसृष्टि पनि यही प्रकृति र पुरुषको संयोगबाट भएको छ। यी दुई तत्त्व समान र उतिकै प्रभावशाली छन् किनभने यी दुवैको मूल स्रोत एउटै हो। त्यो हो मूल प्रकृति त्यसैले कतिपय दार्शनिकहरूले यी दुई तत्त्वलाई प्रकृति र पुरुष नभनी पराप्रकृति र अपराप्रकृति भनेर नामकरण गरेका छन्। मानवसृष्टिको सुरुवातका समयमा मानवलाई चिन्नका आधारमा अलगअलग नामहरू दिइएका छन्। पुरुष, स्त्री, नर, नारी यी नामहरू कृयाकलाप, चरित्र र व्यवहारका आधारमा आएका हुन्। वैदिक कालमा नारी, स्त्री आदि शब्दहरू त्यति पाइँदैनन्। मेना, योषा र ग्नाजस्ता शब्दले उनीहरू चिनिन्थे।

[११] विज्ञायते अभ्रदका पुंसः वितृनभ्येति प्रतीचिन गच्छति पुत्रत्वम् १७।१६

हाम्रा दर्शनशास्त्रहरूमा यति महत्त्वपूर्ण कुराहरू रहेका छन् तर हाम्रा विद्वान् र विदुषीहरूका उदाहरणमा यी कुराहरू आउँदैनन्। पाश्चात्य लेखकले लेखेका कुराहरूमात्र उदाहरणका रूपमा प्रस्तुत हुन आउँछन्। यसो हुनुमा दुईवटा कारणहरू छन्। कि त हामीमा विदेशीहरूले लेखेका कुराहरूबाट उदाहरण दिए आफू ठूलो भइन्छ भन्ने भित्री मनोविज्ञान हुनुपर्छ कि त हाम्रा आफ्ना कुराहरू पढ्दै पढेको छैन त्यसैले ती राम्रा पक्षहरूको उदाहरण दिन सकिँदैन।

उदाहरण दिइहाले पनि नकरात्मक कुराहरू टिपिएका हुन्छन्। पौराणिक कालपछि समाजमा रूढिवाद र अन्धविश्वासले हाम्रो समाजमा जरा गाड्यो। आज हामी यसैलाई अँगालिरहेका छौँ। हाम्रा सोचहरू सङ्कीर्ण बन्दै गइरहेछन्।

त्यो अन्धविश्वासी प्रभावहरूलाई आधार मानेर हामी हाम्रा धर्मशास्त्रहरूमाथि दोषारोपण गरिरहेका छौं। त्यसभित्रका राम्रा कुराहरूलाई चाहिँ वास्तै गर्दैनौ र देखिएका दोषहरूको खैरो खन्दछौँ। दोष देखिनुका पछिको रहस्य खोज्नतिर पनि हामी लागेका छैनौँ। लिङ्भेदका सन्दर्भमा पनि यही समस्या छ। कहाँबाट यस्तो समस्या आइप-यो त्यो कुराको खोजी गर्न कोही तयार छैन तर धर्मशास्त्रको विरोध गर्नचाहिँ अधिकांश व्यक्तिहरू तयार छन्। धर्मशास्त्रहरूमा गलत कुरा छँदै थिएनन् भन्नेकुरा कदापि होइन। तिनीहरू तत्कालीन परवेश अनुरूप बनेका थिए। ती कुरा आजको परिवेशमा मिल्नुपर्छ भन्ने होइन। ती अमिल्दा कुराहरूको सुधार गर्नु हाम्रो कर्तव्य हो।

मूल ग्रन्थ वेद हो। यसको उद्देश्य अनुरूप हामी हिड्नु पर्ने हुन्छ। स्मृतिहरूले कथं कदाचित वैदिक भावलाई छोडेका छन् भने त्यो बाटो हिड्नै पर्छ भन्ने छैन। स्मृतिहरूमा व्यावहारिक पक्षको वर्णन फरकफरक ढङ्ले पनि आएका छन्। समयसापेक्ष बाटो कुन हो त्यसलाई पहिचान गर्नु त मानिसको कर्तव्य हो। मानिसले यस कर्तव्यलाई बिर्सेको छ। सुधार गरेर हिँड्नु त कता हो कता विरोध गरेर हिँड्ने मानिसको बानी बसिसक्यो।

पौराणिक कालपछि लामो कालखण्डमा नारीजातिप्रति सामाजिक कार्यक्षेत्रमा अगाडि बढ्न निकै ठूला व्यवधानहरू आइपरे। ती व्यवधानहरूमा चुनौतिपूर्ण समस्या हिन्दूहरूप्रति धार्मिक प्रहारहरू भए।





हिन्दूधर्मका आधारभूत संरचनासमेत मेटाउने खालका भयङ्कर युद्धहरू भए। त्यसले हिन्दूनारीमा निकै ठूलो प्रभाव पा-यो। अविवाहित हिन्दू नारीमाथि दुर्व्यवहारहरू भए त्यसबाट बच्न विवाहित बनेर सुरक्षित हुने एक उपाय थियो। सायद सिन्दुर र पोतेको सुरुवात यसै बेलादेखि भयो होला। यसले परैबाट विवाह भएको सङ्केत दिन्थ्यो। यहानेर बालविवाह अत्यधिक बढ्न थाल्यो। हिन्दूकी छोरीलाई विधर्मीहरूले जबरजस्ती दुषित नपारुन् भन्ने उद्देश्यले चालेका यी कदमहरू रूढिवादका रूपमा क्रमशः विकास हुँदै गए। घरभित्रकै काममा संलग्न बनाएर नारीलाई सुरक्षा दिने निश्चित उपायले सामाजिक संस्कारको रूप लियो। हामीले त्यसैलाई अपनायौँ। त्यो परिवेशको अन्त्य भएपछि हाम्रो समाजले यी कुराहरूलाई परिमार्जन गर्नुपर्दथ्यो र नारीहरूलाई पुरुष सोसरह सबै क्षेत्रमा अगाडि ल्याउनुपर्दथ्यो तर यस्तो हुन सकेन। यसका पछाडि शिक्षा र चेतनाको अभावले ठूलो खाल्डो रचना ग-यो। त्यो समय अत्यन्तै त्रासदी र शङ्कामय भएकाले शिक्षादीक्षामा निकै हानी भयो। जहाँ शिक्षाको उज्याले हुँदैन त्यहाँ अन्धविश्वास बढी हुन्छ। अन्धविश्वासले अधिकार र हक भन्ने कुराहरूलाई समेत नाश गर्छ।

विस्तारै थुप्रै व्यक्तिहरू सचेत भए। स्वयं नारीहरू पनि चेतनशील भए त्यसैले त्यो आफ्नो स्वतन्त्र अस्तित्वको खोजी हुन थाल्यो। नारी समानता र लैङ्गिक भेदभावका कुराहरू उठे। धेरै समयपछि आजभोलि नारीहरू पुरुषहरूले गर्न सक्ने सबै काम नारीले पनि गरेर देखाउन सक्छन् भन्ने चेतनाको विकास भयो तर नारीहरूले त्यो समानता र लैङ्गिक एकता वा समानतालाई यूरोप र अमेरिकाको जस्तो बनाउन खोजिरहेका छन्। त्यहाँको शिक्षादीक्षा, सभ्यता र संस्कारलाई हाम्रो परिवेशसँग गाँसेर हेर्नु एकदमै गलत कुरा हो किनभने हाम्रो सभ्यता अधिकारको वेसबाट उठेको होइन हाम्रो संस्कृति र व्यवहार त्यो अधिकारभन्दा माथिको कर्तव्यको जगबाट उठेको छ।

प्राचीन धर्मशास्त्रहरू तत्कालीन समाजका संविधान हुन्। संसारमा देखिएका विकसित मुलुकका संविधानहरू कतै न कतै प्राचीन आर्ष धर्मशास्त्रहरूकै कुनै न कुनै एक कुनालाई छोएर बनेका देखिन्छन्। पाश्चात्यसंविधानहरू १८ औं १९ औं शताब्दीपछि बढी यथार्थ र व्यवहारमुखी बनेर आए र अधिकारको पाटोमा बढी सक्रिय देखिए। पूर्वीय

परम्परामा भने वि.सं. पूर्व २००० वर्ष अगाडिदेखि नै व्यवस्थित बनेर आदर्शमुखी व्यवहार हुँदै कर्तव्य र चरित्रमा बढी सक्रिय हुँदै आए त्यसैले पूर्व र पश्चिममा केही फरकपनहरू देखिँदै आएका हुन् । यसको अर्थ हामी कहाँ अधिकार छँदै थिएन भन्ने होइन । यस भनाइको अर्थ हाम्रा धर्मशास्त्रहरू अरूको अधिकार हनन गर्नु हुँदैन भनेर सबैले पाउने अधिकार सुनिश्चित राख्नुपर्छ भन्ने कर्तव्यसम्म पुगेका थिए भन्ने हो ।

पूर्वीय धर्मशास्त्रहरूले एउटा सुन्दर आदर्शसमाज स्थापित गर्न सबैलाई नैतिकचरित्रको आदर्शोमय कर्तव्यले बाँध्दै हरेकलाई आ-आफ्ना अलग-अलग भूमिकासहित सामूहिक चरित्रको विकास गर्न नीति-नियम बनाए त्यसैले यसभित्रका नियमहरूले नारी, पुरुष, जातजातिलाई पृथक अस्तित्वमा नभई सामूहिक अङ्गका रूपमा स्वीकारेको छ ।

जब समाजले समाजलाई व्यवस्थित बनाउन एउटा प्रशासन यन्त्रको सोच राखे त्यसपछि राजा भन्ने एउटा संस्था निर्माण गरे । त्यसमा रहने व्यक्तिको क्षमता र गुणको निर्धारण गरे त्यसपछि सामाजिक कामका लागि नीति निर्माण गरे । तिनीहरू धर्मशास्त्र वा स्मृतिका रूपमा परिभाषित भए ।

विद्वत् समुदायले राजाको प्रमुख भूमिका समाजमा देखिएपछि नीतिनियम निर्माण गर्न थाले । विद्वान् मन्त्री र ब्राह्मणहरूले निष्कर्ष निकाले पछिमात्र राजाले निर्णय दिने हुँदा त्यसबेला एकल निर्णय मान्य थिएन । यस कुरालाई मनुस्मृतिले स्पष्ट उल्लेख गरेको छ ।

व्यवहार हेर्न जाँदा राजाले आफ्नो साथमा विज्ञ ब्राह्मण मन्त्रज्ञ मन्त्रीहरूलाई साथमा लिनु र विनयशील (सतर्क) भएर सभामा प्रवेश गर्नुपर्छ ।[१२]

याज्ञवल्क्य स्मृति २ १।२ ले पनि यही कुरा उल्लेख गरेको छ । क्रोध र लोभबाट रहित हुनु राजाको प्रमुख गुण हो । यही धर्म लिएर राजाले विद्वान् ब्राह्मणका साथमा धर्मशास्त्रानुसार (नियममुताविक) व्यवहार हेर्नु । यसका लागि राम्ररी पढेका विद्वान् ब्राह्मण, धर्मज्ञ, सत्यवादी र शत्रुमित्रमा

[१२] व्यवहारानदिदृक्षुस्तु ब्राह्मणैः सह पार्थिवः ।
मन्त्रज्ञैर्मन्त्रिभिश्चैव विनीतः प्रविशेत्सभाम् ॥ ८।१ मनु





समान दृष्टिकोण राख्न सक्ने व्यक्तिहरूको सभासद बनाउनुपर्छ किनभने यस्ता व्यक्तिहरूले गरेका निर्णयहरू निर्विविवाद र नारी र पुरुषका बीचमा पनि स्पष्ट र समान निर्णय आउन सक्छन् । यसले सबैको अधिकार पनि सुनिश्चित गर्छ ।[१३]

श्रुति, मीमांसा व्याकरण आदिका ज्ञाता शास्त्रज्ञ, धर्मज्ञ, सत्यवादी, शत्रु र मित्रमा समान भाव राख्ने समुदायको सभासद बनाउनुपर्छ । जसले गर्दा त्यस्ता व्यक्तिबाट निस्किएको निर्णय राम्रो हुन्छ ।

सभासदले गरेको निर्णयमात्र राजाले सुनाउने हुँदा सामूहिक चिन्तनबाट मात्र सही कुरा निस्कने सोच धर्मशास्त्रीहरूको देखिन्छ । यसपछि विधि मुताविक बन्ने नीति र हुने निर्णय पनि नारी र पुरुषवीच समान रहन्छन् ।

क्षेत्र र अधिकारहरू समाजका हरेक व्यक्तिले कर्तव्यका रूपमा निर्बाह गर्न व्यवस्थित नीति धर्मसूत्र र स्मृतिहरूले तयार गरेका हुन् । कर्तव्य छुटाएर अधिकारका रूपमा मात्र कुनै पनि कुराहरूलाई हेर्ने हो भने हरेक व्यक्ति अधिकारमुखीमात्र हुन पुग्छन् र यसबाट एकल अस्तित्वतिर जान्छन् । त्यसो हुन पूर्वीय दर्शनले दिँदैन । पूर्वीय शास्त्रहरूमा नारी र पुरुषबीचको सम्बन्ध सहसम्बन्धका रूपमा विकसित भएको छ । शास्त्रानुसार न त पुरुष स्वतन्त्र छ न नारी स्वतन्त्र छिन् । दुबैलाई विवाहपछि एक आत्मा र दुई शरीर बनाउने अभ्यासहरू गरिएका हुन्छन् । गोत्रपरिवर्तन यसैको उदाहरण हो । विवाहपछि पति वंशकै एक अङ्ग बनेर नारी पति परिवारमा आउँछिन । त्यहाँ उनलाई उनको महत्त्वपूर्ण स्थान तोकिएको हुन्छ । यसबाट उनको अस्तित्त्व खोसिएको हुँदैन बरु पतिपरिवारमा उनले त्यहाँका अन्य परिवार समानको हक र अस्तित्त्व प्राप्त गरेकी हुन्छिन् । यस पद्धतिमा समाजले स्वयं उनलाई उच्च सम्मान र हैसियत कायम गरिदिएको छ । त्यसैले पूर्वीय परम्परामा विवाह सम्झौता नभई अनिवार्य संस्कार बनेको हो । नारीविना पुरुष अर्द्ध हुन्छ पुरुषविना नारी अर्द्ध हन्छिन् त्यसैले अर्द्धाङ्गिनी भनेर नारीलाई भनिन्छ ।

[१३] श्रुताध्ययन संपन्ना धर्मज्ञा सत्यवादिनः ।
राज्ञा सभासदः कार्या रिपौ मित्रे च ये समाः ॥२।२ याज्ञवल्क्य

नारी र पुरुषलाई पूर्वीयदर्शनले कहिल्यै स्वतन्त्र र एकल धारमा उभ्याएर हेरेको छैन। यिनीहरू जन्मले फरकफरक दुई धारमा स्वतन्त्ररूपले आएका हुन्छन् तर विवाहपछि एउटै मूल प्रवाहमा रहेका हुन्छन् भन्ने शास्त्रहरूको मत हो। यस कुरालाई मनुले यसरी प्रस्तुत गरेका छन्।

सृष्टिको आरम्भमा स्वयं परमात्माले आफैँलाई दुई भागमा विभक्त गरी एक भाग पुरुष र अर्को भाग नारी बनाएका हुन्।[१४]

यो दार्शनिक विचार हो त्यसैले यसलाई वस्तुगतरूपमा हेर्नु हुँदैन। यसलाई एउटा सहज र स्वाभाविक प्रक्रियाका रूपमा तत्कालीन समाजले ग्रहण गरेको थियो।

पूर्वीय समाजमा विवाह एउटा प्राकृतिक मेल र सामाजिक संस्कारको रूपमा विकसित भयो। तत्कालीन चार पुरुषार्थमा चौथो र महत्त्वपूर्ण पुरुषार्थ मोक्ष हो। यसलाई गृहस्थीले विवाहबिना प्राप्त गर्न सक्तैन थिए। यस कुरालई कर्म मिमांसामा राम्ररी उल्लेख गरिएको छ : कैवल्य प्राप्तिका लागि स्त्रीधारा र पुरुषधारा नित्य प्राकृतिक रूपले अगाडि बढिरहन्छ।[१५]

यस विषयमा देवीभागवतमा राम्ररी उल्लेख गरिएको छः

मूल प्रकृति स्वेच्छापूर्वक दुई रूपमा देखा पर्‍यो बायाँभाग स्त्री र पुरुष दायाँ भाग भएर।

**स्वेच्छामयः स्वेच्छयायं द्विधा रूपो वभूवः।**

**स्त्रोरूपो वाम भागांशो दक्षिणांशः पुमान स्मृतः।** देवी भागवत

यसरी हामी सृष्टिको प्रारम्भमा एकै प्रकृति थियौं। विस्तारै सृष्टि प्रक्रियामा दुई धार भएर नारी र पुरुषमा विभक्त भएको पाउँछौं। यसैबाट सृष्टिको सुरुवात भएको छ। यस कुरालाई स्पष्टसँग बुझ्न वेदलाई हेर्न सक्दछौं।

१४ द्विधा कृत्वात्मनो देहमर्धेन पुरुषोऽभवत्।
अर्धेन नारी तस्यां सः विराजमसृजत्प्रभु : ॥मनु१।२९

१५ स्त्रीधारा पुंधारामयी कैवल्याधिकारिणी। कर्ममीमांसा दर्शन धर्मपाठ सूत्र ५६





विवाहको समयमा एक नारी भन्दछिन् : हे देवतागण ! तपाईँहरूको समूहलाई साक्षी राखेर हामी विवाह गर्दैछौं। जसरी दुई नदीको पानी एकै ठाउँ मिसिएपछि नछुट्टिने गरी एकै हुन्छ त्यसरी नै हामी दुई को अलग-अलग मन विवाहपछि एक भएर नछुट्टिने होओस्।[१६]

यहाँ शरीर अलग भएपनि भावात्मक सम्बन्ध पतिपत्नीका बीचमा एउटै हुनुपर्छ भन्ने भाव देखिन्छ। व्यवहारमा देखिने केही समस्याहरूले अफठ्यारा परिस्थितिहरू आउँछन् त्यस्ता अफठ्याराहरू हटाउन धर्मशास्त्रहरूले नियम बनाए।

जबसम्म पुरुषले विवाह गर्दैन तबसम्म ऊ अर्द्ध हुन्छ।[१७]

आफू पूर्ण बन्नका लागि विवाह गर्नुपर्दछ। यो व्यावहारिक सृष्टि संरचनाका लागि बनाइएको नियम हो। यसै भित्रको आदर्शले पतिपत्नीको सम्बन्ध सुमधुर बन्दछ। एकै होऔंको भावना जागृत हुन्छ

विष्णुपुराण अनुसार सृष्टिको सुरुमा आधा शरीर पुरुष र आधा शरीर स्त्री भएर रुद्र देखिए।[१८]

सृष्टिका क्रममा ब्रह्माले यसैलाई दुई भाग गरेका हुन्। यी माथि प्रस्तुत भएका विविद अंशहरूलाई हेर्दा नारी र पुरुष प्रकृति र पुरुष हुन् प्रकृतिविना पुरुषको अस्तित्व हुँदैन। पुरुषविना प्रकृतिको अर्थ रहँदैन। जसरी एउटा खेत र बालीको अटुट सम्बन्ध रहन्छ त्यसरी नै नारी र पुरुषको पनि व्यावहारिक सम्बन्ध रहन्छ। रस र फलको झैं आगो र तापको झैं, पानी शीतलताको झैं यिनीहरूमा एउटाको मात्र अस्तित्त्व टाढिँदा अर्काको अस्तित्त्व स्वतः नाश हुन्छ। यसबाट एकल अस्तित्त्वतिर नगई एकात्मक अस्तित्त्वतिर जानु यथार्थता हो भन्ने भाव हामीले लिनुपर्दछ।

हामी जतिजति सभ्यताको शिखरतिर जाँदैछौं त्यतित्यति हामीलाई आफ्नो पहिचान दिने सभ्यताको यस्तो जरो पनि भुल्न गइरहेका छौं कि

१६ समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ। ऋग्वेद

१७ यावन्नविन्दते जायां तावदर्धो भवेत् पुमान्। व्याससंहिता २।१४

१८ अर्धनारी नरवपुः प्रचण्डोऽति शरीरवान्।
विभजात्मानमित्युक्त्वा तं ब्रह्मान्तर्दधेततः ॥ विष्णुपुराण

जस्तो लाग्दछ । हामीले अँगालेका सभ्यता आफ्नाभन्दा बाहिरका बढी छन् त्यसैले सभ्यताका लागि आफ्नो मूल पहिचानबाटै हामीले उठ्नुपर्छ भन्ने हाम्रो ध्येयचाहिँ रहनुपर्छ ।

जतिजति शिक्षित बन्दैँछौँ, त्यतित्यति हामीले लिएका आधारहरू पनि हाम्रा आफ्ना पूर्वीयमान्यता र स्रोतका नभएर बाह्य वा पाश्चात्य आधारहरू बढी अपनाउँदै लगिएका छन् त्यसैले हाम्रा मूल स्रोतहरू हामीलाई नै थाहा हुन छाडेका छन् । यो हामी सबैका लागि दुर्भाग्यको कुरा हो । मेरो आशय पाश्चात्य शिक्षा र ज्ञान नलिनु भन्ने होइन । पहिला आफ्ना मूल आधार चिनेर मात्रै ती ज्ञानहरू आत्मसात गर्नुपर्छ भन्ने धारणा मात्र राखेको हुँ । हामी पनि यति सभ्य र उचाइमा रहेका छौं भनेर गर्व गर्ने हाम्रा आधारहरू लिएर हामीले पाइला चाल्यौं भने अरूबाट पनि हामी सम्मानित बन्दछौं । दशबाह्र हजार वर्षको लामो इतिहास हामीसँग छ । विश्वकै लामो इतिहास पूर्वीय दर्शन र पूर्वीय इतिहास हामीसँग छ । अध्यात्मधारबाट यो इतिहास अगाडि बढेकाले बढी भावनात्मक बन्दै आएको छ । अधिकारको खोजभन्दा माथिको कर्तव्यको धारबाट यो अगाडि बढेकाले यो पाश्चत्य चिन्तनभन्दा निकै फरक छ ।

अधिकार स्वसिद्ध प्राप्त हुने भएकोले आदिम वैदिक सभ्यतामा कसैले कसैको अधिकार खोस्नु हुँदैन भन्ने उत्तम विचार थियो त्यसैले कर्तव्यको धारबाट हाम्रो दर्शनको निर्देशन सुरु भएको हुनुपर्छ ।

वैदिक कालको यही परिवेशले तत्कालीन नारीहरू ऋषिका र ब्रह्मवादिनीसमेत बनेका हुन् । नारीहरूले बनाएको त्यही उच्चताले स्मृतिहरूमा नारीका गौरवगान गाइएका छन् । **नारी गुरुणां गुरुः, मातृदेवो भवः** (वृद्धा उपनिषद) जस्ता उच्च श्रद्धाका भावहरू क्रमशः बढिरहेका छन् तर केही समय यता स्मृतिले उल्लेख गरेका मूल धार वा आधारमा टेकेर त्यसको वास्तविकता नहेरी गलत व्याख्यातिर जाने प्रवृति बढ्दै जाँदा यस प्रवृत्तिले नारी अस्तित्त्वमा पनि केही विचलन अवश्य ल्याएको छ । यसलाई हामीले गम्भीररूपमा चिन्तन र मनन गर्नुपर्छ । आधारसूत्रलाई व्यवहारमा ल्याउनुपर्छ तर त्यसबेला कस्ता व्यवहार भए । त्यही व्यवहार अहिले पनि हुनुपर्छ भन्ने मान्यता राख्नुहुँदैन ।

आज हामीले समाजमा निर्बाह गर्दै आएका सबै व्यवहार धर्मशास्त्रबाट निर्देशित छैनन् । समाजका केही व्यक्तिहरूबाट प्रलचनमा





आएका व्यवहारलाई धर्मशास्त्रहसँग जोडेर हेर्न मिल्दैन । धर्मशास्त्रहरू वेद होइनन् । स्मृतिहरूका धेरै कुराहरू मौलिक छन् र तत्कालीन सामाजिक व्यवस्थलाई हेरेर नियम बनाइएका छन् । धर्मस्थिर भए पनि सामाजिक नियमहरू परिवर्तित हुन्छन् । यस कुरालाई पाराशरले स्पष्ट पारिदिएका छन् ।

धर्म, नियम समय र परिवेश अनुरूप आएका हुन्छन् । नियमकर्ताले त्यही आधारमा नियम बनाएका हुन्छन् ।[१९]

आजको परिवेशमा त्यो पहिलेको नियम मिलेन भनेर त्यस बेलाका नियमकर्ताको निन्दा गर्नु ठीक होइन । द्विज भनेका संस्कारयुक्त व्यक्ति हुन् । त्यसबेला यस्तै व्यक्ति नियमनिर्माता (संविधान) बन्दथे । नियमहरू युग रूपानुसारिणी हुन्छन् र समयसापेक्ष नियममात्र व्यावहारिक हुन्छन् ।

हामी आजभोलि ती स्मृतिशास्त्रहरूका केही वाक्यहरूलाई आधार लिएर आजकै परिवेशसँग दाँजेर गाली पनि गर्ने गर्छौं । आफू कहाँबाट परिवर्तन हुनुपर्ने हो ,त्योचाहिँ भुसुक्कै विर्सिएका छौं । गाली गर्नुमात्र ठूलो कुरा होइन सुधारको बाटो खोज्नुचाहिँ ठूलो कुरा हो र यही मानवकर्तव्य पनि हो ।

अब हामी पूर्वीशास्त्रहरूमा विवाहको पद्धति र स्थापित मर्यादाका विषयमा केही खोजी गरौं ।

## विवाह

यस विषयमा केही कुरा त माथि नै आइसकेको छ । पूर्वीय आदर्श सभ्यतामा विवाहलाई एउटा औपचारिकताको सम्झौता नमानेर शुद्ध पवित्र संस्कार मानिएको छ । पूर्वका शास्त्रीय मान्यतामा विवाह भोगलिप्सा र वासना सन्तुष्टिको साधन होइन जहाँ पतिपत्नी भएपछि रातदिन दुनियाँ विर्सिएर दुईमात्र अलमस्त भई जीवन विताउने चेष्टामात्र हुन्छ । पूर्वीय सभ्यतामा त विवाह दुई आत्माको पवित्र मिलन हो । जुन विवाह संस्कारपूर्वक विधि पुऱ्याएर गरिन्छ र त्यसबाट आत्मशुद्धि पनि हुन्छ ।

१९ युगेयुगे च ये धर्मास्तत्र तत्र च ये द्विजाः ।
तेषां निन्दा न कर्तव्या युग रुपाहि ते द्विजाः १।२३

जसले भोगविलासतिरको प्रवृतिभन्दा निवृत्तितिर लैजान्छ अर्थात् सृष्टिको प्रवाह चलाउने कर्तव्यको मूल आधारतिर लिएर जान्छ। यस्तो विवाहको संस्कार कहीँ कतै छैन। छ भने यही पूर्वीय सभ्यतामा छ।

शास्त्रहरूले कर्तव्य बुझाउन मानिसलाई निश्चित बाटाहरू दिएका छन्। जन्मिइसकेपछि मनुष्यलाई तीन ऋण लाग्दछन्। यसको अर्थ यी तीन कर्तव्य मानिसले पूरा गर्नै पर्ने कर्तव्य हुन् भन्ने हो। तीन ऋणमा

१ देवऋण, २ ऋषिऋण र ३ पितृऋण पर्दछन्।

यी तीन ऋणमध्ये शास्त्रमा उल्लेख भए अनुसार पितृऋण विवाह नगरी तिरिँदैन। विवाह गरेर श्राद्धादि गरी उत्तर सन्तानको जन्म दिएपछि मात्र यो ऋण तिरिने हुँदा विवाह सोह्र संस्कारमध्ये अति महत्त्वपूर्ण संस्कार बन्न पुग्यो। अर्थात् वंश विस्तार गर्नु नै उसको एक कर्तव्य हो।

संस्कार भन्ने कुरा मनलाग्दा गर्ने र नलाग्दा छाड्नेजस्तो सस्तो हुँदैन। यो त पवित्र गहन अमेट र एकात्मक भाव भएको कुरा हो। यसरी सम्बन्ध गाँसिसकेपछि कुनै एकले अर्कोलाई विनाकारण दुःख दिए, त्यो अपराधी दोषी र पापी बन्दछ तर यसबाट जोडिएको सम्बन्ध टुट्दैन स्वयं समाजले दोषीलाई दण्ड दिन्छ। यसैका लागि पत्नीधर्म, सतीधर्म, पुरुषधर्म र एक पत्नीव्रत धर्मजस्ता नियमहरू बने।

असंख्य धर्मशास्त्रहरू यसैको व्याख्या गर्छन् तर हामीहरू हामी आफ्ना संस्कार र धर्मशास्त्रहरूलाई बिर्सँदै छौं र हाम्रो परिवेशभन्दा बाहिरको अर्कै सभ्यताको अध्ययन गरी त्यसैको अनुकरण गर्दैछौं। पश्चिमी संस्कारले पति वा पत्नी हरेकलाई एक स्वतन्त्र छुट्टै अस्तित्त्वमा उभ्याउँछ त्यसैले त्यहाँको परिवेशले त्यस्तो एकल संस्कारलाई राम्रो ठान्दछ। हाम्रो सभ्यता भनेको म होइन हामी बनेर चिनाउने एकताको सभ्यता हो। हामी यस्तो आफ्नो सभ्यतालाई कुल्चन लागिरहेका छौं।

पोते, चुरा र सिन्दुरले छेकेर बाँधेर पिजँरामा हाल्ने सभ्यता भन्दै विवाहको मर्म नबुझी फलाकिइरहन्छौं। हामी आफैँले पूर्वीयमान्यतामा विवाह के हो ? यो किन गर्नु परेको हो ? यो चलन कसरी आयो ? यसलाई कसरी स्वीकार गर्ने ? यस विषयमा गम्भीर चिन्तन र मनन गर्नुपर्ने हो। त्यसभित्रका राम्रा पक्षको ग्रहण र सुधार गर्नु पर्ने हो भने नराम्रा पक्षको कारण खुलाई अन्त्य गर्नु पर्ने हो। यथार्थमा हामीले आफ्नो मूल





पहिचानबाट आफैँ उत्तर खोज्नुपर्छ। अर्काले भनिदिएका भनाइमा लहलहैमा लागेर हौवासँग दौडनु कतिसम्मको बुद्धिमानी हो ! २१ औं शदाब्दीका नारी सम्झिएर परम्परा विथोल्नु किमार्थ ठीक होइन। गलत धारणा र परम्परा हटाउनु कर्तव्य हो तर समाजको मूल संरचना नै विगार्ने बाह्य संस्कार रुचाउनु मूर्ख बन्नुमात्र हो।

जीवनपद्धतिका यावत् कुराहरू परिमार्जित हुनुपर्छ परिवर्तित हुनुपर्छ। समयसापेक्ष बन्नुपर्छ तर मूल नै विगारेर होइन। शास्त्रीय मान्यतामा पूर्वीय नारीहरू पाश्चिमी नारीहरूभन्दा धेरै गुना उचाइमा रहेका छन्। यसलाई सामाजिक मर्यादामा तुलना गरेर हेर्न पनि सकिन्छ यसलाई व्यावहारिक जीवनमा उतार्न नसक्नु हाम्रै गल्ती हो। यसमा पूर्वीयनारीहरूको सर्वोत्कृष्टता विवाहमा रहेको छ किनभने यो विवाह आध्यात्मिक विकासको एक श्रेणी हो।

विवाहपूर्व एकल व्यक्तिको व्यक्तित्व विकासको सोच राख्ने पुरुष र महिला विवाहपछि परिवार र पुत्रपुत्रादि र सामाजिक विकासको समुन्नतितिर सोच्न पुग्दछन्। यसबाट पनि थाहा हुन्छ कि पूर्वमा विवाह भोगका लागिमात्र होइन सामूहिक उत्थान र विकासका लागि हो। सम्बन्धी, कुटुम्ब, समाज र देशको लागि सहयात्रामा विवाहपछि पतिपत्नी दुवै युगल भएर लाग्न थाल्दछन् किनभने विवाहका केही प्रमुख विधिहरू नै यसका लागि आएका हुन्छन्। सहयात्रा सँगसँगै विवाहको अन्तिम लक्ष्य भगवत प्राप्ति वा मोक्ष(ज्ञानको अन्तिम अवस्था) पनि हो। यहाँ प्रयोग भएको मोक्ष शब्दले दुःख र झमेलाबाट मुक्ति प्राप्त गर्नु हो अर्थात् भौतिक र आत्मिक दुवै कुराबाट सुखको प्राप्ति गर्नु हो। शास्त्रानुसार पुरुषले पत्नीविना गरेका जतिसुकै महान् वा पूण्यकाम पनि असफल हुन्छन्। त्यसरी नै पत्नीपनि सती भएर स्वामीमा ईश्वरीय भाव देख्तछिन्। यहाँ प्रयोग भएको सती शब्द लोग्नेको चितामा जल्नुसँग होइन समपर्णसँग गाँसिएको कुरा हो। आफ्नो सम्पूर्ण कुरा त्याग गरेर उसैसँग जीवन यापनको समर्पणले बोकेको अर्थ हामी दुबै एकै हौं भन्ने भावना आउँनु र लोग्नेको मृत्युपछि पनि त्यही बाटोमा हिँड्नु हो। यसबाट सत्कर्म र सद्धर्म दुवै प्राप्ति हुन्छन्। पत्नीको अधीनमा सन्तानोत्पादन, धर्म, कर्म, सेवा,

उत्तमप्रेम, पितृहरूको उद्धार र स्वयं पुरुषको आफ्नो उद्धार र स्वर्ग पनि रहेको हुन्छ भन्ने कुरा मनुले स्मृतिमा उल्लेख गरेका छन् :[२०]

सुरक्षित पत्नीबाट उक्त सबै कुरा प्राप्त हुने भएकैले स्त्रीको रक्षा पुरुषले गर्नु परेको हो । स्त्रीको सबैभन्दा ठूलो धर्म सतीत्व हो । यसलाई जोगाउन पुरुष स्वयंले स्त्रीको रक्षा गर्नुपर्छ । यसैकारणले मनु, याज्ञवल्क्य, पाराशर, नारदादि स्मृतिहरूले बाल्यावस्थामा पिताले, युवती अवस्थामा पतिले र वृद्धावस्थामा छोराहरूले स्त्रीको रक्षा गर्नु भन्ने आदेश दिएका हुन् । नारीलाई निरीह सम्झिएर रक्षा गर्नु भनेको होइन । छलकपट र कृतध्न व्यवहार गर्नेहरू नारीको सतीत्व अपहरण गर्न सक्दछन् । पूर्वीयमान्यता सतीत्व गुम्दा कुल, मर्यादा, सदाचार, धर्म, कर्म र स्वधर्म नै सिद्धिने परम्परा हुँदा त्यसको रक्षा गर्नु पुरुषको पनि कर्तव्य भएकाले मनुले यो आदेश दिएका हुन् । पत्नीको रक्षाका सम्बन्धमा मनु भन्दछन् :

आफ्नी स्त्रीको रक्षा गर्ने पुरुषले आफ्ना सन्तानको, आफ्नो सदाचारको, आफ्नो कुलको र आफ्नो धर्मको पनि रक्षा गर्छ ।[२१]

यस विचारले नारी शक्तिको उपहास गरेको होइन बरु त्यसले तत्कालीन अवस्थामा नारी अस्मितामा रहेको महत्वपूर्ण पक्षलाई खुलाएको छ र समाजका खराब दुष्टहरूबाट नारीलाई जोगाउनुपर्छ भनेको छ । यसलाई मूल आधार बनाएर नारीलाई कज्याउने घृष्टता कुनै पुरुषले लिन्छ भने त्योचाहिँ दुर्व्यवहार नै हो । त्यो नारी अधिकारमाथिको कुठाराघात नै हो ।

अधिकार सबैको हुन्छ तर त्यसको पनि सीमा हुन्छ । अधिकारको पहिचान गर्नचाहिँ सक्नुपर्छ । स्वयं देवताको रक्षामा पार्षद हुन्छन् । देवीहरूको सुरक्षामा पार्षद हुन्छन् । राजा, नेता र नेतृहरूको सुरक्षामा सैनिक र प्रहरी हुन्छन् किनभने तिनीहरू महत्वपूर्ण हुन्छन् । नारी पनि समाजकी त्यस्तै महत्वपूर्ण र सम्वेदनशील भएकाले त्यो सम्वेदनशीलताको

---

२० अपत्यं धर्मकायाणि शुश्रूषा रतिरुत्तमा
दाराधीनस्तथा स्वर्गः पितृणामात्मनश्च ह ॥९।२८मनु

२१ स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च ।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन्हि रक्षति ॥९।७





सुरक्षा गर्न पुरुषलाई नियुक्त गरिएको हो । तत्कालीन परिवेशमा आफ्नो कुल र पितृकुल दुबैको इज्जतसँग मनोवैज्ञानिकरूपमा नारी अस्मिता जोडिएर आएका थिए त्यसैले यो परिवेश तयार थियो तर नारीसुरक्षामा लाग्नेले अधिकार खोसिदियो भने त्यो दुःखको विषय बन्दछ तर नारीले आफ्नो सुरक्षा आफैँ गर्न सक्छे भन्ने विचार आएका छन् । यी विचारहरू आफैँमा एकदम ठीक छन् किनभने नारी त्यति कमजोर छैनन् जुन हाम्रो समाजले ठानेको छ तर ज्यादै विकसित देशहरूमा पनि नारीमाथि दुर्व्यवहारहरू भइरहेका छन् । ती दुर्व्यवहारहरूले उसको जीवनमै ठूलो प्रभाव पारेको छ यसका पछि केही संवेदनशील पक्षहरू छन् । तिनीहरूमध्येका पनि महत्वपूर्ण पक्ष भनेको सतीत्त्व नै हो जुन हाम्रो पूर्वीय मान्यतामा ज्यादै महत्वपूर्ण मानिन्छ त्यसैले आफू सक्षम छु भन्दाभन्दै पनि केही कारणले त्यहाँ अफ्ठ्यारो छ । सतीत्त्व रक्षा सजिलो कुरा होइन । समाजमा नरराक्षसहरू पनि हुन्छन् । जसका कारणले बलात्कारजस्ता अधर्मका कार्यहरू समाजमा देखिइरहेका छन् । गर्भधारण कसैको बसको विषय होइन । यसै कारणले त्यस अवस्थामा नारीलाई समस्या आइपर्छ । प्रस्तुत भनाइ यस विषयसँग पनि सम्बन्धित छ ।

प्राचीनकालमा १२ वर्षकी कन्याको विवाह गर्ने कुरा मनुले उल्लेख गरेका छन् । यो आजको परिवेशमा निकै अमान्य छ र आजको परिप्रेक्ष्यमा त्यसबेलाको त्यो परिवेश संझिदा महापातक नै हो । रजश्वला हुनु भनेको मातृत्व शक्तिको विकास हुनु हो । रजस्वला भएपछि कन्याका मनमा परपुरुषहरूप्रतिको एक खाले धारणा आउनु बेठीक होइन । आफ्नो अगाडि जो पुरुष आइपर्छ उसका मनमा कल्पनाचित्र आउन थाल्छन् । त्यसबाट जोगाउन यही मेरो पति हो भनेर अडिग रहनका लागि यो व्यवस्था मनुले गरेका हुन् । यदि विवाह भइसकेको छ भने मनोवैज्ञानिक रूपमा सहवासको चिन्तन अरू पुरुषमा जाँदैन । यस परिवेशले उक्त नारीको मनमा आफ्नै पतिको मात्र चिन्तन हुन्छ ।

यहाँ नेर उक्त कुरा आधुनिक सोचमा एकदमै बेठिक भएकाले त्यसप्रति तिव्र रोष प्रकट हुन्छ । १२ वर्षकी कन्यासँग सहवासचाहिँ उचित हुन्छ त ? यहाँ बुझ्नु पर्ने कुरा के हो भने हिन्दूसभ्यतामा आदर्श विवाह भनेको वासनात्मक भोग होइन । त्यसप्रतिको त्याग पनि हो । शास्त्रीय विचारमा जुनसुकै बेला सहवास निषेध छ । नारी र पुरुष दुबैको १६ वर्ष

पर्यन्त ब्रह्मचर्यव्रत अनिवार्य छ ।

विवाह त संस्कार हो । यो संस्कारमा मैथुन अलग कुरा हो । यो संयमभित्रको अर्को धर्म हो । यस्तो त्याग र समर्पण नहुनेलाई उक्त विवाह अमान्य हुन्छ । आज मन बाँध्न नसक्ने र ब्रह्मचर्यप्रति वेवास्था गर्ने भएकैले यो विवाह कन्याको १६ वर्षपछि पुगेको हो । आफूले आफैँलाई नियन्त्रण गर्न नसक्नु नै आजको समस्या हो । विवाह नै भोग विलासका रूपमा कतिपयमा विकास हुँदै गएकाले आजभोलि त्यस्ता व्यक्तिहरूका लागि यो विवाह संस्कारभन्दा आवश्यकतामात्र बन्न पुगेको छ । यो पूर्वीयमान्यताको शैली होइन । १६ वर्षपछि पनि अनियन्त्रित सहवास हाम्रो आदर्शसभ्यतामा छैन । रजस्वला भएको चार दिन, ११ र १३ औं दिन त्यसपछि १६ दिन पछि पनि त्यो सम्पर्कलाई अधर्म ठानिन्छ । त्यस्तै पर्व, व्रत, औंसी, व्यतीपात, आदि योगमा पनि निषिद्ध छ । गर्भाधारण पछि पुन ब्रह्मचर्यमै तीन चार वर्ष रहनुपर्ने शास्त्रीय आर्दश छ ।

आजभोलि यी सबै कुरा टुटेर फुटेर गए अनि हामी ती पुराना कुराहरूलाई गाली गर्नु सिवाय के गर्न सक्छौं र ? त्यो मर्यादा अपनाउन नै सक्तैनौं । विवाहलाई अर्कै दृष्टिले हेर्छौं अनि कसरी हाम्रो प्राचीन मूल्य बाँच्दछ त्यसैले हिजोआज विवाहप्रतिको चिन्तन फरक दृष्टिले विकसित हुँदै गएको हो । हुन त २५ वर्षसम्म ब्रह्मचारी भएर पढ्नु भन्ने अनि १२ वर्षकी कन्यासँग विवाह गर्नु भन्ने विचार आउनु कत्तिको सान्दर्भिक छ ? यस विषयमा विद्वानहरूको बहस चलिरहेको छ । कतिपय विद्वानहरूले यो श्लोक क्षेपक हो । स्मृतिका कुरा समाजले स्वीकार्ने र परधर्मिले पनि नियमपूर्वक विवाह गरेको रहेछ भनेर दुर्व्यवहार नगरून भनेर क्षेपकका रूपमा थपेका हुन् भन्ने निष्कर्ष पनि निकालेका छन् ।

हिन्दूसंस्कृतिमा प्रेम र काम विपरीत रूपमा लिएको छ । यसको अर्थ प्रेममा काम हुँदैहुँदैन भनेको होइन । कामको वासनाले प्रेरित प्रेमचाहिँ सही प्रेम हुन सक्तैन र यो गलत र घातक हुन्छ भन्ने आशय हो । प्रेममा त्याग, उत्सर्ग र बलिदानी हुन्छ । प्रेममा जीवनको पूर्णता र समर्पण हुन्छ । काम त विलास र विषयलुब्ध कुरा हो । इन्द्रियसुखको इच्छाले निस्वार्थता टाढिएको हुन्छ । हिजोआज काममा प्रेमको भाव जागृत भएको छ त्यसैले निस्वार्थ त्याग र समर्पणको वास्तविक प्रेम विलय हुँदैछ अनि विवाहकै दिन छोडपत्र पो आउने हो कि भन्ने डरले मनमा वास पाइसक्छ । सानो तिनो





अहङ्कारमा विछोडको ननिको राग उर्लिइहाल्छ । यो परम्परा विस्तारै पाश्चात्यबाट पूर्वतिर पसेको हो । यसले जरो गाड्दै जाँदा पूर्वीय वैवाहिक जीवनमा ठूलो ह्रास आएको छ ।

प्रेम केही समय वा मन लागुञ्जेल कसैलाई गर्ने र मन लाग्न छाडेपछि अरू कसैलाई गर्ने कुरा होइन । प्रेममा श्रद्धा हुन्छ, विश्वास हुन्छ । जुनकुनै समस्यामा प्रेम टुट्दैन यसै कुरालाई प्रष्ट गर्न बालकृष्ण समले भनेका छन् :

**देशभक्ति त मर्दैन चुत्थै देशभए पनि ।**

**पति भक्ति त मर्दैन पापी पति भए पनि"**

यो श्रद्धाको परिणति हो । आजभोलि यो प्रेमको नाटकले बसिसकेको घर नष्ट भएका उदाहरणहरू हाम्रा अगाडि प्रशस्त छन् । कतिपय परिवार र छोराछोरी विलखबन्दमा परेका छन् । अब पनि हाम्रो आफ्नो संस्कार नबुझ्ने हो भने अझ हाम्रो सामाजिक संरचना ध्वस्त हुँदै जान्छ । हाम्रो समाजमा नचाहिने र समाजविरोधि कुरा भए त्यसलाई हटाउनुपर्छ । परिवर्तन र परिमार्जन त हुनै पर्छ तर आफ्नो सबै कुरा विर्सिएर अरूको नक्कल गर्नुचाहिँ विनासकारी नै हुन्छ । गीतामा यस कुरालाई उल्लेख गरेको छ : **स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः** ॥ अरूको नीति र नियम आफूले ल्याइयो भने त्यो डरलाग्दो नै हुन्छ । आदर्शलाई खिल्ली उडाउनेहरू आफैं झर्छन् । आदर्श कहिल्यै अहितकारी हुँदैन । अहितकारी छ भने त्यो आदर्श हुन पनि सक्तैन ।

विवाहलाई शर्तनामा बनाएर व्यवहारमा ल्याउनु आदर्श विपरीत कार्य हो । सन्तान र घर विवाहका आधार हुन् । शर्तनामाको विवाहमा केही विग्रने वित्तिकै सन्तान र घर दुवै विग्रन्छन् । त्यस्तो विवाह हाम्रो संस्कारमा छैन । विवाहका दिन पतिपत्नी दुबैमा यस्तो भावना आउँछ कि अब हाम्रा दुई आत्मा आजबाट एकै आत्मा भए । यो पवित्र महायज्ञबाट हामी दुई एक भयौं । अनेक जन्म एकै भएर रहन्छौं भन्ने भावना बढ्छ त्यसैले त पतिपत्नी एउटै गोत्र र एउटै थरमा आबद्ध हुन्छन् । यसैले पूर्वीय नारी सतीत्त्वमा आत्मसम्मान गर्छन् । एकपत्नीव्रत पुरुषको गरिमा उचो हुन्छ । मातृत्त्व र पितृत्त्व सबैभन्दा महान् बन्दछन् त्यसैले शास्त्रले एकपटक कसैलाई दिइसकेकी कन्या फेरि दोस्रोलाई नदिनु भनी उल्लेख गरेका हुन् :

**सकृदंशोविपतति सकृद्कन्या प्रदीयते**

**सकृदाह ददानीति त्रीण्येतानि सतां सकृत् ।**

यदि कन्या कसैलाई दिइन्छ भने त्यो एक पटकमात्र हुन्छ । एउटी कन्यालाई पटकपटक दिने काम गर्नुहुँदैन ।

यहाँ दिने कुरालाई नै पनि निकै ठूलो बहसको विषय बनाइएको छ । हामी छोरी पनि दान दिने वस्तु हौं र ? त्यस्तै जसलाई चाहियो माग्ने अनि हामी मागेर पाइने वस्तु हौं ? नारीहरूले उठाएका यी प्रश्नहरू अत्यन्तै ठीक छन् त्यसैले यो संस्कार गलत हो भन्ने विचार प्रशस्त उठेको छ । हो वस्तुजस्तो दान दिने र मागेर पाइने चीजजस्ता छोरी होइनन् यो सर्वथा ठीक कुरा हो । यस्तो विचारलाई समर्थन गर्नुपर्छ किनभने नारी पनि पुरुषसरह व्यक्तित्व रहेको व्यक्ति हो । वैदिक कालमा अनभिज्ञ व्यक्तिले अनभिज्ञ कोहीलाई माग्न जाने चलन थिएन । माग्न गए पनि उसको बारेमा राम्ररी नबुझी कसैले छोरी दिइहाल्दैन थिए । त्यहाँ शिक्षादीक्षा र योग्यतालाई पनि बुझ्ने काम गरिन्थ्यो । समान स्तर भएपछि केटीले मन पराएपछिमात्र विवाहको कुरा अगाडि बढ्दथ्यो । विद्वता सबै नारीमा थियो त्यसैले वैदिक कालमा यस्तो प्रचलन पनि थिएन । नारी स्वयंले आफू योग्य वर चुन्दथे तर मन परिसकेपछि पनि अभिभावकमा कुरा राख्नुपर्ने त्यस बेलाको परिवेशले विस्तारै केटी माग्ने चलन आएको हो । त्यस बेला त सबै पूर्ण विदुषी थिए । यही विवाहको कुरा उठाउँदै ऋग्वेदमा एक मन्त्रमा सूर्या भन्दछिन् :

कतिपय नारीहरू पुरुषको मीठो बोली (प्रशंसा) र धनमा आकर्षित हुन्छन् । यो राम्रो कुरा होइन किनभने नारीहरूले हेर्नैपर्ने कुरा त पुरुषको विद्वता र मन हो त्यसैले नारीले तडकभडक नहेरी सुशील भएर आफ्नो अनुकूल वर चुन्न सक्नुपर्छ ।[२२]

यहाँ नारीले वर चुन्न पाउने अधिकार छ तर साथमा आमाबुबालाई पनि ठम्याउन पाउने अवसर छोडेको छ । नारी एक्लैले चुन्दा गलत पनि

[२२] कियती योषा मर्यतो वधूयोःपरिप्रीता पन्यसा वार्येण ।
भद्रा वधूर्भवति यत्सुपेशाः स्वयं सा मित्रं वनुते जने चित् १०।२६।१२ऋ





पर्न सक्छ त्यसैले आमाबुबाले हेर्नै पर्दछ किनभने उनीहरू व्यवहारमा परिपक्व बनिसकेका हुन्छन् । त्यस बेला पितामाताको समर्थनमा मात्र विवाह तय हुन्थ्यो त्यसैले यहाँ विवाहपछि आउने समस्या कम हुन्थे । भाइ नभएका घरमा केटी हेर्न एकदमै कम मानिस आउने भएकाले स्वतन्त्र रूपमा ती केटीले आफैँ वर रोज्थिन् ।[२३]

यति क्रियाकलाप हुँदाहुँदै पनि संस्कारका लागि पूर्णरूपले कर्मकाण्डका साथमा विवाह हुन्छ । त्यस बेला कन्यादानको प्रसङ्ग पनि हुन्छ यो वस्तुदानको जस्तो कुरा होइन । **पिताले प्रजा सहत्व कर्मभ्यः प्रतिपादयामि** सन्तानोत्पादन र धर्मकर्मका लागि यी कन्या तपाइँलाई अर्पण गर्छु भन्ने पितामाताको वचन हो । यो सङ्कल्पमा आउँछ । देवता र मान्यजनका बीचमा यी कन्या जन्माएँ हुर्काएँ बढाएँ र पढाएँ अब यी योग्य भइन् त्यसैले योग्य वरका साथमा यिनको साथ मिलाउन लाग्दैछु भन्दै अभिभावकले वरलाई अब यी मेरी छोरी पूर्ण तपाइँको गोत्रमा परिवर्तित भएर तपाइँको सहचरिणी भई हरेक काममा संलग्न रहुन् भन्ने बाचा गरेर दिएको हो । यसले वरवधू दुवैमा सहआत्मीयताको भावना जागृत गर्छ त्यसैका लागि दान शब्द उच्चारण गरिएको हो । दान शब्दले पछि फिर्ता ल्याउन मिल्दैन भन्ने अर्थ दिने भएकाले दान शब्दको प्रयोग भएको हो । फिर्ता ल्याउन नमिल्ने भनेको विवाहपछि मेरी छोरीप्रति मेरो अधिकार भन्ने ठाउँ नराखेको मात्र हो । यही कन्यादानका सन्दर्भमा अर्को एक प्रसङ्ग पनि हेर्न सकिन्छ । विवाहको कन्यादान समयमा पार्वतीले भनेकी छन् :

**मनसस्त्व प्रभुः शम्भो दक्षत्तच्च मया तव ।**

**वप्रषः पितरवितौ सम्मानयितुमर्हसि**

मैले मन त धेरै अगाडिदेखि नै तपाइँमा लगाएकी छु । मेरो अन्तःकरण -चित्तबुद्धि र अहंकार पनि म तपाइँमा मिलाउँछु तर यो शरीरचाहिँ जन्मदाता र पालकको हो त्यसैले यो दानस्वरूपमा ग्रहण गर्नुहोस् । यहाँ शरीर पितृकुलबाट वरकुलमा लान दिएको हो भन्ने बुझिन्छ । वास्तवमा पवित्र र उत्तम वस्तु परम पुण्यरूप दान नै हुन्छ । त्यो दिने लिने कुरा होइन । यो त्यति ठूलो बहसको विषय होइन । माथि पार्वतीले आफूलाई

[२३] अम्रातेव पुस एति . १।१२।१७ ऋ

शिवजीमा समर्पित हुन लाग्दा आफूले भनेको प्रसङ्ग उल्लेख गरियो । यति बुझिसकेपछि पुरुष भनेको के हो त्यसलाई बुझ्न साकियो भने यस कुरामा अझ स्पष्टता आउँछ। पुरुषशब्दको अर्थ बुझेपछि अझ यो विवाहको आदर्श पनि स्पष्ट हुन्छ ।

मनुका अनुसार स्त्री, आफ्नो शरीर र सन्तान मिलेर पुरुष बन्दछ । जो भर्ता हो त्यही भार्या हो त्यसैले पति र पत्नीमा कुनै भेद रहँदैन त्यसैले स्त्री र पुरुष विवाह बन्धनमा बाँधिइसकेपछि उनीहरूले गर्ने धर्म, अर्थ, काम आदिका हरेक राम्रा काममा कहिल्यै भिन्न भएर गर्नु हुँदैन ।[२४]

एक आपसमा यही उनीहरूको धर्म हो । स्मृतिहरूले पुरुषलाई एउटा निश्चित स्वरूपका रूपमा परिभाषित गरेका छन् । उनीहरूले पुरुष भन्नाले एउटा व्यक्तिका रूपमा चिन्ने काम ठीक होइन भन्ने बुझाएका छन् त्यस्तै पत्नी भार्या हुनुको अर्थ पनि भर्ता(पति) कै सहचरणी भएको भन्ने अर्थ दिनु हो । त्यस बेला यही परिवेश थियो । यस परिवेशलाई आजको परिवेशमा दाँज्न सकिँदैन । आज त पुरुष एक व्यक्तिका रूपमा परिभाषित भइसकेको छ । भार्या शब्द केवल एक नारीका रूपमा प्रस्तुत भइसकेको छ । यी दुबैले आफूलाई अलग अस्तित्व र चरित्रका भूमिकामा उभ्याइसकेका छन् । हिजो यस्तो कृयाकलाप नै थिएन । त्यहाँ तँ र म भन्ने भाव पनि रहँदैन थियो । हाम्रो र हामी भन्ने भावनामात्र हुन्थ्यो त्यसैले मृत्युपर्यन्त सँगसँगै पुरुषार्थका काम गर्नुपर्छ[२५] भन्ने कुराहरू आएकाछन् ।

शास्त्रहरूमा दुबैले एक भएर काम गर्ने ऐक्यताको परिवेश बनाउन खोजिएको छ ।

हिन्दूसंस्कृतिमा पतिपत्नीमा तेरो र मेरो भन्ने भाव नै रहँदैन त्यहाँ हाम्रोको भावना रहन्छ । भविष्यपुराणमा यो कुरा अझ स्पष्ट हुने गरी उल्लेख गरिएको छ :

**पुमानर्द्ध प्रमांस्तावद्यावद्भार्या न विन्दति**

२४ एतावानेव पुरुषो यज्जायतात्मा प्रजेति ह ।
विप्राः प्राहुस्तया चैतद्यो भर्ता सा स्मृताङ्गना । ९।४५ मनु

२५ अन्योन्यास्माव्यभीचारो भवे दामरणान्तिकः ।
एष धर्मः समासेन ज्ञेयः स्त्री पुंसयोः पर : ९।१०१ मनु ।





पुरुष तबसम्म अर्ध हुन्छ जबसम्म उसले विवाह गर्दैन दुई भएपछि मात्र पुरुष पूर्ण हुन्छ । यसलाई अझ खुलस्त पार्न महत्वपूर्ण अर्को उदाहरण यसरी दिएको छः

**एकचक्रो रथो यद्वदेक पक्षो यथा खगः ।**

**भार्यायोऽपि नरस्तद्वदयोग्यः सर्वकर्मसु ॥**

एउटा चक्का भएको रथ, एउटा मात्र पखेटा भएको चरो र भार्या नभएको पुरुष अयोग्य हुन्छ। उक्त भनाइले पत्नीविनाको पुरुष र पतिविनाकी पत्नी योग्य हुन सक्तैनन् र कुनै कामका लागि पनि विवाहपछि एकले मात्र काम नचल्ने कुरा यहाँ उदृत भएको छ । जीवनरूपी रथका दुई पाङ्ग्रा भन्नुको अर्थ पनि यही हो । दुबैलाई हरेक धर्मशास्त्रले एकात्मक नै बनाउन खोजेका छन्: । यस विषयमा अझ राम्ररी विश्लेषण गर्दै आपस्तम्ब धर्मसूत्रले उल्लेख गऱ्यो । **जायांपतयो न विभागो दृश्यते । पाणि ग्रहणाद्धि सहत्वं कर्मसु तथा पुण्य फलेषु द्रव्य परिग्रहेषु च ।**

पति र पत्नीमा विभागको दृष्टिले हेर्नु हुँदैन । पाणि ग्रहण भएपछि दुवै एक भएका हुन्छन् पुण्यकर्म र द्रव्य सङ्ग्रहमा दुवैको समानाधिकार रहन्छ अर्थात् व्यावहारिक कामहरूमा दुबैले सहयोगी भएर गर्नुपर्छ । यसले पनि पतिपत्नीलाई एउटै सिक्काका दुईपाटाका रूपमा प्रस्तुत गरेको छ । यी प्रसङ्गहरूले पनि पूर्वीयधर्मशास्त्रका मान्यतामा विवाहको सिद्धान्तलाई महत्वपूर्ण रूपमा प्रस्तुत गरेकाछन् । वास्तवमा आर्यहरू नारीविनाको घरलाई घर मान्दैनथे नारीलाई नै घर सम्झन्थे । गृहस्थ धर्मको मूल मर्म नै नारी हुन्थिन् इत्यादि कुराहरूले स्पष्ट हुन्छ कि हिन्दूआदर्श विवाह के हो ? किन यस विवाहमा छोड्पत्रको आभाष पनि पाइँदैन । यस विषयमा उक्त शास्त्रहरूको आशय बुझ्दा विवाहको परिवेश भनेको हिन्दूजीवनको महत्त्वपूर्ण र संस्कार हो त्यसैले विवाहका लागि यज्ञको अग्नि, यज्ञमा स्थापित देवता, आगन्तुक मान्य र अतिथिजन साक्षी हुन्छन् । सबैका माझमा पतिपत्नीको सम्बन्ध बाँध्दा त्यसबेला दुबैले बोलेको कुरा अनि गरेका सङ्कल्पहरूले छुट्टिन र विछोडमा जाने कुनै कल्पना गर्नसम्म पनि दिँदैन थिए । त्यस समयमा विवाहका अवसरमा आफ्नो सौभाग्यका लागि देवता र गुरुजनहरूसँग वरवधूको सौभाग्यका लागि आफन्तजनले यसरी आशीर्वाद माग्दथे :[२६]

२६ सुमङ्गलीरियं वधूरिमा समेत पश्यत ।

हे मान्यजन ! हे गुरुजन ! हे देवता गण ! हजुरहरू सबै वरवधूका नजिकमा आउनुहोस् र यी कल्याणमयी वधूलाई आशीर्वाद दिनुहोस। यिनलाई सौभाग्य प्राप्त हुने आशीर्वाद दिएर आसन ग्रहण गर्नुहोस्। पनिपत्नीसँग वरपक्षका पितामाताले उपस्थित मान्यजनसँग बोलेका उक्त कुराहरू छोरीबुहारीले राम्ररी सुनेका हुन्छन्। त्यसलाई उनीहरूले मनमा राम्ररी उनेका हुन्छन् अनि कसरी व्यवहारमा त्यस कुरालाई छोड्न सकिन्थ्यो। वरपक्षका अभिभावकहरूले यति ठूलो भाव र सदाशयताको निवेदन गरेपछि उक्त विवाह यज्ञमा उपस्थित अभिभावक मान्यजन गुरुजन सबैले यसरी आशीर्वाद दिने प्रचलन देखिन्छ।[२७]

हे वधू ! अब तिमी सासूससुरा, नन्ददेवर सबैको प्रिय बनी यस घरकी साम्राज्ञी बनेर बस। यसका लागि सबैसँग मिलापी बन्नुपर्छ भन्ने सङ्केत पनि उक्त मन्त्रमा पाइन्छ। अतिथि मान्यजनले नव वधूलाई घरमा उचो र मर्यादित स्थान तिमीले पाएकी छौ। यसलाई तिमीले कायम राख्न सक्नुपर्छ किनभने त्यस घरभित्रको मर्यादा र परिस्थितिलाई वधूले मर्यादितरूपमा स्वीकार गर्नुपर्छ। ऋग्वेदका उक्त विचारहरू अत्यन्तै उच्च आदर्शमय र पूर्वीयशास्त्रका गूढ रहस्यले भरिएका सार हुन्। विवाहको सही मर्म र व्यावहारिक सृष्टिको चक्रलाई उक्त मन्त्रले प्रस्तुत गरेका छन्। विवाह गरेर ल्याएकी स्त्री घरकी दोस्रो दर्जाकी व्यक्ति होइनन् र विवाह गरेर ल्याउँदा दासी बनाउन ल्याउने पनि होइन भन्ने कुरा पनि हामी यसबाट थाहा पाउँछौं। विवाहमा सतपदी पूजा गरेर सख्यभाव र सहकर्मको भावस्पष्ट पारिएको हुन्छ।

छोरीलाई भित्रैदेखि पतिघरलाई आफ्नै ठान्न प्रेरित गर्दै विवाह भएर पतिघरमा जाने बेलामा आमाबुबाले छोरीलाई राम्रो उपदेश दिने त्यस बेलाको निकै राम्रो चलन देखिन्छ। जुन आजभोलि देखिँदैन त्यसको एक नमुना ऋषि कन्वले शकुन्तलालाई विदाइ गर्दा भनेको अभिज्ञान शाकुन्तलम्को श्लोक हेरौं कालिदासका शब्दमाः –

---

सौभाग्यमस्यै दत्वा यायास्तं विपरेतन ॥

२७ सम्राज्ञी श्वशुरे भव सम्राज्ञी श्वश्र्वां भव

ननान्दरि सम्राज्ञी भव सम्राज्ञी अधि देवृषु ॥१०।८५।४६ऋग्वेद





**सुश्रुषुस्व गुरुन् कुरु प्रियसखीवृत्ति सपत्नीजने**

**भर्तुर्विप्रकृतापि रोषणतया मा एस्म प्रतीपं गमः ॥**

**भूयिष्ठं भव दक्षिणा परिजने भोगेष्वनुत्सेकिनी**

**यान्त्येवं गृहिणीपदं युवतयो वामाः कुलस्याधयः ॥**

कन्व विवाहपछि छोरीलाई अर्तिबुद्धि दिँदै भन्दछन् :–हे छोरी ! तिमीले पति घरमा गएर सासूससुरा र मान्यजनको आदर गर्नुपर्छ। यदि पतिले अर्की पत्नी ल्याएको छ भने तीसँग पनि शत्रुता होइन मित्रताको व्यवहार गर्नुपर्छ। माया र सद्भाव प्रकट गर्नुपर्छ। आफन्तबाट तिरस्कारको भाव आए पनि आफूले तत्काल प्रतिकूल आचरण गर्नु हुँदैन। घरका नोकरचाकरलाई दयाको भावनाले हेर्नुपर्छ। धेरै धनसम्पत्ति भयो भनेर मात्तिनुहुँदैन। अभिमान पनि गर्नुहुँदैन। यस्ता राम्रा आचरण र व्यवहार गरियो भने सम्मान प्राप्त गर्न सकिन्छ। प्रतिकूल व्यवहार गर्न थालियो भने आफू र परिवारजन नै संकटमा पर्छन्। यसैलाई नारी धर्म मानिन्छ। यस कुरालाई तिमीले कहिल्यै भुल्नु हुँदैन। यो कन्वको शिक्षा आजका लागि पनि त्यत्तिकै महत्वपूर्ण छ। पतिघर जानु अगाडि घरमा अभिभावकहरूले यस्तो शिक्षा दिएपछि नारी सुशिक्षित बन्छिन् अनि त कसरी विछोडको भाव देखिन्छ र ?

हाम्रा यी आदर्शलाई मनन गर्ने हो भने कहिल्यै वियोगको झलक आउँदैन तर हिजोआज उक्त विचारहरूलाई एउटा आदर्शको ढोङ्ग ठानिन्छ। मानिसको स्वतन्त्रतालाई थिच्ने अव्यवहारिक विचार ठानिन्छ। हाम्रो सोचाइमा अत्यन्तै ठूला उथलपुथल र चिन्तनहरू भरिएका छन्। व्यक्तिलाई विलकुल एउटा मानिसको रूपमा परिभाषित गर्दै आएका छौँ त्यसैले विवाहकै दिन छोडपत्रको त्रासदी विचार मनमा राख्छौँ। जुन आज अधिक वृद्धि भइरहेको छ। नारी र पुरुषलाई विल्कुल अलग बनाएर हेर्ने आजको नवीन दृष्टिकोणको यो प्रतिफल हो। वेद उपनिषदहरूको समयमा त्यसभित्रका विचारले यसो हुन दिएका थिएनन्।

आज पनि त्यही परम्परा रहनुपर्छ भन्ने सोच होइन त्यसलाई परिमार्जन र परिस्कृत बनाउनुपर्छ तर त्यसलाई सुधार्नेभन्दा पनि अहिले हामी विवाहलाई क्षणिक सम्झौतामा परिभाषित गर्दै छौँ। जब चित्त बुझेन

तब छोडपत्र अनि फेरि दोस्रो विवाहको कल्पना गरिहाल्छौँ। यसरी हामी मानवजातिको सहृदयीपनको वास्तविक मर्म कसरी बाँच्न सक्तछ र ? हामीसँग त त्यो दृष्टि हुनुपर्दथ्यो जुन उपनिषदहरूले दिएको छ।

**नैवस्त्री न पुमानेष न चैवायं नपुंसक। यद्यच्छरीरमादत्ते तेनतेन स लक्ष्यते।** श्वेताश्वतरोपनिषद

यो स्त्री र पुरुष अनि नपुंसक भन्ने केही होइन। त्यो त शरीरले भिन्न बनाएको मात्र हो। यी तिनै तात्विक दृष्टिले एकै तत्त्व हुन्। बाह्य शरीरका कारणले विभेद गर्नु राम्रो होइन।

प्राचीन धर्मशास्त्र र वेदको यही आशयलाई हेर्दै शरीरको अवस्थालाई हेरी केही पृथक धर्म वा नियमहरू बनाउँदै ल्याए। शारीरिक बनावट त भिन्न छन्। शारीरिक पृथकतासँगै धेरै अङ्गहरू पनि भिन्न छन्। उक्त अङ्गहरूको संवेदनशीलतालाई प्रकृतिले नै निर्धारण गरेको छ। त्यसलाई मेटाउन खोज्दा पुरुष पुरुष रहँदैन र नारी पनि नारी रहँदिनन् त्यसैले यस विषयलाई गम्भीर भएर बुझ्नुपर्छ। यति हुँदाहुँदै पनि नारी या पुरुष जे भने पनि आत्माका दृष्टिले दुबै समान छन् र आत्मिक एकता शास्त्रीय सोच हो। त्यतिमात्र होइन शास्त्रहरूले घरको परिभाषा यसरी गरे पतिपत्नीको योग नै घर हो, त्यो ढुङ्गामाटो र काठले बनेको भौतिक सिर्जना होइन भनेका छन् त्यसैले पतिपत्नीमा एकता नभए कसरी घर बस्न सक्छ ? विवाह र घर एकआपसका पर्याय नै हुन्।

विवाहको यस रहस्यलाई बुझ्दै जाँदा हामीले **विधवा** विवाहलाई पनि बुझ्नुपर्छ किनभने आजभोलि विधवा विवाहको खुब चर्चा उठेको छ। आधुनिक सोचको विकास क्रममा आएको यो विचार दरिलो र भरिलो ठान्नेहरूको ठूलै भीड छ। समस्या जन्मिएपछि समाधानको उपाय खोजिन्छ। सायद विधवा विवाहको यो विचार पनि हाम्रै समाजमा देखिएका जटिल समस्याहरूले जन्माएको एउटा पक्ष हो। जसरी पुनर्विवाहको सोच जन्मियो त्यसरी नै यो पनि आएको हो। पूर्वको सोच सामूहिकतामा अगाािड बढेको छ। यहाँ विवाह भइसकेकी नारी एकल अस्तित्त्वमा हुँदैनन्। उसको आधा अङ्ग पुरुष हो। पुरुषले पनि पत्नीलाई आधा अङ्ग मानेको हुन्छ। यसरी हाम्रो परम्परा समावेसी थियो किनभने अर्कै थर गोत्रकी महिलालाई आफ्नो थर र गोत्रमा सजिलै आवद्ध गराउनु विवाहित





महिलालाई पृथक नदेख्नु नै हो। यो परम्परामा पश्चिमबाट बग्दै आएको व्यक्तिवादी सिद्धान्तले प्रेरित गर्दै लग्यो। यसबाट प्रेरित हुदै गएपछि एकल अस्तित्त्वको खोजी बढ्न थाल्यो र आफ्नो जीवनको अधिकारी म आफूमात्र हुँ र मैले आफूखुसी आफ्नो निर्णय गर्नुपर्छ भन्ने मान्यताले समाजका अन्यपक्षसँग कुनै सरोकार नराखी आफ्नो रुचितर्फमात्र लाग्ने सोचको विकास भयो र हामीले यसैलाई मानवअधिकारको एउटा पक्ष मान्यौ। त्यसैको परिणामस्वरूप विछोड र अर्कैसँगको संयोगको आवश्यकता देखापर्‍यो।

यो पाश्चात्य समाजको परिवेश थियो। हाम्रो प्राचीन समाजमा यस्तो परिवेश थिएन त्यसैले उक्त विचारभन्दा भिन्न आफूलाई समूहको एउटा सानो अङ्ग मानेर आफूलाई एकल नठान्ने सोचको विकास भएको थियो त्यसैले हामीकहाँ विवाह एउटा दुई आत्माको मिलन गराएर एउटै बनाउने संस्कारका रूपमा विकसित थियो। यसरी विवाह आत्मशुद्धि र दुई आत्माको अखण्ड गठबन्धनका रूपमा देखिँदा त्यहाँ विछोड, पुनर्विवाह र विधवा विवाहको कुनै प्रश्न जन्मने आधार थिएन किनकि हरेक वैवाहिक व्यक्तिको आधा अङ्ग स्त्री र आधा अङ्ग नारी भन्ने सिद्धान्त स्थापित थियो। यस सिद्धान्तले आजपनि काम गरिरहेकै छ। आधा आकाश नारी र आधा आकाश पुरुष भन्ने आधुनिक विचार त्यसैको पृष्ठपोषण हो। समाजले नारीको अस्तित्त्वमा पुरुषको सहभाव राम्ररी प्राचीन समाजमा झैँ हेरिदिएको भए सन्तान भइसकेकी नारीले अर्को विवाहको कल्पना नै गर्ने थिइनन्। एउटी सन्तानयुक्त विधवालाई अभिभावकले छोराकै आधा अङ्गका रूपमा हेरिदिएको भए विधवा विवाहको प्रश्नसम्म उठ्ने थिएन।

प्राचीन समाजमा नपुंसक पति भए वा मरेमा देवरादिबाट सन्तान उत्पन्न गराएर ती नारीलाई सम्मान योग्य दर्जामा राखिन्थ्यो। विधिभन्दा बाहिर गएर वासनात्मक क्रियामा संलग्न भएमात्र पुरुष वा नारी व्यभिचारी हुन्थे। यसका लागि समाजले निश्चित नियम बनाएको थियो। आज आएर आधुनिक सोच र व्यावहारिक केही व्यवहारहरूले नारीले पतिपरिवारमा आफू एक अलग भएको महसूस गराउने कामहरू भए। त्यस्तै समाजका केही परिवेशले उनलाई एकल अस्तित्त्वकी नारीका रूपमा उभ्याउने कोशिस गर्‍यो भने त्यही परिवारमा नारीलाई पति परिवारभन्दा अलग पार्ने सोचको पनि विकास भयो। यसले नारी हकहितभन्दा बढी समस्या नै जन्माउँदै लग्यो। यस्तै परिवेशले आज पूर्वमा पनि विवाह कानुनी संस्थाको

रूपमा विकास भयो। हामीकहाँ पनि पश्चिमीको प्रचलन भित्रियो। (Marriage is a legal contract –BRUSSE) अर्थात विवाह एउटा वैधानिक करार हो। (Marriage is a legal institution) अर्थात विवाह एउटा कानुनी संस्था हो भन्ने सिद्धान्ततिर हामी गइरहेका छौं।

हिन्दू आदर्शमा त विवाह यी दुवै होइनन् मात्र यो एक पवित्र संस्कार हो। यो लोक र परलोक सुधार्न विवाह गरिन्छ धर्म र सन्तानोत्पादन मुख्य उद्देश्य हुन्। नारी र पुरुषबीचको अटुट सम्बन्ध अभेद्य रहनुपर्छ भन्ने शास्त्रहरूको सन्देश छ। यति महत्त्वपूर्ण संस्कार र परिवेश हामी आफैले तोडेका छौं र अझै तोड्दै छौं। हामीले आफ्नो जग निहाल्न सकेको भए आज यति ठूलो पतिपत्नीबीच भय र त्रासको वातावरण आउने थिएन। आफ्नै मौलिक संस्कारको शिक्षा नलिएकाले यो मार हामीमा परिरहेको छ। पूर्वीय आदर्शमा नारीलाई कहिल्यै दोस्रो दर्जामा उभ्याएको छैन र शोषणको आधार पनि बनाएको छैन। हामी सामाजिक व्यक्तिहरूले नै अनभिज्ञ भएर नारीमाथि कुकृत्य गर्दै आयौं तर दोष धर्मशास्त्र र हाम्रा पूर्वजहरूलाई दियौं। यो हामीले किमार्थ राम्रो गरेका होइनौं। जसलाई अभेद भन्यौं त्यसैमा भेद गर्नु महानता होइन। हामी सबैले स्वीकार्नुपर्छ।

अहिले कतिपय अवस्थामा नारीहरू हाम्रो समाजमा अपहेलित भएका छन्। कतिपय विधवाहरूले असहाय भई जीवन बिताउनु परेको छ तर त्यसको समाधान अर्को पुरुषसँग विवाह गरिदिनुमात्र होइन। हाम्रो आदर्श सभ्यताको बोध गराएर सम्मान गर्ने वातावरण सिर्जना गर्नु पनि हो। हो सबै नियम अपरिवर्तनीय हुँदैनन्। समाज सुहाउँदो किसिमले परिवर्तन गर्नुपर्छ तर परिवर्तनको नाममा परचक्री संस्कार भित्र्याउनु हुँदैन।

नियम नारीका लागिमात्र होइन पुरुषका लागि पनि त्यति नै महत्त्वपूर्ण हुन्छ। प्राचीन धर्मशास्त्रहरूले पुनर्विवाहका लागि पनि ढोका खोलेको छ त्यसका लागि निश्चित सीमाहरू रहेका छन्। मनुस्मृतिभन्दा निकै पछि आएको नारदस्मृतिले उक्त सीमाहरू उल्लेख गरेको छ।

विवाह गरेपछि मात्र वरको अज्ञात दोष थाहा पाइयो भने त्यो लुकाइएको दोष झेल्नुभन्दा विवाहित उक्त स्त्रीलाई अर्कै पुरुषसँग पुनर्विवाहका लागि आफन्तकोमा पुऱ्याइदिनु। यसो भएन भने आफैँ स्त्रीले आफैँ योग्य वर रोज्नु।[२८]

[२८] अज्ञातदोषेणोढा या निर्दोषा नात्यमाश्रिता।





मानिसले शास्त्रीय मर्यादा छोड्दै लग्यो। छलकपटले स्थान लिए त्यसपछि कतिपय पुरुषहरूले नारीलाई आफ्ना दोषहरू छिपाएर विवाह गर्न थाले। नारदस्मृतिसम्म आइपुग्दा त्यो नराम्रो व्यवहारले नयाँ नीति बनाउनुपर्ने अवस्था सिर्जना भयो। त्यस्तै विस्तारै पुरुषहरूका दुर्व्यवहारहरू बढ्दै गएकाले समाजमा अति अप्ठ्यारो परिस्थितिको सिर्जना हुन थाल्यो। त्यसपछि समाज वा राष्ट्रले त्यसको विकल्प खोजिगर्न थाल्यो। त्यही विकल्पले गर्दा नयाँ नीति र नियमहरू बढ्नथाले। त्यसैका परिणामले पछिका स्मृतिशास्त्रहरूले परिवर्तित नियमहरू प्रस्तुत गरे। यिनै वैकल्पिक परिस्थितिमा आएका नियमहरूमा नारदस्मृति यसरी उल्लेख गर्छ :-

१. पति असमयमै परलोक भएमा वा सन्तान उत्पत्ति नभइ मरेमा,
२. असमयमै पतिले सन्यास धारण गरी विरक्त भएर हिँडेमा,
३. पति नपुंसक भएको प्रमाणित भएमा वा सन्तान उत्पादनको भोगमा सरिक हुन नसक्ने भएमा,
४. वीर्यशक्तिमा सन्तान उत्पादनको तत्त्व नभएमा,
५. पति निन्दित कर्म गरेर समाज बहिष्कृत भएमा नारीले दोस्रो विवाह गर्न पाउँछिन्।[२९]

यो नारदस्मृतिको उद्घोष हो। कसैले जबर्जस्ति विवाह गरेर नारीको अपमान गर्न पाउँदैन भन्ने शास्त्रहरूको विचार हो। उक्त स्मृतिले पाँच परिस्थितिमा नारीले पुनर्विवाह गर्न पाउने अधिकार दिएको छ। विवाहको एक उद्देश्य सन्तोनोत्पादन हो। यो उद्देश्य अपूर्ण हुने भएकैले उक्त नियम आएको हुनुपर्छ। मनु, याज्ञवल्क्यादिले पनि देवर वा नजीकको कसै आफन्तबाट विधिवत् सन्तानोत्पादनका उपाय दिएका छन् तर त्रेतापछि यो नियम हटेको छ। नारदस्मृति निकै पछि आएकाले उक्त समयमा समाजले निकै परिवर्तन ल्याइसकेको छ। उक्त पाँच अवस्थाभन्दा अन्य केही अवस्थामा पनि पुनर्विवाहको भाव यस स्मृतिमा भेटिन्छ। सधैँ

बन्धुभिः साभियोक्तव्या निर्बन्धः स्वयमाश्रयेत्। १२।९६

[२९] नष्टे मृते प्रव्रजिते क्लीवे च पतिते पतौ
पञ्चस्वापत्सु नारीणा पतिरन्यो विधीयते॥ १२। ९७ नारद

एकै खालका परिस्थितिहरू रहँदैनन् परिस्थितिले नयाँ बाटाहरू खोलिदिएको हुन्छ। यसै प्रसङ्गामा माथिको परिवेशभन्दा अझ बढी पुर्नविवाहका परिस्थितिहरू स्मृतिमा रहेका छन् ।

पति विदेश गएका छन् र पतिले म यहाँ छु, यसरी बसेको छु, भन्ने खबर पनि पठाएको छैन भने सन्तानवती ब्राह्मणी, क्षत्रीय र वैश्य नारीले, क्रमशः आठ, छ र चार वर्षसम्म पतिको प्रतिक्षा गर्नु त्यसपछि पनि आएनन् भने द्वितीय विवाह गर्नु । यदि निःसन्तान् छिन् भने क्रमशः चार, तीन र दुई वर्षपछि पनि श्रीमान् आएनन् भने दोस्रो विवाहका लागि उनलाई स्वतन्त्रता छ ।[३०]

पाराशरस्मृतिले पनि यसै भन्दछ। परिस्थितिले निम्त्याएको कुराहरूलाई समेटेर उक्त विचार नारदस्मृतिले दिएको छ ।

शूद्रनारीलाई अझ स्वतन्त्र बनाएको छ। सन्तानवती शूद्राले पति जीवित भएको थाहा पाएपछि निसन्तानले दुईवर्ष पतिलाई पर्खिनु। त्यसपछि आएनन् भने दोस्रो विवाह गर्नु । थाहा नहुँदा त त्यति समय पनि पर्खिनु पर्दैन तर यो नियम मान्नै पर्छ भन्ने होइन । म पतिव्रता भएर एकै श्रीमान्को सम्झनामा रहन्छु भन्नेलाई यस नियमले विवाह गर्नैपर्ने बाध्य बनाएको छैन । त्यही पतिको घरमा स्वतन्त्रपूर्वक ऊ बस्न सक्तछे । यसरी बसे उसलाई शास्त्रले अझ सम्मान गरेको छ। यति हुँदाहुँदै पूर्वीयपरम्परामा पतिपत्नी पुरुषको प्रतीक्षामा नै बसिरहन्छन् । यस कारणले हाम्रो समाजमा विधवाले दोस्रो विवाहको कल्पना गर्न सक्तिनन् । त्यसमा विवाहको केही समयमा नै छोडपत्रको प्रसङ्ग कसरी उठ्छ ? यस्ता विचारहरू पहिलेपहिले उठ्न नसक्नुको मूल कारण हिन्दूआदर्श विवाह पद्धति नै हो किनभने यस पद्धतिको विवाहमा अग्नि, दीप, गणेश, गुरु मान्यजन र अन्य थुप्रै मानिसका बीच पाणि ग्रहण (वधूको हात आफ्नो हातमा लिँदा) गर्दा वरले गरेको सङ्कल्प पनि हो । त्यस सङ्कल्प (प्रतिज्ञा) मा यस्तो भनिएको हुन्छ ।

[३०] अष्टौ वर्षाण्युदीक्षेत ब्राह्मणी प्रोषितं पतिम्
अप्रसूता तु चत्वरि परितो ऽन्यं समाश्रयेत्
क्षत्रिया षट् समास्तिष्ठेदप्रसूता समात्रयम्
वैश्या प्रसूता चत्वारि द्वे वर्षोत्वितरा वसेत् ॥ १२।९१।९९नारद





हे सुभगे ! म तिम्रो हात ग्रहण गर्छु। मैले तिम्रो हात सौभाग्यका लागि समाएको हुँ । अब म जसरी वृद्धावस्थामा पुग्छु तिमी पनि मसँगसँगै वृद्धावस्थामा पुग्दछौ । यो पुण्यकर्म विवाह न्यायकारी विद्वान्हरूले हाम्रो गृहस्थीधर्मका लागि गरेका हुन् । तिमी र मलाई यही धर्म निर्बाह गर्न यो अवसर दिएका छन् । अब तिमी र म फरक होइनौं । आजबाट एकै भयौं । देवताहरूले हामीलाई गृहस्थी बनाए ।[३१]

यसरी पतिले सबैका सामु यो प्रतिबद्धता प्रकट गरेपछि त्यो पाणिग्रहणपछि त्यही समयमा पत्नीले भन्दछिन् :[३२]

अब हामी पतिपत्नी भयौं त्यसैले अब हामीले आफ्नो गृहस्थ धर्म पूर्णरूपमा निर्बाह गर्नुपर्छ । यसरी गृहस्थी कर्म गर्दै सयवर्ष बाँचौं । यस भनाइभित्र वियोगको भाव लेष पनि छैन । सयौंवर्ष सँगै हिँड्ने अठोट छ अनि त दोस्रो विवाहको भाव र विछोडपत्रको कुरा जन्मिन सक्तैन । उक्त कुरा ऋग्वेदमा सबैले पढ्न सक्छौं । वेदमा उल्लेख भएको अर्को विचार यसरी आएको छ विवाहका समयमा पतिपत्नी एकात्म बन्ने इच्छा व्यक्त गर्दै भन्दछन् :

हे देवताहरू हो ! हे विद्वान्हरू हो ! हामी पतिपत्नी एकै आत्मा हौं । वायु देवता शक्तिशाली छन् । यिनले हामी दुईको हृदयलाई एकै बनाइ दिऊन् । सूर्य र सरस्वतीले पनि यसै गरिदिऊन् । जसरी दुई नदी अलग हुँदा दुवैको अस्तित्व आआफ्नै हुन्छ तर मिलेपछि दुवै एक हुन्छन् त्यसरी नै हामी सधैं एउटै बनौं ।[३३]

यसरी नै विवाहका बेलामा वरले भन्दछनः **प्राणैस्ते प्राणान्सन्दधामि** अर्थात् तिम्रो प्राणमा मेरो प्राण राख्न चहान्छु। **अस्थिमिस्ते दस्यीनि मासैर्मासानि त्वचाहो त्वचसन्दधामि**, त्यसरी नै अस्थिमा अस्थि, मासुमा मासु, त्वचामा त्वचा मिलाउँदछु । यसरी दुबैमा सबै कुरालाई एकै बनाउन

[३१] गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर्यथासः।
भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वादुर्गार्हपत्याय देवाः१०।८५।३६ऋ

[३२] अस्थुरि गौ गार्हपत्यानि सन्तं शतं हिमा : यजु २।२७

[३३] समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ ।
सं मातारिश्वा सं धाता समु देष्ट्री दधातु नौ ॥ १०।८५।४७।

खोजीएको छ । विवाहमा हुने यो प्रक्रियाले पतिपत्नीमा अनेक जन्ममा पनि सँगै रहने बाचा भएको हुन्छ अनि कसरी दोस्रो विवाहको कल्पना जन्मिन्छ । विवाहलाई करार वा कानुन सम्झिएर कागजी विवाहको पछिलाग्दा त्रास र भय नहुने कुरै भएन ।

विवाह कागजीरूप होइन । यो त आत्मिक मिलन हो । वैदिक कालदेखि नै धर्मशास्त्रमा यही भाव आइरहेको छ त्यसैले पतिपत्नी दुबै एकै हुन् भन्ने कुरा हृदयबाटै जगाउन शास्त्रहरूले संस्कारको निर्माण गरे । यथार्थमा विवाहको उद्देश्य पनि यही हो । एकल रहने कुरा भए विवाह नै किन गर्नु पर्दथ्यो र ? यस्तो सोच यथार्थमा पूर्वीय वैदिक पद्धतिबाहेक अन्यत्र दोस्रो दुनियाँमा कहाँ छ ? यतिमात्र होइन कि वैदिक शास्त्रीय मान्यतामा नारी पूज्य र आदरकी पात्र हुन् । यसलाई सिद्धान्ततः शास्त्रहरूले उल्लेख गरेका छन् : **यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । मातृ देवो भवः । पितृ देवो भवः** आदि

जुन घरकी नारी सम्मानित हुन्छिन् त्यस घरमा देवता रहन्छन् । यहाँ देवताको अर्थ सुख र सम्वृद्धि हो । शान्ति त्यसै घरमा हुन्छ जहाँ नारी सुखी रहन्छिन् । त्यसरी नै पत्नी विस्तारै आमाका रूपमा परिवर्तन हुन्छिन् । माताको रूप भनेको देवताको हो । देवताले सबैको उन्नति हुने काम गरेको हुन्छ । देवको अर्थ धर्म रक्षा गर्नु भएकाले आमाको काम पनि त्यस्तै हुनेहुँदा आमालाई महादेवी भनिएको हो । यस्तो विचार पूर्वीय आदर्शबाहेक अन्यत्र कहीँ छैन ।

यति राम्राराम्रा कुराहरू हामीकहाँ हुँदाहुँदै पनि हामीकहाँ विवाहकै कुरामा ठूलाठूला मुद्दाहरू चल्न थाले । विवाहकै दिन यो विवाह कति दिनका लागि हो ? विछोड हुन्छ होला भन्ने शङ्का बोकेपछि विवाह त्रासभन्दा अर्को के हुन सक्छ र ! धेरै पटक दोहोऱ्याएको कुरा हो कि विवाह वासनात्मक भोगको विषय होइन, यो त हृदयको मेल र धार्मिक सहजताको आधार हो । मनु स्वयंले पतिपत्नीलाई एकै रूप देखाएका छन् : **यो भर्ता सास्मृताङ्गना -९।४५)** जो भर्ता हुन् तिनै भार्या हुन् । विवाहपछि पतिले जुनसुकै बेलामा पनि आफू एकजना पति हुँ भन्ने सोच हृदयबाटै त्याग्नुपर्छ र पत्नीले पनि म एकल नारी हुँ भन्ने सोच त्याग्नुपर्छ । दुबैले वा पतिले आफूलाई पत्नीको एकरूप र पत्नीले अफूलाई पतिको एकरूप ठान्नुपर्छ । यसका लागि विवाहको प्रसङ्ग उठेको दिनदेखि नै गरिने जन्म र कर्म घरबाट





गरिने संस्कारहरूले. विवाहका यज्ञसम्ममा यस्तो परिवेश सिर्जना भइसकेको हुन्छ ।

यति हुँदाहुँदै पनि अप्ठ्यारो अवस्था आइपर्दा त्यसलाई फुकाउने कुरा हामी प्राच्यग्रन्थमा भेट्छौं । सन्तानोत्पादन हुन नसके पतिले र पत्नीले अलग बाटो लिन सक्ने कुरा वेदमै छ ।

ऋग्वेदको १० औं मण्डलमा गर्भको अपेक्षा यमीले गर्दा नपुंसक यमले आफ्नै श्रीमतीलाई भनेका छन्:–सृष्टि चलाउन नारी आएकीले म तिमीलाई रोक्दिन किनभने म नपुंसक छु । तिमी अर्को पतिवरण गर । यो अधर्म होइन ।

सक्षम हुँदाहुँदै व्यभिचार गर्नुमात्र अपराध हो । यमयमी सम्वादले प्रस्तुत गरेका प्रसङ्गले विवाहको उद्देश्य सन्तानोत्पादन पनि हो त्यसैले यो प्रक्रिया नै पूरा नहुने प्रसङ्गमा दोस्रो विवाहको कुरा उठ्त छ । वास्तवमा विवाह गर्नु भनेको पुरुषले श्रीमतीबाट फेरि जन्मिएर आफ्नो वंश विस्तार गर्नु पनि हो । त्यसका साथमा अर्को उल्लेख्य कुरा के पनि बुझियो भने यो वैदिक प्रसङ्गबाट गर्भ धारणको निश्चित उमेर रहन्छ त्यसमा मात्र संपर्कको अवस्था आउँछ ।

यहाँबाट हामी उमेर पुगेर-मात्र सहमतिमा मात्र गर्भाधारणको अवस्था आउने हुँदा सानै उमेरमा विवाह हुँदा पतिले दुर्व्यवहार गर्नु हुँदैनथ्यो ।

पुरुषले चाहिँ जे गरे पनि हुन्छ नारीलाई मात्र बन्धनमा बाँध्ने काम धर्मशास्त्रहरूले गरेका छन् भन्ने बहस निकै बढेको छ । एकपटक सुनेको भरमा कुरा गर्नुभन्दा उक्त पुस्तकहरू हेरेकै भए राम्रो हुन्थ्यो । मैले धर्मशास्त्रको आड गरेको होइन ।

गलत र समाज विरोधी भाव त त्याग्नै पर्छ तर धर्मशास्त्रहरूले नारीलाई मात्र भएभरका भार दिएर नियम बनाएका छन् भन्ने कुरा ठीक होइन कि बरु पुरुषलाई कम बाधा छन् भन्नु उपयुक्त होला । पुरुषले जति विहे गरे पनि हुन्छ । त्यसमा धर्मशास्त्र बोल्दैनन् भन्नु पनि ठीक होइन । यसका लागि शास्त्रले नियम बनाएका छन् ।

आठवर्षसम्म पनि बच्चा जन्मिएनन् भने, जन्मिएका सन्तान मरेर गए र दशवर्ष पर्खिएर पनि छोरा जन्मिएनन् भनेमात्र पुरुषले द्वितीय विवाह

गर्नुपर्छ । त्यस्तै पहिली पत्नी सुशील छे तर रोगी भई भने उसको आज्ञा नलिई पुरुषले दोस्रो विवाह गर्नुहुँदैन ।[३४]

तत्कालीन अवस्थाका लागि यी नियमहरूले पुरुषलाई त्यस्तो स्वतन्त्रता दिएको छैन जो चाइने वित्तिकै दोस्रो विवाह गरोस् । प्राचीन याज्ञवल्क्यले पनि यसै कुरालाई उदृत गरेको छ :

दासी साथ बाहिर घुम्न जाने पुरुषलाई आफन्तहरूले सबै कार्यमा बहिष्कार गर्नु । पत्नी हुँदाहुँदै व्यभिचारमा लागेको पुरुषलाई समाजले दण्ड दिनु ।[३५]

समाजमा रहेकासबैले संयम अपानाउनुपर्छ । नारीमात्र संयम् र नियममा रहेकी हुँदिनन् पुरुषले पनि त्यतिकै नियमित हुनुपर्छ । नियमबाहिर कोही जानु हुँदैन । सबैका लागि नियम बराबर छ तर सिद्धान्तलाई पर सारेर पुरुषले आफैं यस्ता कुप्रवृत्तिहरू भित्र्याइरहेको छ । जसले गर्दा पितृ सत्तात्मकता देखिएको छ । समाजले यस कुरालाई राम्ररी बुझ्नुपर्छ ।

धर्मशास्त्रहरू हामीले पढेनौं त्यसैले गाली गर्दै छौँ । त्यसमा पनि आधुनिक भनाउँदाहरूको गालीको मूल ग्रन्थ मनुस्मृति पऱ्यो । तत्कालीन समाज र समस्या नबुझिकन गाली गर्नु कति न्यायोचित हुन्छ । अझ नारीहरू यस स्मृतिलाई नारीबन्धनको मूलकारण सम्झन्छन् तर एकपटक निम्न कुरालाई विचार गरौं ।

यदि कन्या रजश्वला भई तर योग्य वर भेटिएन भने ती कन्या घरमै बसून् । अयोग्य वरलाई कहिल्यै छोरी नदिनु तर योग्य वर भेटिएपछि विवाह योग्य नभए पनि छोरी दिनु ।[३६]

---

[३४] बन्ध्याष्टमे ऽधिवेद्याब्दे दशमे तु मृतप्रजा ।
एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी
या रोहिणी स्यात्तु हिता संपन्ना चैवशीलत :
सानुज्ञाप्याधिवेत्तव्या च कर्हिचित ९।८२ मनु

[३५] दासी कुम्भं बहिग्रामान्निनयेरन्स्वाबान्धवाः
पतितस्य बहिष्कार्य सर्व कार्येषु चैवतम् २९४

[३६] काममामरणात्तिष्ठेद्गृहे कन्यर्तुमत्यपि ।
नचैवैनां प्रयच्छेत्तु गुणहीनाय कर्हिचित् ॥ ९।८९ मनु ।





८८ श्लोकमा योग्य वर भए छोरीलाई छिट्टै विवाह गरिदिनु भन्ने कुरा रहेको छ । यो कुरा आजको परिवशेमा सुहाउँदैन तर योग्य वर भनेको पूर्ण संयम विद्वान् र गुणवान् हो । यसले सम्पत्तिको मालिक भनेको होइन यस्ता नैतिक गुण र चरित्रले योग्य भएका व्यक्तिले असमयमा सम्पर्क गर्दैन र गर्भावस्थामा पुऱ्याउँदैन किनभने १६, १७ वर्षसम्म त ब्रह्मचारी अवस्थामा दुवै हुन्छन् । त्यसबेला उमेर नपुगी सम्पर्क गर्नु अपराध ठहरिन्थ्यो ।

ऋतुमती कन्याले विवाहका लागि तीन वर्षसम्म पितामाताको बाटो हेर्नु कि कतै योग्य वर खोज्दै हुनुहुन्छ भनेर त्यसपछि पनि पितामाताले वर खोजेनन् भने स्वयं आफैँले योग्य वर चुन्नु र पितालाई देखाउनु । यसरी वर रोज्दा पाप हुँदैन । यति कुरा हुँदाहुँदा पनि विवाहका सन्दर्भमा पूर्वीय आदर्श मान्यतामा मनुस्मृतिमा थुप्रै अमिल्दा र असहज कुराहरू पनि छन् तर ती सबै कुरा समाजले बोकिरहनुपर्छ भन्ने कुरा छैन । मनु स्वयंले भनेका छन् :- नियमहरू समायानुसार हुन्छन् : मनुस्मृतिका केही कुरा दोषी देखिनु स्वाभाविक छन् किनभने नियमहरू समयसापेक्ष हुन्छन् । त्यस बेलाका कतिपय कुरा अहिले मिल्न सक्तैनन् किनभने मानिसका रुचि र व्यवहारहरू फरक छन् । एउटा चाख लाग्दो प्रसङ्ग छः–नारी त्रेतायुगपछिमात्र रजस्वला हुन थालेकी हुन् भन्ने विद्वान्हरूको मान्यता छ ।

विवाहकै सन्दर्भमा आजका लागि धेरै अमिल्दा कुराहरू रहेका छन् । तीस वर्षको युवकले बाह्र वर्षकी कन्यासँग र २४ वर्षको युवकले आठ वर्षकी कन्यासँग विवाह गर्नु । पुरुषले यस उमेरभन्दा छिटो विवाह गर्दा गृहस्थ धर्म सुखद् हुँदैन ।[३७]

यो प्रसङ्ग धर्मशास्त्रको अन्तिम समय महाभारतकालसम्म भेटिन्छ । झट्ट हेर्दा यो धर्मको पाटो हुन सक्दैन । यहाँ कन्याको पढ्ने शिक्षित हुने र परिपक्व बुद्धि बनाउने स्वतन्त्रपूर्वक हुर्कने अधिकार खोसिएको छ । वैदिक कालमा यो परम्परा भेटिँदैन । त्यस समयमा दुवै शिक्षित हुन्थे र आफूलाई योग्य वर आफै चुन्दथे । वेदले स्पष्ट निर्देश के गरेको छ भने पढेकी स्त्रीले अनपढ पुरुषसँग र पढेको पुरुषले अनपढ नारीसँग विवाह नगर्नु किनभने

---

[३७] त्रिमूद्वर्षोद्वहेत्कन्यां हृद्या द्वादशवार्षिकीम्
ऋाठवर्षो ऽष्ट वर्ष वा धर्मे सीदति सत्वर ९।९४

एकको भावना अर्कोले बुझ्दैन र दुःख हुन्छ। समान स्तरमा विवाह गर्नु भनेको छ।

तर पछि यो परम्परा देखियो। समाजमा केही समस्या र अप्ठ्याराहरू आएकैले क्षेपक (थपेको) नियम आएको हुनुपर्छ। यो नियमको विरुद्धमा त्यस समयमा कुनै विरोध उठेको भेटिँदैन। अहिले हेर्दा निकै नै गलत देखिए पनि तत्कालीन परिवेशको ज्ञान नलिई यसै भन्न सकिँदैन र भन्नु पनि हुँदैन किनभने हरेक नियमको पछाडि आफ्ना विशेषता हुन्छन् तर समाजको परिवर्तनसँग यी नियमहरू पनि परिवर्तन हुन्छन् नै गार्गी र मैत्रेयी मनुस्मृति पछिकै हुन्। ती नारीहरू विदुषी नै थिए। सीता, रुक्मिणी आदि नारीहरू मनुस्मृति पछिकै हुन्।

एउटा कुराचाहिँ मनन योग्य नै छ। नारी गर्भधारण गर्न योग्य नभएसम्म पति र पत्नी दुवैले बह्मचर्य मै बस्नु भन्ने मनुको निर्देशन छ। मनुस्मृतिले स्पष्ट उल्लेख गरेको अर्को पक्ष पनि त्यत्तिकै महत्त्वपूर्ण छ। कन्या ऋतुमती भएपछि सामने देखिएका पुरुषहरू मनमा ल्याउन थाल्छे। अनेकौं मनोकल्पनामा डुब्न थाल्छे त्यसले अनर्थ पनि हुन सक्ने भएकाले ऋतुमती हुनु अगावै विवाह गरेर कसैको बनाइदिए केवल हृदयमा आफ्नो पुरुष रहन्छ। आजभोलि यस विचारले डाँडो काटेकाले अहिलेको परिप्रेक्षमा यो कुरा असान्दर्भिक ठहर्छ। यही नियम मान्नुपर्छ भन्ने छैन। समयानुसार धर्मका स्वरूप परिवर्तन हुन्छन्।[३८] कतिपय विद्वान्हरूको मतमा विधर्मीबाट कन्यालाई सुरक्षित राख्नका लागि छिट्टै विवाह गर्ने परिवेश देखिएको हो तर विवाहपछि तत्काल ती कन्या वर घर लगिँदैन थियो। उमेर पुगेपछि मात्र पति घरमा पठाइन्थ्यो।

सत्ययुगमा अर्कै नियम र विधिहरू थिए। द्वापरमा अर्कै, त्रोतामा अर्कै र कलिमा अर्कै नियम र विधिहरू बने। नियमहरू समयानुसार नै हुन्छन्। जस्तो समय त्यस्तै धर्म स्वाभाविक कुरा हुन्। त्यसैले सत्ययुगका लागि बनाएको मनुस्मृतिलाई आज लाखौं वर्ष पछि गाली गर्नु कति ठीक हुन्छ ? बरु त्यस बेलाको सामाजिक परिस्थिति बुझ्न खोज्नुचाहिँ बुद्धिमानी होला। यी स्मृतिहरू समाजमा स्थापित हुन वैधानिकता प्राप्त हुनुपर्दथ्यो।

[३८] अन्ये कृतयुगे धर्मास्त्रेतायां द्वापरे ऽपरे।
अन्ये कलियुगे नृणां युगह्रासानुरपतः १।८५मनु





समाजले स्वीकारेपछिमात्र त्यो नियम लागुहुन्थ्यो। त्यस कुरालाई यसरी देखाएको छ :[३९]

सत्ययुगमा मनुस्मृति, त्रेतामा अत्रिस्मृति, द्वापरमा शंखस्मृति र कलिमा पाराशरस्मृति वैधानिक मानिन्छन्।

यो पराशरस्मृतिमा पनि बाह्रवर्षमै कन्याको विवाह गरिदिनु भन्ने उल्लेख छ। ७।७४ मनुस्मृति वेदकै धर्मको स्मरण भएकाले प्राय जसो स्मृतिहरू मनुस्मृतिलाई नै पछ्याउदै हिँडेका छन्। त्यसैले अन्य स्मृतिको तुलनामा मनुस्मृति महत्त्वपूर्ण छ।

कन्याको शिघ्र विवाह किन सुरु भयो ? यसको विषय खोजी गर्नु आजको मूल विषय हो। अध्ययन पश्चात ठीकबेठीकका कुरा उठाउनु उपयुक्त पनि हुन्छ। सामाजिक नियम त मानवीय आकांक्षा सँगसँगै परिवर्तन भएका छन्। स्मृतिहरूकै आडमा उभिएर संविधान जन्मिएको हुन्छ। संविधानलाई आधार मानेर सामाजिक व्यवहारहरू चल्दछन्। धर्म, नैतिकता र संस्कार धर्मले नै बोकेर ल्याएको छ तर अहिले नैतिकता र संस्कारमा केही विचलन भएको छ। कुनै परिवेशमा पनि मिल्ने कुरा होइन तर यो नियम बन्नुका पछाडि कुनै सामाजिक परिस्थिति भने अवस्य छ किनभने नियम बन्नलाई कुनै परिस्थिति आउनै पर्छ। त्यसको परिवेश बुझ्नलाई अनुसन्धाताले गम्भीर चिन्तन र खोज गर्नैपर्छ। अनिमात्र यस विषयमा भन्न सकिन्छ। यही कुरामा सदाचार रहन्छ। सदाचार र शौचाचार कमजोर भएकैले धर्ममा विकृति आयो। यी दुई आचार सुध्रने बित्तिकै सबै व्यवहारहरू सुधिन्छन्। शौचाचार व्यक्तिमा निहित छ। आत्मशुद्धिको पाटो यही हो। सदाचार, सद्व्यवहार समाजमा निहित हुन्छ। यो बाह्य आचरण हो। यी दुई सुध्रने बित्तिकै आजका यी सबै समस्या समाधान हुन्छन्।

प्रसङ्ग विवाहकै छ। पूर्वीय आदर्श विवाहको भित्रि मर्म खोलिसकिएको छ। नभत्कने घर, नटुट्ने अखण्ड सम्बन्ध र आत्मीय एकता नै विवाह हो। सन्तानोत्पादन र यावत कर्म दुवैबाट हुने र हुनुपर्ने

[३९] कृते तु मानवा धर्मास्त्रेताया गौतमाः स्मृति।
द्वापरे शंख लिखितौ कलौ पाराशर स्मृति। १।२४पाराशर

अधिकारभन्दा माथिको कर्तव्य स्पष्ट उभिएको छ। पूर्वीय मान्यता अधिकारमा रुमल्लिँदैन त्यसभन्दा माथि कर्तव्यमा अडिएको छ। अभिभारा सुम्पिएपछिको दायिवत्त्भन्दा मनले स्वीकारेको उत्तरदायित्त्व धर्म बनेर अगाडि बढ्ने मान्यता भएकाले संसारकै उत्कृष्ट संस्कार हामीमा छ। हामी आफैँले बुझ्न सकेका छैनौं। अधिकार र हकका पछि दौडेर कर्तव्य विर्सिएका छौं। कर्तव्य सम्झने वित्तिकै अधिकारहरू स्वतः प्राप्त हुने छन्। नियम बनाउनेदेखि लागुगर्नेसम्म कर्तव्यबाट केही न केही रूपमा च्यूत नहुने हो भने यो समस्या आइपर्ने थिएन। त्यतिमात्र होइन जसले व्यवहारमा उतार्नु पर्ने हो ऊ पनि परपर भागी दिनाले समस्या जटिल बन्दै गएको छ।

पूर्वीय दर्शन र सभ्यतामा विचारणीय धेरै कुरा छन्। यसले समाजमा भइरहेका विवाहलाई आठ भागमा वर्गीकरण गरेको छ। त्यसमा पाँच प्रकारका विवाहलाई न्याय संगत र धर्म सङ्गत ठानेको छ र अन्य तीन प्रकारका विवाहलाई अमान्य र अधर्मयुक्त ठानेको छ। जसमा ब्राह्म, प्राजापत्य, आर्ष, दैव र गान्धर्व विवाह धर्म संगत ठानेको छ त्यसमा क्रमशः पहिलोदेखि क्रमशः उत्तमबाट सामान्य हुँदै घट्दै जान्छन्। आसुर , राक्षस र पैशाच विवाहलाई अमान्य ठानेको छ। यहाँ धर्मयुक्त भन्नाले वैधानिक भन्ने ठान्नुपर्छ।

१. ब्राह्मविवाह :–कन्याका पिताले योग्य वर खोजी निमन्त्रित गरेर सजाएर कन्या समर्पित गर्ने विवाह ब्राह्म विवाह हो।

२. प्राजापत्यविवाहः– कन्याका पिताले वरलाई कन्या दिदै मिलेर धर्मानुसार काम गर्नु भन्ने निर्देश दिँदै गरिने विवाह प्राजापत्य विवाह हो।

३. आर्षविवाहः– केटापक्षकाले कपडा गाई र गोरु लिएर कन्यालाई विवाह गरे भने त्यो आर्ष विवाह हो। आजभोलि यसैलाई दहेज प्रथा भनिन्छ।

४. दैवविवाहः– ऋत्विक कर्म गर्ने व्यक्तिलाई दक्षिणाका रूपमा कन्या दान दिएर गरिने विवाह दैव विवाह भनिन्छ। यी चार विवाह उत्तम विवाहमा पर्दछन्।

५. गान्धर्वविवाहः– सामान्य विवाहमा गान्धर्व विवाह पर्दछ। झन्नै





प्रेम विवाहजस्तो यो विवाह एक आपसमा अनुरक्त केटाकेटीलाई आमाबुबाले गराइदिने विवाह हो।

६. आसुरविवाहः– पैसा लिएर कन्याको विवाह गरिदिने वा बेच्ने शुल्कलाई आधार मानेर गरिने विवाह आसुर विवाह हो।

७. राक्षसविवाहः– पितामाताको इच्छा अनिच्छा केही वास्ता नगरी अपहरण गरेर कन्या लगी विवाह गर्ने प्रथा राक्षस विवाह हो।

८. पैशाचविवाहः– सुतेकी वा मुर्च्छित भएकी वा प्रमत्त स्त्रीसँग सहवास गरी विवश बनाएर गरिने विवाह पैशाच विवाह हो।

यी आसुर, राक्षस र पैशाच विवाहलाई धर्मशास्त्रले ग्रहण गरेका छैनन्। आज समाजमा गन्धर्वदेखि आसुर, राक्षस र पैशाचविवाह बढिरहेका छन्। जसले समाज अव्यवस्थित बन्दै गएको छ।

विवाहपछि प्राकृतिकरूपले नारीमा केही कमजोरीहरू आउँछन् यसलाई सबैले स्वीकार्नुपर्छ तथापि नारीले बल र पौरुषत्वमा पनि पुरुषसँग समानता ठान्न थालेका छन्। मन, मस्तिष्क र विचारमा समान भएपनि शारीरिकरूपमा नारी धेरै कारणले कमजोर नै छन्। वैज्ञानिकहरूले निकालेको निष्कर्ष यस्तो छ : स्त्रीको मस्तिष्कको अगाडिको भाग र पछाडिको भाग अनि स्नायु ग्रन्थीको वजन पुरुषको भन्दा कम हुन्छ तर यो थेलेमस भावप्रवणताको उत्पत्ति स्थान भने पुरुषको भन्दा ठूलो हुन्छ। शरीरको सुगठन पनि पुरुषका तुलनामा नारीको कोमल नै हुन्छ र मातृत्व अङ्ग संवेदनशील र थुप्रै स्नायु ग्रन्थीले युक्त भएकाले आमा बनेपछि केही पृथकता र शिथिलता शरीरमा आइहाल्छ अनि पुरुष समान काममा लाग्दा समस्या नआउने कुरै भएन। यस कुराको बुझाइ नपुग्दा पनि विवाह बलियो हुन सकेको छैन। सानै उमेर भएको विवाह ठीक रहेछ भन्ने कतिपय वैज्ञानिकहरू पनि छन्। रजोदर्शनपछि मातृत्व अङ्ग र कामनाको भाव एकै चोटी जागृत हुँदा टाउको दुःखने, अजीर्ण हुने, हिस्टेरियाजस्ता धेरै रोगहरू जन्मन्छन्। यी समस्याबाट बच्न पनि प्राचीन युगमा छिटो विवाह गर्ने अवस्था आएको हुन सक्छ। पति घरमा पुगेपछि त्यहाँको घरकी सदस्य हुने भएकीले त्यहाँ भोग्नुपर्ने र गर्नुपर्ने काम र व्यवहारका कुराहरूले नारीलाई शिक्षित र योग्य बनाउने काम त पति घरकै हुन्छ। विवाहपछि पनि नारीलाई अशिक्षित बनाइन्छ भने पति घरका सासूससुरा पनि

भागीदार हुन् किनभने विवाहपछि ती नारी त्यही गोत्र त्यही थरकी त्यही घरकी एक मुख्य सदस्य हुन् ।

महर्षि गर्गले नारी र घर अनि नारीको खुसीलाई विशिष्ट किसिमले व्याख्या गरेका छन् :[४०]

जुन घरमा नारी खुसी हुन्छिन् त्यस घरमा सम्पन्नता रहन्छ र लक्ष्मीको निवास त्यहीँ हुन्छ । त्यही घरमा कोटी देवता रहन्छन् । नारी खुसी भएको घर नै सबैभन्दा राम्रो हुने भएकाले नारीप्रतिको दृष्टिकोण अत्यन्तै उच्च रहेको पाइन्छ ।

यसरी नारीलाई घरकी मुख्य अङ्ग बनाउने मूल परम्परा नै धर्मशास्त्रले बसाएका हुन् । यतिमात्र होइन जो नारी सन्तानहीन छिन् । जसको हेरचाह गर्ने कोही आफन्त छैनन् । जो पतिव्रता छिन् जो विधवा भएकी छिन् र रोगी छिन् यस्ता नारीहरूको सुरक्षा समाजका सबैले गर्नुपर्छ । **८।२८ मनु** । त्यसबेलाका पूर्वीय सोच र विचारहरू कति महत्त्वपूर्ण छन् जो आज पनि त्यतिकै मान्य छन् । बीचबीचका समस्याहरूलाई उठाएर प्रसङ्ग नबुझी परम्पराकै धज्जी उठाउने परम्परा राम्रो होइन । यहाँ एउटा उदाहरणलाई चिन्तन गरौँ ।

तुलसीकृत रामायणको एउटा प्रसङ्गलाई धेरैले गाली गरेका छन् तर यो पङ्क्ति आउनुको प्रसङ्ग धेरैले हेरेकै छैन । रामको ताडन समुद्रले पाएपछि जड अहङ्कारले भरिएको समुद्रले ढोल, शूद्र, पशु र नारी पिटेपछिमात्र ठीकमा आउँछन् भन्ने विचार राखेको थियो । यसलाई कतिपयले तुलसी दासकै भाव संझेर कुरै नुबझी उनलाई गाली गर्छन् । भित्रि कुरा नबुझी त्यसको उपहास गर्नु किमार्थ बुद्धिमानी होइन ।

अध्ययन र अनुसन्धान गरी नारीका चरित्र र व्यवहारहरूलाई हेरेर ब्रह्मवैवर्तपुराणमा नारदले नारीलाई तीन प्रकारमा विभक्त गरेका छन् । **साध्वी, भोग्या र कुलटा** । आत्मैदेखि पतिप्रेम राखी परलोक सुधार्ने र यशको कामनाले पतिसेवामा लाग्ने नारीहरूलाई साध्वी नारी भनिन्छ । त्यस्तै चिताएको गहना अलङ्कार कपडाको चाहनाले कामनायुक्त स्नेह गर्ने

---

[४०] यदगृहे रमते नारी लक्ष्मीस्तद गृहवासिनी ।
देवाता कोटिशो वत्सा न त्यजन्ति गृहं हि तत् ।





नारीलाई भोग्या नारी भनिन्छ । त्यसरी नै कपटयुक्त पतिप्रेम गर्ने मीठो बोल्ने तर छुराझैँ दुःख दिने पुरुषभन्दा अधिक कामना हुने अझ बढी आहार चाहिने, छल्ने, बढी क्रोध र पतिहत्यामा समेत संलग्न हुन सक्ने नारी कुलटा नारी हुन् ।

यसरी नारी र विवाहका सम्बन्धमा वैदिक सभ्यताका आधाभूत स्रोत र भावनालई संक्षेपमा प्रस्तुत गरियो । यसरी प्रस्तुत गर्नुको मूल उद्देश्य भनेको हामीले प्राचीनकालको नियम नै अगाल्नुपर्छ भन्ने होइन । पूर्वीय शास्त्रहरूमा विवाहलाई कुन रूपमा हेरिएको छ भन्ने जानकारी गराउनु हो । त्यस्तै हाम्रा विचारका स्रोत हाम्रै शास्त्रबाट उठेका हुनुपर्छ र विवाहपद्धतिको उद्देश्यलाई हाम्रै धारबाट बुझ्नुपर्छ भन्ने देखाउन खोजीएको छ । विवाह समाजको सर्वोपरि अङ्ग भएकाले हामीले हाम्रा आफ्नै मान्यता र परिचयलाई बुझेर हाम्रा पद्धतिका नराम्रा कुरालाई हटाउँदै राम्रा पक्षलाई प्रश्रय दिनुपर्छ । यसले हाम्रो सभ्यतालाई बलियो बनाउँछ र यसले हामीलाई पनि विश्वमा एउटा परिचय पनि दिलाउँछ ।

## नारीधन

नारीलाई सम्पत्तिमा पनि हक प्रदान गर्दै धर्मशास्त्रहरूले लेखेका छन् । पतिले प्राप्त गरेको धनाधिकारी उसकै पत्नी हुन्छिन् । यदि ती नारी सन्तानहीन भएकी छिन् भने उक्त धन पतिकै भाइहरूको हुन्छ अथवा बाल्यावस्थामै विधवा भएको भए सगोत्र वा देवरादिबाट पुत्र उत्पन्न गरेर त्यो धन उसैलाई दिनु भन्ने नियम छ ।[४१]

व्यभिचारिणी स्त्री भए उक्त धन उसको हातमा दिइँदैन । आचरणमा रहेकी स्त्रीका लागि मात्र उक्त नियम हो । योग्य पतिले छोराहरूलाई समान अंश दिँदा पत्नीलाई पनि दिनुपर्छ ।[४२]

यदि ती नारीलाई ससुरा वा पतिले स्त्रीधन दिएको छैन भने ।

---

[४१] संस्थितस्यानपत्यस्य सगोत्रात्पुत्रमाहरेत् ।
तत्र यद्रिक्थजातं स्यात्तत्स्मिन्प्रति पादयेत ।९।१९० मनु ।

[४२] यदिकुर्यात्समानंशान् पत्न्य कार्या समांशिका ।
नदत्र स्त्रीधनं यासा भर्त्रा वा स्वसुरेण वा ॥२।११५ याज्ञ

यदि विधवा स्त्रीले कुनै कारणले विवाह गरिन् भने उसको साथमा रहेको धनको बारेमा शास्त्रहरूले उल्लेख्य नियम बनाएका छन् :

पुत्रवती विधवाले विहे गरी भने उसको त्यो स्त्रीधन उसैले लान पाउँछे। स्त्रीधन होइन भने पूर्वपतिको कुनै धन लान पाउँदिनन्। त्यो धन त पुत्र कै हो।[४३]

उक्त प्रसङ्गलाई हेर्दा कहीँ कतै विधवा विवाहको प्रसङ्ग पनि उठेको हुनुपर्छ। प्रायशः पूर्वीय धर्मशास्त्रहरूले यस्तो विवाहको कुरा उठाएका छैनन् किनभने विवाहका समयमा आफ्नो गोत्र नै परित्याग गरेर पतिको गोत्रमा पत्नीलाई ल्याउँदा अब उप्रान्त म पतिको गोत्री भएँ। पति एक अङ्ग र म एक अङ्ग होइन। हामी दुवै एकै अङ्गका दुईपाटा भयौं। त्यसैले यहाँ पतिको मृत्युमा पत्नीले त्यही पतिको सम्पूर्ण अभिभारा आफ्नो काँधमा लिन्छन्। त्यही गोत्रलाई निरन्तरता दिँदै वंशोन्नतिमा समर्पित हुन्छिन्। मनुस्मृति यही धारमा बग्दै आएको हुनाले त्यस समयमा विधवा विवाहको सोच नै थिएनन्।

## विधवा विवाह

विधवाहरूको विवाह गर्नुपर्छ भन्ने सोच कसरी कहाँबाट आएको हो त्यसलाई ठ्याक्कै भन्न त सकिन्न। हिन्दूधर्मशास्त्रहरूले सहजमा यो नियम ल्याएकै छैनन्। यसका लागि पहिलो स्मृतिकार मनु भन्दछन्।

विवाहका मन्त्रहरूमा नियोगको बारेमा लेखिएको पाइँदैन विवाह शास्त्रमा यसरी नै विधवा विवाहको कुरा लेखेको छैन।[४४]

अन्य कुरा विवाहको प्रसङ्गमा चर्चा भइसकेको छ। अहिलेको प्रसङ्ग भनेको स्त्रीले प्राप्त गर्ने धनको हो।

नारदस्मृतिमा चार अविभाज्य धनको बारेमा लेखिएको छ। नारीसँग

[४३] पुत्रिणी त समुत्सृज्य पुत्रं स्त्री यान्यमाश्रयेत्।
तस्या द्रव्यं हरेत् सोकन्यो निःस्वायाःपुत्र एव तु ॥ ४।२० नारद

[४४] नोद्वाहिकेषु मन्त्रेषु नियोगः कीर्त्यते क्वचित्
न विवाह विधामुक्तं विधवावेदनं पुनः ९।६५मनु





रहेका कतिपय धन कसैलाई पनि बाड्न नपर्ने पनि रहेका छन्। नारीमात्र होइन पुरुषका पनि यस्ता केही धनहरू हुन्छन् जो कुनै पनि अवस्थामा अविभाज्य हुन्छ।

## अविभाज्य धन

शास्त्रहरूले निम्न लिखित धनलाई अविभाज्य भनी उल्लेख गरेका छन्।

१. शौर्यधन

२. भार्याधन

३. विद्याधन

४. बुबाखुसी भएर दिएको धन अविभाज्य हुन्छ।[४५]

१) शौर्यबाट प्राप्त धनः युद्धादिसाहसकार्यबाट ल्याएको पुरस्कार, पारितोषिक, उपहार वा वृत्तिको धन शौर्य धन हो। यो अविभाज्य छ।

२) भार्याधन: स्त्रीले प्राप्त गरेको चलअचल सम्पत्ति स्त्रीले व्यापार जागीरबाट प्राप्त गरेको धन।

३) विद्याधनः– विद्या पढेपछि सेवा कार्य पुस्तक लेखन आदिबाट प्राप्त धन विद्याधन हो।

४) पिता खुसी भएर प्रीतिपूर्वक दिएको धन।

उक्त चार प्रकारका धनहरू अविभाज्य हुन्छन्। उक्त प्रसङ्गमा भार्या धनको पनि उल्लेख भएको छ। उसले आफूले परिश्रम गरेर कमाएको धन र मातापिता भाइबन्धुले दिएको धन उनको हुन्छ र पतिले खुसी भएर दिएको धन पनि भार्याधन नै हुन्छ। यस्तो धन कुनै बाहानाले पनि भागबण्डा गरिँदैन भन्ने शास्त्रहरूको आशय छ। यस विषयमा शास्त्रहरूले दिएका सन्देशहरूलाई विचार गर्नुपर्ने हुन्छ। विभिन्न धर्मशास्त्रहरूका

[४५] शौर्यभार्याधने चोभे यच्च विद्याधनं भवेत्।
त्रीण्येतान्यविभाज्यानि प्रसादी यश्च पैतृकः ॥१३।६नारद

सन्देशहरू निम्नानुसार छन् :

**रिक्थ क्रय संविभाग परिग्रहान्धिगमप्राप्तमेतत् स्त्रीधनम् ।**

**(मिताक्षरा )**

उत्तराधिकारमा पाएको धन् । स्त्रीले किनेर ल्याएको वस्तु आदिको धन । बाँडफाँडमा पाएको धन, विवाहमा मिलेको धन, आफ्नो अधिकारमा अएको धन्, स्त्रीधन मानिन्छन् ।

कात्यायनका विचारमा नारी धन दुई प्रकारका छन् ।

१. सौदायिक

२. असौदायिक

१. आमाबुबा, दाजुभाइ र श्रीमान्ले दिएको धन सौदायिक र २. अन्य तरिकाबाट प्राप्त धन असौदायिक मानिएको छ। सौदायिक धनमा नारीको अधिकार रहन्छ। असौदायिक धनमा भोगाधिकारमात्र रहन्छ। पतिले फिर्ता गर्ने शर्तमा स्त्रीधन श्रीमतीबाट लिएर चलाएको भए। अनायास पिताको मृत्यु भए, छोराहरूले फिर्ता गरिदिनु। यो कात्यायनको मत हो। यसमा सौदायिक धनमा अचल सम्पत्ति छ भने नारीले बेच्न पाउँदिनन् भन्ने मत नारदको छ।

नारी धनका विषयमा मनुले उल्लेख गरेका छन्:–

स्त्रीधन ६ प्रकारका छन् ।

१. विवाहको होमका समयमा दिएको धन ।
२ विवाहपछि विदाइका बेलामा दिएको धन ।
३. विवाहपछि पति घरमा गएपछि पतिका आफन्तले दिएको धन ।
४. मातापिता भाइबन्धुले दिएको धन ।
५. पति खुसी भएर दिएको प्रीति धन ।
६. मांगलिक कार्यमा भाइबहिनी जो कोहीले दिएको धन । यी स्त्री धन हुन् ।[४६]

---

४६ अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतिकर्मणि ।
भ्रातृमातृपितृप्राप्तं षड्विधं स्त्रीधनं स्मृतम् ॥
अन्वाधेयं च यद्दत्तं पत्या प्रीतेन चैव यत् ।





यस्तै विवाहपछि पिता वा पति कुलबाट जुन धन दिइन्छ त्यो धनलाई अन्वाधेय भनिन्छ। यस्तो धन स्त्रीको मृत्युपछि छोराछोरीको हुन्छ।

याज्ञवल्क्यले पनि यसै कुरालाई स्वीकारेका छन्। नारद पनि यसै कुरालाई समर्थन गर्छन्। उनीहरूका अनुसार पितामातापतिभाइ आदिले दिएको धन,अग्नि समीपमा विवाहको समयमाप्राप्त भएको धन,स्त्रीका मातापिताका आफन्तले दिएको धन, परिणयको शुल्कका लागि दिएको धन र विवाहपछाडि पति र पितृकुलबाट दिएको धन स्त्री धन हुन्छ।[४७]

शास्त्रहरूले हरेक कुरालाई व्यवस्थित र नियमित बनाउन नीतिनियमहरू निर्माण गरेका छन्। स्त्रीसँग रहेको स्त्रीधन र अन्वाधेय धन उनका शेषपछि कसले पाउँछ ? र दोस्रो विवाह हुँदा कहाँ रहन्छ ? यस कुरालाई पनि नियमित बनाउने शास्त्रीय नीति निर्माण भएका छन्।

आमाले विवाहमा पाएको धन आमाको मृत्युपछि छोरीहरूको हुन्छ। छोरा नभएको पुरुषको पनि आफ्नो धन छोरीहरूलाई नै दिनु।[४८]

त्यस्तै आमाको धन ऋण तिरेर रहेजति छोरीहरूले लिनु। छोरी नभए छोराले लिनु।[४९]

यस विषयमा नारदले अझ स्पष्ट नियम दिएका छन्।

पिताको मृत्युपछि पितृधन छोराहरूले बाँड्नू। छोराहरू नभए त्यो धनको अधिकारी छोरी हुन्छन्।[५०]

---

पत्यौ जीवति वृत्तायाः प्रजायास्तद्धनं भवेत् ॥९।१९४.९५ मनु

४७ पितृमातृपतिभातृदत्तमध्यग्न्युपागतम् ।
आधिवेद निकाद्यंच स्त्रीधनं परिकीर्तितम् । २।१४३ या
बन्धुदत्त तथा शुल्कमन्वाधेयकमेव च ।
अतीतायामप्रजसी वान्धवास्तदवाप्नुयुः ॥ १४४
यो धनआमाको शेषपछि के गर्ने ।

४८ मातुस्तु यौतकं यत्स्यात्कुमारीभागएव सः ।
दौहित्र एव च हरेदपुत्रस्याखिलं धनम् । ९।१३१ मनु ।

४९ मातुः दुहितरः शेषमृणात् ताभ्यऋतेन्वयः २।११७ या

५० पितर्यूर्ध्वं गते पुत्रा विभजेरन्धन क्रमात् ।
मातुर्दुहितरोऽभावे दुहितृणां तदन्वय ॥१३।२ नारद

महाभारत, नारदस्मृति, वृहस्पति स्मृतिहरूले यही भन्छन् । अविवाहित कन्याले त भाइ भएपनि पिताबाट धनको भाग पाउँछिन् (ऋग्वेद) कौटिल्यचाहिँ भाइहुँदा बहिनीले धन पाउँदिन भन्छन् । विष्णुस्मृति र नारदस्मृति अविवाहित कन्या पितृधनका समान भागीदार हुन्छन् भन्छन् ।

महाभारतमा भनिएको छ : आमाको मृत्युपछि मातृधन छोरीहरूले लिनु, छोरीका सन्तान पनि यसका भागीदार रहन्छन् ।[५१]

भीष्मपितामह युधिष्ठिरलाई भन्दछन्: पिताबाट प्राप्त भएको धन उनकी छोरीहरूले लिन सक्तछन् । जसरी छोरो महत्त्वपूर्ण हुन्छ त्यसरी नै छोरी पनि महत्त्वपूर्ण हुन्छिन् ।[५२]

आमालाई पिताले दिएको धन (दाइजो) मा कन्याकै अधिकार हुन्छ । शेषपछि छोरी वा उनको पनि छिटै मृत्यु भए त्यो धन नातिले पाउँछ ।

## छोराछोरीको अभावमा स्त्रीधन

स्त्रीधनका अधिकारी सन्तान हुन् । सन्तान नभए ब्राह्म, आर्ष, दैव र प्राजापत्यका विवाहमा प्राप्त नारी धन पतिको नै हुन्छ ।[५३] र अन्य असुर राक्षस, पैशाच, गान्धर्व आदि विवाहमा प्राप्त भएको स्त्रीधन पिताको हुन्छ । छोरी भए सबैका अधिकारी छोरी नै हुन् ।[५४]

यसमा मनुको अलि फरक मत थियो ।[५५]

---

५१ स्त्रियास्तु यदभवेत् वित्तं पित्रदत्तं युधिष्ठिर ।
ब्राह्मण्यस्तदहरेत् कन्या यथा पुत्र स्तथा हि सा ॥ अनुशासन पर्व ४७।२५

५२ माताश्च यौतकं यत्स्यात् कुमारी भाग एव स :
दौहित्रएव तदरिक्थमपुत्रस्य पितुर्हरेत् । अनुशा ४५।१२ महाभारत ।

५३ स्त्रीधनं तदपत्यानां भर्तु ग्राम्य प्रजासु.तु ।
ब्राह्मादिषु चतुष्वाहः पितृगामीतरेषु च ॥ १३।९ नारद

५४ अप्रजस्त्रीधनं भर्तुर्ब्राह्मादिषु चतुर्ष्वपि ।
दुहितृणां प्रसुता चेच्छेषेषु पितृगामि तत् ॥२।१४५ या ।

५५ ब्राह्मादैवार्ष गान्धर्व प्राजापत्येषु यद्धसु ।
अप्रजाया मतीताया भर्तुरेव त दिष्यते ॥९।१९६ मनु





उनले सन्तान नभएको अवस्थामा गान्धर्व विवाहमा प्राप्त भएको स्त्रीधन पनि पतिकै हुन्छ भनेका छन् । याज्ञवल्क्य र नारदले गान्धर्व विवाहको स्त्रीधन पिताको हुन्छ भनेका छन् । मिताक्षराका लेखक विज्ञानेश्वर भन्दछन् : पतिको मृत्युभएपछि त्यो पतिको धनको स्वामी उसकै विधवा नारी हुन् ।

नारीको धनमा पुरुषले नारी सहमतिले केही अधिकार जमाउन सक्छ तर अरूले चलाएको भए व्याजसहित तिर्नु - देवल । [५६]

## धेरै श्रीमती भए

ब्राह्मणले अन्यवर्णकी स्त्रीसँग पनि विवाह गरेका भए र तीमध्ये कोहीको निसन्तान अवस्थामै मृत्यु भयो भने उसको स्त्रीधन ब्राह्मणी सौताका छोरीलाई दिनु ऊ पनि नभए कुनै सन्तानलाई दिनु । [५७]

## स्त्रीधनको विभाग

माताको मृत्यु भएमा छोरा वा विवाहित अविवाहित छोरी गरी सबै सन्तानले मातृधन बाँड्नु अझ नाति नातिनीलाई पनि सम्मानका रूपमा दिनु । यसमा वशिष्ठ अलि फरक मत राख्छन् : उनी आफ्नो धर्मसूत्रमा भन्दछन् : पिताको प्रतिनिधि दौहित्र होइन पुत्रीचाहिँ हुन् त्यसैले धनाधिकार पत्नीलाई छ । आमाहरूले प्रशस्त गरगहनाहरू लगाएका हुन्छन् । शेषपछि ती गहनाहरू कसलाई दिने वा कसकसलाई बाँडिदिने भन्ने द्विविधा हुन्छ । यस द्विविधालाई हटाउन शास्त्रहरूले एउटा सुनिश्चित नियम बनाएका थिए ।

---

५६ स्त्रिया तु यद्ववेद्वित्तं पित्रादत्तं कथञ्चन ।
ब्राम्हणी तद्धरेत्कन्या तदपत्यस्य वा भवेत् ।९।१९८ मनु ।

५७ जनन्यां संस्थतायां तु समं सर्वे सहोदराः ।
भजेरन्मातृकं रिक्थं भगिन्यश्च सनाभयः
यास्तासां स्युर्दुहितरस्तासामपि यथार्हतः ।
मातामह्या धनात्किञ्चित् प्रदेयं प्रीतिपूर्वकम् ।९।१९२,१९३ मनु ।

## आमाले लगाएका गरगहना

मृत्युपछि माताका गरगहना छोरीहरूले पाउँछन् उनीहरू नभए साम्प्रदायिकहरूले पाउँछन् ।[५८]

कतिपय अवस्थामा आमा जीवित रहँदा छोराछोरीलाई अंश दिई छुट्याउने अवस्था आउँदा ती आमाले लगाएका गहनाहरूको अंशियार सन्तति हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न उठ्तछ यस विषयमा पनि शास्त्रहरूले सुनिश्चित नियम बनाएका छन् ।

आमा जीवित रहँदा गहना छोराछोरीका अंशमा बाड्नु पर्दैन ।

पति जीवित हुँदै लगाएका गहनाहरू पति मरेपछि छोराछोरीले बाँड्न पाउँदैनन् । बाँड्न खोजे पाप हुन्छ । यी आमाका अविभाज्य सम्पत्ति हुन् ।[५९]

माथि उल्लेख गरिएका स्त्रीधनका बारेमा गौतमले आफ्नो स्मृतिमा विशद रूपमा व्याख्या गरेका छन् र उक्त स्त्रीधन आमाले कसलाई दिन सक्तछिन् वा शेषपछि कसको हुन्छ भन्ने विषयमा पनि उल्लेख गरेका छन् ।

स्त्रीधन विवाह नभएका वा विवाह भएका दुःखी छोरीहरूलाई दिनु, कन्याका पितामाताले वरसँग लिएको पैसा पनि आमाको मृत्युपछि छोरीहरूकै हुन्छ ।[६०]

कोही विद्वान्का मतमा माता जीवित रहँदैमा उक्त धन छोरीहरूले पाउँछन् भन्ने पनि छ ।

सबै धर्मशास्त्रहरूले स्त्रीधन मातृधनकै रूपमा विशेष व्याख्या गरेका छन । यसलाई कसैले पनि स्वतन्त्ररूपमा चलाउन पाउँदैनन् । चलाइ हाले पनि फिर्ता गर्नुपर्छ । स्त्रीधनमा स्त्रीहरूकै हक हुने हुनाले त्यसलाई जो कोहीले चलाएपनि फिर्ता गर्नुपर्ने कुरा शास्त्रहरूले उल्लेख गरेका छन् ।

५८ मातृरलंकार दुहितरः सांप्रदायिकं लभेनन्यद्वा । बौधायनस्मृति २-२-४९

५९ पत्यो जीवति यः स्त्रीभिरलंकारो धृतो भवेत् ।
न तं भजेरन्दायादा भजमानाः पतन्ति ते । ९।२०० मनु ।

६० स्त्रीधनं दुहितृणाम प्रमत्तानाम् प्रतिष्ठितानां च ।
भगिनी शुल्क सोदर्याणामुर्ध्व मातुः पूर्व चैके २९।५





स्त्रीधनका कुनै पक्षहरूछन् जसमा फिर्ता नगरे पनि हुन्छ । त्यो फिर्ता गर्नुपर्ने अवस्थालाई पनि शास्त्रले यसरी उल्लेख गरेको छ ।

## स्त्रीधन फिर्ता गर्नु नपर्ने अवस्था

दुर्भिक्षमा र प्राणरक्षाका लागि धर्मकार्यका लागि, औषधिका लागि बन्धन मुक्तिका लागि, पतिले स्त्रीधन लिएको छ भने तिर्नु वा फिर्ता गर्नुपर्दैन ।[६१] यसबाहेक अन्य कामका लागि लागेको भए फिर्ता गर्नुपर्छ ।

स्त्रीधन र त्यसका उत्तराधिकारीको कुरा गर्दा अझै पनि नारीलाई सम्पत्ति हकमा कमी गरेको हो कि जस्तो भ्रम उत्पन्न हुन सक्तछ । यो ठीक होइन । पतिले भाइअंश पाएको धन पतिधन हो । यस्तो पतिधनमा नारीको त्यतिकै अधिकार रहन्छ । प्रयोगमा कुनै रोकटोक हुँदैन । बरु नारीलाई पतिभन्दा पृथक धनका रूपमा स्त्रीधनको अधिकार प्रदान गरेको छ । स्त्रीहरूका सन्दर्भमा एउटा उदाहरण हेरौँ ।

विभक्त भएर फेरि संयुक्त भएका परिवारमा कुनै भाइ पुत्रहीन छ भने उसको धनाधिकारी श्रीमती हुन्छे । त्यो धन स्त्रीको मृत्युपछि छोरीको हुन्छ । निसन्तान् हुन् भने उनीहरूको धन दुवैको मृत्युपछि दाजुभाइकै हुन्छ ।[६२]

पतिघर गइसकेकी स्त्रीको त्यहाँका भाइ अंश अर्थात् श्रीमानले पाउने अंशको भागीदार बन्न सक्ने नीतिनियम पूर्वीय परम्पराको उत्कृष्ट नमुना हो ।

पति मरेर विधवा भएकी नारीलाई उसको स्त्रीधनको सुरक्षा आफन्तहरूले गरिदिनुपर्छ भन्ने माथि नै उल्लेख भइसकेको छ । त्यसपछि त्यस घरमा रहने उसको अधिकार र प्रभावलाई पनि शास्त्रहरूले सुनिश्चित गरिदिएका छन् ।

६१ दुर्भिक्षे धर्मकार्ये च व्याधौ सम्प्रतिरोधके ।
गृहीतं स्त्रीधनं भर्त्ता न स्त्रियै दातुमर्हति ।२।१४७

६२ संसृष्टानां तु यो भागस्तेषामेव स इष्यते ।
अनपयों ऽशभाग्योऽपि निर्बीजेष्वितरानियात् ॥१३।२४ नारद

## विधवाप्रतिको कर्तव्य र धन

मृत भाइकी पत्नी जो विधवा हुन्छिन् अन्य दाजुभाइहरूले राम्ररी हेरचाह गर्नुपर्छ। उनको त्यो धन तिनै दाजुभाइले पाउने हुँदा त्यो उनीहरूको कर्तव्य पनि हो। धर्मशास्त्रानुसार यसरी हेरचाह गर्ने काम आचरणमा रहेकी श्रीको मात्र हुन्छ। व्यभिचारी भएर हिँड्नेलाई भएको धन पनि लिनु र घर छोडाइदिनु।[६३] भन्ने शास्त्रको आदेश छ। सबै नारीहरूको स्वभाव एउटै हुँदैन। कसैलाई पति नभएपछि जीवनको केही अर्थ रहँदैन भन्ने सोचेर परपुरुषसँग सम्बन्ध जोरी अर्को विवाह गरेर गृहस्थी बसाउने मनमा भाव पनि आएको हुन्छ र कोही अब मैले पतिको मृत्युपछि पनि यही परम्परालाई कायम राखी यही घरलाई व्यवस्थित तुल्याउनुपर्छ भन्ने सोच्छन् र कोही व्यभिचारमा पनि लाग्न सक्तछन्। सबैका लागि शास्त्रहरूले एक व्यवस्थित नियम बनाइदिएका छन्। व्यभिचारीका लगि उक्त प्रैतृक धनमा कुनै हकदावी नलाग्ने कुरा स्पष्ट उल्लेख भएको छ। तर शुद्ध र व्यावहारिक नारीहरू पतिको मृत्यु भएपछि उसको उत्तराधिकारी नै हुन्छे। यस विषयमा शास्त्रहरूले व्यवस्थित नियम बनाएका छन्।

मृत भाइका छोराछोरीको हेरविचार र विवाह संस्कारहरूमा हुने खर्च पैतृक सम्पत्तिबाटै भाग छुट्याउनुपर्छ।[६४]

विवाह पूर्व उनीहरूको हेरचाह हजुरबुवा र काकाहरूले गर्नुपर्छ। यसरी नै पति मरेकी विधवालाई ससुरा देवरादिले उसका स्वामीले झैँ सुरक्षा र भरणपोषण गर्नुपर्छ। घरमा जेसुकै गर्दा पनि ती विधवा नारीलाई पनि सोध्नुपर्छ।[६५]

नारदले पति मरेकी स्त्रीलाई उसका घरमा भाइसल्लाह गर्ने

---

६३ भरणं चास्य कुर्वीरन् स्त्रीणामाजीवितक्षयात् ।
रक्षन्ति शैय्यां भर्तुश्चेदाच्छिन्धुरितरासु च ॥१३।२६ नारद

६४ या तस्य दुहिता तस्याः पित्र्यऽशे भरणे मतः ।
वासंस्कारं भजेरंस्ता परतो विभृयात् पतिः ॥ १३।२७ नारद

६५ मृते भर्तर्यपुत्रायाः पतिपक्ष प्रभुः स्त्रियाः ।
विनियोगात्मरक्षासु भरणे च स ईश्वरः ॥१३।२८ नारद





परिस्थितिमा समान हैसियत कायम गराई हरेक सल्लाहमा राख्न निर्देशन दिएका छन्। यसले पति बराबरको हक स्थापित गराउँछ।

निसन्तान विधवालाई सबैले हेरविचार र पालनपोषण गर्नुपर्छ।

विधवालाई पतिकुलमा रेखदेख गर्ने कोही व्यक्ति रहेनन् भने पितृकुलकाले हेर्नुपर्छ।[६६]

स्मृतिचन्द्रिका त अझ यसरी रेखदेख गर्ने व्यक्ति नहुँदा राजाले सुरक्षा गर्नुपर्छ भन्दछ। कोहीपनि विधवालाई निराश्रय हुनदिनु हुन्न भन्ने शास्त्रहरूको निदान हो। यसरी प्राचीन कालमा नारीहरूको पूर्ण रक्षा र नारी सबलताका लागि अटुट नियमहरू बनाइए। याज्ञवल्क्यले आमालाई पनि अंशको भागी भएर बस्नुपर्ने कुरा लेखेका छन्।

पिताको मृत्युपछि छोराहरूले अंश गर्दा आमालाई पनि एक भाग दिनुपर्छ।[६७]

यसबाट कुनै किसिमले पनि नारीलाई आश्रयहीन बनाउने कृयाकलाप शास्त्रमा छैन। यसरी पूर्वीय विधिशास्त्रहरूले नारीलाई समान हैसियतमा उभ्याएर कर्तव्यमुखी बनाउन अभ्यास गरेको छ। स्त्रीलाई पतिबाट जुन अंश मिल्छ त्यसको उपभोग नै धनमिल्नुको फल हो। यस्तो धन पुत्रआदिले लिन कोशिस गर्नुहुँदैन।[६८] पतिले दिएको धनअंश सन्तानले नलिनु भन्नाले उपभोगमा आमालाई सरल र सहजता दिएको हो।

## प्राप्त धनलाई खर्च गर्ने अधिकार

पतिको मृत्युपछि पतिको धनलाई खान बस्नका लागि मात्र उपयोगमा ल्याउनु भन्ने होइन। उसले उक्त धनलाई आफ्नो अनुकूलताका लागि प्रयोग गर्न सक्छिन्। यस विषयमा कात्यायनले उल्लेख गरेका छन्।

---

६६ परिक्षीणे पतिकुले निर्मनुष्ये निराश्रये ।
तत्सपिण्डेषु वासत्सु पितृपक्षः प्रभुः स्त्रियः ॥नारद १३।२९

६७ पितृरुर्ध्वं विभाजता माता ऽयंशं समं हरेत् ।२।१२३

६८ स्त्रीणं तु पतिदायाद्यमुपभोगफल स्मृतम् ।
नापहारं स्त्रियःकुर्युः पतिवित्तात्कथंचन । अनुशासनपर्व ४७।२४।

**मृते भर्तरी भ्रर्वुरा ..........कुलालिक**

**यावज्जीवं नहि स्वाम्य दानाधर्मन विक्रये ॥ कात्यायन**

पतिको मृत्युपछि सती विधवाले श्रीमानको अंश आफ्नो जीवन कालमा दान, धर्म र विक्रि गर्न पनि सक्तछिन् । जीवन पर्यन्त पनि धन उसको विधवा पत्नीले विना रोकटोक चलाउन सक्तछिन् किनभने पतिधनको स्वामित्व स्वतः पत्नीमा आउँछ । यो स्वामित्त्व स्त्रीधनजस्तो पूर्ण अधिकार प्राप्त हुँदैन ।

सन्तान नभएकी विधवा पतिधनकी उत्तराधिकारी बन्न सक्तछिन् भन्ने नियम याज्ञवल्क्यको छ । उनी भन्दछन् : परिवारबाट अलग भएको पतिको हकमा मात्र यो नियम लागुहुन्छ । वृहस्पति र जीमूतबाहनचाहिँ संयुक्त परिवारमा पनि विधवास्त्रीको अधिकार त्यतिकै रहन्छ भन्दछन् । यस कुरामा वृहस्पतिचाहिँ चल सम्पत्तिमा मात्र विधवा स्त्रीको अधिकार हुन्छ भन्ने मत राख्दछन् भने दक्ष चलअचल दुबै सम्पत्तिमा विधवा नारीको स्वामित्व रहन्छ भन्दछन् ।

## नारीधनको सुरक्षा

प्रथमतः समाजकै प्रमुख कर्तव्य हो कि नारीधनलाई सुरक्षा दिनु । समाजमा यो कर्तव्य निर्बाह गर्न परिवार लाग्दैन भने त्यस्तो परिवारलाई आफ्नो दायित्व चिनाउन दण्डको व्यवस्था गर्नुपर्छ । जिम्मेवारी निर्बाह नगर्नेका लागि नै त कानुन जन्मिएको हो । बाँझी, छोरा नभएकी पतिव्रता, विधवा र रोगी स्त्रीको धन, बालधनसमान राज्यले सुरक्षा गरिदिनुपर्छ । अवला सम्झिएर वा निराश्रयी संझिएर नारीधन कसैले हरण गर्छ वा दिन्न भन्छ भने त्यो व्यक्तिलाई राजाले दण्ड दिनुपर्छ । जीवित अवस्थामै रहेकी स्त्रीको धन भाइबन्धुहरूले हरण गरे भने धर्मात्मा राजाले त्यस्तालाई चोरलाई दिनेजस्तो कडा दण्ड दिनु ।[६९]

---

[६९] वशा˜पुत्रासु चैवं स्याद्ररक्षणं निस्कुलासु च ।
पति ब्रतासु च स्त्रीषु विधवास्वातुराषु च ॥मनु८।
जीवन्तीनां तु तासां ये तद्धरेयुः स्वबान्धवाः ।
ताञ्छिष्या चौरदण्डेन धार्मिकः पृथिवीपति ॥ ८।२८.२९ मनु ।





नारी र नारीधन वैधानिक रूपमा स्वतन्त्र छन् । आदर्शोन्मुख व्यवहारमा कर्तव्यले जुनकुनै कामको लागि पनि नारी र पुरुष धन भन्ने भिन्न दृष्टिले नहेर्न पनि सकिन्छ ।

**पाणी गृहणाद्धिसहत्वं कर्मषु तथा पुण्य फलेषु द्रव्य परिग्रहेषु च** (आपस्तम्ब)

पाणी ग्रहण गर्ने वित्तिकै कर्ममा पुण्यफलमा र द्रव्य सञ्चयमा एकैभाव भइहाल्छ । पाणी ग्रहण पछि पतिको धन पत्नीको धन हो । त्यहाँ **जायां पतयो न विभागो दृश्यते** (**आपस्तम्ब**) पति र पत्नीमा विभागको दृष्टिले नै हेरिँदैन । पूर्वीय समाजको यही आदर्शले परिवार गृहस्थी जीवनमा अटुट मेल र स्थायी एकता भएको हो ।

प्रस्तुत उद्धरणहरूले पतिपत्नीलाई शरीरले अलग भएपनि व्यावहारिक दृष्टिले एकै हुन् भन्ने पुष्टि गरेका छन् । हामी पूर्वीय शास्त्रका अनुयायीहरूको यो एउटा विशिष्ट पहिचान हो । यसको गहन भावनालाई विचार गरी पाश्चात्य जगतको परिवेशलाई हामीले योग्य ठानिरहेका छौँ ।

अहिले आएर पाश्चात्य मूलका मानिसहरू हाम्रो यही परिवेशलाई योग्य ठानिरहेका छन् । यसलाई अपनाउन खोज्दा आफ्नै मान्यताहरूले रोकावट ल्यादिएकाले खिन्न पनि छन् ।

## नारीका विषयमा केही अन्य पक्ष

नारीका विषयमा अन्य थुप्रै कुराहरू स्मृतिमा आएका छन् । यसरी नै रजवती महिलाका सम्बन्धमा पनि शास्त्रहरूले उल्लेख गरेका छन् ।

## रजस्वला महिला

नारीमा रजस्वला त्रेतायुगपछिबाट मात्र हुन थालेको हो भन्ने गरिन्छ । रजस्वला नारीका विषयमा शास्त्रहरूले स्पष्ट अवधारणा राखेका छन् । यी धेरै कुराहरू वैज्ञानिक पनि छन् । शाश्वत र प्राकृतिक कुराहरू अकाट्य हुन्छन् । पाराशर स्मृतिले नारीको स्वरूपलाई निश्चित आधार दिएर विश्लेषण गरेको छ ।

सात वर्षसम्मकी नारी देवीरूप हुन् । आठ वर्षकी भएपछि गौरी

बन्दछिन् भने नौ वर्षमा रोहिणी समान हुन्छिन् र दश वर्षको भएपछि बल्ल उनी कन्या हुन्छिन्। दश वर्षपछि नारीमा मातृत्व अङ्गहरू विकसित हुन थाल्छन्। यसको प्रथम चिन्ह रजोदर्शनबाट हुन्छ।[७०]

त्यसैले दश वर्षपछि नारीको सामाजिक स्वरूपमा भिन्न अवधारणा बन्दछन्। यो विचार कतिको वैज्ञानिक छ। विज्ञानका विद्यार्थीले शोध गर्नुपर्छ।

नारी सिर्जना हुन्। उनी जननी भएकाले त्यो मातृत्व अङ्गको शोधन किन र कसरी हुन्छ, यहाँ त्यति स्पष्ट आधार त पाइँदैन तर त्यो रक्तस्रावले नारीमा मातृत्वमा शुद्धता भने अवश्य ल्याउँछ। उक्त रक्तमा दुषितपन हुन्छ भन्ने कुरा विज्ञान आफैँले स्वीकारेको छ त्यसैले चार दिनसम्म रजवतीलाई अलग्ग राख्ने परम्परा बन्दै आएको छ। यसलाई आधार मानेर गोठ र कतै टाढा अलग्ग राख्ने खान पनि तौलेर दिने र दुरदुर गर्ने कुप्रथाचाहिँ हाम्रो समाजको ज्यादै नराम्रो व्यवहार हो।

पश्चिम नेपालको छाउपडी प्रथा शास्त्रानुकूल देखिँदैन। शास्त्रले एक्लै नारीलाई गोठमा नराख्नु र नसुताउनु भन्छ। त्यतिमात्र होइन घरबाट टाढा पारेर उसलाई एक्लै सुत्ने व्यवस्था पनि नमिलाउनु भन्छ।[७१]

रजस्वला हुँदा छुनु हुँदैन र रजवती नारीले रजोदर्शनपछि रज नरोकियुञ्जेल घरभित्रका केही कामहरू गर्नु हुँदैन भन्ने कुरा पूर्वीय समाजले अपनाउँदै आएको छ। खेतबारीमा गएर पनि उसले काम गर्नुहुँदैन भन्ने सोच पूर्वीय मान्यताको हो। शास्त्रले वा हाम्रा मान्यताहरूमा त्यस्तो बेलामा काम लगाउनु हुँदैन भन्ने छ तर हामी त्यस्तो बेलामा झन गाह्रा कामहरू गर्न लगाएर उसलाई थकित पारिरहेका छौं। त्यस्तो बेलामा उनीहरू कमजोर हुन्छन् र उनीहरूको स्वास्थ्यको ख्याल गरी उपयुक्त भोजन दिनुपर्ने हो। हामी यसो नगरी पुराना र कुच्चिएको थालमा सामान्य भोजन दिन थाल्छौं। यो शास्त्रको विरुद्धमा छ। यस्तो अवस्थामा सँगै

७० अष्टवर्षा भेवेद्गौरी नववर्षा तु रोहिर्णँ
दश वर्षा भवेत्कन्या अतः उर्ध्वँ रजश्वला ७६ पाराशर

७१ न स्त्रियाःकेशवपनं न दुरे शयनाऽशनम्।
न च गोष्ठे वसेद्रात्रौ न दिवा गा अनुव्रजेत् ९।५७ पराशर





नबस्नु सँगै नसुत्नु भन्ने कुरा जायज हो तर पुरुषले मात्र नछुने होइन नारीपनि अलग्ग रहनुपर्छ। तर हाम्रो समाज त्यसो गरिएको छैन छोरी वा सामान्य केटाकेटीहरू (जो दशबाह्र वर्षका छन्) लाई चाहिँ आमाकै ओछ्यानमा बसाउँछन्। त्यो रजमा आउने विषाक्तता सबैका लागि उस्तै हुन्छ र **"स्पृष्ट्वा रजश्वलान्योऽन्यं ब्राह्मणी ब्राह्मणी तथा"** एउटी रजवतीले अर्की रजवतीलाई पनि नछुनु, यो शास्त्रीय मत हो। यसको तात्पर्य हो नारीनारीले समेतसँगै बस्ने र खाने काम गर्नु हुँदैन। नारीभित्र रहेको गर्भाशय कतैको विकार निस्कने भएकाले नै त्यसबाट बच्न यो नियम आएको हो। रजस्वला भएकै दिनबाट रजवतीले सफा सुग्घर हुनु पर्ने नुवाईधुवाई गर्नुपर्ने शास्त्रको आदेश छ। रजवतीसमेत स्वस्थ रहनुपर्छ त्यसैले उसले स्वच्छ हुनुपर्छ। सामान्यतया चार दिनमा रगत बग्न छोड्ने हुँदा त्यसदिनबाट नुवाईधुवाईपछि घरका कामकाज गर्न नारीलाई अह्राएको छ।

राम्ररी रज निवृत्ति चार दिनमा पनि भइसकेको हुँदैन त्यसैले देवकार्य र पित्तृकार्य चारै दिनमा रजवतीले गर्नु हुँदैन। देवकार्य र पितृकार्य हाम्रा निकै ठूला कार्यहरू हुन्। पाहुना अतिथिहरू पनि बोलाइन्छन्। ती सबैका लागि काम गर्न उनलाई गाह्रो हुन्छ। रज अझै वृद्धि हुन्छ। मासिक धर्मकै कारणबाट बगेको रजका लागि मात्र यो नियम बनेको हो। अन्य कारणबाट वा रोगले बगेको भए त्यसको कुनै दोष हुँदैन।[७२]

यसरी नै स्त्रीजातिका लागि अत्यन्तै संवेदनशील कुरा भनेको गर्भधारण हो। हाम्रो समाजमा नारीले गर्भधारण गर्न सकुञ्जेलसम्म खुरुखुरु गर्भधारण गरी शिशुलाई जन्माइरहनुपर्छ भन्ने सोच राख्नेहरू पनि छन्। कतिपय मानिसहरू ईश्वरले दिउन्जेल थापिरहनुपर्छ भन्ने गलत सोच राख्नेहरू पनि छन् तर हाम्रा धर्मशास्त्रले यस्तो कुरा भनेका छैनन्। केही आधुनिक सोच राख्ने विज्ञ व्यक्तिहरूचाहिँ हाम्रो यो परम्परा गलत छ हाम्रा शास्त्रीय परम्पराहरूले यस विषयमा नारी स्वास्थ्यको कुनै ख्याल राखेको छैन भन्ने कुरा देखाई आधुनिक विज्ञानले दिएका गर्भनिरोधक औषधि र

७२ स्नाता रजस्वला या तु चतुर्थेऽहनि शुद्धयति।
कुर्याद्रजोनिवृत्तौ तु दैवपित्र्यादिकर्म च। ७११७पाराशर
रोर्गेण यद्रजः स्त्रीणामन्वह तु प्रवर्तते।

उपकरणहरू प्रयोग गर्नुपर्छ, यो आधुनिक सोच हो भन्दछन्। वास्तवमा गर्भ निरोधक औषधि प्रयोग गनुपर्छ भन्ने विचार केही ठीक भए पनि नारी स्वास्थ्यका विषयमा शास्त्रहरूले ख्याल गरेका छैनन् भन्ने कुरा निराधार छ। वेददेखि नै स्त्रीको स्वास्थ्यलाई खुबै ध्यान दिइएको छ।

शास्त्रहरूमा स्त्रीको स्वास्थ्यानुरूप गर्भधारण गर्ने उपदेश पनि रहेको छ। गर्भधारण नारीको इच्छामा निर्धारित छ। बलात् गरिएको नारीसँगको सम्पर्क दोष वा अपराध ठानिएको छ। शास्त्रहरूले प्राकृतिकरूपमा गर्भ निरोधक उपायहरू दिएका छन्। यस विषयमा स्पष्टरूपमा उल्लेख भएको छ।

ऋतुमती नारीका सोह्रदिनसम्मको अवधिलाई गर्भ रहने दिन भनेको छ। त्यसमा पनि रज देखिएपछिका सुरुका चार दिन, औँसी, पूर्णिमा अष्टमी, चतुर्दशी तिथि, मघा र मूल नक्षत्रमा सहवास नगरी निरोध नै रहनुपर्छ। यी समयमा गर्भ रहे गर्भस्थ शिशु योग्य हुँदैन। योग्य हुँदैनन् भन्नाले असल चिन्तन र सही विचार नभएका भन्ने बुझ्नुपर्छ। यसमा छोराका लागि युग्म र छोरीका लागि अयुग्म रात्रि भनिएका छन्। यो शास्त्रीय मत हो। विज्ञानले गर्ने कुरा अर्कै छ।[७३]

## गर्भवती महिला

नारीले दशमहिनासम्म आफ्नो गर्भमा राखेर दशौँ महिनामा सन्तान जन्माउने भएकैले उनी आमा भएकी हुन्। यो नारी जातिकै सबभन्दा ठूलो र महत्वपूर्ण गुण हो। यही गुणले नारी विशिष्ट छिन्। यो शक्ति र सिर्जना अरू कसैमा हुँदैन अरू कुरासँग यसलाई दाँज्न पनि मिल्दैन। सृष्टि सबैभन्दा महत्वपूर्ण कुरा हो त्यसैले पूर्वीयदर्शनले मातृभक्तिमा श्रद्धाले शिर झुकाउँछ। यिनै विविध कारणहरू र मानवीय दृष्टिले सबैलाई गर्भिणी महिलाप्रति ज्यादै सचेत रहन वेद आग्रह गर्छ। हामी सबैलाई यति ठूलो संसार दिने आमा वा महिलाको सम्मान गर्नु हाम्रो धर्म हो त्यसैले अथर्ववेदले भन्दछ :- जब पत्नी गर्भवती हुन्छिन् त्यस बेलामा उसको पति

[७३] षोडशर्तु निशाः स्त्रीणां तस्मिन्युग्मासु संविशेत्।
ब्रह्मचर्येव पर्वाण्याद्याश्चतस्तस्तु वर्जयेत्।आ. ७९ याज्ञ





ज्यादै सचेत हुनुपर्छ। उसलाई सुतेका बेलामा होस् वा उठेका बेलामा होस् कुनै पनि अफठ्यारो आउन दिनुहुँदैन।[७४]

गर्भवती महिलाप्रति वेद ज्यादै सचेत छ। आजभन्दा पाँच हजार वर्ष पहिले देखि नै यति महत्वपूर्ण ज्ञान हुनु हाम्रा लागि ज्यादै ठूलो गौरवको कुरा हो। योग्य सन्तानका लागि आमाको खानपान र रहनसहन ठूलो कुरा हुन्छ त्यसैले वेदले गर्भवती नारीका लागि खानपानको महत्त्व पनि दर्शाएको छ। परिवारका सबै सदस्यहरूलाई वेदको सन्देश छ : पति र अन्य सदस्यहरूले गर्भवतीलाई राम्रो र योग्य पदार्थ खुवाउनुपर्छ जुन खानपानले उनको शरीर पुष्ट र निरोग बनोस्। यसबाट गर्भस्थ शिशु पनि स्वस्थ बन्दछ। स्वस्थ शिशु नै पछि योग्य बन्दछ। स्वस्थ आमाले सजिलै बच्चा जन्माउन सक्छिन् र फेरि हुने गर्भ पनि राम्रो हुन्छ।[७५]

गर्भवती महिलाका लागि उत्तम औषधिको आवश्यक हुन्छ त्यसैले वेदमा वैद्यलाई गर्भस्थ शिशु र गर्भवती महिलाको सुरक्षा हुने औषधिको निर्माण गर्न सन्देश दिएको छ। वेदमा लेखिएको छ :

वैद्यले गर्भिणी महिलालाई कठीन नहुने उत्तम औषधि बनाउनुपर्छ। जुन औषधिले गर्भस्थ शिशु र गर्भवती आमा दुवै स्वस्थ हुन सकून्।[७६]

हिजोआज चर्किँदै गएका आधुनिक नाराभन्दा वेदका सन्देशहरू गर्भवती महिला र गर्भस्थ शिशुका लागि उत्तम खालका देखिन्छन्। उनीहरूको अधिकार सुरक्षित राख्ने मुख्य पाटो नै कर्तव्य हो। वेदले यो कर्तव्यको निर्देश गरेको छ। यी कर्तव्यहरू पूरा नगर्नेलाई वेदले दण्ड गर्नुपर्ने सन्देश दिएको छ। नारीलाई उचित स्थान नदिने पुरुष दण्डनीय छ कर्तव्यच्यूत पतिलाई राज्यले दण्डको व्यवस्था मिलाउनुपर्छ। कर्तव्यबाट टाढिएको व्यभिचारी पुरुषका लागि वेद भन्दछ : जो पतिव्रता नारी छन् त्यस्ती नारीलाई ठग्ने कुबुद्धि भएको पति व्यभिचारी भएर हिड्छ भने राजाले त्यसलाई दण्ड गर्नुपर्छ। यसरी नै वेदमा व्यभिचारी पत्नीका लागि पनि दण्डको व्यवस्था गर्नु भन्ने सन्देश छ। कर्तव्यबोध गराएर कर्तव्यनिष्ठ

[७४] १० ८।६।८

[७५] ८।६।९ अथर्व महर्षि दयानन्द भाष्य

[७६] ८।६।३ अथर्व

बनाउनु नै अधिकारको रक्षा गर्नु हो त्यसैले पूर्वीयदर्शन र शास्त्रहरू पतिपत्नीको कर्तव्यको सुरक्षामा जुटेको छ। यतिमात्र होइन वेदले गर्भवती महिला स्वयंलाई पनि सचेत गराएको छ। अरूबाट अधिकार सुरक्षित गराइनु आफूचाहिँ कर्तव्य हीन बन्नु सबैभन्दा नराम्रो कुरा हो त्यसैले गर्भवतीलाई वेदले सन्देश दिन्छ। गर्भवती महिलाले आफूले गर्ने कामहरू गर्भ रक्षा गर्ने खालका हुनुपर्छ। गर्भमा आँच आउने खालका काम नगरी सहज खालका काम गरेर शारीरिक र आत्मिकबल बढाई आफू र गर्भको रक्षा गर्नुपर्छ।[७७]

आत्मबल सुरक्षा कवच हो त्यसैले यस्ता महिलाले आत्मबल बढाउनुपर्छ र अरूले पनि आत्मबल बढ्ने खालका कुराहरू गर्नुपर्छ र आत्मबल बलबढाउन सहयोग गर्नुपर्छ। उक्त भनाइमा गर्भवती महिलाले काम नगरी चुप लागेर बस्नुपर्छ भन्ने भाव होइन क्रियाशीलता पनि हुनुपर्छ भन्ने सङ्केत रहेको छ।

गर्भधारण भइसकेपछि नारी र पुरुष दुवैले अत्यन्तै सम्वेदनशील भएर हरेक कुरामा विचार पुर्‍याउनुपर्छ। नारी शरीरको अवस्था बुझ्न सकिएन भने त्यसले नारीलाई कमजोर र अप्ठ्यारो पर्न पनि सक्छ त्यसैले सन्तुलित शरीरानुरूप गर्भधारण गर्न नारीलाई स्वतन्त्र अवस्था धर्मशास्त्रहरूले दिएका छन्। यसका लागि खानपान पनि महत्वपूर्ण कुरा हो।

## गर्भवतीका लागि खानपान र अन्य वातावरण

गर्भवती नारीलाई योग्य खाना खुवाउनुपर्ने कुरा आयुर्वेदले किटान गरेको छ। त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा के हो भने हाम्रो समाजमा बुहारीलाई अन्तिम खाना दिइने चलन छ तर गर्भिवती नारीलाई हाम्रा धर्मशास्त्रहरू यसो भन्दैनन्।

धर्मशास्त्रहरू भन्दछन् : घरमा आएका पाहुनाभन्दा पनि पहिला गर्भिणीलाई खान दिनु। यतिमात्र होइन नयाँ बेहुली, कुमारी केटी र रोगीलाई पनि अरूभन्दा पहिला खान दिनुपर्छ

[७७] ८।६।२० अथर्व





**सुवासिनीः कुमारीश्च रोगिणी गर्भिणी स्त्रियः।**
**अतिथिभ्योऽग्र एवैतान्भोजयेदविचारयन्॥**
**अदरवा तु य एतेभ्यः पूर्व भुङ्क्तेऽविचक्षणः**
**सभुञ्जानो नजानाति श्वर्गृध्रैर्जग्धि मात्मनः॥**

यो अत्यन्तै मानवता र व्यावहारिक नीति हो। शास्त्रहरूमा त्यसबेलाको परिवेश हेरेर गर्भिणी महिला, बेहुली, कुमारी र रोगीलाई उचित समयमा खान नदिने व्यवहार न अँगाल्नेको शरीर मृत्युपछि कुकुर र गिद्धले खान्छन भन्ने मनोवैज्ञानिक त्रास पनि सिर्जना गरिएको छ। यो गर्भिणी महिलाप्रतिको सचेत सोचाई र उनीहरूप्रति गरिने हाम्रो दायित्व हो। उनीहरूको अवस्थालाई हेरेर खानपानमा होस् पुर्‍याउनुपर्ने यो एउटा निर्देशन हो। आमा र बच्चाको अवस्था सुधार गर्न उनीहरूलाई समयमा खान दिनुपर्छ भन्ने सन्देश धर्मशास्त्रहरूको हो। यस्तै गर्भिणी स्त्री, वृद्ध र बालक कुनै विपत्तिमा अप्ठ्यारामा छन् भने तिनीहरूको सुरक्षा गर्न मानिसले लागिहाल्नुपर्ने कुरा मनुस्मृतिले उल्लेख गरेको छ। उक्त तिनै खाले मानिसको दुःख देखेपछि सहयोग गरिहाल्नुपर्छ।[७८]

उनीहरूलाई सहयोग पुर्‍याइहाल्नुपर्छ। यो मानवीय गुण हो। यस्ता व्यक्तिहरूको सेवामा नलाग्नु अमानवीय हुन्छ।

गर्भवती महिलाप्रति अझै संवेदनशील बनी बृहस्पतिले आफ्नो स्मृतिमा विशेष नियम बनाएका छन्। जुन हिजोआजका डाक्टरहरूको जस्तै छ। गर्भधारण गरेको चार, छ वा आठ महिनामा गर्भवती महिलाले पटक्कै यात्रा गर्नु हुँदैन। आषाढ महिना त यात्राको लागि डरलाग्दो हुन्छ।

**चतुर्थे मासि षष्ठे वारयष्टमे गर्भिणी यदा।**
**यात्रा नित्यं विवर्ज्यास्यादाषाढे तु विशेषतः॥**

यस श्लोकभित्रको भावलाई विचार गर्दा गर्भिणी महिलालाई अत्यन्तै राम्रो हेरचाह गर्नुपर्छ। उसको स्वास्थ्यप्रति सचेत बन्नुपर्छ। उनीहरूलाई परिश्रम हुने काम गर्न दिनुहुँदैन। स्वयं आमा र बच्चाको स्वास्थ्यमा त्यसले

[७८] आपद्गतो थऽवा बृद्धा गर्भिणी बाल एव वा।
परिभाषण मर्हन्ति तच्च शोध्यमिति स्थितिः ९।२८३ मनु

प्रतिकूल असर पुऱ्याउँछ भन्ने महत्त्वपूर्ण सन्देश पाइन्छ ।

रत्न सुङ्ग्रहमा यस कुरालाई नै पुष्टि गर्दै लेखिएको छ । यस्तो समयमा स्त्रीले त हिड्नु भएन भएन, पुरुषले पनि अग्लाअग्ला पहाड चढ्ने, नौका विहार गर्ने, तीर्थयात्रा गर्ने काम पनि गर्नु हुँदैन भनिएको छ । यसले कुनै समस्या पुरुषमा आयो भने गर्भिणी स्त्रीलाई तनाव दिन्छ भन्ने संकेतसँगै यस्तो समयमा पुरुष नारीकै साथमा रहनुपर्छ र सहयोग पुऱ्याउनुपर्छ भन्ने सङ्केत पनि दिएको छ ।

धर्मशास्त्र त राजाले गर्भिणी स्त्रीबाट करसमेत नलिनु भन्छ । कारणवस नाउँमा चढ्नु पऱ्यो भने नाविकले गर्भवती महिलालाई विनाशुल्क नदी तारिदिनु भनेको छ । यी विविध कारणहरूले हजारौं वर्ष पहिलेका प्राचीन हाम्रा धर्मशास्त्रहरूको प्रगतिशील चिन्तन र वैज्ञानिक निष्कर्षहरूको महत्त्वपूर्ण उचाइ देखाएका छन् । गर्भवती नारीलाई शारीरिक र मानसिक तनावबाट मुक्त गर्ने कुरा आधुनिक समयका लागि चाखलाग्दा उदाहरणहरू हुन् । गर्भस्थ शिशु जन्मिएपछि गरिने संस्कारहरू पनि कम महत्त्वपूर्ण छैनन् ।

घर र घरवरिपरिको वातावरण स्वच्छ राख्नु सबैको कर्तव्य हो । त्यसैले वैदिक कालमा घरघरमा हवन आदिको व्यवस्था पनि गरिएको हो । माङ्गलिक कार्यहरूमा हवन गर्ने गरिन्छ । हवनले वरिपरिको वातावरणमा स्वच्छता ल्याउँछ ।

सर्वगन्ध हवन गर्दा वातावरणमा रहेका विशालु रोगका किटाणुहरू मर्दछन् । मानिसले कस्तुरी, केशर, कपूर आदि द्रव्य हवन गर्नु यसले रोग फैलाउने कीरा मर्दछन् । घर वरपरका रोग नास हुन्छन् भन्ने वेदको भनाइ छ ।[७९]

यस भनाइमा वैज्ञानिकता पनि छ । वातावरण स्वच्छता त सबैका लागि चाहिन्छ । अझ गर्भवती महिलाका लागि अपरिहार्य हुन्छ त्यसैले वैदिक सनातन समाजमा गर्भधारणदेखि नै विभिन्न संस्कारहरू अपनाइन्छन् । प्रथम गर्भाधान संस्कार नुहाएर शुद्धकपडा लगाएर घरभित्र बाहिर सफा गरी धूप आदि बालेर दीप जगाएर स्वच्छता राखी गरिन्छ ।

[७९] ८।६।१० (अथर्व)





यसरी नै दशमहिना अगावै यस्ता तीनवटा संस्कारहरू गरिन्छन् । गर्भाधान, पुंसवन र सीमन्नोन्तयन आदि संस्कारहरूले आमा र पेटको शिशु दुवैलाई स्वस्थ राख्न मद्दत् पुऱ्याउँछन् । गर्भ रहेको तीन महिनामा पुंसवन संस्कार गरिन्छ दुई वा तीन महिनामा जीवको प्रवेश (पुरुष जीव) हुने हुनाले यसबेला गरिने संस्कारलाई पुंसवन भनिएको हो । जीवको स्वागतका लागि यो संस्कारका गरिने दिनपनि त्यतिकै घर सफा गरिन्छ । शुद्ध कपडा लगाएर पूजा गरिने हुनाले वातावरण स्वच्छ बन्छ । यस संस्कारले पितामाता दुवैलाई सन्तानको जन्मका लागि आफ्नो उत्तरदायित्व बोध पनि गराउँछ र समयको पनि ख्याल गराउँछ । प्रदुषित वातावरण पनि स्वच्छ बन्छ । अर्को सीमन्तोन्नयन संस्कार आठ महिनामा गरिन्छ । नुवाईधुवाई सरसफाइ र पूजाले फेरि वातावारणमा स्वच्छता आउँछ भने यो संस्कारले गर्भवती नारीलाई प्रसन्नता तुल्याउँछ ।

यो संस्कारमा चिटिक्क कपाल कोरेर सिउँदोमा सिन्दुर भरिन्छ । बाह्य शरीर राम्रो पनि बन्छ र सौभाग्य पनि दर्शाउँछ । गर्भवतीको चित्त प्रसन्न राख्न यो संस्कार आएको हुनुपर्छ । यसरी गर्भ र गर्भवती महिलाको लागि शास्त्रहरूले महत्त्वपूर्ण क्रियाकलापहरू गरेको देखिन्छ ।

यति उत्तम व्यवहारहरू अरू कुनै दर्शनमा पाउन सकिन्न । आधुनिक विज्ञान पनि यहाँसम्म पुग्न सकेको देखिँदैन । दशौं महिनामा बालक जन्मन्छ त्यसै दिन ऊ जन्मिएको वातावरण स्वच्छ राख्न जातकर्म गरिन्छ ।

प्रसववेथा लागेपछि श्रीमान्ले सान्त्वना दिई तील र कुश पानी छर्कनुपर्छ । तील र कुश पानीमा किटनाशक तत्त्व हुन्छ । बालक जन्मन गाह्रो भए तेलले पेटमा लेपन गर्नु र गर्भवतीलाई तेल खान पनि दिनु ( आधुनिक चिकित्साको अभावमा) बच्चा जन्मनासाथ स्नान गरी शुद्ध कपडा लगाएर मात्र जन्मिएको शिशु नजिक पतिले जानु, नाल काटिसकेपछि पत्नीको शयन नजिकै ढोकाको नजिक पारेर अग्नि स्थापन गर्नु (आगो बाल्नु )दश दिनसम्म चामल कपूर आदिको हवन त्यहाँ गरिरहनु, शिरानमा कलश भरी पानी राख्नु भन्ने शास्त्रहरूको नियम छ । यी नियमहरूले वातावरण शुद्धतामा ज्यादै ठूलो भूमिका खेलेको हुन्छ । हवनले सुत्केरी महिलाको शयन कक्षका दुषित कीरा मर्छन् । आगो ननिभाउँदा वातावरण तातो बन्छ । जन्मिएको नवशिशु थुप्रै रोगबाट बच्छ तर यसलाई रूढ

बनाएर आगो बाल्ने नाममा कोठा धुवाँग्रस्त बनाइयो भने त्यसले नराम्रो पनि गर्छ। दशदिनसम्म शिशुलाई बाहिर नल्याउनु भन्ने कुराले बाह्य किटाणुबाट सुरक्षा दिनु भन्ने सन्देश दिएको छ। यसको अर्थ गुम्स्याएर निस्सासिलो वातावरण बनाउनु भन्ने होइन। त्यसबेलाका लागि यो अनुकूल परिवेश हो।

दशदिनपछि नामाकरण संस्कार गरेपछि बाहिर ल्याइन्छ। यतिबेलासम्ममा शिशुको शरीर पनि केही परिपक्व बनिसकेको हुन्छ। त्यसपछि सूर्यदर्शनसँगै बाहिर ल्याउँदा पहिला सूर्यलाई अर्घ्य दिइन्छ। सूर्यार्घ्यले सूर्यकिरणमा आएको कडापन नास गर्छ अनिमात्र सूर्यको दर्शन गराइन्छ। अब घाममा सुताउने कर्म सुरु हुन्छ। यसरी सुरुदेखि नै गर्भवती र गर्भस्थ र नवजात शिशुका लागि उचित वातावरण सिर्जना गर्न हाम्रो पूर्वीयदर्शन र शास्त्रहरू वैज्ञानिक रूपले लागि परेका छन्। वातावरण र व्यवहार दुवै कुरालाई सचेत गराउँने यो संस्कार हाम्रो अमूल्य निधि त हो नै, यसले पूर्वीय दर्शनको वैज्ञानिकता पनि प्रदर्शित गरेको छ। यी संस्कारहरू समयानुकूल बनाउँदै हिड्नु त हाम्रो कर्तव्य हो। समय र परिस्थितिसँग नमिल्दा कुरा पनि मानिरहनु त हाम्रो मूर्खता हो। आजको समयसँग मिलेन भनेर त्यस बेलाको नियम र व्यवस्थलाई गाली गर्नु हाम्रो अपरिपक्व बुद्धिको प्रदर्शनमात्र हो।

गर्भवती महिलाका लागि सामाजिक र पारिवारिक दायित्व बोध र गर्भस्थ शिशुको सुरक्षानिम्ति अपनाउने कर्तव्यका साथै स्वयं नारीले अपनाउने जिम्मेवारीको बोधसमेत हाम्रा धर्मशास्त्रहरूले दिएका छन्। त्यसलाई समयानुकूल बनाई व्यवस्थित गर्नुपर्ने जिम्मा हाम्रो हो। विदेशी विचारलाई मात्र लिएर आफ्नो कुरा बिर्सनुचाहिँ साँच्चिकै नराम्रै हो।

गर्भमा बसिसकेको गर्भस्थ शिशु जन्मन पाउने उसको अधिकार सुरक्षित गर्नु सबैको कर्तव्य हो। यस्तै गर्भवती महिलालाई उचित वातावरण तयार गर्ने कर्तव्य पति र उसको परिवारको हो अनि आफैं गर्भवती महिलाले अनुकूल खानपान र व्यवहार अपनाउनुपर्ने स्वकर्तव्य उसैको हो। यी सबै कुरा वेददेखि धर्मशास्त्र सबैले हामीलाई शिक्षाका रूपमा दिएका छन्।





## गर्भपतन

पूर्वीय दर्शनको आदि स्रोत वेदलाई मानिन्छ। वेदले अधिकारभन्दा पनि कर्तव्यको बोध गराएको छ। अरूको अधिकार हनन् गर्नुहुन्न भन्ने कर्तव्य बोध नै अधिकारको सुरक्षा हो। यसै कारणले पूर्वीय दर्शनको पृष्टभूमि कर्तव्यको जगबाट उठेको मानिन्छ। समाजका यावत विषयमध्ये गर्भपतन पनि एक महत्त्वपूर्ण विषय हो। यस विषपयमा पनि वेदमा विषेश कुराहरू उल्लेख भएका छन्। यसरी नै वेदमा गर्भस्थ शिशु र गर्भिणीमहिलाका सम्बन्धमा पनि महत्त्वपूर्ण आवश्यक कुराहरू रहेका छन्। गर्भमा रहेको शिशु दिव्यज्ञानयुक्त ईश्वरीय अंश हो भन्ने पूर्वीय दर्शनको मान्यता हो त्यसैले पूर्वीय धर्मशास्त्रहरूले भ्रूणहत्या र बालहत्यलाई ब्रह्महत्याभन्दा ठूलो पाप मानेका छन्। कर्तव्यको दृष्टिले हरेक प्राणीले गर्भको शिशुलाई रक्षा गर्छन् भने मानिस त सबै प्राणीमा उच्च मानिने प्राणी हो त्यसैले मानिसले त गर्भपात र भ्रूणहत्या गर्नेजस्तो अमानवीय कर्म गर्नु ज्यादै अशोभनीय कुरा हो। अधिकारकै कुरा गर्ने हो भने पनि सुरक्षित अवस्थामा जन्मिन पाउनु गर्भस्थ शिशुको पनि अधिकार हो। हामी आफ्ना नानाथरी अधिकारका जोसिला आवाज उठाउँछौं भने निर्बल, असहाय, आवाज नभएको गर्भस्थ शिशुको अधिकार हनन गर्न दिन मिल्छ र ? सच्चा मानवताको चिन्तक मानवअधिकारवादीले बौद्धिक चातुर्यले आफ्नो अधिकारको मात्र कुरा गर्दैन।

पूर्वीय दर्शन सबैको अधिकार सुरक्षित हुनुपर्छ भन्ने मूलधारबाट विकसित भएको छ। मानिसमात्र होइन यावत जीवको आफ्नै अस्तित्व छ। सबैलाई उसको अधिकार दिनुपर्छ। पशुको विवेक हुँदैन त्यसैले सुरक्षाको ज्ञान पनि उसँग हुँदैन। यस कारणले पशुबाट मानिस आफैं सुरक्षित भएर उसलाई बचाउनुपर्छ। एक आपसमा सद्भाव र मित्रता रहनुपर्छ भन्ने भवना नै मानवताको केन्द्रीय मूल भाव हो।[८०]

गर्भपात नियोजितरूपमा गराउनु मानवताभन्दा बाहिरको कुरा हो त्यसैले विभिन्न धर्मशास्त्रहरू गर्भपातको विरुद्धमा छन्।

ब्रह्महत्या गरेको पापभन्दा दुई गुणा बढी पाप गर्भपतन गराउँदा लाग्छ।

---

[८०] परस्परं भावयन्तः ३।११ (गीता)

**यत्पापं बह्माहत्यायां द्विगुणंगर्भपातने**

यो जानी-जानी गराइने भएकाले यसको प्रायश्चित पनि हुँदैन । यस्तो गर्भत्याग गराउने स्त्री वा पुरुष जो हुन् । ती त्याज्य हुन्छन् । यो त्याज्य शब्दले बोकेको भाव के हो भने एउटा निर्दोष र असहाय गर्भस्थ शिशुको हत्या गर्ने मन क्रुर र दुष्ट हुने भएकाले त्यो मानव बन्न सक्तैन भन्ने हो अर्थात् गर्भपतन गर्ने, गराउने वा गर्न लगाउने सबै मानवीय कर्तव्यभन्दा टाढाका कुरा हुन् । त्यस्तो मानिस विचार र भावनबाट नै दोषी हुन्छ । यस्तो व्यक्तिको त दृष्टि नै दोषयुक्त हुने भएकाले मनुले त्यस्ता व्यक्तिले छोएको र हेरेको अन्न पनि नखानु भनेका छन् मनुले गर्भपतन वा भ्रूणहत्या गर्ने व्यक्ति असामाजिक, अमानवीय र क्रुर हुन्छ भन्ने ठहर गरेका छन् ।[८१]

यही कुरा गौतम स्मृतिमा पनि छ । भ्रूणहत्या र गर्भपतनका विषयमा धर्मशास्त्रहरू निकै विरोधी मत राख्दछन् किनभने यो मानवधर्म विरुद्धको कुरा हो ।

वशिष्ठले **ब्राह्मण हत्वा भ्रूण हा** ८।११ भ्रूणहत्या भनेको ब्रह्महत्या नै हो भनेका छन् त्यसैले पराशरले यस्ता व्यक्तिलाई समाजले बहिष्कार गर्नुपर्छ भनेका छन् ।[८२]

अनैतिक सम्बन्ध राखेर गर्भपात गराउनेहरू त व्यभिचारी नै हुन् । तिनीहरूका लागि त सामाजिक दण्डको व्यवस्था हुनैपर्छ व्यभिचार हटाउनु नै दण्ड व्यवस्थाको धर्म हो तर बलात्कार र अज्ञानबस गर्भहरू रहन सक्तछन् त्यस्ता गर्भको सुरक्षा गर्ने र नारीको शुद्धतामा पनि समाजले नियम बनाउनु पर्ने सोच धर्मशास्त्रले स्पष्ट उल्लेख गरेका छन । यस्तो बेलामा समाजमा नारीको छवि विग्रने डर हुन्छ तर त्यो छवि सुधार्ने र यथावत बनाउने काम समाजको हो त्यसैले पछिल्ला चरणमा निर्माण भएका धर्मशास्त्रहरूले यस विषयमा स्पष्ट दिशाबोध गराएका छन् ।

अज्ञानताबस वा बलात्कारबाट कसैको गर्भ रहन गएको रहेछ भने त्यसको सुरक्षा गर्नुपर्छ । यो मानवको दायित्व हो । सुरक्षितरूपमा जोगाएर

---

८१ भ्रुणन्घ्नावेक्षितं ४।२०८मनु

८२ प्रायश्चितं न तस्याऽस्ति तस्यास्त्यागो विधीयते ॥४।२० पारासर स्मृति





जन्म दिँदा शिशुको जन्मन पाउँने अधिकारको त सुरक्षा हुन्छ नै त्यसले आमाको स्वास्थ्य पनि विग्रने डर हुँदैन । यो प्राकृतिक कुरा हो । धर्मशास्त्रले समाजमा यसरी जन्मिएको बालकको अस्तित्व पनि स्वीकारेको छ र यसरी बालकको जन्म दिने महिलाको शुद्धता पनि स्वीकारेको छ । योभन्दा ठूलो प्रजातान्त्रिक र मानवधर्मी सोच केलाई मान्न सकिन्छ ?

बलात्कार र अञ्जान अवस्थामा रहेको गर्भलाई लिएर नारीको चरित्रमा प्रश्न उठाउन र औँलो ठड्याउन कसैले पाउँदैन । असल चरित्रमा रहेका नारीलाई त्यसरी दोष देखाए समाज आफैँ गलत हुन्छ । अनैतिक र व्यभिचारी काम गर्ने व्यक्तिको लागि त औँला ठड्याएर दोष देखाउन सकिन्छ । अनैतिक नारीलाई मात्र होइन पुरुषलाई पनि धर्मशास्त्रहरूले त्यत्तिकै त्याज्य मानेका छन् ।

बलात्कार वा झुक्याएर कसैले नारीलाई गर्भवती बनाएको भए त्यहाँ नारीको दोष हुँदैन त्यसैले त्यस्ती नारीलाई त्यही कारणले त्याग्ने भावना कसैले पनि राख्नुहुँदैन । अञ्जान वा बलात्कारबाट गर्भवती भएका नारीलाई समाजमा सम्मानजनक स्थान बनाउने शास्त्रहरूले निश्चित नियम बनाएका छन् ।

समान वा असमान जुनसुकै वर्णका नारी भएपनि तिनीहरूलाई कसैले छक्याएर वा बलपूर्वक गर्भवती बनाएका भए उनीहरूको गर्भमा रहेको गर्भस्थ शिशुलाई उनीहरूले जन्म दिनासाथ ती नारी स्वसिद्ध शुद्ध भइहाल्छिन् ।[८३]

अथवा बलात्कार भएको छ गर्भचाहिँ रहेको छैन भने रजस्वला हुनासाथ ती नारी शुद्ध हुन्छिन् ।[८४]

त्यसैले यस्ता निर्दोष नारीलाई समाज वा कोही पनि पुरुषले त्याग्नु हुँदैन । अत्रि संहितामा रहेको यो नियम आजको जस्तो शङ्कटपूर्ण

---

८३ अंसवर्णेस्तु यो गर्भ स्त्रीणां यो नौ निषिच्यते ।
अशुद्ध सा वभेन्नारी यावद्गर्भं नमुञ्चति ॥ अत्रि संहिता

८४ स्वयं विप्रतिपन्ना या यदा वा विप्रकारिता ।
बलात्नारी प्रभुक्ता वा चौरभुक्ता तथैव वा
न त्याज्या दुषिता नारी ऋतुकाले सा शुद्ध्याति ॥ अत्रिसंहिता

अवस्थालाई नै हेरेर बनाएको हुनुपर्छ। कतिपय पुरुषहरू छलकपटबाट यस्ता खराब कामहरू पनि गर्न पुगेका छन्। यस्ता पुरुषहरूले गरेका कपटपूर्ण व्यवहारको सजाय एक्लै नारीहरूले भोगिरहेका छन्।

विवेकी मानवले यस कुरालाई समाजमा बुझाउन सक्यो भने गर्भपातजस्ता आपराधिक कामका समस्याहरू आउँदैनन्। दुष्कर्मीका यस्तै खाले दुर्घटनाबाट बचाउन मनुले बालककालमा पिता, वयस्क समयमा पति र वृद्धावस्थामा छोराको संरक्षणमा नारीले रहनु भनेको हो। यो नारीलाई असक्षम ठानेर सुरक्षा दिएको पनि होइन र नारी चरित्रलाई विश्वास नगरेको पनि होइन्।

आधुनिक समय अघि नै स्मृति र पौराणिक समयमा यस्ता नियमहरू बन्नुका पछाडिको रहस्य गर्भ सुरक्षितता नै हो। अनियमित रूपमा गर्भपतनका समस्या आउँछन् भनेर यसका लागि दम्पत्तिकै बीचमा पनि सुरक्षित यौन सम्पर्कका नियमहरू शास्त्रले तोकिदिएको छ। मानिस स्वयं अनियन्त्रित र अनियमित बनेपछि समस्या आउने हुन् तर मानिस स्वयं नियन्त्रित र नियमित बनेपछि समस्या आफैँ हटेर जान्छन्।

आमाको शरीरमा आउँने शङ्कटबाहेक अन्य अवस्थामा गर्भमा रहिसकेको भ्रूणलाई पतन गराउनु भनेको मानवताबाट तल झर्नु नै हो वा अपराध नै हो किनभने भागवतमहापुराणले गर्भभित्रको शिशुलाई निर्मल चित्तवाला ऋषिको संज्ञा दिएको छ।[८५]

गर्भस्थ शिशुले सांसारिक कुरा जान्दैन तर गर्भको पीडा र गर्भमा आउनु अघिका सबै कुरा बुझ्दछ र जान्दछ पनि। यस्तो विवेकी जीवलाई हत्या गर्नु सामाजिक अपराध हो। यो मानवधर्म होइन। यी सबै कुरा पूर्वीय दर्शनको मूल स्रोत वेदमा नै उल्लेख भएका छन्।

अथर्व वेदले भ्रूण हत्या वा बालघातिलाई कडा दण्ड दिनुपर्छ भन्ने उद्घोष गरेको छ।[८६]

यस्तो व्यक्तिलाई मृत्युदण्डसम्म दिनुपर्छ। वेदको यो उद्घोषभित्र

[८५] कृतिमति गर्भे दशमास्याः स्तुवन्नृषिः ३।३१ -११-१२

[८६] यस्ते गर्भं प्रतिमृशाजातं वा मारयति ते
पिङ्गस्तमुग्र धन्वा कृणोतु हृदयाविधम्।८।६।१८ अथर्व





निकै ठूलो रहस्य छिपेको छ। जन्मने शिशु सृष्टिको महत्त्वपूर्ण कृति हो। धर्तीका लागि वरदान भएर थुप्रै सिर्जना र ज्ञानको बाहक बन्ने यो रचनालाई फुल्नै नदिने काम गरियो भने त्यो सृष्टिको बाधक हो। त्योभन्दा ठूलो अपराधी अर्को हुन नसक्ने भाव यसमा पाइन्छ। यही कारणले गर्भस्थ शिशुलाई सबैले सुरक्षा गर्नुपर्छ भनिएको हो। जो गर्भमा हुन्छ त्यसले गर्भमा बाह्य कारणबाट दुःख पाउनु हुँदैन। जन्मिइसकेपछि गर्भमा पाएको पीडाले उसमा क्लेशहरू आउन सक्दछन्। त्यसैले अनुकूल हुने किसिमले आमा र गर्भस्थ शिशुको सुरक्षा गर्नुपर्छ। जन्मिएको अज्ञानी अवस्थाको बालकलाई पनि हेरविचार गर्नुपर्छ। विज्ञजनलाई यही आग्रह गर्दै अथर्व वेदले भनेको छ।

जानिफकार बुद्धिमानले गर्भखेर जाने अवस्था आउन नदिने कुराहरू बुझेर व्यवहारमा लागु गर्नुपर्छ।[८७]

जो कोहीले सोचविचारपूर्वक गर्भस्थ शिशुका लागि अनुकूल हुने काम गर्नुपर्छ। मूर्ख बनी कतिपय गलत सोच राख्ने अज्ञानी पुरुषहरू महिलालाई बच्चा जन्माउने यन्त्रझैं ठान्दछन्, महिलाको उपेक्षा गर्छन्। गर्भवती महिलाको सुरक्षा गुर्न मानवको महत्वपूर्ण कर्तव्य हो। जो व्यक्तिले गर्भवती अवस्थामा महिलाको सुरक्षा गर्दैनन् त्यस्ता मानिस र नारीप्रति कुदृष्टिले हेर्ने पुरुषलाई दण्ड दिएर नारीलाई सुरक्षित हुने अवस्था राज्यले बनाउनुपर्छ। सक्षम राजाले दुष्टबाट नारीलाई सुरक्षा दिने वातावरण बनाउन सक्नुपर्छ भन्ने सन्देश वेदमा रहेको छ।[८८]

समाजमा बनाइने नियमकानुनमा नारीका यस्ता समस्याप्रति लक्षित भएका कुरा पनि बनाइनुपर्छ भन्ने सन्देश वैदिक कालदेखि नै थियो। यसरी पूर्वीय शास्त्रहरू महिला हक र अधिकारका विषयमा अत्यन्तै स्पष्ट र महत्त्वपूर्ण छन्।

[८७] पिङ्गरक्ष जायमानं मा पुमांसं स्त्रियंक्रन्।
आण्डादो गर्भात्मा दमन् बाधस्वेतः किमीदिन : ८।६।

[८८] (८।६।२१ अथर्व)

# १०

# स्मृतिशास्त्रमा युद्धसम्बन्धी नियमहरू

परस्पर विरोधिबीच हुने संघर्ष नै युद्ध हो। युद्धहरू मानिस मार्नका लागि होइन विजय प्राप्त गर्न चलिरहने व्यवहार हो तर अभिमान र दम्भले पनि युद्धहरू भइरहेका छन् त्यसैले युद्धले बढी हिंसाको रूप लिँदै आएको छ। युद्धहरू अनादि कालदेखि नै हुँदै आएका छन्। युद्ध चाहेरमात्र होइन नचाहँदानचाहँदे पनि भइरन्छ। कतिपय अवस्थामा सत्य र असत्यका बीचमात्र होइन अहङ्कार र दम्भका कारण पनि युद्ध छेडिँदै आएका छन्। युद्धका अनेक रूप छन्। युद्धका प्रकृति पनि अनेक छन्। व्यक्ति, समाज हुँदै राज्यका विविध कुराहरूसँग युद्ध भएका छन्। देशभित्रै हुने युद्ध र अन्यदेशसँग हुने युद्ध फरकफरक हुन्छन्। यस्ता युद्धहरू मानव चाहना होइनन् तथापि बाध्य भएर युद्ध गर्नुपर्ने र युद्धलाई सहनुपर्ने कारणहरू आइपर्दछन्। त्यसैले प्राचीन कालदेखि नै शास्त्रहरूले युद्धका नियमहरू बनाउँदै ल्याएका छन्। क्रमशः युद्धनियमहरू थपिँदै पनि गए। युद्धका स्वरूपमा परिवर्तन आउनासाथ युद्धका नियममा परिमार्जन हुनु आवश्यक हुन्छ। युद्ध हुँदै गएकाले नै शास्त्रमा युद्धसम्बन्धी नियमहरू बन्दै गए। यस





प्रस्तुतिको मूख्य विषय भनेको शास्त्रमा रहेका युद्धसम्बन्धी नियमहरू प्रस्तुत गर्नु नै हो।

धर्म/पाप, न्याय/अन्याय, गुण र दोष जे कुनै पनि काम मान्छेबाट मात्र हुन्छन्। मानिसभित्र विवेक छ। विवेकले सही कुरा टिप्न सक्यो भने सही कर्म हुन्छ अनि सही कर्म नै धर्म र न्यायको मर्म बन्दछ। मतिभ्रष्ट हुनसक्ने अवस्था मानिसकै हुन्छ त्यसैले मानिसलाई बुद्धि, विवेक, विचार र आचरण सुधार्न विधिविधान् र नियमहरू बनाइन्छन्। समाजलाई र स्वयं व्यक्तिलाई ठीकसँग व्यवहार सञ्चालन गर्न बनाइएका नियमहरूको पालना गर्नु मानवीय धर्म हो। यसलाई कर्तव्य पनि भनिन्छ। यसैले मनुस्मृतिमा लेखिएको छ कि बनाइएका नियमहरू राजादेखि रङ्कसम्म कसैले पनि तोड्नु हुँदैन।[१]

नियम तोड्यो भने विखण्डन हुन्छ। भाँडभैलो हुन्छ त्यसैले ठूलासाना सबैका लागि नियम अनिवार्य र महत्त्वपूर्ण हुन्छ। नियमको पालनाबाट धर्म र सत्यको सुरक्षा हुन्छ। नियम तोड्नेहरूकै लागि दण्ड आएको हो। यसैका लागि कानुन बनेको हो। दण्डले सर्वसाधारणलाई भय दिने होइन दुष्टहरूलाई भय दिने काम गर्छ। यसले न्यायको अस्तित्व बलियो बनाउँछ। न्याय सबैका लागि अनुकूल हुन्छ प्राकृतिक वा व्यावहारिक दुवै रूपले न्याय मानिसको लागि अनुकूल नै हुनुपर्छ। नियम र दण्डविधान न्यायका आधार हुन् त्यसैले नियम र दण्ड प्रभावकारी र सही हुनुपर्छ। न्यायको सम्बन्ध स्थापित सत्यसँग हुनुपर्छ भनेर नै व्यवहार अनुरूपका नियमहरू बनाइएका हुन्।

मनोमालिन्य र सीमा बाहिरको स्वतन्त्रतालाई नियमले नै नियन्त्रण गरेको हुन्छ। परिवार, समाज र देशकै लागि बनाइएका नियमहरूले नै सबै कुरा चलेका हुन्छन्। यस्तै थुप्रै सामाजिक नियमहरूमध्ये युद्ध सम्बन्धी बनाइएका नियमहरू पनि एक हुन्। युद्ध नचाहँदा नचाहँदै हुने एउटा बाध्यताको कुरा हो। यसलाई नियन्त्रित बनाउन युद्धका नियमहरू बने। युद्धका लागि पूर्वीयशास्त्रहरूले अपनाएका नियमहरू क्रमशः हेरौँ। पूर्वीय प्राचीन धर्मशास्त्रहरूको नियमहरूको मूल स्रोत वेद हो। वेदका सूत्रहरूलाई व्यवस्थित बनाउँदै धर्मसूत्रमा विकसित गरियो तिनै कुराहरूलाई मनुले

१ तं धर्मं न विचालयेत् ७।१३ मनु

निश्चित सीमा बनाई आफ्नो स्मृतिशास्त्रमा उल्लेख गरे। मनुस्मृतिपछिका स्मृतिशास्त्रहरूले मनुले बनाएका नियमहरूको आधारभूत जगलाई छोएर नै नियमहरू बनाएका छन्। पछिका स्मृतिहरूले हुबहु मनुले उल्लेख गरेकै नियमहरू सार्नुपर्छ भन्ने थिएन। समय र परिवेशलाई विचार गर्दै पूर्वको जगबाट परिवर्तन गर्ने काम पछिका शास्त्रहरूले गरे। प्राचीनकालमा समाजलाई व्यवस्थितरूपले सामाजिकरण गर्नका लागि राजाको पद निर्धारण गरी त्यसलाई शासनको मुख्य संस्थाको रूपमा स्थापित गरे त्यसैले त्यसबेला समाजमा परिआउने सबै समास्यको निराकरण गर्न राजसंस्थाकै मुख्य दायित्व हुन्थ्यो। आइपर्ने युद्धमा राजाको महत्त्वपूर्ण संलग्नता रहन्थ्यो त्यसैले राजा शक्तिशाली, निडर र चतुर हुनुपर्दथ्यो। यस विषयमा मनुस्मृतिमा राम्ररी उल्लेख गरिएको छ।

## मनुस्मृति

युद्धका लागि निस्किएको राजा कहिल्यै कमजोर बनेर युद्धबाट भाग्नु हुँदैन। अगाडि बढेर युद्ध गर्नाले मात्र ऊ यशस्वी बन्दछ र स्वर्गको अधिकारी बन्दछ।[२]

राज्यका लागि युद्ध पनि एक प्रमुख अङ्ग हो। सबल शासन नभएको देखेपछि त्यो राज्यमाथि कब्जा जमाउन बाह्यराज्यले सोच लिनसक्छ र आफ्नै देशभित्रबाट पनि अराजक परिस्थिति उब्जन सक्छ। त्यसबाट बच्नका लागि युद्ध गर्नु आवश्यक हुन्छ। शासकले अनावश्यक युद्ध गर्न तंसिनु हुँदैन तर लड्नै पर्ने परिस्थिति भएपछि पछि हट्नु पनि हुँदैन। अधर्मसँग लड्नु राजाको मूलधर्म नै हो।

लडाइँ वा युद्धका पनि आ-आफ्नै नियम हुन्छन्। नियम तोडेर युद्ध गर्नाले युद्धमा पराजयमात्र होइन राज्य नै नष्ट हुन्छ त्यसैले धर्मपूर्वक लड्नुपर्छ। धर्मपूर्वक गरेको युद्धमा मर्नेले स्वर्ग पाउँछ भन्ने शास्त्रको मत रहेको छ। युद्धमा निस्किएपछि युद्धकर्ता पीठ फर्काएर भाग्छ भने त्यो नरकगामी हुन्छ। स्वर्ग, यश र कीर्ति प्राप्तिको सूचक हो भने नरक, अपयश बदनाम र क्षयको सूचक हो।

---

२ आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः।
युध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ७ ८९मनु





पूर्वीय शास्त्रहरूमा पहिलो स्मृतिशास्त्र मनुस्मृति नै हो। जसमा मानवजीवनमा आवश्यक रहेका सबै कर्मका नीतिनियमहरू रहेकाछन्। यिनै नियमहरूमध्ये युद्ध सम्बन्धीको नियम पनि एक हो। त्यस बेला पनि युद्ध हुन्थे तर त्यस बेलाका युद्धमा कम छलकपट हुन्थे। युद्धका नियम मिच्ता उसको सामाजिक अस्तित्व नै गुम्थ्यो। तत्कालीन अवस्थामा युद्धका लागि निम्न लिखित नियमहरू बनाइएका थिए :

१. युद्ध गर्दा कुट आयुध, (लुकेको हतियार) विषयुक्त बाँण, बाङ्गो र चुच्चो परेको वा फल्याक्जस्तो आकारको बाँण वा अन्य हतियार, त्यस्तै आगोमा तताएको बाँण आदिले शत्रुलाई प्रहार गर्नुहुँदैन।[३]

२. त्यसरी नै रथमा बसेकाले पैदल रहेको व्यक्तिलाई, नपुंसक व्यक्तिलाई, (त्यसबेला नपुंसक लाग्ने व्यक्तिहरू युद्धमा जाँदैन थिए। महाभारतमा भीष्मका अगाडि त्यस्तो एउटा समस्या चाहिँ आएको थियो।) हात जोडेर शरण माग्दै गरेको व्यक्तिलाई, कपाल जिङ्गिङ्ग भएर फुकेकालाई, मजाले आसनमा बसेकालाई म तपाईंको हुँ भन्नेलाई शत्रु नै भए पनि बध गर्नुहुँदैन। युद्ध गर्ने राजा(व्यक्ति)ले उक्त यस नियमलाई तोड्नु हुँदैन।[४]

३. सुतेकोलाई, युद्ध सिद्ध्याएर बसेकोलाई, नाङ्गोलाई, शस्त्र नभएकोलाई, युद्ध विमुख भएकोलाई, युद्ध हेर्नमात्र आएकालाई, अर्कोद्वारा बोलाएर ल्याइएकोलाई, राजा(योद्धा)ले मौका छोपेर मार्नुहुँदैन।[५]

४. यसरी नै योद्धाले सज्जन र धर्मको स्मरण गर्दै गरेकोलाई, लडाइँ गर्दा आयुध भाँचिएकोलाई, दुःखी भएकोलाई, घाउले व्यथित भएकोलाई, डराएर भाग्दै गरेकोलाई, कहिल्यै मार्नुहुँदैन।[६]

---

३ न कूटैरायुधैर्हन्याद्युध्यमानो रणे रिपून्।
न कर्णिभिर्नापि दिग्धैर्नाग्निज्वलिततेजनैः॥ ७।९०मनु

४ न च हन्यात्स्थलारुढं न क्लीबं न कृताञ्जलीम्।
न मुक्तकेशं नासीनं न तवास्मीति वादिनम्॥ ७। ९१

५ न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम्।
नायुध्यमानं पश्यन्तं न परेण समागतम्॥७।९२मनु

६ नायुधव्यसनप्राप्तं नार्तं नातिपरिक्षितम्।
न भीतं न परावृतं सतां धर्ममनुस्मरन्॥ ७९३मनु

मनुस्मृतिको सात अध्यायमा रहेका यी युद्धका नियमहरू आजका लागि पनि त्यतिकै अनुकरणीय छन्। युद्धका उक्त नियमहरू तोडिएकैले आज संसार भययुक्त छ। आचरण विग्रिएका छन् र कपटपूर्ण हत्या र हिंसा बढेका छन्।

यस्तै महाभारतमा पनि युद्ध सम्बन्धी नियमहरू रहेका छन् : मनुस्मृतिमा रहेका उक्त नियमहरूले युद्ध पनि मर्यादित हुनुपर्छ। युद्ध गर्दा नियम सङ्गत गर्नुपर्छ। छलकपट युद्धका नियम होइनन्। त्यसैले युद्धरत सम्बन्धित पक्षले नियम अपनाउनुपर्छ।

महाभारतमा उल्लेखित युद्धका नियमहरू पनि निकै प्रभावकारी छन्। मनुस्मृतिमा रहेका सबै नियमहरू त महाभारतमा छन् नै त्यसबेला विकसित भइसकेको अवस्था भएकाले महाभारतमा मनुस्मृति भन्दा बढी नियमहरू छन्।

## महाभारत

सञ्चालित युद्ध रोकिएको समयमा, त्यस्तै सायंसन्ध्या भएपछि एक आपसमा मित्रताकै भावमा रहेर व्यवहार गर्नुपर्छ। युद्ध रोकिइसकेपछि कसैले पनि अयोग्य र शत्रुतापूर्ण व्यवहार गर्नु हुँदैन।[७] जरासन्ध र भीमसेनको लडाइमा यो नियम राम्ररी लागु भएको थियो। दिनको युद्ध समाप्त भएको घोषणा हुनासाथ दुवैमा मित्रताको व्यवहार शुरु हुन्थ्यो र विहान युद्ध शुरु गर्नु अगाडिसम्म यही मित्रवत व्यवहार भइरहन्थ्यो जब युद्ध शुरु हुन्थ्यो अनिमात्र शत्रुभाव शुरु हुन्थ्यो।

युद्ध गरिरहेको समयमा पनि मर्यादा र युद्धको नियम तोड्नु हुँदैन। जो वाक्युद्धमा लागेको छ उसले वाक्युद्ध नै गर्नुपर्छ। सेनाबाट बाहिर निस्किसकेकोलाई मार्नु हुँदैन। जो रथी हो उसले रथीसँग मात्र युद्ध गर्नुपर्छ, हात्ती सवारले हात्ती सवारसँग, घोडचढीले घोडचढीसँग, पैदल सेनाले पैदल सेनासँग युद्ध गर्नुपर्छ। यो युद्धधर्म वा युद्धको नियम हो। नियमपूर्वक युद्ध

७ निवृत्ते विहिते युद्धे स्यात् प्रीति र्नः परस्परम्।
यथापरं यथायोगं न च स्यार्त कस्यचित् पुनः। भीष्मपर्व २।२७





गरेर जितिएको युद्धमात्र वास्तवमा जितेको ठहर्छ।[८]

युद्ध गर्दा समानबल र क्षमता भएकासँग मात्र गर्नुपर्छ त्यसैले युद्ध गर्दा युद्धकर्ताले आफूसँग लड्ने योद्धालाई आफूमा भएको योग्यता, इच्छा, उत्साह बल आदि सुनाएर सावधान बनाउनुपर्छ अनिमात्र प्रहार गर्न थाल्नुपर्छ। यसरी आफ्नो बल पराक्रम सुनाएपछि आफ्नो विपक्षी योद्धा डराएर युद्धबाट भाग्न खोज्यो भने त्यसलाई प्रहार गर्नुहुँदैन। यसो गर्नु युद्धको नियम मिच्नु हो। असल योद्धाले कहिल्यै नियम मिच्तैन।[९]

यस्तै योद्धाले एकजनासँग लड्न युद्धमा लागेको छ भने, शरण परेको छ भने, युद्धबाट पीठ फर्काएर भाग्दै छ भने, शस्त्रास्त्र हातबाट खसेको छ वा विग्रिएको छ भने र कवच काटिएको छ भने त्यस्तो योद्धालाई मार्नु हुँदैन।[१०]

योद्धाहरूका लागि सेवामा लागेका जस्तै घोडाको सेवामा जुटेका सेवकलाई, भारी बोक्ने मजदुरलाई, प्रयोग गर्ने शास्त्रहरू बोकेर लगिदिनेलाई, भेरी वा शंख (युद्धका बाजा) बजाउनेलाई कसैले पनि प्रहार गर्नुहुँदैन।[११]

उक्त नियमहरू महाभारतको भीष्मपर्व अन्तर्गत एक अध्यायमा रहेका छन्। यी नियमहरू कौरव र पाण्डवहरूको युद्धका समयमा बनाइएका हुन। यसमा मनुस्मृतिका नियमहरू पनि पूर्णतः पालन गर्न निर्देशन गरिएको छ। यस्तै याज्ञवल्क्यस्मृतिमा पनि उल्लेख गरिएका छन्। महाभारतले बनाएका नियमहरूमा यसभन्दा पहिले मुनस्मृति पछिका स्मृतिहरूमा पनि युद्ध सम्बन्धी आवश्यक नियमहरू थपिँदैउल्लेख भएका छन्।

८ वाचायुद्धप्रवृत्तानां वाचैव प्रतियोधनम्।
निष्क्रान्ताः पृतनामध्यान्न हन्तव्याः कदाचन ॥ २।२८

९ यथायोगं यथाकामं यथोत्साहं यथाबलम्।
समाभाष्य प्रहर्तव्यं न विश्वस्ते न विह्वले ॥ ३०

१० एकेन सह संयुक्तः प्रपन्नो विमुखस्तथाः।
क्षीणशास्त्रो विवर्मा च न हन्तव्यः कदाचनः ॥ ३१

११ न सुतेषु न धूर्येषु न च शास्त्रोपनायिषु।
न भेरीशंखवादेषु प्रहर्तव्यं कथचन ॥ ३२

## याज्ञवल्क्यस्मृति

यस स्मृतिमा पनि युद्धका नियमहरू पूर्वोक्त ग्रन्थहरूमाझैँ रहेका छन् । याज्ञवल्क्यस्मृतिको समयमा देशहरू अलग-अलग रूपमा विकसित बनिसकेका थिए । देशका सीमानाहरू मिच्ने बलियाले निर्धालाई आक्रमण गर्ने कामहरू प्रशस्त हुने गरेका थिए त्यसैले स्वदेश तथा मातृभूमिको सुरक्षा गर्नु राज्यको ठूलो कर्तव्य देखिएको थियो । आफ्नो भूमिकाका लागि लड्नु परेपछि जस्तोसुकै कठिन भएपनि युद्धबाट नभाग्ने र विषयुक्त बाँण वा शस्त्रास्त्रको सामना गर्ने योद्धा स्वर्गको भागी बन्दछन् भन्ने थप नियम यस स्मृतिमा आयो ।[१२]

देश रक्षाको लागि सबैभन्दा बढी सतर्क बन्नुपर्ने भावना याज्ञवल्क्यमा छ ।

यसरी देशका लागि युद्धमा लागि सकेपछि आफ्ना सेनाहरू मारिए भनेर मृत्युको डरले पछाडि नसरी लडाइँमा व्यस्त बन्ने राजाले हरेक कदममा अश्वमेध यज्ञको बराबर फल प्राप्त गर्छ । युद्धमैदानबाट पीठ फर्काएर आउँदा स्वतः हार हुने हुँदा यसले राज्यको अस्तित्व धराशायी बन्दछ त्यसैले उक्त नियम आएको हो ।[१३]

याज्ञवल्क्यले युद्ध मैदानबाट भाग्नु नै अधर्म हो भन्ने कुरा राजालाई बुझाएका छन् ।

युद्ध गर्दा अन्य आवश्यक नियमहरू पनि यस स्मृतिमा रहेका छन् । यस स्मृति अनुसार म तपाइकै हुँ भन्नेलाई, नपुसंक व्यक्तिलाई, शस्त्रहीन भएकालाई, अर्कैसँग युद्ध गरिरहेकोलाई, युद्धबाट विमुख भएकालाई र दर्शकलाई मार्नु युद्धको नियम विपरीत हुन्छ । योद्धाले उक्त कुरालाई ख्याल गर्नुपर्छ ।[१४]

---

[१२] य आहवेषु वध्यन्ते भूम्यर्थमपराङमुखाः ॥
अकुटैरायुधैर्यान्ति ते स्वर्गं योगिनो यथा ॥ ३२४ आचार

[१३] पदानि क्रतुतुल्यानि भग्नेष्वविनिवर्तिनाम् ।
राजा सुकृतमादत्ते हतानां विपलायिनाम् ॥ ३२५ याज्ञवल्क्य

[१४] तबाहंवादिनं ल्कीबं निर्हेतिं परसंगतम् ।
त हन्याद्विनिवृतं च युद्धप्रेक्षणकादिकम् ॥ ३२६ या.





राज्यको लागि युद्ध अवश्यंभावी हुने हुँदा हरेक स्मृतिहरूले यस सम्बन्धी नियम बनाउने नै भए । त्रेतायुगको सार्वेपरि संविधानका रूपमा स्वीकारिएको गौतमस्मृतिले पनि युद्ध गर्नेले अपनाउनुपर्ने वा संझनै पर्ने कुराहरू नियमका रूपमा राखेको छ ।

## गौतमस्मृति

गौतमस्मृतिमा पनि यस्तै नियमहरू पाइन्छन् ।

युद्ध गर्दा मारिएको भए त्यसमा कुनै दोष हुँदैन तर सारथीलाई, अस्त्र नभएकालाई, नमार्नुहोस् भनेर हात जोडेकालाई, केश फुकेर छरिएकालाई, युद्धबाट भागेकालाई, चुप्प लागेर बसेकालाई, रुखमा चढेकालाई, मातेकालाई, दूतलाई, गाईलाई, ब्राह्मण र विद्वान् लडाई गर्न नगएको तर गुरुका वा प्रशिक्षकका रूपमा गएकालाई मारे दोष लाग्छ ।[१५]

द्वापरको मुख्य स्मृति तत्कालीन राज्यको संविधान स्वरूप मानिएको शङ्ख लिखित स्मृतिमा पनि उपरोक्त स्मृतिहरूले समेटेर ल्याएका कुराहरूलाई नै उल्लेख गरिएको छ ।

## शङ्खस्मृति

खाँदै, पिउँदै गरेकालाई मार्नु हुँदैन, जुत्ता नलागाएकोलाई, स्त्रीलाई, हात्ती, घोडा र सारथीलाई, सुत, दूतलाई र ब्राह्मणलाई मार्नु हुँदैन ।[१६]

युद्धसम्बन्धी बनाइएका उक्त नियमहरू मानवतासँग गाँसिएका छन् । मानवीय गुणसँग सम्बन्धित छन् । विश्वले उक्त नियमहरूको पालन गर्न सक्यो भने युद्धमा अमानवीय प्रवृत्ति स्वतः हटेर जानेछन् र स्वच्छ मानवता देखिने छ ।

---

[१५] नदोषो हिंसायामाहवेऽन्यत्र व्यश्व सारथ्य ना युधकृताञ्जलि प्रकीर्ण
केशपराङमुखोपविष्टस्थलर्वक्षारुढोन्मत्तदूतगोब्राह्मणादिभ्यः १०।१७।१८

[१६] न पानीयं पिवन्तं अभुञ्जानं नोपानहौ मूञ्चन्तं ।
नावर्माणं सवर्मा न स्त्रियं न करेणुं न वाजिनं न सारथिनं ॥
न सूतं न दूतं न ब्राह्मणं न राजानमराजा हन्यात् ॥ ३२६

देशको रक्षाका लागि युद्ध गर्नु राजाको धर्म हो तर युद्ध जितेपछि विजित देशका जनताको मनोभावनाको तिरस्कार गर्नुचाहिँ अधर्म हो त्यसैले युद्ध जितेपछि जितिएका देशका जनताको भावना बुझ्रेर शत्रु राजाकै वंशको योग्य व्यक्तिलाई राजा बनाउनुपर्छ। महाभारतको एक प्रसङ्गमा युद्धको नियममा जितेकाले पराजितपक्षको राज्यपद हस्तक्षेप गर्नुहुँदैन। त्यस युद्धमा राजा र राजकुमार दुबै मारिएका रहेछन् भने राजकुमारीलाई नै राज्याधिकारी बनाउनुपर्छ भन्ने महत्त्वपूर्ण भाव रहेको छ। यो विशिष्ट नियम हो।

त्यस्तै विजेताले जितिएको देशका जनताले जुन धर्म र परम्परा मानेका छन् त्यसलाई विगार्न हुँदैन त्यसको सुरक्षा गर्नुपर्छ।[१७]

यसरी नै याज्ञवल्क्यले पनि यस कुरालाई अझ व्यवस्थित तरिकाले उल्लेख गरेका छन्। उनी त युद्धबाट जितेको धन सम्पत्ति राजाले आफ्नो राजकोषमा नराख्नु भन्दछन्। त्यसलाई विद्वत्समूहलाई बाँडिदिनु भन्दछन्। त्यस्तै हारेको देशका जनतालाई दुःख नदिई उनीहरूलाई अभय दान दिनुपर्छ। राजाले यस नियमलाई तोड्नु हुँदैन। मैले जितेको हो मेरै देशको धर्म, आचरण र कुलपरम्परा र व्यवहार अपनाउनुपर्छ भनेर उनीहरूको मौलिकता र स्वतन्त्रताको अपहरण गर्नुहुँदैन।[१८]

उक्त प्रसङ्गहरूले स्पष्ट युद्धमा मानवताको नियम दिएर यिनीहरूले बन्दी बनाएका शत्रुपक्षका व्यक्तिलाई जित्नेहरूले कहिल्यै दुःख दिन हुँदैन भनेका छन्। शरण परेका र युद्ध बन्धिलाई मानवोचित व्यवहार अपनाउनुपर्छ। मैले समातो यिनीहरूकै कारणले मेरा मान्छे मरे भनेर अनुचित दुःख दिन मानवता विरोधी काम हो र यो युद्ध विपरित कुरा पनि हो। यस विषयमा स्मृतिहरूलै राम्ररी उल्लेख गरेका छन्।

---

१७ **सर्वेषां तु विदित्वैषां समासेन चिकीर्षितम्।**
**स्थापयेत्तत्र तद्वश्यं कुर्याच्च समयक्रियाम्**
प्रमाणानि च कुर्वीत तेषां धर्म्यान्ययोदितान्। ७२०२ .३ मनु

१८ **नातः परतरो धर्मो नृपाणां यद्रणार्जितम्।**
**विप्रेभ्यो दीयते द्रव्यं प्रजाभ्यश्चाभयं सदा ३२३।**
**यस्मिन्देशे य आचारो व्यवहारःकुलास्थितिः।**
तथैव परिपाल्योऽ सौ यदावशमुपागतः। ३४३। आचारध्यायः





## युद्ध जितेपछि

मानवजातिको सबैभन्दा महत्वपूर्ण गुण नियमभित्र रहनु हो। चाहे युद्ध होस् चाहे खेल। सबैका आफ्नै नियम हुन्छन्। नियम तोड्नु असामाजिक र अप्राकृतिक बन्नु हो। नियमबाहिर गई जित्नुको कुनै अर्थ हुँदैन। विवेकी व्यक्ति कहिल्यै नियम बाहिर जाँदैन। विवेक भ्रष्ट हुन गयो भने मानिसको पतन हुन्छ। नियम बाहिर जान खोज्नु पनि विवेक गुमाउनु नै हो। **विवेकः भ्रष्टानां भवति विनिपातः शतमुखः॥** विवेक भ्रष्ट भएको मानिस सय तरिकाले पतन हुन्छ। यस्ता व्यक्तिको पतन हुनेको लागि सयौं द्वार खोलिन्छन्। (भर्तृहरि निर्वेद) त्यसैले योद्धाले विवेक गुमाउनु हुँदैन। यो मेरो शत्रु हो शरणमा आयो यस बेला यसलाई ठीक गर्छु भन्ने मनसायले मार्न तत्पर हुनु मानवीय गुण होइन। यो मानवताको दुरूपयोग हो। यस कुरालाई मार्केण्डेय पुराणले पुष्टि गरेको छ।

जो व्यक्तिले शरण माग्न आउनेलाई शरण दिँदैन त्यसको जीवन बेकार छ। शत्रु नै होस् उसलाई शरण दिनुपर्छ त्यो नै मानवता हो।[१९]

युद्ध मैदानमा युद्धदेखि डराएर भाग्दै गरेको मानिसलाई मार्दा आफूलाई खटाउने व्यक्तिले गरेको दोषहरू सबै उसैलाई लाग्दछन् त्यसैले लडाईंको मैदान छोडेर भाग्नेलाई योद्धाले नमार्नु भन्ने नियम बनाइएको हो।[२०]

मनुस्मृतिको यही आधारलाई छोएर युद्धबन्दीलाई दुर्व्यवहार गर्नु हुँदैन भन्ने नियम बनेको हो। मार्कण्डेय पुराणको उक्त नियमले आजको मानवतावादी सोच दिइसकेको छ। युद्धबन्धीलाई मानवीयताको व्यवहार गर्नुपर्छ भन्ने कुरालाई उक्त स्मृतिहरूले राम्ररी उल्लेख गरेको छ। सँगसँगै लुकेर र छिपेर मार्नु अपराध हो भन्ने कुरा पनि प्रस्तुत गरेको छ। युद्ध जितिसकेपछि विजेताले अहङ्कारी बनी जितिएका वस्तुहरूको दुरूपयोग गर्नुहुदैन। जितो भनेर मनलागि गर्नु पाप हो त्यसैले यस विषयमा शास्त्रहरूले महत्वपूर्ण नियमहरू बनाएका छन्। त्यसरी नै जितिएका

---

१९ धिक्तस्य जीवितं पुंसःशरणार्थी नमागतम्।
यो नार्तमनुगृह्णाति वैरिपक्षमपि ध्रुवम्। १३१।२५

२० यस्तु भीतः परावृत्तः सङ्ग्रामे हन्यते परैः:
भर्तुर्युद्दुष्कृतं किंचित्तत्सर्व प्रतिपद्यते। ७९४ मनु।

देशको धर्म र संस्कृति जित्नेले कहिल्यै विथोल्नु हुँदैन । उनीहरूले जे संस्कार लिएका छन् त्यसलाई सम्मान गर्नुपर्छ ।

## युद्धमा जितेका वस्तु

युद्ध भएपछि एकको पराजित अवश्य हुन्छ नै तर जसले जितेको छ उसले हारेका मानिसहलाई दुर्व्यवहार र अमानवीय प्रकृति देखाउनु हुँदैन । युद्धमा जितेका सबै सामाग्री त विजेताकै हुन्छ । सेनाले जितेर ल्याएको धन राजामा समर्पण गर्नुपर्छ र राजाले पनि विजेताहरूलाई प्रशंसासाथ जितिएका वस्तु बाँडेर दिनुपर्छ । यो श्रुतिले दिएको आदेश हो ।[२१]

मनुस्मृतिले बनाएका युद्धनियमहरू मानवताप्रति निकै सचेत छन् । त्यस्तै उक्त स्मृतिमा युद्धमा हराइएका व्यक्तिहरूको सम्मान र उनीहरूले मानिरहेका धर्म र परम्पराको सुरक्षा गरिदिनुपर्ने कुरा पनि निश्चित गरिएको छ त्यसैले स्मृतिभित्र युद्ध नियमहरू त्यतिकै महत्त्वपूर्ण देखिन्छन् । यी युद्ध नियमहरू प्राचीनकालका युद्धहरूमा लागु भएका छन्ः

१. इन्द्र र वृत्रासुरको युद्ध

२. देवता र असुरबीचको युद्ध

३. आर्य र दस्युबीचको युद्ध

४. रामायणकालीन युद्ध,

५. महाभारतकालीन युद्ध,

यी प्राचीनकालका उदाहरणहरू हुन् ।

सत्ययुगको परिवेशदेखि आजसम्म पनि यी युद्ध नियमहरू त्यत्तिकै महत्त्वपूर्ण छन् र रहने पनि छन् । स्मृति र धर्मशास्त्रहरूमा मानवता र मानवाधिकारका महत्वपूर्ण धारहरू अत्यन्तै सतर्क भएर आएका छन् । कौटिल्यको अर्थशास्त्रसम्म पनि यही धार प्रबाहित छ । युद्ध धार्मिक

२१ रथाश्वं हस्तिनं छत्रं धनं धान्यं पशुन्स्त्रियः
सर्वद्रव्याणि कुप्यं च यो यज्जयति तस्य तत् ७ ९६मनु
राज्ञश्च दद्युरुद्धारमित्येषा वैदिकी श्रुतिः
राज्ञा च सर्व योधेभ्यो दातव्यमपृथग्जितम् । ७ ९७ मनु ।





हुनुपर्छ । धर्मपूर्वक युद्ध गरेर विजय प्राप्त गर्नुपर्छ भन्छन् । कौटिल्यका अनुसार शत्रु देशका राजदूत, युद्धमा समातिएका युद्धबन्दी गुरूपुरोहित, विद्वान्, युद्ध हेर्न आएका कसैलाई मार्नु हुँदैन । यिनीहरूलाई मार्नु नियम विपरीत हुन्छ । अधीनस्थ राजा आफ्नो अनुकूल बन्दै आयो भने उसलाई कुनै कठिनाई पुऱ्याउनु हुँदैन :[२२]

अधीनस्थलाई अभय दिएर पिताको चरित्र देखाउनुपर्छ । **दत्वा चाभयं पितेवानु गृह्णीयात्** । कारागारभित्र राखिएका युद्धबन्दीलाई उचित व्यवहार गर्न आदेश दिइएको छ । अभद्र र अशिष्ट र तिरस्कार गर्ने वाक्यले गाली समेत नगर्नु भनिएको छ ।

**परिभवोप धातकुत्साति वादांश्चेषु न प्रयुञ्जित ।**

आफूले जितेको दण्डित राजाको भूमि, द्रव्य, पुत्र, स्त्री आदिको अपहरण नगर्नु । यो राम्रो कार्य होइन । देशभित्र राजनैतिक युद्ध भयो भने विपक्षीलाई समातेपछि उसको सर्वस्व हरण गर्ने काम अनुचित हो ।

युद्धमा कुनै देशको राजा मारियो भने उसैको छोरालाई राजा बनाइदिनुपर्छ ।

**न च हतस्य भूमि द्रव्य पुत्रा दारानभिमन्येत ।**

**कर्मणि मृतस्य पुत्र राज्ये स्थापयेत् ।**

आफ्नो विरोधीलाई बन्दी बनाएर कारागारमा राखेपछि उसलाई अभद्र र अशिष्ट व्यवहार कसैले गर्नुहुँदैन भन्ने कौटिल्यको मत वेदविहित छ । धर्मशास्त्रहरूको निष्कर्षमा यही कुरा अनुप्राणित हुन्छ । वर्तमान परिप्रेक्ष्यमा मानवाधिकार भनेर उल्लेख गरिएका कुराहरू यिनै कुराबाट निर्देशित छन् ।

यी युद्धसम्बन्धी नियमहरू थुप्रै धर्मसूत्र, स्मृति र पुराणहरूमा छरिएर रहेका छन् । हाललाई खोज्न सकेसम्म नियमहरू यहाँ प्रस्तुत गरिएका छन् । भेटिएका प्रसङ्गहरूलाई आगामी प्रकाशनमा सम्मिलित गराइनेछ ।

२२ उपकारिणमुपकार शक्त्या तोषयेत् ७।१६

## युद्धसम्बन्धी प्राच्य र अर्वाच्य पर्यालोचन

युद्ध मानवसमाजले पटक्कै नचाहने तर कुनै न कुनै कारणले संसारमा भइरहने कुरा हो। शारीरिक, मानसिक र वाचिक गरी तीन प्रकारले मानिस युद्धमा सरिक भइरहेको हुन्छ। आज संसारमा अस्त्रहरूद्वारा हुने शारीरिक युद्धहरू बढेका छन् त्यसैले यस्ता युद्धहरूलाई अनियन्त्रित हुन नदिन युद्धका नियमहरू बन्दै गए।

युद्धका लागि बनाइएका नियम भन्ने वित्तिकै अझ आकर्षक तरिकाले युद्ध गरून् भनेर बनाएका नियम भन्ने बुझिँदैन। यसबाट त युद्ध नहोस् भन्दाभन्दै नचाँहदानचाहँदै युद्धहरू भइरहेका छन्। यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका युद्धहरूले कमक्षति गरून् र अनियन्त्रित किसिमले युद्ध हुन पाओस् भनेर युद्धलाई नियमित वा नियमसङ्गत बनाउन बनाइएका साझा नियम भन्ने बुझिन्छ। यी नियमहरू युद्धले जन्माएका समस्याका कारण जन्मिएका हुन् त्यसैले अनपेक्षित समस्या नजन्मिऊन् वा अनियन्त्रित समस्या निराकरण हून् भन्ने उद्देश्यले युद्ध सम्बन्धी कानुनहरू बने।

राष्ट्रभित्र असन्तोषबाट जन्मिएको विद्रोहको कारण भएको युद्ध होस् वा दुई वा तीन राष्ट्रका बीच छेडिएको युद्ध होस्। ती युद्धहरूले हानी त पुऱ्याउँछन् नै किनभने युद्ध भनेकै नराम्रो कुरा हो त्यसैले सबैको चाहना युद्ध नहोस् भन्नेतिर हुन्छ तथापि युद्ध भएरै छाड्छन्।

युद्ध रोक्न अनेकौं प्रयासहरू भइनैरहेका छन् तर ती प्रयासहरू पूर्णतः सफल नहुन सक्छन्। यसका लागि धेरै उदाहरणहरू पाउन सकिन्छ।

सृष्टिको सुरुवातदेखि नै युद्ध त भइरहेकै छन् त्यसैले युद्ध एउटा स्वभाविक प्रक्रिया बनेको छ। चाहे हतियार उठाएर गरिने युद्ध होस् चाहे वाणीका रूपमा गरिने युद्ध होस्: आखिर ती सबै युद्धै हून् तर हतियार उठाइसकेपछि त्यहाँ अरूको विचारमात्र होइन शरीरलाई नै मार्नु पर्ने हुन्छ। यो हिंसा हो। मानसिक र बोलीको हिंसाभन्दा हतियारबाट हुने हिंसा विभत्स र भयानक हुन्छ त्यसैले विद्वान्हरू हतियार लिएर गरिने शारीरिक युद्धलाई राम्रो मानेका छैनन् तर के गर्नु कसैले राम्रो माने पनि नमाने पनि युद्ध भएरै छाडेका छन्। यसै कारणले युद्ध न्युनिकरण र निमयसम्मत





गराउन शास्त्र र आधुनिक कानुन लागिपरेका छन्।

युद्ध सम्बन्धी बनेका आधुनिक कानुनको कुरा गर्दा रेड्क्रससम्म पुग्नै पर्छ। जाँ हेनरी ड्युनाबाट सुरुवात भएर संयुक्त राष्ट्रसंघसम्म पुग्दा व्यवस्थित मानवीयकानुन निर्माण भयो। यो कानुन युद्धलाई नियमभित्र राख्नकै लागि बनेको हो।

हरेक कुरा जन्मिनुका पछि निश्चित उद्देश्य रहेका हुन्छन्। त्यही उद्देश्य पूर्तिका लागि आवश्यक कुराहरू निर्धारण गरिएका हुन्छन् त्यही अनुरूप निश्चित उद्देश्य लिएर मानवीय कानुन निर्माण भएको हो। यसको उद्देश्य युद्ध न्युनिकरण र युद्धपीडितको सुरक्षा गर्नु रहेको थियो। हाल आएर यो विश्वकै चासोको विषय बनेकाले यस उद्देश्यमा धेरै थप कुराहरू आए।

सामान्यतया शत्रुताको भावना त्याग्ने र लडाइँ गर्दागर्दै लडाइँ नै त्याग्ने व्यक्तिहरू पनि हुन्छन् त्यस्ता मानिसहरूलाई बचाउनु वा सुरक्षा गर्नु मानवीय कानुनको धर्म हो।

यो अन्तर्राष्ट्रिय कानुनको एक शाखाका रूपमा स्थापित भएको मानवीय कानुनका आफ्नै लक्ष्य र उद्देश्यहरू त छन् नै युद्धले शिथिल भई वा चोट लागेर घाइते भएका व्यक्तिको उचित सुरक्षा र त्यसको उपचार गर्नु मानवीय धर्म हो। यो अवधारणाले इ.सं. १९४९ सम्ममा एउटा विशेष मानवीय कानुनको मान्यता पायो। यसभित्र युद्धसँग आएका सैनिक वा अन्य साधारण वा विद्रोही जो सुकै होस् वा युद्धका कारण युद्ध बन्दी भएको होस् ती सबै र तिनीहरूको औषधि उपचार गर्ने व्यक्ति संस्था हुन् अनि सांस्कृतिक सम्पदा हुन् तिनीहरूको सुरक्षा गर्नु र उनीहरूको सुरक्षित भएर बाँच्न पाउने अधिकारलाई बचाउने कामहरू सबै समेटिएका छन्।

यस नियमभित्र युद्धका तरिका र युद्धमा चलाउन नहुने हतियारका विषयमा पनि महत्त्वपूर्णरूपमा बनेका नियमहरू रहेका छन्।

विस्तारै विकसित हुँदै गएको मानवीय कानुनमा बालबालिकालाई युद्धमा लान नपाउने मानव ढाल बनाएर युद्धमा जान नहुने बारुदी सुरुङ्ग आदिका विषयमा पनि आवश्यक नियमहरू थपिँदै गए। यो मानवीयकानुन विश्वमा ज्यादै महत्त्वपूर्ण कानुनका रूपमा स्थापित भएको कुरा निर्विवाद छ।

संसारमा जताततै अशान्ति र युद्धहरू बढ्दै गए त्यसैले यस्तो नियमको आवश्यकता बढ्दै गयो र विस्तारै समय परिस्थिति अनुसार समस्याहरू पनि थपिँदै गए त्यसैले निरन्तर आवश्यक नियमहरू थपिँदै गएका हुन् ।

धेरै जसो मानिसलाई यो मानवीय कानुन हेनरी ड्युनाको आकाङक्षाबाट नै सुरु भएको हो त्यसभन्दा अगाडि यस्ता कानुन बनेका थिएनन् भन्ने लागेको हुन सक्छ तर यो सत्य होइन । युद्ध त आदिम कालदेखि नै हुँदै आएको छ । सृष्टिको आरम्भमा मधुकैटभ र ब्रह्माको युद्ध भएको थियो । यसरी नै सुर र असुरबीचमा धेरै पटक युद्धहरू भए । महिषासुर र देवीका बीचमा भयङ्कर युद्ध भएको थियो । वरुण र इन्द्रसँग असुरहरूले धेरै पटक युद्ध छेडेका थिए । यस्तै हिरण्याक्ष र हिरण्य काशिपुजस्ता शूरवीर असुरहरूसँग देवताहरूले लड्नु परेको थियो ।

यी आदिम घटनाहरूले युद्धलाई नियमित गराउन धेरै नियमहरू निर्माण गर्न प्रेरित गरिसकेका थिए त्यसैले मनुस्मृति वैदिक कालीन संविधानमा युद्ध सम्बन्धी नियमहरू बनेका छन् ।

विस्तारै समय र परिस्थिति अनुसार वैदिक कालपछि एक राज्य र अर्को राज्यबीच युद्धहरू बढ्दै गएका थिए । ती युद्धहरूले सचेत विद्वान्हरूलाई आवश्यक युद्धका नियम बनाउन लगाएरै छाड्यो । पौराणिक इतिहासलाई हेर्दा साम्राज्यवादी रावण र अयोध्याका राजा रामले लडेको लडाइँ धेरै नियमसम्मत थियो । असुर भएर पनि रावणले असाध्यै मर्यादामा रहेर युद्ध लडेको छ ।

महाभारतसम्म आइपुग्दा विकसित परिस्थितिले युद्धहरू नयाँ ढङ्गले हुन थालिसकेका थिए त्यसैले महाभारतमा निक्कै प्रभावकारी नियमहरू बनेका छन् । योद्धाले गर्नु हुने र नहुने काम उसले प्रहार गर्न मिल्ने र नमिल्ने हतियारका विषयमा र युद्धका तौर तरिकाका विषयमा पनि अवश्यक नियमहरू स्थापित भएका छन् । महाभारतकालसम्म आइपुग्दा सामाजिक, राजनीतिक र धार्मिक विविध विषयमा युद्ध भइसकेका थिए । जरासन्ध, कंश, भौमासुर उदाहरणका व्यक्तिहरू हुन् ।

त्यस समयमा पनि युद्धमा कतिपय हतियारहरूलाई चलाउन प्रतिबन्ध लगाइएको थियो । अर्जुनले त्यो विनाशकारी पाशुपतास्त्र युद्धमा





प्रयोग गरेनन् किनभने यो युद्धका लागि प्रतिबन्धित थियो ।

मनुस्मृतिदेखि महाभारतको समयसम्म आइपुग्दा नियमहरू धेरै परिमार्जित भइसकेका थिए । यी नियमहरू आधुनिक मानवीय कानुनसँग दाँज्न युक्तिसङ्गत हुँदैन । आधुनिक मानवीयकानुन प्रविधिले विकास गरिसकेपछि बनेको नियम हो त्यसैले युद्धका तौरतरिका पनि बढी भयानक हुँदै गए त्यसैले नियमहरू पनि फरकफरक बने तर यी बनिसकेका आधुनिक मानवीयकानुनलाई हेर्दा कतै न कतै यही प्राचीन नियमहरूकै जगमा टेकेर उभिएका पाइन्छन् ।

आधुनिक मानवीयकानुनको इतिहास ज्यादै छोटो छ । अठारौँ शताब्दीपछिमात्र मानवीयकानुन जन्मिएको हो । पूर्वमा युद्धका लागि बनेका नियमको इतिहास त वैदिककालसँग जोडिएर आएको छ । आजभन्दा पाँच हजार वर्ष पहिलेको त्यो समयमा यति स्तरीय नियम बन्नु त्यस समयलाई हेर्दा सामान्य कुरा होइन । यसबाट प्राचीन कालमा पूर्वमा राज्य र विद्वान्हरू कति सचेत थिए भन्ने जानकारी पनि पाइन्छ ।

वर्तमान प्ररिप्रेक्ष्यमा यो पूर्वीय धरातल भौतिक उन्नतिका विषयमा कमजोर देखिए पनि बौद्धिक विकासमा पश्चिमका तुलनामा धेरै सम्वृद्ध रहेको छ ।

मनुस्मृतिदेखि महाभारत सम्मका युद्धनियमहरूलाई अध्ययन गरेर हेरौँ ।

## क. प्राचीन नियम (धर्मशास्त्रीय)

### मनुस्मृति

१. युद्ध गर्दा कुट आयुध,(लुकेको हतियार) विषयुक्त बाँण, बाङ्गो र चुच्चो परेको वा फल्याक्जस्तो आकारको बाँण वा अन्य हतियार, त्यस्तै आगोमा तताएको बाँण आदिले शत्रुलाई प्रहार गर्नुहुँदैन ।

२. त्यसरी नै रथमा बसेकाले पैदल रहेको व्यक्तिलाई, नपुंसक व्यक्तिलाइ ,हात जोडेर शरण माग्दै गरेको व्यक्तिलाई, कपाल जिङ्गिङ्ग

भएर फुकेकालाई, मजाले आसनमा बसेकालाई र म तपाईंको हुँ भन्नेलाई शत्रु नै भए पनि बध गर्नुहुँदैन ।

३. सुतेकोलाई, युद्ध सिद्ध्याएर बसेकोलाई, नाङ्गो भएकोलाई, शस्त्र नभएकोलाई, युद्ध विमुख भएकोलाई, युद्ध हेर्नमात्र आएकालाई, अर्कोद्वारा बोलाएर ल्याइएकोलाई, राजा(योद्धा)ले मौका छोपेरे मार्नुहुँदैन ।

४. योद्धाले सज्जन र धर्मको स्मरण गर्दै गरेकोलाई, लडाइँ गर्दा आयुध भाँचिएको व्यक्तिलाई, दुःखी भएको व्यक्तिलाई, घाउले व्यथित भएको व्यक्तिलाई, डराएर भाग्दै गरेको व्यक्तिलाई, कहिल्यै मार्नुहुँदैन ।

## महाभारत

५. सेनाबाट बाहिर निस्किसकेकोलाई, योद्धाहरूका लागि सेवामा लागेका जस्तै घोडाको सेवामा जुटेका सेवकलाई, भारी बोक्ने मजदुरलाई, प्रयोग गर्ने शस्त्रहरूहरू बोकेर लगिदिनेलाई, भेरी वा शंख बजाउनेलाई कसैले पनि प्रहार गर्नु हुँदैन ।

६. वाक्युद्धमा लागेको सँग वाक्युद्ध नै गर्नुपर्छ ।

जो रथी हो उसले रथीसँग मात्र युद्ध गर्नुपर्छ, हात्ती सवारले हात्ती सवारसँग, घोडचढीले घोडचढीसँग, पैदल सेनाले पैदल सेनासँग मात्र युद्ध गर्नुपर्छ

७. योद्धाले एकजनासँग लड्न युद्धमा लागेको छ भने, शरण परेको छ भने, युद्धबाट पीठ फर्काएर भाग्दै छ भने, शस्त्रास्त्र हातबाट खसेको छ वा विग्रिएको छ भने र कवच काटिएको छ भने त्यस्तो योद्धालाई मार्नु हुँदैन ।

## याज्ञवल्क्यस्मृति

८. दर्शकलाई प्रहार गर्नु हुँदैन । अन्य मनुस्मृतिकै नियम छन् ।

## गौतमस्मृति

९. सारथीलाई, अस्त्र नभएकालाई, नमार्नुहोस् भनेर हात जोडेकालाई,





केश फुकेर छरिएकालाई, युद्धबाट भागेकालाई, चुप्प लागेर बसेकालाई, रूखमा चढेकालाई, मातेकालाई, दूतलाई, गाईलाई, ब्राह्मण र विद्वान्लाई मार्नु हुँदैन ।

## शङ्खस्मृति

९ खाँदै, पिउँदै गरेकालाई प्रहार गर्नु हुँदैन, जुत्ता नलगाएकालाई, युद्धमा लागेकोबाहेक स्त्रीलाई, हात्ती, घोडा र सारथीलाई, सुत, दूतलाई र ब्राह्मणलाई प्रहार गर्नु हुँदैन ।

१० विजेताले जितिएको देशका जनताले जुन धर्म र परम्परा मानेका छन् त्यसलाई विगार्न हुँदैन त्यसको सुरक्षा गर्नुपर्छ ।

११ हारेको देशका जनतालाई दुःख नदिई उनीहरूलाई अभय दान दिनुपर्छ । राजाले यस नियमलाई तोड्नु हुँदैन । मैले जितेको हो मेरै देशको धर्म, आचरण र कुलपरम्परा र व्यवहार अपनाउनुपर्छ भनेर उनीहरूको मौलिकता र स्वतन्त्रताको अपहरण गर्नुहुँदैन ।

## मार्कण्डेय पुराण

१२. शरण माग्न आउनेलाई शत्रु नै होस् उसलाई शरण दिनुपर्छ ।

## कौटिल्यको अर्थशास्त्र

१३. शत्रु देशका राजदूत, युद्धमा समातिएका युद्धबन्दी गुरुपरूपुरोहित विद्वान्, युद्ध हेर्न आएका कसैलाई प्रहार गर्नु हुँदैन

अधीनस्थ राजा आफ्नो अनुकूल बन्दै आयो भने उसलाई कुनै कठिनाई पुऱ्याउनु हुँदैन ।

## ख. आधुनिक मानवीय कानुनमा रहेका युद्धका नियम

१) अशक्त भएर लडाइँबाट अलगभएको र शत्रुतापूर्ण कार्यबाहीमा प्रत्यक्ष रुपरूपमा भागनलिने व्यक्तिहरूहरू तिनीहरूहरूको जीवन र शाररिक र नैतिक अखण्डताको सम्मानका हकदार हुन्छन् । कनैपनि

परिस्थितिमा कुनै पनि प्रतिकुल भेदभावविच उनीहरूहरूप्रति सुरक्षा र मानवोचित व्यवहार गरिनेछ ।

२) आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलगभएको व्यक्तिलाई मार्न तथा क्षतिपुऱ्याउन प्रतिबन्ध लगाइएको छ ।

३) लडाइँका पक्षद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीलाई जम्मा गरी उपचार गनुपर्नेछ । सुरक्षाले चिकित्सासँग सम्बन्धित कर्मचारी प्रतिष्ठान, यातायात र सामग्रीलाई समेत समेट्छ । रेडक्रसको प्रतीक चिन्ह सुरक्षाको चिन्ह भएकाले यस्तै प्रकारका सुरक्षा निकायको सम्मान गर्नुपर्छ ।

४) विरोधी पक्षका अधिकारीको अधीनमा रहेका योद्धाहरू र गैरसैनिक व्यक्तिहरू आफ्नो जीवन, मर्यादा व्यक्तिगत अधिकार र विश्वासको सम्मानका हकदार हुन्छन् । तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरू विरुद्ध सुरक्षा दिइनेछ । आफ्नो परिवारसँग पत्राचार गर्ने र सहायता सामाग्री प्राप्त गर्ने अधिकार उनीहरूलाई छ ।

५) तिनीहरू प्रत्येकलाई आधारभूत न्यायिक प्रत्याभूतिको फाइदा लिने हक हुनेछ । कसैलाई पनि आफूले नगरेको कामको जिम्मेवारी बहन गराइनेछैन । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना शारीरिक दण्ड वा क्रुर तथा बदनामी हुने खालको व्यवहार गरिने छैन ।

६) संघर्षका पक्ष र यसका नैतिक बलालाई युद्धको साधन र तरिका असीमित रुपरूपमा छान्ने अधिकार हुने छैन । अत्यधिक पीडा वा अनावश्यक क्षतिगर्ने प्रकृतिका युद्धको तरिका र हातहतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ ।

७) संघर्षका पक्षहरूले साधारण नागरिक र सम्पत्तिलाई जोगाउका लागि सबै समयमा गैरसैनिक जनसंख्या नत गैरसैनिक नागरिकलाई आक्रमणको वस्तु बनाइनेछ । आक्रमण सम्पूर्ण रूपमा सैनिक लक्ष्यप्रति निर्देशित हुनेछ ।

यसरी भएका विभिन्न युद्धहरूले त्यसबेला एउटा युद्धसम्बन्धी सर्वव्यापि नियम बनाउन मद्दत पुऱ्यायो । युद्धसम्बन्धी नियम त महाभारत, रामायण कालभन्दा पनि पहिले नै बनेका छन् । यसो हुनुको कारण हो





वैदिक कालदेखिनै युद्धहरू हुँदै आएका थिए त्यसैले मनुस्मृतिबाटै युद्ध नियमहरू बन्न सुरु गरे ।

आधुनिक युद्धसम्बन्धी नियम त पहिलो विश्व युद्ध पछिमात्र सुरु भएको हो त्यसैले यसको इतिहास छोटो छ । यहाँ सम्म आइपुग्दा युद्धका प्रयोग गर्ने साधन, युद्धका तरिकाहरू धेरै नयाँ भइसकेका थिए । विज्ञानले नयाँ प्रविधि ल्याइसकेको थियो । त्यसै युद्धका नियमहरू विशेष प्रकारले बनाइए । तर यी नियमहरूले कतै न कतै पूर्वमा बनिसकेका युद्धनियमका आधारहरूलाई भने पक्कै छोएर नै अघि बढे किनभने पूर्वका प्रायशः नियमहरू ऐतिहासिक पक्षले धेरै अगाडिकैहुन् ।

जसरी आधुनिक युद्धनियमहरू सन् १८६८, १८९९, १९०७, १२२९ र १९७७ गरी पटक पटक परिवर्तन हुँदै गए त्यसरी नै पूर्वमा पनि मुनस्मृतिपछि महाभारतसम्म आइपुग्दा युद्धका तौरतरिका हेरी कानुन पनि परिवर्तन हुँदै आएका छन् ।

**ॐ असतोमा सद्गमयः तमसोमा ज्योतिर्गमयः मृत्योर्मा अमृतंगमयः ।**

**ॐ शान्तिः शान्तिः शान्ति**

# ११

# वेद आदि शास्त्रमा विविध राज्यव्यवस्था

नेपाल नयाँयुगमा प्रवेश भएको छ। युगको अर्थ नै समय हो। एक खाले मूल्य र मान्यताको अन्त्य भएर नयाँ मूल्य र मान्यता स्थापित हुनु भनेकै युग परिवर्तन हुनु हो। आज नेपालले पनि यस्तै काँचुली फेरेको छ। समयले परिवर्तनको नयाँ आयाम लिएर आएको छ। नेपालमा स्वराज्य अर्थात् राज्यशक्ति हात पार्ने वा राज्यशासनको अधिकार आफ्नो हातमा पारेर मनोमानी राज्य गर्ने परम्परा बोकेको राणकाल लामै समयसम्म रह्यो। यसपछि आएको राजतन्त्रात्मक राज्यको पनि अन्त्य भएर गणतन्त्रको उदय भएको छ। पृथ्वीनारायण शाहबाट राज्य एकीकरण गरी महाराज्यको कल्पनाबाट विकसित भएको राजतन्त्रात्मक राज्यप्रणाली आधिपत्यमय राज्यपद्धतिकारूपमा विकसित भएको थियो। यस पद्धतिको पनि अवसान भयो। आधिपत्यमय राज्यपद्धतिभित्रैबाट केही समय जनराज्य





शुरु भएको थियो जसलाई प्रजातन्त्रका नामले हामीले पुकारेका थियौँ। त्यो साँचो प्रजातन्त्र वा जानराज्य हुन सकेको थिएन। झिनो प्रभाव रहेको जानराज्यलाई राजतन्त्रले आधिपत्यमय राज्य चलाउनका लागि पटकपटक शिकार बनायो। प्रजातन्त्रको नाममा नेतृत्वगर्ने व्यक्तिहरूले पनि आफ्नो शासनकालमा शासनपद्धतिलाई पनि जानराज्य(जनतालाई केन्द्रविन्दु बनाएर गरिने राज्य) हिसाबले होइन जनराज्य वा स्वराज्य(जनतालाई बेवास्था गरी आफ्नै हिसाबले गरिने राज्य) झैँ आफ्नो शासन व्यवस्था चलाए। यस समयमा जनताको सुधार गर्ने कुरामा भन्दा राज्यसत्ता वा शक्ति हात पार्ने परम्परा मात्र चलिरह्यो अन्ततः आधिपत्यमय गलत राजतन्त्रात्मक पद्धतिले त्यसलाई खाइदियो। यसैको विद्रोहमा जाराज्यमुखी गणतन्त्रको उदय भएको हो। उक्त राज्यव्यवस्था जनमुखी र जन उत्तरदायी नभएकाले नै जनताले परिवर्तन ल्याएका हुन्। नेतृत्त्वले जनचाहनालाई बुझ्न सकेनन् भने यो पनि दिगो हुन्छ भन्ने कुरामा विश्वास रहँदैन। स्वार्थ प्रेरित नेतृत्ववर्गको चरित्र जानराज्यमुखी गणतन्त्रको विकास गराउने खालको देखिएको छैन। हिजोआज देश र जनताको हितभन्दा सत्ता र पदको मोहले नेता मोहित हुँदै गएका छन्।

शासनभारको अधिकार पाएको नेताले निष्ठा र चरित्रको राजनीति गर्न सक्नु पर्दथ्यो तर यो हुन सकेको छैन। जनता र देश विकासलाई महत्त्व दिनुको साटो जसरी हुन्छ सत्ता आफ्नो हातमा पारेर राज्यशक्ति अनुकुल वा आफ्नो वशमा राख्ने प्रयत्न गर्ने कुरामा मात्र नेताहरू लागेका छन् त्यसैले त्यसमा सुधार नआएसम्म कुनै पनि राज्यपद्धतिले स्थायित्त्व लिन सक्तैनन्।

यस वास्तविकतालाई हाम्रा पूर्वीय शास्त्रहरूले आदिम समयदेखि नै बुझाउँदै आएका थिए। उक्त शास्त्रीय कुरातिर हाम्रो समाजले त्यति ध्यान दिएन। पूर्वीय शास्त्रहरूले तयार पारेका असल राजनीतिका कुरा बुझ्नुभन्दा धन, पहुँच र शक्ति प्रदर्शनले सत्तामा पुग्ने रणनीतिक खेल प्रस्तुत हुनथाले। यसरी सत्तामा पुग्नेले जनहित र देशको कल्याण हुने काम गर्न सक्तैन। सत्तामा त यस्ता व्यक्तिहरू पुग्नुपर्छ जो पठित होस्। जसको प्रत्युत्पन्न मति हुन्छ। आचरण शुद्ध भएको पवित्र विचार राख्ने वा सबै जनतालाई समान व्यवहार गर्न सक्ने धीर र महाउत्साही हुनपर्छ भन्ने शास्त्रहरूको मान्यता छ। शास्त्रको यो विचार र सन्देश वर्तमान अवस्थामा

निरीह र कमजोर बनेको छ। यसै कारणले विश्व नै अन्यौल र अशान्तिको भुमरीमा फसेको छ। अदुरगामी चिन्तन् र स्वार्थ प्रेरित राजनीति कृयाकलापहरूले धार्मिक, साम्प्रदायिक र जातीय र प्रान्तीय युद्धहरू भइरहन्छन्। राज्नैतिक चरित्र नसुधिएकैले प्रजातन्त्र पनि जनहितमा रहनसकेन। एकल चिन्तन र एकपक्षीय व्यवहारले गर्दा नेपालको परिप्रेक्षमा समावेसी लोकतन्त्रको आवश्यकता पर्न गयो। अभिज्ञान शााकुन्तलम्मा कालिदासले लोकतन्त्रका विषयमा भनेका छन् :**अविश्रामो लोकतन्त्राधिकारः** लोकतन्त्रमा कुनै विश्रामको अवसर हुँदैन। अधिकार पाएका व्यक्तिहरूले देश र जनताको लागि काम गरिरहनुपर्दछ। हिजोआज यस्तो परिवेश देखिँदैन। कामभन्दा भाषण र योजनाभन्दा गोष्ठी र अनेकथरी आयोग गठन गर्दै भत्ता लिने काममा नेतृत्व लागेको छ। त्यतिमात्र होइन सरकार आफ्नो हातमा नआउने भयो भने अनेक बहानामा बिद्रोह मच्चाएर अस्थिर र अशान्ति ल्याउने कुरामा सबै व्यस्त देखिन्छन्। यो पूर्वीय शास्त्रहरूले दिएको राज्नैतिक संस्कार होइन।

महाभारतमा लोकतन्त्रका पाँच प्रमुख तत्त्व बताइएका छन्: **युधिष्ठिर धृतिर्दास्य देशकाल पराक्रमः लोकतन्त्र विधानामेष पञ्चविधो विधिः** (१६२।१ वन) लोकतन्त्रलाई बलियो बनाउन पाँच तत्वलाई शक्तिशाली बनाउनुपर्छ :- धैर्य, दक्षता, देश, काल र पराक्रम यी पाँच तत्व लोक तन्त्रका अङ्ग हुन्। लोकतन्त्रलाई दिगोपन दिएर बलियो बनाउनका लागि नेतृत्वपक्ष धैर्य हुनुपर्छ। सत्तामोहमा लट्ठीने सत्तामै जान हतार गर्ने र विकासका काममा धैर्यता राख्न नसक्ने व्यक्ति लोकतन्त्रमा नेता बन्न वा सरकारमा जान योग्य हुँदैन। नपढेको वा राजनीतिमा चतुर र दक्ष नभएको व्यक्ति, देशको अवस्था र जनताको चेतना नबुझ्ने, समयको ख्याल नगर्ने र प्रबाहलाई नजान्ने अनि सामर्थ्य नभएको व्यक्ति सरकारमा जान र नेता बन्नु हुँदैन। यस्ता कुराहरू कमजोर बन्दै गएका छन्।

नेपालको परिप्रेक्ष्यमा सङ्घीय गणतन्त्र र समावेसी लोकतन्त्र विगतमा गरिएका विभेदकारी राज्याधिकारका कार्यशैलीकै कारणले आएका हुन्।

राज्यको अर्थ हुन्छ राजकीय अधिकारयुक्त वा प्रभुसत्ता सम्पन्न निश्चित भूभाग रहेको सीमा। यसभित्र रहेका सबै जात सबै वर्ग र





सम्प्रदायहरू समान हुन्छन्। राज्य चलाउने सत्ता अधिकारीका दृष्टिमा राज्यमा रहेका सबै जनता एकै हुन्। कतिपय अवस्थामा दलमुखी दृष्टि भएका व्यक्तिहरू राज्य चलाउने क्रममा दललाई प्रमुख ठानेर राज्य चलाइरहेका हुन्छन्। यस्तो समयमा राष्ट्रियता कमजोर बन्दछ। देशको शासन प्रणलीमा केही कमजोरी पनि देखिन पुग्दछ। यस परिवेशमा सङ्कीर्ण चिन्तन भएको हुन्छ। यस्तो चिन्तनले जनतामा विद्रोह पलाउन थाल्छ। संसारका अविकसित देशहरूमा यसै कारणले विद्रोह चलिरहेको छ।

वेद र पूर्वीय धर्मशास्त्रहरूले शासक र राजनेताका चरित्र र गुणहरू राम्ररी उल्लेख गरेका छन्। शासनसत्ताको शासनअधिकार लिने व्यक्ति नम्र, कुलीन, सत्यवादी, पवित्र, अदीर्घसूत्र, स्मृतिमान, अक्षुद्र परिवार भएको, धार्मिक (निमयभित्र रहने), व्यसनमा नलागेको, विज्ञ, वीर, रहस्यवित्, गोपनीयतामा चतुर, आत्मविद्या, राजनीति र दण्डनीतिमा निपूण र वेदको रहस्य बुझ्ने हुनुपर्छ। याज्ञवल्क्यस्मृति आचार अध्यायको राजधर्म-३०९-१२ मा उक्त नियम उल्लेख गरिएको छ। आजको परिवेशमा उक्त नियमभित्र रहन सक्ने व्यक्ति त पाउन सकिँदैन नै तथापि आंशिक गुणहरूमात्र रहेका भए व्यक्ति पनि पाउन गह्रो भइसकेको छ।

वर्तमान अवस्थामा राज्यको शासनभार लिने व्यक्तिका लागि कुनै नियम बनाइएका छैनन्। न त शैक्षिक योग्यता तोकिएको छ नत आचरणका बारेमा नै नीति बनाइएका छन् त्यसैले राज्यसत्ता सञ्चालन गर्ने ठाउँमा शक्ति र धन प्रबल उपयोग गर्नेको बाहुल्य रहन्छ। वर्तमान परिप्रेक्षमा नेपाली राजनीतिको यो ज्यादै दयनीय अवस्था हो। चलखेल र छलको व्यवहारबाट नेतृत्त्वतहमा पुग्ने परम्परा नहटेसम्म राज्यमा दीर्घकालीनरूपमा कुनै व्यवस्था पनि टिक्न सक्तैनन्। राज्यपद्धति वा व्यवहार आफैँ चल्ने कुरा होइनन् त्यसका लागि नेताको चरित्रपक्षको प्रमुख साथ रहन्छ। सिद्धान्त निस्क्रिय तत्त्व हो। त्यसलाई क्रियाशील बनाउने व्यक्ति हो त्यसैले उक्त व्यक्तिको चरित्रमा नै सिद्धान्त निर्भर रहन्छ।

सिद्धान्तका हिसाबले राजतन्त्र भनेको पनि नराम्रो थिएन तर राजा बन्ने व्यक्तिको चरित्र र वंशगत परम्पराले नै त्यसको अनत्य भएको हो। राजा भनेको त जनताको नेता नै हो। राजतन्त्र त्यसको प्रतिनिधित्त्व गर्ने एउटा संस्था हो। त्यस ठाउँमा योग्य व्यक्ति जो पनि जान सक्नुपर्थ्यो वा

जान पाउनुपर्थ्यो तर त्यसो भएन त्यसलाई वंशगत रजाइँ गर्ने थलोमात्र बनाइयो ।

शास्त्रहरूले त्यस्तो व्यक्तिमात्र राजा हुन सक्तछ भनेका छन् : रञ्जिताश्च प्रजाः सर्वेस्तेन राजेति शब्द्यते ५९/१२५ मा.शा.रा.प

जनतालाई खुशी दिएर रमाउन सक्ने व्यक्तिलाई मात्र राजा भनिन्छ । राज्यलाई सर्वाङ्गिण विकास गराउन सकिएन भने जनता खुसी हुन सक्तैनन् । त्यसैले राजा पूर्णरुपले देश र जनताको हितका लागि समर्पित हुन सक्नुपर्दछ । यस्तो व्यक्तिले मात्र राजा बन्ने अधिकार पाउँछ ।

यस कुरालाई मनुले व्यावहारिक रूपले विवेचना गरेका छन् । लोकमा जब दण्डनीति मूल्यकारूपमा स्थापित गर्न सकिन्छ तबमात्र जनता खुसी रहन सक्छन् किनभने त्यहाँ अन्याय गर्नेहरू डराउँछन् । यस कारणले मनु भन्दछन् : समिक्ष्य स धृतः सम्यक् सर्वान् रञ्जयति प्रजाः ७१९।३ मनु प्रजाले शन्ति पूर्वक बस्न सक्नुपर्छ । यसका लागि सही दण्ड प्रणाली हुनुपर्छ । त्यसैले विचार पूर्वक दण्ड दिनाले प्रजा खुसी हुन्छन् । जहाँ दण्ड प्रयोग प्रभावकारी हुन्छ त्यहाँ सबै जनता खसी रहन्छन् ।

यसले जनप्रेमी र जनहितमा समर्पित व्यक्तिमात्र सही नेता बन्न सक्छ भने कुराप्रति सङ्केत गरेको छ

यस शास्त्रीय सिद्धान्तलाई लत्याएर राजाहरूले जनताको हितलाई उपेक्षा गरेकैले जनताले राजतन्त्रको विकल्प रोजेर प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीयगणतन्त्रसम्म पुगेका हुन् । राणाकालभन्दा राजतन्त्र नै राम्रो ठानेर त्रिभुवनलाई साथ दिएर जनताले प्रजातन्त्रात्मक राजतन्त्र स्थापित गरेका हुन् । महेन्द्रले त्यसलाई सिद्याइ दिए । जुन सिद्धान्तको विकसित रूप ज्ञानेन्द्रसम्म पुगेको हो । उनले राजनैतिक महात्वाकाङ्क्षा राखेर निरङ्कुश बन्न खोजे त्यसैले जननेता बन्न सकेनन् । आपसेआप र वन्धूवर्गको मात्र मोज गर्ने थलो राजसंस्था बन्न पुग्यो त्यसैले लोकतन्त्र नै जनचाहना बन्न पुग्यो ।

अझ पनि जनताले खोजेको सुखद दिन आउन सक्छ भन्ने कुराको विश्वास गर्न सकिने अवस्थाचाहिँ छैन किनभने मुलुकलाई परिवर्तन गर्ने योजना बनाउने कामभन्दा दललाई अगाडि बढाउने र सत्तामा बस्ने जाल बुन्ने कामतिर मात्र नेताहरू प्रयत्न गर्दछन् ।





लोकतन्त्रात्मक गणतन्त्रको आधारभूमिमा खुलापन र जनहितका प्रवाहहरू हुन्छन् तर सबैलाई आफ्नो ताँतीमा राख्न नै लगलग काम्नेहरू अग्रपङ्क्तिमा छन् । राज्यको प्रमुख ठाउँमा बस्नेले दलीय राजनीतिभन्दा माथि उठन् सक्नुपर्छ । राज्यहित र समग्र जनताको हितमा लाग्न सक्नुपर्छ अनिमात्र सत्ता समाल्नुको औचित्य हुन्छ । जुनसुकै दलका भए पनि योग्य ठाउँमा योग्य व्यक्तिलाई मात्र पुऱ्याउनु पर्छ र स्थान दिनुपर्छ ।

आजको नेपालसम्म आइपूग्दा नेपालमा अनेक व्यवस्थाहरू आइसकेका छन् । बाइसे चौबीसे राज्य भन्दा अगाडि पनि अनेक थरी राज्यव्यवस्थाहरू थिए । त्यसको लेखाजोखा गर्न सकिएन । नेपाल नेपालीहरूले भेट्टाएको इतिहासभन्दा अझ पुरानो ऐतिहासिक पृष्ठभूमि रहेको देश हो । स्कन्दपुराणले नेपालका बारेमा प्रशस्त लेखेको छ ।

जम्बुद्विपे गरिष्ठं तत्क्षेत्रं नेपालकं विदु : ।

आपितस्मिन्नियं शैवी पुण्यभूमिर्महत्तरा ॥ हि.ख १४६ अ.

जम्बुद्वीपमा रहेको नेपाल देश अत्यन्त उत्तम क्षेत्र हो । शिवसँग सम्बन्धित भएकाले यो क्षेत्र पुण्यभूमि हो ।

नेपालको ऐतिहासिक गरिमालाई उक्त पुराणमा यसरी स्पष्ट पारिएको छ ।

ने नाम्ना मुनिना यस्मात् पालितं पुण्यकर्मणा,

क्षेत्रं हिमवतः कक्षौ ततो नेपाल संज्ञकम् । ८७-१२०

ने मुनिले सुरक्षा गरी पालन गरेकाले यो हिमालयको कोखमा रहेका भूमिलाई नेपाल भनिएको हो । यो भूमि आदिम सत्ययुगदेखि नै प्रतिष्ठित छ ।

कृतं सत्यपुरी ज्ञेया त्रेतामां च तपोवनी ।

द्वापरे मुक्तिका नाम कलौ नेपालिका पुरी ॥ १६२ हि.ख.

सत्ययुगमा यस देशको नाम सत्यवती थियो भने त्रेतामा तपोवनी थियो । त्यसरी नै द्वापरमा यसलाई मुक्ति क्षेत्र मान्न थालियो र कलीमा नेपाल । यस ऐतिहासिक पृष्ठभूमिले नेपाल स्मृति र धर्मशास्त्रबाट नियमित बन्दै आएको देश हो भन्ने बुझिन्छ ।

वैदिककालदेखि पूर्वमा धेरै खाले राज्यव्यवस्थाहरू स्थापित हुँदै गए। स्थापित राज्यप्रणालीका नामहरू पनि उल्लेख हुँदै गए त्यसैले यो गणतन्त्र पनि अन्य तेस्रो मुलुकबाट सापटी लिएको पद्धति होइन। हाम्रै वेद र ब्राह्मणग्रन्थहरूले दिएको राज्यव्यवस्थाको एक नुमना हो। यसै कारणले हामी रुद्री पढ्दा गणनां त्वा गणपती भन्दछौं। गण वा समुहको मालिक वा अगुवा भनेर प्रशंसा गर्नुका पछाडि गणतन्त्रकै रहस्य छिपेको छ।

कुनै विद्वानले यो भनाइ त्यसै राखेकोइनन्।

**गणराज्य समुत्कृष्ट लोकतन्त्र समन्विते।**

**समा नागरिका सर्वे सर्वशक्ति समन्विता॥**

(लोकविचार हिमाल संस्कृति)

जनकको राज्यमा र रामका राज्यमा पनि ससाना थुप्रै गणराज्यहरू थिए। धेरै खाले राज्यव्यवहारहरू हेर्दै अनुभव गरेकाले सिद्ध व्यक्तिहरूले संस्कृतिमा उक्ति बनाएका छन्। वैराज्य वा राज्य वा शासक नभएको राज्य पनि राम्रो हुँदैन र धेरै नेता भए भने पनि राज्य स्थिर हुँदैन। अनायका विनश्यन्ति नश्यन्ति बहु नायकाः नेपाल पनि यस्तै कुराको सिकार भएको छ किनभने यहाँ एक शीर्षस्थ नेताले अर्को शीर्षस्थ नेतालाई कदर गर्ने परम्परा घटेकाले आफ्नै दलको प्रधानमन्त्रीलाई समेत ढाल्ने कसरतहरू भए। उक्त उक्तिले भनेझैं राज्यमा अस्थिर आएर जनताले कति विनास खप्नुपर्‍यो ? हाम्रा पुर्खाहरूले अभ्यास गरिसकेका विशिष्ट राज्य पद्धतिहरूका बारेमा बारेमा ऋग्वेदको ब्राह्मण ग्रन्थमा उल्लेख गरिएको छ।

## शास्त्रमा आठ राज्य

**स्वस्ति। साम्रज्यं भौज्यं स्वाराज्यं वैराज्यं, पारमेष्ठ्यंराज्यं, महाराज्यं आधिपत्यमयं समन्तपर्यायी स्यात्, सार्वभौमः सर्वायुषः आन्ताद् आ पारार्धात् पृथिव्यै समुद्र पर्यन्तमा एकराड् इति।**

तत्कालीन अवस्थामा साम्राज्य, भौज्य, स्वाराज्य, वैराज्य, पारमेष्ठ्यराज्य, महाराज्य, आधिपत्यमय, समन्तपार्ययी नाम गरिएका प्रसिद्ध आठ प्रकारका राज्यहरू प्रचलित राज्य थिए। यी राज्य अतिरिक्त जनराज्य र गणराज्य पनि तत्कालीन अवस्थामा थिए।





१. **साम्राज्यः** साम्राज्य भनेको सानासाना राज्यहरूलाई एकै ठाउँमा सम्मिलित गरी बनाइएको राज्य हो। यसतो राज्यमा राज्य गर्ने राजालाई सम्राट भनिन्थ्यो। यस्ता साम्राज्यवादी नीतिहरू अहिले पनि छन् तर नीतिगतरूपमा धेरै भिन्नता रहेको छ त्यसैबेलामा पनि रामको साम्राज्य र रावणको साम्राज्यमा नीतिगत कुरामा धेरै भिन्नता थियो। रामराज्य वेदिक निर्देशनमा आधारित थियो।

वैदिक साम्राज्ये आफूले जितेको राज्यलाई आफ्नो राज्यमा गाभ्ने र त्यहाँका सम्पत्ति लुट्ने खालको थिएन। जितिएका राज्यका स्त्रीपति नकारात्मक प्रकृति देखाउनु, बलात्कार गर्नुजस्ता कलंकित काम गर्नु वैदिक साम्राज्यवादको ध्येय थिएन। वैदिक साम्राज्यवादको ध्येय हो जितएको राज्यमा वैदिक विधिलाई स्थापित गराउनु। त्रेतायुगमा रामले जितेको राज्यको सम्पत्ति उनले लुटेनन्। स्त्रीहरण पनि गरेनन् र विजित राज्यका मानिसको स्वतन्त्रता पनि हरण गरेनन्। त्यसैले लंका जितेपछि रामले विभिषणलाई राजा बनाए र वैदिक विधि र शासन गर्न अभिप्रेरित गरेर उनले लंकाको शासन पद्धतिमात्र सुधार गरे। लंकलाई स्वतन्त्र राज्यकै रूपमा छोडिदिए। यसको विपरीत लंकाधिपति रावणले आफूले जितेका राज्यका धनसम्पत्ति पनि लुटेका थिए र स्त्रीहरूको पनि हरण गरेका थिए। यस्ता काम गरेपनि उनी बलात्कारी थिएनन्। अपहरित स्त्रीहरूमा अनुरक्त भएका स्त्रीहरूलाई मात्र अन्तः पुरमा लान्थे। अपहरण गर्नु, लुट्नु वा स्त्रीलाई वशमा पार्न प्रयत्न गर्नु रावणका नराम्रा काम थिए। त्यसैले लोकले रावणलाई मानेन र यी कुरा नगरेकै साम्राज्यवादी भएपनि राम लोकप्रिय भए। साम्राज्यवादी नीतिमा रामपूर्ण वैदिक नीतिमा थिए भने रावण मनोमानी तिर थिए। यति भएर पनि विजित राज्यलाई आफ्नो राज्यमा गाभ्ने काम गरेका थिएनन्। आधुनिक साम्राज्यवाद रावणको साम्राज्यवादभन्दा कलङ्कित छन्।

२. **भौज्यः** नैसर्गिक मर्यादाले बाँधिएको राज्य अर्थात् निश्चित मर्यादाले वेष्टित राज्य हो। जस्तै यतिभित्रमात्र राज्य गर्ने त्यसभन्दा बाहिर न जाने भन्ने नियमभित्र रहेको राज्य नै भौज्य राज्य हो। भौज्य राज्य शासनको अझ विकसित अर्थ रहेको छः खाने, बस्ने र लाउने अनि अन्तर्वाह्य सुरक्षित गर्न सकिने जति जनतालाई मात्र राज्य गर्ने

राज्यलाई भौज्यराज्य भनिन्छ ।

३. **वैराज्य** : राजा नभएको राज्यलाई वैराज्य भनिन्छ। यो वैदिक राज्य पद्धति हो। राजा, प्रशासक र नियम नभए पनि यसले राज्यमा रहेका जनताहरू एक ठाउँमा जम्मा भएर हरेक विषयको निर्णय र न्याय गर्दछन्। यसको अवशेष वन्य जातिहरूमा अहिले पनि छ। यस कुरालाई अथर्व वेदको एक मन्त्रमा पनि हेर्न सकिन्छ ।

**विराड् वा इदमग्र आसीत्** ८।१०।१ अथर्व

अर्थात् सृष्टिको शुरुवात वा समाजको स्थापनको आदिकालमा राजा वा शासक थिएनन् ।

४. **महाराज्यः** ससाना राज्यहरू मिलेर एउटै विधान बनाई त्यसभित्र रहेर राज्यचलाउने पद्धतिको नाम नै महाराज्य हो ।

५. **आधिपत्यमय** : अधिपति भनेको राज्यको प्रमुख अधिकारी हो। राज्यको प्रमुख व्यक्तिको अधीनमा रहेर चल्ने शासन भएको राज्य नै आधिपत्यमय हो। (व्यूरोक्रेसी)

६. **सामन्तपर्यायी** : सामन्तहरूको अधीनमा रहेको राज्यलाई सामन्तपर्यायी भनिएको हो। वैदिक सामन्तहरूको राज्य आजको जस्तो थिएन ।

७. **पारमेष्ठ्यराज्यः** यो संसार परमेश्वरको हो त्यसैले हामी सबैमा उसकै शासन चल्छ भनेर शासकले आफू निमित्तमात्र भएर राज्य चलाउने पद्धतिको नाम पारमेष्ठ्य हो। वैदिक कालमा धेरै समय यसरी नै राज्य चलेको थियो भनिन्छ। राज्य चलाउनु कर्तव्य हो भन्ने ठानी निष्काम भावले यो राज्य सञ्चालित हुन्थ्यो। यसमा मानवीय स्वार्थ रहँदैन ।

८. **स्वाराज्य** : राज्यशासनको अधिकार आफ्नो अधीनमा राखिएको पद्धति रहेको राज्य। स्वराज्य चलाउने व्यक्ति भनेको पवित्र शुद्ध र संयमी रहेर काम गर्ने हुनुपर्छ। यस प्रकारको शासनपद्धतिमा शासनशुद्धि रहन्छ ।

स्वभनेको आफू भएकाले आफूले आत्मशुद्धि गरी स्वकर्तव्य बोध गरी जनताको सेवकको भावले गरिने शासन यसमा रहन्छ तर शासक





सेवकभन्दा पनि राज्यलाई रजाइँ गर्ने प्रवृत्तिको पर्‍यो भने यस्तो राज्यमा चलखेल र षडयन्त्र पनि रहन्छ। जसरी भएपनि सत्ता आफ्नो हातमा लिन खोज्ने प्रवृत्ति चाहिँ बढ्न पनि सक्छ। यसमा शुद्धता र सच्चाइ रहँदैन। आजभोलि यस्तै क्रम देखिएको छ। यस्तो प्रवृत्ति देखिएको छ भने त्यस्तो राज्य वैदिक विधानमा पर्दैन। अन्ततः स्वाराज्यले आफ्नो सुधारलाई महत्त्व दिन्छ यसले शासनशक्ति हत्याउने कुरामा महत्त्व दिँदैन ।

**आ यद वामीयाचक्षसा मित्र वयं च सुरयः**

**व्यचिष्टे बाहुपहृये यते महि स्वराज्ये ॥** ५।६६।६ ऋ

एक आपसमा एकताको उदात्त भावको मित्रता राखेर सबै विद्वत जनले आफ्नो राज्य र जनताको हित हुने काम गरौँ। यही भावले राज्य गरिने पद्धति रहेको राज्य नै स्वाराज्य हो ।

यी विविध कुराहरूले जनताको भलाइ हुने, धेरैले जनु कुरा पालन गर्दछन् यस्तो राज्यप्रति हामी प्रयत्न गरौँ भन्ने वेदको विचारले सदैव जनताप्रति अभिमुख हुने शासन रहेका राज्य नै स्वाराज्य हो भन्ने बझिन्छ। बहुपह्य शब्दले धेरैले मानेको धरैले पालन गर्ने धेरैको संमतिबाट चल्ने राज्यव्यवस्थाप्रति सङ्केत भएको छ। शासक जनमित्र हुनुपर्छ। कसैप्रति विद्वेष राख्ने हुनुहुँदैन ।

९. **जानराज्यः** यो राज्य पनि वैदिक विधानभित्र थियो। जनताको सुधारको कुरालाई महत्त्व राख्ने राज्यलाई जानराज्य भनिएको हो ।

यस शासनपद्धतिमा जनताप्रति जोड थियो राज्यमा होइन। हिजोआज राज्यमा जोड छ। जनतामा होइन त्यसैले जानराज्यभन्दा पनि जनराज्य भइरहेको छ ।

उक्त सबैखाले राज्य पद्धतिहरू परिवर्तित हुँदै घुमिरहे। स्थिर कुरा त केही हुँदैनन्। अस्थिरै भए पनि उक्त जुनकुनै राज्यव्यवस्थामा पनि योग्य शासक भइदिएन भने मुलुकको भविष्य सुनिश्चित रहँदैन भन्ने निष्कर्ष शास्त्रहरूले निकालेका छन्। जनता र देशप्रति वफादार राज्याधिकारी भएमात्र जनताले सुख पाउँछन्। यस विषयमा शासकको गुणका सम्बन्धमा अथर्ववेदले उद्घोष गरेको छः

**ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति** ११।३।५ अथर्व

शासकको प्रमुख तप भनेको ब्रह्मचर्य हो। यसको अर्थ यम र नियमभित्र रहन सक्नु शासकको तप हो भन्ने बुझिन्छ। सुरा र सुन्दरीमुखी शासक पतनको कारक हुन्छ भन्ने अथर्ववेदको उपदेश संयमी शासकले मात्र देश र जनताको रक्षा गर्न सक्तछ भन्नु हो।

पूर्वीय शास्त्रहरू राजनीति गर्ने र शासनभार लिने व्यक्तिको चरित्रको विषयमा बढी सजग छन्। शासक नैतिक आचरण युक्त भयो भनेमात्र राज्य बलियो रहने कुरामा शास्त्रहरू विश्वस्त छन् त्यसैले उनीहरूले सेना दूत, प्रशासक, न्यायाधीश आदिका बारेमा निश्चित नियम र सीमारेखा कोरेका छन्।

नेपालले यस कुरालाई आत्मासात गर्न सकेको भए भ्रष्टाचारले मुछिएको नेताका जनता भएर शिर निउँराउनुपर्ने पनि थिएन र यस्ता व्यक्तिलाई मत दिनैपर्ने वाध्यता पनि हुने थिएन।

नेताहरू सत्ता कब्जा गर्ने कुरामा भन्दा आत्मशुद्धि करणतर्फ उन्मुख हुने थिए।

शास्त्रहरूले भनेझैँ राजनीति गर्न चाहने व्यक्तिले तोकिएको शिक्षा पूरा गर्नैपर्छ अनि मात्र यो देश र पूरै विश्व आजको राज्नैतिक अन्यौलबाट मुक्त हुन सक्तछ।

# १२

# चार्वाकदर्शन र यसका मूलभूत मान्यता

दर्शन भनेको कुनै एउटा दृष्टिकोणबाट हेरिएको जीवन र जगतप्रतिको वैज्ञानिक निष्कर्ष हो। सबै मानिसका दृष्टिकोणहरू एउटै हुन सक्दैनन्। कतिपय मानिसका मूलभूत सिद्धान्त र दृष्टिकोणहरू मिल्दाजुल्दा हुनसक्छन् त्यसैले त्यस्ता व्यक्तिहरू आफ्नो विचारको नजीक भएको एउटै दृष्टिकोणका अनुयायी हुन्छन्। यो स्वभाविक कुरा हो। चित्त बुझेको कुरामा मत जाहेर गर्नु वा त्यस सिद्धान्तलाई आत्मासात गर्नु हरेक व्यक्तिको स्वतन्त्रता पनि हो। यसै कारणले संसारमा अनेकौं दर्शनहरू जन्मिए र त्यस दर्शनका पक्षपातिहरू पनि भए।

दर्शनका विषयहरू अनेक छन् र विचार पनि अनेक छन्। दर्शनले अँगालेका मूल विषय भनेका जीवन, जगत र आत्मा हुन्। (बाह्य जगत र अन्तर जगत) यिनीहरूका विषयमा चर्चा गर्ने प्रमुख दुई सिद्धान्त बोकेका आध्यात्मिकदर्शन र भौतिकदर्शन आदिकालदेखि नै स्थापित भएका छन्। यी





आध्यात्मिकदर्शन र भौतिकदर्शन आजपनि चर्चाका विषय बनिरहेका छन्। अध्यात्मदर्शनको मूल विषय अन्तर्जगत (आत्मा, मन, बुद्धि) हुन् भने भौतिकदर्शनको मूल विषय यो दृश्य जगत र सांसारिक विषयका कुरा हुन्।

भूगोलका आधारमा हेर्दा पूर्वीय सेरोफेरोमा हुर्किएका दर्शनहरू पूर्वीयदर्शन भनेर चिनिए भने पश्चिमी मूलुकमा हुर्किएका दर्शनहरू पाश्चात्य दर्शनहरूका रूपमा स्थापित भए। आखिर यी दुबै भूपरिवेशका दर्शनहरूको मूल सिद्धान्त वा लक्ष्य भनेको जीवन, जगत र आत्माको विषयमा समग्र चिन्तन प्रस्तुत गर्नु नै हो। पूर्वीयदर्शनहरूले दृश्य जगत ( भौतिक जगत) र अन्तर्जगत (मन, बुद्धि र आत्मा) दुबैको रहस्य बताउने प्रयाश गरेका छन्।

यसमा पूर्वीयदर्शनहरूले बढी आत्मा, धर्म र ईश्वरजस्ता भित्री रहस्यका सूक्ष्म विषयमा अन्वेषण गर्ने कुरालाई प्रमुख विषय बनाए भने जीवन र जगतका विषयलाई गौण बनाए। यसको अर्थ जीवन र जगतसँग सम्बन्धित भएर दर्शनहरू नै आएनन् भन्ने होइन। भौतिक विषयमा भन्दा अध्यात्ममा बढी गहन चिन्तन गर्ने कुरामा पूर्वीय दर्शनहरू तल्लीन भए भन्ने बुझ्नु उपयुक्त हुन्छ। यिनीहरूले जगतसँग सम्बन्धित भएकाले भौतिक दर्शनलाई सामान्य ठाने किनभने अनुभूति जगतको अध्यात्मभन्दा वस्तु र पदार्थको नजीक रहने भौतिक सरल हुन्छ।

पाश्चात्यदर्शनहरू भौतिक विषयलाई बढी महत्त्व दिएर लेखिए र यिनीहरूले पदार्थ विज्ञानलाई प्रमाणका आधारहरू बनाएर प्रमाणित गर्दै ल्याए। यिनीहरूले आत्मा, ईश्वर र धर्मका विषयलाई कम महत्त्व दिए। पाश्चात्यदर्शनहरूमा आत्मा, ईश्वर र धर्मका विषयमा चिन्तन नभएको भन्ने होइन।

भौतिकदर्शनहरू पनि जडवादी (जगतको मात्र अस्तित्व स्वकार गर्ने) र आत्मा र जगत दुबैको अस्तित्व स्वीकार गर्ने दुवै खालका छन्। केही धार्मिक दर्शनहरू बाहेक यी दुवै खाले दर्शनहरूले आत्मा, ईश्वर र धर्मको अस्तित्त्व भने स्वीकारेका छैनन्।

पूर्वीयदर्शनमा यी दुबै खाले भौतिकदर्शनहरू रहेका छन्। त्यसमध्ये जडवादी (जगतलाई मात्र स्वीकार गर्ने) दर्शनचाहिँ चार्वाक दर्शन पनि हो।

चार्वाकदर्शनका विषयमा धेरै मतमतान्तर शास्त्रहरूमा पाइन्छन्।

प्रायशः पूर्वीयदर्शनहरू चार्वाकदर्शनका विषयहरूलाई उठाएर त्यसलाई काट्ने प्रयास गर्दै उठेका छन् । अनगन्ति अध्यात्मदर्शन र जीवनवादी भौतिक दर्शनहरूको घुइँचोमा यो दर्शन निश्चित चिन्तन बोकेर आफ्नो परिचयसहित विकसित भइरह्यो । यो कहिल्यै निस्तेज भएन र हराएन पनि । यो दर्शन एक्लै भए पनि आफ्नो विचार अघि सार्दै परिपक्व अस्तित्व बनाउन सफल भयो ।

यति हुँदाहुँदै पनि यसको सिद्धान्तको प्रमुख स्रोतग्रन्थ भने पाइँदैन । उपनिषद, धर्मशास्त्र र पुराणहरूमा रहेका वा छरिएका ती चार्वाक विचारहरूलाई समेटेर चार्वाकदर्शन तयार भएको छ। त्यसैले पूर्वीय शास्त्रभित्रै बाट यो दर्शनको उदय भएको हो ।

## चारवाकदर्शनको स्रोत

पूर्वीय दर्शनहरू अध्यात्म र भौतिक दुवै विषयमा निश्चित दृष्टिकोण लिएर विकसित भएका दर्शनहरू हुन् । यस दर्शनले जड भौतिक विषयलाई प्रधानता दिएको छ । यस दर्शनको मूल केन्द्रीय विषय भनेकै संसार हो । पूर्वीयदर्शनहरूको मुख्य स्रोत वेदभित्रका विषयहरू नै हुन् ।

चार्वाकदर्शनमा आएका सिद्धान्तहरूः- वेद, उपनिषद, स्मृति र पुराणहरूमा बढ्दै झ्याँगिदै गएर विकसित भएका छन् त्यसैले वेद, उपषिद आदिमा संसारका विषयमा उठाइएका चिन्तनहरू नै चार्वाकदर्शनको स्रोत हो भन्न सकिन्छ ।

यस कुरालाई धेरै कुराहरूबाट पुष्टि गर्न सकिन्छ। भनिन्छ ऋग्वैदिककालको अन्त्यतिर इन्द्रको अस्तित्वप्रति शङ्का गर्ने व्यक्तिहरू पनि देखिएका थिए। विद्वानहरू चार्वाक सिद्धान्त यही शङ्कास्पद अदृश्य विषयकै अस्वीकारमा आएको हो भन्दछन्। कतिपय उपनिषदकर्ताले उपनिषदहरूमा आत्मा कै विषयमा शङ्का गरेको पाइन्छ । ती शङ्का उठेका ईश्वर र आत्मालाई चार्वाकले चाहिँ हुनसक्छ नभनी स्पष्टरूपले कल्पनाका विषयमात्र हुन् यथार्थमा यिनीहरू हुँदैनन् भनेर व्याख्या गरे ।

रामायणकालमा एकजना जाबाली ब्राह्मणले स्वर्गका विषयमा सन्देह प्रकट गरी रामलाई जीउँदै बाबुको सेवा गर्न घर फर्कन आग्रह गरेका थिए । त्यसरी नै महाभारतकालमा भारद्वाजले पनि अगोचार स्वर्ग, आत्मा र





ईश्वरभन्दा यो संसारलाई नै सत्य मानेका छन् । यी विचारहरू चार्वाकमतकै अनुयायी देखिन्छन् । यस मतले थुप्रै आफ्ना वैज्ञानिक मतद्वारा वेदलाई अप्रमाणित (वा पौरुषेय) र आत्मा, ईश्वर, नर्क र स्वर्ग कल्पनाका विषयमात्र हुन् भन्ने प्रमाणित गर्न खोजेको छ । यसरी नै वैदिककालदेखि नै यो मत स्थापित हुँदै आएको छ ।

## को हुन् यस मतका प्रवर्तक ?

चार्वाकमतका प्रवर्तक को हुन् ? यस विषयमा पनि धेरै मतमतान्तर रहेका छन्। कसैले संसारलाई मात्र सत्य मान्ने वैदिककालदेखिका विचारहरूलाई समेटेर महाभारतकालका चार्वाक ऋषिले यो दर्शन तयार पारेका हुन् भनेका छन् भने कसैले वैदिक समयमा नै यस सिद्धान्तलाई सिकाउँदा पहिलो विद्यार्थी नै चार्वाक भन्ने व्यक्ति रहेकाले यस दर्शनको नाम चार्वाक रहेको हो पनि भनेका छन् ।

यसरी नै कतिपयले यस दर्शनले खानपानमा बढी जोड दिने भएकाले यसलाई चार्वाक भनिएको हो भन्ने मत पनि अघि सारेका छन् । संस्कृतमा चारु भनेको प्रिय र वाक् भनेको वाणी हो । यो दर्शन संसारमा व्यापक बन्दै गयो । सबैले यस भनाइलाई प्रिय मान्दै गए त्यसैले यसलाई चार्वाक भनिएको हो भन्नेहरू पनि छन् । यति थुप्रै मतमतान्तरभित्र बाट सबैले एउटा बलियो निष्कर्ष निकालेका छन् कि चार्वाक दर्शन् वृहस्पति ऋषिले प्रतिपादन गरेका हुन् ।

वृहस्पति ऋषि भन्नाले देवगुरु वा अरू नै कोही वृहस्पति हुन् भन्नेतर्फ पनि त्यत्तिकै बलिया किसिमले तर्कहरू उठेका छन् ।

कतिपय विद्वानहरूले देवगुरु वृहस्पतिले असुरहरूलाई यही शिक्षा दिएका थिए । असुरहरूले यसलाई मान्दै आएका हुन् भन्ने तर्कपनि अगाडि सारेका छन् तर वृहस्पतिसूत्रलाई हेर्दा यी देवगुरु वृहस्पति नभएर फरक वृहस्पति ऋषि हुन् भन्ने तर्क पनि राख्न सकिन्छ किनभने पौराणिक कुराहरूमा उल्लेख भए अनुसार लोकपुत्र वृहस्पतिले मात्र यस्तो जनवादी विचारहरू राखेका छन् ।

## चार्वाकको मूल सिद्धान्त

यो अनीश्वरवादी नास्तिक दर्शन हो । यसले ईश्वरको अस्तित्त्वलाई स्वीकार गर्दैन । वेदलाई प्रमाण नमानेकाले यसलाई नास्तिक दर्शन भनिएको हो । उसका सिद्धान्तमा स्वर्ग र नरक भन्ने कुरा कल्पना मात्र हुन् । यिनीहरू यथार्थमा छैनन् ।

चार्वाकदर्शन देहात्मवादी दर्शन हो । उक्त दर्शनले आत्मा अलग अस्तित्व भएको चीज होइन भनेको छ । शरीर नै आत्मा हो । शरीर मर्दा आत्मा पनि मर्छ । उक्त दर्शनले अलौकिक र पर लोक पनि छैनन् भनेको छ । यी वर्ण र आश्रम भन्ने कुरा पनि केही होइनन् भन्ने तर्क राखेका छन् । दर्शन अनुसार स्वर्ग, नरक, आत्मा, ईश्वर र परलोक भन्ने कुराहरू धुर्तहरूले वृत्ति चलाउन कल्पना गरेका विषय हुन् । काम गर्न जाँगर नगर्ने बाहुबल नभएका पुरुषार्थ नगर्नेहरूले यी नदेखिने विषयको डर देखाएर कमाइ खाने एउटा उपाय रचेका हुन् । त्यसैले उक्त सबै कुरा असत्य हुन् । चार्वाकका अनुसार इन्द्रियहरूले प्रत्यक्षरूपमा थाहा पाउन नसक्ने कुराहरू सत्य हुँदैनन् त्यसैले ईश्वर, परलोक र अलौकिक भन्ने कुराहरू कल्पनामात्र हुन् । सबै मानिस समान छन् भन्ने चार्वाकको तर्क छ ।

यसरी नै वृहस्पतिसूत्रले यज्ञ, वेद र सन्यासीप्रति तिव्र आलोचना गरेको छ । हवन गर्ने काम, ऋक्, यजु र सामवेदको निर्माण, सन्यासी र खरानी घसेर हिँड्ने कुरा बुद्धि र पुरुषार्थ नभएका व्यक्तिहरूले जीविका चलाउन अपनाएका माध्यममात्र हुन् ।[१] यस दर्शनले उक्त विषयलाई अपनाउने मानिसहरूलाई पौरुषत्त्व देखाउन नसक्ने कमजोर व्यक्तिका रूपमा चित्रण गरेको छ । उनका दृष्टिमा पुरुषार्थ भनेका धनसङ्गह गर्नु र आनन्दले त्यसको भोग गर्नु हो । यस्तै चार्वाकले पछि सुख पाइन्छ भनेर अहिले दुःख गर्नेलाई मूर्खको संज्ञादिएका छन् । उनको सिद्धान्तानुसार भोकै बसेर परलोकमा सुख पाइँदैन । यस्तो सोचेर व्रत बस्नु, होम गर्नु मूर्खताका व्यवहार हुन् । चार्वाकमतमा स्वर्ग र नरकका लागि अर्को लोक छैन । ती दुवै यही लोकमा छन् । चार्वाक मतमा सुख भनेको स्वर्ग हो भने दुःख भनेको नरक हो त्यसैले पछि दुःख पाइन्छ भनेर अगाडि रहेको सुख छोड्ने

---

[१] अग्नि होत्रं त्रयो वेदाः त्रिदण्ड भष्मगुष्ठनम् ।
बुद्धिपौरुषहीनानां जीविका धातृ निर्मिता : (सर्वदर्शन सङ्गह)





पशुसमान कै मूर्ख हो ।[२] चार्वाक अनुसार मानिसले त प्राप्त भएका सुख र दुःखमा दुःखलाई हटाएर सुख प्राप्त गर्ने पुरुषार्थ गर्नुपर्छ । चार्वाकको सिद्धान्तले सबै मानिस बराबर हुन् कोही ठूलोसानो हुँदैन भनेको छ । उसको मतमा संसार मात्र सत्य हो किनभने यो इन्द्रिय प्रत्यक्ष छ । सुख भोग्ने ठाउँ भनेको यो संसार भएकाले सुखका लागि मानिसले यही संसारमा मात्र प्रयत्न गर्नुपर्छ । यसरी प्रस्तुत दर्शनमा आएका उक्त विविध तर्क र तत्त्व चिन्तनको सिद्धान्तलाई विचार गर्दा मार्क्सवादी जडवादको मूल स्रोत चार्वाक दर्शन नै हो भन्न सकिन्छ । यसले पनि संसारलाई मात्र महत्त्व दिएको छ । निम्न लिखित चार्वाक मतलाई विचार गर्दा यो प्रसङ्ग पुष्टि हुन्छ ।

चार्वाकले यसरी तर्क गरेका छन् :– मरेको मान्छेका लागि श्राद्ध, तर्पण र दान गर्दा उसको आत्माले पाउँछ भने परदेशमा गएको मानिसका लागि घरबाट दिएका कुरा किन पुग्दैनन् । त्यही आत्मा हो भने त पुग्नु पर्ने होइन र ![३] यदि यो कुरा सत्य हो भनेमात्र स्वर्ग र आत्मा रहेका छन् भन्ने प्रामणित हुनसक्छ । यो चार्वाकको विचार जड भौतिकवादी विज्ञानसँग सम्बन्धित भएर आएको छ । भौतिक यथार्थभन्दा परको वा इन्द्रियले प्रत्यक्ष गर्न नसक्ने कुरा अवैज्ञानिक हुन् भनेर चार्वाक तिनीहरूप्रति उनी पटक्कै विश्वास गर्दैनन् ।

## जगतका मूल तत्त्व, मोक्ष, आत्मा र ईश्वर

यस सिद्धान्तले कार्यकारणको विचार पनि मान्दैन । यसका मतमा संसारका यावत कुराहरू स्वतः भएका हुन् । कुनै कार्यका लागि कारणको आवश्यक रहँदैन । चार्वाक् भन्दछन् :–आगो स्वतः तातो छ । पानी स्वतः चिसो हुन्छ । काँडालाई कसैले तिखार्नु पर्दैन । यी प्रकृतिमा स्वतः हुने स्वाभाविक कुरा हुन्[४] ।

---

[२] यदि कश्चित भीरुः दृष्ट सुखं त्यजेत् तर्हि स पशुवत् मूर्खो भवेत् । (सर्वदर्शन सङ्गह)

[३] स्वर्गास्थिता यदा तृप्तिं गच्छेयु स्तत्र दानतः
प्रासादस्यो परिस्थानामत्र कस्मान्न दीयते ॥ (सर्वदर्शन सङ्गह)

[४] अग्निरुष्णो जलं शीतं शीतस्पर्श स्तथा निल ।
केनेदं चित्रितं तस्मात् स्वभावात् तद्व्यवस्थितः॥

सृष्टिमा भाग लिने प्रमुख चार तत्त्वलाई यसले स्वीकारेको छ । अन्य दर्शनहरूले पाँच तत्त्वको उल्लेख गरेका छन् । प्रायशः पूर्वीय दर्शनहरूले पृथ्वी, जल, तेज, वायु र आकाश गरी पाँच तत्त्व उल्लेख गरेका छन् तर चारवाकले भने चारवटा तत्त्व :- पृथिवी, जल, तेज र वायुमात्र मानेका छन् ।[५] उनले आकाश तत्त्वको उल्लेख गरेका छैनन् । सृष्टिको उत्पत्तिमा आकाश तत्त्वको कुनै महत्त्व नरहेकाले उनले यसलाई संसार उत्पत्तिको कारक तत्त्व नमानेका हुन् । उक्त पृथिवी, जल, तेज र वायु चार तत्त्व देहमा मिल्न गएपछि चेतनसत्ता वा आत्मा उत्पत्ति हुन्छ । रक्सी बनाउँदा लगाउने मादक पदार्थले जसरी मदशक्ति उत्पादन गर्छ त्यसरी नै चार तत्त्वको संमिश्रणले चैतन्य पनि उत्पत्ति हुन्छ ।

यसको उदाहरणका लागि सर्व दर्शनसङ्ग्रहमा लेखिएको छः- सुपारी, चुन र पान मिलेपछि जसरी रातो पदार्थ निस्कन्छ त्यसरी नै चार भौतिक पदार्थहरूको मेलबाट चैतन्य उत्पत्ति हुन्छ त्यसैले सबथोक यिनै चार तत्त्व हुन् ।[६] आत्मा र शरीर भिन्न तत्त्व होइनन् । शरीरसँगै आत्माको पनि अन्त्य हुन्छ । चार्वाकवादका अनुयायीहरू एकै मतका थिएनन् त्यसैले आत्माका सम्बन्धमा सबैको एकमत छैन । कसैले शरीरदेखि भिन्न आत्मा तत्त्व छैन भने उनीहरूका मतमा यो शरीर नै आत्मा हो ।

यस विषयमा उनले महत्त्वपूर्ण तर्क दिएका छन्ः– जसरी पान, सुपारी र चुनाको संयोग हुँदा रातो रङ्ग उत्पत्ति हन्छ, त्यसरी नै चार भौतिक पदार्थहरूको योगबाट चैतन्यको उत्पत्ति हुन्छ ।[७] यही कारणले उनीहरूले आत्मा जडपदार्थहरूको विकारबाट उत्पत्ति हुने चेतना हो । यो अमर तत्त्व होइन भने । केही चार्वाक अनुयायीहरूले यसभन्दा फरक मत राखेका छन् कसैले इन्द्रियलाई आत्मा माने भने कसैले प्राणलाई नै आत्मा माने । त्यसरी नै कसैले मनलाई नै आत्मा मानेका छन् ।

तथापि सबै चार्वाकवादीहरू आत्माको लोक भनेको यही पृथिवी हो

---

५ तत्र पृथिव्यादिनी भूतानी चत्वारी तत्वानि ।
तेभ्य एव देहाकार परिणतेभ्यः किण्वादिभ्य :
मदशक्तिवत् चैतन्यं उपजायते । (सर्वदर्शन सङ्गह)

६ जडभूत विकारेषु चैतन्यं यत्तु दृश्यते
ताम्बुलपूग चूर्णानां योगाद्रावा इवोत्थितम् ॥ २।७ स.सि.सं.

७ किन्वादिभ्यो मदशक्तिवत् चैतन्यमुपजायते (सवदर्शनसङ्गह)





भन्दछन् । आत्मा नै पार्थिव भएपछि त्यो कसरी अमर हुनसक्छ ? मृत्युपछि आत्मा रहँदैन । यो संसार चारवटा तत्त्वको समिश्रणबाट उत्पत्ति र विकास हुँदै गएको हुन्छ अर्थात् क्रमबद्धरूपमा उक्त तत्त्वहरूको द्वन्द्वबाट चेतन/अचेतन स्थिर गतिशील कुरा विस्तारै उत्पन्न हुँदै जान्छन् । यति भएर पनि सृष्टिको आफ्नै नियम छ । त्यो नियम भनेको प्रकृतिको स्वाभाविक गुण हो । चार्वाकका सिद्धान्त अनुसार प्रकृतिको नियम आफैँ बन्छ र आफैँ भत्कन्छ ।

यसमा कुनै नाटकीय ईश्वरको हात छैन । जड तत्त्वहरूको मेलबाट यो संसारको उत्पत्ति भएकाले यो संसारको स्रष्टाका रूपमा ईश्वरको कल्पना गर्नु वाइयात कुरा हो किनभने ईश्वर इन्द्रिय प्रत्यक्ष हुँदैन । कल्पनाको ईश्वर सत्य होइन । ईश्वर भएको भए संसारमा कोही दुखी हुने थिएन । वास्तवमा ईश्वर त जनप्रिय राजामात्र हो ।

चार्वाकले मोक्ष भनेको मृत्यु हुनु हो । त्यसभन्दा पर अर्को मोक्ष हुँदैन, भनेका छन् । अन्य दर्शनहरूले आत्माको विकार नासिएपछि परमात्मासँग आत्माको मेल हुनुलाई मोक्ष भनेझैँ यसले भन्दैन । वृहस्पति सूत्रमा **मरणम् एव अपवर्ग** लेखिएको छ । यसको अर्थ मर्नु नै मोक्ष हुनु हो भन्ने हुन्छ । चार्वाकका विभिन्न विचारमध्ये- **लौकिको मार्गोऽनु सर्तव्यः-** (वृहस्पति) सबैले लौकिक बाटो नै अवलम्बन गर्नुपर्छ भनेका छन् ।

चार्वाक हिंसा विरोधि छन् । उनले पशुबली दिएर धर्म कमाइन्छ भन्नेहरूलाई बढो दरिलो व्यङ्गय गरेका छन् । पशुबली दिएर धर्म हुने भए आफ्नै छोराछोरीको बली दिँदा राम्रो हुन्थ्यो तर मनिस यसो गर्दैन किनभने यसरी धर्म हुँदैन

## प्रमाण

चार्वाक दर्शनमा सत्यलाई प्रमाणित गर्ने मुख्य प्रमाण प्रत्यक्ष प्रमाणको मात्र ग्रहण गरिएको छ । इन्द्रियहरूले जे ग्रहण गर्न सक्छन् ती कुरामात्र सत्य हुन् । यथार्थरूपमा जे कुरा थाहा हुन्छ त्यही प्रत्यक्ष हो । इन्द्रियजन्यबाहेक अरू प्रमाण हुन सक्तैनन् भन्ने चार्वाकको मत हो । यस कुराले चार्वाक मतमा व्यावहारिक यथार्थलाई मात्र मान्यता दिइएको कुरा प्रमाणित हुन्छ । यसै कारणले शरीर र संसार सत्य हुन् ।

## निष्कर्ष

यो दर्शन अवैदिक दर्शन हो। यसले वेदलाई प्रमाण मान्दैन त्यसैले यसलाई नास्तिक दर्शन भनिएको हो। जडवादी दर्शनहरूमध्ये यो सबैभन्दा पुरानो दर्शन हो। यसले जातजाति, वर्ण, आश्रम र सम्प्रदाय आदिमा केही भेदभाव गर्नुहुँदैन भनेको छ। सबै मानिस समान छन्। सबैको स्वतन्त्रता रहनुपर्छ। दुःख हटाउने र सुख प्राप्त गर्न धन सङ्ग्रह गर्नुपर्छ र भोग विलासमा जीवनलाई खुशी राख्नुपर्छ।

मानिसका पुरुषार्थ भनेकै काम र अर्थ मात्र हुन्। धर्म र मोक्ष यी पुरुषार्थ अल्छीका मात्र हुन्। मानिसको शरीर ज्यादै महत्त्वपूर्ण कुरा भएकाले सुख दुःख आत्माकै गुण हुन्। जीवनको ज्यादै महत्त्व हुनेहुनाले चार्वाकले यस सम्बन्धी महत्त्वपूर्ण विचार राखेका छन्। जतिञ्जेल बाँचिन्छ सुखले बाँच्नुपर्छ। ऋण गरेर भए पनि घिउजस्ता पोषिला कुरा किनेर खानुपर्छ। अर्को जन्ममा सुख पाइन्छ भन्ने आशा छोड्नुपर्छ। आगोले जलाएर भष्म पारिसकेपछि कसरी फेरि संसारमा आइन्छ र ![८]

त्यसैले बाचुञ्जेल हरेक मानवले आफ्नो शरीर र यो संसारको महत्त्व बुझ्नुपर्छ। यो जीवनवादी विचार पनि हो। यस दर्शनको केन्द्र विन्दु भनेको आफ्नो जीवन सुधार्न अरू मानिसलाई दुःख दिनु भन्ने होइन। आफ्नो जीवनलाई सखी बनाउन प्रयत्न गर्नुपर्छ भन्ने हो। परम्परामा रुढी बनेको भाग्यवादी सोचबाट मुक्त हुनुपर्छ भन्ने चिन्तन हो।

यस प्रकारले उनले प्रस्तुत गरेका विचारहरूले यो दर्शन मानववादी भएर आएको छ। यथार्थलाई मात्र स्वीकार गरी शरीर र संसार नै सत्य हुन् भन्नुले पनि उक्त कुरा पुष्टि हुन्छ। उक्त विभिन्न विचारहरूलाई अन्वेषण गर्दा डार्बिनको विकासवादी सिद्धान्त र मार्क्सको भौतिकवाद चार्वाक दर्शनकै आधारभूमिबाट उठेका देखिन्छन्। यो दर्शनको प्रारम्भिक विन्दु इ. पू १००० वर्षभन्दा अगाडिबाटै शुरु भएको हो। यस दर्शनका केही कमजोरी पक्षहरूपनि छन् प्रमाणकै विषयमा पनि कतिपय अवस्थामा प्रत्यक्ष पनि प्रमाणित नहुन सक्छ। यस्तै अन्यपक्ष पनि हुन सक्छन्। जे होस् पूर्वीयदर्शनहरूमध्ये यो एक महत्वपूर्ण दर्शन हो। संसारमा फैलिदै गएकाले यसैलाई लोकायत पनि भनिएको छ।

**शुभमस्तु**

---

[८] यावज्जीवेत सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत्
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥ (सर्वदर्शन सङ्ग्रह)





## सन्दर्भ ग्रन्थहरू


१. धर्मशास्त्रको इतिहास-१-२ डा.पाण्डुरङ्ग वामन काणे

२. विष्णुपुराण - उत्तर प्रदेश हिन्दी संस्थान

३. विशुद्ध मनुस्मृति- प्रो.डा.सुरेन्द्रकुमार-आर्ष साहित्य प्रचार

४. हिन्दू संस्कृति अङ्क-कल्याण

५. धर्मशास्त्र संग्रह- खेमराज, श्री कृष्णदास प्रकाशन

६. महाभारत

७. हिन्दू संस्कृतिको परिशीलन- मदनमणि दीक्षित

८ हिन्दू सामाजिक सङ्गठनको प्रारूप – वासु वराल

९ अष्टादशस्मृति – खेमराज, श्री कृष्णदास प्रकाशन

१० ऋग्वेद – महर्षि दयानन्द भाष्य

११ नारी अङ्क – कल्याण